Raj Kishore

तन्त्र चर्चा

Raj Kishore

Raj Kishore

तन्त्र चर्चा परिवारको प्रस्तुति

तन्त्र चर्चा

तन्त्र चर्चा परिवार

सम्पादक

सन्दीप सापकोटा

Raj Kishore

> यस पुस्तकमा सङ्गृहीत रचनाहरू लेखकहरूका निजी विचार हुन्। ती लेखका सम्बन्धमा केही जिज्ञासा भए लेखकहरूसँगै सम्पर्क राख्नुहुन सादर अनुरोध गर्दछौँ।
>
> – *तन्त्र चर्चा परिवार*

तन्त्र चर्चा

संरक्षक	:	महेश्वर जुजु राजोपाध्याय, तन्त्रविद्
मार्गदर्शक	:	प्रा. विद्यानाथ उपाध्याय भट्ट, तन्त्रविद्
सम्पादक	:	सन्दीप सापकोटा (९८४५८९९२६५, ९८०८७२९४८८) sapkotasandip6767@gmail.com
प्रकाशक	:	भोलानाथ बास्तोला
सर्वाधिकार	:	प्रकाशकमा
संस्करण	:	प्रथम (२०७९)– १००० प्रति
प्रबन्ध समूह	:	डा. माधवप्रसाद लामिछाने डा. लर्डश्री गुरुङ्ग एलिस श्रेष्ठ
आवरण चित्र	:	जिल भैरवी
कभर तथा ले–आउट	:	जगदीश बाँस्कोटा
मुद्रण	:	ग्लोबल प्रिन्ट कनेक्सन प्रा.लि., कमलादी, काठमाडौं
मूल्य	:	रू. ८००/–
ISBN	:	978-9937-1-1116-4

Raj Kishore

नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

सिंहदरबार, काठमाडौं, नेपाल

प्रेम बहादुर आले
मन्त्री

पत्र संख्या :

च.नं.:

शुभकामना

नेपाल एक विशिष्ट तन्त्र साधनाभूमि हो । नेपालमा प्रचलित धार्मिक एवम् सांस्कृतिक परम्परामा तन्त्रको प्रभाव रहेको छ । जनजाति समुदायका सामाजिक संस्कार, पितृसंस्कार र अन्य चाडपर्वहरु तन्त्रमै आधारित छन् । नेपालमा रहेका हजारौँ शक्तिपीठहरु तन्त्रमा आधारित हाम्रो धार्मिक अभ्यास र परम्पराका प्रमाण हुन् । ती शक्तिपीठहरुमा पुजारीका रूपमा जुनसुकै जातिका भए तापनि स्थानीय समुदाय कै व्यक्तिहरु रहने परम्पराले सामाजिक सद्भाव र सहिष्णुता कायम गरेको छ । नेपालमा विभिन्न जाति तथा समुदायमा प्रचलित मष्टो परम्परा, बोन परम्परा, यूमा परम्परा, वज्रयान तथा महायान बौद्ध अभ्यास, शक्ति उपासनाको परम्परा आदि परम्पराहरु विशुद्ध तन्त्र परम्परा हुन् । तन्त्रमा आधारित यी परम्पराहरुले समाजमा जातीय सद्भाव र धार्मिक सहिष्णुता कायम गर्नमा महत्त्वपूर्ण भूमिका खेलेका छन् । तन्त्रमा आधारित उपचार पद्धति नेपालका सबै भू-भागमा अहिले पनि प्रचलनमा छन् । अतः यस किसिमको विशिष्ट तन्त्र परम्पराको प्रवर्द्धन, प्रचार–प्रसार र यसको आध्यात्मिक रहस्यको उद्घाटनका लागि तन्त्र चर्चा परिवारले सामाजिक सञ्जालका माध्यमबाट सम्बद्ध विषयका विद्वान्हरुद्वारा प्रवचन गराउनु र ती प्रवचनहरुलाई प्रकाशनमा ल्याउनु प्रशंसनीय कार्य हो । त्यसैले यस्तो प्रशंसनीय कार्यका लागि तन्त्र चर्चा परिवारलाई हार्दिक धन्यवाद एवम् शुभकामना व्यक्त गर्दछु ।

मा. प्रेम बहादुर आले
मन्त्री

प्रेम बहादुर आले
मन्त्री

फोन नं.: +९७७-१-४२११८७९ (कार्यालय), फ्याक्स : +९७७-१-४२११७५८, इमेल : aprem4790@gmail.com, वेबसाईट : www.tourism.gov.np

Raj Kishore

नेपाल प्रज्ञा–प्रतिष्ठान

कमलादी, काठमाडौं, नेपाल
फोन : ०१-४२२१२८३, ४२२१२४१, ४२२१२४२
फ्याक्स : ९७७-०१-४२४१७८६, ४२५७८८६
पो.ब.नं. : २३०५८, काठमाडौं, नेपाल
इमेल : office@nepalacademy.gov.np
info@nepalacademy.gov.np
वेबसाइट : www.nepalacademy.gov.np

पत्र सङ्ख्या
चलानी नं.

शुभकामना

नेपाल तन्त्रशास्त्रको उद्भव भएको र विशिष्ट परम्परा बोकेको तन्त्र साधनाभूमि हो । यहाँ अभ्यास हुने मौलिक एवम् शास्त्रीय तन्त्रहरूको छुट्टै पहिचान रहेको छ । नेपालमा प्रचलित धार्मिक एवम् सांस्कृतिक परम्परामा तन्त्रको प्रभाव रहेको छ । जनजाति समुदायका सामाजिक संस्कार, पितृसंस्कार र अन्य चाडपर्वहरू तन्त्रमै आधारित छन् । नेपालमा रहेका हजारौं शक्तिपीठहरू तन्त्रमा आधारित हाम्रो धार्मिक अभ्यास र परम्पराका साक्ष्य हुन् । ती शक्तिपीठहरूमा पुजारीका रूपमा जुनसुकै जातिका भए तापनि स्थानीय समुदायकै व्यक्तिहरू रहने परम्पराले सामाजिक सद्भाव र सहिष्णुता कायम गरेको छ ।

नेपालमा विभिन्न जाति तथा समुदायमा प्रचलित मस्टो परम्परा, बोन परम्परा, यूमा परम्परा, वज्रयान तथा महायान बौद्ध अभ्यास, शक्ति उपासना आदि परम्पराहरू विशुद्ध तन्त्रपरम्परा हुन् । तन्त्रमा आधारित यी परम्पराहरूले जातीय सद्भाव र धार्मिक सहिष्णुता कायम गर्नमा महत्त्वपूर्ण भूमिका खेलेका छन् । तन्त्रमा आधारित उपचार पद्धति त नेपालका सबै भूभागमा अहिले पनि प्रचलनमा छन् ।

सामाजिक सञ्जालमा सक्रिय रही तन्त्र परम्पराको प्रवर्धन, प्रचारप्रसार र यसको आध्यात्मिक रहस्योद्घाटनका लागि प्रयासरत तन्त्र चर्चा परिवारले 'तन्त्र चर्चा' शीर्षकको पुस्तक प्रकाशन गर्न लागेको जान्न पाउँदा मलाई निकै खुसी लागेको छ । साामाजिक सञ्जालकै माध्यमबाट सम्बद्ध विषयका विद्वान्हरूद्वारा प्रवचन गराई तिनै प्रवचनहरूलाई प्रकाशनमा ल्याउन लागेको कुरा तन्त्र चर्चाका संयोजक एवम् प्रस्तुत कृतिका सम्पादक तन्त्रज्ञ श्री सन्दीप सापकोटामार्फत जानकारी पाएँ । यस्तो प्रशंसनीय कार्यका लागि तन्त्र चर्चा परिवारप्रति हार्दिक आभार व्यक्त गर्दै पुस्तकको उच्च सफलताका लागि शुभकामना व्यक्त गर्दछु ।

गङ्गाप्रसाद उप्रेती
कुलपति

Raj Kishore

प्रकाशकीय

नेपालमा तन्त्रसाधनाको सुदीर्घ एवं सुदृढ परम्परा रहेको छ। यसै तथ्यलाई हृदयङ्गम गरी तन्त्रचर्चा परिवारले तन्त्रसाधना र संस्कृतिका जानकार विद्वान्हरूलाई त्यससम्बन्धी प्रवचन दिन अनुरोध गरी तिनै प्रवचनहरूको सँगालोका रूपमा तन्त्र चर्चा परिवारका संयोजक एवं तन्त्र चर्चाका सम्पादक सन्दीप सापकोटाले सम्पादन गर्नुभएको यस पुस्तकलाई प्रकाशनका माध्यमबाट पाठक समक्ष ल्याउने अभिभारा ग्रहण गर्न पाउँदा मलाई ज्यादै खुसी लागेको छ। यस पुस्तकको प्रकाशनले तन्त्रसाधना र संस्कृतिका विविध पक्षहरू उजागर हुने नै छ र त्यसबाट पाठकहरू अवश्य पनि लाभान्वित हुने नै छन् भन्ने विश्वास गर्न सकिन्छ। तन्त्रसाधना अत्यन्त गूढ रहस्यले भरिएको विषय हुँदा यस सम्बन्धी विषयवस्तुहरू गोप्य नै रहेका छन् तर यस पुस्तकको प्रकाशनले केही मात्रामा भए पनि त्यो अभावको परिपूर्ति हुनेछ त्यसैले यस पुस्तकभित्र समेटिएका लेखहरूका लागि विद्वान् लेखकहरू र पुस्तक सम्पादनको गुरुत्तर जिम्मेवारी लिनुहुने विद्वान् सम्पादक धन्यवादका पात्र हुनुहुन्छ। यसका साथै यस पुस्तकको प्रकाशनमा प्रत्यक्ष परोक्ष संलग्न सबैलाई प्रकाशकका तर्फबाट हार्दिक कृतज्ञता अर्पण गर्दछु। त्यसैगरी तन्त्र चर्चा परिवारको प्रबन्ध समूहमा रहनुहुने विद्वान् डा. माधवप्रसाद लामिछाने, डा. लर्डश्री गुरुङ, एवं एलिस श्रेष्ठलाई साधुवाद अर्पण गर्दछु। तन्त्र चर्चामा वक्ता भई आफ्नो महत्त्वपूर्ण प्रवचन राख्नुहुने आदरणीय सबैमा हार्दिक धन्यवाद अर्पण गर्दछु।

वि.सं. २०७९ वैशाख १, विहीबार

–भोलानाथ बास्तोला
प्रकाशक

Raj Kishore

सम्पादकीय

शक्तिभूम्यां नेपाले हि
जाता सती गङ्गा शिवा।
क्रीडति कुमारी साक्षात्
कन्यादेहे यत्राम्बिका॥
-म.जु.रा.

(नेपाल शक्तिभूमि हो। जहाँ स्वयं जगदम्बिका कन्या कुमारीको देहमा प्रवेश गर्नु भएर साक्षात् बोल्नुहुने कुमारी माँकै रुपमा लीला गर्नुहुन्छ, खेल्नुहुन्छ। यही शक्तिभूमिमा आदि महामाया सतीदेवी, गङ्गा तथा गौरीहरू जन्मनुभयो-प्यारी शिवाहरू)

मानव सभ्यताको प्रादुर्भाव भएको आदिभूमि नेपाल देवीदेवता, ऋषिमुनि, साधक र परमतपस्वी योगीहरूको तपोभूमि एवं पुण्यभूमिका रूपमा प्रसिद्ध रहेको छ। पूर्वमा मेचीदेखि पश्चिममा महाकालीसम्म एवं उत्तरमा हिमालयदेखि दक्षिणमा तराईसम्मका प्रत्येक स्थान सिद्धक्षेत्र, तीर्थ, देवस्थल वा पीठका रूपमा प्रसिद्ध छन्। यी तीर्थस्थल एवं सिद्धक्षेत्रहरू कुनै न कुनै रूपमा तान्त्रिक उपासनासँग सम्बद्ध हुन पुगेका छन्। पुराण एवं तन्त्र तथा आगमशास्त्रहरूमा नेपाललाई एकाउन्न शक्तिपीठमध्येको प्रमुख पीठको रूपमा गणना गरिएको छ र मातृकाक्षरहरू मध्ये इकारको रूपमा दाहिने आँखा मानिएको छ। तन्त्रशास्त्रहरूले गौड सम्प्रदाय प्रचलनमा रहेका देशहरूमध्ये नेपालको उल्लेख प्रमुख रूपले गरी नेपालमा तान्त्रिक उपासनाको प्राचीन परम्परालाई सूचित गरेका छन्। देवीभागवतले नेपाललाई गुह्यकालीको महास्थान मानेको छ। यथा- **गुह्यकाल्यां महास्थाने नेपाले यत्प्रतिष्ठितम्।**

हिन्दुसंस्कृतिमा अध्यात्म साधनाका मूलतः दुईवटा स्थूल मार्ग रहेको सबैलाई स्पष्टै छ। ती हुन् : निगममार्ग र आगममार्ग। निगममार्ग भन्नाले वेदमार्ग बुझिन्छ भने आगममार्ग भन्नाले तन्त्रमार्ग बुझिन्छ। नेपाली जनजीवनले वैदिक एवं तान्त्रिक दुबै उपासनाको समन्वयात्मक धारालाई मूलरूपमा आत्मसात् गरेको देखिन्छ। आगम वा तन्त्रमार्ग अन्तर्गत नेपालमा शैव, शाक्त, वैष्णव, सौर, गाणपत्य, बौद्ध, बोन, मष्टे, धामीझाँक्री आदि तन्त्र परम्पराको प्रचलन देखिन्छ। नेपालको धार्मिक जनजीवनमा प्रचलित शैव, शाक्त, वैष्णव, बौद्ध एवं अन्य धार्मिक परम्परा र मतहरू मूलतः तान्त्रिक परम्पराका उपज हुन्।

नेपाल वस्तुतः तन्त्र साधनाका दृष्टिले उर्वर भूमि हो। यसै तथ्यलाई हृदयङ्गम गरी नेपाली समाजमा प्रचलित तन्त्र परम्परालाई व्यापकरूपमा जनस्तरमा प्रचार गर्ने र तन्त्रसम्बन्धी आमजनमानसमा व्याप्त रहेको अपधारणालाई निराकरण गर्ने उद्देश्यले भर्चुअल माध्यमबाट तन्त्र चर्चा परिवार स्थापना भई अविच्छिन्न रुपमा २०७७ भाद्र महिनादेखि सामाजिक सञ्जालमा सक्रिय रहेको नेपाली समाजमा प्रचलित तन्त्रहरूको सैद्धान्तिक चर्चा परिचर्चा हुने साझा चौतारी हो। तन्त्र चर्चा परिवारले हरेक हप्ताको मंगलबार साप्ताहिक रुपमा भर्चुअल माध्यमबाट नेपाली मातृभाषामा अभ्यास हुने तन्त्रका विभिन्न आयामहरूमा तत्तत् विषयसम्बद्ध विज्ञहरू र सो

Raj Kishore

विषयसँग अत्यन्त निकट रहेका अभ्यासकर्ताहरू एकीकृत गरेर चर्चा परिचर्चा एवम् अन्तर्क्रिया गर्दछ। विज्ञहरूका तिनै प्रवचनलाई लिखित रूपमा पाठकसमक्ष ल्याउने उपक्रम गर्दा यो सानो पुस्तक तयार भएको छ। अतः तन्त्रसम्बन्धी प्रवचन दिई सहयोग गर्नुहुने विद्वान् एवम् विदूषीहरू प्रति कृतज्ञता प्रकट गर्नुलाई मैले आफ्नो कर्तव्य सम्झेको छु।

तन्त्र चर्चा परिवारको हरेक क्रियाकलापलाई निरन्तर मलजल गर्ने र पाइला पाइलामा दिग्दर्शन गराउनुहुने तन्त्र चर्चा परिवारका संरक्षक श्रीमान् महेश्वर जुजु राजोपाध्यायज्यूमा नतमस्तक छु। तन्त्रसम्बन्धी अध्ययन अनुसन्धान र प्रचारप्रसारमा निरन्तर लाग्न प्रेरणा प्रदान गर्ने एवम् तन्त्र चर्चा परिवारलाई यस कार्यमा अमूल्य निर्देशन दिनुहुने आदरणीय गुरुहरू प्रा. विद्यानाथ उपाध्याय भट्टज्यू, यज्ञमानपति वज्राचार्यज्यू, प्राज्ञ डा. जगमान गुरुङज्यू, प्रा.डा. स्थानेश्वर तिमल्सिनाज्यू, प्रा.डा. दिवाकर आचार्यज्यू लगायत तन्त्र साधनामा आजीवन अर्पण गर्नुहुने महानुभावमा कृतज्ञता अर्पण गर्दछु। तन्त्र चर्चा परिवारका आदरणीय डा. माधवप्रसाद लामिछानेज्यूले तन्त्र चर्चाको प्रारम्भकालदेखि नै निरन्तर साथ सहयोग गर्दै आउनुभएको छ। यसका लागि उहाँलाई सादर धन्यवाद दिन्छु। त्यस्तै तन्त्र चर्चा परिवारको हरेक हप्ता जुम प्रविधिका माध्यमबाट प्रवचन प्रसारणका क्रममा प्रविधि संयोजन एवम् व्यवस्थापन गर्न अहोरात्र खटिनुहुने डा. लर्डश्री गुरुङज्यू र एलिस श्रेष्ठज्यूको सहयोग धन्यवादको सीमाभन्दा माथि छ।

त्यस्तै क्रमले तन्त्र चर्चा सम्पादन पुस्तक प्रकाशन गरिदिनु हुने श्रीभोलानाथ बास्तोलाज्यूलाई म हार्दिक आभार व्यक्त गर्न चाहन्छु। त्यस्तै तन्त्र चर्चा पुस्तक प्रकाशनको लागि पुस्तकको सेटिङ र साजसज्जा गरिदिनु हुने जगदीश बास्कोटालाई समेत धन्यवाद नदिई रहन सक्दिनँ। त्यस्तै तन्त्र चर्चाको हरेक कार्यलाई आफ्नो महत्त्वपूर्ण कार्य मानेर सहयोग गर्नुहुने विनयविक्रम शाह, श्रीराम झा, प्रकाशमान शिल्पकार र बलराम श्रेष्ठलाई पनि सादर अभिवादन टक्र्याउँछु। अन्त्यमा दृष्टिदोष एवं प्रमादवश कुनै त्रुटी रहन गएका भए त्यसप्रति सबैसँग क्षमायाचना गर्न चाहन्छु।

यद्यत्र किञ्चित् स्खलितं प्रमादेन भ्रमेण वा।
तन्त्रज्ञास्तच्छोधयन्तु कस्य न स्खलितं मनः॥

वि.सं. २०७९ वैशाख १, विहीबार

–सन्दीप सापकोटा
सम्पादक

तन्त्र चर्चा परिवार : सङ्क्षिप्त परिचय

✍ सन्दीप सापकोटा, संयोजक

तन्त्र चर्चा परिवार अविच्छिन्न रुपमा २०७७ भाद्र महिनादेखि सामाजिक सञ्जालमा सक्रिय रहेको नेपाली समाजमा प्रचलित तन्त्रहरुको सैद्धान्तिक चर्चा परिचर्चा हुने साझा मञ्च हो । तन्त्र चर्चा परिवारले हरेक हप्ताको मंगलबार साप्ताहिक रुपमा भर्चुअल माध्यमबाट नेपाली माटामा अभ्यास हुने तन्त्रका विभिन्न आयामहरुमा तत्तत् विषयसम्बद्ध विज्ञहरु र सो विषयसँग अत्यन्त निकट रहेका अभ्यासकर्ताहरु एकीकृत गरेर चर्चा परिचर्चा एवम् अन्तर्क्रिया गर्दछ । यसरी अन्तर्क्रिया गर्दा कुनै पनि विषयमा इच्छुक रहेका व्यक्तिहरु यसमा भाग लिन सक्दछन् , स्वस्थ अन्तर्क्रिया गर्न सक्दछन्, वैचारिक विमर्श गर्न सक्दछन्, जिज्ञासुहरु आफ्नो ज्ञानराशिलाई विस्तृत बनाउन सक्दछन् । हालसम्म तन्त्र चर्चा परिवारले ७० वटा भन्दा बढी श्रृंखलाहरु आयोजना गरिसकेको छ । यस चर्चाहरुमा नेपालको शाक्त तन्त्र, शैव तन्त्र, वज्रयान तन्त्र, वैष्णव तन्त्र, हिमाली बौद्ध तन्त्र, भोट संस्कृति, किँराती तन्त्र, बोन परम्परा, धामीझाँक्री परम्परा, मष्टो परम्परा, महायान तन्त्र, मैथिली परम्परा, नेवार संस्कृति आदि विशिष्ट महत्त्व बोकेका तन्त्र संस्कृति र अभ्यासहरुको बारेमा प्रवचन भई सकेको छ । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका र उत्तर हिमालदेखि दक्षिण तराईसम्मका अधिकांश तन्त्र परम्पराहरुको प्रवचन माला चर्चामा समेटिइ सकेको अवस्था छ । स्थानविशेष, परम्पराविशेष, जातिविशेष, वस्तुविशेष आदिका तन्त्र संस्कार एवम् प्रकाशनीय पद्धतिहरुको पनि यसमा चर्चा हुने गरेको छ । यसले ओझेलमा रहेका स्थान, परम्परा र जातिगत संस्कृतिमा पनि किञ्चित मात्र भएपनि प्रकाश पुर्याएको निर्क्यौल गर्न सकिन्छ ।

मारण, मोहन, वशीकरण, उच्चाटन, विद्वेषण, स्तम्भन, टुनामुना, बोक्सी, इन्द्रजाल, झारफुक, लागुभागु, ग्रहआखेट आदि जस्ता अभिचार कर्म मात्र भनेको तन्त्र हो भनी समाजमा दुष्प्रचार गरिएको छ, तन्त्र साधक भन्ने बित्तिकै आम मान्छेको मनमा डर सिर्जना हुन्छ । अनायास उसप्रतीको दृष्टिकोण नकारात्मक बन्दछ । आममान्छेको अबोध मस्तिष्क भुटिएको छ । ऊ बुझ्दैन, बुझ्ने चेष्टा गर्दैन । केवल अफवाह, केवल भ्रमले जकडिएको छ मस्तिष्क ।

सनातन धर्मको आधार स्तम्भ हो आगम शास्त्र । तन्त्र भनेको त्यो खालका तुच्छ क्रियाकलाय हुँदै होइन, तन्त्र भनेको त जीवन र जगत्लाई सुखमय बनाउने माध्यम हो । जीवनलाई दृष्टि दिने दर्शनशास्त्र हो । मानवलाई सभ्यता सिकाउने सृष्टिकै पहिलो शिक्षा हो । अहिले आएर तन्त्रको नाममा अर्थोपार्जन र अन्य विविध मनसाय राख्नेहरुले अरुलाई डर देखाएर तन्त्रलाई ठगी खाने माध्यम बनाएका मात्र हुन् । अरु केही पनि होइन । तन्त्र बिना वैदिक संस्कारको आधारभूत कर्म मानिएको गायत्री उपासना पनि असम्भव छ । तन्त्रसाधनाले कहिल्यै पनि यस्ता अभिचार कर्मलाई प्रश्रय दिएको छदैँ छैन । छ भन्नु मुर्खता हुन जान्छ । तन्त्र साधनाले त मोक्ष चाहनेहरुलाई मोक्ष, परमात्माको सानिध्य चाहनेहरुलाई सानिध्य, परम दिव्यतामा उकालिदिन्छ । **यं यं चिन्तयेत कामम्, तं तं प्राप्नोति निश्चितम्** । झिनामसिना कुराहरुमा अल्झिन दिँदैन । यही कुरालाई नै तन्त्र चर्चाले सैद्धान्तिक माध्यमबाट मर्मबोध गराउने अभिप्राय राखेको छ । तन्त्र चर्चा परिवारको मार्गदर्शनका लागि निरन्तर साथ, सहयोग र सद्भावको अपेक्षा राखेका छौं । अमूल्य राय, सल्लाह, सुझाव एवम् परामर्शलाई हामी सदैव स्वागत गर्नेछौं ।

तन्त्र चर्चा परिवारमा सुरुदेखि प्रवचनकर्ताको रुपमा आमन्त्रण गरिएका वक्ताहरुको र प्रवचनको विषयवस्तुको सूची तल तालिकामा देखाइको छ।

तन्त्र चर्चा प्रवचन शृंखला	मिति	विषय	प्रवचनकर्ता	कैफियत
१	२०७७/०५/२८	तन्त्रको परिचय	उपप्रा.डा. माधवप्रसाद लामिछाने	
२	२०७७/०६/०६	बौद्ध तन्त्रको परिचय	उपप्रा. शान्तरत्न वज्राचार्य	
३	२०७७/०६/१३	बौद्ध तथा शैव तन्त्रको समन्वय	प्राज्ञ डा. जगमान गुरुङ	
४	२०७७/०६/२०	नेपालको हिमाली क्षेत्रमा बौद्ध र बोन तन्त्र	खेन्पो मेन्ला फुन्जोक गुरुङ लामा	
५	२०७७/०६/२७	काठमाडौँ उपत्यकाका राजोपाध्याय समाजको शाक्त तन्त्रको परम्परा : मानवशास्त्रीय विश्लेषण	आभास धरानन्द राजोपाध्याय	
६	२०७७/०७/०४	तन्त्र किन ?	प्रा.डा.स्थानेश्वर तिमल्सिना	
७	२०७७/०७/११	हिमाली बौद्ध तन्त्रः शास्त्र र साधना	प्रा. पुण्यप्रसाद पराजुली	
८	२०७७/०७/१८	नेपाली धामीझाँक्री तन्त्र परम्पराः संरक्षण र प्रवर्द्धन	भोलानाथ बास्तोला	
९	२०७७/०७/२५	कौलतन्त्रको चिन्तन पक्ष	उपप्रा. दुर्गामणि सिग्देल	
१०	२०७७/०८/०२	भार्दो (अन्तराभव) तन्त्र र मृत्यु संस्कार	हुंटमपा स्ये नाम्खाई दोर्जे रिंपोछे	
११	२०७७/०८/०९	योग र तन्त्रमा आहार (भोजन) को मनोविज्ञान	डा. हरिप्रसाद पोखरेल मानसाग्नि	
१२	२०७७/०८/१६	चर्या नृत्य तन्त्रः योग र मुद्रा	प्रज्जवलरत्न वज्राचार्य	
१३	२०७७/०८/२३	तन्त्रसाधनाको औचित्य,उपलब्धि र भविष्य	गजानन्द राजोपाध्याय	
१४	२०७७/०८/३०	मष्ये संस्कृति र तन्त्र	मनोहर लामिछाने	
१५	२०७७/०९/०७	नेपालमा वैदिक धर्म र तान्त्रिक परम्परा	सहप्रा.डा. प्रमोदवर्द्धन कौण्डिन्यायन	
१६	२०७७/०९/१४	नेपालमा वज्राचार्यहरुको वज्रयान परम्परा	राजेन्द्रमान वज्राचार्य	
१७	२०७७/०९/२१	सन्यासी जातिको संस्कारमा तन्त्रको प्रभाव	शीतल गिरी	
१८	२०७७/०९/२८	तन्त्र वाङ्मयमा भाषा विज्ञान	प्रा.डा. माधवप्रसाद पोखरेल	
१९	२०७७/१०/०६	नेपालमा तन्त्रको इतिहास	प्रा.डा. दिवाकर आचार्य	
२०	२०७७/१०/१३	ॠतु संस्कृति र तन्त्र कला	प्रा.डा. गौतमवज्र वज्राचार्य	
२१	२०७७/१०/२०	बौद्ध तन्त्र : वज्रयान संक्षिप्त परिचिन्तन	प्रा.डा. काशीनाथ न्यौपाने	

२२	२०७७/१०/२७	कामकला सम्बन्धी तान्त्रिक चिन्तन र नेपाली कलामा यसको प्रयोग	उपप्रा.डा.माधवप्रसाद लामिछाने	
२३	२०७७/११/०४	रातो मत्स्येन्द्रनाथको रथयात्रा र कुण्डलिनी योगको सामञ्जस्यता	प्रा.डा. सुन्दरकृष्ण जोशी	
२४	२०७७/११/११	शास्त्रमा बलि	सन्दीप सापकोटा	
२५	२०७७/११/१८	नेपालका तान्त्रिक देवता अष्टमातृका	प्रेममान डंगोल	
२६	२०७७/११/२५	तन्त्रमा उपासना भेद	उप.प्रा. रामप्रसाद पौडेल	
२७	२०७७/१२/०३	चाँगुनारायणमा तन्त्र	चक्रधरानन्द राजोपाध्याय	
२८	२०७७/१२/१०	काठमाडौं उपत्यकाका उमामहेश्वर तथा भैरव मूर्तिहरु	प्रा.डा. वीणा पौड्याल	
२९	२०७७/१२/१७	बाह्र भैरवः पोखराको तान्त्रिक सांस्कृतिक नाच	अष्टमान प्रधानाङ्ग	
३०	२०७७/१२/२४	योगी मिलारेपामा तन्त्रको प्रभाव	कल्पना पराजुली (तिलस्मी प्रभास)	
३१	२०७७/१२/३१	राजाधिराज योग एवं तन्त्र साधनामा सहजयोगको व्यवहारिक पक्ष	प्रा.डा. रुद्रलक्ष्मी श्रेष्ठ	
३२	२०७८/०१/०७	बौद्धस्तूप एवम् त्यस परिसरका केही महत्त्वपूर्ण धार्मिक सम्पदा भाग १	सुरेन्द्र वज्राचार्य	
३३	२०७८/०१/१४	दोमाङ र तन्त्र अभ्यास	खेन्पो वागीन्द्र शील	
३४	२०७८/०१/२१	सिद्ध साधकहरुको साधनाभूमि नेपाल	प्राज्ञ डा. जगमान गुरुङ	
३५	२०७८/०१/२८	वास्तवमा तन्त्र के हो ?	महेश्वर जुजु राजोपाध्याय	
३६	२०७८/०२/०४	दशमहाविद्याहरुको परिचय	उपप्रा.डा.निर्मला पोखरेल	
३७	२०७८/०२/११	बौद्धस्तूप एवम् त्यस परिसरका केही महत्त्वपूर्ण धार्मिक सम्पदा भाग २	सुरेन्द्र वज्राचार्य	
३८	२०७८/०२/१८	तन्त्रमा आम्नाय भेद र तदनुरुप उपासनाक्रम	उपप्रा.डा.माधवप्रसाद लामिछाने	
३९	२०७८/०२/२५	बौद्धस्थित पुकसिद्धि (पुक्कसी) देवीको धार्मिक महत्त्व	प्रा.पुण्य पराजुली	
४०	२०७८/०३/०१	लोकविश्वासमा बाँचेको तन्त्र	शीतल गिरी	
विशेष	२०७८/०३/०७	ध्वनि सिद्धान्तमा अभिनवगुप्तको दृष्टिकोण	प्रा. दुर्गाप्रसाद दाहाल	विशेष शृंखला
४१	२०७८/०३/०८	षड्क्षरी लोकेश्वर र बन्देपुर बाँडेगाउँका षड्क्षरी लोकेश्वर	डा.दयाराम श्रेष्ठ	
४२	२०७८/०३/१५	खसानी तन्त्र परम्परा	मनोहर लामिछाने	
४३	२०७८/०३/२२	नेपालको हस्तलिखित संस्कृत वाङ्मयको ऐतिहासिक विकास,संरक्षण एवम् प्रयोग	प्रा.डा.शंकर थापा	
४४	२०७८/०३/२९	नेपालको ग्रामीण भेगमा प्रचलित लौकिक अभिचार पद्धति	प्राज्ञ डा. जगमान गुरुङ	

४५	२०७८/०४/०५	दुर्गा सप्तशतीको प्रथम चरित्रको आध्यात्मिक रहस्य	उपप्रा.डा.माधवप्रसाद लामिछाने	
४६	२०७८/०४/१२	धामीझाँक्रीको उपचार पद्धतिसँग प्रकृति र मनोविज्ञानको अन्तर्सम्बन्ध	प्रा.भोलानाथ बास्तोला	
४७	२०७८/०४/१९	संवर्तस्तव चर्चा	प्रा.डा.स्थानेश्वर तिमल्सिना **विशेष मन्तव्य** Prof.Dr. Jeffrey Lidke उप.प्रा.डा.माधवप्रसाद लामिछाने डा. लर्डश्री गुरुङ	
४८	२०७८/०४/२६	करबाकेली समुदायमा झाँक्री अभ्यास र लोकविश्वास	प्रतिभा पुन मगर	
४९	२०७८/०५/०१	पश्चिम नेपालको मष्ट पूजाको परम्परा र तन्त्र	बालकृष्ण शर्मा रेग्मी	
५०	२०७८/०५/०८	सप्तशती चण्डीको मध्यम चरित्रको अनुशीलन	उप.प्रा.डा.माधवप्रसाद लामिछाने	
५१	२०७८/०५/१५	सगुन संस्कृति र तन्त्र	सह.प्रा. राजनलाल जोशी (रास)	
	२०७८/०५/२२	मन्त्र साधनाको स्नायुविज्ञान	डा.जनक अवस्थी	
विशेष	२०७८/०५/२९	प्रथम वार्षिकोत्सव सभा	महेश्वर जुजु राजोपाध्याय प्रा. विद्यानाथ उपाध्याय भट्ट प्राज्ञ डा. जगमान गुरुङ	प्रथम वार्षिकोत्सव सभा
५२	२०७८/०६/५	राष्ट्र निर्माण र नगर स्थापनामा तन्त्रको भूमिका	ओम धौभडेल	
५३	२०७८/०६/१२	दुर्गा सप्तशतीको उत्तम चरित्रको आध्यात्मिक रहस्य	उप.प्रा.डा. माधवप्रसाद लामिछाने	
५४	२०७८/०६/१८	Sarvamnaya, Vishwarupa and Bhedabheda: How the Logic of One as Many informs Nepalese Tantric Practice	Prof.Dr. Jeffrey Lidke	
५५	२०७८/०६/१९	सनातन धर्ममा बलिको अपरिहार्यता (किन बलि दिनैपर्छ ? शास्त्रमा के छ ? बलि दिएर के हुन्छ ?)	महेश्वर जुजु राजोपाध्याय सह.प्रा.प्रमोदवर्द्धन कौण्डिन्यायन मृगेन्द्रराज सुवेदी गजानन्द राजोपाध्याय उप.प्रा.डा.माधवप्रसाद लामिछाने सन्दीप सापकोटा	विशेष शृंखला
५६	२०७८/०७/०२	नेपालको बुद्ध धर्ममा मद्य,मांस र मुद्रादिको प्रयोग	सरोजरत्न वज्राचार्य	
५७	२०७८/०७/०९	भक्तपुरको वास्तु यन्त्र	प्रा.डा.सुदर्शनराज तिवारी	
५८	२०७८/०७/१६	तन्त्रमा मन्त्र विज्ञान	प्रा. विद्यानाथ उपाध्याय भट्ट	

५९	२०७८/०७/२३	दशमहाविद्या र तन्त्र	निरणज्वालानन्द राजोपाध्याय	
६०	२०७८/०७/३०	हिन्दु र बौद्ध तन्त्रमा तारा	प्रा.पुण्य पराजुली	
६१	२०७८/०८/०७	सर्वाम्नायका स्वामी भगवान् श्रीपशुपतिनाथको दक्षिणात्य भारतीय भट्ट परम्परा र तन्त्रसँगको तादात्म्य	प्रवचनकर्ता सन्दीप सापकोटा **विशेष मन्तव्य** प्रा.डा. वीणा पौड्याल प्रा.डा.स्थानेश्वर तिमल्सिना प्रा.डा. सोमप्रसाद खतिवडा उप.प्रा.डा.निर्मला पोखरेल	भगवान् श्री पशुपतिनाथका प्रधानार्चक रावल गणेश भट्ट र अर्चकहरु रामकारान्त भट्ट, गिरीश भट्ट , नारायण भट्ट र राघवेन्द्र भट्ट सहभागी
६२	२०७८/०८/१४	तन्त्रमा अध्यात्मवाद	महेश्वरजुजु राजोपाध्याय	
६३	२०७८/०८/२१	नेपालको बुद्धधर्म (वज्रयान)मा दशकर्म संस्कार	उप.प्रा. शान्तरत्न वज्राचार्य	
६४	२०७८/०८/२८	भगवान शिव र लिङ्ग विग्रह	सह.प्रा.डा. सन्ध्या खनाल	
६५	२०७८/०९/०६	बुद्ध धर्ममा तन्त्रको अभ्युदय	सुमति वज्राचार्य	
६६	२०७८/०९/१३	शिल्पी समुदायको मन्त्र सम्पदा	डी.बी. नेपाली दमु	
६७	२०७८/०९/२०	पाटन सुन्दरी चोकको कलापक्ष र तन्त्रसँगको तादात्म्य	शिवेश शर्मा राजोपाध्याय	
६८	२०७८/९/२७	कान्तिपुर नगरका अजिमाहरु	प्रकाशमान शिल्पकार	
६९	२०७८/०९/२७	प्राचीन कान्तिपुर नगरका अजिमाहरु	प्रकाशमान शिल्पकार	
	२०७८/१०/०४	तन्त्र चर्चा विशेष सभा	महेश्वरजुजु राजोपाध्याय प्रा. विद्यानाथ उपाध्याय भट्ट	
७०	२०७८/१०/११	गुरु पद्मसम्भव र तन्त्र	लोचवा पुण्यप्रसाद पराजुली	
	२०७८/१०/१५	राष्ट्रकल्याणका लागि यज्ञको उपादेयता	महेश्वरजुजु राजोपाध्याय प्रा. विद्यानाथ उपाध्याय भट्ट प्राज्ञ डा. जगमान गुरुङ प्रा.डा. रामचन्द्र गौतम प्रा.डा.देवमणि भट्टराई	विशेष शृंखला
७१	२०७८/१०/१८	बौद्ध तन्त्र अभ्यासका विधिहरु	राजेन्द्रमान वज्राचार्य	
७२	२०७८/१०/२५	तान्त्रिक पूजा विधिमा घण्ट र डमरुको प्रयोग	गजानन्द शर्मा राजोपाध्याय	
	२०७८/१०/२८	तन्त्र र स्वस्थानी	डा. राजन लाल (रास) जोशी	विशेष शृंखला
७३	२०७८/११/०३	काठमाडौं उपत्यकाका केही प्रमुख चन्द्रसूर्यका मूर्ति	प्रा.डा. वीणा पौड्याल	
७४	२०७८/११/०९	शैवदर्शनको परिचय	प्रा.डा. स्थानेश्वर तिमल्सिना	
७५	२०७८/११/१६	तन्त्रमा शिव तत्त्व	प्रा.विद्यानाथ उपाध्याय भट्ट	

७६	२०७८/११/२४	नेपालको तन्त्रयुक्त राष्ट्रिय झण्डाको विवेचना	प्राज्ञ डा. जगमान गुरुङ	
७७	२०७८/१२/०१	वास्तु, ज्योतिष एवम् तन्त्र विमर्श	डा. वासुदेवकृष्ण शास्त्री	
७८	२०७८/१२/०८	तराई मधेशका लोकदेवता कारिख महाराज	शीतल गिरी	
७९	२०७८/१२/१५	तन्त्र र मनोविज्ञान	प्रा.डा. सुन्दरकृष्ण जोशी	
८०	२०७८/१२/२२	तन्त्र साधनामा रुद्राक्षमाला (अक्षमाला) को महत्त्व	उप.प्रा. मञ्जु राजोपाध्याय	
८१	२०७८/१२/२९	विस्काः जात्रा	प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठ	

नोट : २०७८ चैत्र मसान्तसम्म 'तन्त्र चर्चा परिवार'बाट आयोजना गरिएको प्रवचनहरु

Raj Kishore

विषयसूची

तन्त्र ज्ञान हो, विज्ञान हो, अध्यात्म ज्योति हो	महेश्वर जुजु राजोपाध्याय..................	१
महाविद्या षोडशी – श्रीविद्या	प्रा. विद्यानाथ उपाध्याय भट्ट..............	८
कुमारी तत्त्व दर्शन	यज्ञमानपति वज्राचार्य......................	१५
मन्त्र-तन्त्र-यन्त्र : विवेचना र प्रयोग	डा. जगमान गुरुङ	२१
कुण्डलिनी योग र रातो मत्स्येन्द्रनाथको रथयात्रामा...	प्रा.डा. सुन्दरकृष्ण जोशी	२५
तान्त्रिक परम्परा : एक विहङ्गम दृष्टि	प्रा.डा. स्थानेश्वर तिमल्सिना	३१
मध्यकालमा नेपाल आएका योगी शङ्कराचार्य होइनन्	प्रा.डा. दिवाकर आचार्य	३७
तन्त्रशास्त्रमा वेदरूप श्रीपशुपतिनाथ	प्रा.डा. विष्णु दहाल	५९
विस्काः जात्रा	प्रा.डा.पुरुषोत्तमलोचन श्रेष्ठ	६३
सनातन धर्ममा गायत्री मन्त्रः एक परिशीलन	प्रा.डा. वीणा पौड्याल	७४
तन्त्र साधनामा सहजयोगको व्यवहारिक पक्ष	प्रा. डा. रुद्रलक्ष्मी जोशी श्रेष्ठ	८३
सगुन संस्कृति र तन्त्र	डा.राजनलाल (रास)जोशी	९१
चाँगुनारायणका विश्वरुप विष्णु	डा.सन्ध्या खनाल पराजुली	१०१
तन्त्र र समता	पूर्णराम मुनंकर्मी............................	१०७
कुलसाधना र साहित्य	डा. माधवप्रसाद लामिछाने..................	११८
काठमाडौं उपत्यकामा तान्त्रिक देवता-सम्बन्धी...	दुर्गामणि सिग्देल	१२५
तन्त्रमा उपासनाको रहस्य	डा. रामप्रसाद पौडेल........................	१३७
तन्त्रसाधनाको औचित्य, उपलब्धि र भविष्य	गजानन्द राजोपाध्याय........................	१४०
श्री पशुपतिनाथका पूजारी नियुक्तिका क्रममा दर्शन...	निर्मला पोखरेल	१४५
तन्त्र र स्वस्थानी- आराधना	मृगेन्द्रराज सुवेदी	१५५
चाँगुनारायणमा तन्त्र	चक्रधरानन्द राजोपाध्याय	१५९
बौद्ध तान्त्रिक अभ्यास च्यो	पुण्य प्रसाद पराजुली........................	१६३
तन्त्रसाधनामा रुद्राक्षमाला (अक्षमाला)को महत्त्व	मञ्जु राजोपाध्याय	१६७

सन्यासी जातिको संस्कारमा रहेको तन्त्रबारे सामान्य चर्चा	शीतल गिरी	१७२
नेपालको बौद्ध संस्कारको दशकर्म विधि	शान्तरत्न वज्राचार्य	१८२
तन्त्र र योग	निरणज्वालानन्द राजोपाध्याय	१८९
खस जातिको कुलायन मष्टे र तन्त्र साधना	मनोहर लामिछाने............................	१९५
षडक्षरी लोकेश्वर	डा.दयाराम श्रेष्ठ..............................	२०१
कान्तिपुर नगरभित्रका अजिमाहरु र प्रधान...	प्रकाशमान शिल्पकार	२०८
नेपालमा तन्त्र परम्परा : प्रयोग र समुच्चय	विनय विक्रम शाह............................	२१३
तान्त्रिक पूजामा पञ्चमकारको अनुकल्प	हरिप्रसाद खराल..............................	२१८
नेपालका तान्त्रिक देवता र अष्टमातृका	प्रेममान डंगोल.................................	२३२
योगी मिलारेपामा तन्त्रको प्रभाव	कल्पना पराजुली (तिलस्मी प्रभास).......	२३८
पोखराको बाह्र भैरव	अष्टमान प्रधानाङ्ग..............................	२४२
नेपालमा वज्राचार्यहरुको वज्रयान परम्परा	राजेन्द्रमान वज्राचार्य	२४८
पाटन सुन्दरी चोकको कलापक्ष र तन्त्रसँगको तादात्म्य	शिवेश शर्मा (राजोपाध्याय)	२५३
काठमाडौँ उपत्यकाका राजोपाध्याय ब्राह्मणहरूको...	आभास धरानन्द राजोपाध्याय	२६०
पञ्चमुखी नाग	सरोज श्रेष्ठ......................................	२७२
झाँक्री परम्परा : एक परिचय	प्रतिभा पुन	२७५
बलिः शास्त्रीय विवेचन	सन्दीप सापकोटा............................	२८०
Adhyatma in Tantra	Maheshwor Juju Rajupadhyaya	२९८
AN INTRODUCTION TO THE DHAMI-JHANKRI...	Bhola Banstola	३०५
Kuṇḍalinī's Ascent through	Prof.Dr. Jeffrey S. Lidke	३१४

तन्त्र ज्ञान हो, विज्ञान हो, अध्यात्म ज्योति हो

महेश्वर जुजु राजोपाध्याय

संक्षिप्त परिचय

काठमा तिलमा अगेनुमा आगो छ वडेमाको ज्वाला नै छ, संसार देखाउने निर्मल प्रकाश छ। तर, घोट्नै पर्छ वा आगो लगाउनै पर्छ। अनि जाग्रत हुन्छ, चम्चमाउँछ। मनचिन्ते झोली नै बनिदिन्छ। दिव्यता समेत पाइन्छ। टुनामुना गरि रौरव नरक पनि पाइन्छ त्यो तिम्रो खुशी, भन्ने शक्ति भक्ति सिद्धिको नाम हो तन्त्र। तन्त्र अध्यात्म परम ज्ञान हो, आश्चर्यजनक परिणाम दिने विज्ञान हो, आनन्द दिने आनन्द लिने सेवा भावै हो तन्त्र। जसलाई आत्मसात् गर्ने बित्तिकै अमृत पाइन्छ। अजर, अमर र नित्यसेवक जीव वा आत्माको चेतना खुल्छ। त्यही साधना तन्त्र हो।

कर्म ठूलो कुरा हो। त्यसमा पनि कुलायन कर्म जसलाई सहज कर्म भन्छौं, त्यो ठूलो कर्म हो। हेर्दा देख्दा नराम्रो लागे पनि अरु राम्रा असल भन्दा सहज वा स्वधर्म नै पार लगाउने मार्ग हो। आमा, बूढी कच्कचे ख्याउटे भए पनि आमा नै हो। वृद्धाश्रममा लगी फाल्नु हुन्न, लात्ती हानेको पनि कृपा हो भन्ने आस्था हो- तन्त्र मन्त्र यन्त्र।

विषयप्रवेश

आफ्नो श्री सर्वस्व सबै दिनु परे दिनु, प्राणै दिन परे दिनु। तर, जो पायो उसलाई तन्त्र नदिनु। दुरुपयोग हुन जान्छ। मोक्ष होइन मुक्त हुन चाहने, ब्रह्मलीन हुन पनि नचाहने सेवाभाव खुलेको याचकलाई दिनु भन्ने आदेशलाई वा मर्यादालाई सम्मान गरी यहाँ तन्त्र ग्रन्थहरूलाई लुकाएरै राखें। योगेश्वर भगवान् श्रीकृष्णको मत तन्त्र हो भन्ने आज्ञा शिरोपर गरी गीता ग्रन्थबाट तन्त्रका ती तत्त्वहरू खुलाउने मूढमति लिएको छु।

त्वदीयं वस्तु गोविन्द ! तुभ्यमेव समर्पये !!

गीतामा लुकेको तन्त्र

परित्राणाय साधूनाम् साधुसन्तहरूको संरक्षणै गर्न र **विनाशाय च दुष्कृताम्** अत्याचारी दुष्टहरूको संहारै गर्ने दुई धार भएको तन्त्र आधुनिक विद्युच्छक्तिरुपी शक्तिमाँको खड्ग हो तन्त्र विज्ञान। खड्ग नेपाली अम्बिकाहरूले मात्र धारण गर्नु हुन्छ। यहाँका राजाहरूले विदेशी तरवार धारण गर्न मिल्दैन भनेरै खड्गसिद्धि शब्द प्रयोग गर्छ तन्त्रले। त्यसैले तन्त्र नेपाली मौलिक संस्कार हो।

किरात सम्पदाय र तन्त्र

श्लेष्मान्तक वनमा किरातेश्वर तथा किरातेश्वरीले पाषाणयुग देखि पशु नै बनेर रहेका वनवासी किरातलाई तिमीमा सबथोक छ हेर भनी सलाई कोरेरै जगाएको ज्योति हो तन्त्र। यसलाई भारतबाट आएको भन्ने किताबहरू जलाएरै फाल्नुपर्छ। सनातन धर्मलाई हिन्दू नाम दिएर अपहरण गरे जस्तै आमालाई पनि बलात्कार गर्ने नीचतालाई संहार गर्नै पर्छ। बनारसले अपहरणकै टुनामुना गर्छ।

तन्त्रलाई धर्मै होइन, हिंसा धर्म हो, अमानवीय हो भन्नेहरू सत्व रज तमको जालो फिजाउँछन् त्यसमा नफस्नु। त्यो जालो निकै बलियो रुख पीपल जस्तै अव्यय छ, नाशिदैन। त्यसै जरा समेत उखेलेर फाल र स्वामीको सेवा गरी परम आनन्द लुट्न पाइने त्यो परम पद प्राप्त गर भन्नुहुन्छ आफूलाई अधीन आत्माको उपासक भन्नुभएका योगेश्वर श्रीकृष्णले। **अध्यात्मविद्या विद्यानाम् ॥३२॥** अध्याय १० गीता। आगम भनेको तन्त्र हो, निगम भनेको वेद हो। श्रीकृष्णले वेदलाई जन्म मरणको जञ्जालमा फसाउने त्रिगुणको विषय हो र आगम नित्य स्वामी वा स्वामिनीको सेवा गर्ने दिव्य प्रेमै हो भन्नुभयो।

त्रैगुण्यविषया वेदा निस्त्रैगुण्यो भवार्जुन ॥४५॥ अध्याय २ गीता

वेद के हो ?

वेद ठूलो सानोको द्वन्द हो, सत्व रज तमको विषय हो।

अज्ञानी अविपश्चित वेदवादीहरू स्वर्ग नै मूल लक्ष भन्छन् –

कामात् मनः स्वर्गपराः जन्मकर्मफलप्रदाम् ॥४३॥ अध्याय २ गीता

यामिमां पुष्पितां वाचं प्रवदन्त्यविपश्चितः।

वेदवादरताः पार्थ नान्यदस्तीति वादिनः ॥४२॥ अध्याय २ गीता

त्यो बलियो रुख पिप्पलका पातहरू वेदका ऋचाहरू हुन्। ती तल फर्केका छन्, तल झार्छन्–

उर्ध्वमूलमधः शाखमश्वत्थं प्राहुरव्ययम्।

छन्दांसि यस्य पर्णानि यस्तं वेद स वेदवित् ॥ १॥

अश्वत्थमेनं सविरुढमूलमसङ्गशस्त्रेण दृढेण छित्वा ॥३॥

ततः पदं तत्परिमार्गितव्यं यस्मिन्गता न निर्वतन्ति भूयः ॥४॥ अध्याय १५ गीता

रस चाख्दिनँ भन्ने अपायीहरू जन्म मृत्युमा फस्छन्। रस चाख्ने आगम भक्तहरु मुक्तै हुन्छन्। गुह्येश्वरी माताको जल अशुद्ध भन्ने बाहुन अहङ्कारी नै हो, **कलौ ब्राह्मण राक्षसः ॥**

आगम रहस्य

आगमा पायिनोद्रनित्यास्तांस्तितिक्षस्व भारत ॥१४॥ अध्याय २ गीता

शिवले दिएको शिवाले सुरक्षित गरेको शिक्षा आगम हो, अर्को अर्थ लाग्दैन–

आगतः शिववक्त्रेभ्यो गतश्च गिरिजामुखे।

मग्नस्तस्या हृदम्भोजे तस्मादागम उच्चते ॥ – महाभारत शान्ति पर्व

आगम नित्य छ। गुह्यकालीको जल नकार्नेहरू अनित्य छन्। **पायिन्** = पिउने व्यक्ति। यहाँ अर्को अर्थ लाग्दैन। सहनशील भई विचार गर्नै पर्छ।

सबै प्राणीको आत्मा भएर शक्ति प्रदान गर्ने शक्तिबिना शिवको पनि काम छैन। म पनि केही हुँ, देवताको पनि देवता भनी अहङ्कार गर्ने बित्तिकै शक्ति माता रिसाएर काली नै भई महादेवबाट फुत्त निस्कनुभयो। देवाधिदेव महादेव त रुख ढलेझैँ वज्रनु भयो। हाहाकारै भयो। माँले हेर्नु भयो। करुणा जाग्यो। ए ! भन्दै जिब्रो लामै निकाली छातीमै टेक्नु भयो। शक्ति सञ्चार भयो। महादेवले पुलुक्क हेर्नु भयो। मलाई कुल्चेकी? फेरि अहङ्कार। यति बेला करुणा राख्नु भयो। हेपेरै मुस्काउनु भयो। महादेवलाई असह्य भयो झट्कारेरै फाल्न खोज्नुभयो, सक्नुभएन। अन्तमा निरीह भई शान्त हुनुभयो। अहङ्कार सबै सदाको लागि सेलायो। भूतप्रेत पिशाचलाई पनि

कृपा दया गर्ने विश्वकै कल्याण गर्ने **शिवशङ्कर** बन्नुभयो । यही वास्तविक रुप हो तन्त्रको । श्लेषमान्तक महारण्यमा तन्त्रको उत्पत्ति भयो ।

सिर्जनाको श्री गणेश

प्रारम्भमा न सूर्य न तारा,केवल शून्य अँध्यारो । आदि शक्ति महामायाले आफ्नै ज्योति फिजाएर सूर्य जगाउनुभयो । रापबाट धुवाँ, धुवाँबाट बादल, बादलबाट पानी आकाशमै जमेर बस्यो । जलचर नाग जन्म्यो प्रकृतिबाट। बा आमा छैन। खाने कुनै वस्तु छैन केवल हावा खाएर पानीमा तैरिएर बस्यो नागराज। यति खुलासा गर्नै पर्यो माँ ! आँखा खोल्नको लागि प्राधानिक रहस्य खोलेँ। क्षमस्व जगदम्बिके !

पहिलो मानिस किरात

शून्यं तदखिलं स्वेन पूरयामास तेजसा ॥६॥

आर्या ब्राम्ही महाविद्या ससर्ज मिथुनं स्वयम् ॥१६॥ ॥१८॥ प्राधानिक रहस्य

महाविद्या ब्रह्मरुपिणी अध्यात्मशक्ति आफैँले एक जोडी निकाल्नु भयो। कहाँ राख्ने ? आफ्नै पोल्टामा स्तनपान गराउनु भयो । तिनीहरू बस्ने ठाउँको लागि हावा खाएर बाँचेको नागमाथि निदाइरहेका विष्णुको कानबाट दुई जीव निकाली विशाल रुप बनाउनु भयो र विष्णुद्वारा मार्न लगाउनु भयो। त्यही शरीर कुहिएर माटो बन्यो। कीट पतङ्ग पशु रुख लहरा बने। ती नवजात एक जोडी किरातले तरुल फल मासु खान पाए। त्यही जीवलाई पछि आएर वेदले विप्र भन्यो।

उपव्हरे गिरीणां सङ्गमे च नदीनाम् ।

धिया विप्रो अजायत ॥ २८ ॥ (मण्डल ८ सूक्त ६ – ऋग्वेद)

विप्र भनेको बाहुन हो। तर भर्खर एक जोडी प्रकट भएको छ, कहाँ बाहुन क्षेत्री ? वि भनेको विशेष, प्र भनेको प्रज्ञा। बुद्धि विवेकले काम गर्ने मानिस भन्ने अर्थलाग्छ विप्रको।

तन्त्रभूमि नेपाल

नदी त अन्त पनि छन्, किरातेश्वर अन्त कतै छैन। श्लेष्मान्तकमा मात्र छन्। अतः पहिलो मानिस प्रकट भएको भूमि, हिमाली काख यही नेपाल हो र सगरमाथा विश्वकै श्रीपेच हो। किरातेश्वर विश्वकै पहिलो गुरु हो र पहिलो राजा पनि। ईश्वरको अर्थ राजा पनि हुन्छ। किरातहरूको राजा किरातेश्वर।

फोहरी क्रूर हिंसक जङ्गली दुईखुट्टे पशुलाई महादेव र पार्वतीले रिट्ठाले दलीदली जटालाई चम्किलो रौँ बनाई नुहाउने पहिलो संस्कार सिकाउनु भयो । जथाभावी फोहर नगरी कुनाकाप्चामा आची सुसु गरी माटोले छोप्ने, हात्ती गैँडाको छालाले छोपी बुढाबुढी बच्चाबच्चीलाई बस्ने ठाउँ बनाउने आदि व्यवहार सिकाउनु भई पहिलो बस्ती बसाल्नु भयो। त्यसको सुरक्षाको लागि चारैतिर अगेनु खनी धुनी जगाउनु भयो। काँचै नखाई पोलेर खाने। त्यत्तिकै मारेर नखाने वनदेवीलाई, वनकालीलाई चढाएर अर्थात् जीवबलि दिएर मात्र खाने आदेश दिनुभयो। यसो गर्दा ती पशुपक्षी फेरि पशुपक्षी बन्न नपर्ने कथा नै बनाएर सुनाउनु भयो। आत्मा र परमात्माको ज्ञान गराउनु भयो। यसरी तन्त्रशास्त्र श्लेषमान्तक वनको निधि बन्यो।

श्रुति परम्परामा तन्त्र

महादेव पार्वतीबाट सुन्ने, अनि सम्झि राख्ने श्रुति स्मृति शास्त्र बन्यो तन्त्र शास्त्र। श्रुति= सुन्नु, स्मृति

Raj Kishore

= सम्झी रहनु । मनन गरी आस्था बढाउँदै जानु । यसरी अध्यात्म योगले शक्ति बढायो । कोही फल कन्दमूल आदिको उत्पादन बढाउने तिर लागे । कोही वनस्पतिको औषधीय गुण पत्ता लगाउन तिर लागे । कोही अक्षर ज्ञानतिर लागे। कोही परम आत्मा के हो कसरी भेट्टाउने भन्ने तिर लागे। यी सबैलाई महादेव पार्वतीले मार्गदर्शन गर्दै जानुभयो। भाषाको पनि विकास गराउनु भयो। आवाजको सही उच्चारण गर्ने एकएक अक्षरी भाषाको पनि विकास गराउनु भयो । ती एकाक्षरहरू बीजमन्त्र बने । प्रत्येक बीजमन्त्रको व्याख्या पनि गर्दै जानुभयो । ती व्याख्याहरू यामल डामरतन्त्रहरू बने। आफु भित्रको शक्तिलाई आफैँले जगाउनु पर्छ भनी साधना गर्न सिकाउनु हुँदा आफैँसँग छ त साधना गर्न किन पर्यो भनी सोधेपछि पार्वतीले बोध गराउनु भयो – अस्ति मात्रै महादेवले काठबाट आगो पारेर देखाउनु भयो र हामीले आगोलाई सुरक्षित गरेर राख्यौँ होइन र ?

ज्ञान खुल्यो

हो, माता ! अब बुझ्यौँ। काठमा आगो छ। आफैँ बलेन। घोटे पछि झिल्का बनी आयो। ती झिल्कालाई जतन साथ ज्वालामा सल्कायौँ। यसै गरी यी प्रत्येक बीजाक्षरबाट ज्योति जगाउनु छ। माँ हामी लाग्छौँ। विधि के हो ? आदेश होस्। विधि केही छैन केवल प्रेम, तन्त्र साधनाको यो सरल शिक्षा हो। हामीले जति श्रम गर्यौं त्यति नै मात्रामा सिद्धि पूर्णता वा सफलता प्राप्त हुन्छ। विद्याहरूमा म अध्यात्म विद्या हुँ। **अध्यात्म विद्या विद्यानाम् ॥३२॥** गीता अध्याय १० भन्नुभएकी शक्तिरुपिणी कृष्णले भन्नुभयो– **ये यथा मां प्रपद्यन्ते तांस्तथैव भजाम्यहम् ॥११॥** अध्याय ४ भजामि सेवा गर्छु। हो, जन्मजनजीले आची सुसु सोहरेरै सन्तानको सेवा नै गर्नुहुन्छ। सन्तानले पनि इमान्दार भई ऋण चुकाउँछ। आमा र सन्तान कहिले पनि समान हुँदैन। आमा स्वामिनी सन्तान सेवक , नित्यदास। सेवा, आनन्द लुट्ने साधन। यहाँ पनि जे गरेर वा जे चाखेर आनन्द लुट्न सक्छौ माँले बक्स्यो भनी निरन्तर आनन्द लुट ! माँको धाममा गएर पनि आनन्दै आनन्द लुट भन्नु हुन्छ एक स्तनले दूध र अर्को स्तनले रक्सी बक्सने माँले। जे चाहन्छौँ मज्जाले चाख भन्नुहुन्छ माँ। यो भन्दा बढी म बोल्दिनँ। तिम्रो गुरुसँग सोधी माग। हक होइन कृपा पाउछौ। शरण पर सबै पाउछौ।

मौनं चास्मि गुह्यानाम् ॥३८॥ अ.१०

समभाव नै तन्त्र

यहाँ ब्रह्मलीन तुच्छ छ। अहं ब्रह्मास्मि भन्ने अहङ्कार बीर्जतै छ। प्राणीमा, खाद्यवस्तुमा शक्तिमाँ समान हुनुहुन्छ। पापयोनि भनी पन्छाउनु हुन्न। काखैमा लिनुहुन्छ साधकलाई –

समोऽहं सर्वभूतेषु ॥२९॥ अध्याय ९

मां हि पार्थ व्यपाश्रित्य येपि स्युः पापयोनयः।

स्त्रियो वैश्यास्तथा शूद्रास्तेपि यान्ति परां गतिम् ॥३२॥ अध्याय ९

जगदम्बिकाको रुप विचित्रकै छ। साधना बिना देख्न सकिन्न। कृपाको अनुभव चाहिँ चखाई रहनुहुन्छ। त्वं शरणं भन्न जानेपछि यही जुनीमा दर्शन पाइन्छ। तप यज्ञ दान आदि भौतिक प्रयासले पाइन्न। चोखो मनको पुकारले पाइन्छ।

न वेदयज्ञाध्ययनैर्न दानैर्न च क्रियाभिर्न तपोभिरुग्रैः ।

एवंरुपः शक्य अहं नृलोके द्रष्टुं त्वदन्येन कुरुप्रवीर ॥ ४८॥ अध्याय ११

भक्त्या त्वनन्यया शक्य अहमेवंविर्धोजुनं।

ज्ञातुं द्रष्टुं च तत्त्वेन प्रवेष्टुं च परन्तप॥ ५४॥ अध्याय ११

यहाँ तत्त्व शब्द र प्रवेश क्रियाले गुप्त सन्देश दिनु भएको छ। तत्त्वप्रवेशमा मौन।

प्रेम करुणा सेवा

किरातेश्वर दम्पतीको मूक प्राणी प्रतीको प्रेमले तन्त्र प्रकट गरायो। म के हुँ भन्ने बुझेपछि फिरन्ते जीवन त्यागी समाजमा परिणत भए। कष्टमय प्रयत्नले स-साना कटेरा बनाएर बसेका थिए। त्यो मानव बस्तीमा जनावर पसी नबिगारुन् भनी निरन्तर आगो बालेर बस्थे। राति पनि पालो पालो गरी काठदाउरा थपेर बस्थे। नींद लाग्ला भनी छालाको बाजा बजाएर नाच्थे। एक रात पालो परेको मान्छे गाँजा भाङ के खाएर हो लट्ठिएछ र दाउरा थप्न नाच्न गाउन सकेन। आगो निभ्यो। सुनसान मौका पारी हात्ती नै पसेछ सबै भताभुङ्ग पारेर गयो। हाहाकार भयो। किरातेश्वर दम्पती पनि दगुरेरै आई हेर्नुभयो। कटेरा भित्रका सबै कच्चाक कुचुक परेका। कटेरो त ध्वस्तै। यस दृश्यले किरातनी महारानीलाई पागलै बनायो। लट्ठिएको किरातलाई हेर तिम्रो नशालु बानीले यत्रो नोक्सान भयो मात्र के भन्नुभएथ्यो, त्यो असभ्य जन्तु जङ्गिएर जवाफ दिन पुगेछ – मैले के गरुँ भनी गरेको हो र, हात्ती पस्यो मैले के गरुँ ?

बिनाश भएको र विभत्स हत्या भएको देखेर पागलै हुनुभएकी महारानीले त्यो अशिष्ट जवाफ सुन्नै सक्नु भएन र एक्कासी झम्टन पुग्नु भयो। उसले पनि प्रतिवाद गरेपछि काली नै भई रगत चुस्नु भयो। कामेकी कामै। अनि किरातेश्वर पनि भैरवै बनी त्यो असभ्यको शरीर कालीको हातबाट खोसेरै रगत चुस्नुभयो। महादेवको त्यो क्रियाले कालीलाई छक्कै पार्‍यो। भो छोड्नुहोस्, त्यो मरिसक्यो भनी भैरवलाई पुकार्नुभयो। दुबैले करुणा राखी त्यहाँ बचेकाहरूलाई पुनर्निर्माण गराँै अब देखि कसैले पनि गाँजा धतुरो नखानु, नसालु बोट उम्रेको देख्ने बित्तिकै उखेलेर लाउनु र जलाएरै नष्ट पार्नु भन्ने आदेश दिनु भयो। अब आएर शिवको प्रसाद भनी तान्न थाले। अज्ञानी भए पछि के लाग्छ। यसरी प्रेम करुणा सेवाको धर्म बन्यो तन्त्रशास्त्र। नरदेवी र श्वेतभैरव तन्त्रकालको प्रतीक बने।

आजकल बलिप्रथा अधर्म हो, तामसी आचार हो भन्छन् माँको कृपा नबुझ्नेहरू। पूतना कंस रावण आदि दिव्यधाममा पुगेका कुरा विर्सि नै दिन्छन्। अनि भगवान् कृष्ण भन्नुहुन्छ आफ्नो धर्मको लागि मर्नु राम्रो अर्काको धर्म मान्नु भयावह हुन्छ–

स्वधर्मे निधनं श्रेयः परधर्म भयावह॥ ३५॥ अध्याय ३

खसी पारेर खानै हुन्न

बलि लिएर उसको कल्याण गरुँ भनी माँले सिर्जना गर्नु भएको बोकालाई खसी पारेर खानु हत्या मात्र होइन महापापै हो। तर, शुद्ध खसीको भन्छन् अविपश्चित ब्राह्मण बाज्ये। आमाको प्रसाद ब्राह्मणलाई चल्दैन भन्छन् महापण्डितहरू। तन्त्र र वेद यसरी पीठ फर्काएरै बसेका छन्। सुधारेर मिलेर बस्ने कहिले ? यो पनि महाभारतै हो। तन्त्रमा नेपाली सबैले गर्व गर्न सक्नु पर्छ। तन्त्र मानव धर्म हो। यसमा भेद छैन। प्रेम छ, करुणा छ, सेवा छ। साधना गर्न नसक्ने मूक प्राणीलाई पनि पार लगाउँछ तन्त्राचारले। समेबजी त सन्तुलित भोजनै हो। मात्रा मिलाए विष पनि औषधी। अति गरे अमृत पनि विष भन्छ तन्त्र। बिरामी पर्दा अल्कोहलको मिक्स्चर पनि

ब्राह्मणले खाएकै छ। अहङ्कार नगरौँ। अहङ्कार भनेकै रावण हो। अहङ्कारले उसको ब्राह्मणत्व खाई नै दियो, राक्षस बनायो। तन्त्रज्ञान यही हो। आकाश अग्नि जल वायु पृथ्वी बिना जीवनको अस्तित्त्व छैन नै भन्छ तन्त्रको सगँ परिकारले। हलुका खाना पचाउन शरीर आफैले सक्छ। माछामासु अण्डा पचाउन रक्सी नै चाहिन्छ।

पञ्चमकारमा श्यामा श्याम

आबालब्रह्मचारी सन्यासी आदिजगद्‌गुरु श्रीशङ्कराचार्यले दर्शन गर्नु भएकी आगम शक्तिमाताको वर्णन–

पहिदो पल्ट पर सरेकी अस्पृश्या किशोरी, रगत सुक्दाको गाडानीलो रङ्गकी काली, रक्सीको कपालपात्र (विन्दु मुद्रा) लिएकी, रक्सीले मात्तिएर एकोहोरो घुरेर हेरिरहेकी, ठूल्ठूला दुईस्तनले छाती उठेकी, (श्रीकृष्णले) चलाएर च्यात्तिएको वा मैलो भई गलेको चोलो लगाएकी, मणि चम्केर खुलेको छातीमा श्रीकृष्णलाई च्यापिरहेकी, श्रीकृष्णसँग रमण गरिरहेकी (राधा)लाई संझन्छु।

स्मरे प्रथमपुष्पिणीं रुधिरविन्दुनीलाम्बरां
गृहीतमधुपात्रिकां मधुविघूर्ण नेत्राचलाम्।
घनस्तनभरोन्नतां गलितचूलिकां श्यामलां
मुकुन्दरमणीं मणिलसद्अलङ्क्रियाकारिणीम्॥ *–त्रिपुरसुन्दरी स्तोत्र*

पाँच द्रव्य र (समे)

उसिनेको अण्डा आकाशतत्त्व, माछा जल तत्त्व, मासु पृथ्वी तत्त्व, बारा वायु तत्त्व, रक्सी अग्नि तत्त्व। समेबजि सन्तुलित भोजन।

मत्स्य-मांस-सुरा-लेह्यैश्चोस्य-भक्ष्योपहारकैः॥४५॥
पूजां करिष्यते यो वै सौख्यं स्यात्तस्य वत्सरम्॥ ४६॥ *–पद्म पुराण दीपावली महात्म्य*

पद्म पुराण तन्त्र अथवा नेवार शास्त्र होइन, सबै जातको, महापण्डितहरूको पनि उच्च ग्रन्थ हो। त्यसले स्पष्टै भयो यदि वर्ष भरी आनन्दले सुखपूर्वक बाँच्नु छ भने तिहारमा घरको ठूलो कोठा वा चोकैमा बा, आमा, दाजुभाई आदि सबै परिवारका र आफ्ना सहायक, मन्त्री, गुरु पुरोहित आदि समेत लस्करै बसी माछा, मासु, रक्सी, बारा(मुद्रा), आधा उसिनेको (चुस्न सकिने) अण्डा (मैथुन) उपहार (सँग) लिई आफुलाई (आत्मालाई) पूजा गरोस्। त्यो दिन बलिराजाको दिन भएकोले आफुभित्र बलिराजा रहेको भावना राखोस्। सगुन खाएर सन्तुष्ट होउन्–

मातृभ्रातृजनैः सार्धं सन्तुष्टो बन्धुभिः सह॥४४॥
बलिराजं दैत्यराजं कारयित्वा स्वके पुनः।
गृहस्य मध्यशालायां विशालायां ततोर्चयेत्॥ ४३॥
मन्त्रेणानेन राजेन्द्र समन्त्री स पुरोहितः॥४६॥

त्यति बेला यो मन्त्र पढ्नु –

बलिराज नमस्तुभ्यं विरोचनसुतप्रभो !
भविष्येन्द्र सुरासुते पूजेयं प्रतिगृह्यताम्॥४७॥
यदत्र दीयते दानं स्वल्पं वा यदि वा वहु।
तदक्षयं भवेत्सर्वं विष्णोः प्रीतिकरं शुभम्॥५१॥

यसरी तन्त्राचार विष्णु अर्थात् कृष्णलाई मनपर्छ, प्रीतिकर र शुभ छ। यो हो तन्त्राचारमा म्हपूजाको महत्त्व र उच्चता।

उपसंहार

पाषाण युगको शून्य अवस्थामा विप्र भनिएको मानिसले विकास गर्नै सकेन। केही गरौँ भन्ने ज्ञान पनि पाएन। विकास गर्ने स्रोत साधन छैन। आगो कसरी बन्छ थाहा छैन। डढेलो लागेर सबै ध्वस्त पारेको देखेर आगो जोगाउन डराए। पोलेर खाऔँ भन्नै सकेन। काँचै खाएर पशु बने।

यस्तो अन्धकारलाई चिरेर जङ्गली मानिसलाई सभ्य बनाएको तन्त्र विश्वकै पहिलो ज्ञान हो। विकास गर्ने विज्ञान हो, विशेष ज्ञान हो र आत्मा र परमात्मासँगको सम्बन्धबारे स्पष्ट बोध गराउने बोधि विज्ञान हो। जसलाई तत्त्वज्ञान पनि भन्न मिल्छ। पञ्चतत्त्वको सन्तुलन गर्छ पञ्चमकारले।

यसरी तन्त्रशास्त्र सनातन धर्म भयो। अहिले हिन्दू धर्म र वैदिक सनातन धर्मले तन्त्रलाई ओझेलमा पार्यो। वेदले त धर्मै होइन भनी छिछि र दूरदूरै गर्यो। अतः योगेश्वर कृष्णले वेदलाई हमला नै गर्नुभयो। जरा नै उखेलेर फाल भनी आक्रोश पोख्नु भयो। मानवीय धर्म जोगाउनु भयो।

किनकि तन्त्रले मानव सबैको सम्मान गर्छ। प्रेम गर्न, भक्ति गर्न सिकाउँछ। सत् चित् आनन्दको सन्तान भएर सबैको भलो गर्न उत्प्रेरित गर्छ। सबै प्राणीको मूल चाहना भनेकै आनन्द पाउने, शान्तिले बाँच्ने हो। शरीर छोडेर जाँदा पनि स्वामी वा स्वामिनीको सेवा गरी आनन्दको सुखानुभूति गर्ने। जन्ममृत्युको जन्जालबाट सदाको लागि मुक्त हुने साधना हो तन्त्र। यसरी तन्त्र अध्यात्म ज्योति नै बन्यो। यसमा किरातदेश नेपाल गौरव गर्छ। तन्त्रले कुनै भेद गर्दैन, प्रेम गर्छ।

विजुलीले मार्छ भनी पावर हाउसै भत्काउने कुबुद्धि नलेऔं लेखकको यत्ति प्रार्थना छ –आफ्नो सही इतिहास बचाऔँ ! स्वाभिमान साथ बाँचौं बचाऔँ ! किरातेश्वर दम्पतीको जय होस् ! जय अम्बे !

Raj Kishore

महाविद्या षोडशी – श्रीविद्या

✍ प्रा. विद्यानाथ उपाध्याय भट्ट

श्रीविद्याको ध्यान

बालार्ककोटिरुचिरां स्फटीकाक्षमालाम्,
कोदण्डमिक्षुजनितं स्मरपञ्चबाणान्।
विद्यां च हस्तकमलैर्दधतीं त्रिनेत्रां
ध्यायेत् (ध्याये) समस्त जननीं नवचन्द्रचूडाम्॥

करोडौं बालसूर्य (भरखरै उदाएका सूर्य) जस्तै अत्यन्त सुन्दर, हातमा स्फटिकको अक्षमाला, ऊखुले बनेको धनुष, पाँचवटा फूलका बाण र पुस्तक लिएकी, तीन आँखा भएकी, नयाँ चन्द्र (द्वितीयाको चन्द्रमा) आफ्नो शिरमा धारण गरेकी, सम्पूर्ण लोककी माता (भगवती त्रिपुरसुन्दरी) को ध्यान गर्नुपर्दछ (ध्यान गर्दछु)।

श्रीविद्याको विशेषता

दश महाविद्याहरूमा तृतीय महाविद्या षोडशी हुन्। कुनै तन्त्रमा षोडशीलाई सुन्दरी भनेर यिनलाई चारौं महाविद्या भनिएको छ। षोडशीको वास्तविक नाम महात्रिपुरसुन्दरी हो। यिनको मन्त्र सोह्र अक्षरको भएकोले, सोह्र कलाले यिनी पूर्ण भएकी हुनाले र सोह्र नित्या स्वरूप भएकी हुनाले पनि यिनलाई षोडशी भनेर भक्तजन उपासना गर्दछन्। श्रीविद्याका सोह्र नित्याहरूको वर्णन पाइन्छ – १. महात्रिपुरसुन्दरी, २. कामेश्वरी, ३. भगमालिनी, ४. नित्या – क्लिन्ना, ५. भेरुण्डा, ६. बह्निवासिनी, ७. महाविद्येश्वरी, ८.दूती. ९. त्वरिता, १०. कुलसुन्दरी, ११. नित्या, १२. नीलपताका, १३. विजया १४. सर्वमङ्गला, १५. ज्वालामालिनी, १६. चित्रा। यी सोह्र नित्याहरूमध्ये प्रतिपदादेखि पूर्णिमासम्मका पन्ध्र तिथिहरू नित्या (तिथिस्वरूप, तिथिका सौन्दर्यरूप कला वा तिथिका आराध्य देवता) हुन् र महात्रिपुरसुन्दरी नित्या चाहिँ व्यापक, षोडशी, पूर्णाङ्गी नित्या हुन्।

नित्याजस्ता धन सम्पत्ति प्रदान गर्ने, संसारलाई आनन्द दिने, मन्त्रात्मक, शुभ शरीरवाला देवता अरू छैनन्, यसैले यिनको जप, पूजा, हवन, उपासना गर्नु ज्यादै श्रेयस्कर छ।

ब्रह्मविद्याको रूपमा श्रीविद्या

महात्रिपुरसुन्दरी विद्या वस्तुतः ब्रह्मविद्या हो। ब्रह्मको नाम पनि हुँदैन र रूप पनि। तैपनि साधकहरूलाई साधना गर्न सरलता होस् भन्ने हेतुले विभिन्न नाम र रूपको कल्पना गरिन्छ। कल्पना भनेर असत्य कल्पना होइन, सत्य कल्पना, जो सर्वरूप छ त्यसमा त्यसैको अंशको सत्य कल्पना। महात्रिपुरसुन्दरीका अनन्त नाम र रूप छन्। जगत्मा अनन्त विषयवस्तु छन्। महात्रिपुरसुन्दरीको विराट् विग्रहभित्र जगतै पर्दछ।

श्रीविद्याका नामहरू

संसारमा जे छ सबै श्रीविद्याको रूप र जुन वस्तुको जुन नाम छ – त्यो उनैको नाम हो। तैपनि ललिता सहस्रनाम ग्रन्थमा उनको हजारवटा नामको परिगणना गरिएको छ र भास्कर रायजस्ता विद्वान् उपासकले ती सबै नामको अर्थ बयान गरेका छन्। त्यति भएर पनि उनका केही नाम अत्यन्तै प्रसिद्ध छन्।

महात्रिपुरसुन्दरी, सुन्दरी, षोडशी, त्रिपुरा, ललिता, श्री, बाला, कामेश्वरी, आदि।

श्रीविद्याका नामहरूको प्रभावकारिता

श्रीविद्याका अनेक नामहरूद्वारा उपासना गरिने देवता श्रीविद्या यौटै हुन् तापनि उपासकका कामना भेदले मन्त्रभेद भएर स्वरूपभेद र नामभेद हुन गएका छन्। जसको जुन परम्परा छ, गुरुले जुन मन्त्रको जसलाई जसरी उपदेश भएको छ, त्यसै मन्त्रको त्यसैरूपबाट, त्यसैगरी उपासना भएमा देवता प्रसन्न भएर अभीष्ट फल प्रदान गर्ने शास्त्रको वचन छ। तर ज्ञानीले यिनलाई सबै नामले यौटै ब्रह्मतत्त्वको प्रतिपादन भएको देख्तछ र मोक्षपद पाउँछ। सगुण र निर्गुणको पनि स्थिति यही नै हो। अन्तमा प्राप्तव्य फल वा गन्तव्य स्थान बिन्दु मोक्ष नै हो र यो केवल निर्गुण उपासनाबाट मात्र सम्भव हुन्छ, तर सगुण उपासना फेरि यसैको साधना हो। साधनको अवलम्बनबाट मात्र साध्यमा पुग्न सकिनु स्वाभाविकै हो। फेरि सगुण ध्यान र मन्त्रार्थ र मन्त्र चैतन्य पनि ब्रह्मतत्त्व प्रतिपादक हुन् भन्ने कुरा ज्ञानी साधकहरू आफ्नो चिन्तनको रहस्यमा बताउँदछन्।

श्रीविद्याको आविर्भावसम्बन्धी आख्यान

तृतीय महाविद्या षोडशी – त्रिपुरसुन्दरीको आविर्भावलाई लिएर आख्यानहरू पनि प्रसिद्ध छन्। हुन त भगवती सुन्दरी जगन्मूर्ति, जन्म र मरण नै नभएकी नित्य हुन् तापनि देवताहरूको साधक भक्तहरूको कार्यसिद्धिका निमित्त उत्पन्न भइन् भन्ने उक्ति छ, नत्र नित्य सनातन ब्रह्मको उत्पत्ति कसरी ?

एकपल्ट भगवान् शंकरलाई प्रसन्न पार्न इन्द्रले अप्सराहरूलाई उहाँको सेवामा पठाए। उनीहरूले अनेकौं कलाकौशल, नाचगानद्वारा ईश्वरलाई खुसी तुल्याए। शिवले अप्सरालाई कालिकाको सेवामा पठाउनु भयो। शिवले कालिकालाई बारम्बार जिस्क्याउँदै काली ए काली ! भनी बोलाउनु हुन्थ्यो। एकपल्ट कालीले म अब कालीको रूप छोडेर गोरीको रूप लिन्छु। शिवले काली भनेर फेरि बोलाउनु भयो भने म बोल्दिनँ, उहाँले मलाई नपाएर अल्मलिनु हुन्छ, बडो आनन्द आउँछ– भन्ने सोचेर काली अदृश्य हुनुभयो। शिव – कालिकालाई कहीं पनि नपाएर चिन्तितजस्तो देखिनुभयो।

त्यसैबेला नारद ऋषि शिवदर्शनको निमित्त आए। धेरै बेर कालिकाको दर्शन नपाएर नारदले आमा कहाँ जानुभयो भनेर सोधे। शिवले – काली मसँग रिसाएर अन्तर्धान भएकी छिन् भन्नुभयो। नारदको छुल्याहा बानी, शिव–शक्तिको झगडा गराउने उद्देश्यले कालिका लुकिरहेको ठाउँमा पुगेर महादेव त हजुर नभएको बेला पारेर अप्सराहरूसँग पो विहार गरिरहनुभएको छ भनेर कुरा लगाए।

कालिका यो कुरा सुनेर रिसले चुर्लुम्म हुनुभयो र म कुन चाहिं अप्सरा भन्दा कम छु त भनेर अत्यन्त सुन्दर षोडशीको स्वरूप लिई शिवकहाँ पुग्नुभयो। त्यहाँ शिवका हृदयमा अत्यन्त सुन्दरीको छवि देखेर झनै रिसाउँदै –बूढा त म नभएको बेला कुन चाहिं सुन्दरीलाई आफ्नो हृदयमा राखेर मस्त भएको? भनी हकार्नु भयो। शिवले मुस्कुराउँदै – यो त तिम्रै रूप हो भन्दा कालिका सब रिसराग बिर्सेर अत्यन्त प्रसन्न हुनभयो। शिवले अब आइन्दा यसै रूपलाई त्रिपुरसुन्दरीका नामले उपासना गरिनेछ भनेर कालिकाको मान राख्नुभयो।

Raj Kishore

अर्को आख्यान – प्राचीनकालमा यौटा महादैत्य थियो भण्डासुर। त्यसका दुई भाइ थिए– विशुक्र र विषङ्ग। ती दाजु–भाइ देवताहरूलाई अत्यन्त दुःख दिन्थे। तिनका डरले देवता कोही पातालमा, कोही समुद्रमा लुकेर बस्तथे। यसै दुःखबाट बचाउन चराचरनिवासिनी परमा शक्ति चिदग्नि कुण्डबाट आविर्भूत हुनुभयो र उहाँले युद्धमा दैत्यहरूको बिनाश गर्नुभयो।

श्री षोडशीको प्रादुर्भाव मोहरात्रिका दिन आधा रातमा शिवकाञ्ची श्रीशैलमा भएको हो भन्ने उक्ति आगमरहस्यमा पाइन्छ।

श्रीविद्याको उपासना

श्रीसुन्दरीको उपासना दुई किसिमबाट हुन्छ – अन्तर्याग र बहिर्याग। बहिर्याग – बाहिरी पूजा हो – विभिन्न उपचारहरूबाट हुन्छ र अन्तर्याग यौटा मानस पूजा हो। अन्तर्याग पनि तीन प्रकारको हुन्छ – सकल, सकलनिष्कल र निष्कल। परमेश्वरीको उपासनाका लागि तीनवटा रूप विद्यमान छन् – स्थूल, सूक्ष्म र परा।

स्थूलरूपको उपासना विभिन्न इन्द्रियद्वारा गरिन्छ। सूक्ष्मरूपको उपासना श्रवण र वाक् इन्द्रियद्वारा हुन्छ। पर रूपको उपासना केवल मनद्वारा मात्र सम्भव छ। यी तीन रूप भए तापनि देवीको भावना भने सरूप (रूपसहित) र निरूप (रूपविहीन) दुई प्रकारको हुन्छ। रूपवाला भावना बहिर्याग हो भने निरूप उपासना अन्तर्याग हो। लौकिक भाषामा बहिर्यागलाई पूजा र अन्तर्यागलाई सन्ध्या भन्ने गरिन्छ। सन्ध्या नभई पूजा हुँदैन।

वस्तुतः पूजा याग हो र याग दुबै नभै पूर्ण हुँदैन। यसमा पनि अन्तर्याग चाहिँ वस्तुतः योग हो, कन्दमूलमा रहेकी कुण्डलिनीलाई जाग्रत गराएर मूलाधार, स्वाधिष्ठान, मणिपूर, अनाहत, विशुद्ध र आज्ञाचक्रको भेदन गर्दै सहस्रदल कमलमध्यमा विराजमान शिवसँग मिलन गराउनु, त्यसबाट पनि माथि उठी उन्मनासम्म पुग्नु, परशिवसँग एकात्मभावमा प्राप्त हुनु नै अन्तर्याग हो। त्यसपछि पञ्च उपचार देखि षोडशोपचारसम्म विविध साधनद्वारा देवताको सगुणरूपको उपासना बहिर्याग हो।

श्रीविद्याका अन्य भेद

श्रीविद्याका अन्य भेदहरूमा व्यष्टि, समष्टि, जाग्रत आदि बाह्र धामहरूमा भवनीय विद्याका पनि खास बाह्र भेद प्रमुख छन् – शक्तिशिवविद्या, लोपामुद्राविद्या, क्रोधमुनि दुर्वासाविद्या, मानवीविद्या, चान्द्रीविद्या, कौबेरीविद्या, अगस्त्यमुनिविद्या, नन्दिविद्या, प्रभाकरीविद्या, षड्मुखीविद्या, परमशिवविद्या र वैष्णवीविद्या। यी विद्याहरूमा शक्तिशिवविद्या आद्यविद्या हो– विद्याराज्ञी – विद्याहरूकी रानी। यो यौटै विद्यामा तीन भाग छन्, समूह छन्। ती हुन् – शाम्भवकूट, कामराजकूट र शक्तिकूट। त्यसैले श्रीविद्या त्रिकूटात्मक मुख्य हुन्छ। प्रकारान्तरले यो विद्या चतुष्कूटात्मक र षट्कूटात्मक पनि छ।

वस्तुतः विभिन्न देवता, ऋषि, उपासकहरूले उपासना गरेर सिद्ध गरेको विद्या उनैका नामले लोकमा प्रसिद्ध र फलदायिनी हुन्छन्।

श्रीविद्याका सन्ध्या

श्रीविद्याका चार सन्ध्या हुन्छन् – प्रातः, मध्याह्न, सायं एवं तुरीय। प्रातः सन्ध्यामा राजसी, मध्याह्नमा सात्विकी र सायं सन्ध्यामा तामसी ध्यान हुन्छ। तुरीय सन्ध्यामा त ब्रह्मोपासना मुख्य हुन्छ।

श्रीविद्याको विशेषता

श्रीविद्या प्रमुखतया ऊर्ध्वाम्नायमा पूजित हुन्छ। अझ सबै आम्नायमा पनि यिनको पूजा हनसक्ने हुनाले यो सर्वाम्नाय प्रपूजित पनि भन्छन्। तर भित्री अर्थ विचार गर्दा – पृथ्वी, जल, तेज, वायु र आकाश पाँच तत्त्वमाथि अधिष्ठित (आफ्नो वशमा राखेकी), स्वयं प्रकाश, महासौभाग्यरूपिणी, परमामृतवर्षिणी, जगत्‌की आदिकारण, जगन्मोहनी, परमानन्दरूपिणी, अनुग्रहकला, हृदयकी साक्षी स्वरुपा, जगत्‌की वशीकरणशक्ति, स्तम्भनशक्ति, जम्भनशक्ति, जगन्मोहनशक्ति, विश्वराज्ञी भन्ने बुझिन्छ।

यसै ध्यानबाट महात्रिपुरसुन्दरीकै त्रिकूटात्मक (वाग्भवकूट, कामकूट र शक्तिकूट) मन्त्रको पनि उद्धार हुन्छ।

श्रीविद्याका नामहरू

यसै गरी महात्रिपुरसुन्दरीका अनेकौं नाम छन्। ललितसहस्रनाममा उनका हजार नामहरूको उल्लेख छ। यसको अनेकौं विद्वान्–मनीषीहरूले टीका व्याख्या गरेका छन्। भास्कर रायको टीका चाहिँ ज्यादै आदरणीय मानिन्छन्। त्यस ग्रन्थमा महात्रिपुरसुन्दरीका सबै नामहरूका अर्थरहस्य – सगुण र निर्गुणपरक अर्थको व्याख्या पाइन्छ। त्यहाँ पनि भगवतीका अनेकौं नामका बाहिरी र भित्री अर्थ छन्। बाहिरी अर्थ सगुण उपासकका निमित्त र भित्री अर्थ निर्गुण उपासकका निमित्त प्रतिपादित छन्।

यसबाट के देखिन्छ भने भगवती त्रिपुरसुन्दरी – षोडशी परब्रह्मस्वरूपा देवता हुन्। यो विराट् ब्रह्माण्ड उनको विराट् विग्रह हो – शरीर हो। कणकणमा उनका विग्रहका अवयव हुन्। जो जे छ, जो छ त्यो उनै नै हुन्।

श्रीविद्याको ध्यान

श्रीविद्याकी अधिष्ठात्री भगवती त्रिपुरसुन्दरीका ध्यानहरू पनि विद्याका भेदले, साधकहरूका भेदले, कामना भेदले बेग्लाबेग्लै छन्। सबै ध्यानका दुई अर्थ हुन्छन् – पहिलो अर्थले देवताको बाह्यस्वरूप चिन्तन–मनन गर्न सकिने – मानवशरीरजस्तै हात–पाउ आदि भएको र दोस्रो मन–वचन–कर्मले छुन नसक्ने ब्रह्मस्वरूपको प्रतिपादक। उदाहरणस्वरूप बालात्रिपुराको ध्यान –

रातो कपडा, अर्धचन्द्र शिरमा, उदाउन लागेका सूर्यजस्तो कान्ति, तीन आँखा, पुस्तक, अक्षमाला, वराभय, भएका चार हात, रातो कमलको आसन।

यसको बाहिरी स्वरूप स्पष्ट छ। तर भित्री अर्थ चिन्तन गर्दा – रातो कपडा सौभाग्यको सूचक हो। अर्धचन्द्र अमृतवर्षिणी हुन्छ। तीन आँखा कामको प्रतीक हो। रातो कमलको आसन पूर्ण ब्रह्माण्डमा व्यापकरूपले अनस्यूत भन्ने हो र पुस्तक ज्ञानको, अक्षमाला सम्पूर्ण मातृका, वराभय कामनासिद्धिको प्रतीक मानिन्छ। यसै ध्यानबाट बालाकै मन्त्रको पनि उद्धार हुन्छ।

त्रिकूटा महात्रिपुरसुन्दरीको ध्यान

त्रिकूटा महात्रिपुरसुन्दरीको ध्यानमा – ब्रह्मा, विष्णु, रुद्र, ईश्वर, सदाशिव (पञ्चप्रेत) माथि बसेकी, खारेको सुवर्णजस्तो वर्ण, अर्धचन्द्र शिरमा, करोडौं कामदेवलाई पनि जित्ने कामेश्वरी, मुस्कुराइरहेकी, उत्तुङ्ग स्तन, अत्यन्त युवती, कोमल अङ्ग, पाश, अंकुश, फूलका बाण, धनुष लिएकी, रातो कपडा, अनेकौं दिव्यरत्नको आभूषण यस्ती महात्रिपुरसुन्दरी।

त्रिकूटा ध्यानको बाह्य अर्थ

षोडशी – त्रिपुरसुन्दरीको उपासना हुने आधार श्रीचक्र अर्थात् श्रीयन्त्र हो। यसमा बीचमा बिन्दु, त्यसबाहिर त्रिकोण, अनि अष्टकोण, त्यस बाहिर दुइवटा दशकोण, त्यस बाहिर चौध कोण, त्यस बाहिर अष्टदल कमल, अनि सोह्र दल कमल, त्यस बाहिर तीन वृत्त (घेरा) र अनि तीन भूपुर हुन्छन्।

यो श्रीचक्र सर्वदेवमय छ। सबै देवताको यसमा निवास हुन्छ। यसमा अग्नि, सूर्य, सोम र ब्रह्म यी चार चक्रहरू छन् र तिनीहरू कामरूप, जालन्धर, पूर्णागिरि र ओड्याण पीठात्मक हुन्। यो चक्र सृष्टि, स्थिति र संहारस्वरूप पनि हो। यसमा अनाख्यालाई पनि जोडेर चार स्वरूप पनि यसको मान्दछन्। यसमा पूर्व, पश्चिम, दक्षिण र उत्तर चार आम्नायको पनि समावेश छ। यो श्रीचक्र नौवटा नित्याहरूको पनि स्वरूप हो। त्यतिमात्र नभएर सोह्र नित्यामय पनि यसलाई मान्दछन्।

श्रीचक्रको भावना सकल, सकलनिष्कल र निष्कल तीन रूपबाट हुन्छ। श्रीचक्र त विश्व हो, ब्रह्माण्ड हो, पूर्ण वर्ष हो, शरीर हो।यसैले यसलाई चक्रहरूमा राजा मानिन्छ र चक्रराज भनिन्छ। विभिन्न देवता पूजाका आधारमा आ–आफ्ना बेग्लाबेग्लै यन्त्र (चक्र) हुन्छन्। यौटा देवताको अर्काको चक्रमा प्रायः हुँदैन। तर श्रीचक्रमा सबै आम्नायका देवताको भावना र अर्चना हुन्छ।

श्रीचक्रको स्वरूप

श्रीचक्र नवयोन्यात्मक हुन्छ। यसमा नौवटा त्रिकोणहरू हुन्छन्। तलतिर फर्केका पाँचवटा र माथितिर फर्केका चार वटा। यी नौ चक्रका ईश्वरीहरू हुन् – त्रिपुरा, त्रिपुरेश्वरी, त्रिपुरसुन्दरी, त्रिपुरवासिनी, त्रिपुराश्री, त्रिपुरमालिनी, त्रिपुरासिद्धा, त्रिपुराम्बिका र महात्रिपुरसुन्दरी। वस्तुतः श्रीचक्र नै महात्रिपुरसुन्दरीको स्वरूप हो र उनैका शरीरका विभिन्न देवतास्वरूप अवयवहरू नै श्रीचक्रका आवरण देवता हुन्। जब परमा शक्ति आफ्नै इच्छाले विश्वस्वरूप भएर आफ्नै स्फुरण सर्वत्र देख्न थाल्दछिन् अनि श्रीचक्रको उदय हुन्छ। श्रीचक्रमा रहेका नौ चक्रमध्ये पाँच चक्र चाहिँ वामा, ज्येष्ठा, रौद्री, अम्बिका र परा शक्ति हुन् भने चार चक्र भने इच्छा, ज्ञान, क्रिया र शान्ता शक्ति हुन्। यसैबाट परा, पश्यन्ती, मध्यमा र वैखरी क्रमले विश्वको स्फुरण हुन्छ। ज्ञानका आविर्भाव हुन्छ। यसैलाई चक्रमयी सृष्टि पनि भन्दछन्। श्रीचक्रमा रहेका विन्दु र त्रिकोण काम–कला पनि हो। यही शिवशक्ति मिथुन पिण्ड हो। यसैभित्र भुवनमण्डल छ। वाक् र अर्थको सृष्टि कारण हो। यसमा रहेका तल र माथि फर्केका त्रिकोणहरू सोम– सूर्यात्मक, शिवशक्त्यात्मक छन्। यी परस्परमा अनुप्रविष्ट छन्। शरीरमा रहेका समस्त चक्र यसै भित्र छन्। विश्वमा रहेको प्रत्येक वस्तु यसमा छ। यसैले यो चक्र यी विश्वमा दिव्य छ। देवतामय छ।

श्रीविद्याको उपासना

षोडशी त्रिपुरसुन्दरीको उपासना गर्न उपासकले सर्वप्रथम सद्गुरुबाट श्रीविद्याको दीक्षा प्राप्त गर्नु अत्यावश्यक छ। दीक्षितलाई मात्र बीजमन्त्रको जप–प्रयोगको अधिकार हुन्छ। साधिकार उपासकद्वारा गरिएको उपासनाले मात्र फल दिन्छ।

श्रीविद्याको अर्चना

देवीको पूजा प्रथमतः अन्तर्यागबाट शुरु हुन्छ। प्रातःकालमा सर्वप्रथम प्रातःकृत्य हुन्छ। यसमा अजपाको

विधान छ। सर्वप्रथम गुरुवन्दना गरेर गुरुको मानस पूजा हुन्छ। त्यसपछि शरीरमा षट्चक्रको भावना गरेर कुण्डलिनीको उत्थान गर्दै सहस्रारस्थित परमशिवसँग यसको मिलाप गराइन्छ। त्यसपछि पुनः अवतरण गरिन्छ। यो अन्तर्यागको क्रिया हो। त्यसपछि स्नान समाप्त गरी गुरुले उपदेश गरेका पद्धतिबाट आ–आफ्नो गच्छेअनुसार पञ्चोपचारदेखि षोडशोपचारसम्म जो सकिन्छ साधनद्वारा देवीको अर्चना हुन्छ। त्यसमा प्राणायाम, न्यास, ध्यान, जप, पूजा, पाठ सबै विधिपूर्वक गर्नु आवश्यक छ।

उपास्य र उपासकमा अभेद

वास्तवमा पूजाको रहस्य आफूलाई सर्वतोभावेन देवतामा समर्पित गरिदिनु, आफूलाई देवतामय ठान्नु, आफूलाई देवता नै मान्नु, सम्पूर्ण भेददृष्टिलाई समाप्त गर्ने क्रममा देवतालाई अद्वयतत्त्व मानी तिनैमा लय गराइदिनु नै हो। त्यसैले उपासक भावना गर्दछ –

अहं देवी न चान्योद्रस्मि ब्रह्मैवाहं न शोकभाक्।
सच्चिदान्दरूपोद्रह्मात्माहमिति चिन्तयेत्॥

मैं देवी हुँ। उनीदेखि अन्य (भिन्न) म होइन। म ब्रह्म नै हुँ। ममा शोक छैन। म सत् हुँ (तीनै कालमा म रहिरहन्छु)। चित् हुँ (ज्ञानस्वरुपको हुँ, चैतन्य हुँ)। आनन्द हुँ र दुःखको लेश पनि ममा छैन। म आत्मा हूँ (म शरीर होइन, म इन्द्रिय होइन, विश्वप्रपञ्च ममा छैन)।

उपासकले सम्पूर्ण देवदेवतालाई आफ्नै इष्टदेवताकै स्वरूप मान्नु पर्दछ त्यतिमात्र होइन विश्वमा जो जे जति जहाँ वस्तु छन् र हुन सक्तछन्, ती पर आफ्नै इष्टदेवता व्याप्त छन्। ती सबै तिनैका विराट् विग्रहका अवयव हुन सुख, दुःख, मान–अपमान, रागद्वेष, प्रवृत्ति–निवृत्ति सब इष्टदेवता कै लीला वा क्रीडा हुन्। यो विश्वब्रह्माण्ड उनैको लीलाभूमि वा क्रीडाभूमि हो। यी भावनाहरू मनमा ल्याउने अभ्यास गर्ने साधक एक दिन देवतामय बन्दछ, यसमा शंका छैन। यही उपासनाको रहस्य हो। साधक पहिले पशुभावमा रहन्छ, अज्ञानी हुन्छ र कर्मबन्धनमा बाँधिएको हुन्छ। त्यसै भावमा विविध उपचारले ईश्वरको उपासना गर्दछ। त्यसपछि ऊ वीरभावमा आरूढ हुन्छ। आफूलाई ईश्वरै मानेर आत्मतत्त्वकै उपासना गर्दछ। आफ्ना मानसिक सम्पूर्ण क्रियाकलाप, प्रवृत्ति–निवृत्ति सबै ईश्वरकै उपासना मान्न थाल्दछ। त्यहाँबाट पनि आरूढ भएर ऊ नित्यभावमा पुग्दछ। त्यहाँ ऊ देवतामय बन्दछ, देवता नै हुन्छ, त्यही उसको कैवल्य हुन्छ र मोक्ष हुन्छ। यही उपासनाको परम रहस्य हो।

श्रीविद्याको महिमा

त्रिपुरासुन्दरीको माहात्म्य अवर्णनीय छ। उनी त –

त्रिपुरानन्तशक्त्यैक्यरूपिणी सर्वसाक्षिणी।
सा चितिः सर्वतः पूर्णा परिच्छेदविवर्णनात्॥

अनन्तशक्तिहरूको समष्टिरूप त्रिशक्ति – इच्छा, ज्ञान र क्रियाशक्ति। यी तीन शक्तिहरूको समष्टि त्रिपुरा, समस्त चराचर जगत् प्रपञ्चकी साक्षी, जडमा अव्यक्त र चेतनमा व्यक्तरूपले रहेकी चितिशक्ति, कतै अपूर्णता छैन, कतै परिच्छेद छैन, पूर्ण, परिपूर्ण परब्रह्म परमात्मा, यस्ती त्रिपुरा। यिनै भित्र रहेको विराट् ब्रह्माण्ड, चराचर जगत् यिनैको स्वेच्छाले बाहिर स्फुरित हन्छ र अन्तमा यिनैमा विलीन पनि हुन्छ।

सृष्टि, स्थिति, लय, तिरोभाव, अनुग्रह यी पाँच कृत्यका प्रवर्तक, द्वैत, द्वैताद्वैत र अद्वैत परमाद्वैत तत्त्व, यिनै त्रिपुरा हुन्। यिनको महात्म्य, महिमा वर्णन गर्नु सम्भवै छैन।

Raj Kishore

चरमे जन्मनि यथा श्रीविद्योपासको भवेत्।

अथवा

यस्य नो पश्चिमं जन्म यदि वा शङ्करः स्वयम्।

तेनैव लभ्यते विद्या श्रीमत्पञ्चदशाक्षरी॥

अनेकौं जन्मसम्म असल कर्म, उपासना गरेर मात्र अन्तमा पछिल्लो जन्ममा श्रीविद्याको उपासक हुने सौभाग्य पाइन्छ। स्वयं शंकरले अर्थात् शाम्भव पदमा पुगिसकेका साधकले त्रिपुरासुन्दरीको पञ्चदशाक्षरी विद्या प्राप्त गर्न पाउँछ। त्यसभन्दा पनि माथि उक्लिसकेपछि अझ षोडशी प्राप्त गर्ने सौभाग्य पाउँछ।

कोटीकोटि मुख, कोटीकोटि जिह्वाले पनि श्रीविद्याको वर्णन गर्न सक्दैन। श्रीविद्या–षोडशी विद्या ब्रह्मस्वरूप हो। यी सुन्दरीको सेवाबाट भोग र मोक्ष दुबै प्राप्त हुन सक्छन्। श्रीविद्याको एक पल्ट उच्चारणमात्र गर्नाले पनि अनन्त अश्वमेध र वाजपेय यज्ञको फल पाइन्छ। अनेकौं तीर्थयात्राको पुण्य प्राप्त हुन्छ।

तर यो विद्या अत्यन्त गोप्य छ। प्रकाशित गर्नु हुँदैन। राज्य दिनु, बरु आफ्नो शिर नै दिनु पर्दछ भने पछि नहट्नु षोडशाक्षरी विद्या नदिनु। यसको अर्थ कसैलाई नदिनु भन्ने होइन। पात्रलाई दिनु। पात्रको विचार प्रथमतः आवश्यक छ। दीक्षित साधकमात्र यसको पात्र हुन सक्दछ, अधिकारी हुन सक्दछ। गुरुकृपाले मात्र यो मन्त्र पाइन्छ र गुरुको कृपा भगवती त्रिपुरासुन्दरीकै कृपाले मात्र सम्भव छ। अतः अन्तमा –

मम न भजनशक्तिः पादयोस्ते न भक्तिः
न च विषयविरक्तिर्ध्यानयोगे न शक्तिः।
इति मनसि सदाऽहं चिन्तयन्नाद्यशक्तेः
रुचिरवचनपुष्पैरर्चनं सञ्चिनोमि॥

ॐ तत्सत्।

कुमारी तत्त्व दर्शन

✍ यज्ञमानपति वज्राचार्य

कुमारी विषयको दर्शनका सम्बन्धमा सायद विश्वमा नै नेपालको एकलौटीपन देखिन्छ। नेपाल बाहेक अन्य मुलुकमा सामान्यतया प्रचलनमा भएपनि प्राय लोप भइसकेको अथवा लोपोन्मुखको अवस्था छ। भएपनि कुमारी पूजा नभई कन्या पूजाको रुपमा भने देख्न सकिन्छ। यहाँ नेपाल भन्नाले प्राचीन नेपाल भन्नु अझ सुहाउँदो हुन्छ। प्राचीन नेपाल भन्दा नेपाल मण्डल भन्दा अझ सत्यताको नजिक पुगिन्छ होला। नेपाल मण्डल भन्दा बाहिरका वर्तमान नेपालमा पनि कुमारी दर्शन देखिँदैनथ्यो। पृथ्वीनारायण शाह पछि मात्र कुमारीको अवधारणा प्राचीन नेपाल देखि अन्यत्र विस्तारित भएको हुनु पर्छ। त्यसभन्दा पहिले जयप्रकाश मल्लले कुमारी घर निर्माण गरी प्रतिष्ठा गरेका थिए। त्यस अवसरमा बौद्धमत मात्रको नभई शैवमतका देवताहरू जस्तै पशुपति लगायत अन्य देवदेवीहरूलाई समेत सो प्रतिष्ठा कार्यमा संलग्न गराएको घटनाले हिन्दू धर्म र बौद्ध धर्ममा साझा र एकत्वको भावनाको विकास हुने वातावरण बन्यो।

कुमारी अवधारणाको व्युत्पन्न

कुमारीको दर्शनको शाश्वत प्रयोजन भनेको काय् वाक् र चित्तको पूर्ण समन्वयात्मक सम्बन्ध हुनु पर्दछ भन्ने हो। यो काय् वाक् चित्तको एकाग्रता जीवनमा महत्त्वको विषय भनी सबै भन्दा पहिले तेश्रो शताब्दी ताकाको गुह्यसमाजतन्त्रमा उल्लेख भएको थियो। यो तन्त्र ग्रन्थ तन्त्रशास्त्रमा सबै भन्दा पहिलो ग्रन्थ मानिन्छ। काय् वाक् र चित्त यी तीन तत्त्वको समन्वयात्मकबाट त्रिकोणाकार रेखा निर्माण हुन्छ। यो त्रिकोण मोक्ष प्राप्त गर्ने एक मात्र विकल्प रहित अवस्था हो। यस अवस्थामा कुमारी हुने बालिकामा राग द्वेष मोह ईर्ष्या आदि रहित हुन्छ। यसै अवधारणबाट नै पछि कुमारीको नाम पाएको आभाष हुन्छ।

कुमारीको निधारमा रहने गरेको त्रिकोणाकार टीका रहनुको मुख्य लक्षण नै यही हो। अर्को कुरा कुमारीको आधिकारिक र विधिवत् बस्ने आसनको स्थिति पनि यही त्रिकोणाकारकै प्रतीक हो। अरु देवीहरुको जस्तो ललितासन, पर्यंकासन, अर्धपर्यंकासन हुँदैन। दायाँ वायाँ दुबै खुट्टाको पाइतला एक अर्को जोडिएको अवस्थामा बसेको आसन हुन्छ। यो आसन केवल कुमारीको मात्र विशेष रुपमा देखिन्छ।

कुमारी शब्दको प्रारम्भ

तन्त्र क्षेत्रमा कुमारी शब्द सबैभन्दा पहिले हेवज्रतन्त्रमा देखा परेको हो। हेवज्रतन्त्र ल्वाभापा र पद्मवज्रले छुट्टा छुट्टै ई.सं. ६९३ तिर प्रकाशमा ल्याएको भनिएको छ। यस तन्त्रमा राग द्वेष मोह रहित अवस्थाको स्थितिलाई आध्यात्मिक रुपमा एक भावात्मक कन्याको परिकल्पना गरिएको छ। त्यो कन्याको नाम हेवज्रतन्त्रमा कुमारी शब्द राखिएको छ। कुमारीसँगको संगतमा मानिसले परम आनन्द प्राप्त गर्छ भन्ने उल्लेख गरेको छ।

हेवज्रतन्त्रको द्वितीय कल्पको हेवज्र अभ्युदय नामको पञ्चम पटलमा यसरी उल्लेख छ :

पश्चादुत्पद्यते ज्ञानं कुमारी सुरतं यथा।

Raj Kishore

किमप्युत्पद्यते तत्र मूर्खस्य स्वप्नं यथा।
परमान्तं विरमाध्यं शून्याशून्यं तु हेरुकम्॥ (हे.व.त.२.५.७०)

अमरकोष

भौतिक रुपमा कुमारीको अर्थ कन्या नै हो। रजस्वला नभएकी कन्या हो। अमरकोष चौथो शताब्दी ताकाको कृति मानिन्छ। राजा विक्रमादित्यको नवरत्न पण्डित मध्येका अमरसिंह नाम गरेका पण्डितले रचना गरेको शब्द संग्रह हो। त्यसैले ग्रन्थको नाम पनि अमरकोष रहन गएको हो।

अमरकोषको मनुष्यवर्गमा कुमारी विषय यसरी उल्लेख छ।

कन्या कुमारी गौरी तु नग्निकाद्रनागतार्तवा॥

रजस्वला हुनु भन्दा अगाडिका बालिका सामान्यतया भोलीभाली हुन्छिन्। कुनै प्रकारका कपट उनमा हुँदैन। उनमा राग पलाएको हुँदैन। न द्वेष हुन्छ न त मोहको मतलब नै थाहा हुन्छ। राग द्वेष मोह रहित अवस्था अति राम्रो हुन्छ। त्यसकारण साहित्य क्षेत्रमा कुमारीलाई सुन्दरी पनि भनि सम्बोधन हुने गरेको पाइन्छ।

सुन्दरी अर्थात् कुनै किसिमको कृत्रिमपनाले न ढाकेको प्राकृतिक सौन्दर्यता भन्ने अर्थ यहाँ प्रयुक्त हुन्छ। यसैले निर्वस्त्र, निरंसुह, दिगम्बरा, नग्ना आदि प्रचुर शब्दहरुले कुमारीलाई सिंगारिएको पाइन्छ। अमरकोषले पनि नग्निका र अनागत जस्ता शब्द विशेषले कुमारीलाई विभूषित गरेको छ।

पवित्र ग्रन्थहरु क्रियासंग्रह र क्रियासम्मुचयमा कुमारीको पूजा विधिविधान व्यवस्था

क्रिया संग्रहका कर्ता ११ शताब्दीका कुलदत्त आचार्य हुन्। उहाँको यस संग्रहमा कुमारीको पूजा गर्ने तौरतरिकाहरूको बारेमा वर्णन गरिएको छ, मन्त्रविधिहरु पनि उल्लेख गरिएको छ। साथै पूजाका सामाग्री एवं पूजा गर्नेले पालना गर्नु पर्ने विषय पनि उल्लेख गरिएको छ।

यस संग्रहमा एउटै जीवनमा ७/८ पटक बुढा हुने अनुभव बटुलेको प्रसंग आउँछ। प्रत्येक पटक बुढो समया नयाँ दाँत आउने, टाउकोमा नयाँ कपालमा आउने जस्ता कुराहरु उल्लेख भएको पुस्तकमा पढ्न पाइन्छ। यो कुरा बौद्ध वज्रयान विधिका प्रख्यात हस्ति जगद्दर्पन आचार्यको विषय हो। उहाँको उच्चस्तरीयको क्रियासम्मुचय नामको पुस्तकमा पनि कुमारीको पूजाविधि विधान उल्लेख गरिएको पाइन्छ।

कुमारीको आध्यात्मिक रुप

कुमारीको आध्यात्मिक रुप अग्नि नै हो। अग्नि हावाको प्रवाहले उत्पन्न भएको हुन्छ। यजुर्वेदमा अग्निको अक्षर 'ऋ' हो। बौद्धशास्त्रमा अग्निको प्रतीक 'र' कार हो। यो अग्नि यस्तो हो जुन हर समय बलिरहेकै हुन्छ। अखण्ड अग्नि हो। यसलाई वज्रानल पनि भन्दछन्। वज्र भनेको कहिल्यै ननासिने हो। अनल भनेको आगो हो। मानिसको शरीरमा यसको स्थान पेट हो। नाभिमण्डल पनि भन्ने गरिन्छ।

कुमारीको 'री' अक्षरले अग्नि संकेत

यहाँ कुमारी शब्दमा रहेको 'री' अक्षरको मूल श्रोत 'र' अक्षर हो। 'र' अक्षरले अग्नि अर्थात् आगोलाई संकेत गर्दछ। यही पेटको कारणले बाध्यता अथवा आफू खुसी इच्छा निर्माण हुन्छ। निर्माण हुने प्रकृया कहिल्यै टुँगिदैन। मानिसको यस प्रकारको इच्छा निरन्तर निर्माणको कारणले नै अभौतिक तथा भौतिक वस्तुहरु निर्माण भईनै रहन्छन्, भैरहेको पनि छ। यस २१ औँ शताब्दीको विकास र भौतिक सुविधायुक्त अवस्थाको मूल कारण

पनि मानिशहरुको पेट नै हो। त्यसैले बौद्ध शास्त्रमा यो स्थानलाई निर्माण चक्रको नामाकरण गरिएको छ।

कुमारीको 'मा' अक्षरले वायुको संकेत

यो वज्रानल उत्पन्न हुनुको मुख्य कारण वायु हो। त्यो पनि प्राण वायु। वायुलाई मारुत् पनि भन्ने गरिन्छ। मारुत्कै प्रेरणाबाट ऋ (री) उत्पन्न भएको हो। अन्यथा यो सम्भव नै हुँदैन। अक्षर 'मा' र 'री' को बीचमा घनिष्ट सम्बन्ध छ। 'मा' आउँछ अर्थात् हावा आउँछ अनि 'र' अर्थात् 'री' आउँछ, यसो भन्नुको अर्थात् अग्नि उत्पन्न हुन्छ भन्नु हो।

कुमारीको 'कु' अक्षरले कुम्भघट संकेत

निर्माणचक्र रहेको स्थान त कुम्भ (घट) हो। कुवा जस्तै रहस्यमयी हो। घटको अर्को नाम कुम्भ हो। 'मा' र 'री' को संघर्ष हुने अथवा घर्षण हुने स्थान यही कुम्भघट नै हो। कुम्भघटको संक्षेपमा 'कु' मात्र लेखिएको छ। कुम्भघटको पछिल्लो शब्द 'घट'कै आधारमा काठमाडौँ स्थित विभिन्न टोलको नामाकरण गरिएको देखिन्छ। जस्तै श्रीघट छोटकरीमा श्रीघः, किलाघः, न्हूघः आदि।

यस प्रकार **कुमारी** शब्दको दार्शनिक अर्थ आउँछ। यी तीन तत्त्वको समन्वय हुनु अत्यन्त आवश्यक छ। अन्यथा गडबढी हुन्छ। आनन्दको अनुभव गर्ने हो भने कुमारीको आराधना गर्नु नै पर्दछ। कुमारी अमृत हो। अमृत पेटमा रहेको अवस्था राम्रो रहेसम्म मानिस अमर हुन्छ। यसमा कुनै शंका छैन।

वसन्ततिलक भन्ने ग्रन्थमा लेखिएको श्लोक यहाँ उदघृत गर्न उपयुक्त देखिएको छ। यथा–

नाभिचक्रकुहराम्बुराशितोवज्रवारिजसमाजसंभवाम्।
सौधसार रसपान लम्पटां त्वां नमामि वडवानलत्विषम्॥

(वसन्ततिलका प्रथम निर्देश ॥२॥ को व्याख्याक्रम)

कर्ममारुतनिर्धूता ज्वलन्ती नाभिमण्डले।
वाराहीति सुविख्याता वसन्ततिलका स्मृता॥

बौद्धशास्त्रको रहस्य पूजा विधिमा उल्लेख भएको यो श्लोक हो। **कर्म मारुतु अनिर्धुता** अर्थात् मारुत् हावाले चलाएको कारणबाट अनिल आगो बल्ने कर्म हुन्छ। यही हो प्रकृतिको नियम। यही हो कुमारी।

तुलजा भवानी

नेपालमा रहेको तुलजा भवानी लंकाधिपति रावणको पेटबाट ल्याएको भनी किंवदन्तीहरूमा पढ्न पाइन्छ। भगवान् रामचन्द्रको अनेकन प्रहारबाट रावणलाई मृत्युवरण गराउन नसकेको मुख्य कारण नै रावणको पेटमा अमृत घडा रुपी तुलजा भवानी विद्यमान हुनु हो। विभीषणको मन्त्रणा पछि भगवान् रामचन्द्रको वाणले रावणको पेटमा रहेको तुलजा भवानीलाई बाहिर निकाले। अनि मात्र रावणको वध हुन सकेको थियो।

पछि लंकाविजय पछि तुलजा भवानी भगवान् रामचन्द्रसँगै अयोध्यामा स्थापित भइन्। त्यस पछि क्रमश परम्परामा अगाडी बढ्दै अयोध्याबाट नै नान्यदेवले सिम्रौनगढमा ल्याएको, सिम्रौनगढबाट भक्तपुरमा र भक्तपुरबाट महीन्द्रमल्लको समयमा कान्तिपुर काठमाडौँमा ल्याएको कुरा इतिहासमा पनि पढ्न पाइन्छ।

तुलजा भवानीकै प्रतीकमा मल्लराजाहरुले प्रत्यक्षदेवी कुमारी स्थापना गरेका हुन्। तसर्थ तुलजा भवानी र कुमारीलाई एक अर्कोसँगको पर्यायको रुपमा नेपालमा हेर्ने गरिएको छ। तुलजा भवानीलाई अपभ्रंश गरी तलेजु भवानी पनि भन्ने गरिन्छ।

तुलजा र तुला

तुलजा भन्ने शब्द तुला भन्ने शब्दकै पर्यायवाची हो। तुलाको अर्थ तराजु हो। तराजुको दुइ विपरित पाता हुन्छ। ती दुई विपरित पाताको स्थिति बराबर राख्ने यन्त्रलाई नै तराजु भन्दछ। अर्को शब्दमा भन्ने हो भने ती दुई विपरीत अवस्थाको पक्षपातरहित स्थितिमा रहनु नै तराजुको धर्म हो। यसलाई मध्यम मार्ग पनि भनिन्छ।

बौद्ध धर्ममा मध्यम मार्ग

बौद्धधर्मको अनेकन विशेषता मध्ये मध्यम मार्ग एक प्रमुख विशेषता हो। मानिशहरुको बीचमा भेदभाव रहित व्यवहार गर्नु बुद्ध धर्मको मूल मर्म हो। सबै प्राणीहरुलाई दुःखको भुमरीबाट तार्नु बुद्धधर्मको उद्देश्य हो।

गुह्येश्वरी

प्राणवायु, वज्रानल र कुम्भघडाको सम्बन्ध शाश्वत सत्य हो। यो रहस्यमयी तथ्य नै वास्तविकता हो। यस्तो प्रथा कहिले देखि सुरु भएको हो र कहिले अन्त हुन्छ भन्न सकिदैंन। किनकी यसको आदि पनि छैन अन्त पनि छैन। यसको उच्चाई र गहिराई पनि आङ्कलन गर्न सकिदैंन। यो रहस्य कै कुरा हो।

यसमा के मात्र छैन। सबै कुरा र वस्तु यहीबाट सृजना पनि हुन्छ, यसैमा बिलाएर पनि जाने हुन्छ। उद्गम र भंग दुबैको स्थल पनि यही नै हो। कामधेनु गाई नै हो। यो भन्दा अर्को ठूलो संसारमा छैन। तसर्थ यही परमतत्त्व हो।

वस्तु उत्पन्न हुने र यमथनी हुने कुराको ज्ञान आनन्दायी हुन्छ। उत्पन्न हुने र यमथनी हुने कुरा केवल परिवर्तन मात्रै हो। वास्तवमा कुनै पनि वस्तु उत्पन्न पनि हुँदैन र नष्ट पनि हुँदैन। अहिले जुन उत्पन्न र नष्टको कुराको गरीरहेका छौँ त्यो केवल नितान्त व्यक्तिगत भावना मात्र हो। मायाजाल मात्र हो, स्वपनोपम मात्र हो। समष्टि रुपमा हेर्ने हो भने त्यो उत्पन्न पनि होइन न त त्यो भंग नै हो।

उत्पन्न भएको तर्क गर्ने हो भन्ने उत्पन्न भएको कारणले नै नष्ट पनि भएको छ भन्ने देख्नु पर्दछ। नष्ट भएको तर्क गर्नेले नष्ट भएकै कारणले उत्पन्न पनि भएको छ भन्ने देख्नु पर्दछ। तर वास्तवमा यो शून्य मात्र हो। यो कुराको ज्ञान हुने एक दिन मात्र बाँचे पनि उसको जीवन सफा भएको सम्झनु पर्दछ। यो कुराको ज्ञान नभइ हजार वर्ष बाँचे पनि उसको जीवन निरर्थक नै हुन्छ।(धम्मपद) तसर्थ यो ज्ञान अति रमाउने रहस्यको विद्या हो।

त्यसैले रहस्यम् परम् र रम्यम्को संयुक्तताको नाम गुह्येश्वरी हो। कुमारी गुह्येश्वरी हो। त्यसैले गुह्येश्वरीको प्रतीक कुम्भघट मात्र हुन्छ। तुलजा भवानीको मन्दिरमा पनि तोरणहरुमा गुह्येश्वरीकै प्रतीक कुम्भघट (कलशः) राखेको पाइन्छ।

सप्तरत्न युक्त भएमा स्वतः कलशः हुन्छ। सप्तरत्नमा गजरत्न, अश्वरत्न, पुरुषरत्न, स्त्रीरत्न, चक्ररत्न, खड्गरत्न र मणिरत्न पर्दछन्।

बुद्ध धर्म र संघ

बुद्ध भनेको सर्वश्रेष्ठ ज्ञान हो भन्ने परिभाषित भएको छ। धर्म त ज्ञानको व्यवहारिक रुप हो। अर्थात् कर्म हो, कार्य हो, ज्ञानको कार्यान्वयन हो। कर्म अनुसारको फल अवश्य प्राप्त हुन्छ। यो फल नै संघ हो। प्राप्त भएको फल अर्को ज्ञानको कारण बन्न पुग्छ। संघबाट पुनः बुद्ध धर्म र संघ उत्पन्न भइरहन्छ। आजको २१ औं शताब्दीको विकासको क्रममा आइपुगेको रित पनि यही हो।

Raj Kishore

बुद्ध धर्म र संघको समन्वय हुनु पर्दछ। यहाँ पनि त्रिकोणाकार हुन्छ। यो क्रम पनि कुमारी नै हो। बुद्धले धर्म उत्पन्न गर्छ। धर्मबाट नै संघको निर्माण हुन्छ।

देगुरी एक प्राविधिक शब्द

देगुरी वज्रयान क्षेत्रमा प्राविधिक भाषाको रुपमा बोलिने शब्द हो। विशेष गरी वज्रवाराहीको साधन गर्ने समाधि विधिलाई देगुरी भन्ने गर्छ। हनुमान ढोका परिसरमा तुलजा भवानीको अलावा देगु तुलजा भवानी अलग्गै राखेको छ। यहाँ नित्य पूजा गर्दा नै हनुमान ढोकाको परिसरमा राखेको ठूलोघण्टा विधिपूर्वक बजाइने गर्छ। यस देगुरी तुलजा भवानी पनि कुमारीको अर्को नाम हो। यसै सन्दर्भमा कुमारी र वज्रवाराही पनि बौद्ध क्षेत्रमा एक अर्काको पर्याय हो।

प्रज्ञापारमिता र कुमारी

महासांघिक सम्प्रदायमा प्रज्ञापारमिता एउटा ठूलो पवित्र ग्रन्थ हो। इशाको पहिलो शताब्दीमा नागार्जुनले सबै भन्दा पहिले रचना गरेको ग्रन्थ हो। १ लाख २५ हजार श्लोक भएको ठूलो आकार देखि सानोमा २१ वटामात्र श्लोक भएको पनि प्रज्ञापारमिता ग्रन्थ छ। नेपालमा यसको संस्कृति र परम्परा अद्यापि कायम छ। काठमाडौँको थँबहिल स्थित भगवान् बहालमा सुनको मसीले लेखेको प्रज्ञापारमिता ग्रन्थ वर्षको एक पटक वज्राचार्य गुरुजुहरुबाट पाठ गराउने परम्परा छ। यो पुस्तकको दर्शनको लागि वसन्तपुर स्थित कुमारीलाई विशेष सजावट गराई ल्याउने परम्परा छ। कुमारीलाई प्रज्ञापारमिताकै प्रतीकको रूपमा पूजा गर्ने परम्परा कायम छ।

कुमारी र वसुन्धरा

अष्टमातृकाको सिद्धान्त अनुसार कुमारीको स्थान पूर्व र दक्षिणकोणको बीचको दिशा आग्नेय कोण हो। स्वयम्भू महाचैत्यको आग्नेय कोणमा वसुन्धराको स्थापना गरिएको छ। वसुन्धराको तीनवटा अनुहार हुन्छन्। बीचको अनुहार पहेँलो, दायाँ सेतो र वाँया रातो हो। सेतो महालक्ष्मी बीचको वसुन्धरा आफैँ र वाँया रातो कुमारी हो। कुमारी भएकै कारणले आग्नेय दिशामा स्थापना गरिएको शास्त्रीय आधार हो।

वसुन्धरा अथवा वसुधरा यिनको नाम हो। वसु र धरा दुइटा शब्दको अर्थ आफ्नै छ। धराको अर्थ धारण हो। वज्रधर वज्र लिइराख्ने हो। चक्रधर भन्नाले चक्र लिइराख्ने भगवान् विष्णु हो। वसु लिइराख्ने भएकोले वसुधरा भनेको हो। वसुको अर्थ सामान्यतया पृथ्वी हो। विशेष अर्थमा 'यरलव'को सिद्धान्त बमोजिम 'व'को अर्थ पानी हो। तरलता हो। तरल पदार्थ राखिएको भाञ्जन अर्थात् भाँडो हो। सांस्कृतिक नाम चाहिँ कलशः हो। वसुको अर्थ कलशः हो। कलशः लिई राख्ने हुनाले वसुधरा भनेको हो।

'वसुदधाति इति वसुधा, वसु धारयतिती वसुन्धरा'

कलशः कुमारी हो। बन्द भएको भाँडा भित्र रहेको तरल पदार्थमा हावा र आगोको क्रिया र प्रतिक्रियाको प्रभावबाट उत्पन्न हुने तरंग जे हो त्यो नै कुमारीको लक्षण हो। तसर्थ यहाँ कुमारी सहितको अवस्था नै वसुन्धरा हो।

वसुन्धरा पूजाको पर्व भाद्र कृष्णपक्ष तृतीयाको दिन पर्दछ। स्थानीय भाषामा गातिला पनि भनिन्छ। यस समयमा यँया भनी कुमारीको जात्रा पनि हुन्छ। वसुन्धराको पूजाविधिमा कुमारीको पूजा गर्नु पर्ने अनिवार्यता रहेको तथ्य पनि यहाँ स्मरणीय छ।

Raj Kishore

कुमारीको विषय एक स्तोत्रमा कुमारीको यस प्रकार वर्णन गरिएको पाइन्छ –

कौमारी रक्तवर्णाभा शक्तिहस्ता भयानका ।
त्रिनेत्रा यौवनांगी च नमामि शिखिवाहिनी ॥

(निजी संग्रह क्रम नं ११४)

शान्ति स्वस्ति र कुमारी

अप्रिय घटनाको कारणले विघ्न बाधा भई शान्ति स्वस्ति गर्नु परेमा कुमारीको पूजा गर्नु पर्ने संस्कृति छ। स्वयम्भू महाचैत्य क्षेत्रमा कहिले चट्यांगले, कहिले बहुला मानिसको उपद्रव, कहिले आँधी बेरीले नोक्सान तथा क्षति पुऱ्याएको इतिहास छ। यस्तो अवस्थामा शान्ति स्वस्तिको विधि पुऱ्याउँदा कुमारीको समेत विधिवत् पूजा गर्ने गरेको लगत छ। देशमा नै उपद्रव भइ शान्तिको पूजा गर्दा समेत कुमारीको पूजा भएको थियो।

१. नेपाल संवत् ६०९ आषाढ शुदी अष्टमीका दिन आँधीले स्वयम्भूको गजुरमा बेरिराखेको पुलु (चटाई) उडाई नष्ट भएको विघ्न बाधाको शान्ति पूजा गरेको थियो। यसै सन्दर्भमा शान्तिपुरमा कुमारी ल्याई पूजा भएको थियो।
२. नेपाल संवत् ७९९ मा देश भरि नै शान्ति स्वस्ति गर्नु पर्ने गरी विघ्न परेको थियो। यस बेला भद्रकाली, पचली, कागेश्वरी, लुति अजिमा आदि पीठहरुमा पूजा भएको थियो। देश भित्र आउने चौबाटेहरुमा किरणको विधि समेत गरेको थियो। बलिआदि बाहिर पठाइ सकेपछि सद्य कुमारीलाई (प्रत्यक्ष बोल्ने कुमारी) सवारी गराई पूजा भएको थियो।
३. नेपाल संवत् ८०१ श्री साँखु वज्रयोगिनीको जिर्णोद्धारको अहोरात्र पूजा गर्दा सद्य कुमारीको सवारी चलाएको थियो।
४. नेपाल संवत् ८०२ यंलागा दशमीको दिन स्वयम्भू चैत्यको ध्यानी बुद्धहरुको तोरण द्वार(पिखाद्यः) फेरेको थियो। पुरानो शान्तिपुर पिखाद्यः भित्र राखियो। नयाँ पिखाद्यः पूजा गरी स्थापना गरियो। यस उपलक्ष्यमा पनि सद्य कुमारीको सवारी चलाएको थियो।
५. नेपाल संवत् ८९७ मा नित्यपूजाको निमित्त जग्गाको समेत व्यवस्था गरिएको थियो।
६. वि.सं.२०७० मा साँखु वज्रयोगिनीको जीर्णोद्धार गर्ने क्रममा यसै पंक्तिका लेखकको नेतृत्वमा अहोरात्र विधि भएको थियो। अहोरात्र विधिको परम्परा अनुसार सद्यकुमारी (प्रत्यक्ष कुमारी) आह्वान गरी पूजा सम्पन्न भएको थियो।

उपसंहार

कुमारी सर्वसम्पन्न, सर्वव्यापी देवी हुनुहुन्छ। त्यसैले रुप पनि अनेकानेक हुनु स्वभाविक हो। कुमारीको विषय अनेक प्रकारको प्राचीन कथाहरू पनि पढ्न र सुन्न पाइन्छ। परम्परागत रुपमा विभिन्न इलाका देवी नृत्यहरुमा पनि कुमारीको विशेष स्थान रहेको पाइन्छ। नेपालमा जीवित कुमारीको प्रथा प्रचलनले कुमारीको संस्कृतिप्रति स्वदेश र विदेशमा पनि आकर्षणको विषय बनेको छ,जसको संरक्षण गर्नु हाम्रो परम कर्तव्य हो।

मन्त्र-तन्त्र-यन्त्र : विवेचना र प्रयोग

✍ डा. जगमान गुरुङ

मनत्राण इति मन्त्रः अर्थात् मनलाई रक्षा गर्ने मानसिक शक्ति मन्त्र हो भनेर मन्त्र शब्दको व्युत्पत्ति र व्याख्या गरिएको छ। यसैगरी तनत्राण इति तन्त्रः अर्थात् शरीरलाई रक्षा गर्ने शारीरिक शक्ति तन्त्र हो भनेर तन्त्र शब्दको व्युत्पत्ति र व्याख्या गरिएको छ। अर्को अर्थमा मन्त्र मानसिक शक्ति हो। मानसिक शक्तिले साकार रूप धारण गरेपछि उक्त मानसिक शक्ति तन्त्र बन्दछ। जब उक्त शक्ति क्रियाशील हुन्छ, तब त्यो यन्त्र कहलाउँदछ। अतः मन्त्र, तन्त्र र यन्त्रको बीचमा अन्योन्याश्रित सम्बन्ध रहेको छ। मेरो पुर्ख्यौली परम्परामा चलिआएको र बौद्धतन्त्रमा उल्लेखित केही मन्त्रहरू र त्यसको प्रयोग विधिलाई लोकहितका लागि यहाँ प्रस्तुत गरेको छु। यसबाट सबैको कल्याण होओस्।

ङ्हैरु जन्त्र

ॐ हूँ त्राँ ह्रि आ लँ वँ रँ यँ हँ ॐ आ हूँ ॐ वज्रगुरु पद्मसिद्धिहूँ फट्। ॐ वज्रसमयाज सिद्धिफलहूँ फट्। ॐ श्रीमहाकाल हूँ हूँ फट् फट् स्वाहा। ॐ भूतडामर भूताधिपति अक्ष्योभ्यकिरीटिन् सर्व यक्ष राक्सस भूतप्रेत पिशाचान् साधय हूँ फट्। ॐ ह्रिष्ट्रि विकृतानन हूँ हूँ फट् फट् शान्तिं कुरु नमः स्वाहा। ॐ वज्र रक्ष रक्ष हूँ फट्। ॐ आ हूँ॥

प्रयोग विधि

१. पार्गबाट विचार गर्दा घ्रधिँ (शत्रु घर) मा बस्दा, म्रा (दैलो) मा निस्कँदा, त्हुर्ज (चिहान) मा बस्दा, लादप्रेब-सङप्रेब (परिवारका व्यक्तिहरूको ल्हो (वर्ग) को दृष्टि जुधेको), फुँसोँटब (पार्गमा एउटै परिवारका व्यक्तिहरूमध्ये तीनजना एउटै घरमा बसेको) आदि अरिष्टहरू शान्तिका लागि लछे (शुक्लपक्ष) मा आफ्नो ङ्हिम्ह (तिथि), आउँदाको दिनको साँझ ङ्हैरु जन्त्र लगाउनू।
२. यो मन्त्रलाई कालो मसिले लेखेर कालो कपडा वा फलामको ठिङ्गुरे भित्र हाल्नू।
३. पुरुषको लागि ९/९ सराको ३ पयो गरी ९ × ३ = २७ सरा र महिलाको लागि ७/७ सराको ३ पयो गरी ७ × ३ = २१ सरा कालो धागोको डोरोमा ठिङ्गुरेलाई उन्नू।
४. त्यसपछि सर्स्यूँ र कालो तिलको धूप हालेर पाँच पटकसम्म उपरोक्त मन्त्र जपी जन्त्रलाई जगाएर पूर्व मोहोडा गरी लगाइदिनू।
५. यसका साथै पुरुषको लागि ९/९ सराको ३ पयो गरी ९ × ३ = २७ सरा ८ गाँठो र महिलाको लागि ७/७ सराको ३ पयो गरी ७ × ३ = २१ सरा ६ गाँठोको पहेँलो धागोको डोरो पनि लगाइदिनू। पुरुषले आफूभन्दा उमेरले ठूलो र साईनोले पनि ठूलो ९ जना पुरुष वा महिलाको हातबाट डोरो लगाउनू। महिलाले आफूभन्दा उमेरले ठूलो र साईनोले पनि ठूलो ७ जना महिला वा पुरुषको हातबाट डोरो लगाउनू। पुरोहित भने उमेरभन्दा सानो र साईनो भन्दा सानो भए पनि हुन्छ।

सर्वारिष्ट शान्तिमन्त्र

ॐ माइनि माइनि मौं तपस्या गुरुकि वाचा। स्याईडिमु स्याईथल्स्यो। न्हुईडिमु न्हुईथल्स्यो। लौंईडिमु लौंईथल्स्यो। च्ह्यौंईडिमु च्ह्यौंईथल्स्यो॥ क्याँबो ट्हिबो चैंगि थाब थल्स्यो। ॐ मच मच या हूँ। मच मच या हूँ। ॐ किलिङ् जिरिङ गिरिङ सिरिङ ॐ फट् स्वाहा।

प्रयोग विधि

१. नयाँ दुलहीलाई माइती घरबाट निकाल्दा र कुनै व्यक्ति देश परदेश जाँदा यो मन्त्रको प्रयोग उपयुक्त हुन्छ।

२. कालो मासको दाल, चामल, सर्स्यूँ, बेसार र खरानीलाई कपडाको टालोमा पोको पारेर बूटी बनाउनू र उपरोक्त मन्त्र पाँच पटकसम्म जपेर पूर्वतिर फर्काएर लगाइदिनू।

३. यो मन्त्रलाई रातो मसिले लेखेर रातो कपडामा पोको पारेर वा तामा वा चाँदीको ठिङ्गुरेभित्र हाली धूप बालेर पाँच पटकसम्म उपरोक्त मन्त्र जपी जन्त्रलाई जगाएर पूर्व मोहोडा गरी लगाइदिए अझ शुभ हुन्छ।

४. यो मन्त्रलाई रातो मसिले लेखेर रातो कपडामा पोको पारी घरको मूलढोकाको माथिपट्टिको चौकोसको ठीक बीचमा भित्रपट्टि फलामको दुईमुखे करुवा र बाहिर पट्टि तीनमुखे करुवा ठोकेर राख्यो भने घरको बार हुन्छ। फलामको करुवा ठोक्दा दुईमुखेलाई तेर्सो पारेर ठोक्नू। त्यसमाथि चोसोलाई तलतिर पारेर तीनमुखे करुवा ठोक्नू।

५. यसरी फलामको करुवा ठोकेपछि धूप बालेर फेरि पनि पाँच पटकसम्म उपरोक्त मन्त्र जपेर जन्त्रलाई धूपाउनू।

सर्वरोग निवारणमन्त्र

ॐ डम्न्यो यम्न्यो डमश्रीज्यो लौश्रीज्यो क्युवश्रीज्यो गौश्रीज्यो ब्रमश्रीज्यो उल्क्योनि कुल्क्योनि नोता पैखातानि नोता पैचितानि सिठि पुमि ऋने फोने कुइने सोर्मो छैंरि दुप्चे दुप्चे डेला मर्ग्या फट्।

प्रयोग विधि

१. एउटा कचौरामा चोखोपानी राखेर त्यस पानीलाई उपरोक्त मन्त्रले पाँच पटकसम्म फुकेर पूर्वमोहोडा गरी बिरामीलाई खान दिनू र पानी राखेको भाँडोलाई घोप्टाइदिनू।

२. यो मन्त्रलाई रातो मसिले लेखेर रातो कपडामा पोको पारेर वा तामा वा चाँदीको ठिङ्गुरेभित्र हाली धूप बालेर पाँच पटकसम्म उपरोक्त मन्त्र जपी जन्त्रलाई जगाएर पूर्व मोहोडा गरी लगाइदिए अझ शुभ हुन्छ।

३. पुरुषको लागि ९/९ साराको ३ पयो गरी ९ × ३ = २७ सरा र महिलाको लागि ७/७ साराको ३ पयो गरी ७ × ३ = २१ सरा रातो, सेतो वा पहेँलो धागोको डोरोमा ठिङ्गुरेलाई उन्नू।

छारेरोगको दोहोलो गर्ने यन्त्र

२८	३७	८	७
३	६	१२	१७
१८	६	८	१
४	६	१०	७६

प्रयोग विधि

१. मसानघाटमा मान्छे पोलेको अँगार र लालीगुराँसको मसिले यो जन्त्र लेख्नू।
२. ॐ फलानाको छारे रोगको दोहोलो होस् भन्ने वाक्य जन्त्रमा लेख्नू।
३. त्यसपछि कपडामा पोको पारेर वा फलाम वा तामाको ठिङ्गुरे भित्र उक्त जन्त्रलाई हाल्नू।
४. पुरुषको लागि ९/९ सराको ३ पयो गरी ९ × ३ = २७ सरा र महिलाको लागि ७/७ सराको ३ पयो गरी ७ × ३ = २१ सरा रातो, सेतो वा पहेँलो धागोको डोरीमा ठिङ्गुरेलाई उन्नू।
५. त्यसपछि धूप बालेर धूपको धुवाँमाथि त्यस जन्त्रलाई घुमाउनू।
६. धूपमाथि जन्त्र घुमाउँदा पाँच पटकसम्म यो मन्त्र जप्नू।
ॐ यन्त्रराजाय विद्महे वर प्रदाय धीमहि तन्नो यन्त्र प्रचोदयात्॥
७. यति गरेपछि पूर्वतिर फर्काएर यन्त्र लगाइदिनू।

स-साना केटाकेटी र ठूलो मान्छेले समेत खाना नखाएमा त्यसको दोहोलो गर्ने मन्त्र

ॐ किच वँ वँ गच तितिये स्वाहा।
ॐ गच वँ वँ गचि तितिये स्वाहा।
ॐ थिँ धर्ति सदुमते जलरामपये स्वाहा।
ॐ दिवदिवे स्वाहा।

प्रयोग विधि

१. एउटा सानो कचौरामा दाल, भात आदि खानाहरू थोरै थोरै राख्नू। त्यसमा थोरै खरानी पनि राख्नू।
२. त्यसपछि फुक्ने मान्छेले खाना राखेको कचौरालाई आफ्नो वायाँ हातमा लिनू। दायाँ हातमा सानो चक्कु लिनू।
३. कचौरामा राखेको खानालाई चक्कुको टुप्पाले चलाउँदै ५ पटकसम्म उपरोक्त मन्त्र जप्नू।
४. ३ पटक मन्त्र जपिसकेपछि कचौराको अलिकति खानालाई चक्कुको टुप्पाले भूईंमा राखिदिनू।
५. त्यसपछि सम्बन्धित व्यक्तिलाई त्यस खाना माथि थुक्न लगाउनू। यदि सानो बालक छ भने आमाले थुक्नू।
६. त्यसपछि भूईंमा राखेको खानालाई लोग्नेमान्छे भए दाहिने खुट्टा र आइमाई भए वायाँ खुट्टाको बूढी औंलाले थिच्नू।
७. यसरी पाँच पटकसम्म फुकेपछि भुइँमा राखेको खानालाई खुट्टाको बूढी औंलाले थिच्नू।
८. त्यसपछि खाना खान दिनू।
९. खाना खाईसकेपछि कचौरालाई भूईंमा घोप्ट्याइदिनू।
१०. त्यसपछि लोग्ने मान्छे भए दाहिने खुट्टाको कुर्कुच्चा र आइमाई भए वायाँ खुट्टाको कुर्कुच्चाले कचौरा माथि कुल्चनू।
११. त्यसपछि बसेको ठाउँबाट उठ्नू र आफ्नो जिउमा लगाएका लुगाहरू झार झार गर्नू।
१२. त्यसपछि अर्कै मान्छेले भूईंमा कुचो लगाएर सफा गर्नू, कचौरा र चक्कु पनि माझेर सफा गर्नू।

विद्यासिद्धि (पढाईमा सफल हुने) मन्त्र

ॐ शुम्भ निशुम्भ हूँ फट्। ॐ गृह्ण गृह्ण हूँ फट्। ॐ गृह्णापय गृह्णापय हूँ फट्। आनय हो भगवन् विद्याराज हूँ फट् स्वाहा।

प्रयोग विधि

१. शुक्लपक्षको पञ्चमी, अष्टमी, दशमी वा पूर्णिमातिथिमा रातो मसिले यो मन्त्र लेख्नू र सिन्दूरले पूजा गर्नू।

२. त्यसपछि चाँदीको ठिङ्गुरे भित्र हाली चाँदीकै सिक्रि वा रातो, सेतो वा पहेँलो धागोको डोरोमा ठिङ्गुरेलाई उन्नू।

३. पुरुषको लागि ९/९ साराको ३ पयो गरी ९ × ३ = २७ सरा र महिलाको लागि ७/७ सराको ३ पयो गरी ७ × ३ = २१ सरा रातो, सेतो वा पहेँलो धागोको डोरोमा ठिङ्गुरेलाई उन्नू।

४. त्यसपछि सालधूप र गोकुलधूप बालेर त्यसमाथि जन्त्रलाई घुमाउनू।

५. पाँच पटकसम्म उपरोक्त मन्त्र जपेर जन्त्रलाई जगाउनू र पूर्वमोहोडा गरेर लगाइदिनू।

कुण्डलिनी योग र रातो मत्स्येन्द्रनाथको रथयात्रामा सामञ्जस्य

✍ प्रा.डा. सुन्दरकृष्ण जोशी

कुण्डलिनी एक हठयोग हो जसमा मानव शरीरको मस्तिष्कमा रहेको सहस्रार र मेरुदण्डका श्वास नलिहरू (इडा, पिँगला र सुषुम्ना) सित सम्बधित विभिन्न ठाउँमा रहेका ६ चक्रहरू मूलाधार, स्वाधिष्ठान, मणिपुर, अनाहत, विशुद्धि , आज्ञा र श्वासनली सित असम्बधित मानव शरीरको मस्तिष्कमा रहेको सहस्रार समेत गरी ७ चक्रको निरुपण गरिन्छ। ती अमूर्त चक्र तथा नाडीहरू कहाँ कसरी रहेका छन्, तिनीहरूको रुप-रंग कस्तो छ र ललितपुर नगरमा मनाइने रातो मत्स्येन्द्रनाथको लामो रथयात्रासित के कस्तो सामञ्जस्य छ भनी देखाउनु नै प्रस्तुत लेख लेख्नुको उद्देश्य हो।

विषयप्रस्थान

हामीले कहिल्यै नदेखेको, बयान गरेको पनि कहिल्यै नसुनेको वस्तु व्यक्ति, ठाउँ वा दृष्यलाई हामी सपनामा पनि देख्दैनौं, कल्पना पनि गर्दैनौँ। कुण्डलिनी योगमा बयान गरिएका अमूर्त चक्रहरूको रुपरंग के कस्तो छ, अधिष्ठाता देवताको को हुन् आदि देखाइएका छन्। ३२ हात अग्लो रथ, ३२ हात कै धंमा (Steering Shaft), एक चक्का घुमाउँदा ३२ हात क्षेत्रफल ओगट्ने चार ठुल्ठुला पांग्राहरू भएको श्रीरातो मच्छिन्द्रनाथ विराजित सो रथजात्राको रथ बनाउने ठाउँ पुल्चोकदेखि रथ भत्काउने ज्यावलाखेल सम्मका एक रात नरोकी नहुने जम्मा ७ ठाउँले ७ चक्रकै प्रतिनिधित्व गर्छन्। अब तल श्रीरातो मच्छिन्द्रनाथ र कुण्डलिनी चक्रसँगको तादात्म्यलाई प्रष्ट्याउने प्रयत्न गरिन्छ।

क. मूलाधार –

यो आधार चक्र हो। यो मेरुदण्डको तल्लो छेउ मानव शरीरको लिंग तल, मलद्वारमाथि जाँघ प्रदेशमा रहन्छ। यस चक्रको रंग रातो हुन्छ। यसमा वँ, शँ, षँ र सँ अंकित चारपत्र बीचमा बीज मन्त्र 'लँ' ले संगालेको त्रिकोणलाई भेदन गरेको शिवलिङ्गलाई अधोमुख गरी साढेतीन फन्को बेरी चित्रा नाडीमा मुख घुसाई सुषुप्त स्थितिमा रहेको कुण्डलिनी सर्प हुन्छ। योगीले योगशक्तिद्वारा त्यस कुण्डलिनीलाई जगाएपछि, सो कुण्डलिनी अरु चक्रहरूमा पनि चढेपछि प्रत्येक चक्रबाट हुने महानतम उपलब्धिहरू उल्लेख गरिएको छ। रथजात्राको सन्दर्भमा जहाँ रथ बनाइन्छ ललितपुरको पुल्चोक मूलाधारको प्रतीक हो। मूलाधारको अधिष्ठाता देवता गणेश हुन्। हुन त नेवार बस्तीमा जहाँ पनि स्थान-गणेश स्थापना गरिएकै हुन्छ तापनि पुल्चोकमा पूर्व मोहडा गरी हिंडदा दाहिनेपट्टि क्वय्ना गणेश (जलबिनायक)को भव्य मन्दिर छ। पञ्चतत्त्वको दृष्टिले यो पृथ्वीको प्रतीक हो। उपत्यकाभित्र धेरै जसो स्थान नाम संस्कृत, नेपाली र नेवारी गरी तीन भाषाका तीन बेग्लाबेग्लै नाम छन्।

संस्कृतमा शिलापुर (दानागिरी नेवारीमा पूच र नेपालीमा यसको नाम पुल्चोक हो । संस्कृतमा गिरीको अर्थ पहाड हो जस्तो चन्द्रागिरी । पुराना घरहरूमा गोप्य पूजाकोठा तथा दिगी (बौद्धमार्गी पूजाकोठा) भएको ठाउँमा तथा मन्दिरको टुप्पोमा सानो मन्दिर जस्तो जो बनाइन्छ त्यसलाई नेवारीमा पुल भनिन्छ। एकाक्षरी प्रवृत्तिले गर्दा पुलको अन्तिम अक्षर ल लोप भएपछि त्यसको शोधभर्ना स्वरुप अघिल्लो पु को दीर्घ रुप पू भई पूच हुन गएको हो । पुल्चोकको स्तुप पछाडि अक्षेश्वर महाविहार भएको ठाउँ अग्लो एक ढिस्को छ जहाँ सूर्योदय हुने वित्तिकै र सूर्यास्त हुने बेलासम्मपनि सूर्यको घामले उज्यालिएको हुन्छ। पुल्चोक आफैँ ललितपुरको अलि माथिल्लो स्थानमा रहेको दृष्टिले पनि नेपालीमा अनुवाद गर्दा फुल्चोकलाई फुल्चोकी भने जस्तो पुल्चोकको पुल्चोकी हुनुपर्ने हो कि जस्तो लाग्छ। किनभने चोक (चौ मुहानी जग्गा) भन्दा त्यस ठाउँ उच्चताकै अर्थमा बढी बुझिन्छ। पञ्चकोषको अर्थमा पुल्चोक पृथ्वीको प्रतीक हो। कोषको हिसाबले यो अन्नमय छ।

ख. स्वाधिष्ठान –

लिंग प्रदेशमा रहेको स्वाधिष्ठान चक्र सुन्तला रंगको हुन्छ। बीज मन्त्र वँ सहित बं देखि लं सम्म अंकित ६ पत्रहरू छन् । रथजात्राको सन्दर्भमा यो गाबहालमा पर्छ । तत्त्वको दृष्टिले यो जल तत्त्व हो । मूलबाटेको दाँयापट्टि सिद्धिलक्ष्मी मन्दिरको पछाडि (उत्तरपट्टि) यहाँ प्राचीन पोखरी छ जहाँ पानी सफा गरी पाटन नगरभरि पानी वितरण गरिन्थ्यो । नेवारीमा यस पोखरीलाई खाःपुखू भनिन्छ। त्यस निमित्त पानीमा खरानी गोल आदि मिसाइन्छ।

स्वाधिष्ठान चक्रको अधिष्ठाता देव ब्रह्मा हो । ब्रह्माको मूर्ति दुर्लभ प्रायः छ। यस स्थानको दक्षिणपट्टि अग्निमठ भएको ठाउँलाई ब्रह्मपुर (नेवारीमा थबुँ) भनिन्छ। यहाँ ब्रह्माकी छोरी मानिएकी सरस्वतीको पूज्य मूर्ति छ। यस चक्रको ध्यान गर्दा वाक्‌शक्ति र ठीक ठीक समयमा ठीक ठीक उपाय सोची सही उत्तर दिन सक्ने खुबी (प्रत्युत्पन्न मतित्त्व) बढ्छ। पञ्चतत्त्वको दृष्टिले पुल्चोक(मूलाधार) झैँ गाबहाल (स्वाधिष्ठान) पनि अन्नमय छ।

ग. मणिपुर –

मानव शरीरमा नाभिक्षेत्रको चक्रलाई मणिपुर तथा नाभिचक्र भनिन्छ । रथयात्राको सन्दर्भमा यो ललितपुरको मंगलबजारमा भेटिन्छ । स्वस्तिक (मांगलिक) आकारले यस ठाउँमा मल्लकालीन कवि तथा लेखक कुनु शर्माले आफ्नो पुस्तक कीर्तिपताका (जगदम्बा प्रकाशन, २०१८) मा उल्लेख गरे अनुसार यहाँ मणिगणेश, मणिकुमार, मणिगृह, मणिधारा, मणिमण्डप, मणिकेशव गरी मूल्यवान् मणि नामाकरण गरिएका ७ बस्तु छन् । हेमराज शाक्यले मणिगल राजप्रासाद भन्ने पुस्तिका (ने.सं. १०९४ / वि.सं. २०३१) मा मणिभैरव, मणि कुण्ड, मणिगुफा र मणिचैत्य थपी ११ पुऱ्याए। स्व. मंगलानन्द राजोपाध्यायले मसँग कुरा गर्दा मणिचोक थपी १२ पुऱ्याए। यसरी धैरै मणिहरू भएको ठाउँ हुनाले यसलाई संस्कृतमा मणिपुर भनेको हिसाबले मात्र होइन व्युत्पत्तिको दृष्टिले पनि मल्लकालीन राजदरबारको नाउँ नै मणिगृह अपभ्रंश भई मंगः हुन गएको हो । नेवारी भाषा तिब्बत बर्मा (तिब्बर्मा) परिवारको भाषा हो। त्यस भाषाको एकाक्षरी प्रवृत्तिले गर्दा मणिको मं र गृहको गः बाँकी रही मंगः हुन गएको हो । संस्कृतको गृह नेवारीमा गः हुन्छ। जस्तो कुखुरा राख्ने ठाउँ खागः, हाँस राख्ने ठाउँ हैँय्गः, देवता रहने मन्दिरलाई देगः इ । मणिपुर चक्र पँहेलो रंगको हुन्छ। यसमा बाऱ्हखरीको गन्तिमा डं देखि फं सम्मका १० अक्षर अंकित १० पत्र छन्। यस चक्रको बीज मन्त्र रँ हो। यहाँको अधिष्ठाता देव केशव

(विष्णु) हो। मल्लकालीन दरबारको मणिचोकमा मणिकेशवको यहाँ प्रसिद्ध मन्दिर छ। तत्त्वको हिसावले यहाँ अग्नि तत्त्व हुन्छ। पित्तले अग्निको काम गरी पचाउने काम गर्छ। यस चक्रको ध्यान गर्दा पाचन शक्ति बढ्छ, सूक्ष्म इन्द्रियहरूको ज्ञान हुन्छ।

घ. अनाहत –

७ चक्रमा मूलाधार (पुल्चोक),स्वाधिष्ठान (गाबहाल) र मणिपुर (मंगलबजार) पछिको चौथो चक्र हो अनाहत। यसपछि पनि तीन चक्र आउँछन् – विशुद्धि (लगनखेल 'क'), आज्ञा (लगनखेल 'ख') र सहस्रार (ज्यावलाखेल)। ७ मा ४ भनेको बीचको हो – दायाँ ३, बायाँ ३। स्थानको नाम सुन्धारा हो। यो नेपाली नाम हो, यसलाई नेवारीमा नुगः (हृदय) पनि भनिन्छ, सुन्धाराको अनुवाद गरी लुँहिटि पनि भनिन्छ। नेवारी मै भन्नुपर्दा यसलाई नुगः चक्र (हृद्चक्र) भन्न सकिन्छ। हरियो रंगको यस चक्रमा बाह्रखरीको व्यञ्जन वर्ण कं देखि ठंसम्म बाह्र अक्षर अंकित सिंदुरे रंगका बाह्र पत्र छन्। प्रत्येक चक्रमा योनीको प्रतीक स्वरुप एउटा त्रिकोण हुन्छन् भने अनाहत तथा हृद्चक्रमा दुई त्रिकोण एउटा माथि मुख गरी र अर्को तल मुख गरी राख्दा त्यो षट्कोण बन्छ। ध्वांसे रंगको षट्कोणमा बीज मन्त्र यँ रहेको छ। मूलाधारमा जस्तै यसमा पनि त्रिकोणलाई भेदन गरी सुनौलो रंगको ज्वाज्वलमान शिवलिङ्ग रहेको हुन्छ। यस चक्रको अधिष्ठाता देव शिव हुन्। सुन्धारामा आग्नेय, नैऋत्य, वायव्य र इशान चारकुनामा उमामहेश्वरका चार भव्य मन्दिर बीच रातो मत्स्येन्द्रनाथको पूर्व मोहडा गरी तानि ल्याएको रथलाई पश्चिम मोहडा गरी विराजमान गराइन्छ। कुण्डलिनी अनाहत् पुगेपछि मध्यान्तर भएझैँ ललितपुरको रथयात्रा पनि सुन्धारा पुगेपछि परिवर्तनको एउटा स्थिति (Turning point) पुगी मध्यान्तर हुन्छ।

अंग्रेजीमा देवतालाई GOD बोलिन्छ। ती तीन अक्षर तीन देवता जनाउने शब्दहरूका पहिला अक्षर हुन् –

G : Generator	सृष्टिकर्ता ब्रह्मा
O : Operator	पालनकर्ता विष्णु
D : Destroyer	संहारकर्ता शिव

स्वाधिष्ठान चक्र (गाःबहाल)का अधिष्ठाता देवता ब्रह्मा, मणिपुरचक्र (मंगलबजार) का देवता विष्णु र अनाहत चक्र (सुन्धारा)का देवता शिवको दिवाकर (सूर्य)मा अभेद आरोप गरी ती चारै देवताहरू अनेक देखिए पनि एउटै हुन् भनी भविष्य पुराणको आदित्य स्तोत्रमा यसरी लेखिएको छ –

उदय ब्राह्मणी रुपं मध्यान्ते तु महेश्वरः।
अस्तमागे स्वयं विष्णु त्रिमूर्तिश्च दिवाकरः॥ –*भविष्य पुराण*

रातो मत्स्येन्द्रनाथको रथ उभ्याउन जुन खट बनाइन्छ त्यसको चारैतिर पातामा क्रमशः सूर्यको वाहन घोडा ७, ब्रह्माको बाहन हाँस ७, विष्णुको वाहन गरुड ७ र शिवको बाहन बसाहा ७ खोपेर तिनीहरूमा सुनको जलप लगाइएको छ। त्यसको मतलब रातो मत्स्येन्द्रनाथ, सूर्य, ब्रह्मा, विष्णु र महेश्वर अनेक रुपका देखिएपनि वास्तवमा एउटै हुन् भनी अर्थ्याउन खोजिएको हो। दिनको सुरुवात बिहानीबाट हुन्छ, दिउँसो मध्यान्तर र साँझ सूर्य अस्ताएपछि दिनको अन्त हुन्छ। पुल्चोकमा उदाएको सूर्य गाः बहाल, मंगलबजारसम्म पुग्दा बिहानै हुन्छ। सुन्धारा पुग्दा मध्याह्न र ज्यावलाखेल पुगेपछि साँझ पर्छ। पञ्चतत्त्वको हिसाबले यो चक्र वायुमण्डल र पञ्चकोषको हिसाबले प्राणमय हुन्छ। अनाहत तथा चक्रको ध्यान गर्नाले असल भावना प्रेम, करुणा, दया, सहानुभूति, संवदेना आदिको विकास हुन्छ, मिलनसार भई आकर्षणको केन्द्रविन्दु हुन्छ।

स्थूलता सूक्ष्मतिर जानु विकासको चिह्न हो। रातो मत्स्येन्द्रनाथको मूर्ति र जात्रा चलाउन बनाइएको रथ

स्थूल स्वरुपका हुन् तापनि देवताप्रतीको भावना, जात्राको संस्कृति अमूर्त हुन्। मानव मस्तिष्क र मेरुदण्ड भौतिक हुन्, तिनीहरू भित्र सञ्चालन हुने चक्र र नाडीहरू अमूर्त र भावमय हुन्। मानव शरीर स्थूल रुपको छ, तर मानव शरीरलाई जीवन्त राख्ने सूक्ष्म शरीर अर्कै छ जो सित विच्छेद भएपछि स्थूल शरीर शव (मुर्दा)मा परिणत हुन्छ। स्थूल शरीरलाई सञ्चालन गर्ने प्राणवायु अनाहत चक्रमा हुन्छ।

ङ. विशुद्धि –

दुईटा काँधको बीच घाँटी प्रदेशमा निलो रंगको विशुद्ध चक्र हुन्छ। यसमा अं देखि अः अंकित १६ पत्रले घेरेको बीचमा पूर्णचन्द्रको ज्योतिमा बीजमन्त्र हँ रहेको हुन्छ। रातो मत्स्येन्द्रनाथको रथयात्राको सन्दर्भमा लगनखेल मै दुई चक्र छन् (एक हल्का निलो विशुद्धि र दोस्रो गहिरो नीलो रंगको आज्ञा चक्र। दुबै निला रंगका छन्, पञ्चतत्त्वमा आकाश मण्डलका हुन्। एकै टोलका दुई नजिक ठाउँमा मनाइने पहिलो विशुद्धिलाई लगनखेल (क) र दोस्रो आज्ञाचक्रलाई लगनखेल (ख) लेखेको छु। अनाहतसम्मका अधिष्ठाता देवताहरू पुलिंगी क्रमैले गणेश, ब्रह्मा, विष्णु र महेश्वर छन्। विशुद्धि देखिका चक्रहरूमा अधिष्ठाता देवीहरू स्त्रीलिंगी छन्। विशुद्धिमा संस्कृतमा पराशक्ति भनिएको जीवनलाई उर्जा दिने प्रारम्भ र पुरुषार्थरुप अधिकारी देवी माँ हुन्। यहाँ लगनखेल(क)मा रातो मत्स्येन्द्रनाथको आमा मानी पराशक्ति देवीका प्रतीक स्वरुप माइसिमा (आमा रुख) तीन फन्का घुमाई जात्रा मनाइन्छ। यस चक्रको ध्यान गर्नाले बोल्ने र सुन्ने शक्ति बढ्नुको साथै मानसिक शान्ति मिल्छ।

च. आज्ञा –

मानव शरीरमा भृकुटी (आँखीभौँ) मा बाँया हं र दाँया क्षं अंकित दुई नीलापत्र, त्यसको बीच सेतो गोलाकार ठाउँमा त्रिकोणलाई भेदन गरी निस्केको निलो शिवलिङ्गमाथि हं र क्षं अङ्कित बीच प्रणव बीज ॐ रहेको यस चक्रलाई आज्ञाचक्र भनिन्छ। यो इडा, पिंगला बीचको सुषुम्ना नाडीको संगमस्थल हो। रथयात्राको स्थान–नामको हिसाबले यो लगनखेल(ख)मा पर्दछ। यहाँ अधिष्ठाता देवता सच्चिदानन्द स्वरुपको परमात्मा, विश्व ब्रह्माण्ड या सञ्चालक ईश्वर हुन्। लगनखेल क्षेत्रमै दुई भिन्ना भिन्नै ठाउँमा रातो मत्स्येन्द्रनाथको रथ रोकी भुज्याः (काँसाका थालीमा पूजा सामग्री राखी देवतालाई चढाई भोज खाई मनाइने) जात्रा मनाइन्छन्। एक टोलमा दुई छुट्टाछुट्टै मनाइने भएकोले लगनखेल(क) र लगनखेल (ख) गरिएका हुन्। लगनखेल (ख) लगनखेल क्षेत्रकै स्थानीय नाम थतिमा पर्छ, लगनखेल (क)को जात्रा सकिएपछि भोलिपल्ट बिहान सबेरै केवल महिलाहरूले मात्र रथ तानी लगनखेलको थति पुऱ्याएको भोलिपल्ट एकल महिलाको भुज्याः हुन्छ। यिनी एक महिला को हुन् ? कसैलाई थाहा हुन्न। सम्भवतः यिनी एकल महिला परमात्माकै शक्ति रुप हुन्। लगनखेलको थतिमा अनिश्चित अवधिसम्म केही दिन राखेपछि साइत (लगन) हेरेर मात्र सहस्रारका प्रतीक ज्यावलाखेल तानी लान्छ। जहाँबाट रथ तान्न लगन हेर्नु पर्ने भएकोले त्यही लगन शब्दले गर्दा लगनखेलको नाम लगनखेल हुन गएको हो। आज्ञाचक्रको ध्यान गर्नाले योगी सर्वज्ञ, दूरदर्शी, दीर्घजीवी, दिव्यदृष्टि भएका हुन्छन्। आज्ञाचक्रलाई शिवको तेस्रो आँखा मानिन्छ।

छ. सहस्रार –

सहस्रको अर्थ हजार हो तापनि गन्न नसक्ने हजारौं भन्ने अर्थमा यहाँ सहस्रार शब्दको प्रयोग भएको छ। सप्त चक्रमा यो आखिरी चक्र भए जस्तै मानव शरीरमा मस्तिष्कको ब्रह्मरन्ध्र (टुपी रहने ठाउँ)मा रहने हुनाले

Raj Kishore

यसलाई मुकुट तथा श्रीपेच (Crown) चक्रपनि भन्ने गरिएको छ। वैजनी तथा सेता रंगका हजारौं पत्रहरूबाट निर्मित कमलको फूल जस्तो देखिने यो चक्रकै बान्किमा रातो मत्स्येन्द्रनाथको रथको टुप्पोमा बायम्वः रहेको हुन्छ। रथजात्राको अन्तिम यस ठाउँलाई ज्यावलाखेल भनिन्छ। लगनखेल थतिबाट रथ तानी ज्यावलाखेल पुगेको चौथो दिनमा ज्यावलाजात्रा मनाइन्छ। त्यसदिन भोटो देखाएर पछि जात्रा सकिन्छ। त्यसको अघिल्लो रात सम्झन लायक दुईटा काम हुन्छन् – १) रथको चारैतिर भात छर्नु र २) भक्तजनहरूबाट रथको धंमाः (Steering shaft) मुनि कुमारी पूजा हुनु। यो चक्रको ध्यान गर्नाले मन अत्यन्त आनन्दमय हुन्छ, परमशान्तिको अनुभव हुन्छ। कैवल्य स्थितिमा समाधिसम्म पुग्छ र अदेहिक आत्माको यात्रा खुल्छ।

१. चारैतिर भात छर्नु –

नेवारीमा भन्नुपर्दा भात छर्नुलाई जाह्वलेगु र चौरलाई ख्यः अर्थात् भात छर्ने चौर –जाह्वलाख्यः हुन्छ। यो अपभ्रंश भइ जावलाख्यः (जावलाखेल) हुन गएको हो। रातो मत्स्येन्द्रनाथलाई सहकालका देवता मानिआए अनुरुप मानिस मात्र किन, यिनका जात्रा सफलताका साथ सम्पन्न भएको उपलक्ष्यमा कीरा फट्यांग्राले पनि खान पाऊन् भनेर भात छरेका हुन्। तान्त्रिक दृष्टिकोणबाट भन्नुपर्दा भात छर्नु भनेको सहस्रारको संकेत हो – जसमा सहस्रार चक्रको पत्र अनगिन्ती भए जस्तै छरिएका भातको सितापनि अनगिन्ती हुन्छन्।

२. धंमाको तल कुमारी पूजा गर्नु –

मूलाधार चक्रमा त्रिकोण भेदी शिवलिङ्गलाई साढे तीन फन्का बेरेर बस्ने कुण्डलिनी शक्तिलाई कुमारी मानी कुण्डलिनी योगका प्रतीकस्वरुप रथ यात्रा मानी सो सफलतापूर्वक सम्पन्न भएको उपलक्ष्यमा कृतज्ञता ज्ञापन गर्न तिनको पूजा गर्न आएका हुन्।

त्यसको भोलिपल्ट भोटो जात्रा मानी भोटो देखाएपछि रथको बायम्वः (ब्रह्मरन्ध्र) रथबाट खसाली, रातो मत्स्येन्द्रलाई रथबाट उतारी बुंगमती लान्छन् र वार्षिक रथ जात्रा सम्पन्न हुन्छ।

एक झलकमा कुण्डलिनी योग तथा सप्तचक्र निरुपण र ललितपुर नगरको रथयात्रासँग त्यसको सामञ्जस्य तलको तालिकामा उल्लेख गरिएको छ –

क्र.सं	चक्र	शरीर स्थान	स्थान	रंग	अधिष्ठाता	बीज मन्त्र	पत्रहरू	पत्र संख्या	तत्व	उपलब्धि
१	मूलाधार	लिंग-मलद्वार	पुल्चोक	रातो	जलबिनायक	लँ	वं शं षं सं	४	पृथ्वी	सुरक्षा,भावनाको विकास
२	स्वाधिष्ठान	लिङ्ग प्रदेश	गाःबहाल	सुन्तले	ब्रह्मा (थँब्व)- ब्रह्मपुर	वँ	वं- लं	६	जल	वाक्शक्ति,प्रत्युपन्न मतित्त्व
३	मणिपुर (नाभिचक्र)	नाभि प्रदेश	मंगलबजार	पँहेलो	विष्णु(केशव)	रँ	डं- फं	१०	तेज	पाचनशक्ति बढ्ने, सूक्ष्म इन्द्रियहरूको ज्ञान हुने
४	अनाहत् (हृद चक्र)	छाती (नेवारीमा नुगः)	सुन्धारा	हरियो	महेश्वर	यँ	कं-ठं	१२	वायु	भावनाको विकास भइ आकर्षणको केन्द्र बन्ने

	मध्यान्तर									
५	विशुद्धि	घाँटी	लगनखेल (क)	निलो	पराशक्ति (रातो मत्स्येन्द्रनाथकी आमा)	हँ	अं–अः	१६	आकाश	वाक्शक्ति र श्रवण बढ्ने, मानसिक शान्ति
६	आज्ञा चक्र	भृकुटी (आँखिभौ)	लगनखेल (ख)	नीलो	एकल महिला	ऊँ	हं–क्षं	२	आकाश	दिव्यदृष्टि, सर्वज्ञ, दूरदर्शी, दीर्घजीवी
७	सहस्रार	ब्रह्मरन्ध्र	ज्यावलाखेल (जाह्वलाख्यः)	सेतो तथा बैजनी	कुमारी –कुण्डलिनी	शून्य	सहस्र (हजारौं)	१000+	शून्य	कैवल्य, देहिक यात्राको अन्त, आत्मिक यात्राको प्रारम्भ, मोक्षको प्राप्ति

सन्दर्भसामग्री र स्रोत व्यक्तिहरू

जोशी, सुन्दरकृष्ण (विसं २०३८) यलया चाङ्गलय् ध्वःद्गु खुगू त्वालय् खुगू चक्र, कुलां ७:६ । पेज १४१–१५८ ।

शर्मा, कुनु (विसं २०१८) कीर्तिपताका । ललितपुर : जगदम्बा प्रकाशन ।

शाक्य, हेमराज (नेसं १०९४) मणिगल राजप्रसाद । ललितपुर : बुद्ध जयन्ती समारोह समिति ।

स्व. सुब्बा श्री मंगलकृष्ण जोशी (पूर्व हाकीम) रातो मत्स्येन्द्रनाथ गुठी अड्डा, तःबहाल, ललितपुर ।

स्व. श्री मंगलानन्द राजोपाध्याय (संस्कृति तथा पुरातत्त्वविद्), गाबहाल, ललितपुर ।

स्व. श्री सिद्धिगोपाल वैद्य (कविराज, तन्त्रविद्), सौगल, ललितपुर ।

राजनलाल जोशी (उपप्राध्यापक, संस्कृतिविद्) नेपालभाषा केन्द्रीय विभाग, ललितपुर

तान्त्रिक परम्परा : एक विहङ्गम दृष्टि

✍ प्रा.डा. स्थानेश्वर तिमल्सिना

तत्त्व तथा मन्त्र सहितका विभिन्न पदार्थहरूको विस्तार गरी प्राणीमात्रको रक्षा गर्ने शास्त्रलाई तन्त्र भनिन्छ (द्विवेदः १९८३ः २०३)। सिद्धान्तको पर्यायको रुपमा पनि यसलाई लिइन्छ। (शास्त्री १९८२:६०३) शैव सम्प्रदायमा शास्त्रबोधक आगम, संहिता तथा तन्त्रको प्रयोग प्रधानता भएको देखिन्छ। शिवका चित-आनन्द-इच्छा-ज्ञान-क्रिया शक्ति पाँच मुखका रूपमा प्रकट हुँदा सदाशिव स्थितिमा द्वैत-द्वैताद्वैत तथा अद्वैत शास्त्रको विस्तार हुन्छ। शिवका ईशान-तत्पुरुष तथा सद्योजात मुखबाट उत्पन्न हुन लाग्दा उत्पन्न भएको अवस्थाबाट तथा तीन मुखमा परस्पर अन्य दुई वक्त्र जोडिएर र सबै मुखको समष्टिबाट दशवटा द्वैत शैवागम उत्पन्न हुन्छन्। यसमा नै वामदेव तथा अघोर मिल्दा अठार द्वैताद्वैत रौद्रागम उत्पन्न हुन्छन्। अद्वयस्वरुप शिवशक्ति-संघट्ट तथा योगिनीमुख दक्षिणवक्त्रमा प्रत्येक उत्पन्न हुन लाग्दा, उत्पन्न हुँदा, तिरोहित हुन लाग्दा तथा तिरोहित हुँदाका अवस्था गुणित हुँदा सोह्र भेद हुन्छन्। यसमा दक्षिण (अघोर) बाहेक अन्य चार मुखहरू परस्परमा मिल्न जाँदा चौसट्ठी अद्वय भैरवागम उत्पन्न हुन्छन् (कौल १९१८:१४)। कार्मिक-योगज-चिन्त्य-कारण-अजित-सुदीप्त-सूक्ष्म-सहस्र-सुप्रभेद-अंशुमान् दश शैवागम हुन्। विजय-निश्वास-स्वायम्भुव-वाथुल-वीरभद्र-रौरवमाकुट-विरस-चन्द्रहास-ज्ञान-मुखविम्व-प्रोद्गीत-ललित-सिद्ध-सन्तानसर्वोद्गीत-किरण तथा पारमेश्वर अठार रौद्रागम हुन्। चौसट्ठी भैरवागमहरू आठवटा अष्टकमा विभक्त छन्। ती हुन् - भैरवाष्टक - यामलाष्टक-मताष्टक-मंगलाष्टक- चक्राष्टक- शिखाष्टक- बहुरूपाष्टक तथा वागीशाष्टक। यसमा श्रीकण्ठी संहिताका, वामकेश्वर तन्त्रका लक्ष्मीधर सम्मत, वामकेश्वर व्याख्यामा भास्कररायसम्मत, सर्वोल्लास तन्त्रमा उद्धृत तोडल तन्त्र अनुसार विभिन्न भेद देखिन्छ। महासिद्धिसार तन्त्र अनुसार अश्वक्रान्ता-रथक्रान्ता तथा विष्णुक्रान्ता वर्गमा चौसट्ठी तन्त्रका भेद जोड्दा चौसट्ठी तन्त्रको सातवटासम्म सूची उपलब्ध छन् (कविराज १९७२:१९)।

यी आगमहरू श्रवण परम्परामा गुरू-शिष्य क्रम शिव तथा देवीको चल्दै आएकोले श्रुति नै मानिन्छन्। वैदिकी श्रुति सरह तान्त्रिकी श्रुति मानेको प्रसंग धर्मशास्त्रहरूमा पनि पाइन्छ (भट्ट २०२२:७१)। शैव दर्शनमा परमशिव प्रकाश तथा विमर्शका सामरम्यस्वरूप छ। त्यस चित् स्वरूपमा षडध्व भान भएको मानिन्छ। वस्तुलाई परिच्छिन्न गर्ने देश तथा काल हो। यसमा देश (Space) ले कला-तत्त्व-भुवन तथा काल (Time) ले वर्ण-पद-मन्त्रलाई अन्तर्भाव गर्दछ। यसैभित्र समग्र पदार्थ पर्दछन्। जस्तैः

वर्ण	पद	मन्त्र	कला	तत्त्व	भुवन
१	२८	२	निवृत्ति (१)	१	१०८
२३	२१	२	प्रतिष्ठा (१)	२३	५६
७	२०	२	विद्या (१)	७	२७

३	११	२	शान्ता (१)	३	१८
१६	१	३	शान्त्यतीत (१)	२	१५
५०	८१	११	५	३६	२२४

(आयङ्कर १९५० : १३७)

तान्त्रिक दीक्षाको उद्देश्य मुक्ति हो र यसमा यी षडध्वरूपी पाशको शोधन गरिन्छ।

द्वैतवाद

द्वैतवादी सिद्धान्तका शैवहरू पति–पशु तथा पाश तीन पदार्थलाई सर्वथा भिन्न मान्दछन्। पति अर्थात् शिव मलबाट अनादिमुक्त अशरीर मानिन्छन्। शिवको शरीर भनेर ईशान आदि मन्त्र लिइएका हुन्। शिव सृष्टि–स्थिति–संहार–निग्रह–अनुग्रह रूपी पाँचवटै क्रिया गर्न सर्वथा स्वतन्त्र छन्। द्वैत मलमा शिव निमित्त कारण हन्। यसको पनि अवस्था भेदले शक्त (समर्थ), उद्युक्त (कार्याभिमुखी), प्रवृत्त (कार्यसंलग्न) भेद मानिन्छ। पशु देहभन्दा भिन्न, नित्य, व्यापक, अनेक, चेतन, किञ्चिज्ज्ञ (Limited Knower) मानिन्छ। यसको विज्ञानाकल, प्रलयाकल तथा सकल तीन भेद छ। स्वातन्त्र्याभिव्यक्ति हुन नदिने पाशहरू पाँचवटा छन् मल, तिरोधायकशक्ति, महामाया, माया तथा कर्म। अविद्यात्मक अणत्व सम्पादक नै मल हो। ज्ञान र क्रियालाई तिरोधान शक्तिले सीमित गर्दछ। शुद्धाध्वाको उपादान महामायालाई वागीश्वरी पनि भनिन्छ। तान्त्रिक साधनामा यसैलाई कुण्डलिनी पनि भनिन्छ। अशुद्धाध्वाको उपादान कारण माया मानिन्छ। धर्म- अधर्म स्वरूप कर्मले जाति–आयु तथा भोग निश्चित गर्दछ (द्विवेद १९८३:१२३–१५०)। भेदवादमा परमशिवको साम्य नै मोक्ष मानिन्छ। कालामुखहरू समताको उत्पत्ति मान्दछन्, पाशुपतहरू शिवधर्मको संक्रमणबाट समानता मान्दछन्, कापालिकहरू समावेशबाट साम्य हुने मान्दछन् तथा एकथरी शैवहरू अभिव्यक्तिबाट समता हुने मान्दछन् (द्विवेदः १९८३:४२)।

अद्वैतवाद

अद्वैत शैवदर्शन आगमधारा, स्पन्दधारा तथा प्रत्यभिज्ञामा विकसित भएको छ। (Singh, 1982:XV) यसमा चित–आत्मा–शिव–महेश्वर सबै पर्यायको रूपमा लिइन्छ। शिव विश्वोत्तीर्ण, विश्वमय, चिदानन्दघन छन्। समग्र पदार्थको आत्मा वा सार शिव या चैतन्य नै हो। यही परमतत्त्व मूर्ति तथा काल भेदले विभिन्न पदार्थको रूपमा भासित हुन्छ। जीव वस्तुतः परमशिवभन्दा अभिन्न भए तापनि उसले आफ्नै स्वातन्त्र्यशक्तिले जडभाव बोकेको छ। त्यसको आवरण भङ्ग गर्ने शाम्भव–शाक्त तथा आणव उपायहरू छन्। शाम्भव उपायमा साधकको प्रयास बिना नै शिवरूप गुरूको अनुग्रहबाट ज्ञान हुन्छ, शाक्तोपायमा उच्चारण नहुने वस्तुलाई ध्यान गरेर समाविष्ट भइन्छ तथा आणव उपायमा उच्चारण, ध्यान, वर्ण, स्थान आदि स्थूल प्रयत्न समाविष्ट हुन्छन्। (अवस्थी 1970:12–18)

कौल परम्परा

स्वच्छ प्रकाशस्वरूप शिव अकुल तथा पचास अक्षरको समूह कुलशक्तिको रूपमा लिइन्छ (पाण्डेय 1976:108)। यो परम्परा शिवको ऊर्ध्ववक्त्रबाट निस्किएको मानिन्छ। (Pandey 1963:557) कुल शब्दले पराशक्ति, सामर्थ्य, सर्वकरणता (ऊर्ध्वता), स्वातन्त्र्य, ओज, वीर्य, पिण्ड, संविद् (आत्मा), शरीर आदिलाई बुझाउँछ। (कौल 1918:3293) यस यागका आधारहरू बाह्य, शक्ति यामल अर्थात् मैथुन अवस्था, शरीर,

प्राण तथा बुद्धिलाई लिइन्छ। शास्त्रहरूमा जुन द्रव्यको प्रयोग त्यही यहाँ विहित छ। विभिन्न सुराहरू पराशक्ति तथा मद्य नै भैरवको रूपमा लिइन्छ। कौल परम्परामा मद्य तथा मांसले मुख रिक्त पशुत्व प्राप्त हुन्छ। आनन्द ब्रह्मको स्वरूप हो तथा त्यसको अभिव्यक्ति मद्य–मांस तथा मैथुनको सेवनबाट हुने हुनाले यी तीन पदार्थ सेवन गर्ने ब्रह्मचारी हो (कौल 1918:3355) यसमा मुद्रा तथा मत्स्य गरी कौलधर्मीले पञ्चमकारको सेवन गर्दछन्। कौलहरू अद्वैत दर्शन मान्दछन्। कौलपरम्पराको प्रमुख स्रोत रूद्रयामल तन्त्र हो। विज्ञानभैरव तथा परात्रींशिका उपलब्ध छन्। कौलाचार, वामाचार तथा दक्षिणाचारको सम्मिश्रणबाट बनेको छ (पाण्डेय 1963:610) कौलपरम्परामा नर–शक्ति तथा शिवको त्रिकात्मकता माथि परमशिव सत्ता मानिन्छ। यसलाई अनुत्तर तत्त्व पनि भनिन्छ। यसकै विस्तार संघट्टदशा आउँछ। जहाँ आनन्द अभिव्यक्त हुन्छ। त्यसपछि पराशक्ति स्फुट हुन्छ जसलाई इच्छा भनिन्छ। इच्छाको फैलावटलाई ईशान भनिन्छ। व्यापक मनः शक्तिको उन्मेष रूपमा तथा त्यसकै विस्तार ऊनता को रूपमा निस्कन्छ। यिनै मातृका शक्तिहरूको बहिःप्रसर तथा अन्तर्मज्जन हुँदा पचास अक्षरस्वरूप कुलशक्तिको विस्तार हुन्छ (पाण्डेय 1963:650–56)

क्रम–परम्परा

विकल्पहरूको शोधन गरी शुद्ध विकल्पको साहारा लिएर परमशिवसम्म पुग्ने शाक्त उपायमा आधारित परम्परा नै क्रम–परम्परा हो। शाक्त अद्वैतवाद नै यसको दार्शनिक धरातल हो। पूर्णबोधमा नपुगुन्जेल द्वैताद्वैत (Monistic–Dualistic) स्वरूपलाई यसले लिएका देखिन्छ (Rastogi 1979:5)। तथा संवित् नै क्रमको रूपमा भासित हुन्छ। सृष्टि–स्थिति–संहार–अनाख्या तथा भासा (सृष्ट्युन्मुख अद्वैत अवस्था) को विश्लेषण यस उपायमा गरिन्छ। संवित्को बाह्र भेदले उदय प्रमाण दशामा मानिन्छ र यसलाई सूर्य मानिन्छ। प्रमेयलाई सोम तथा प्रमातालाई वह्निको रूपमा मानिन्छ। प्रमाता–प्रमाण– प्रमेय सबै सृष्टि स्थिति–संहार तथा अनाख्या अवस्थामा गणित हुँदा अनाख्यचक्रका बाह्रदेवी या कालिकाहरू प्रस्फुट हुन्छन्। यी कालिकाहरूको विश्रान्ति स्वरुप उत्तीर्णकालिका मानेर तेह्र कालिका मान्ने क्रमको परम्परा पनि देखिन्छ। (कौल 1918:744) प्रमा–प्रमाता–प्रमाण–प्रमेयको चार अवस्थामा भई सोह्र काली मान्ने क्रमसद्भाव आदिको परम्परा देखिन्छ। (कौल 1918:752)। अष्टदल षोडशदल तथा द्वादशदल–चक्र कालिकाको चक्ररूपमा लिइएको छ। यी भेदमा बाह्र कालिका मान्ने प्रधान परम्परामा सृष्टिकाली, स्थितिकाली, संहारकाली, रक्तकाली, स्वकाली, यमकाली, मृत्युकाली, रूद्रकाली, परमार्ककाली, मार्तण्डकाली, कालाग्निरूद्र–काली, महाकालकाली मानिन्छन् भने तेह्रौं कालिका मान्दा महाभैरव – चण्डोग्रघोरकालीको ग्रहण गर्ने परम्परा देखिन्छ (कौल 1918:58)।

काली शब्द 'कल किल बिल क्षेपे' 'कल गतौ' 'कल संख्याने' 'कल शब्दे' चार धातुबाट क्षेप–ज्ञान–संख्यान–गति– तथा नाद अर्थ बुझाउने गरी निष्पन्न हुन्छ। क्षेपको अर्थ आफूलाई भिन्न तथा बाहिर फैलाइदिन, ज्ञानको अर्थ ती भिन्नतया फैलिएकालाई आफूभन्दा अभिन्न रूपमा जान्नु, संख्यानको अर्थ यो यही हो, यो भन्दा भिन्न हैन भन्ने विकल्प, गतिको अर्थ संवित् स्वरूपमा प्रविष्ट हुनु तथा नादको अर्थ आत्ममात्र बोध गर्नु हो। यसप्रकारको कलना गर्ने देवी कालीलाई कालसंकर्षिणी पनि भनिन्छ (कौल 1918:821)।

त्रिकदर्शनमा परा–परापरा तथा अपराभन्दा तुरीय रूपमा द्वादशकाली मानिन्छ र यसलाई बाह्र वियत् (Void) पूजा गरिन्छ (Sanderson 1986:189)। त्रिक् क्रमपछि नै कालसंकर्षिणीको अवस्थान भएको पनि देखिन्छ। यसको स्वरूप शूलेश्वरीको तथा एकान्तवासिनीको समान देखिन्छ (Sanderson 1990–58)।

त्रिपुरा–सम्प्रदाय

शाक्तोपायका शक्तिपरम्परावादी क्रम या महानयसँग सम्बद्ध परम्पराहरूमा त्रिपुराको स्थान महत्त्वपूर्ण देखिन्छ । प्रमाता–प्रमाणप्रमेयरूपी त्रिकोणका कामेश्वरी- वज्रेश्वरी–भगमालिनी भित्रकी त्रिपुरा देवीलाई क्रमदर्शनकी त्रयोदशी देवीको रूपमा लिन सकिन्छ। नित्याषोडश भनेर लिइने देवीहरू समष्टिसृष्टि, सृष्टिसृष्टि, स्थितिसृष्टि, संहारसृष्टि अनाख्यारूपी चार सृष्टि भेद, चार स्थितिभेद, चार संहारभेद तथा चार अनाख्याभेदका रूपमा भएका देखिन्छन् जुन विशुद्ध क्रमदर्शन हो । (द्विवेद 1984 :65) त्रिपुराका वाग्भव–कामराज तथा शक्तिबीज सोम–सूर्य तथा वह्निस्वरुप मानिन्छन् । त्रिपुरशेखरा विद्याका कूट तथा ध्यानसँग यसका ध्यान तथा कूटको निकै समानता छन् (पाण्डेय 1976:309–317) त्रिपुरा–सम्पदायमा वामकेश्वरीमतम्, योगिनीहृदयम्, परशुरामकल्पसूत्रम् विशेष महत्त्वपूर्ण शास्त्र हुन् ।

त्रिपुरा उपासनाको कौलमत–समयीमत तथा मिश्रमत यसमा कुलाचार बाह्य पूजापरक तथा समयाचार आन्तरपूजापरक वैदिकमार्गानुसारको भन्ने मानिन्छ। कौल मतमा संहारक्रमले समयीमतमा सृष्टिक्रमले चक्रोद्धार गरिन्छ। (द्विवेद 1984:600) समयमार्गमा कलामा विन्दुको एकता, नादमा कलाको एकता, विन्दुको एकता, नादसँग कला र विन्दुमा नाद–कला दुबैको एकता गरी ६ प्रकारको ऐक्यभावना नै पूजा मानिन्छ। (गिरि 1986 :65) श्रीविद्या षडन्वय शाम्भवक्रमसँग सम्बन्ध रहेको सौन्दर्यलहरी तथा सुभगोदयबाट थाहा हुन्छ।

आम्नाय–भेद

शाक्त सम्प्रदायमा आएको व्यापकताले विभिन्न विद्याहरू देखिए । वाम–दक्षिणरुपले देवी तथा भैरव स्वतन्त्र आम्नाय र सिद्धान्त ऊर्ध्व आम्नायको रुपमा तीन श्रोत प्राचीन देखिन्छन् । यसमा सप्तमातृपरक मिश्रतन्त्र थपिइ चार आम्नाय भएको देखिन्छ। पञ्चश्रोत विभागमा तत्पुरुष पूर्ववक्त्रबाट गारुडतन्त्र थपिएको देखिन्छ भने पश्चिमाम्नाय मूलतन्त्रको रुपमा लिइएको देखिन्छ (द्विवेद 1984 M53 । पिचुवक्त्र अधराम्नाय समेत जोडिएर षड्वक्त्रको रुपमा तन्त्रको विस्तार भएको परातन्त्र आदिबाट अवगत हुन्छ। जस अनुसार पूर्वाम्नाय पूर्णेश्वरी अधिष्ठित, दक्षिणाम्नाय निशीश्वरी अधिष्ठित, पश्चिमाम्नाय कुब्जिका अधिष्ठित, उत्तराम्नाय कालिका अधिष्ठित, ऊर्ध्वाम्नाय श्रीविद्या अधिष्ठित तथा अधराम्नाय वज्रयोगिनी अधिष्ठित मानिन्छ। श्रीयन्त्रमा त्रैलोक्यमोहनबाट सर्वसंक्षोभण पर्यन्त तीन सृष्टिस्वरुप पूर्वाम्नाय, सर्वसौभाग्यादि सर्वरक्षाकरपर्यन्त तीन स्थितिस्वरुप दक्षिणाम्नाय, सर्वरोगहरादि सर्वानन्दमयपर्यन्त तीन संहृतिस्वरुप पश्चिमाम्नाय नौ चक्रको समष्टि उत्तराम्नाय मानिनाले श्रीचक्र समग्रविद्या तथा समग्र आम्नाय स्वरुप मानिन्छ (शर्मा २०२२ :१५ –५६)।

शाक्त परम्परामा काली–तारा–श्रीविद्या–भुवनेश्वरी–भैरवी–छिन्ना–माला–धूमावती–वगला–मातङ्गी तथा कमलालाई महाविद्याको रुपमा लिइएको देखिन्छ। यिनै महाविद्याको आधारमा पनि साहित्य विस्तार भएको छ। (कविराज 1972:26–40)।

नेपालको तान्त्रिक परम्परा

पञ्चमुख शिव सम्पूर्ण तन्त्रका अवतारक मानिन्छन्, जसको नेपालको प्रामाणिक इतिहासको आरम्भबाटै प्रधानता देखिन्छ। पाशुपत सम्प्रदायका विविध शाखाहरू यहाँ विकसित भएको देखिन्छ (रेग्मी २०४०: ११३)। यस सम्प्रदायका आचार्य लकुलीशको मूर्ति स्थापना गरिनु तथा प्रणर्दन आदि आचार्यको प्रभाव देखिनुले पनि त्यसको परम्परा नेपालमा रहेको सिद्ध गर्दछ (रेग्मी २०४०:१२३)। त्रिकदर्शनको गुरु परम्परामा भैरव र भैरवीपछि

Raj Kishore

लकुलीशलाई मानेको देखिन्छ (कौल 1918 :3671-73) । लकुलीश पाशुपतदर्शनका प्रधान आचार्य हुन् । यसरी लकुलीश पाशुपत दर्शन तथा त्रिक दर्शन दुबैका मूल गुरु देखिन्छन् । यसै परम्परामा रावण, विभीषण, रामलाई पनि विद्यावतारक मानेको देखिन्छ । यिनीहरूले उपासना गरेको विद्या भनी महाकालसंहितामा आएको छ। मत्स्येन्द्रनाथ छैठौं शताब्दीको आरम्भमा नेपाल आएका र यहाँ अवलोकितेश्वरको रुपमा प्रख्यात भएका देखिन्छन् (पाण्डेय 1976:452)। चार युगका विद्यावतारक गुरुहरू खगेन्द्र-कूर्म-मेष- मच्छन्द मध्ये कलियुगका मच्छन्द मानिन्छन् (Goudriaan, 1979:14) । मत्स्येन्द्रको मत योगिनीकौलमत, कौलज्ञाननिर्णय, कौलावलीनिर्णय, अकुलवीरतन्त्र आदिमा स्पष्ट देखिन्छन् । मत्स्येन्द्रसंहिता लगायत यी सबै ग्रन्थहरूका कम से कम एक हजार वर्ष पूर्वका पाण्डुलिपिहरू नेपालमा भेटिनाले मत्स्येन्द्रनाथको सम्प्रदाय यहाँ प्रसिद्ध रहेको सहजै देखिन्छ। गोरक्षनाथ मत्स्येन्द्रनाथका शिष्य मानिन्छन् जसको प्रभाव नेपालमा विस्तीर्ण छ। गोरक्षसंहिताको नाममा रहेको श्रीमतोत्तरतन्त्र (कुब्जिका परम्पराको) नेपालमा पाण्डुलिपि हुनुको साथै यस परम्पराका कुलरत्नोद्योत, कुलमूलरत्नपञ्चकावतार आदि ग्रन्थ शास्त्रको नेपालमा विस्तार देखिन्छ । त्रिक कुल तथा क्रम परम्परामा कुलेश्वर कुलदेवताको रूपमा चर्चित छन् जसलाई अंशुवर्माले भाग पनि छुट्याएका छन् (रेग्मी 1983:72)।

ईशानशिव "देवीयामलतन्त्र" का अनुशरणकर्ता देखिन्छन् (कौल 1918M 22/30.30) । विमलशिव (त्यही परम्पराका आचार्य) को विमलावतीमत तथा सोमशम्भूको कर्मकाण्डक्रमावलि एकै परम्परामा निबद्ध देखिन्छन् (द्विवेदः 1983:21) । वैरोचनको प्रतिष्ठातन्त्र नेपालको मूर्तिकला तथा वास्तुकलाको शास्त्रीय आधार रहेको देखिन्छ । (शर्मा २०२५, भूमिका) । वैरोचन ईशानशिवलाई आफ्नो गुरु मान्दछन् (शर्मा २०२५:२१२) । यसरी देवीयामलतन्त्र नेपालको आठौँ शताब्दीको आधारग्रन्थको रुपमा रहेको देखिन्छ।

श्रीतन्त्रालोकको आह्निक २९ मा गरिएको उद्धरणबाट त्रिकदर्शनका परा-परापरा तथा अपरादेवीको वर्णन देवीयामलमा रहेको देखिन्छ भने यसमै उद्धृत दुइ मन्त्रहरूमा नेपाली कर्मकाण्ड परम्पराको आधारग्रन्थ महाकालसंहिताको मन्त्रसँग साम्य देखिन्छ (Sanderson 1990:51) यहाँ वर्णित कालसंकर्षिणी देवीका शूलेश्वरी, महापरा, परा-उत्तर तथा त्रिशीर्षा (भैरवानना)को पूजा उपासना वर्णित जयद्रथयामल पनि यहाँ सुरक्षित छ। यसका साथै पञ्चशतिका, क्रमसद्भाव आदि पनि यहाँ सुरक्षित देखिनाले क्रमदर्शनको यहाँ विशेष प्रभाव परेको छर्लङ हुन्छ। यसबाट कश्मीर शैवधाराको रुपमा प्रख्यात यामलाद्वैत प्रारम्भिक कालदेखि नै नेपालको परम्परामा रहेको स्वतः सिद्ध हुन्छ।

तन्त्रराजतन्त्र तथा वामकेश्वरतन्त्र दुबैमा त्रिकको सिद्धमातृकाको रूपमा स्तोत्र हुनाले यी दुबै ग्रन्थ एकै परम्पराका देखिन्छन् । परशुरामकल्पसूत्रको आधारमा चलेको परम्परा महाराष्ट्रतिर छरिएको तर विशुद्ध आगमिक धारा उत्तरी क्षेत्र कश्मीरमा नवौं शताब्दीको उत्तरार्धमा घस्रेर उत्तरी क्षेत्रमा फैलँदै गएको देखिन्छ।

श्रीविद्याको पशुपतिमा गरिने पूजा पनि यही आगमिक धाराको देखिन्छ। जयस्थिति मल्लको राज्यकालमा सन् १३८८ मा सारिएको वामकेश्वरतन्त्र तथा शैवाचार्य मन्मथपतिको निमित्त सन् १३५८ मा सारिएको वामकेश्वरतन्त्रबाट पनि नेपालका राजा तथा शैवाचार्यहरूद्वारा श्रीविद्याको उपासना गर्ने यही आधार रहेको प्रमाणित हन्छ (शर्मा २०२५,१३६-१३८) । यसबाट मल्लकालमा श्रीविद्याको उपासनाले व्यापकता लिन लागेको स्पष्ट हुन्छ।

द्रव्यशाहले कालिका जगाएको, डम्बरशाहको निमित्त कालिका पूजाविधि सारिएको आदिबाट शाहराजाहरूले कालीक्रम अनुसार उपासना गर्ने गरेको देखिन्छ। (पन्त २०४३ :५०५) ।

नेपालमा सम्पूर्ण शैव शिव तथा शक्ति सम्बन्धि आम्नायबाट, महाविद्या, सिद्धविद्या, मातृकाहरूको तन्त्रग्रन्थहरूको व्यापकताबाट तथा मन्दिर आदिबाट विशुद्ध तान्त्रिक संस्कृतिको रुपमा नेपाली संस्कृतिलाई लिन सकिन्छ।

सन्दर्भ–ग्रन्थ सूची

१. *अवस्थी, शिवशंकर* 1970 : भूमिका, प्रत्यभिज्ञाहृदयम्, हिन्दी व्याख्योपेतम्, चौखम्बा संस्कृत सिरीज अफिस वाराणसी।

२. *आयङ्गर, एच.आइ. रङ्गस्वामी* 1950 : शैव परिभाषा, ज्ञानशिवाचार्य विरचिता, ओरिएण्टल रिसर्च इन्स्टिच्यूट पब्लिकेशन्स, संस्कृत सिरीज नं. ५०, मैसूर।

३. *कविराज, म.म गोपीनाथ* 1972 : तान्त्रिक साहित्य, हिन्दी समिति ग्रन्थमाला २००, महात्मागान्धी मार्ग, लखनऊ।

४. *कौल, मधुसूदन* 1918 : श्रीतन्त्रालोकः, जयरथकृतिविवेकव्याख्योमेतः, कश्मीर शैवतन्त्र सिरीज, श्रीनगर।

५. *गिरि, स्वामीकालिकानन्द* 1986 : सुभगादयस्तोत्रम्, अमृतकारिकाअन्वयार्थबोधिनीभ्यां सहितम्, आनन्दभवन ग्रन्थमाला – १३, श्री स्वामीकाशिकानन्दजी ट्रष्ट, वाराणसी।

६. *द्विवेद : पं. व्रजवल्लभ* 1988 : उपोद्घातः, अष्टप्रकरणम्, योगतन्त्रग्रन्थमाला १२, सम्पूर्णानन्द सं. विश्वविद्यालय, वाराणसी।

७. *द्विवेद :, व्रजवल्लभ* 1983 : लुप्तागमसंग्रहः२, उपोद्घातः सम्पूर्णानन्द सं. विश्वविद्यालय वाराणसी।

८. *द्विवेदः, व्रजवल्लभ* 1984 : नित्याषोडशिकार्णवः, ऋजुविमर्शिन्या अर्थरत्नाः च संवलितः, योगतन्त्रग्रन्थमालाया प्रथम पुष्पम्, सम्पूर्णानन्द सं. विश्वविद्यालय वाराणसी।

९. *पन्त, दिनेशराज,* २०४३ : "गोरखाको इतिहास" दोश्रो भाग, वट्ठ, काठमाडौं।

१०. *पाण्डेय, जनार्दन,* 1976 : गोरक्षसंहिता भाग १, सरस्वतीभवन ग्रन्थमाला १२०, सम्पूर्णानन्द सं. विश्वविद्यालय, वाराणसी।

११. *भट्ट, एन.आर.* २०२२ : तन्त्रावतार, सारस्वती सुषमा वर्ष २०, अंक १, वाराणसेय संस्कृत विश्वविद्यालयः वाराणसी।

१२. *रेग्मी, डा. जगदीशचन्द्र,* २०४० : प्राचीन नेपाली संस्कृति, साझा प्रकाशन, काठमाडौं।

१३. *शर्मा, कृष्णमूर्ति,* २०२२ : आम्नायस्वरुपम् सारस्वती सुषमा वाराणसेय संस्कृत–विश्वविद्यालयपत्रिका वर्ष २, अंक १, वाराणसी।

१४. *शर्मा, बुद्धिसागर,* २०२५ : "बृहसूचीपत्रम्" तन्त्रविषयकः चतुर्थो भागः, पुरातत्त्वप्रकाशनमाला।

१५. *शास्त्री, हरगोविन्द,* 1982 अमरकोषः रामाश्रमीटीकासहितः चौखम्बा संस्कृत संस्थान, वाराणसी।

१६. *Goudriaan, TSen,* 1979: HINDU TANTRISM

१७. *Pandey, Kanti Chandra* 1963: Abhinavagupta, an Historical and Philosophical Study, Chowkhamba Sanskrit Series Office, Varanasi

१८. *Rastogi, Navajivan* 1979, The Krama Tantricism of Kanshmir, Motilal Banarsidass

१९. *Regmi D.R.* 1983 : Inscriptions of Ancient Nepal, Abhinav Publications, New Delhi

२०. *Sanderson, Alexis* 1986 :Mandala and Agamic Identity in the Trika of Kashmir, L image culte et Meditation DANS L HINDOVISME, Editions du CNRS, Paris

२१. *Sanderson Alexis* 1990: The Visullisation of the Deities of the Trika, L image culte of Meditation, DANS L HINDVISME, Edition due CNRS, Paris

२२. *Singh Jai Dev,* 1982: Introduction to Siva Sutras, Motilal Banarsidass

मध्यकालमा नेपाल आएका योगी शङ्कराचार्य होइनन्

✍ प्रा.डा. दिवाकर आचार्य

(राष्ट्रिय संग्रहालयस्थित ने.सं. २६४ को अभिलेखको पुनर्व्याख्या र भ्रम-निवारण)

शङ्कराचार्यको नेपाल आगमनबारे इतिहासकारहरू पटक-पटक अलमलिएका छन्। भाषा वंशावलीहरूमा परेको शङ्कराचार्यको नेपाल आगमन र बौद्धहरूको दमनको चर्चामा सत्यको मात्रा निकै कम छ र आद्य शङ्कराचार्यको भ्रमण तथा धर्मप्रचारको क्षेत्रभित्र नेपाल पर्न सक्दैन [१] भन्ने कुरा पहिल्याउन सफल भए तापनि इतिहासकारहरू सत्यको नजिक पुगेर फेरि एक पटक भुक्किएका छन्। ने.सं. २६४ (?) (ई. ११४४) को राष्ट्रिय संग्रहालयमा रहेको अभिलेखको अन्यथा व्याख्या गरी इतिहासकारहरूद्वारा "प्रसिद्ध शङ्कराचार्य नेपाल नआएका भए पनि उनकै परम्पराका एक शङ्कराचार्य स्वामी भने पूर्वमध्यकालमा विक्रमको बाह्रौं शताब्दीको उत्तरार्धतिर नेपाल आएका रहेछन्" भन्ने भ्रान्तिपूर्ण निष्कर्ष निकालिएको छ।

शङ्कराचार्यको नेपाल आगमनसम्बन्धी यो नयाँ भ्रान्त धारणालाई पहिलोपल्ट अघि सार्ने काम स्व. धनवज्र वज्राचार्यबाट भएको देखिन्छ [२] भने प्राज्ञ ज्ञानमणि नेपालको लेखाइमा पुगेर यसले एकता पाएको छ र हाँगा हालेको छ [३]। पछिल्ला अन्य लेखकहरूले भने संस्कृतज्ञसमेत मानिएका दुई वरिष्ठ इतिहासविद्ले दिएका व्याख्यामा शङ्का गर्नुपर्ने औचित्य नदेखेकाले होला उहाँहरूकै भ्रामक व्याख्यालाई वास्तविकता मानी सकार्नुभएको छ त्यसैले उपर्युक्त भ्रमको निराकरणका लागि यी दुबै लेखकले अघि सारेका व्याख्याको पुनर्मूल्याङ्कन गरी त्रुटिहरू केलाउन र वास्तविकतामाथि प्रकाश पार्न अनिवार्य भएको छ।

यही आवश्यकतालाई आत्मसात् गरी यस लेखमा मैले प्रथमतः 'ने.सं. २६४ को अभिलेख' मा प्रशंसा गरिएका योगीको सही पहिचान गरेको छु र उनी कसरी कुनै शङ्कराचार्य वा उनकै परम्पराका कुनै संन्यासीसमेत हुन सक्दैनन् भन्ने तथ्यलाई उपस्थित गरेको छु। यसपछि ती योगीको आगमनले नेपालको धार्मिक क्षेत्रमा परेको प्रभाव तथा आगमिक शैवपरम्परासँग तिनको सम्बन्धको चर्चा गरेको छु र अभिलेखमा रहेको "आमर्दक-अग्निमठ" को समेत पहिचान गरेको छु। अन्त्यमा मूल अभिलेखको पाठ दोहोऱ्याएर पढ्ने क्रममा कतिपय अशुद्ध पाठलाई सच्याई शैवदर्शन र परम्पराको पृष्ठभूमिमा खण्डितांश पूर्ति गर्ने र आफू शैवदर्शनको विद्यार्थी भएको नाताले मूलको आधिकारिक व्याख्यासमेत प्रस्तुत गर्ने कार्य गरेको छु।

---

१ टण्डन २०४३:२१, नेपाल २०४३:१८, थप विवेचनाका लागि हेर्नुहोस् -प्रधान २०४५:१२५-१३०।
२ वज्राचार्य २०३८:२१७-१८।
३ नेपाल २०४३:१८-३३, परिशिष्ट १।

राष्ट्रिय संग्रहालयको अभिलेख : भ्रम र वास्तविकता

हालसम्म शङ्कराचार्यको मानिएको राष्ट्रिय संग्रहालयमा रहेको ने.सं. २६४ को अभिलेख पहिलोपल्ट वि.सं. २०२३ मा डा. डिल्लीरमण रेग्मीद्वारा लिखित 'मेडिएवल नेपाल' को तेस्रो भागमा छापिएको थियो[४] तर त्यसबेला यसको पाठ शुद्धसँग पढिएको थिएन र ऐतिहासिक व्याख्या-विवेचनामा यसको उपयोग पनि हुन सकेको थिएन। वि.सं. २०३८ मा आएर मात्र स्व. धनवज्र वज्राचार्यबाट यस अभिलेखलाई शुद्धयाई पढ्ने प्रयास भएको हो[५]। उहाँले यसको सारांशसमेत प्रस्तुत गर्नुभएको छ र उहाँबाट नै आद्य शङ्कराचार्य नेपाल नआएका भए तापनि उनकै परम्पराका एक शङ्कराचार्य भने मध्यकालमा नेपाल आएका थिए भन्ने कुरा प्रचारमा ल्याइएको छ।

वज्राचार्यको यो मत प्रकाशमा आएपछि इतिहासको क्षेत्रमा कलम चलाउने सबैले यसैलाई सकार्दै आएका छन्। वि.सं. २०४३ मा डा. गोविन्द टण्डनले यस अभिलेखलाई 'देवपाटनको शङ्कराचार्य-मठ' शीर्षकको आफ्नो लेखमा परिशिष्टका रूपमा छपाउनुभएको छ[६] भने प्राज्ञ ज्ञानमणि नेपालद्वारा पनि वि.सं. २०४३ मै यसको शुद्धपाठ प्रकाशित गर्ने र कतिपय ठाउँमा खण्डितांशपूर्ति गरी अनुवाद गर्ने कार्यसमेत भएको छ तर कतैबाट पनि वज्राचार्यका भ्रान्त धारणाका विरुद्ध औंला ठड्याउने र तिनलाई सच्याउने काम भएको छैन, केवल वज्राचार्यले अघि सारेका कुरालाई नै अनुशरण र उपबृंहण गर्ने काम भएको छ।

यसैगरी 'लुशियानो पेतेक' ले पनि आफ्नो पुस्तक 'मेडिएवल हिस्ट्री अफ् नेपाल' को दोस्रो परिवर्धित संस्करणमा यस अभिलेखको चर्चा गरेका छन् र स्वतन्त्र रूपमा शङ्कराचार्यको प्रसंग कोट्याएका छन्।[७] उनले आफ्नो पुस्तकभन्दा चार वर्षअघि नै प्रकाशित बज्राचार्यको लेखको उपयोग गर्न सकेका छैनन् तर यस अभिलेखलाई शङ्कराचार्यसँग सम्बद्ध मान्ने कुरामा भने उनी पनि वज्राचार्यकै हाराहारीमा पुगेका देखिन्छन्।

यसरी यी इतिहासकारहरू माथि उल्लिखित ने.सं. २६४ को अभिलेखलाई शङ्कराचार्यको मान्ने भ्रमबाट ग्रस्त देखिन्छन्। यस्तो हुन पुग्नुमा इतिहासकारहरूको संस्कृतभाषाको ज्ञान काम चलाउमात्र हुनु र तिनलाई अभिलेखमा वर्णित विषयवस्तुको ज्ञान नहुनु नै मुख्य कारण देखिन्छन्। यहाँ उल्लिखित चार लेखकहरूमध्ये प्रत्येकले उक्त अभिलेखलाई 'दक्षिण भारतबाट नेपाल भित्रेका र पशुपतिनाथमा बसेका शङ्कराचार्यको सम्प्रदायका केही शैव आचार्यहरूको आध्यात्मिक गतिविधिमाथि लेखिएको प्रशस्ति' मानेका हुन् तर यस कुराको पुष्टि गर्न उनले मूलको कुनै अंशको पाठ पढ्ने वा व्याख्या गर्ने काम गरेका छैनन्।[८] टण्डनले अभिलेखको मूलपाठ पहिलोपल्ट छपाउने श्रेय प्राप्त गरे तापनि यसको व्याख्या गर्ने कार्य उहाँबाट भएको छैन र उहाँ वज्राचार्यले दिएको सारांशमा नै आधारित रही यसलाई शङ्कराचार्यको अभिलेख मान्न पुग्नुभएको छ। मध्यकालमा शङ्कराचार्य नेपाल आएका थिए भन्ने धारणालाई अघि सार्ने विद्वान् इतिहासकार वज्राचार्यद्वारा पनि मूल अभिलेखको पाठ वा अनुवाद प्रस्तुत गरिएको छैन र आफूलाई सारांशमा नै सीमित राख्ने काम गरिएको छ। यही सारांश नै पछिल्ला लेखकहरूका लागि ब्रह्मवाक्य बनेको छ र प्राज्ञ नेपालद्वारा यसैका आधारमा अभिलेखको मूलपाठ सहितको

---

४ रेग्मी २०२३ क्षक्ष, ३-६।

५ वज्राचार्यले यस अभिलेखको मूलपाठ शुद्धयाएर पढेका थिए। उनले आफ्नो लेखमा यो अभिलेख "मध्यकालका अभिलेख" मा छापिएको कुरा लेखेका छन्, तर कतिपय कारणले यो पुस्तक छापिएको देखिन्न। यसै प्रसङ्गमा टण्डनले आफूले पढेको पाठ वज्राचार्यको पाठसँग भिडाएको कुरा उल्लेख गर्नु भएको छ भनी चर्चा गर्नु सान्दर्भिक हुनेछ।

६ टण्डन २०४३:२७-२९।

७ Petech १९८४:६४-६५।

८ पेतेकले 'आवश्यक सम्बद्ध अंश' भनी अभिलेखको २५-२८ पंक्ति उद्धृत गरेका छन्, तर यस अंशमा नेपाली राजकुमारहरूले दीक्षा लिएको कुरामात्र परेको छ। यसबाट पेतेकले लेखेका कुनै कुरा पनि प्रमाणित हुँदैनन्।

Raj Kishore

अनुवाद प्रस्तुत गरी वज्राचार्यले फैलाएको भ्रमलाई अझ गाढा पार्ने काम भएको छ। त्यसैले यहाँ खण्डनको क्रमलाई अघि बढाउँदा मैले आफूलाई प्राज्ञ नेपालका व्याख्या तथा अनुवादमा केन्द्रित गर्नुपर्ने पाएको छु र नेपालले वज्राचार्यकै अनुशरण गरेकाले एकको खण्डन गर्दा अर्काको स्वतः खण्डन हुने मैले देखेको छु। यसका साथै यी दुबैको खण्डनबाट यिनको अनुसरण गर्ने कुलचन्द्र कोइराला लगायतका पछिल्ला अन्य लेखकहरूको अलग-अलग खण्डन गर्नुपर्ने आवश्यकता बाँकी नरहने पनि मैले देखेको छु।

मूल अभिलेखमा कतै पनि कुनै शङ्कराचार्य, उनको परम्परा वा त्यससँग सम्बद्ध कुनै योगी दण्डी स्वामी शङ्कराचार्यको उल्लेख परेको छैन। मूल अभिलेखको सातौं पद्यमा परेको 'यहाँ शैव 'शिव' हरू जन्मिए' (अमुष्मिन् सत्स्थाने शिवैः शैवैः समजनि) भन्ने अभिव्यक्ति र आठौं पद्यमा परेको 'शङ्करत्वमा प्राप्त भएका योगी भए' (शङ्करतामुपेता भट्टारका अभवन्) भन्ने अभिव्यक्तिबाट कुनै शङ्कराचार्यको सूचना पाइँदैन[९] तर प्राज्ञ नेपालद्वारा यिनै दुई पद्यको आफ्नै किसिमको अर्थ गरी यस अभिलेखको नाता शङ्कराचार्यसँग जोड्ने काम भएको छ। यसो गर्दा उहाँले आदरार्थी बहुवचनलाई सामान्य बहुवचन बनाइदिनुभएको छ भने नामलाई विशेषण। यसरी एकातर्फ साहित्यिक अभिव्यक्तिको मर्म अनावृत नै रहेको छ भने अर्कातर्फ 'शङ्कराचार्य साँढे चढ्थे' भन्ने जस्ता अस्वाभाविक विषय अभिव्यक्त हुन पुगेका छन्।[१०]

प्राज्ञ नेपालका लेखाइबाट अभिलेखमा प्रशंसा गरिएका योगीका गुरु वा चेलाको नामसम्म पनि खुल्दैन तर अलि सावधान भएर पढेका खण्डमा मूल अभिलेखमा यी दुबैको नाम सजिलै भेट्न सकिन्छ। मूल अभिलेखको नवौँ पङ्क्ति (श्लोकसङ्ख्या ८) मा उदितमूर्तिशिवको र बाह्रौं पङ्क्ति (श्लोकसङ्ख्या११) मा उनका शिष्य रुद्रशिवको नाम आएको छ। अभिलेखमा यी दुबै नाम आदरार्थी बहुवचनमा प्रयोग भएका देखिन्छन् किन्तु प्राज्ञ नेपालद्वारा उक्त कुरा ठम्याइएको छैन। सायद शिवान्त नामसँग अभ्यस्त नभएकाले होला, लेखकद्वारा पहिलो नामलाई कथित शङ्कराचार्यको विशेषण मानी त्यसको 'शिवजीकै नाम र मूर्ति लिएका' भन्ने भ्रान्त अर्थ व्यक्त हुन पुगेको छ भने दोस्रो नामलाई कथित शङ्कराचार्यका शिष्यहरूको दललाई बुझाउने गण किंवा समूहको नाम तुल्याइएको छ।[११] यसरी प्राज्ञ नेपालजस्ता वरिष्ठ संस्कृतज्ञबाट यस्ता भ्रान्तिपूर्ण विषयहरू प्रकाशित हुँदा इतिहासका पाठकहरू यथार्थबाट वञ्चित हुन पुगेका छन्।

वास्तवमा यो अभिलेख काशी-स्वर्लीरनस्थानको आमर्दक अग्निमठका प्रधान आचार्य रुद्रशिव दोस्रो पटक नेपाल-यात्रामा आएको बेला लेख्न लगाइएको हो। यस प्रशस्ति अभिलेखमा रुद्रशिवका गुरु उदितमूर्तिशिवलाई 'शिवत्वमा प्राप्त भएका भट्टारक' भनी मुक्तकण्ठले प्रशंसा गरिएको छ। साथै उनको नाम सार्थक थियो, शिवमा रहने गुणहरू उनीमा पनि रहन्थे भनी उनको बखान गरिएको छ। यस्तै रुद्रशिवलाई पनि संसारमा उनीजस्ता पवित्र योगी दुई तीन जनामात्र होलान्' भनी सम्मान गरिएको छ। यस अभिलेखमा शैव-शाक्त दर्शन तथा तान्त्रिक चिन्तन प्रक्रियाको गहिरो छाप छ र अग्निमठको सम्बन्ध दुर्वासा, आमर्दक, वासुकि आदि शैव परम्पराका आदि पुरुषहरूसँग देखाइएको छ। यहाँ माया-विद्या-कला-राग-काल र नियति तत्त्वको प्रभाव शान्त भएर हुने शक्तिपात (ईश्वरीय कृपा) को क्रमलाई सरस ढंगबाट उपस्थापित गरिएको छ। यस अभिलेखमा काशी नगरी, गङ्गा नदी र आमर्दक अग्निमठको रोचक वर्णन गरिएको छ र यहाँ शिव

---

९ हेर्नुहोस् -यही लेखको तेस्रो अंशमा अभिलेखको मूल तथा अनुवाद।

१० यी सबै दोषहरू वज्राचार्यको लेखमा पनि समान छन्, तर प्राज्ञ नेपालद्वारा मूल अभिलेख अघि सारी त्यसको अनुवाद गर्दा पनि यी दोषहरूलाई हटाउनुको सट्टा बढाइएको छ।

११ नेपाल २०४३:५१, ५२।

नामधारी शैवहरू भएको कुराको उल्लेख गरिएको छ। यसै गरी रुद्रशिवले आनन्ददेव, वसन्तदेव, सोमेश्वर र यशोमल्ललाई दीक्षा दिएको, पहिलोपल्टको नेपाल–यात्रामा पाएको धनले काशीका दुई शिवमन्दिरको जीर्णोद्धार गराएको र दोस्रो पल्टको यात्रामा कमाएको धनले सोची–विचारी यहाँ विष्णुमतीसङ्गममा 'शम्भुप्रासाद' बनाएको कुराको पनि अभिलेखमा उल्लेख छ।

माथिको विवेचनाबाट ने.सं. २६४ को यहाँ चर्चा गरिएको अभिलेख आमर्दक अग्निमठका शिव नामधारी शैव आचार्यहरू उदितमूर्तिशिव र उनका शिष्य रुद्रशिवसँग सम्बद्ध छ भन्ने तथ्य स्पष्ट भएको छ तर यहाँ यी दुबैलाई शङ्कराचार्य वा तिनका अनुयायी मान्न किन सकिन्न र आमर्दक अग्निमठ शङ्कराचार्य परम्परामा किन पर्दैन भन्ने प्रश्न स्वाभाविक रूपमा उठेको छ। साथै यी दुबै शङ्कराचार्य नभएर को हुन् र कुन परम्परासँग सम्बन्ध राख्छन् भन्ने जस्ता प्रश्नहरूको समेत उत्तर खोज्नु आवश्यक भएको छ।

रुद्रशिव शङ्कराचार्य हुन सक्दैनन्

उदितमूर्तिशिव तथा रुद्रशिव शङ्कराचार्य वा उनको परम्पराका संन्यासी हुन सक्दैनन्, बरु यसको सट्टा उनी आगमिक शैव- परम्पराको द्वैतवादी धाराका आचार्य ठहरिन्छन्। यस कुरामा निम्नलिखित तथ्यहरूलाई प्रमाणका रूपमा उपस्थापित गर्न सकिन्छ।

अभिलेखमा उल्लिखित 'अग्निमठ'को शङ्कराचार्य वा उनको परम्परासँग कुनै सरोकार छैन। अभिलेखबाटै अग्निमठको सम्बन्ध आमर्दकसँग छ भन्ने स्पष्ट छ।'[१२] आमर्दक शैव चिन्तन परम्पराका तीन प्रमुख धारा–द्वैत, अद्वैत, द्वैताद्वैत मतमध्ये द्वैतमतका प्रथम आचार्य मानिन्छन्। आमर्दक, त्र्यम्बक र श्रीनाथले अलग अलग मठ स्थापित गरी शैव चिन्तनलाई अघि बढाएका थिए।'[१३] त्यसैले आमर्दकले नै 'अग्निमठ' स्थापित गरेका थिए भन्नु पर्ने हुन्छ। प्राज्ञ नेपालले भने अग्निमठलाई आद्य शङ्कराचार्यद्वारा स्थापित मानेका छन् तर यो मान्यता भ्रमपूर्ण छ। आद्य शङ्कराचार्यले बदरीनाथ, पुरी, द्वारका र शृङ्गेरीमा गरी चार दिशामा चार मठमात्र स्थापित गरेका हुन्।'[१४] 'काशीमा आद्य शङ्कराचार्यको समयमा मठस्थापना सम्भव पनि थिएन।'[१५] शङ्कराचार्य–परम्परा, तान्त्रिक शैव–परम्परा र तात्कालिक भारतीय परिवेशको समेत ठीक–ठीक मूल्याङ्कन नगरिएकाले प्राज्ञ नेपालद्वारा यस्तो धारणा प्रकाशमा ल्याइएको जस्तो लाग्छ।

---

१२ मूल अभिलेख, श्लोकसंख्या ५।

१३ तदा श्रीकण्ठनाथाज्ञावशात् सिद्धा अवातरन्॥
तयम्बकामर्दकाभिख्यश्रीनाथा अद्वये द्वये।
द्वयाद्वये च निपुणाः क्रमेण शिवशासने॥
आद्यस्य चान्वयो जज्ञे द्वितीयो दुहितृक्रमात्।
स चार्धतयम्बकाभिख्यः सन्तानः सुप्रतिष्ठितः॥
अतश्चार्धचतस्रोद्त्र मठिकाः सन्ततिक्रमात्। तन्त्रालोक ३६/११–१४
विस्तृत विवरणका लागि हेर्नुहोस् – द्विवेद १९८३:११८–११९, Chatterji १९१४:५–६

१४ Radhakrishnan १९४०:४४८

१५ लगभग डेढ दशक अघि काशीमा 'शङ्कराचार्य मठ' को अभाव देखि करपात्री स्वामीले एक मठको स्थापना गरेका छन्। यस अघि त्यहाँ शङ्कराचार्य मठ थिएन। आद्य शङ्कराचार्यको समयमा काशी पाशुपत कापालिक आदि उग्र तथा सौम्य विविध सम्प्रदायका तान्त्रिक शैवहरूको केन्द्र थियो र यिनीहरूको प्रतिद्वन्द्वितामा काशीमा मठ स्थापित गर्न शङ्कराचार्य तयार थिएनन्। सम्भवतः शङ्कराचार्यले आफूलाई वैचारिक रूपमा बढी फैलाएका थिए र यसको अभावले उनको परम्पराको विस्तार हुँदै गएपछि मात्र मठहरूको विस्तार भएको हुन बढी सम्भव देखिन्छ। शङ्कराचार्यले यत्रतत्र दिग्विजयका यात्रा गरेको र बौद्ध तथा तान्त्रिक शैव शाक्त सम्प्रदायका मानिसहरूसँग शात्रार्थ गरेको कुरा "शङ्करदिग्विजय" जस्ता पछिल्ला ग्रन्थले उब्जाएका कुरा हुन्। "शङ्करदिग्विजय" ले दिएका विवरण वंशावलीहरूले दिएजस्तै हुन्। 'शङ्करदिग्विजयमा एघारौं शताब्दीको सुरुतिर जीवित रहेका अभिनवगुप्तसँग शङ्कराचार्यले शास्त्रार्थ गरेको देखाइएबाट पनि यसको अविश्वसनीयता स्पष्ट हुन्छ। प्रधान २०४५:१२५–१३० पनि हेर्नुहोस्।

Raj Kishore

यस अभिलेखमा परेका दुबै योगीका नाम शिवान्त छन् अर्थात् दुबै नामको अन्तमा शिव लागेको छ, साथै अग्निमठमा शिव नामधारी शैवहरू रहने गरेको सूचना अभिलेखबाट पाइन्छ ।[१६] शङ्कराचार्य परम्परामा नामका पछाडि गिरि, पर्वत, सागर, तीर्थ, वन, अरण्य, पुरी, आश्रम, भारती र सरस्वती यी दश नाम जोडिन्छन् र यिनलाई दशनामी भनिन्छ' ।[१७] शिव दश नामभित्र पर्दैन । त्यसैले उदितमूर्तिशिव र रुद्रशिव शङ्कराचार्य परम्परामा हुन सक्दैनन् ।

यस अभिलेखमा आगमिक शैव परम्पराका आदिगुरु दुर्वासा, द्वैत शैवमतका प्रथम आचार्य आमर्दक, काश्मीरी प्रत्यभिज्ञा दर्शनका प्रणेता उत्पल, स्पन्दशास्त्रका जनक शक्तिपारम्यवादी कल्लट र सम्भवतः शिवसूत्रद्वारा वसुगुप्तको'[१८] समेत नाम आएको छ। यदि यो अभिलेख शङ्कराचार्यकै परम्पराका कसैले "लेखाएका भए आद्य शङ्कराचार्यको उल्लेख नगरी विरोधी आगम–परम्पराका द्वैतसहित अन्य शैव सिद्धान्तका आचार्यहरूको आदरपूर्वक नामोल्लेख गर्ने थिएनन् ।

यस प्रशस्ति अभिलेखमा शाङ्कर वेदान्तको तत्त्वचिन्तन प्रक्रियामा स्वीकार नगरिएका माया, विद्या, राग, काल, नियति र कला तत्त्वको उल्लेख परेको छ' ।[१९] यसको साथै यहाँ आगमप्रोक्त शक्तिपातको चर्चामात्र होइन स्तुति नै गरिएको छ जुन कुरा शाङ्करवेदान्तको प्रक्रियामा अङ्गीकृत छैन ।

शङ्कराचार्यको परम्परामा सम्प्रदायप्रवर्तक आद्य शङ्कराचार्य, उनका रचना र नारायणदेखि दिएर आद्य शङ्कराचार्य तथा उनका चार प्रमुख शिष्य– पद्मपाद, हस्तामलक, त्रोटक र सुरेश्वरको समेत उल्लेख परेको 'गुरुसन्तति'लाई विशेष महत्त्व दिइन्छ। यी सबै कुरा समावेश गरिएको एक निश्चित प्रशस्ति शङ्कराचार्य र त्यस परम्पराका दशनामी संन्यासीहरूबीच प्रचलित पनि छ।[२०] यस्ता प्रशस्ति कुनै पनि समारोह पूजा–आरतीमा समेत गाइन्छ र शङ्कराचार्यहरू त प्रशस्ति गानबिना पाइलासम्म अघि सार्दैनन् । यदि यो अभिलेख शङ्कराचार्यकै परम्पराका कसैले लेखाएका भए कम से कम उक्त प्रकारको प्रशस्ति वा त्यसको भाव अवश्य समावेश गराउँथे तर अभिलेखमा यसको अभाव छ।[२१]

यी सबै प्रमाणहरूबाट यस प्रशस्ति अभिलेखमा प्रशंसा गरिएका योगीहरू उदितमूर्तिशिव र रुद्रशिव

---

१६ मूल अभिलेख, शलोकसंख्या ७ ।

१७ संन्यास पद्धतिहरूमा यी विवरण पाइन्छन् । मैले यी कुरा शङ्कराचार्य परम्पराका संन्यासीहरूसंग सम्पर्क गरी थाहा पाएको हुँ । यसै प्रसङ्गमा थापाथलीको संन्यासी अखडालाई 'दशनामी' भनिने गरेको कुरा स्मरणीय छ।

१८ अभिलेखमा उल्लिखित आचार्यहरू उत्पल र कल्लट दुबै काश्मीरी शैव परम्परासँग सम्बद्ध छन् । यिनीहरूसँगै अन्य दुई अपरिचित आचार्य पित्तामह र अष्यवसुको नाम आएको छ । यी मध्येमा एक अष्यवसु शिवसूत्रद्राणा वसुगुप्त हुन् भन्ने मेरो विचार छ । अभिनवगुप्तका पिता 'नरसिंह' लाई नामको पछिल्लो अंशमा थर जोडी 'सिंहगुप्त' मात्र पनि भनिन्थ्यो । यसैगरी 'अष्यवसु' लाई नै नामको पछिल्लो अंशमा थर जोडी 'वसुगुप्त' भनिएको हुनुपर्छ ।

१९ मूल अभिलेख शलोकसंख्या ४। मूलमा एक अंशको पाठ पढ्न सकिएको छैन र सो ठाउँमा मैले पाठ सुभाएको छु। सिङ्गो पद्यले शक्तिपातलाई लक्षित गर्न खोजेको देखिएकोले र शक्तिपातका क्रम निराकरण हुने तत्त्वहरूमध्ये चारको यहाँ उल्लेख रहेकाले बाँकी दुई तत्त्व काल र नियतिलाई समाविष्ट गरी मैले पाठ सुभाएवो हुँ।

२० शङ्कराचार्य परम्परामा हाल प्रचलित रहेको 'गुरुसन्तति' नमस्कार यस्तो छ–
नारायणं पद्मभवं वसिष्ठं शक्तिञ्च तत्पुत्रपराशरञ्च ।
व्यासं शुकं गौडपादं महान्तं गोविन्दयोगीन्द्रमथास्य शिष्यम् ॥
श्रीशङ्कराचार्यमथास्य पद्मपादञ्च हस्तामलकञ्च शिष्यम् ।
तं त्रोटकं वार्तिककारमन्यानस्मद्गुरु सन्ततमानतोद्रस्मि ॥

२१ यस्तै, उदितमूर्तिशिवले विभिन्न तान्त्रिक ग्रन्थहरूको परिश्रमपूर्वक अध्ययन गरेका थिए भन्ने उल्लेख अभिलेखमा छ, तर शङ्कराचार्यका कुनै पनि रचनाको चर्चा छैन ।

Raj Kishore

शङ्कराचार्य वा त्यस परम्पराका दण्डी स्वामी हुन सक्दैनन् भन्ने कुरा स्पष्ट भएको छ र यिनीहरूको आगमिक शैव परम्परासँगको सम्बन्ध छर्लङ्गिएको छ।

यसरी यी योगीहरूको नाम तथा यिनीहरूको सम्प्रदाय किंवा परम्पराको समेत टुंगो लागेपछि अब आगमिक शैव परम्परा, अग्निमठ र त्यससँगको रुद्रशिवको सम्बन्धका बारेमा केही चर्चा गर्नु अपरिहार्य भएको छ।

आगमिक शैवपरम्परा र रुद्रशिव

धेरै लामो समयदेखि भारतीय चिन्तन परम्परा वैदिक र आगमिक गरी दुई स्वतन्त्र धारामा अघि बढेको पाइन्छ। वेद र तिनका अङ्गग्रन्थहरूलाई आधार बनाई अघि बढेको परम्परा वैदिक मानिन्छ भने आ–आफ्ना स्वतन्त्र आगम र तीसँग सम्बद्ध ग्रन्थहरूलाई आधार बनाई अघि बढेको परम्परा आगमिक किंवा तान्त्रिक परम्परा मानिन्छ। शैव, वैष्णव, शाक्त आदि प्रत्येकका स्वतन्त्र आगमहरू छन् र तिनमा आधारित छुट्टाछुट्टै परम्परा र दर्शन पनि। यीमध्ये यस लेखको विषयवस्तुसँग सम्बद्ध आगमिक शैव परम्परा र दर्शन मूलतः द्वैत, अद्वैत र द्वैताद्वैत गरी तीन धारमा बगेको पाइन्छ। आमर्दक, त्र्यम्बक र श्रीनाथ क्रमैसँग यी तीन सम्प्रदायका प्रथम आचार्य मानिन्छन् र यिनीहरूकै माध्यमबाट शैवशास्त्र लोकमा अवतरित भएको मानिन्छ।[२२]

यी आचार्यहरूले आ–आफ्नो सम्प्रदायको मठ स्थापित गरी शैवशास्त्रहरूको अध्ययन र परम्परालाई अघि बढाएका थिए। यी आचार्यहरूका नामसँग जोडिएका 'त्र्बकगुहा', 'आमर्दकतपोवन' र 'श्रीनाथ' तीर्थहरूको वर्णन पुराण तथा ऐतिहासिक सामग्रीमा समेत पाइन्छ।[२३] यिनले ती ती आचार्यले स्थापना गरेका मठहरूको अवस्थितितिर संकेत गर्दछन्। श्रीनाथ मठपरम्पराका सम्बन्धमा त्यति सूचना सामग्री नभेटिए पनि त्र्यम्बक र आमर्दक मठपरम्पराका सम्बन्धमा केही सूचना भेटिन्छ। तिनका आधारमा त्र्यम्बकपरम्परा कश्मीरमा पुगी विकसित एवं पल्लवित भएको तथ्य थाहा पाइन्छ।[२४] भने आमर्दक परम्पराको सम्बन्ध शिवान्त नामधारी सिद्धान्त शैवहरूसँग गाँस्न सकिन्छ।'[२५]

शिवान्त नामधारी शैवहरूको [२६] सातौं शताब्दीदेखि बाह्रौं शताब्दीभित्र बढी उल्लेख भेटिन्छ।[२७] यिनीहरू शुरुमा मध्यदेशमा रहन्थे भन्ने विशेषज्ञहरूको राय छ।[२८] 'सबै मत–मतान्तर सहितका शैवशास्त्र र परम्पराको मूल उद्‌गमस्थल 'मध्यदेश' नै हो' [२९] भन्ने क्रान्तदर्शी शैव चिन्तक तथा साधक अभिनवगुप्तको भनाइ पनि

---

२२ हेर्नुहोस् – माथि, टिप्पणी संख्या १३

२३ हेर्नुहोस् – मत्स्यपुराण २२/४७,५१, Sastri १९८३ , द्विवेद १९८८:४–५,९

२४ शिवदृष्टि ७/१०७–१२३

२५ हेर्नुहोस् – द्विवेद १९८८:४–५, १२

२६ शिवान्त नामधारी शैव योगीहरूमध्ये केही यस प्रकार छन् – विमलशिव (विमलावतीका लेखक), व्योमशिव ('व्योमवती' का लेखक), सदाशिव (शिवगुप्त बालार्जुनको सेनकपाट अभिलेखमा उल्लिखित), ईशानशिव (ईशानशिव गुरुदेवपद्धतिकार), योगशिव (पद्धतिकार), त्रिलोचनशिव (सिद्धान्तसारावलीका लेखक), धर्मशिव (लघुस्तवका लेखक) रूपशिव (मन्थानभैरवतन्त्रका टीकाकार), उत्तुङ्गशिव (पद्धतिकार, भोजदेवका गुरु) अघोरशिव (अष्टप्रकरण मध्ये ६ का व्याख्याता) सर्वात्मशिव (अघोरशिवका गुरु), कुमारशिव (द्विवेद १९८८:८–९), सोमशिव (द्विवेद १९८८:४–५, टिप्पणी ५), सद्योज्योतिशिव (नरेश्वरपरीक्षाका लेखक), अरुणान्तिशिव (शिवज्ञानसिद्धिका लेखक) र (उमापतिशिव (शिवप्रकाश आदि विविधग्रन्थका लेखक)।

२७ द्विवेद १९८८:४–५

२८ हरप्रसाद शास्त्री र डा.वासुदेव मिराशीको मत यो थियो भनी द्विवेदले लेखेका छन् र आफ्नो पनि त्यसैमा सहमति जनाएका छन्। हेर्नुहोस् द्विवेद १९८८:९।

२९ निश्शेषशास्त्रसदनं किल मध्यदेशः – तन्त्रालोक ३७/३८।

Raj Kishore

यहाँनिर मननीय देखिन्छ। यिनीहरू मध्यदेशवाट प्राचीन लाटदेश [३०] हुँदै दक्षिण भारत तथा कश्मीरमा पनि पुगेका हुन्।[३१] प्रस्तुत अभिलेखमा भेटिएका उदितमूर्तिशिव र रुद्रशिव यिनै शैवहरूको सूचीमा थपिने नाम हुन्। यी दुबै आमर्दक अग्निमठका प्रधान शैवाचार्य ठहरिन्छन्। उदितमूर्तिशिव आमर्दक परम्पराका भए तापनि अन्य शाक्तागम तथा त्र्यम्बकमठको कश्मीरी शाखाका पुराना आचार्य 'उत्पल'द्वारा प्रतिपादित प्रत्यभिज्ञा दर्शन र 'कल्लट'ले व्याख्या गरेको स्पन्दशास्त्रका समेत [३२] ज्ञाताका रूपमा प्रस्तुत गरिएका छन्। अभिलेखमा परेको 'दृग्देवी', 'शम्भुव्योम', 'करन्त्र' जस्ता पदप्रयोगले यी योगीहरू क्रमदर्शन तथा तान्त्रिक कुण्डलिनी योगसँग पनि परिचित थिए भन्ने देखिन्छ। वस्तुतः शैवादि तान्त्रिक परम्परामा एउटा सम्प्रदायलाई प्रधानता दिए तापनि सबैले अर्को सम्प्रदायका ग्रन्थहरूलाई प्रमाण नमानेको पाइन्न। अझ पछिल्लो कालमा त, काश्मीरी शैवदर्शनको प्रभावमा परी आमर्दक परम्पराकै कसैले त आफ्नो सम्प्रदायका ग्रन्थहरूमाथि अद्वैतमूलक व्याख्यासमेत लेखेका छन्।

स्वर्लीनस्थानको अग्निमठ

प्रस्तुत अभिलेखमा उदितमूर्तिशिवको काशी–गङ्गाकिनारको स्वर्लीन भन्ने ठाउँमा रहेको मूलथलो अग्निमठको चर्चा परेको छ र यहाँ यस मठलाई आमर्दक पनि भनिएको छ।[३३] स्वर्लीनस्थानको आमर्दक–अग्निमठको पहिचान गर्ने प्रयासमा बनारसका घाटहरू चाहार्दै जाँदा हालको राजघाट वरपरको विस्तृत क्षेत्रलाई प्राचीन समयमा 'स्वर्लीन' भनिन्थ्यो भन्ने निष्कर्षमा म पुगेको छु। यहाँ स्वर्लीनेश्वर [३४] महादेवको मन्दिर छ र पुरानो अग्निमठ रहेको ठाउँमा हाल 'पञ्च अग्नि अखडा' छ। राजघाटको पुलबाट घाटैघाट काशीतिर अघि बढ्ने क्रममा राजघाटको लगभग अन्तिम छेउमा 'पञ्च अग्नि अखाडा' देख्न सकिन्छ। यसको दायाँतिरबाट केही साँगुरा र घुमाउरा सिँढी ठाडै उक्लेपछि स्वर्लीनेश्वर महादेवको मन्दिरमा पुगिन्छ। मन्दिरको पछि बनाइएको बाहिरी पर्खालमा बनारसकै कमसल ढुंगामा बनेका र नचिनिने गरी खिइसकेका केही मूर्ति एवं आकारमात्र बचेका ब्रह्मा, त्रिविक्रम र बुद्धका मूर्तिहरू साथै चिनिने अवस्थाका वराहावतार र कुनै योगीको मूर्ति पनि जडिएको देख्न सकिन्छ। सो पर्खालभित्र ठीकैको होचो र पुरानो ढुंगे मन्दिरमा गर्भगृहभित्र गोलो जलहरी भएको स्वर्लीनेश्वर शिवलिङ्ग छ र त्यहीँ भित्र उत्तरतिर भित्तामा खिइसकेको चण्डेश्वरको सानो मूर्ति छ। हाल यहाँ पुरानो अग्निमठ छैन तर सोही स्थानमा रहेको 'पञ्च अग्नि अखाडा'ले अग्निमठको झझल्को भने दिन्छ। स्वर्लीनेश्वर अग्लो ठाउँमा छ भने यो अखाडा त्यसैको सीधा तल गङ्गा किनारमा छ। यहाँ नयाँ निर्माण गरी हाल धर्म सेवा संघले अखाडा चलाए पनि अलि पुरानो र सामान्य घरजस्तो मन्दिरमा यहाँ पनि पुरानो शिवलिङ्ग, अग्निकुण्ड र अन्य मूर्तिहरू रहेका छन्।

यस क्षेत्रमा ठाउँ–ठाउँमा पुराना कलात्मक अवशेषहरू छन्। गङ्गा किनारैमा बर्सातमा पानी आइपुग्ने

३० गुजरातको अधिकांश क्षेत्र लाटदेश अन्तर्गत थियो। हेर्नुहोस् लाहा १९७२:४७९–४८०।

३१ द्विवेद १९८२:३६–३७, १९८८:४–५।

३२ 'उत्पल, कल्लट, वसुगुप्त आदि काश्मीरी शैव आचार्यहरूका ग्रन्थहरूका लागि हेर्नुहोस् – Chatterji १९१४:३९–४०। प्रत्यभिज्ञादर्शन र स्पन्दशास्त्रको छोटकरी विवेचनाका लागि हेर्नुहोस् – Sanderson १९८७, Bhadarkar १९१३, Chatterji १९१४।

३३ मूल अभिलेख श्लोकसंख्या ५,१७/ प्राज्ञ नेपालले मूलको पाठ पढ्दा र अनुवाद गर्दा 'स्वर्ल्लीन'को ठाउँमा 'स्वल्लीन' पढ्नुभएको छ, तर ग्रन्थमा यसको उपयोग गर्दा भने यसैलाई खल्लीन पढ्नुभएको छ र यी दुईमध्ये कुनचाहिँ उहाँले मान्नुभएको हो त्यस कुरालाई प्रष्ट गर्न शुद्धिपत्रमा पनि यस कुरालाई सच्च्याउनुभएको छैन।

३४ स्वर्लीनेश्वरको उल्लेख काशीखण्डमा ओङ्कारादि ४२ लिङ्गहरूको क्रममा आएको छ।

Raj Kishore

ठाउँमा बालुवाले छोपिएर अलिकति शिरमात्र देखिएको कालो ढुंगाको शिवलिङ्ग र कुनै मन्दिरको भित्ताको गणेशमूर्ति पनि यहाँ छ। सम्भवतः स्वर्लीनेश्वर मन्दिरको सीधा तल रहेको अग्निमठ र अग्निकुण्डसहितको तल्लो शिवमन्दिर गङ्गा आएको कुनै ठूलो बाढीको चपेटामा परेको हुनसक्छ। रुद्रशिवले पहिलोपल्टको नेपाल भ्रमणमा कमाएको दानदक्षिणाले जीर्णोद्धार गराएको भनिएका दुई शिवमन्दिर [३५] स्वर्लीनेश्वर तथा अग्निकुण्डसहितको तल्लो शिवमन्दिर हुन सक्छन्।

हालको अग्नि अखाडाका सञ्चालकहरूलाई अग्निमठको बारेमा केही थाहा छैन तर त्यस ठाउँमा दुईहजार पच्चीस सय वर्ष अघिदेखि मठ थियो रे भन्ने स्थानीय अनुश्रुति रहेको कुरा आफूले थाहा पाएको उनीहरू बताउँछन्।

अहिले 'स्वर्लीन' साँगुरिएर वरिपरिबाट घरहरूको च्यापुवामा सीमित हुनपुगे तापनि प्राचीन समयमा सम्भवतः पञ्चगङ्गाघाटदेखि माथितिर गङ्गा किनारै किनार वरुणासङ्गमसम्म स्वर्लीन फैलिएको थियो। अझै पनि यस क्षेत्रमा वसन्त कलेज, कृष्णमूर्ति फाउण्डेशन, गान्धी इन्स्टिच्यूट र जताततै मन्दिरका कलात्मक अवशेषहरू देख्न सकिन्छन्। कृष्णमूर्ति फाउण्डेशनको पछाडि अझै पनि केही मन्दिर छन्। यता पञ्चगङ्गाघाटमा उदितमूर्तिशिवका चेला रुद्रशिवले बनाएको मठको भग्नावशेष यसमाथि मस्जिद बनेर पनि केही बाँकी छ। यस सम्पूर्ण क्षेत्रलाई ऐतिहासिक 'आमर्दक-तपोवन'का रूपमा पहिचान गर्नुपर्ने मेरो धारणा छ।[३६]

शैवधर्मको मूलथलो मध्यदेश नै हो भन्ने पारम्परिक विश्वास रहेबाट र काशीका अभिभावक देवता मानिएका कालभैरवको अर्को नाम 'आमर्दक' देखिएबाट [३७] साथै रुद्रशिवको प्रस्तुत अभिलेखमा अग्निमठलाई आमर्दक भनिएबाट पनि यसतर्फ विचार गर्न मलाई हौसला मिलेको छ तर सामग्री सङ्कलनमा हुने कठिनाइ र सुविधाका अभावमा हाल मैले आफूलाई विवश पाएको छु र यथासमय भारतीय इतिहासविद्हरूका मतहरू केलाई आफ्नो विचार अवश्य नै प्रस्तुत गर्नेछु।[३८]

पशुपतिको पूजाव्यवस्था र रुद्रशिव

ने.सं. २६४ को आसपास केही वर्षको अन्तरालमा [३९] काशीबाट उदितमूर्तिशिवका चेला रुद्रशिव दुईपल्ट नेपाल आएका थिए र यहाँको धार्मिक क्षेत्रमा केही प्रभाव छाडिगएका थिए। रुद्रशिवले यहाँका युवराज आनन्ददेव र

---

३५ मूल अभिलेख, शलोकसंख्या २२।

३६ 'आमर्दक तपोवनको भौगोलिक अवस्थिति विषयका विभिन्न मतको उल्लेख गरी आमर्दक आदि मठहरूको स्थिति मध्य भारतमा थियो भन्ने कुरामा द्विवेद (१९८८:९) ले सहमति जनाएका छन्, तापनि 'आमर्दक तपोवनको भौगोलिक स्थिति विषयक प्रश्न आज पनि समाधानको अपेक्षा राख्दछ भन्ने मेरो विचार छ' भनी उनले लेखेका छन्।

३७ Monier १८९९, आमर्दकलाई भैरवको कोटिमा राखी पुज्ने गरेका प्रमाणहरू भेटिएका छन् (उदाहरणका लागि हेर्नुहोस् - गुह्यकाली निशार्चन विधि (नेपाल जर्मन हस्तलिखित ग्रन्थसंरक्षण परियोजना माइक्रोफिल्मसंख्या (ए ९४८/८), गुह्यकालीपूजा (पूर्ववत् माइक्रोफिल्मसंख्या ए ९९८/१२) /मत्स्येन्द्रनाथ काठमाडौं उपत्यकाका अभिभावक देवता भएजस्तै "आमर्दकनाथ" वाराणसीका अभिभावक देवता हुन्। जसरी मत्स्येन्द्रनाथ अवलोकितेश्वरका रूपमा पनि पूजिन्छन्, त्यसरी नै आमर्दकनाथ पनि कालभैरवका रूपमा पूजिन्छन्।

३८ वाराणसीमा आवश्यक सूचना सङ्कलन र स्थलगत भ्रमणका क्रममा सल्लाह र साथ दिनु हुने सांख्ययोगतन्त्रागमविभाग, सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयका विभागाध्यक्ष गुरु डा. रामजी मालवीय तथा प्राध्यापक मित्र डा. काशीनाथ न्यौपानेप्रति म आभारी छु।

३९ प्राज्ञ नेपालले यी योगीको पहिलोपल्टको नेपाल आगमन वर्ष ने.सं. २२२ हो भन्ने कुरा असही भन्न सकिँदैन बरु मिल्दोजुल्दो नै देखिन आउँछ भनी लेख्नुभएको छ। यो कुरा त्यति उपयुक्त देखिन्न। यी योगी पहिलोपल्ट नेपाल आई केही समय बसी काशी फर्केका र त्यहाँ दुई शिवमन्दिरको जीर्णोद्धार गरी तत्कालै नेपाल फर्केका थिए भन्ने सङ्केत मूल अभिलेखमा परेको छ। पहिलो आगमन र दोस्रो आगमन बीचको अन्तराल प्राज्ञ नेपालका कुरा सकार्दा ४२ वर्षको हुन आउँछ। त्यसैले, तीनवटै अङ्क एउटै (२२२) पार्ने रमाइलोबाट प्रेरित ठ्यासफूको उल्लेखकै भरमा कुनै समाधान खोज्न सम्भव छैन।

Raj Kishore

राजकुमारहरू वसन्तदेव, सोमेश्वर तथा यशोमल्ललाई दीक्षा दिएको र विष्णुमती–सङ्गममा 'शम्भुप्रासाद' स्थापना गरेको कुरा अभिलेखबाट थाहा पाइन्छ।[४०] भाषावंशावलीमा भने शङ्कराचार्य स्वामीले यहाँ आई पशुपतिमा भट्ट ब्राह्मणलाई पूजाहारीमा नियुक्त गर्ने व्यवस्था गरे भन्ने उल्लेख भेटिएको छ[४१] र वंशावलीमा शङ्कराचार्य भनिएका यी व्यक्ति रुद्रशिवबाहेक कोही हुन सक्दैनन्। समकालिक इतिहासवेत्ताहरू त योगीको वर्णन देख्ने बित्तिकै उनलाई शङ्कराचार्य मान्न हतारिन्छन् भने अनुश्रुतिहरूलाई जोडी कालक्रम नमिलाई गज्याङमज्याङ पारी प्रस्तुत गर्ने वंशावलीकारले योगीहरूलाई सामान्यतया शङ्कराचार्य स्वामी ठान्नु कुनै अनौठो कुरा होइन।

पशुपतिमा चलेको 'श्रीयन्त्र–पूजा' तथा पूजाहारीमा गृहस्थ भट्टहरू रहने व्यवस्था शैवशास्त्रसम्मत कुरा हो। त्यसैले यस्तो व्यवस्था गर्ने व्यक्ति पनि शङ्कराचार्य नभएर शैवयोगी नै हुनु बढी युक्तिसङ्गत देखिन्छ। तसर्थ वंशावलीमा गरिएको वर्णन प्रमादवश रुद्रशिवलाई शङ्कराचार्य ठानी गरिएको वर्णन हो भन्नुपर्ने हुन्छ तर यिनले पशुपतिमा श्रीयन्त्रको पूजालाई व्यवस्थित गर्ने क्रममा शैव–परम्परा अनुरूप 'परार्थ पूजा'[४२] का लागि पूजकवृत्ति अपनाएका भट्ट (भरट=भट्ट)[४३] ब्राह्मणलाई यहाँ नियुक्त गराएका मात्र हुन्। रुद्रशिवको नेपाल आगमनभन्दा झण्डै सयवर्ष अघि नेपाल उपत्यकामा सारिएका शाक्ततन्त्रहरू भेटिएका छन्[४४] र यताबाट यहाँ निकै अघिदेखि तान्त्रिक शैव–शाक्त परम्परा व्यवस्थित थियो भन्ने देखिन्छ।[४५] रुद्रशिव नै पनि नेपालमा शैव–शाक्त प्रभाव ज्यादा रहेकाले र पशुपतिको प्रसिद्धिका कारणले नै नेपाल आएका थिए। लिच्छविकालदेखि नै अविच्छिन्न रूपमा पशुपतिको गरिमा कायम थियो र मुसलमानी आक्रमणअघि यसमा कुनै आँच आएको थिएन। अतः पशुपतिलाई बौद्धहरूले उच्छिष्टेश्वर बनाई भ्रष्ट पारेको र शैवहरूलाई दबाएको[४६] भन्ने कुरा कल्पनामात्र हो भन्ने देखिन्छ। नेपालमा कहिल्यै पनि शैव, बौद्ध र अन्य सम्प्रदायबीचको सम्बन्धमा कटुता आएको थिएन। तान्त्रिक परम्पराका शैव र बौद्धले त आफूलाई एक अर्काका पूरक मान्दथे र उनीहरूका कतिपय देवता तथा सिद्धगुरुहरू समेत समान पाइन्छन्।[४७] वस्तुतः पशुपतिको तान्त्रिक विधिको पूजा लिच्छविकालदेखिको धरोहर हो।[४८] लिच्छविकालमा यसको व्यवस्था पाशुपतहरूको 'आचार्य परिषद्'ले गर्थ्यो।[४९] समय सँगसँगै परिवेश, अधिकार र पूजाविधिमा समेत परिष्कार भयो।[५०] सम्भवतः रुद्रशिवको नेपाल आगमनताका पशुपतिको पूजाव्यवस्थामा भैरवपूजक वाममार्गी शैवहरूको बोलवाला थियो र उनले वाममार्गीय विधिहरू सार्वजनिक

---

४० मूल अभिलेख श्लोकसंख्या ४०/शम्भुप्रासादको थप जानकारीका लागि हेर्नुहोस् – नेपाल २०४३:४५ (परिशिष्ट) पन्त २०४३:३०।

४१ नेपाल २०४३:१८,२०।

४२ 'परार्थपूजा' को विस्तृत विवरणका लागि हेर्नुहोस् – Brunner १९९०।

४३ अमीषां सर्वतीर्थेषु भरट्य एव पूजकाः। – षड्दर्शनसमुच्चय

४४ सौरसंहिता (मे.सं. ६१) हंसयामल (ने.सं. १५९), ब्रह्मयामल (ने.सं. १७२), कुब्जिकामत (ने.सं. १७५) यसका उदाहरण हुन्। सौरसंहिता सूर्योपासनासँग सम्बद्ध तन्त्र हो, तर यसको शुरुको पत्रको अघिल्लो पृष्ठमा शैवमन्त्रहरू टिपिएका छन्।

४५ हेर्नुहोस् आचार्य २०५३:४०–४१।

४६ नेपाल २०४३:१७–१८।

४७ दुबै परम्परामा भैरव, महाकाल, गुह्यकाली, तारा र योगिनीहरू समान रूपमा पूजिन्छन्। रुइज यानका सिद्धहरू दुबै परम्परामा मान्य छन्। नेपाल उपत्यकामा कतिपय यस्ता सिद्धहरू अवलोकितेश्वरका रूपमा पूजिन्छन्। हेर्नुहोस् – प्रधान २०४५:१३०–१३१।

४८ त्यसवेला पनि अहिलेकै ढाँचामा पूजा गरिन्थ्यो भन्न भने खोजिएको होइन बरु हालको पूजा–प्रक्रियामा त्यस वेलाका केही परम्पराको छाप बाँकी नै छ भन्न खोजिएको हो। यस्तो परम्पराको उदाहरणमा पट्टाभिषेक एवं पाशुपत दीक्षालाई लिन सकिन्छ।

४९ हेर्नुहोस् वज्राचार्य २०३१:४२८, ४३०।

५० लिच्छविकालमा पशुपतिको पूजा व्यवस्था पाशुपतहरूको हातमा थियो र पाशुपत आचार्यहरू अधिकारसम्पन्न थिए। बदलिंदो परिवेशमा पाशुपत तथा कापालिकहरू वाम तथा दक्षिणमार्गीमा बदलिए, यही क्रममा पूजाविधिमा समेत परिष्कार चल्यो। यो परिष्कारको क्रम भट्टहरूको व्यवस्थापछि पनि जारी रह्यो र संन्यासी पूजाहारीहरूका समयसम्म कायमै रह्यो।

रूपमा त्यति रुचिकर नहुने देखी त्यसलाई कीर्तिमुख र स्वच्छन्दभैरवमा [५१] सीमित गराई मूल आगमसम्मत पूजालाई व्यवस्थित गराएका हुनसक्छन् । वंशावलीमा पनि पूजामा भन्दा पूजाहारीको व्यवस्थामा बढी जोड दिइएको छ।[५२] अतः वंशावलीकारले शङ्कराचार्य ठानेका स्वामीले पूजाहारीको मात्र व्यवस्था बाँधेको भान हुन्छ।

प्राज्ञ नेपालद्वारा बनेपाका शासक जयसिंह रामवर्धनले वि.सं. १४१६ मा पशुपतिको पुनः प्रतिष्ठा गरेपछि मात्र भट्टहरू पूजाहारी रहन थालेका र यसअघि पशुपतिका पूजाहारी संन्यासी रहने गरेका एवं यक्षमल्लपछि दक्षिणी भट्ट बाहुन आउन छाडेकाले पुनः पुरानै चलनअनुसार स्वामी पूजाहारी रहन लागेका हुन् भनी लेखिएको छ।[५३] यो लेखकको प्रमादमूलक कल्पनामात्र हो । यी प्रसङ्गमा अभिव्यक्त प्राज्ञ नेपालका अन्य भनाइ पनि विसङ्गतिपूर्ण नै देखिन्छन् । लेखकद्वारा एकातिर 'दक्षिणी भट्ट ब्राह्मण आउन छाडेकाले स्वामी पूजाहारी रहन लागेको बुझिन्छ' भनिएको छ भने अर्कातिर 'स्वामीलाई पशुपतिको मूल पूजाहारी बनाएर भट्टलाई साधारण सुसारे बाहुनमात्र बनाए' भनी आफ्नै कुरा काटिएको छ । लेखकले 'भट्ट ब्राह्मण थरी नेवारहरू चाहिँ सुसारे भण्डारेमा रहेका थिए' भनी लेख्नुभएको छ। यसरी भट्ट र भण्डारीको समेत भेद छुट्याउन नसकेकाले लेखकले वंशावलीमा रहेका स्पष्ट कुरासमेत बुझ्नुभएको छ भन्न सकिँदैन ।[५४] पूजाहारीका रूपमा गृहस्थ भट्ट ब्राह्मणको नियुक्ति शैवशास्त्रसम्मत छ भन्ने उल्लेख पहिले नै पनि भइसकेको छ । वंशावलीमा पनि पुरानो व्यवस्था अनुसारका पूजाहारी दक्षिणी भट्ट ब्राह्मणमात्र हुन् भनी स्पष्ट पारिएको छ।[५५] अतः भट्ट र संन्यासी पूजाहारीको नियुक्तिका सम्बन्धमा प्राज्ञ नेपालले राखेको मत साथै उहाँले उद्धृत गर्नुभएको इतिहास शिरोमणि बाबुराम आचार्यको मत भ्रममूलक र शास्त्रविपरीत ठहर्छ।

रुद्रशिवले पशुपतिका पूजाहारीमा भट्ट ब्राह्मणलाई नै नियुक्त गरी गएका थिए । पछि कुनै कारणवश ती भट्टहरू आगमघरमा सीमित हुनपुगे भने पशुपतिका पूजाहारीमा दण्डी स्वामीहरू नियुक्त हुन थाले ।[५६] यी दण्डी स्वामीहरू भने शङ्कराचार्य परम्पराका थिए। तिनै दण्डी स्वामीहरूमध्येका एक ज्ञानानन्द स्वामीले प्रताप मल्लका समयमा पशुपतिमा पवित्रारोहण शुरु गराएका थिए। यसबाट प्रभावित भई प्रताप मल्लले "देवपाटनमा भूतलक्रिया स्थिरासन जयसिद्धि निमित्त घर बनाई मध्य भागमा कच्च आसन" (शङ्कराचार्य गद्दी) बनाइदिएका थिए।[५७] वि.सं. १९४२ मा उक्त शङ्कराचार्य गद्दी रहेको घरको जीर्णोद्धार गरी शङ्कराचार्यको मूर्ति स्थापना गरी बस्ने अनुमति पाएका रामगिरिले त्यहाँ शङ्कराचार्य मठ बनाएका हुन् तर यसपछि पनि स्वामी ज्ञानानन्दले सुरु गरेको पवित्रारोहण यहीँबाट सामग्री लगी सम्पन्न गर्ने चलन कायमै छ।[५८]

यसरी पुराना भट्टहरूलाई किनारा पारी पशुपतिमा शङ्कराचार्यका अनुयायी दण्डी स्वामीहरूको प्रवेश भएपछि र विशेषतः 'शङ्कराचार्य गद्दी' बनेपछि शङ्कराचार्य स्वामीले नेपाल आई बौद्धहरूलाई हराई पशुपतिमा

---

५१ कीर्तिमुख भैरवसँगै माथिपट्टि स्वच्छन्द भैरवको पूजा हुन्छ। यहाँ प्रत्येक पूर्णिमामा पञ्चबलि पनि दिइन्छ।

५२ वंशावलीका यी पंक्तिहरूले यही कुरातिर संकेत गर्छन् –
तीन दिनदेखि श्रीपशुपतिनाथका पूजाहारि दक्षिण भट्ट ब्रह्माणविना अरुले नगर्नु भनि बन्देज गरिदियाको हुनाले आजतक् छँदैछ। (नेपाल २०४३:१८)
शङ्कराचार्य स्वामिले रित चलाइ गयाका पूजाहरि... (पूर्ववत् २०)

५३ नेपाल २०४३:१९ ।

५४ पूर्ववत्, १९-२०।

५५ पूर्ववत्, २०।

५६ पूर्ववत्, २०।

५७ नेपालले उद्धृत गर्नुभएको वंशावलीको अंशमा परेको प्रताप मल्लले ज्ञानानन्द स्वामीलाई बनाइदिएको उच्चो आसन अझै पनि शङ्कराचार्य गद्दीका रूपमा चिनिन्छ। शङ्कराचार्य गद्दीका विषयमा थप कुराका लागि टण्डन २०४२:२५ र परिशिष्ट हेर्नुहोस्।

५८ टण्डन २०४३:२६ ।

Raj Kishore

पूजा तथा पूजाहारीको व्यवस्था बाँध्न लगाएका हुन् भन्ने प्रवाद चल्न पुगेको हो। दण्डी स्वामीहरूले आफ्नो पक्ष बलियो पार्न पनि यसो गरेका हुन्। अतः निष्कर्षमा भन्नुपर्दा, ऐतिहासिक रूपमा एकभन्दा बढी आगमिक किंवा तान्त्रिक शैव परम्पराका आचार्यहरूको नेपाल आगमन प्रमाणित भए तापनि शङ्कराचार्यको नेपाल आगमनको भने कुनै पनि प्रमाण फेला पर्दैन साथै हालसम्म शङ्कराचार्यको नेपाल आगमनको प्रमाण भनी उपस्थापित गरिएका तथ्यहरू साबित हुन सक्दैनन् भन्ने कुरा निर्विवाद रूपमा सिद्ध हुन्छ भनी ठोकुवा गर्नुपर्ने हुन्छ।[५९]

राष्ट्रिय संग्रहालयस्थित रुद्रशिवको अभिलेख[६०]

यस अभिलेखको सामान्य चर्चा लेखेको पहिलो अंशमा नै भइसकेको छ र इतिहासविद्हरूलाई पर्न गएको भ्रमको निराकरण गरी यो अभिलेख शङ्कराचार्यको नभएर शैव आचार्य रुद्रशिवको हो भन्ने तथ्यलाई अघि सार्ने काम पनि पहिल्यै भइसकेको छ। त्यसैले लेखको यस अन्तिम अंशमा हालसम्म पढिएको पाठमा रहन गएका अशुद्धिहरू सच्याई मूलपाठ ठीक-ठीक पढ्ने, शास्त्रीय आधार लिई खण्डित अंशहरूको सम्भव भएसम्म पूर्ति गर्ने र अभिलेखको अनुवादमा रहेका अशुद्धिहरूको संशोधन गरी पहिले प्रतिज्ञा गरे अनुरुप अभिलेखको आधिकारिक व्याख्या प्रस्तुत गर्ने काम यहाँ गरिएको छ। यसो गर्दा भावार्थ प्रस्तुत नगरी समानान्तर अनुवाद गरिएको छ र एक भाषाबाट अर्को भाषामा लैजाँदा हुने शैलीपरिवर्तन बाहेक स्पष्टीकरणका लागि प्रयोग गर्नैपर्ने थप शब्दावली वा व्याख्यालाई कोष्ठ ( ) भित्र राखिएको छ। यस अतिरिक्तको विशेष व्याख्या वा खण्डन-मण्डनलाई टिप्पणीमा स्थान दिइएको छ।

मूलपाठ

ॐ नमः शिवाय
गणानां नाथो वः स दिशतु शिवं यस्य विकटे
कटे लीनां लीनावलिरलमलङ्कारविधये।
प्रयाता सौहित्यं मदमधुरमद्यैः प्रमुदिता
निहन्तुं विघ्नौघं मुदनिनद (२) सूर्भाति सबला[६१] ॥१॥[६२]

यस्माद्विश्वमिदं न भिन्नमथ नाभिन्नं[६३] चिदानंदत-
स्त्रैलोक्यं किल लीयते तम इव ब्रध्नस्य यस्योदये।

---

५९ अन्य यस्ता शैव योगीमा विमलप्रबोध (हेर्नुहोस् - Petch १९५८:८४, Sanderson १९८७:१५) र पूर्णानन्द (पराजुली २०२०:७७) को नाम लिन सकिन्छ।

६० यो अभिलेख हाल राष्ट्रिय संग्रहालयको मूलढोकाबाट भित्र पर्नेबित्तिकै दायाँपट्टि चौरमा ठड्याएर राखिएको छ। यसको नाप ४३" × २०" छ। अभिलेखको तल्लो भाग धेरै कठिन छ भने बीचमा पनि एउटा चोइटा उप्किएको छ। अभिलेखको माथिल्लो अंशमा पनि केही अक्षर बुझ्न नसकिने भएका छन्।

६१ निहन्तुं .... (२) शुभानि सबला - टण्डन, ... (२) सूर्भाति सबला - नेपाल। डिल्लीरमण रेग्मीको पाठ अति अशुद्ध रहेकाले त्यसलाई यहाँ स्थान दिइएको छैन। टण्डन र नेपालका पाठमा पनि केही अशुद्धि छन् र तिनलाई सच्याउँदा मैले नेपालको पाठलाई आधार बनाई नेपालले गल्ती गरेका ठाउँमा टण्डनले पढेका शुद्ध वा अशुद्ध पाठलाई पनि समावेश गरेको छु, तर टण्डनका अन्य अशुद्ध पाठ नेपालको पाठबाटै सच्चिएकाले तिनको उल्लेख गरेको छैन।

६२ अभिलेखमा यहाँ श्लोकसंख्या छुटेको छ र सच्याएको चिह्न दिएर यस कुरालाई संकेत गरिएको छ।

६३ भिन्नमथवा भिन्नं - टण्डन, नेपाल।

यस्याहङ्कृतिरेवमन्धनिहतिहेंतुः प्रकाशस्य स
श्रीमान् (३) बोधमयः शिवः शिवकरः संसारिणां पातु वः ॥२॥

प्राणादीन्मरुतो निरुध्य मनसो वृत्तिं निवार्य स्थिराम्
शुद्धां बुद्धिमुपास्य यान्ति यतयश्चित्स्थामनिद्रां पराम्।
रागोत्सा (?) (४) रितमूर्तयोद्रमृतरसाम्भोधिम्विशन्तः [६४] कदा-
प्यासन्नोदय एव यत्र स शिवः श्रेयांसि दिश्यान्नृणाम् ॥३॥

मायाजालमुदस्य रागदहनन्निर्वाप्य सद्विद्यया [६५]
विक्षोभं प्रशमय्य काल [६६] (५) नियतेर्लीनाञ्च कृत्वा कलाम्।
शक्तिर्यस्य सदोदिता गुरुवचोद्वारा पतन्ती पशून्
शान्तं धाम नयत्यनन्तमहिमा पायात् स वः शङ्करः ॥४॥

मायाजालकलङ्कमर्दकतया (६) साक्षादिहामर्दकः[६७]
श्रीमानग्निमठः शठैरसुलभो योगापगानिर्गमः।
यत्र करोधकलङ्कितोद्रपि स मुनिः क्रोधं विहाय स्वकम्
दुर्वासाश्चिरमीश्वरापितमनास्तस्थौ स किं वर्ण्यते ॥५॥

शान्तस्वान्तादमलनिखिलज्ञानपूर्णात्ततोद्रपि
प्रापद्यत्रोरगपरिवृढोद्रनुग्रहं वासुकिः प्राक्।
धन्याश्चान्ये धरणिगतयः प्रेरिताः पूर्वपुण्यैः
पश्चात्तेषां गुणगणभूतां कि पृथग्वर्णनेन [६८] ॥६॥

अमुष्मिन् सत्स्थाने समजनि जनानन्दनकरैः
शिवैः शैवैराज्ञाशमितजनतातापकलुषैः।
अमीषां शिष्यौघैर्नवततततमस्तोमशमनैः
स्फुरद्भिः सङ्कीर्णा रविकरनिभैर्भाति जगती ॥७॥

---

६४ रसा नार्दि द्विमन्तः - नेपाल, रसांभो विम्विसन्तः - टण्डन।

६५ ... ह ... टण्डन, सत्कोर्तिता (?) - नेपाल।

६६ शक्तिपातका लागि आवश्यक निराकरणीय तत्त्वहरूमध्ये नपुग भएका काल र नियति तत्त्वलाई समेटी मैले खाण्डितांशपूर्ति गरेको हुँ। खण्डितांशपूर्ति गर्दा पद्यको शैलीलाई पनि ध्यानमा राखिएको छ। यहाँ मैले खण्डितांशपूर्ति गरेका ठाउँमा ( ) कोष्ठकको प्रयोग गरेको छु।

६७ साक्षां - टण्डन, सोभीं - नेपाल।

६८ किं पृ... - टण्डन, किं यशो वर्ण्यतेद्रव (?) - नेपाल।

Raj Kishore

(९)तत्राभवन् भवभयाभयदाः प्रतीता भट्टारका उदितमूर्तिशिवाभिधानाः[६९] ।
भूतित्रिया वृषगता विबुधाधिनाथा मारद्रुहो जगति शङ्करतामुपेताः ॥८॥

दोषोत्तीर्णाः श्रुतिपरिगता दुर्धराः सु(१०)प्रवीणाः[७०]
शुद्धाः सम्यक् सकलकरणावर्जनोत्कर्षकान्ताः ।
स्वान्तध्वान्तोद्धतरिपुहरा [७१] मुष्टियोगाद्रभिरामा
यैरभ्यस्ताः प्रकटितगुणा ज्ञाननाराचविद्याः ॥९॥

अष्टावसूत्पलपितामहकल्लटो [७२] (११) त्तश्रीयामलद्विशतिकादिकृतश्रमाणाम् ।
व्याख्यां मनोमलहराममलां निशम्य येषाममंसत बुधाः स्फुटमेव नाम [७३] ॥१०॥

तेषाममेयमहिमामल (१२)मन्त्रशक्तिसंपातपूतकलिकालकलङ्कपङ्काः ।
शिष्या बभूवुरिह रुद्रशिवा इति स्वैः पुण्यैर्यशोभिरुपदीपितदिग्विभागाः ॥११॥

क्षोणीमण्ड (१३)लमब्धिमेखलमिदं भ्रान्त्वाखिलं निर्म्मलाम्
विद्यामाप्तुमनोभिरुन्नतगुणैर्बैदग्ध्यमासादितम् ।
वैराग्यञ्च निसर्गतो गुणवतां ज्ञानञ्च शुश्रुषया
यैराप्तं करुणारसा (१४)र्द्रहृदयैर्धर्म्मोद्रपि शम्मोंत्तरः ॥१२॥

येषां तपस्विजनजीवितरक्षणेद्रभूत्पुण्यात्मनां करतले लगुडप्रहारः ।
कुर्वन् विकारमपि राजति कालकूटरेखाकलङ्क इव यः शितिकण्ठकण्ठे ॥१३॥

येषां दीक्षादिकर्माणि कुर्ववतां क्रमतो लघू ।
अबोधि लोकः कर्तारौ करावपि सचेतनौ ॥१४॥

हृदाम्भोगम्भीरा धरणिधरधीराः[७४] स्थितिभृत-
(१६)स्तितिक्षामेदिन्यो जनशुभगताः शीतकिरणाः ।
स्फुरद्बोधानन्दा भवजलधिसन्तारतरयः

---

६९ उनितमूर्ति – टण्डन, उरितमूर्ति – नेपाल। मूलमा उरितको माथि सच्याउने चिह्न दिइएको छ। यस कुरालाई नेपालले पनि पहिल्याएका छन्, तर पाठ भने सच्याएका छैनन्। मैले उरित'लाई 'उदित' बनाएको छु। मूलको दशौंपद्यको अभिव्यक्तिले 'उदित' पाठको सहजता स्पष्ट हुन्छ।

७० टण्डन, स (?) प्रवीणाः – नेपाल।

७१ स्वान्तध्वान्तोद्भत – टण्डन, स्वान्तध्वान्तोद्भव – नेपाल।

७२ प्रभु .... – टण्डन, अष्यवसूपत्यलपितामहवंसलो (?) – नेपाल।

७३ नाम – टण्डन, धाम – नेपाल।

७४ यहाँ 'णिधर' कुंद्न छुटेकाले छुटेका ठाउँमा थप्ने चिह्न दिई श्लोकको अन्त्यमा शलोकसंख्या भन्दा अगाडि दुबैतिर थप्ने चिह्न दिई यी अक्षर कुँदिएका छन्।

पतित्रा द्वित्राः स्युर्जगति यतयस्तादृशगुणाः (१७) ॥१५॥

ज्येष्ठो मे जनसंयमो बत यमो भ्राता कनीयानपि
क्रूरात्मा स शनिः पिता स च रविमूर्तिश्च मे श्यामला।
इत्थं वंशजमात्मनश्च दुरितं नि (१८)र्णेक्तुकामेव याम्
कालिन्दी समियाय सा भगवती गङ्गेति कि वर्ण्यते ॥१६॥

सेयं यस्यास्त्रिरदशतटिनी भाति तीरोपकण्ठे
हाराकारा त्रिभुवनपतिर्यत्र विश्वेश्वरोद्रपि।
कास्याः काश्याः स्तुतिरिह गुणैर्मर्त्यलोके दुरापैः[७५]
स्वर्ल्लीनाख्यं स्फुटमनुपमं स्थानमुच्चैश्चकास्ति ॥१७॥

तत्र (२०) सन्ध्याजपेशा [७६] र्च्चास्वाध्यायध्यानतत्पराः।
दीक्षां व्याख्याञ्च कुर्व्वन्तो वसन्ति स्म सुखेन ते ॥१८॥

गङ्गाजुष्टां विविधविबुधां विश्वकृद्राजधानीम्
काशीं (२१) दासीकृतसुरपुरीं धीधनास्तां विहाय।
देवं द्रष्टुं पशुपतिमथानुग्रहीतुञ्च लोकान्
नेपालं ते गुरुगिरिगजैरागमन् दुर्गमार्ग्गम् ॥१९॥

(२२) इयं वाचो युक्तिः परिमलसहा नैव नितरा–
महं त्वेतन्मन्ये पशुपतिरयं पिष्टपपतिः [७७]।
स्वसेवासक्तानां तरुणकरुणापूर्णह(२३)दयो
जनानामानैषीत्परमपदलाभार्थमिह तान् ॥२०॥

ते जयन्त्यनुगृहन्तः काले स्थित्वाद्रथ कञ्चन।
पुनः काशीं गता विश्वनाथेनाकारि(२४)ता इव ॥२१॥

तत्राथ संस्कृत्य शिलेष्टकाभ्यां धनैरिहत्यै(ः शिवम्)दिरद्वयम् [७८]।
वियोगताम्यत्पशुनाथभाविता इवागतास्ते नगरीमिमां(२४) पुनः ॥२२॥

---

७५ स्वर्ल्लीनाख्यं – टण्डन, स्वल्लीनाख्यं – नेपाल। टिप्पणी संख्या ३३ पनि हेर्नुहोस्।

७६ सन्ध्याजपेशाच्चा – टण्डन, संध्याजपेणाच्चा – नेपाल।

७७ पिष्टपपतिः – टण्डन, विष्टपपतिः – नेपाल।

७८ मूलमा 'त्यैं' अक्षर पाष्ट छ र 'मं' को भने अनुस्वारमात्र देखिन्छ। त्यसैले यहाँ मैले 'त्यै' लाई बाहिर पारी 'म' लाई कोष्ठभित्र पारेको छु।

Raj Kishore

अस्यां श्रीरघुवंशमौक्तिकमणि-र्जातो जना)नन्दनः
सान्द्रश्चन्द्र इवान्वितोतिमधुरैरानन्ददेवः करैः ।
उच्चैःश(२६)क्तिधरः कुमारपदवीं प्राप्तोऽपि तैर्दीक्षितो
(दान्तः सिद्धिमवर्ण)नीयमहिमा प्राप(त्परा)मैश्वरीम् ॥२३॥

शौर्येऽर्जुनसमः प्रेक्ष्य (२७) गुणांस्तेषु गुणप्रियः ।
भक्तिमर्जुनदेवोऽपि (विदधे विबुधे)ष्विव ॥२४॥

वसन्तदेवो विज्ञानी धीमान् सोमेश्वरस्तथा ।
य(२८)शोमल्लश्च तैरेव कुमारा दीक्षिता अमी ॥२५॥

अमीषां मध्ये कै प रमनुगृहीता इति न मे
वचो वक्तुं शक्तिः प्रवरगणनायुक्तिभि(२९)रपि ।
मणीनां मुख्यानामपि हि किरणा(देः कथमिव
म) नीषी रत्नाद्रेः क इह गणनायां प्रभवति ॥२६॥

दीक्षां ज्ञानसमर्प(३०)णाखिलमलालेपप्रलोपात्मिकाम्
दृग्देवीशिव योजनां मतिमता निष्ठा प्रतिष्ठामपि ।
श्रद्धाभक्तिसमन्वितेन मनसा शिष्यैर्विनी(३१) तैरपि
द्रव्यं ढौकितमात्तमायतदयैर्लोकोपकाराय तैः ॥२७॥

किं दीनान् परितोषयाम गुणिनः किं पूजयामामरान्
किं(३२) वाद्रनेन धनेन किं कृशधनानानन्दयाम द्विजान् ।
आज्ञानं [७९] यदुपाश्रयाद्यदुदितं यस्मिंश्च तस्येशितुः
प्रासादं करवाम तेन(३३) नगरे तत्रेति तैर्निश्चितम् ॥२८॥

ते प्रयाग इवात्रामुं (पुण्ये सि)धुसमागमे ।
चेतःप्रसादं प्रासादं प्रभोः शम्भोरचीकरन् ॥२९॥

(३४) नाट्येश्वरा नृत्य ।द्राद्रद्र
द्रभ्यस्थितोद्रयं शरण ।द्रद्र
(प्रासा)दतः स्मेरमुखः करोति
संभाषणानीव समागतानाम् ॥३०॥

---

७९ 'यदु'को तल्लोभाग पढ्न सकिने भएकाले यसलाई कोष्ठभित्र पारिएको छैन।

(३५) शुभ्रां '।।द्राद्र।।। पादे मोक्ष 'द्राद्र
द्रद्रद्रा। शः सुधाधवलितस्यादीपयत्रंबरम्।
निर्भिद्य क्षितिमुलैत्थितस्य द ।द्रद्रद्राद्रद्राद्र ।।३६।।

द्रद्रद्राद्राद्रा।।द्रद्रद्राद्रद्राद्र ।।३७।।

कृत्वा मध्यममार्गमन्तरनि (३७): पूर्ण्ण कला 'द्र
सर्वात्मना
शम्भोव्योम्निकरन्ध्रनिर्ग(३८) तमिव 'द्राद्रद्राद्र ।।३२।।
र्म्मीस्तिष्ठति शंकरः ।।३३।।
(३९) .... ।।द्र लये वसन्। अर – मेव त
(४०) .... रं च गत .... हस्ते षद् क्रि (?)
(४१) .... हिरण्य .... (४२) .... लयं दत्तं
(४३) ....[८०]
(४४) .... (च)तुःषष्टि .... यात स ....
(४५) .... ददे तस्य[८१] प्रशस्तिरियं शुभम्।[८२] ....

अनुवाद –

ॐ शिवलाई नमस्कार।

गणहरूका मालिक ती (गणेश) ले तिमीहरूको कल्याण गरून्, जसको विशाल गण्डस्थलमा लेप्सिएको भँवराहरूको ताँती शृङ्गारका लागि पर्याप्त छ। (गणेशको गण्डस्थलबाट निस्किएको) मदरूपी मधुर रक्सीले मस्त भएको सन्तुष्टिमा पुगेको र खुशीले (भूँ भूँ गरी) आवाज निकालिरहेको भँवराहरूको त्यो ताँती विघ्नहरूको समूहलाई नास्न सबल देखिन्छ।।१।।[८३]

जसदेखि यो संसार (सदंशमा अर्थात् अस्तित्त्वका दृष्टिले) भिन्न छैन, तर चिदंश र आनन्दांशमा अभिन्न पनि छैन, जसको उदयमा सूर्यको उदयमा अन्धकार बिलाएझैं तीनै लोक सजिलै बिलाउँछ, जसको अहंकार किंवा अहंविमर्श (स्वाभिव्यक्ति) नै अन्धकार-(अज्ञान)को नाश हो र जो प्रकाशका समेत कारण हुन् त्यस्ता ज्ञानस्वरूप संसारका सबै प्राणीको कल्याण गर्ने शिवले तिमीहरूको रक्षा गरुन्।।२।।

प्राणादि वायुलाई निरोध गरेर, मनोवृत्तिलाई स्थिर पारेर र शुद्धबुद्धि (शुद्धविद्या) को उपासना गरेर रागलाई मिल्काइसकेका र अमृतरसको सागरतिर प्रवेश गर्न लागेका योगीहरू चितिशक्ति(को आविर्भाव) मा भेटिने परम

---

८० नेपालले यस पंक्तिको गणना गरेका छैनन्।

८१ ददे तस्य – टण्डन, दक्षकस्य (?) – नेपाल।

८२ शुभ ।। टण्डन, शुभमस्तु (?) ।। – नेपाल।

८३ नेपालले यस पद्यको शिवपरक अर्थ गर्न खोज्नुभएको थियो। यस कुराको निराकरण गरी केही अघि श्रीदुर्गादत्त शर्माले यस पद्यको गणेशपरक अर्थ गर्नुभएको छ। हेर्नुहोस् शर्मा २०४८।

Raj Kishore

अनिद्रा अर्थात् परम जागरणमा प्राप्त हुन्छन्, जहाँ कुनै पनि बेला शिवको उदय हुन सक्छ, ती शिवले मनुष्यहरूको कल्याण गरुन् ॥३॥

माया (तत्त्व) रूपी जालो च्यातेर, राग (तत्त्व) रूपी आगो निभाएर, शुद्ध विद्या (तत्त्व) ले काल (तत्त्व) र नियति (तत्त्व) को विक्षोभलाई [८४] शान्त पारेर साथै कला (तत्त्व) लाई (आफैँमा) लीन गराएर सधैँ उदित भइरहने अर्थात् कहिल्यै नअस्ताउने, गुरुका वचनको बाटो लिएर ओर्लँदै गरेकी जसकी शक्तिले पशुहरू (अर्थात् सम्पूर्ण प्राणी) लाई शान्त धामतिर लैजान्छे, त्यस्ता अनन्त महिमा भएका शङ्करले तिमीहरूको रक्षा गरुन् ॥४॥

यहाँ मायाजालरूपी कलङ्कलाई मास्ने भएकाले साक्षात् आमर्दक (कालभैरव) भएको, मूर्खहरूले पाउनै नसकिने, योगगङ्गाको स्रोत भएको ऐश्वर्ययुक्त अग्निमठ (छ), जहाँ क्रोधले कलङ्कित दुर्वासा मुनि पनि आफ्नो रिस त्यागी ईश्वरमा मन सुम्पेर लामो समयसम्म बसे, त्यसको के (भनेर) वर्णन गर्नु ? ॥५॥

शान्त चित्त भएका, सबै पवित्र ज्ञानले पूर्ण भएका तिनीबाट जहाँ प्राचीन समयमा नागहरूमा श्रेष्ठ वासुकिले [८५] अनुग्रह पाएका थिए। यस्तै पछि पनि पूर्वजन्मका पुण्यले प्रेरित भई यस धरामा विचरण गर्ने अरू जो पनि धन्य भए, ती धेरै गुण भएका सबैको अलग-अलग वर्णन गरेर के गर्नु ? (सम्भवै छैन) ॥६॥

यही ठाउँमा जनतालाई आनन्द दिने र आफ्ना आज्ञा अनुशासनले जनताका दुःख र पाप दुबै हरिदिने शैव शिवहरू उत्पन्न भए, यिनीहरूका सूर्यकिरणजस्तै चम्किला नयाँ फैलिएको अज्ञानान्धकारलाई नास्ने शिष्यहरूको समूहले ढाकिएको यो संसार सुहाएको छ ॥७॥

त्यहीं (भगवान् शिवले जस्तै) संसारको भय हरी अभय प्रदान गर्ने, (शिवजस्तै) ज्ञानी, भूति [८६] = अणिमा आदि अष्टसिद्धिलाई र खरानी घस्नलाई रुचाउने, वृषमा (योगी पक्षमा धर्म र शिव पक्षमा साँढे पनि) आरूढ, विबुधहरू (शिवपक्षमा देवता र योगी पक्षमा ज्ञानीहरू) का नायक, (शिवले कामदेवलाई भस्म पारे झैँ आफ्नो कामवासनालाई जितेकाले) कामदेवका शत्रु भएका र (यसरी शिवका गुण र स्वभावहरूलाई आफू समेट्न सफल भएकाले) संसारमा (रहँदा-रहँदै) नै शिवत्वमा प्राप्त भएका उदितमूर्तिशिव नाम गरेका पूज्य योगी हुनुभयो ॥८॥

जसले दोषोत्तीर्ण अर्थात् दोषहरूदेखि माथि उठेको, श्रुतिको अनुगमन गर्ने, गाह्रोसँग ग्रहण गर्न सकिने, सुप्रवीण अर्थात् उत्कृष्ट (र) शुद्ध, सबै इन्द्रियहरूलाई (विषयबाट) छुटाउने उत्कृष्ट गुणले गर्दा (सबैले) चाहना गरिएको, मनको कालो मैलो वा अज्ञानरूपी उद्दण्ड शत्रुहरूलाई नास्ने, (सबै शास्त्रको) निचोडले सिँगारिएको, प्रकट गुणहरू भएको ज्ञानरूपी धनुर्विद्याको अभ्यास गर्नुभयो [८७] ॥९॥

---

८४ कालतत्त्व र नियति तत्त्वलाई तत्त्वका रूपमा अलग-अलग स्वीकारिए पनि शैव आगमहरूमा नियतितत्त्वलाई गौण मानी कालकै अंगका रूपमा विवेचन गरेको पाइन्छ। आगममा 'कालनियति' नामक सम्पुट (छुट्याउन नमिल्ने जोडा) को पनि उल्लेख गरेको छ। (उद्धृत - तात्पर्यदीपिका ४१)। यसैका आधारमा, खण्डितांशपूर्ति गर्दा मैले कालनियतिलाई एउटै बनाएर लिएको छु र यस्तो गर्नु आवश्यक पनि छ भन्ने कुरा खण्डितांशमाथि विचार गरेमा पनि स्पष्ट हुन्छ, तर अर्थ गर्दा तत्त्वगणनाका हिसाबले दुवैलाई छुट्याएर गणना गरेको छु। सद्विधा, षट्कञ्चुक, शक्तिपात र तत्त्वहरूको गौणता - प्रधानताका लागि हेर्नुहोस् - Chatterji १९१४:७३-८५, Rastogi १९८७:११८, १२१।

८५ सिद्धयोगेश्वरीतन्त्र, स्वच्छन्दतन्त्र आदि शाक्त तथा भैरवागममा वासुकिलाई शास्त्रावतारक गुरुको पंक्तिमा राखिएको छ र यिनैका आधारमा तन्त्रालोकमा यही कुरालाई स्पष्ट पारिएको छ। हेर्नुहोस् - स्वच्छन्दतन्त्र ८/३८-३९, तन्त्रालोकमा ३६/१-६।

८६ 'भूति' शब्दले भूतिदीक्षातिर पनि संकेत गरिएको हुनसक्छ। यसैगरी ११ औँ पद्यमा आएको 'संपात' शब्दले संपात होमतिर इंगित गरेको हुनसक्छ। यस अभिलेखमा यस्तै अन्य विशिष्ट तान्त्रिक शब्दावलीको भरपूर प्रयोग भएको छ।

८७ यस पद्यबाट यी शैवयोगी ज्ञानविद्या र नाराचविद्यामा पोख्त थिए एवं ती ती मुद्राहरूको प्रदर्शन गरी आफ्नो कृत्य सम्पादन गर्थे भन्ने आशयसमेत निस्कन्छ। मुद्रापक्षमा यस पद्यको अनुवाद यस्तो हुन्छ - दुबै हातको विशेष संयोजनबाट बन्ने, गुरुपरम्पराबाट मात्र थाहा पाइने, विशिष्ट श्रेणीका साधकहरूको मात्र धारण गर्न सकिने, उत्कृष्ट, शुद्ध र राम्रोसँग सबै इन्द्रियहरूको... (बहिर्मुखता) लाई समाप्त गर्ने उत्कृष्ट गुणले गर्दा सबैद्वारा चाहिएको, मुट्ठी पार्नाले सजिएका र प्रकट गुणहरूले मुक्त भएको ज्ञानविद्या (मुद्रा) र नाराचविद्या (मुद्रा) को वहाँले अभ्यास गर्नुभयो।

Raj Kishore

अष्ट्यवसु (वसुगुप्त ?), उत्पल, पितामह र कल्लट आदि विद्वान्ले बताएका साथै श्रीयामल (देवीयामास), द्विशतिका आदि शास्त्रमा [८८] खूब मिहिनेत गरेका, जुन योगीको पवित्र र मनको मैलो हेर्ने व्याख्यान सुनेर सज्जन र विद्वान्हरूले (यिनको) नाम साँच्चै स्पष्ट आर्थत् सार्थक छ भन्ने ठान्थे ॥१०॥

ती योगीका अपरम्पार महिमा भएका, पवित्र मन्त्रशक्तिको झरनामा कलियुगको कलङ्करूपी हिलो पखालेका, आफ्नो सुयशले देशदेशान्तर चारैतिर उज्यालो फिँजाएका रुद्रशिव नाम गरेका शिष्य हुनुभयो ॥११॥

जसले पवित्र विद्या प्राप्त गर्ने मनसायले समुद्रले घेरिएका सिंगो भूमण्डल चहारेर आफ्ना उत्तम गुणहरूका सहायताले निपुणता हाँसिल गर्नुभयो। (जसले) सहजरूपमा किंवा स्वभावैले वैराग्य हाँसिल गर्नुभयो, गुणीहरूको सेवा गरेर ज्ञान हाँसिल गर्नुभयो र करुणाले हृदय रसाएका (वहाँ) ले (यी सबै कार्य गरेर) पछि सुख हुने धर्म पनि कमाउनुभयो ॥१२॥

जुन पुण्यात्माको हातमा तपस्वीहरूको ज्यान जोगाउने क्रममा लाठी वज्रेको थियो तर बिगार गर्दागर्दै पनि त्यो लाठी वज्रेका (चिह्न) शिवजीको घाँटीमा रहेको कालकूटको रेखाको (कालो) दागझैँ सुहाएको छ ॥१३॥

दीक्षादि कर्म क्रमैसँग गरिरहेका जसका झिना (सुकेका?) हातलाई मानिसहरूले यी स्वयं सचेत कर्ता नै हुन् कि भन्ने ठाने ॥१४॥

शान्त तलाउको पानीझैँ अथाह गम्भीर, (पृथ्वी थाम्ने) पहाडहरू जस्तै धैर्यशाली र स्थिति थाम्ने, त्याग र तितिक्षाका पृथ्वी, संसारको भलो गर्न चन्द्रमा समान, बोध र आनन्दले (सूर्यझैँ) फुरिरहेका, संसारसागरबाट पार लाउने नाउ नै भएका, त्यस्ता गुणी पवित्र स्वामीहरू संसारमा दुईतीन जनामात्र होलान् ॥१५॥

मेरो जेठा (दाजु) संसारलाई संयममा राख्ने र सजाय दिने यमराज हुनुहुन्छ भने मेरो भाइ कान्छो पनि क्रूर आत्मा भएको शनि छ, मेरा पिता पनि सबैलाई ताप दिने रवि छन्, मेरो आफ्नै जीउ पनि कालो छ, यस्तो भन्दै शायद आफ्नो वंशको र आफ्नै पनि दोष-खराबीहरू पखालेर फ्याँक्ने इच्छाले होला कालिन्दी यमुना जसमा मिसिन आउँछिन् त्यस्ती ऐश्वर्यशालिनी गङ्गाको के बयान गर्न सकिन्छ र ! ॥१६॥

जसका किनारमा ती यस्ती देवगङ्गाले हारको आकार लिएकी छिन् र जहाँ तीनै भुवनका स्वामी विश्वेश्वर पनि छन् त्यस्ती काशी नगरीको के (भनेर) स्तुति गर्नु ? यहीं स्वर्लीन नाम गरेको अनुपम स्थान मर्त्यलोकमा काठिन्यले मात्र पाउन सकिने गुणहरूले गर्दा अत्यन्त गौरवले जगमगाएको छ ॥१७॥

त्यहाँ सन्ध्या, जप, ईश्वरार्चन, स्वाध्याय र ध्यानमा (सधैँ) तत्पर ती (रुद्रशिव) दीक्षा दिँदै र (शास्त्रहरूको) व्याख्या गर्दै सुखपूर्वक बस्नुहुन्थ्यो [८९] ॥१८॥

गङ्गाले प्रेमपूर्वक सेवा गरिएकी, धेरै देवता र ज्ञानीहरूले भरिएकी, विश्वस्रष्ट्या शिवकी राजधानी, देवनगरी (अमरावती) लाई समेत दासी बनाएकी ती काशीनगरीलाई छाडेर ज्ञानधन भएका वहाँ (रुद्रशिव) भगवान् पशुपतिको दर्शन गर्न र यहाँका मानिसहरूलाई अनुग्रह गर्न पहाडी ठूला हात्ती चढेर कठिन बाटो हुँदै नेपाल आउनुभयो ॥१९॥

यो कुरा खोट लाउन योग्य छैन अर्थात् यो कुरा बढाई-चढाई गरिएको होइन। मलाई त लाग्दछ कि विकसित करुणाले हृदय परिपूर्ण भएका यी जगत्पति पशुपतिले नै आफ्नो सेवामा लागेका मानिसहरूलाई

---

८८ देवीयामल तथा तन्त्रालोकमा पनि धेरै पटक उद्धृत भएको छ। दुर्भाग्यवश हाल यो ग्रन्थ हराइसकेको छ। 'द्विशतिका' भने नेपालमा राष्ट्रिय अभिलेखालयमा संरक्षित छ। विभिन्न काश्मिरी आचार्यहरूले बताएका शास्त्रहरूका विषयमा, टिप्पणीसंख्या ३७ मा हेर्नुहोस्।

८९ दीक्षा, व्याख्या, निष्ठा, प्रतिष्ठा आदि कार्यहरू आचार्यका कर्तव्य अन्तर्गत गनिन्छन्। हेर्नुहोस् Brunner १९९०:१६-१७।

Raj Kishore

परमपद प्राप्त होस् भनी वहाँलाई झिकाएका हुन् ॥२०॥

(यहाँका मानिसहरूलाई अनुग्रह गर्दै) केही समय यहाँ बसेर फेरि विश्वनाथले बोलाएझैँ काशी फर्कनुभएका वहाँको जय होस् ॥२१॥

यहाँ प्राप्त गरेको धन सम्पत्तिबाट ढुङ्गा-ईँटले त्यहाँका दुई शिवमन्दिरको जीर्णोद्धार गरी वियोगले पिलिसएका पशुपतिले प्रेरणा गरेझैँ वहाँ पुनः यस नगरीमा आउनुभयो ॥२२॥

यस नगरीमा (जन्मिएका) रघुवंशको मौक्तिकमणि भएका, (जनतालाई) आनन्द दिने, शीतल किरण भएका चन्द्रमाझैँ मधुर हात भएका दयालु आनन्ददेव उच्च शक्तिलाई धारण गर्दथे र युवराजको पदमा आसीन थिए, तर पनि ती योगीबाट दीक्षित भई उनले अवर्णनीय महिमा भएको (परम) ईश्वरीय (सिद्धि) प्राप्त गरे ॥२३॥

शौर्यमा अर्जुन समान भएका अर्जुनदेवले [५०] पनि वहाँ (रुद्रशिव) मा रहेका गुणहरूलाई देवताहरूलाई झैँ भक्ति गरे ॥२४॥

ज्ञानी वसन्तदेव बुद्धिमान् सोमेश्वर र यशोमल्लसहित यी कुमारहरू तिनै (रुद्रशिव)बाट दीक्षित हुनुभयो ॥२५॥[५१]

(वहाँहरूमध्ये को को कति) अनुगृहीत हुनुभयो भन्ने बताउन गणनाका विशेष युक्तिहरू लगाएर पनि मेरो शक्तिले भ्याउँदैन, सुमेरुका मुख्य-मुख्य मणिका (किरणादिको कसैगरी) गणना गर्न कुन चाहिं बुद्धिमान्‌ले सक्छ र ! ॥२६॥

ज्ञानको आधान गरेर सबै (आणव, मायीय र कार्म) मलको कलुष हटाउने दीक्षालाई दृग्देवीहरूको शिवतत्त्वयोग विधानलाई, निष्ठा र प्रतिष्ठालाई साथै विनीत शिष्यहरूले श्रद्धा र भक्तिले युक्त मनले चढाएका धनसम्पत्तिलाई पनि ती बुद्धिमान् स्वामीले लोकोपकारका लागि नै धारण गर्नुभएको छ ॥२७॥

यस धनले दीनदुःखी गुणीजनलाई सन्तुष्ट पारौं कि ? देवताहरूको पूजा गरौं कि ? अथवा कम धन-सम्पत्ति भएका गरीब ब्राह्मणहरूलाई पो आनन्दित पारौं कि ? (भनेर सोच्दै जाँदा) सम्पूर्ण ज्ञान जसको अधिष्ठानमा छ र जसको उपासनाले ज्ञान उदित हुन्छ, ती ईश्वर-शिवको प्रासाद (यस) नगरमा बनाउने निश्चय वहाँले गर्नुभयो ॥२८॥

वहाँले प्रयागमा झैँ यहाँ पनि यस पवित्र संगममा मनै प्रसन्न पार्ने भगवान् शिवको 'प्रासाद' बनाउनुभयो ॥२९॥

नाट्येश्वरहरूः [५२] नृत्य ... रहेको यो ... प्रासादबाट मुसुमुसु हाँस्दै, आएका मानिसहरूसँग वार्तालाप गरेझैँ गर्नुहुन्छ ॥३०॥

चूनले सेतो पारिएको (प्रासाद)को आकाशलाई उजिल्याउँदै पृथ्वीलाई भेदन गरी माथि उठेको ... ॥३१॥

प्राणहरूद्वारा मध्यममार्ग सुषुम्नालाई पूर्ण पारेर कला ... सबैको आत्मा भएका शिवको व्योम (चिदाकाश)

---

५० यी अर्जुनदेव को हुन् ? मैले पहिचान गर्न सकेको छैन। पूर्व मध्यकालमा इतिहासमा ज्ञानमणि नेपालले यिनलाई नान्यदेवका छोरा अर्जुनमल्ल मानेका छन्, यो कुरा शंकारहित छैन।

५१ यहाँ नाम आएका आनन्देव, वसन्तदेव र सोमेश्वरदेवका सम्बन्धमा जानकारीका लागि हेर्नुहोस् Petech १९५८:६२-६७, ७०-७१। यस प्रसंगमा वसन्तदेव र सोमेश्वरकै सँगसँगै नाम आएका कुमार यशोमल्ल को हुन् मैले पहिल्याउन सकेको छैन। यसरी मल्ल थर भएका कुमारको उपस्थितिबाट यसबेला राजपरिवारभित्र मल्ल थरका व्यक्तिहरू थिए भन्ने स्पष्ट हुन्छ। यशोमल्ल अरिमल्लका पुर्खा हुन धेरै सम्भव छ भन्ने मेरो विचार छ। यशोमल्ल पलाञ्चोकतिरका हुन सक्छन् भनी ज्ञानमणि नेपालले पूर्व मध्यकालको इतिहासमा लेख्नुभएको छ।

५२ अभिलेखको यही अंशवाट टण्डनले नाट्येश्वरको स्थापनाको कुरा उठाउनुभएको छ, तर यो अंश शम्भु प्रसादको वर्णनको प्रसंग भएकाले छुट्टै स्वतन्त्र नाट्येश्वरको स्थापनाको भाव यसवाट निस्कन्न।

मा ब्रह्मरन्ध्रबाट निस्किएझैं ... ॥३२॥

... शिवजी रहनुहुन्छ ॥३३॥

... नालयमा बस्दै ... ॥ ... पनि गएको ... ॥

... सुन ... । ... भवन दिइयो ॥ ... चौसट्ठी ... ॥ ... दिए तिनको प्रशस्ति हो यो । शुभ (होस्) ... ॥

सन्दर्भ-ग्रन्थ

आचार्य, दिवाकर २०५३ — 'शीलवतीको अभिलेख र यसका विशिष्ट पक्ष' प्रज्ञा–८३ क । पृ. ३९–४५, काठमाडौं: नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान ।

काशी–केदारमाहात्म्य १९८८ — काशीकेदारमाहात्म्य, सम्पादक : श्रीकृष्ण पन्तः, अच्युत ग्रन्थमाला–२, काशी : अच्युत ग्रन्थमाला कार्यालय ।

कारवणमाहात्म्य — हेनुहोस् गणकारिका ।

कालोत्तरतन्त्र — कालोत्तरतन्त्र, राष्ट्रिय अभिलेखालय लगत संख्या १–२७३, नेपाल जर्मन हस्तलिखित ग्रन्थ संरक्षण परियोजना माइक्रोफिल्म संख्या द्य २४/५७ ।

कोइराला, कुलचन्द्र २०४० — नेपालका आराध्यदेव भगवान् श्रीपशुपतिनाथ, काठमाडौं : नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान ।

गणकारिका — Ganjakarika of Basarvajha with four peeendices including Karavana–Mahatmya. Chimanlal D. Dalal, ed, Gaekwad's oriental series - 15, Baroda: Oriental Institute 1966.

गुह्यकाली निशार्च्वनविधि — गुह्यकाली निशार्चनविधि, राष्ट्रिय अभिलेखालय, लगतसंख्या ६–९८, नेपाल जर्मन हस्तलिखित ग्रन्थ संरक्षण परियोजना माइक्रोफिल्म संख्या ब९४८/८ ।

गुह्यकालीपूजा गुह्यकालीपूजा (पाण्डुलिपि) राष्ट्रिय अभिलेखालय, लगतसंख्या ५–३६० । नेपाल जर्मन हस्तलिखित ग्रन्थ संरक्षण परियोजना माइक्रोफिल्म संख्या ब९९८/१८ ।

Chatterji, J.C. 1914 — Kashmir Shaivism. The Kashmir Series of Taxts & Studies vol. VI. Reprint 1962, Srinagar :- Research and Publication Department, Jammu & Kashmir Government.

टण्डन, गोविन्द २०४३ — देवपाटनको शङ्कराचायु– मठ, विश्रान्ति वषु१ अङ्क २, धनकुटा विश्रान्ति मन्दिर, २०४३ फागुन ।

टण्डन, गोविन्द २०५३

तन्त्रालोक — Tantraloka, with Viveka' by Jayaratha, 12 vols, (vol. I ed. By M.R. Shastri and vols. II-XII ed. By M.S. Kaul), KSTS, 1918-1938.

तात्पर्यदीपिका — कुमारदेवकृता तत्त्वप्रकाशटीका, अष्टप्रकरणम्, सम्पादकः व्रजवल्लभ द्विवेदः योगतन्त्रग्रन्थमाला – १२, वाराणसी : सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, १९८८

Dasgupta, S.N. 1975 — A History of Indian Philosophy. vol. v, The Southern Schools of Saivism. first Indian Edition 1975. Reprint Delhi: Motilal Banarasidass 1991.

द्विवेद, व्रजवल्लभ १९८३ — उपोद्रातः (संस्कृत) – लुप्तागमसंग्रह, भाग २, सम्पादक – व्रजवल्लभ द्विवेद, वाराणसी सम्पूर्णनन्द संस्कृत विश्वविद्यालय ।

द्विवेद, व्रजवल्लभ १९८२ — आगममीमांसा, दिल्ली : लालबहादुर शास्त्री संस्कृत विद्यापीठ ।

द्विवेद, व्रजवल्लभ १९८८ — उपोद्रातः (संस्कृत) – अष्टप्रकरण, सम्पादक व्रजवल्लभ द्विवेद, वाराणसी सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय ।

Raj Kishore

द्विशतिका — देवीद्वयर्धशतिका (पाण्डुलिपि) राष्ट्रिय अभिलेखालय, नेपाल जर्मन हस्तलिखित ग्रन्थ संरक्षण परियोजना।

Dhavamony, Mark S.G. 1989 — Saiva siddhanta' in the Encyclopedia of Religion. vol. 13, PP. 11-12 Macmillan Publishing Company.

Mariasusai 1987

Dyczkowski 1989 — The canon of the Saivagama and the Kubjika Tantras of the Western Kaula Tradition. First Indian Edition, Delhi: Motilal Banarasidass.

नेपाल, ज्ञानमणि — पूर्वमध्यकालको इतिहास, अप्रकाशित पाण्डुलिपि, नेपाल र एशियाली अनुसन्धान केन्द्र, काठमाडौं।

नेपाल, ज्ञानमणि २०४३ — पशुपतिनाथको दर्शन स्पर्शन पूजन सम्बन्धमा समीक्षा, काठमाडौँ: महेशराज पन्त।

पराजुली, बुद्धिसागर २०२० — बृहत्सूचीपत्रम्, तन्त्रविषयकश्चतुर्थोभागः, खण्ड १–२, काठमाडौं : वीरपुस्तकालय।

पाशुपतसूत्र 1940 — Pashupati Sutras with Pancharthabhasya of Kaundinya. R. Anantakrishna Sastri, ed. Trivandrum: University of Travanchore.

Petech, Luciano 1958 — Mediaeval History of Nepal. Serie orientale roma, First ed., Roma: ISMEO.

Petech, Luciano 1984 — Mediaeval History of Nepal. Serie Orientale Roma I.IV. Second thoroughly revised edition, ROMA: ISMEO.

पन्त, महेशराज २०४३ — वि.सं. १२२६ देखि १५१३ सम्मका पन्ध्रवटा पुष्पिका, पूर्णिमा वषु१८ अंक १, पृ. २६–२८, काठमाडौं : संशोधन—मण्डल।

प्रधान, भुवनलाल २०४५ — नेपालमा बौद्ध धर्म, काठमाडौं नेपाल राजकीय प्रज्ञा—प्रतिठान।

Pandey K.C. 1950 — Introduction to Isvara - Pratyabhina - Vimarsini of Abhinavagupta' vol. 2, K.a. Subrahmania Iyear and K.c. Pandey ed., Reprint Delhi: Motilal Banarasidass.

Pandey K.C. 1963 — Abhinavagupta: An Historical and Philosophical Study. 2nd Revised Edition. Varanasi.

Padoux, Andre 1987 — Pratybhijna' in the Encyclopedia of Religion. Vol. 13, PP. 17-18. Macmillan Publishing Company.

Bhandarkar R.G. 1913 — Vaisnavism, Saivism and Minor: Religious systems. First Published 1913. Reprint, Delhi: Asian Educational Services 1983.

Brunner, Helene 1990 — Atmarthapuja versus Pavarthapuja in the saiva Tradition in The Sanskrit Tradition and Tantrism PP 4-23 Panels of the VIIth World Sanskrit Conference, vol. I. Teun Goudriaan ed., Leiden. E.J. Brill.

मत्स्यपुराण — कल्याण मत्स्यमहापुराणाङ्क, पूर्वाधुतथा उत्तरार्ध, वषु५८–५९

मिश्र, कामेश्वरनाथ १९७६ — भोजकृतः, तत्त्वप्रकाशः तात्पर्यदीपिका– वृत्तिनामव्याख्याभ्या समलङ्कृतः, भूमिका तथा सम्पादन कामेश्वरनाथ मिश्र, वाराणसी : चौखम्भा ओरियन्यालिया।

Minier-Williams Monier 1899 — A Sanskrit-English Dictionary. Reprint: Delhi 1988, Delhi: Motilal Banarasidass.

रूपशिव — मन्धानभैरवतन्त्रटीका (पाण्डुलिपि) राष्ट्रिय अभिलेखालय लगतसंख्या १–२२८, नेपाल जर्मन हस्तलिखित ग्रन्थ संरक्षण परियोजना १७९/४

Rastogi, Navagivan 1987 — Introduction to The Tantraloka, A Study in Structure, Delhi: Motilal Banarasidass.

Radhakrishnan, S. 1940 — Indian Philosophy, Vol. 2. Indian edition. London: George Allen & Unwin Ltd.

रेग्मी, जगदीश २०५२ — नेपालमा पाशुपात धर्मको विकास, पशुपति क्षेत्र वर्ष २ अङ्क ४, पृ. ३–६, काठमाडौं, पशुपति क्षेत्र विकास कोष।

Regmi, Delli Raman 1966 Mediaeval nepal. PL. TIT. Firma K.L. Mukhopadhyaya, Calcutta.

Regmi, Delli Raman 1983 Inscriptions of Ancient Nepal. Vols 3, Delhi: Motilul Bunurasidass.

लाहा, विमल चरण १९७२ प्राचीन भारतका ऐतिहासिक भूगोल, अनुवादक रामकृष्ण द्विवेदी, लखनउ : उत्तर प्रदेश हिन्दी ग्रन्थ अकादमी।

Lorenzou, David N, 1991 The Kapalikas and Kalamukhas. Two lost Saivite sects. 2nd Revised Edition Delhi: Motilal Banarasidass Publishers Pvt. Ltd.

वज्राचार्य, धनवज्ज २०३१ लिच्छविकालका अभिलेख, काठमाडौंः नेपाल र एशियाली अध्ययन संस्थान।

वज्राचार्य, धनवज्र २०३८ 'मध्यकालिक नेपालका एक प्रख्यात राजा शिवदेव' सि. एन. ए. एस. जर्नल, भोलम ८ नं. १, काठमाडौं नेपाल र एशियाली अनुसन्धान केन्द्र।

विद्यार्णवतन्त्र विद्यार्णवतन्त्र ३ भाग, प्रथम संस्करण पूर्वाधु१९८६, उत्तराधुभाग १, १९८९, भाग २, सम्पादक–रामकुमार राय, वाराणसी : प्राच्य प्रकाशन।

शर्मा, दुर्गादत्त २०४८ 'अपूर्णपद्यपूतिुर त्यसको अर्थ', मर्यादा पूर्णाङ्क २०, पू. ५५–५८, काठमाण्डौ, वाल्मीकि विद्यापीठ।

Sanderson, A, 1987 'Krama Saivism', 'Trika Saivism', 'Saivism in Kashmir' in The Encyclopedia of Religion, Vol. 13, PP, 14-17. Maemillan Publishing Company.

Sanderson, A, 1988 Saivism and the Tantric Traditions' in Stewart Sutherland ef aleds., The World's Religions, PP. 660-704, London; Routledge. 1

Sastri, Gaurinath 1983 Preface to Vyomavali of Vyomasivacarya'. Sivakumarasastei -granthamatla vol. 6, Varanasi: sampurnanad Sanskrit University.

शिवदृष्टि शिवदृष्टिः श्रीसोमानन्दनाथरचिता, श्रीमदुत्पलदेवकृतवृत्युपेता, सम्पादकः मधुसुदनकौलः, काश्मिरसंस्कृतग्रन्थावलिः ५४, श्रीनगरम् रिसचुकार्यालय, १९३४।

स्वच्छन्दतन्त्र स्वच्छन्दतन्त्रम्, श्रीमत्क्षेमराजविरचितोद्योताख्यविवरणोपेतम्, सम्पादकः व्रजवल्लभ द्विवेदः, परिमल संस्कृत ग्रन्थमाला संख्या १६, भाग १–२, दिल्ली परिमल पब्लिकेशन्स, १९८५

सिद्धयोगेश्चरीतन्त्र सिद्धयोगेश्वरीतन्त्र (पाण्डुलिपि) राट्रिय अभिलेखालय, नेपाल जर्मन हस्तलिखित ग्रन्थ संरक्षण परियोजन माइक्रोफिल्म संख्या १ २०३/६

तन्त्रशास्त्रमा वेदरूप श्रीपशुपतिनाथ

✍ प्रा.डा. विष्णु दहाल

१. पुरुषार्थको अभिव्यक्ति

पुरुषार्थका अभिमण्डित विषयहरूमा धर्मको स्थान उच्च छ। जीवनको आन्तरिक सत्य अनुभूतिलाई प्रकट गर्ने माध्यम हो धर्म। अभ्युदयको अपेक्षा धर्मबाट सिद्ध हुन्छ। कर्तव्य कर्ममा स्वाभाविक प्रवृत्ति ईश्वरेच्छा बिना सम्भव हुँदैन। जीवन र जगतको मर्म धर्ममा आश्रित हुन्छ। आध्यात्मिक साधना पथमा अग्रणी परमार्थ साधकहरू लौकिक वा अलौकिक यावत् विषयहरूको अस्तित्त्व धर्मसँग जोडेर हेर्छन्। जीवनचर्याका विषयहरू पनि धर्म मै आश्रित हुन्छ। उपासना अध्ययन, असहाय सेवा, पुण्यकर्ममा जाँगर, निश्चल स्वभाव, बाँडेर खाने र आवश्यक भन्दा धेरै संग्रह नगर्ने धर्मका लक्षण हुन्।

पुरुषार्थहरू देवनाथ कै अधीनमा छन्। पुरुषार्थ सिद्धि देवनाथ कै उपासनाबाट सम्भव हुन्छ। उनकै उपदेशवाट व्यवहारिक अस्तित्त्वमा पुरुषार्थहरू आए। पुरुषार्थ देवनाथ कै मुहार हुन्। उपासकको जीवन धर्ममय हुनुपर्दछ भनेर त्यतिकै भनिएको होइन। धर्मको तात्पर्य उचित अनुचितको विचार गर्ने चित्तवृत्तिसँग जोडिएको छ। आश्रमै पिच्छे धर्मका परिभाषाहरू फरकफरक छन्। धर्मलाई यसरी प्राथमिकीकरण गर्नको तात्पर्य हो हरेक शुभकर्म गर्दा साक्षीभाव नटुटेस्। पूज्य पूजकका बिच कुनै प्रकारको अवरोध र भेद विघ्न बनेर नउभियोस्। अपवित्र हिंसादि आसुरीभावहरू मुक्त रहेर समर्प्य उपकरणहरूका माध्यमले श्रीको सेवामा समर्पित बन्न धर्ममय जीवनको आवश्यकतालाई पुरुषार्थको अभिव्यक्तिले स्पष्ट पार्न खोजिएको हो।

२. पाशुपत साधन र ब्रह्मज्ञान

हिमाली मनीषाको सांस्कृतिक चेतनाको स्वर, दार्शनिक विचारधाराहरूको स्रोत र सनातन जीवन दर्शन त्रिवेणी वेद उपनिषद् एवं तन्त्रादि वाङमयमा आध्यात्मिक चिन्तनलाई धेरै महत्त्वका साथ उजागर गरिएको छ। पञ्चतत्त्वमय मूल प्रकृति एउटै ईश्वरीय शक्तिबाट परिचालित छ। 'एकोद्रहं बहु स्याम' ईश्वरेच्छापछि सृष्टिको विकास र विस्तार भयो। यसै ईश्वरेच्छाको अनुचिन्तन गरिरहँदा ईश्वर चारैतिर फैलिरहेको आभास हुन्छ। जीवहरूको हृदयदेशमा बसेर शरीररूपी क्षेत्र वा यन्त्रलाई ईश्वरले चलाइरहेको छ। जब यन्त्रबाट ईश्वर बाहिरिन्छ अनि माया मोहको क्षेत्र शून्यमा बिलाउन आतुर बन्छ। हामी भित्र यस्तो एउटा तत्त्व विराजमान छ, जो विद्यमान रहँदा हाम्रो अस्तित्त्व वा जीवन चलायमान हुन्छ। जब ऊ बाहिरिन्छ, सारा सम्बन्ध विश्वास आशा आकांक्षा चाहना बासनाहरू एक्कासी बिलाएर जान्छन्। यसै तत्त्वको वरिपरि बस्नु हुर्कनुलाई उपवास, उपासना र साधना भनिन्छ। अखण्डित अव्ययात्मा तिर फर्किने अभ्यासलाई पुरुषार्थै मान्नु पर्छ।

जसलाई पाइसकेपछि अझ केही प्राप्त गर्न बाँकी रहँदैन। जसलाई भेटिसकेपछि अरु केही भेट्न बाँकी रहँदैन। जुन सुखानन्दलाई फेला पारेपछि अरु कुनै सुखको अपेक्षा रहँदैन। जसलाई जानिसकेपछि अरू केही जान्न बाँकी रहँदैन त्यसै पाशुपत तत्त्वलाई ब्रह्म भनेर बुझ।

Raj Kishore

यल्लाभान्नाद्रपरो लाभो यत्सुखान्नाद्रपरं सुखम्।
यज्ज्ञानान्नाद्रपरं ज्ञानं तद् ब्रह्मेत्यवधारय॥ –*गन्धर्वतन्त्र १।२१*

जसलाई देखेपछि दृश्य बाँकी रहँदैन। जसलाई देखेर चिनेपछि जीवन मृत्युको चक्रमा घुमिरहन पर्दैन। भवसागरको दुःखदायी पीडाले सताउँदैन। चारैतिर पूर्ण देखिने नित्य विद्यमान चिदुल्लास आनन्दपूर्ण प्रज्ञा परमात्मालाई नियालेर हेर–

यद् दृश्यान्नाद्रपरं दृश्यं यद्दृष्ट्वा न पुनर्भवः।
तिर्यगूर्ध्वमधः पूर्णं सचिदानन्दमव्ययम्॥ –*गन्धर्वतन्त्र १।२३*

यही नै माया पाशवन्धनबाट मुल गर्ने सदाशिव विन्दु तत्त्व हो। श्रीकामिक शास्त्रको पाश प्रकरणमा मायापाशले बद्ध रहुन्जेल ज्ञान र मुक्ति नमिल्ने कुरा उल्लेख छ।

३. देवनाथ श्रीपशुपतिनाथ

श्रीपशुपतिनाथमा भिन्नभिन्न तत्त्व र अवयवहरू तन्त्रका बलमा एउटै शक्तिमा समाहित भएको अवस्था देख्न सकिन्छ। नाम रूप र कार्यको अनुकुलतासँग जोडिने कतिपय अवधारणाहरू यहाँ अखण्डित र अपरिवर्तनशील देखिन्छन्। सृष्टि, स्थिति प्रलय आदि भिन्न खाले रुचि र प्रवृत्तिहरू एउटै केन्द्रमा समाहित भएर स्थिर र दृढ रहेको अवस्थालाई नियाल्दा स्पष्ट भन्न सकिन्छ – श्रीपशुपतिनाथ शक्तिहरूका केन्द्र हुन्। स्वच्छन्दतन्त्रमा देवनाथका मुहारहरूमा सृष्टि स्थिति प्रलयादिका अधिष्ठाता प्रतिनिधिका रूपमा रहने उल्लेख छ।

सद्योजातस्तु वै ब्रह्मा वामो विष्णुः प्रकीर्तितः॥
अघोरो रुद्र इत्युक्तस्तथा पुरुष ईश्वरः।
ईशानस्तु वरारोह स्वयं देवः सदाशिवः॥ –*स्वच्छन्दतन्त्र ११,६०–४१*

अन्धकारावृत अवस्थालाई हटाएर सृष्टिका लागि स्वयं प्रकट हुने स्वयम्भू भगवान ब्रह्मा संसारको सृष्य मानिन्छन्। उनी श्रीपशुपतिनाथका पश्चिम मुहार हुन्। संसारको पालन पोषणको जिम्मा लिएका देवत्रयी मध्ये पालनकर्ता विष्णु श्रीपशुपतिनाथका उत्तर मुहार विश्वनेता वामदेव हन्। भीषण भयानक प्रलयका अधिष्ठाता शिव शङ्करको अपकृष्ट रूद्ररूप श्रीपशुपतिनाथका दक्षिण अघोर मुहार हुन्। योग्य समर्थ शक्तिसम्पन्न ऐश्वर्यादि गुणले परिपूर्ण ईश्वर श्रीपशुपतिनाथका पूर्वरूप हुन्। सबै देवता र विद्याहरूको केन्द्र, शब्दब्रह्मको शरीर वरारोह श्रीपशुपतिनाथका ईशान मुहार हुन्।

तन्त्रशास्त्रको मान्यता अनुसार श्री पशुपतिनाथको पूजा गरेपछि सबै देवताहरूको पूजा हुन्छ। श्रीपशुपतिनाथको परिक्रमा गरेपछि सबै तीर्थहरूको परिक्रमा हुन्छ। वेद तन्त्र शास्त्रादिको उपदेश नै पञ्चवक्त्रबाट भएकाले देवनाथ श्री पशुपतिनाथलाई जाने पछि केही शेष बाँकी रहँदैन।

४. वेदरूप श्रीपशुपतिनाथ

आध्यात्मिक, आधिदैविक र आधिभौतिक ज्ञानको मूल स्रोत वेद हो। तिनै प्रकारका तापहरूको शमन, सच्चिदानन्द अव्यय तत्त्वको अनुभव बोध र प्रकाशको विस्तार वैदिक वाङ्मयको अनुशीलनबाट स्पष्ट हुन्छ। सबै विचार, दर्शन र धर्मको सरिता वेदबाट निःसारित छ। संहिता र ब्राह्मणभागको समष्टिरुप वेदलाई श्रुति भनिएको छ। कुनै पुरुषबाट नबनेको हुनाले वेदलाई अपौरुषेय मानिएको हो। वेद आराध्य भगवान श्रीपशुपतिनाथबाट

Raj Kishore

प्रकट भएको अनवरत सुनिरहन सकिने यौगिक ध्वनि हो। त्यसैले महर्षिहरूलाई पनि वेदको कर्ता र स्रष्टा मानिएको छैन। अपि तु द्रष्ट्य स्वीकार गरिएको छ। भगवान् श्रीपशुपतिनाथको मुखहरूबाट वेद प्रकट भएको हो भन्ने तन्त्रको स्पष्ट अभिमत छ। त्यसैले वेदलाई अपौरुषेय स्वीकार गरिएको हो। तन्त्रशास्त्र र श्रीपशुपतिनाथको मुहार विकसित भएसँगै वेदको नामकरण, विकास र विस्तार भयो। वैदिक वाङ्मयहरू, तिनका हजारौं शाखा उपशाखाहरू गुरुकुलमा पुगेपछि अध्ययन अनसन्धानको क्रममा फैलिए। श्री पशुपतिनाथका मुहारहरू वेदरूप नै हुन् भनेर तन्त्रशास्त्रले स्पष्ट पारेको छ।

सद्योजातस्तु ऋग्वेदो वामदेवो यजुः स्मृतः।
अघोरः सामवेदस्तु पुरुषोद्रथर्व उच्यते ॥
ईशानश्च सुरश्रेष्ठः सर्वविद्यात्मकः स्मृतः ॥ *–स्वच्छन्दतन्त्र ११। ४२, ४३*

अन्य लौकिक वैदिक, आध्यात्मिक व्यवहार उपयोगी विषय र मन्त्र महामन्त्रहरू पनि भगवान् श्रीपशुपतिनाथका मुखकमलहरू बाट प्रकट भए।

लौकिकं देवि विज्ञानं सद्योजाताद् विनिर्गतम् ॥
वैदिकं वामदेवस्तु आध्यात्मिकमघोरतः।
पुरुषाच्चाति मार्गाख्यं निर्गतं तु वरानने ॥
मन्त्राख्यं तु महाज्ञानमीशानात्तु विनिर्गतम्। *–स्वच्छन्द तन्त्र १२। ४३,४४,४५*

५. पाशुपत साधता र पशुभावबाट मुक्ति

भाव र बन्धन कतिपय ठाउँमा एउटै जस्तो देखिन्छ भने केही ठाउँमा छुट्टाछुट्टै जस्तो देखिने गर्छ। नदीको तटमा पोखरीको डिलमा रात बिताउने धोबीको गधाले बेलुका उसको टाङमुनि हात घुमाउँदा मालिकले बाँधेर गयो भन्ने ठान्छ। भोलिपल्ट बिहान फेरि त्यही ठाउँमा धोबीले गधाको टाङमुनि हात धुमाउँदा गधाले बन्धनमुक्त भएको ठान्छ। यस्तै हालत हरेक अज्ञानी जीवको छ। स्वतन्त्रता र परतन्त्रताको वास्तविक अर्थलाई खुट्याउन र बुझ्न नसक्ने जीवहरू भाव बन्धनमा जकडिएकै हुन्छन्। तन्त्रमा घरपालुवा वा जङ्गली चौपायालाई मात्र पशु मानिएको छैन। प्रसङ्ग अनुसार तत्तत् ठाउँहरूमा पशुको तात्पर्य बन्धनमा परेका जीवहरूलाई भन्ने बुझिन्छ। गन्धर्व तन्त्रमा ज्ञान र पुण्यले हीन भोगतत्पर अज्ञानी म्लेच्छ जनहरूलाई पशु मानिएको छ।

ज्ञान पुण्यविहीनास्त पिशाचा भोगतत्पराः
पशु प्रायजना म्लेच्छाः... *–गन्धर्वतन्त्र २५।४१*

यस्ता पशुहरू टाढैदेखि त्याज्य हुन्छन्– **पशवो दूररस्त्याज्याः।** *–गन्धर्वतन्त्र २२।२९*

तन्त्रमा प्रीति, दान, धृति मेधा, तप,शौच, दम, ऋत्वाक, समदृष्टि, दिव्यबुद्धि ब्युँझाउने तत्त्वहरूलाई धर्म मानिएको छ। यस्ता विशिष्ट गुणहरूले सजिएका धर्मात्माहरू सात्विक हुन्छन्। सात्विक सज्जनहरू पशुभावबाट मुक्त हुन्छन्। पशुभावमा रमाउनेहरू : **पशुभावे स्थितो यश्च** *–गन्धर्वतन्त्र १६।१६*

मुक्तिको मार्गमा अघि बढ्न सक्दैनन्। शिवाथर्वशीर्षमा स्पष्ट संकेत छः पाशरूपी बन्धनबाट मुक्त हुनका लागि पाशुपत साधना प्रधान उपाय हुन सक्छ। तारक मन्त्र प्राप्त गर्न, दिव्यज्ञान हाँसिल गर्न र पशुपाशका बिनाशको लागि पाशुपत साधना र आराधना आवश्यक पर्छ।

पशुपाशा बिनाशाय दिव्यज्ञानोपलब्धये। *–गन्धर्वतन्त्र ३५।३१*

६. पूजाको उपक्रम

आत्मशुद्धि गर्नु पहिलो कर्तव्य हो। आत्मशुद्धि बिना योग्यता र एकाग्रता सम्भव हुँदैन। आत्मशुद्धिपछि पश्चिम द्वारमा पुगेर हातपाउ शुद्ध पार्ने। अन्तः प्रवेश गरेर मूल मन्त्रले आचमन गर्ने। त्यसपछि देवनाथको ध्यान गर्दै शिवकवच पढ्ने। ध्यान र कवच पाठपछि तीन पटक प्रदक्षिणा गर्ने। त्रिकोण वा नवकोण मण्डल बनाएर पूजा आरम्भ गर्ने। धेनु मत्स्य मुद्रादिका माध्यमले अमृतीकरण गर्ने, कवचका माध्यमले घुंघट बेरेर अर्घपात्र स्थापना गर्ने। स्वागतका लागि योग्य पदार्थहरू, सत्कारका लागि योग्य उपकरणहरू तयार भएपछि, पूजा र आराधनाको श्रीगणेश गर्ने। अनि उपासक भट्ट पूजारीले स्वान्तः पुकारलाई देवनाथसम्म पुर्याउन प्रसन्नतापूर्वक प्रणय भारिएका नयनहरूले स्वागत गर्ने। हृदयको उदगारलाई प्रकट गर्ने। तीर्थ, द्वार, सकल शिवगणसेनाधिपति नन्दिकेश्वरलाई सर्वोपचारको निम्ति चन्दन अक्षता पुष्प समर्पण गर्ने र पूर्वादिक्रमले इन्द्रादि अष्टादिक्पालहरूलाई पूजा गर्ने। मुखबाट श्रवण गरिएको विधि निर्देशको प्रकरण क्रमलाई पछ्याउँदै ब्रह्मी आदि आठ मातृकाहरूको पूजा गर्ने।

पालितं बहिरिन्द्रायैः परमेश्वर्य शोभितम्।
अनर्घ्यरत्नघटितं शिवाराधनमन्दिरम्॥

लाई पढेर ॐ फट् जप्दै देवालयको उर्ध्वशाखामा चन्दन आदिले पूजा गर्ने। 'आदीशः सर्ववागीशः'- मन्त्रका माध्यमले भोगावशिष्ट देवनाथ आदिको उच्छिष्ट पुष्पहरूलाई हटाएर मूलमन्त्रका माध्यमले चिरस्थापित दियो बालेर (बती फेरेर) भक्तिभावले चन्दन पुष्प अक्षता समर्पित गरेपछि विनियोग पढ्दै निर्माल्य विसर्जन गर्ने। दीप्त अंगुष्ठा ज्वल। तर्जनी ज्वालिनी सर्वज्वालिनी करतलकरपृष्ठ फट् मध्यमा खट्फट्। अनामिका हुँ फट्। कनिष्ठिका वौषट्। भूर्भुवः स्वरोमिति दिग्बन्धः।

सारा ब्रह्माण्डीय दैवी शक्तिहरूको यहाँ आह्वान स्वागत सत्कार र पूजा आदि गर्नुपर्छ। यो लामो प्रक्रिया भित्र पर्छ। अर्धनारीश्वर सिद्धान्त अनुसार पूर्ण शैवशक्तिको यहाँ आराधना गरिन्छ। शालिग्राम, भास्करमूर्ति आदित्यादिको विधिक्रम अनुसार र समस्त शिवगणहरूको यथायोग्य क्रमैले आराधना सम्पन्न गर्नुपर्छ। भव पाश बन्धनबाट छुटकारा पाउने यही उपाय हो। जप ध्यान स्तोत्रादि माध्यमले सोद्रहम् भावलाई जगाउने हो।

विस्काः जात्रा

✍ प्रा.डा.पुरुषोत्तमलोचन श्रेष्ठ

पूर्व वृत्तान्त

लिङ्गपूजन परम्पराले लौकिक जीवनमा लोकप्रियताको चरम चुली चुम्दै चलेर आएको एक समृद्ध रूपको शैव जात्रा हो विस्काः जात्रा। पुरातत्त्वका दृष्टिले लिङ्गपूजन परम्परा आजभन्दा पाँच हजार वर्ष पुरानो रही आएको छ। सैन्धव उत्खननमा फेला परेका शिवलिङ्ग र योगमुद्रामा तल्लीन शिव पशुपतिका सिलछाप उदाहरणस्वरूप छन्। परवर्ती कालमा पुरुष जननेन्द्रीय शिवको प्रतीक रही त्यसमा समन्वित स्त्री जननेन्द्रीय शक्तिको प्रतीक रही लिङ्गपूजन संस्कृति अझ शिष्ट रूपले विकसित हुँदै आएको जानिन्छ। लखनऊ संग्रहालयस्थित ई.पू.दोस्रो शताब्दीको पञ्चमुखलिङ्ग यस कुराको प्रत्यक्ष उदाहरण हो। नेपाल भारत लगायत दक्षिण पूर्वी एसियाका शैव प्रभावित क्षेत्रहरूमा रहेका जलहरियुक्त शिवलिङ्गहरू यस कुराका प्रकारान्तर प्रतीक–उदाहरण हुन्। अनि हजारौँ वर्ष अघिदेखि प्रतीकात्मक ढङ्गमा साह्रै सफलतापूर्वक लोक दुनियाँले व्यवहारमा समेत उतार्दै आएको एउटा नौलो सांस्कृतिक–प्रयोग लिङ्गको शीर्षमा एकजोडी ध्वजा फहराएर गरिने विजयोत्सव लिङ्ग–ध्वजोत्थान जात्रा थियो। यो प्रयोग त्यस बखतको लौकिक जीवनमा साह्रै सफल मानिदै अत्यन्त लोकप्रिय रही आयो। यस कुराको उत्कृष्ट उदाहरण भक्तपुरको विस्काःजात्रा हो।

लिङ्गपूजन परम्पराको प्रचार प्रसारको श्रेय लिङ्गायत मत वा वीरशैव मतका आचार्य एवं तिनका अनुयायीहरूलाई पनि जान्छ। उत्तरप्राचीनकालमा नेपालमा राजकीय संरक्षण समेत पाएर चलेका अनेक स्वतन्त्र शैव सम्प्रदाय, उपसम्प्रदायहरू मध्येको एउटा सम्प्रदाय वीरशैव थियो। यस सम्प्रदायका मुख्य देवता विश्वेश्वर/विश्वनाथभैरव, र उनका शक्ति भद्रकाली एवं वीरवेतालभैरव हुन्। भक्तपुरको टौमढीटोलस्थित विश्वनाथ भैरव+भद्रकाली मन्दिर क्षेत्र त्यसकालमा यस सम्प्रदायको पवित्र स्थलको रूपमा रहेको जानिन्छ। भैरवनाथ मन्दिर परिसरमा रहेको उत्तरप्राचीनकालीन जलपात्रमा उत्कीर्ण लिच्छवि अभिलेखमा आएको 'ललितमहेश्वर' ले पनि यो क्षेत्र त्यसकालदेखि नै शैवक्षेत्रको रूपमा प्रख्यात रही आएको ज्ञात हुन्छ। विस्काःजात्राका मुख्यदेवता विश्वनाथभैरव+भद्रकाली हुन्, जुन यसै क्षेत्रमा छन्। अनि लिङ्गायतहरूको प्रधान मठ पनि यसै क्षेत्रमा छ जुन नेपालको एक मात्र प्रधान मठ पनि हो। लिङ्गजात्रा वा विश्वजात्रा वा विस्काःजात्रा हुने स्थल पनि यसै क्षेत्र अर्थात् भद्रकाली पीठ इलाका(यःसिंख्यः) हो।

विश्वमा शैव मतको प्रचार प्रसार गर्नु वीरशैवहरूको मूल धर्म हो। यसरी वीरशैवहरूले चलाएको शिव सिद्धान्त धर्म एवं लिङ्गपूजन संस्कृतिको प्रचारप्रसारको चरम लोकप्रियताको उपज यसै क्षेत्रमा गरिने विस्काःजात्रा पनि थियो। उत्तरप्राचीनकालतिर यो जात्रा चैत्र मसान्तको दिनमा लिङ्गध्वजोत्थान गरी वैशाख संक्रान्तिको दिनमा ढाल्ने दुई दिने जात्राको रूपमा विकसित हुनपुगेको दृष्टिगोचर हुन्छ। कान्तिपुरको इन्द्रजात्रा, ललितपुरको मत्स्येन्द्रनाथ+भोटेजात्राले त्यतातिरको सांस्कृतिक पहिचानको रूपमा रूढ रहे जस्तै भक्तपुरको विशिष्ट सांस्कृतिक पहिचान बनेर विस्काः जात्राले लोकजीवनमा स्थान पाउँदै आयो।

Raj Kishore

टौमढीटोलमा भैरवनाथको विशाल आयताकार मन्दिर छ जसको पहिलो तलाको मूलस्थानमा दक्षिणको छिमेकी मुलुकका भारतवासी हिन्दुहरूले समेत मान्दै आएका शिरविहीन काशी–विश्वनाथभैरवको मस्तकरूपका विश्वनाथभैरव विराजमान छन्। भारतको सांस्कृतिक शिर नेपाल हो भन्ने कुराको एक अनुपम उदाहरण हाम्रा विश्वनाथभैरव पनि हुन्। किनकी भारतको काशीस्थित विश्वनाथभैरव र नेपालको भक्तपुर टौमढीस्थित विश्वनाथभैरव एउटै देवता हुन्। यसैले नेवार सांस्कृतिक जीवन सगौरव यसरी सुनाउँछन् 'काशी विश्वनाथ भैलद्यःया कप मरु, भ्री भैलद्यःया म्हा मरु' (काशी विश्वनाथ भैरवको शिर छैन, हाम्रा विश्वनाथ भैरवको देह छैन।)

अभिलेखीय प्रमाणतिर दृष्टिगत गर्दा आजभन्दा एक हजार चारसय सोह्र वर्ष अघिको लेलेको संवत् ५२६ (वि.सं.६६१) को शिवदेव+अंशुवर्माको अभिलेखमा आएका 'इन्द्रगोष्ठी', 'ध्वजगोष्ठी'ले ध्वजा फहराएर गरिने लिङ्गजात्रा वा 'विस्काः' को प्रसङ्गलाई स्मरण गराउँछ। यो कुरा महत्त्वपूर्ण छ। भगवान् इन्द्रको ध्वजा 'इन्द्रध्वजा' नामले प्रसिद्ध रहेझैं विश्वनाथभैरवको लिङ्गको शीर्षमा फहराइने एकजोडी ध्वजा पनि सोही अनुरूप 'विश्वध्वजा'वा 'विश्वकेतु'वा 'वीरध्वजा' नामले विख्यात रही आएको तथ्य परवर्तीकालका ध्वजाभिलेख प्रमाणका आधारमा समेत जानिन्छ। इन्द्र, सूर्य, आकाश/विश्वनाथ एकै ईश्वरका अनेक नाम हुन्। उदाहरणको रूपमा इन्द्रजात्राको लिङ्गो वा विस्काःजात्राको लिङ्गोलाई नै लिउँ जुन एकै ईश्वरका वा भनौं इन्द्र वा सूर्य, आकाश वा विश्वनाथकै तन्त्रपरक नाम अवतार हुन् जसलाई नेवार सांस्कृतिक जीवनले साभ्रा अर्थमा 'यःसिं' (यवेसिं>यवसिं>यःसिं) भनी पुकार्दै आएको छ। जस्तो इन्द्रध्वजाको लिङ्गो 'इन्द्रध्वजसिं' उस्तै विश्वध्वजाको लिङ्गो 'विश्वध्वजसिं'; विस्काः जात्रामा विश्वनाथभैरवको लिङ्ग–ध्वजोत्थान हुने मूल उत्सव स्थल 'यसिंख्यः' नाम त्यसै रहेको होइन। र, कान्तिपुरको नेवारी नाम 'यैं' पनि इन्द्रध्वजोत्थान हुने स्थलकै आधारमा रहन गएको आभास पनि यसै प्रसङ्गमा हुन्छ। लेलेको अभिलेखलाई आधार मान्दा तत्समयतिरै इन्द्रजात्रा, विस्काः जात्रा लोकप्रिय भइसकेको ज्ञात हुन्छ। र यस तथ्यतिर विचार गर्दा त्यसअघि नै लिच्छविहरूको नेपालमण्डलमा आगमनसङ्गैं वा उत्तरप्राचीनकालतिरै लिङ्गध्वजोत्थान उत्सव वा जात्राहरू विजयोत्सवको प्रतीकरूपले चलिआएको आभास हुन्छ।

चैत्र मसान्तको दिनमा लिङ्गध्वजोत्थान गरी वैशाख संक्रान्तिको दिनमा ढालेर मनाइने दुई दिने विस्काःजात्रामा, मल्लकालतिर आईपुग्दा भक्तपुरका विभिन्न कालका शासकवर्गले अनेक जात्रा उपजात्रा थप्दै लगेपछि (भैरव, भद्रकालीको रथजात्रा, दुमाजुजात्रा, टोल–टोलका गणेश, अष्टमातृका लगायतका स्थानीय देवताहरूलाई सगुनसहित दर्शनपूजन गर्न जाने आदि) मल्लकालको अन्त्यसम्म आइपुग्दा आठ रात नौ दिन लामो जात्राको रूपमा समृद्ध हुनपुग्यो। यसो हुँदा स्थानीय लोकजीवनमा यो जात्रा 'च्याचा गुन्हुया जात्रा' नामले पनि प्रसिद्ध रहिआएको छ। विश्वमल्ल (१६०४–१६१७ वि.सं.) र उनकी रानी गंगादेवी (गंगा महारानी),१६०४–१६७० वि.सं.) ले विस्काः जात्रामा केही विधिविधान थपिदिएको देखिन्छ। वंशावली अनुसार जगज्योतिर्मल्ल (१६७०–१६९४)ले भैरव भद्रकालीको रथजात्रा, टोलका गणेश, दुर्गा, अष्टमातृकाको रथारोहण गरी सगुन दिने, थिमी लगायतका सात ग्रामप्रदेशमा समेत सोही विस्काः जात्रा चलाएका थिए। त्यसैगरी भूपतीन्द्र मल्ल (१७५३–१७७९) ले भैरवनाथको रथ पहिलेको भन्दा विशाल आकार प्रकारले बनाउन लगाई चलाउन लगाए। नेपालका चलायमान रथमन्दिरहरूमा नेवार वास्तुकलाको तीन छाने यो यस प्रकारको एकमात्र विशालकाय रथमन्दिर हो।

महामारी र जात्रा

यस्तो प्रतीत हुन्छ मानौं महामारी र जात्रा एउटै सिक्काका दुई पाटा हुन् जसमध्ये सिक्काको पहिलो पाटो महामारी हो भने दोस्रो पाटो जात्रा वा उत्सव हो। मानव सभ्यता र तिनले गर्दै आएका चरम विकाससङ्गै एक स्थानबाट अर्को स्थान र एक देशबाट अर्को देश/महादेशमा भइरहने आवतजावत वा त्यस्तो मानवयात्राको ऐतिहासिक पृष्ठभूमिबाट चियाएर हेर्दा अतीतका महामारीहरूको फैलने चरित्र र तिनका विस्तारक्रम पनि उस्तै देखिन्छ। महामारीको मूल संवाहक त स्वयंः मानिस नै हो। विगतका महामारीहरू सोही अनुरूप बस्ती, गाउँ शहर, देश हुँदै महादेशसम्म फैलिएको विदित हुन्छ। विज्ञान र प्रविधिको चरम उत्कर्षकालमा पुगेको आजको मानवसभ्यता र विकासले यो विश्व एक सानो गाउँमा परिणत हुनपुगेको छ। यसो हुँदा चीनको वुहानबाट सल्केको भनिएको 'कोरोना'/कोभिड-१९ नामको अदृश्य दैत्यले झनै भयानक र आक्रामक हुँदै रूप फेर्दै, यो पंक्ति लेख्दासम्म विश्वका प्रायः सबै देशहरूमा डढेलोभन्दा पनि छिटो फैलिएर विगतका महामारीहरूलाई पनि बिर्साउने गरी हरेक दिन हजारौं मानिसहरूको ज्यान लिइरहेको छ।

यसरी विगतका महामारीको तुलनामा यस महामारीले पुऱ्याउँदै आएको प्राणघातक क्षति र भयङ्करविश्वव्यापि आक्रमणको स्वरूप नितान्त भिन्नै प्रकारको छ। यस संकटपूर्ण क्षणमा विश्वका सबै धर्म सम्प्रदायका मानिसहरूले यसको अन्त्य होस् भनी आ-आफ्नो रीतले दिन रात उच्चतम देवीदेवताहरूलाई सम्झी पूजा-प्रार्थना गरिरहेका छन्। कुरा स्पष्ट छ, यो महामारीको अन्त्य भएपछि मानव जातिले हर्षोल्लासका साथ उत्सव मनाउने छन्। यस कुरामा सन्देह छैन।

यो कुरा अतीतका महामारीहरूको सन्दर्भमा पनि उस्तै प्रासङ्गिक देखिन आउँछ जुन विचारणीय पनि छ। वर्तमानको यस उदाहरणबाट पनि हामीले सगौरव मनाउँदै, मान्दै आएका जात्रा, चाडपर्व उत्सवहरू हाम्रा पुर्खाहरूले त्यत्तिकै राखेर, चलाएर गएका होइन रहेछन् भन्ने कुराको तथ्यपरक अनुभूति मिल्छ। नेपालमण्डलमा प्राचीनकालदेखि चलिआएका प्रसिद्ध जात्राहरू जस्तै इन्द्रजात्रा, मत्स्येन्द्रनाथको जात्रा लगायत विस्काः जात्रा र त्यसैगरी जीवित देवगणका नाचहरू जस्तै कान्तिपुरको नरदेवीनाच, ललितपुरको हरसिद्धि नाच र त्यसैगरी भक्तपुरको नवदुर्गा नाच आदि समेत उदाहरणस्वरूप छन्। यी जात्रा, नाचहरू मनाउनुको मूल दर्शन वा साझा अभिप्राय महामारी, दुर्भिक्ष आदिको अन्त्य एवं देशरक्षा र देशवासीको सुस्वास्थ्य, सुख, शान्ति, अमन-चैन, समृद्धि, सहकालको कामना रहिआएको विदित हुन्छ।

विस्काः जात्रा मनाउँदा के हुन्छ भनी भक्तपुरका जो कोहीलाई सोध्नुहोस्, माथिकै उत्तर प्राप्त हुन आउँछ। यताबाट यो कुरा निश्चितप्रायः छ कि नेपालमण्डलमा विगतमा अनेक महामारीहरू चले, ती महामारीको अन्त्यका लागि देशवासीले देशका उच्चतम देवदेवीलाई सम्झे, पूजाप्रार्थना गरे, त्यसले उनीहरूको आत्मबल बढायो, महामारीसित लड्ने मनोबल उच्च भयो। र, महामारीको अन्त्य पनि एक विजयोत्सव नै थियो यसैले उत्सव मनाए, जात्रा चाडपर्वको आरम्भ भयो जुन परम्पराको रूपमा रहि आयो। यस कुराको एक उत्कृष्ट उदाहरण विस्काः जात्रा पनि हो। कोरोनाले आक्रान्त तुल्याइरहेको अहिलेको परिप्रेक्षमा मनोबल उच्च हुँदाको अवस्थामा रोगप्रतिरोधात्मक क्षमता पनि वृद्धि हुन्छ भन्ने कुरा आधुनिक विज्ञानले पनि मानेको छ, भन्दै आएको छ।

विश्वनाथ भैरवको जात्रा 'विश्वजात्रा' हो। विश्वनाथ भैरवको लिङ्गमा फहराइने एकजोडी ध्वजा स्वयं विश्वनाथभैरव र उनका शक्ति भद्रकालीका प्रतीक छन्। ती ध्वजा कुशलमङ्गलका प्रतीक पनि हुन् जसको

दर्शनले महामारी लगायत दुर्भिक्षको अन्त्य भई सहकाल आउँछ, यस लोकमा रहेकाहरूलाई सुस्वास्थ, समृद्धि र सुखशान्ति प्रदान गर्दै शत्रुनाश समेत गर्दै परलोकमा रहेका मृतात्माहरूले जन्म र मृत्युको बन्धनबाट मुक्ति पाउँदै मोक्ष प्राप्त होस् भन्ने कामनाले समेत विधान गरी जात्रा मनाइन्छ।

जात्रा एक, नाम अनेक

लिङ्ग उठाउने र ढाल्ने दुईदिने जात्रा मध्यकालको पूर्वार्धसम्म पनि चलिरहेको आभास हुन्छ। ने.सं.५०० को अमरकोषमा 'विश्वकेतु' शब्दको पर्याय 'विसिक' दिइएको छ। हालसम्मको अन्वेषणमा 'विश्वजात्रा' को पहिलो उल्लेख टैमढीटोलको यक्षमल्लको ने.सं.५६१ को अभिलेखमा भेटिएको छ। ने.सं.६४१ को भूमिसम्बन्धी एउटा तमसुक–ताडपत्रमा 'विसकजात्रा' व्यवहृत भएको छ।

भक्तपुर राजदरबारको ने.सं.८०८ र ने.सं.८१८ को जितामित्र मल्ल र भूपतीन्द्र मल्लका अभिलेखहरूमा 'विस्क्यात' उल्लेख छन्। सौरमान अनुसारको वर्षको पहिलो संक्रान्ति मेष संक्रान्ति हो। सूर्य विषुव रेखा (Equinox) माथि रहने पहिलो दिन यो हो। यसैले यो दिन बेग्लै, र विशेष महत्त्वको छ। यसै दिनमा मनाइने जात्रा हुनाले यस ज़ात्राको नाम विषुवकेतु, विसिक, विषुवकेतु यात्रा, विसिकयात, विसिक्यात हुँदै इतिहासको कालप्रवाहमा विस्काःहुनपुगेको विदित हुन्छ (श्रेष्ठ, २०६०, भक्तपुरको नवदुर्गा गण, पृष्ठ १०३)। स्थानीय नेवार लोकजीवनमा प्रचलित 'विस्काः' शब्दले पनि यो बेग्लै महत्त्व भएको जात्रा भन्ने बोध हुन्छ। यसरी वर्तमान नेवार लोकजीवनमा 'विस्काः' र नेपाली राष्ट्रिय जीवनमा 'विस्केट' नाम प्रचलित छन्। यताबाट संस्कृत शब्द 'विश्वकेतु' (विश्वनाथ भैरवको ध्वजा) कै परवर्तीकालमा चलेका नाम रूपनामान्तर विस्काः रहनगएको कुरा पनि खुल्छ।

त्यसैगरी स्थानीय लोकजीवनमा यो जात्रा मेष संक्रान्ति, वैशाख संक्रान्ति, विस्केट संक्रान्ति, खायु सल्हु, ख्वपे सल्हु लगायत च्याचा च्यान्हु नामले पनि प्रचलित रही आएको जानिन्छ (प्रजापति ०४६, २७–३१)। नेपाली राष्ट्रिय झण्डाको प्रथम आदि रूप–दर्शन पनि हामीलाई विश्वकेतु/विश्वध्वजामै मिल्छ। यसरी विजयोत्सवको प्रतीक पनि हो विश्वध्वजोत्थान गरी मनाइने विस्काःजात्रा !

विक्रमसंवत् बारे वज्राचार्यको विचार

विस्काः जात्राले विक्रमसवंत्लाई विशेष स्मरण गराउँछ। किनकी हरेक वर्ष लिङ्गो ढाल्ने वैशाख संक्रान्ति विक्रमसंवत्को नयाँ वर्षको पहिलो दिन हो। विक्रमादित्यले चलाएको संवत् विक्रमादित्य हो भन्ने आम–बुझाई रहिआएको छ। यस संवत्का बारेमा गौतमवज्र वज्राचार्यले भने प्रमाणसहित नयाँ कुरा प्रकाशमा ल्याएका छन्। उनका अनुसार ('Nepal samvat and Vikrama samvat', 2018, Kathmandu: Social Science Baha, pp. 14-21) विक्रमसंवत् चलाउने कुनै भारतीय वा नेपाली राजा नभएर सौर्यदेवताको पूर्व र पश्चिमको गतिलाई बुझाउने वैदिक संस्कृत शब्द हो। विक्रमको अर्थ हिँडाइ वा छलांग हो। विक्रमसंवत् नाम यथार्थमा वैदिक विष्णुको ब्रह्माण्डीय समय आरम्भको प्रतीक सर्वप्रथम छलांगबाट रहन गएको नाम हो। यसरी विक्रमसंवत्को अवधारणा वैदिककालमा प्रचलनमा आइसकेको विदित हुन्छ। वैदिक आर्यहरूको दक्षिण एसियामा आगमनपश्चात् प्रचलित कतिपय पूर्ववैदिक, वैदिक संस्कार संस्कृति ओझेलमा पर्न गए तापनि, हराएतापनि नेपालमण्डलका नेवाःहरूले अर्थपूर्ण भावमा अन्यत्रका तुलनामा मौलिक रूपले जोगाएर राखेकै छन्। नेपालसंवत्, विक्रमसंवत्, विस्काःजात्रा पनि अतुल्य उदाहरण हुन्।

Raj Kishore

वज्राचार्य लेख्छन् : Thus, we can safely deduce that the Vikrama Era is actually named after the very first stride of Vedic Viṣṇu symbolising the beginning of cosmogonic time.(pp.20)

We can safely deduce that the concepts related to both the Nepal Era and the Vikrama Era go back to the pre-Vedic and Vedic periods.

Continuity of these pre-Vedic and Vedic rituals in Newar culture provides us with excellent examples to demonstrate that some important aspects of ancient South Asian civilisation did manage to survive in the Kathmandu Valley much more meaningfully than in other parts of South Asia. (pp.21)

पूर्वमध्यकालतिर तीनसय वर्ष भन्दा बढ्ता समयसम्म तत्कालीन भक्तपुर राज्य समग्र नेपालको राजधानी नगरको रूपमा रहेको बेलामा यो राष्ट्रिय पर्वकै रूपमा मनाइन्थ्यो। तर उपत्यकाको राजनैतिक विखण्डन लगायत वि.सं.१८२६ मा मल्लकालीन भक्तपुर राज्यको पतनपछि, भक्तपुरले आफ्नो केन्द्रीय राजनैतिक-प्रशासनिक महत्त्व गुमाउँदै गएपछि भने यो एक जिल्लाको स्थानीय जात्राको रूपमा मात्र सीमित रहन पुग्यो। नेपालका विभिन्न स्थानहरूमा लिङ्ग खडा गरी ध्वजा फहराउने संस्कृति आज पनि वर्तमान छ र, प्रकारान्तरमा तिनमा निहित मूल सांस्कृतिक ढुकुढुकी भक्तपुरको विस्काः जात्रा हो भनी मान्न सकिन्छ। भक्तपुरको विशिष्ट सांस्कृतिक पहिचान विस्काः जात्रा हो। समृद्ध संस्कृति र सभ्यताको प्रतीक पूर्वजले राखेर गएका यी जात्राहरू पनि हुन्। यी हाम्रा राष्ट्रिय निधि हुन्। यी जात्राहरू छन् यसैले संस्कृति, समाज, मानिस, परिवार र देवताहरू समेत पनि छन् र चाडपर्वहरू पनि चलेका छन् जसले हामीलाई हजारौं वर्षदेखि 'म' होइन 'हामी' बनाएर एकताको भाव-मालामा उनेर सजाइराखेको छ ।

भक्तपुर नेपालमण्डलको सांस्कृतिक मूल थलो हो। विस्काः जात्राले पनि यस कुराको पुष्टि मिल्छ। विस्काःजात्रा ताका तत्कालीन कान्तिपुर र ललितपुर राज्यका मल्ल शासकहरूले आ-आफ्नै राज्यमा विस्काः जात्रा मनाए तापनि मूल राजकीय वासस्थान र सांस्कृतिक मूल थलो भक्तपुर नै भएको हुनाले विशेष राजकीय पूजाभाग पठाउने चलन थियो। (धनवज्र वज्राचार्य, 'वर्षकृत्ति' एक अप्रकाशित थ्यासफु) तीनवटै मल्ल राज्यबीच राजनैतिक मेल नरहेतापनि सांस्कृतिक मेल भने थियो जसको मूल थलो भक्तपुर थियो भन्ने कुरा यताबाट पनि थाहा पाइन्छ।

पूर्व होस् वा पश्चिम; नेवार संस्कृति र सभ्यताले समृद्ध रही आएका नेपालका नेवार-बस्तीहरूमा विस्का-संस्कृति आज पनि कुनै न कुनै रूपमा चलेकै छ र नेपालमण्डल वा उपत्यकाको प्रसङ्गमा तत्कालीन केन्द्रीय राज्य भक्तपुर अन्तर्गतका बनेपा सातगाउँ लगायत थिमी, बोडे, चरखण्डी, टोखा, कटुञ्जे, भौखेल, सुडाल, कटुञ्जे आदि प्रदेशहरूमा मात्र नभएर कान्तिपुर एवं ललितपुरका तलेजु, दुमाजु स्थापित मल्लकालीन राजदरबारहरूमा समेत विस्का जात्रा मनाउने, विधि विधान गर्ने संस्कार संस्कृति जीवन्त रहिआएको ज्ञात हुन्छ।

विस्काः र विकृति

समीप र दूरस्थका अनेक स्थानबाट जात्रा हेर्न उर्लेर आउने विशाल जनसमूहको उपस्थितिले सो जात्राको प्राचीनकालदेखि चलिआएको अक्षुण्ण राष्ट्रिय गरिमा र लोकप्रियताको पुष्टि सहजै मिल्छ। नेपालमण्डलमा मनाइने कान्तिपुरको इन्द्रजात्रा, ललितपुरको मत्स्येन्द्रनाथ जात्रा र त्यसैगरी भक्तपुरको विस्काः/विस्केटजात्रा उदाहरणस्वरूप छन्।

Raj Kishore

आठ रात नौ दिनसम्म चल्ने विस्काःजात्राको शुभारम्भदिन वर्ष-अन्तको चारदिन अघि (चैत्र २७ गते) र समापनदिन वर्ष-आरम्भको पाँचौंदिन (वैशाख ५ गते) मा नगरको मध्यभाग टौमढीटोलबाट भैरव भद्रकाली रथयात्रा गर्ने परम्परा रही आएको छ। भक्तपुर नगर परम्परागत रूपले 'थने' (माथिल्लो) र 'क्वने' (तल्लो) गरी दुई भागमा विभक्त छ जसको 'दथु' (मध्यभाग) टौमढीटोल हो । भैरवनाथको द्यःछें (देवगृह) संगैको लाकोलाछेंटोलमा छ। उनको शक्ति भद्रकाली 'नकिंजु अजिमा' को द्यःछें पनि समीपकै नकिंजुलिविमा छ।

माथिका प्रसङ्गमा विस्काःजात्राको शुभारम्भदिनमा भैरवनाथलाई उनको मूलस्थानबाट विधिपूर्वक सामुन्नेको टौमढीटेलको विशाल वर्गाकार चोकमा, त्यस वर्षका लागि तयार पारिएको भैरवनाथको रथमा ल्याएर विराजमान गराइन्छ। जसलाई 'द्यः क्वहां विज्याइगु जात्रा' भनिन्छ। भैरवनाथको रथको अगाडि ६ वटा 'वलाखिप' नामको निकै मोटो लामो डोरी र त्यस्तै पछाडि ४ वटा डोरीहरूले बाँधिएका हुन्छन्। यी डोरी आफैमा तन्त्रका नमूना हुन् । लाग्छ, ती प्रकृति र पुरुष, शिव र पार्वती र त्यसैगरी दशमहाविद्या सदृश हुन्, समन्वय, सहिष्णुता र सह-अस्तित्वका सुन्दर प्रतीक हुन्।

त्यसपछि थने र क्वनेका जनताहरूले भैरवनाथको रथलाई 'हसे..., हँसे ...' को भीषण लयले पूरै परिवेशलाई गुञ्जायमान गर्दै आ-आफ्नो भेगमा सर्वप्रथम तानेर लाने निकै रमाइलो रोमहर्षक जात्रा आरम्भ हुन्छ। सो जात्रा हेर्न भक्तपुरका स्थानीय बासिन्दाहरू मात्र नभएर नेपालमण्डलका आसपासका प्रदेशहरूबाट पनि अपार जनसागर उर्लेर हेर्न आएका हुन्छन्। वर्तमानमा, विश्वका कुनाकाप्चाबाट विदेशी पाहुनाहरू समेत हेर्न आउने भएकोले यो जात्रा संसार प्रसिद्ध भइसकेको छ। पाँचतल्ले मन्दिरको पाँचतहका पेटी हुन् वा टौमढीटेलको विशाल चोक, वरपरका घरहरूका पेटी, झ्यालदेखि कौशी, बार्दली लगायतका उभिएर हेर्न हुने सबै ठाउँ जात्रूहरूले पूरै ढाकिएको हुन्छ। त्यसबेला जात्रा हेर्न आएका मानिसहरूको टाउकै टाउकाहरूमात्र देखिने जनसमूहको अप्रतीम दृष्यले यस्तो पनि प्रतीत हुन्छ मानौँ ती हजारौँ लाखौँ टाउकाहरू एकाकार भई समग्रमा साक्षात् भैरवनाथको चलायमान विशाल मस्तक नै हाम्रा सामु दर्शनीय हुन आएको छ। विस्काः जात्राको समापन दिनमा भैरवनाथलाई आफ्नो मूलस्थानमा विराजमान गर्न लाने परम्परा छ जसलाई 'द्यः थाहाँ बिज्याइगु' भनिन्छ। यस दिनमा पनि थने र क्वनेका जनसमूहले भैरवनाथको रथलाई तानेर आ-आफ्नो भेगतिर लाने उत्तिकै जोसिलो जात्रा हुन्छ।

चैत्र २७ गते, २०२६ साल। विस्काःजात्रामा थने र क्वनेका गुण्डाहरूका बीचमा सम्पदास्थल समेत भत्काएर त्यहाँका ढुङ्गा-ईटा उप्काई फूटाएर ढुङ्गा हानाहान गरी आतङ्कपूर्ण र घातक विकृति भित्रिएको पहिलो निन्दनीय कुख्यात दिन। म पनि त्यस दिनको भयावह घटनाका एक प्रत्यक्षदर्शी साक्षी हुँ। म त्यसबखत १२ वर्षको थिएँ। आमा र बहिनीसित रमाइलो विस्काः जात्रा हेर्न गएको भुल्नै नसकिने भयावह दिन ;

त्यस दिनमा, भैरवनाथको रथ तान्ने जात्रा सुरू हुनु अघि नै टौमढीटेलक्षेत्र जात्रा हेर्न आएका विशाल जनसमूहले भरिभराउ भइसकेको थियो। भीडलाई जसोतसो छिचोल्दै आमाले हामीलाई जङ्गमठमा लिएर जानुभयो। सो मठको बरण्डा पनि मानिसहरूले भरिनै लागेको थियो। हामी त्यहीँ बसी जात्रा हेर्न, रथजात्रालाई कुरेर बस्यौँ। बरण्डाबाट तल देखिने ठाउँसम्म मानिसहरूको ठूलो भीड लागेको थियो, टाउकै टाउकामात्र देखिन्थे। त्यसरी टाउकै टाउकामात्र देखिने मानिसहरूको बढ्दै गएको भीड आफैमा जात्रामय भइसकेको थियो। तिर्खाएका मानिसहरूलाई पानी खुवाउन खर्पनमा गाग्रो बोकेर घुमिरहेका धर्मचित्त मानिसहरू पनि देखिन्थे।

Raj Kishore

(अद्यापि विद्यमान यस जीवन्त संस्कृतिबारे विचार गर्दा यसले स्पष्ट रूपमा लिच्छविकालदेखि कुनै न कुनै रूपमा चलिआएको पानीयगोष्ठी परम्परालाई सम्झाएको छ।) मेरो विशेष ध्यान भने भीडको एक कुनातिर तिलौरा बेच्न राखेको नाङ्लो पसलतिर गएको थियो जहाँ तिलौरा जुधाएर एक हुल मेरो उमेरका केटाहरू रमाइलो गरिरहेका थिए। मैले आफूलाई थाम्न सकिन, तल पुगेँ। तल पुग्दा रथ तान्ने जात्रा सुरु भइसकेको थियो। मलाई लाग्छ, सबैको ध्यान भैरवनाथको रथजात्रातिर थियो भने मेरो ध्यान चाहिँ नाङ्लो पसलतिर।

तर त्यो पसल कुन कुनामा पुगेर हरायो होला, थाहा भएन, म भनँ त्यसलाई र तिलौरा खेल्ने केटाहरू खोज्दै जाँदा भीडमा च्यापिँदै र ठेलिँदै पाँचतलेमन्दिरको दक्षिणपश्चिम कुनाको गणेशमन्दिर भएको ठाउँमा पुगेछु। नाङ्लोपसले र केटाहरूलाई नभेट्टाएपछि म पनि संगैको घरको पेटीमा उक्लेर त्यहाँबाट जात्रा हेर्न थालेँ। भैरवनाथको रथ भने क्वनेका जनताहरूले तानेर जङ्गमठ सामुन्ने, लक्ष्मीनरसिंह मन्दिरको भिरालोबाटोसम्म पुऱ्याइसकेका थिए।

भैरवनाथको सिंगो रथ र विशेषगरी यसका छानाहरू दुबैतिरको तानातानले घच्याकघुचुकको ठूलो आवाजसहित कहिले यता र कहिले उता गरी यस्तरी हल्लिरहेका थिए मानौँ आमाले सुनाउनुभएको समुद्रमन्थनको पौराणिक कथाका कुरा यथार्थमा आफ्नै आँखा सामुन्नेमा चलिरहेको छ। वातावरण बडो जोसिलो र हर्षोल्लासमय थियो।

तर यसैबीच भीडमाझबाट एकाएक, हसे र हँसेको सट्टा भयले भरिएका, हलचल मच्चाउने 'अप्पां केका हल ...केका हल ...' (ईटाले हानेर ल्यायो ... हानेर ल्यायो ...) स्वरहरू गुञ्जिन थाले र संगसंगै ईटा र ढुङ्गा पनि बर्सन थाले जुन भीषण रूपले बढ्दै गयो। यो नै यथार्थमा शान्तिपूर्ण ढङ्गले चलिरहेको जात्रालाई कुल्चन आएको दैत्यरूपी विकृतिको प्रथम दानवीय पाइला थियो। समुद्रमा आएको छाल जस्तो जात्रा हेर्न आएको जनसागर अनायास छचल्कियो। मानिसको ध्यान जात्रातिर नभएर ज्यान बचाउनतिर लाग्दा भागदौड मच्चिएर धेरै बालबालिका, महिला, वृद्धवृद्धाहरू घाइते भए। जताततै कोलाहल र भागदौड, चीत्कार र पुकार; म भयमिश्रित आश्चर्य र कौतुहलताका साथ किंकर्तव्यविमूढ भएर हेरिरहेँ।

भागदौडका कारण, पाँचतलेमन्दिरको पेटीमा जात्रा हेर्न बसेका धेरै बालबालिकाहरू, महिलाहरू, वृद्धवृद्धाहरू पेटीबाट खसे, मान्छेमाथि मान्छे खप्टिएर तलसम्म झरे, कसैको टोपी छैन, कसैको जुत्ताचप्पल; खाष्टो, फरिया फुस्केका आमाहरू आफ्ना बच्चा च्यापेर रूँदै, चिच्याउँदै भैरव भद्रकालीका नाम पुकार्दै अत्तालिँदै भागिरहेका देखिन्थे। भागदौडमा नाङ्लोपसलहरू कुल्चिएर भताभुङ्ग भइसकेका थिए। तिर्खा लागेकालाई पानी खुवाउन आउने धर्मात्माहरू त्यहाँ थिएनन्, कुच्चिएका रित्ता गाग्राहरू र ती गाग्रा राख्ने खर्पण र नोल एकातिर मिल्किएका थिए। रसरङ्गले भरिएको रमाइलो रथजात्राको ठाउँ एकले अर्कोलाई ताकी ताकी ईटा-ढुङ्गा हानाहान गरी ज्यानै लिने जात्राले लिइसकेको थियो।

केही अघिमात्र मान्छे, रकमीहरू र पुजारीवर्गले भरिएको भैरवनाथको रथ पातहरू झरेर नाङ्गो रूख झैँ देखिन्थ्यो। अर्को शब्दमा भन्नुपर्दा टौमढीक्षेत्र युद्धमैदान बन्नपुगेको थियो। थने र क्वने वा भनौँ दुबैतर्फबाट असिनाका गोला वर्षे सरी ईटा-ढुङ्गाको वर्षा भइरहेको थियो। यस्तो प्रतीत हुन्थ्यो मानौँ त्यहाँ आदिम ढुङ्गेयुगलाई सम्झाउने पाषाण-युद्ध चलिरहेको छ। ईटा-ढुङ्गाले लागेर गम्भीर घाइते भएकाहरूलाई कोही अस्पतालतिर बोकेर लाँदै गरेका देखिन्थे भने कोही टाउको फुटेर रगताम्य भएका घाइतेहरू पनि उत्तिकै जोसका साथ विपक्षीहरूमाथि ढुङ्गा हानिरहेका देखिन्थे र टाउको फुटेर शिरदेखि चुहिएको रगत तल पाउसम्म पुगेका ती घाइतेहरूलाई हेर्दा

यस्तो पनि भान हुन्थ्यो मानौँ उनीहरू घाइते नभएर भरखरै मात्र भोगबलि लिएका भयानक राक्षसहरू हुन्। कताकताबाट पिठ्युँमा बच्चा बोकेर रूँदै चिच्याएर दौडँदै आएकी एक महिला गणेशमन्दिर सामुन्नेको सिँढी उक्लेर भाग्न लाग्दा त्यहीँ ढल्यो। तिनलाई ढुङ्गाले लाग्यो, लागेन थाहा भएन। तर तिनकै सामुन्नेबाट भाग्दै गरेको एकजना मानिस भने केही पर पुगेर पनि फनक्क फर्केर आई ती महिलालाई उठाएर सुरक्षित स्थानतर्फ लिएर गए। मलाई यस्तो लाग्यो, मानवता त पाशविक दानवीय युद्धमा पनि मर्दो रहेनछ। त्यो मान्छे को रहेछ म चिन्दिनँ।

तर त्यस घटनाले मलाई परोपकार, मानवता, मानवधर्मको पाठ सिकाएर गयो। तत्क्षण मैले मेरी आमा र बहिनीलाई सम्झेँ। जसोतसो ईटा ढुङ्गाको मारबाट बच्दै जङ्गममठमा पुगेँ। ढोका लागेको थियो, पर्खाल नाघेर भित्र छिरेँ। माथि बरण्डा भएको कोठाभित्र धेरै मानिसहरू डरले एक ढिक्का भएर बसेका रहेछन्। त्यहाँ आमा र बहिनीलाई देखेपछि मन आनन्द भयो। आमाले भने मलाई बेस्सरी हप्काउनु भयो र सकुशल देखेकोमा खुसी पनि हुनुभयो।

कोठाबाहिर बरण्डामा पेट्रोम्याक्स बलिरहेको थियो। अरू ठाउँका बिजुलीबत्ती र पेट्रोम्याक्स त अघि नै ईटाले लागेर फुटिसकेका थिए, रात लम्बिदै जाँदा टौमढीचोक अन्धकारमय भइसकेको थियो। बेलाबखतमा भैरवमन्दिर सामुन्नेको ठूलो घण्टा जोडजोडले बज्ने गर्दथ्यो मानौँ शत्रुपक्षलाई लखेट्न, हराउन सकेकोमा उन्मादपूर्वक घण्ट बजाएर युद्धविजयोत्सव मनाइरहेका हुन्। हेर्दाहेर्दै कताकताबाट आएको ईटाले लागेर बरण्डामा झुण्डिएको पेट्रोम्याक्स पनि झ्न्यामझुरूम हुने गरी फुट्यो, खसेर तल सडकमै बजारिन पुग्यो। डरले सबै थर्कमान भए।

त्यसको एक घण्टा जति बित्यो होला, बाहिर ढुङ्गेयुद्ध मत्थर भएको जस्तो देखियो। कोठाभित्र बसेका केहीले विस्तारै ढोका खोलेर, बरण्डाबाट बाहिरको गतिविधि हेर्न थाले। म पनि चियाएर बाहिर हेर्न थालेँ। फाट्टफुट्ट ईटा–ढुङ्गा हानेको, मानिसहरू कराइरहेको आवाज आइरहेको थियो। त्यसैबीचमा एकहुल मानिसहरू परबाट 'स्या स्या, जुकि जुकि' (मार मार, हान हान) भन्दै एकजना मानिसलाई लखेट्दै आइरहेको देखेँ। त्यो मान्छे जङ्गममठको सामुन्ने, लक्ष्मीनरसिंहमन्दिरको ओरालोबाटोमा अडिएको भैरवनाथको रथको पांग्रामुनि गएर लुक्यो। लखेट्दै आएका मानिसहरू पनि रथमा पुगेर रोकिए, यताउति हेर्न थाले र उत्तिखेरै त्यो एक्लो र लाचार मान्छेलाई ब्वाँसोहरूको झुण्डले लखेट्दै गरेको मृगलाई भेट्टाएर लुछे झैँ उस्तै भेट्टाइहाले र सबैले भक्कुमार पिटे। त्यो मान्छे एकैछिनमा लल्याकलुलुक भएर भुइँमा ढल्यो। उसको मुख रक्ताम्य देखिन्थ्यो। त्यति भएर पनि ढुङ्गाको मन भएका ती निर्दयी मान्छेहरूले उनलाई छोडेन। ती मध्येका चारजनाले त्यो मान्छेको हातखुट्टा बलिमा चढाएको बोकालाई जस्तै समाएर जताबाट लखेटेर ल्याएका थिए, उतै लिएर गए। आजभन्दा ५२ वर्ष अघि आफ्नै आँखा अघिल्तिर घटेको त्यो भयावहपूर्ण वीभत्स घटनालाई सम्झी सम्झी यो पंक्ति लेख्दा यस्तो पनि प्रतीत भइरहेको छ मानौँ त्यो केही अघिमात्र घटेको घटना हो। विस्काः/विस्केटको नाम लिँदा मलाई जहिले पनि झस्किने गरी त्यही घटनाको विशेष याद आउँछ र अहिले पनि आफ्नै मनसित सोध्ने गर्छु : 'त्यो मान्छेलाई मुद्द नभएका ती मान्छेहरूले किन लखेटी लखेटी मरणासन्न हुने गरी पिटे होलान् ? उनको हविगत के भयो होला ? मरे होलान् कि बाँचे होलान ?' ...

युद्धमय त्यो रात जंगममठमै बित्यो। भोलिपल्ट विहानै आमाले हामीलाई उठाउनुभयो। मठबाट बाहिर आएपछि हिजोदेखि तर्सिरहेको मनले डराउँदै चारैतिर हेरेँ, ढुङ्गे–युद्ध शायद उज्यालो हुनु अघि नै समाप्त भइसकेको

थियो। मन हलुका भयो। हिजो युद्धक्षेत्र बनेको टौमढी परिसरको परिस्थिति युद्धपछिको जस्तो नियाँस्रो लाग्ने, सुनसान र उराठलाग्दो थियो। चोक, बाटो र गल्लीका कुनाकाप्चा हिजो हानेका ढुङ्गा–ईंटका टुक्राहरूले पूरै भरिएका थिए। वरपरका घर, सत्तल र मन्दिरका भित्ताहरू हानेर ल्याएका ढुङ्गा–ईटाले लागेका अनगिन्ती दागले गर्दा छ्याकटे भइसकेका थिए। बाटोमा यत्रतत्र रगतका छिटा, ज्यान बचाउन भाग्ने क्रममा छुटेका जुत्ताचप्पल, टोपी, खाष्टो आदि असरल्ल देखिन्थे। ...... विस्काः जात्रा सकिएको धेरै दिन बितिसक्दा पनि शहरबजारतिर, टाउकामा ब्याण्डेजपट्टी लागेका, हातखुट्टामा प्लाष्टर लागेका, खुच्याङ्खुच्याङ् गर्दै हिँडेका मानिसहरू देखिन्थे। त्यताबाट ती त्यस दिनको 'ढुङ्गा हानाहान' का क्रममा घाइते भएका मानिसहरू हुन् भनी सहजै अनुमान लाउन सकिन्थ्यो।

यस प्रकार २०२६ सालदेखि विस्काः जात्रामा भित्रिएको विकृति केही अपवादलाई छाडेर हरेक वर्ष कहिल्यै निको नहुने घाउ जस्तै गरी बल्भिँदै आएको छ मानौँ यो पनि जात्राकै एक अभिन्न भाग हो। नयाँ पुस्तामा त झन विस्काः जात्रा भनेको 'ढुङ्गा हान्ने जात्रा' हो भन्ने भ्रम फैलिन पुगेको देखिन्छ। यो जस्तो विडम्बना अरू के नै हुनसक्ला र ; र, केही अपवादको कुरा गर्ने हो भने वि.सं.२०३८–०३९, २०४६–०४७ र वि.सं.२०५६–०५७ का वर्षहरूमा विना ढुङ्गा हानाहान, शान्तपूर्वक सम्पन्न भएका विस्काः जात्राहरू प्रेरक एवं अविस्मरणीय उदाहरण हुन्। २०३८–३९ को विस्काः जात्रा व्यवस्थित एवं शान्तपूर्वक सुसम्पन्न हुनुको मुख्य कारण व्यापक जनसहभागिता थियो। सत्यनारायण प्रजापति लेख्छन् ('विस्केट जात्रा', नेपाली संस्कृति, ६/१/२०४६, पृष्ठ ३४) : 'यस जात्रा सरकारी तरिकाबाट भन्दा गैरसरकारी जन सहभागिताबाट राम्ररी चल्न सक्दो रहेछ भन्ने प्रमाण २०३८–०३९ सालमा सम्पन्न भएको बिस्केट जात्राले प्रमाणित गरेको छ। सरकारी सहयोगबिना व्यापक जनसहभागिताको आडमा चलेको यसपल्टको बिस्केट जात्रामा ढुङ्गा हानाहान भयो भन्ने अप्रिय खबर कसैले सुन्नु परेन।' २०४६–०४७ सालको विस्काः जात्रामा ढुङ्गा हानाहान नहुनुको मुख्य कारण २०४६ सालको शान्तिपूर्ण जनआन्दोलन थियो। सो आन्दोलन २०४६ साल फागुन ७ देखि चैत्र २६ सम्म चलेको थियो। चैत्र २६ गते राजा वीरेन्द्र र आन्दोलनका नेताहरूबीचमा भएको सम्झौता अनुसार नेपालमा निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य र संवैधानिक राजतन्त्रात्मक बहुदलीय व्यवस्थाको आरम्भ भयो।

नेपालको राजनैतिक इतिहासमा जनताले आफ्नो वास्तविक जनशक्ति र जनसत्ता अपरिहार्य र सर्वोपरी रहेछ भनी थाहा पाएको प्रथम ऐतिहासिक दिन थियो त्यो। यथार्थमा अधिकारपूर्वक निर्धक्क भएर जनता हाँसेको पहिलो दिन थियो त्यो। सम्पूर्ण राजनैतिक दलहरूको सिद्धान्त र विचार फरक फरक भए पनि एउटै लक्ष हासिल गरी असलमा, सबैको मन मिलेर एउटै मन भएको दिन थियो त्यो। अद्भुत संयोगको कुरा हो, त्यसै दिनको भोलिपल्ट अर्थात् चैत्र २७ गते भक्तपुरमा हुने विस्काः जात्राको शुभारम्भ दिन : भैरवनाथको रथयात्रा हुने दिन हुन आयो त्यो दिन। जनआन्दोलन सफलताको खुसियाली नै मान्नुपर्छ, त्यस वर्ष थने र क्वने दुबै भेकका जनताहरू मिलेर आपसी सद्भाव एवं भाइचाराका साथ शान्तिपूर्वक विस्काः जात्रा मनाए, ढुङ्गामूढालाई सबैले बिर्सिदिए। विस्काः जात्रामा हरेक वर्ष भित्रिने विकृतिलाई सहजै पन्छाउन राजनैतिक दलहरूको भूमिका कति महत्त्वपूर्ण हुँदो रहेछ भन्ने सन्देश शान्तिपूर्वक सम्पन्न भएको त्यस वर्षको विस्काः जात्राले दिएको देखिन्छ। त्यसैगरी २०५६–०५७ सालको विस्काः जात्रामा बिना ढुङ्गा हानाहान शान्तिपूर्वक सम्पन्न हुनुको एउटा मुख्य कारण प्रहरी प्रशासनद्वारा विशेष रूपमा परिचालन गरिएको उपयुक्त सुरक्षाप्रबन्ध थियो। तत्कालीन भक्तपुरका प्रहरी उपरीक्षक एवं 'यो नगर भक्तपुर' का प्रसिद्ध गीतकार मेरा मित्र श्री नारायणकुमार आचार्य भन्छन् 'ढुङ्गा

हानाहान हुनुका प्रत्येक कारक तत्त्वलाई केलाई सोही अनुरूप सुरक्षाको प्रबन्ध मिलाउन सफल भएकोले सो वर्ष ढुङ्गा हानाहान हुन पाएन, सबैले शान्तिपूर्वक हर्षोल्लासका साथ विस्काः जात्रा मनाउन पाए। मेरो कार्यकालको अविस्मरणीय वर्ष त्यो रह्‌यो। सबै राजनैतिक दलहरू, स्थानीय प्रशासन र भक्तपुरवासीहरूको असीम माया, जनसहयोग समर्थन मैले पाएँ।'

जनगुनासोलाई अन्तर्मनदेखि आत्मसात् गरी, दमन होइन, जनभावनाको कदर गरी, जनतासित मिलेर चुनौतिको सामना गर्नतिर लागी तदनुरूप प्रहरी प्रशासनले दत्तचित्त भएर आफ्नो कर्तव्य पूरा गरेमा पनि विस्काः जात्रामा भित्रिएको विकृतिलाई पन्छाउन सकिने रहेछ भन्ने सन्देश २०५६-०५७ को विस्काःजात्राले दिएको देखिन्छ।

टौमढीटेलक्षेत्रका प्राचीन शैव सम्पदा र अभिलेखका आधारमा उत्तरप्राचीनकालतिरै प्रचलित विस्काः जात्रा (लिङ्गो उभ्याउने र ढाल्ने, दुईदिने जात्रा) यसै टेलक्षेत्रमा विशेष रूपले आबद्ध रहिआएको कुरा जानिन्छ। सोही अनुरूप उत्तरमध्यकालमा थपिएको भैरव भद्रकालीको रथजात्रा पनि उदाहरणस्वरूप छन्। वि.सं. १९९० साल अघिसम्म पनि भैरवनाथको रथ टौमढीटेलबाट बोलाछेंटेलको बुलुचासम्म र क्वाछेंटेलको मयूजु देगःसम्म मात्र चलाउने परम्परागत रीत थियो। भूकम्पपछि बाटो फराकिलो हुँदै गएपछि सो परम्परा पनि लोप हुनपुग्यो। (प्रजापति, बिस्केटजात्रा, ०६/१/०४६, पृष्ठ ३१) वर्तमानमा सो मल्लकालीन परम्परा उल्लंघन भई थनेको तचपाःटेलसम्म र क्वनेको भार्वाचोसम्म लाने गरेको देखिन्छ। यदि पुरानै मल्लकालीन परम्परा अनुसार उक्त इलाकासम्म मात्र रथ चलाउने हो भने पनि विस्काः जात्रामा भित्रिएको विकृति स्वतः हट्ने कुरामा दुईमत नहोला।

प्रायःजसो हरेक वर्ष साँझ परेपछि मात्र रथ तान्ने गरिन्छ। यसो गर्दा ढुङ्गा हानाहान गर्ने गुण्डा बदमासहरूले प्रोत्साहन पाएको देखिन्छ। यसैले सम्बन्धित पुजारीवर्गले समयमै विस्काःजात्राको तान्त्रिक विधिविधान पूरा गरी मध्यान्हकालमै रथयात्रा गर्न सकेमा ढुङ्गा हानाहान लगायत अन्य अप्रिय घटना निश्चित रूपमा रोक्न सकिन्छ। रथमा सम्बन्धित पुजारीवर्ग, रकमी लगायतका सांस्कृतिक समूह बाहेक अरूलाई हुल्न, बसाल्न नदिएमा, जात्रास्थलमा स्थानीय स्वयंसेवकहरू परिचालन गरेमा पनि सदाका लागि अर्वुदजस्तो विकृतिको गाँठोलाई फाल्न सकिन्छ भन्ने कुरामा पनि दुईमत नहोला।

समग्रमा भन्नुपर्दा हातका पाँच औंलामध्ये एउटा औंलाले मात्र काम गरेन भने पनि काममा बाधा पुग्छ। हातका पाँचै औंलाको उचित तालमेल र एकीकृत शक्तिले कुनै पनि काम बन्छ। विस्काः जात्राको प्रसङ्गमा पनि १.स्थानीय जनता २.प्रहरी ३.स्थानीय प्रशासन ४.राजनैतिक दलहरू र ५.पुजारीवर्गका बीचमा पारस्परिक तालमेल मिलाएर बेलैमा कार्य सम्पादन गरी आ-आफ्नो जिम्मेवारी निर्वाह गरेमा हरेक वर्ष हुने विकृति (ढुङ्गा हानाहान र अप्रिय घटना)लाई सदाका लागि समाप्त पार्न सकिन्छ।

कसले भन्छ, जीवन जात्रा होइन भनेर; अल्प क्षणको जीवनका हरेक क्षण जात्रा नै त हुन्। जात्रा बिनाको जीवन कहाँ पो रसरङ्गले भरिएको हुन्छ र; विस्काःलाई नै हेरौँ न, त्यहाँ पनि जीवनको रसरङ्ग छ। शायद यसैले, अब कहिल्यै पनि विस्काः जात्रा हेर्न नपाउने गरी राज्य छाडेर जानुपर्ने सँघारमा पुगेर एक्लिएका बूढा राजा रणजित मल्लको जीवन कति निरस भयो होला, अन्तर्मनदेखि उर्लेर आएको विस्काः विरह वेदनाले उनी कति रोए, रन्थनिए होलान् भन्ने कुरा उनीद्वारा नेपालभाषामा विरचित 'थ्वथें: जागु रस गबलय सं दई मखु राम हा जि गन वने' (यस्तो रस कहिले पनि हुने भएन राम हा म कहाँ जाउँ) नामक विरहगीतको (जुन गीत अद्यापि विस्काः

Raj Kishore

जात्राताका गाउने प्रचलन रही आएको देखिन्छ।) तल प्रस्तुत मार्मिक उद्धरणबाट स्पष्ट अनुभूत गर्न सकिन्छ (साभार : भक्तपुर नगरपालिका, २०७८, 'थ्व थें जागु रसं-म्यें', ख्वपको पहिचान, भाग २, पृष्ठ २७८)।

ल्होसिंखेले ल्होसिं थःन चुपिंगाले म्वःलाः ल्हुया

व यां च्वय भैरव दर्शन याय प्रभु राम हा जी गन वने

थ्वंःथे ज्यागु रसं गवलेसं दई मःखु राम हा जी गन वने

(योसिंखेलमा लिङ्गो उठ्यो, चुपिंगालमा नुहाएँ त्यसदेखि माथि भैरव दर्शन गर्छु प्रभु राम हा म कहाँ जाउँ यस्तो रस कहिल्यै पनि हुने भएन राम हा म कहाँ जाउँ ?)

Raj Kishore

सनातन धर्ममा गायत्री मन्त्रः एक परिशीलन

✍ प्रा.डा. वीणा पौड्याल

पृष्ठभूमि

पञ्चवक्त्रां दशभुजां सूर्यकोटिसमप्रभाम्।
सावित्रीं ब्रह्म वरदां चन्द्रकोटिसुशीतलाम्॥
त्रिनेत्रां सितवक्त्रां च मुक्ताहारविराजिताम्।
वराभयाङ्कुशकशाहेमपत्राक्षमालिकाम्॥
शङ्खचक्राब्जयुगलं कराभ्यां दधतीं वराम्।
सितपङ्कजसंस्थां च हंसारूढां सुखस्मिताम्॥ ॐ गायत्र्यै नमः॥

निगमागम संस्कार एवम् पद्धतिहरुमा व्यापक प्रयोग हुने गायत्री मन्त्र सनातन धर्मावलम्बीहरूको मूलमन्त्र हो जसको व्यापक प्रचारप्रसार र अनुशरण वैदिक समयदेखि आजसम्म भैरहेको छ। यस मन्त्रले वेदमाता गायत्रीको पूर्ण साकार स्वरूपमा पूजाआराधना व्यापकरूपमा पाउँदै आएको छ। सनातन धर्मावलम्बीहरूका विभिन्न देवीदेवताका गायत्रीमन्त्र छन्। जसमध्ये ब्रह्म गायत्री बढी व्यापक छ। तन्त्रमा आराध्य रहने देवदेवीहरुको पनि आ–आफ्नै गायत्री मन्त्रहरु रहेका छन्। गायत्रीमन्त्रलाई सनातन संस्कार एवम् हरेक धार्मिक पूजानुष्ठानको अदृष्ट कुञ्जीका रुपमा लिन सकिन्छ। पद्मपुराण लगायतका पौराणिक साहित्य, मनुस्मृति लगायतका ग्रन्थहरुमा गायत्रीमन्त्रको ध्यान जप गर्ने विधानको बयान गरिएको छ। पद्मपुराणमा गायत्रीलाई ब्रह्माको पत्नीको रूपमा सम्बोधन गरिएको छ।

गायत्रीमन्त्रको द्रष्टाबारे वेद र पुराणमा उल्लेख छ। ऋषि विश्वामित्र यज्ञ र कर्मकाण्ड परिचालन गर्दा परिस्थिति अनुसार सुधार चाहन्थे। विश्वामित्रले गरिब, निमुखा, साधारण मानिसको पक्षमा बोलेर न्याय प्रदान गर्न बारम्बार प्रयत्न गरेका छन्। मौलोमा बाँधेर बलि दिन ठीक पारिएका शुनःशेपलाई जीवन दान दिएर विश्वामित्रले समाज सुधार गर्ने एउटा गहकिलो पाइला चालेका थिए। गायत्रीमन्त्रका द्रष्टा विश्वामित्रले यस मन्त्रको रचना गर्दा ब्रह्माण्ड र प्रकृतिसँग सन्तुलन राखेको पाइन्छ। तीर्थहरूमध्ये पुष्करलाई तीर्थराज मानिएको जस्तै गायत्रीमन्त्रलाई सर्वश्रेष्ठ मन्त्र मानिन्छ। यही सर्वश्रेष्ठ गायत्रीमन्त्रलाई देवीको स्वरूपमा, सूर्य पुत्रीको स्वरूपमा आराधना र पूजा गरिन्छ।

मन्त्र सनातन धर्मावलम्बीहरूले देवीदेवताप्रति समर्पित सूक्ष्म प्रार्थनालाई मन्त्र भन्दछन्। ब्राह्मण ग्रन्थमा गद्य र पद्य दुबैमा मन्त्र रच्न सकिने वर्णन छ। सनातन धर्मअन्तर्गत शैव, वैष्णव, शाक्त, सौर्य सम्प्रदायका आ–आफ्नो संक्षिप्त प्रार्थना र सूक्ष्म मन्त्र मानिन्छ। शैवहरूले ॐ नमः शिवायः मन्त्र जपेजस्तै वैष्णवहरूले ॐ नमो भगवते वासुदेवायः जप्दछन्। हातका औंलामा वा मालाका दानामा बारम्बार गनेर जप गर्ने प्रचलन छ। धार्मिक विश्वासअनुसार जीवनमा सफलता प्राप्त गर्नु छ भने मन्त्रको प्रयोगले मद्दत पुग्दछ। मन्त्रद्वारा विशेष शान्ति र सिद्धि प्राप्त हुन्छ। ईश्वरमा समर्पित विविध मन्त्र बारम्बार दोहोऱ्याएर सूक्ष्म शक्ति र सफलता पाइने विश्वास छ।

Raj Kishore

वेद, उपनिषद्, पुराण, महाकाव्यमा वर्णित मन्त्रलाई पहिलोपल्ट सुनाउने व्यक्तिलाई मन्त्रगुरु भनिन्छ। सनातन धर्मावलम्बीहरू मन्त्र सुनाउने गुरुलाई सम्मानपूर्वक आदर सत्कार गर्छन्। बंगालका तान्त्रिकहरूले मन्त्रगुरुलाई विशेष महत्त्व दिएको देखिन्छ।[१] मन्त्रजपलाई भक्तिको पाँचौं प्रकार भनिएको छ।

हिन्दूहरूको विश्वासअनुसार मानिसको जस्तै देवी, देवता र विशिष्ट मन्त्रहरूको पनि गोत्र र ऋषि आदि हुन्छन्। गायत्रीमन्त्रलाई मन्त्रको रूपमा मात्रै नलिएर देवीको रूपमा स्वीकार गरिएर उनको गोत्र सांख्यायनको उल्लेख पुराणमा आएको छ। गायत्री माताको पाँच ओटा शिरलाई व्याकरण, शिक्षा, कल्प, निरुक्त र ज्योतिष मानिएको छ। दैनिक यज्ञहरूका अतिरिक्त विशिष्ट प्रयोजनका लागि अनेकौं प्रकारका यज्ञ गर्ने विधान शास्त्रमा वर्णित छ। हजार, लाख, करोडको संख्यामा मन्त्रोच्चारण गरी यज्ञहरूमा आहुतिहरू दिई सिद्धिहरू प्राप्त गरिन्छ। यसरी मन्त्रजपबाट उत्पन्न प्रचण्ड शब्दशक्ति तथा साधकमा सङ्कल्प बलद्वारा अन्तरिक्षमा व्याप्त दैवी चेतना संघीभूत भई साधकका लागि सिद्धि प्राप्त हुने हुन्छन्।[२]

ब्रह्मगायत्रीमन्त्रका द्रष्टा आचार्य विश्वामित्र हुन्। ऋग्वेदको तृतीय मण्डलको ६२ औं सूक्तको दशौं मन्त्र नै गायत्रीमन्त्र हो। यो मूलमन्त्र र बीजमन्त्र हो। गायत्रीमन्त्रलाई वेदमाता भनिन्छ। सनातन धर्मावलम्बीहरूको उपनयन संस्कारमा गुरुमुखद्वारा यही मन्त्र नै चेलालाई सुनाइन्छ। गायत्री उपासनामा विश्वामित्रको कृपा प्राप्त गर्नु आवश्यक मानिन्छ।[३] गायत्रीमन्त्रको जप र उपासनाले गर्दा नै विश्वामित्रले असम्भव कार्य पनि सम्भव गरेका थिए। ब्रह्माले जस्तै नयाँ विश्व सृष्टि गरेर त्रिशंकुलाई सशरीर स्वर्ग पठाउने कार्य सफलतापूर्वक गरेका थिए।

शास्त्रकारहरूका विचारमा गायत्री

ऋषिमुनिदेखि विभिन्न व्यक्तिहरूले शास्त्रलेखन र प्रवचनमा गायत्रीमन्त्रको महिमा प्राचीन समयदेखि आजसम्म निरन्तर रूपमा गरेका छन्। त्यसका केही उदाहरण छन्। गीतामा श्रीकृष्णले छन्दमा म गायत्री छन्द हुँ भनेका छन्। विश्वामित्रले चारवटै वेदमा गायत्रीसमान अरू मन्त्र छैन भन्दै यस मन्त्रको बराबरी सम्पूर्ण वेद, यज्ञ, दान, तपले गर्न नसकिने तथ्य बताएका छन्। ब्रह्माले समेत गायत्रीमन्त्र जप गर्दछन्, गायत्रीमन्त्रले ब्रह्म साक्षात्कार गराउन मद्दत गर्दछ भन्ने अभिव्यक्ति भारद्वाज ऋषिले दिएका छन्। स्वामी रामकृष्ण परमहंसले आफ्नो उपदेशमा प्रस्ट भनेका छन् – "ठूलो सिद्धि प्राप्त गर्न लामो साधनाको आवश्यकता छैन। सानो गायत्रीमन्त्रको साधना गरे पुग्छ।" यसबाट सानो गायत्रीमन्त्रको ठूलो शक्ति रहेको प्रष्ट बुझिन्छ।

गायत्री सद्बुद्धिको मन्त्र हो। त्यसैले गायत्री मन्त्रलाई मुकुटमणि भनिन्छ भन्दै स्वामी विवेकानन्दले परमात्मासँग माग्ने योग्य वस्तु सद्बुद्धि हो भनेका छन्।[४] महामना मदनमोहन मालवीयले गायत्रीमन्त्रबारे आफ्नो विचार यसरी व्यक्त गरेका छन् – ऋषिहरूले हामीलाई दिएको अमूल्य रत्नहरूमध्ये एउटा अनुपम रत्न गायत्रीमन्त्र हो। गायत्रीमन्त्रको जपले बुद्धि पवित्र हुन्छ। यसरी मालवीयले यस मन्त्रको मुक्तकण्ठले प्रशंसा गरेका छन्। आर्य समाजका जन्मदाता स्वामी दयानन्द गायत्रीमन्त्रका श्रद्धालु उपासक थिए। उनले भागवत सप्ताहभन्दा गायत्री पुरश्चरण अधिक श्रेष्ठ हो भनेका थिए।[५]

---

१ राजवली पाण्डेय, हिन्दू धर्मकोश, लखनउ उत्तर प्रदेश, हिन्दी संस्थान हिन्दी समिति प्रभाग, १९७८, पृष्ठ ४९६।
२ हरिराम जोशी, प्रदीप अभिनव संस्कृति विश्वकोष, भक्तपुर वर्कश पब्लिकेशन, २०७०, पृ. ७०६।
३ राधेश्याम खेमका, कल्याण वेद कथांक, गोरखपुर, गोविन्द भवन कार्यालय, १९१, पृ. ३८१।
४ मिनाकुमारी रिसाल, श्रीमद्भगवत, ललितपुर, शकुन्तला खत्री, २०७१, पृ. १२४।
५ श्रीराम शर्मा आचार्य, गायत्री महाविद्या, युग निर्माण योजना विस्तार ट्रष्ट, मथुरा, २०१०, पृ. १२९।

गायत्रीमन्त्रको विश्व दृष्टिकोण

यजुर्वेद र ऋग्वेदमा गायत्रीमन्त्रको उल्लेख छ।

ॐ भूर्भुवः स्वः तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धीयो यो नः प्रचोदयात्ः ॥

भावार्थ–

ती प्राणस्वरूप, दुःखनाशक र सुख एवं श्रेष्ठ, तेजस्वी, पापनाशक, देवस्वरूप परमात्मालाई हामीले अन्तरात्मा धारण गरौं। ती परमात्माले हाम्रो बुद्धिलाई सन्मार्गमा प्रेरित गरून्।[६] हामी सवितादेव (देवी) को वरणीय प्रकाश धारण गर्दछौँ। हाम्रो बुद्धिलाई प्रेरित गर्नुस्।[७] सृष्टिकर्ता प्रकाशमान परमात्माको प्रसिद्ध तेजको हामी ध्यान गर्दछौं। ती परमात्मा हाम्रो बुद्धिलाई असल मार्गतर्फ प्रेरित गरून्। यो प्रभुको मुख्य नाम हो। त्यो प्राणहरूको प्राण, (भूः) दुःखनाशक (भुवः) सुखस्वरूप (स्व.) हो। त्यो (ततः) सकल जगत्का उत्पादक (सवितुः) प्रभुको (देवस्य) ग्रहण योग्य (वरेण्यम्) विशुद्ध तेज (भर्ग) लाई हामी धारण गरौं। (धीमही) जुन प्रभु(य) हाम्रो (न) बुद्धिहरूलाई (धियः) असल मार्गमा प्रेरित गरून् (प्रचोदयात्)। अर्थात् आफ्ना तेजले व्यापक ब्रह्माण्ड जगत्मा चैतन्य प्रदायक सूर्यको झैँ विकाररहित तेजोमय एवं वरण गर्न योग्य देवको ध्यान गर्दछौं। उनैको दैवी शक्तिबाट सतमार्गमा लाग्न हाम्रो बुद्धि उत्प्रेरित होओस् (वेभसाइट)। विभिन्न शास्त्र र व्यक्तिहरूले गायत्रीमन्त्रको अर्थ र व्याख्या केही फरक ढङ्गले गरेका भए पनि मूल आशय एउटै हो।

गायत्रीमन्त्रको स्वरूप

विश्वामित्रले गायत्री देवीको मूल स्वरूपको वर्णन गरेका छन्। उनको वर्णनअनुसार गायत्रीदेवी पाँच मुख र तीन आँखाले सुशोभित छिन्। देवीले दशओटा हातमा अभय, वरदमुद्रा प्रदर्शन, अंकुश पाश, शुभ्रकपाल, डोरी, शङ्ख, चक्र र दुईओटा कमलको फूल लिएकी हुन्छिन्।[८] देवीभागवतमा गायत्रीमाताको ध्यान गर्दा स्मरण गर्ने स्वरूपको वर्णन यसप्रकार छ :

मुक्ताविद्रमहेमनीलधवलच्छायैर्मुखैस्त्रीक्षणैर्यज्मामिन्दुनिवद्धरत्नं– मुकुटांतत्त्वार्थवर्णात्मिकाम्।

गायत्री वरदामयाँकुशकशाः शुभ्रं कपालं गुणं शङ्खं चक्रमथारविन्दयुगलं हस्तैर्वहन्ती भजे॥ (देवीभागवत १२।३)

उपनयन (व्रतबन्ध) संस्कारपश्चात् बिहान र साँझ ब्राह्मण र क्षेत्री समुदायका पुरुषहरूले जप्ने २४ अक्षरको गायत्रीमन्त्रले आजसम्म मान्यता र निरन्तरता पाएको छ।

मननात त्रायते इति मन्त्र अर्थात् मनन् गर्दा जसले रक्षा गर्दछ, त्यो मन्त्र हो। शास्त्रमा उल्लेख भएको यस भनाइबाट मन्त्रको गरिमा बुझ्न सहज हुन्छ। मन्त्रको प्रभावले देवीदेवताहरू, देवराज इन्द्र र थुप्रै नागहरू यज्ञको कुण्डमा फालहाल्न तयार भएको आख्यान पुराण र महाभारतमा पाइन्छ। राजा जनमेजयले सर्पको वंश नै नाश गर्ने यज्ञ गर्ने प्रतिज्ञा गरेका थिए। आफ्ना बाबु परिक्षितको मृत्यु सर्पले डसेर भएकाले मन्त्रको प्रयोगद्वारा बदला लिने घोषणा गरेका थिए। कालो लुगा लगाएका ऋषिहरूले मन्त्र उच्चारण गर्दै मन्त्रको बलले सर्पहरूलाई यज्ञकुण्डमा होमे।[९] यसरी मन्त्रको प्रभावबारे हाम्रा शास्त्रहरूमा प्रशस्त चर्चा पाइन्छ।

---

६ श्रीराम शर्मा आचार्य, पूर्ववत, पृष्ठ ग.

७ राजवली पाण्डेय, हिन्दू धर्मकोश, पूर्ववत, पृ. २३२।

८ श्रीराम शर्मा, गायत्री महाविद्या, पूर्ववत, पृ. ३८२।

९ रामानारायण दत्त शास्त्री (अनु.), महाभारत प्रथम खण्ड, आदिपर्व अन्तर्गत, अध्याय ५२, गोरखपुर गोविन्द भवन, २०५२, पृ. १४९।

Raj Kishore

गायत्रीमन्त्रको मुद्रा र पुरश्चरण प्रक्रिया

गायत्रीमन्त्रको उपासना गुरुद्वारा विधिपूर्वक लिनू, पुस्तकबाट सोझै पढेर नगर्नु भन्ने आदेश शास्त्रहरूमा छ। वृहत्तन्त्रसारमा भनिएको छ – दीक्षासँगै मन्त्रको जप नै फलदायी हुन्छ। दीक्षासँगै मन्त्रको दश संस्कार र बजारबाट किनेर ल्याएको जपमालाको संस्कार पनि आवश्यक मानिन्छ।[१०] साहिँली औंलाको बीचबाट गन्न सुरु गरेर गायत्रीमन्त्रको जप गरिन्छ। कमलको फूलको सेतो गेडा वा काँचको स–साना टुक्राबाट बनाइएको मालाबाट पनि जप गर्न सकिन्छ।[११] गायत्रीमन्त्र र माताका साधकहरूको बारेमा पनि शास्त्रहरूमा उल्लेख पाइन्छ। प्राचीन र मध्यकालदेखि आधुनिककालसम्म गायत्रीमन्त्र जप र बारम्बार पुरश्चरण गरेको चर्चा सुनिँदै आएको छ। वि.सं.१९९७ मा स्वर्गे हुनुभएका गोरखापत्रका सम्पादक पं. चिरञ्जीवी शर्मा पौड्यालले गायत्रीको ३ पुरश्चरण गरेको वर्णन उहाँकै रचना आफ्नो कथामा गरिएको छ।[१२] गायत्रीको मन्त्र पुरश्चरण गर्न निकै कठिन मानिन्छ। ९ ग्रह र १२ महिनालाई गुणा गरेर निस्कने संख्या १०८ लाई मान्यता दिएर गायत्रीमन्त्र १०८ पल्ट जप गर्ने विधान छ।

श्रीराम शर्मा आचार्य (इ.सं. १९१२–१९९०) ले गायत्रीमन्त्रको महापुरश्चरण २४ पटक गरेका थिए।[१३] उच्चारण शुद्ध ढङ्गले गर्दै २४ अक्षरको गायत्रीमन्त्र दिनमा तीनपटक जप गर्ने विधान छ। एक अक्षरको एक लाख पल्ट जप गरेर २४ लाख जप गरेपछि एक पुरश्चरण मानिन्छ। तीर्थयात्रा र विशेष थलोमा गायत्री जप र पुरश्चरण गरेको फल विशिष्ट ढङ्गले प्राप्त हुने विश्वास छ।

गायत्रीमन्त्रको जप र तिलको हवन गरेमा कुनै पनि कार्यमा सिद्धि प्राप्त गर्न सकिन्छ भन्ने विश्वास हिन्दू धर्मावलम्बीहरूमा छ। कुनै पनि मन्त्रलाई सिद्ध गर्ने सामान्य नियमको वर्णन शास्त्रमा पाइन्छ। त्यहाँ वर्णन भएअनुसार मन्त्रमा जतिओटा अक्षर छन्, त्यति नै पल्ट मन्त्र जप गर्ने, जपसंख्याको दशांश तर्पण, तर्पणको दशांश मार्जन र मार्जनको दशांश ब्राह्मणको भोजन गराएपछि त्यस मन्त्रको पुरश्चरण पुरा हुन्छ। पुरश्चरणको कार्यविभाजन यसरी गरिएको छ –

१) नित्यकर्म स्थान आदि, २) सन्ध्या, ३) गायत्री पूजन (जसको प्रधान अङ्गपूजा, कवच, न्यास, ध्यान एवं स्तोत्र) ४) शापमोचन, ५) हवन, ६) तपर्ण, ७) मार्जन, ८) मुद्रा, ९) विसर्जन, १०) ब्राह्मण भोजन।[१४]

गायत्री पुरश्चरण सकेसम्म २४ दिनमा पूरा गर्नुपर्छ। गायत्रीमन्त्र पुरश्चरण गर्दा अन्य ब्राह्मण, अरू व्यक्तिहरूको मद्दत लिएमा सजिलो हुन्छ। गायत्रीमन्त्र पुरश्चरण पुरा गरेपछि ब्राह्मण भोजन, प्रीतिभोज, कीर्तन र प्रसाद वितरण गर्नुपर्छ। गायत्री पुरश्चरणमा दशओटै अङ्गको वर्णन यसप्रकार तल दिइएको छः

१. नित्यकर्म

ब्रह्म मूहुर्तमा उठेर आफ्ना नित्यकर्म सकेर शुद्ध लुगा लगाएर पुरश्चरणको नियम पालना गर्नुपर्छ। गायत्री जप गर्दा ओच्छ्याउने आसनका बारेमा पनि शास्त्रमा प्रष्ट पारिएको छ। ज्ञानसिद्धिका लागि कालो रङको मृगचर्म, मोक्ष तथा श्रीका लागि व्याघ्रचर्म, पुष्टिकार्यका लागि रेशम, शान्तिकार्यका लागि वेत, व्याधिनाशका लागि बाँस र दुःखमोचनका लागि कम्बल ओच्छ्याउनुपर्छ।

---

१० राधेश्याम खेमका, कल्याण वेद कथांक, पूर्ववत्, १९९१, पृष्ठ ४४३।
११ वेताममणि, पौराणिक इनसाइक्लोपीडिया, दिल्ली, मोतिलाल, वनारसी दास, १९९३, पृ. २८८।
१२ चिरञ्जीवी शर्मा पौड्याल, आफ्नो कथा, ललितपुर, श्रीमती विद्यादेवी आ.दी. सम्वत् २०१४, पृ. ग।
१३ श्रीराम शर्मा आचार्य, सुपर साइन्स अफ गायत्री, मथुरा, युग निर्माण योजन विस्तार ट्रष्ट, २००९, पृ. ७।
१४ श्रीराम शर्मा आचार्य, गायत्री महाविद्या, युग निर्माण योजना विस्तार ट्रष्ट, मथुरा, २०१०, पृ. ४०।

२. सन्ध्या

सन्ध्याका धेरै विधि छन्। बिहान, मध्याह्न र साँझ तीन पटक सन्ध्या गर्ने नियमको उल्लेख शास्त्रहरूमा पाइन्छ। सन्ध्याअन्तर्गत गरिने कार्यहरू यसप्रकार छन् :

- **मार्जन–** सन्ध्याको पहिलो क्रिया मार्जन हो। मन्त्रको पाठ गर्दै दाहिने हातले कुशको टुक्रा जलमा चोपेर आफ्नो शिर, जमिन र चारै दिशामा छरिन्छ। आफ्नो शरीरको बाह्य मल र भित्री विकार हटाउन मार्जनले मद्दत गर्छ।
- **प्राणायाम–** सन्ध्याको दोसो कार्य प्राणायाम हो। प्राणायामद्वारा अन्तःकरणस्थित पापको नास हुने विश्वास गरिन्छ। गायत्रीमन्त्रको तीन पटक उच्चारण गर्दै नाभि देशमा ब्रह्माको, हृदयमा विष्णुको र निधारमा रुद्रको ध्यान गरिन्छ।
- **आचमन–** सन्ध्या उपासनाअन्तर्गत तेस्रो काम आचमन हो। हत्केलामा जल हालेर पिउने कार्य नै आचमन हो। मनुस्मृतिमा ब्राह्मण, क्षेत्रिय र वैश्यका लागि जल हाल्ने र पिउने तरिका बताइएको छ।
- **पुनमार्जन–** शरीर र मनको मल विकार फाल्ने काम नै पुनमार्जन हो। सुरुमा गरिने मार्जनको विधिजस्तै यसमा पनि जलमा चोपिएको कुशको टुक्राले शिर, जमिन र चारैतर्फ मन्त्र उच्चारण गर्दै जल सेचन गरिन्छ।
- **अघमर्षण–** यसलाई पापनासन प्रक्रिया भनिन्छ। यसमा नाकको प्वाल नजिकै एक आचमनी जल राखेर मन्त्र उच्चारण गरिन्छ। मन्त्र उच्चारण गर्दा शरीरमा भएका पाप त्यस जलमा आएर मिसिएको कल्पना गरिन्छ। त्यसपछि दाहिने हातले शरीरको बायाँपट्टि पापपुरुष नाश भयो भन्ने भावले फ्याँक्नुपर्छ।
- **सूर्योपस्थान–** यसमा सूर्यको मन्त्रहरू पढिन्छ। हामी अनन्त वर्षसम्म देख्न सकौं, हेर्न सकौं, हाम्रो आयु अनन्त होस्, हामी अनन्त वर्षसम्म सुन्न बोल्न सकौं। ऋग्वेदमा वर्णन भएअनुसार यी सूर्यमन्त्रहरू पढ्दा शारीरिक र मानसिक रोग लाग्दैन भन्ने विश्वास गरिन्छ।
- **गायत्रीको आह्वान, ध्यान तथा जप–** गायत्रीकी आधिष्ठात्री देवीहरू पनि तीनवटी छन्। ती देवीहरूको रूप र ध्यान फरक–फरक छन्। ब्राह्मी, वैष्णवी र माहेश्वरी देवीलाई आह्वान गरेर जप गर्ने विधान छ। बिहान सूर्य नउदाउँदै र साँझ तारा नदेखिँदै गायत्री जप गर्ने विधान छ।

३. गायत्रीपूजन

एउटा चौकीमाथि गायत्रीको मूर्ति वा गायत्रीमन्त्र लिखित रूपमा स्थापना गर्नुपर्छ। पूजापूर्वमा गायत्रीको आह्वान गरिन्छ। सिन्दुर, केशरी, जौ, तिल, अक्षता, धुप, बत्ती, नैवेद्य, फलफूल आदि अर्पण गरेर जल चढाउँदै पूजा प्रारम्भ गरिन्छ।

४. ध्यान

गायत्रीको पूजाविधिमा ध्यान महत्त्वपूर्ण मानिन्छ। पाँच मुख र दशओटा हात भएकी गायत्री देवीको स्मरण गरेर ध्यान गर्नुपर्छ। सेतो कमल र हाँसमा बसेकी मुसुक्क हाँसेकी गायत्री देवीको ध्यान गरेर कवचको पाठ गर्नुपर्ने विधान छ।[१५] यस्तै रीतले हवन, तपर्ण, मार्जन, मुद्रा, प्रदर्शन गरेर गायत्रीको जप गर्नुपर्छ। गायत्रीको

---

[१५] श्रीराम शर्मा आचार्य, गायत्री महाविद्या, पूर्ववत् पृ. २४६।

Raj Kishore

जप अगाडि प्रदर्शन गरिने प्रमुख २४ ओटा मुद्रा र जप पछि प्रदर्शन गरिने प्रमुख ८ ओटा मुद्राहरु छन्। यी मुद्रा जानेन भने गायत्री निष्फल हुन्छ भन्ने विश्वास छ। ती जप अगाडि प्रदर्शन गरिने प्रमुख २४ ओटा मुद्राका नाम यसप्रकार छन्–

सुमुखं सम्पुटं चैव विततं विस्तृतं तथा
द्विमुखं त्रिमुखं चैव चतुः पञ्चमुखं तथा
षण्मुखम् अधोमुखं चैव व्यापकाञ्जलिकं तथा
शकटं यमपाशंच ग्रथितं चोन्मुखोन्मुखं
प्रलम्बं मुष्टिकं चैव मत्स्यकूर्मोवराहकं
सिंहाक्रान्तं महाक्रान्तं मुद्गरं पल्लवं तथा॥ (संस्कार प्रकाश)

सुमुखम्, सम्पुटम्, विततम्, विस्तृतम्, द्विमुखम्, त्रिमुखम्, चर्तुमुखम्, पञ्चमुखम्, षम्मुखम्, अधोमुखम्, व्यापकाञ्जलिकम्, शकटम्, यमपाशम्, ग्रन्थितम्, उन्मुखोन्मुखम्, प्रलम्बम्, मुष्टिकम्, मत्स्यम्, कूर्मम्, वराहकम्, सिंहाक्रान्तम्, महाक्रान्ततम् ,मुद्गरम् र पल्लवम्। र जप पछि प्रदर्शन गरिने प्रमुख ८ ओटा मुद्राहरु तल दिइएका बमोजिम रहेका छन्।

सुरभिज्ञान वैराग्यं योनिः शंखोद्रथ पङ्कजं
लिङ्गं निर्वाणकं चैव जपान्तेद्रष्टौ प्रदर्शयेत्। (संस्कार प्रकाश)

धेनु, ज्ञान, वैराग्य, योनी, शंख, पंकज, लिंग एवम् निर्वाण यी अष्टमुद्राहरु गायत्रीको जपपछि प्रदर्शन गरिन्छ।

५. विसर्जन

हरेक पूजा व्रतमा आह्वान र विसर्जन अत्यावश्यक मानिन्छ। गायत्री आह्वान गर्दा मन्त्र पढेजस्तै विसर्जनमा पनि मन्त्र पढिन्छ।

उत्तमे शिखरे देवी भुम्यां पर्वत मुर्धनी,
ब्राह्मणेभ्यो ह्यानुज्ञाता गच्छ देवी यथासुखम्।[१६]

विसर्जनमन्त्र पढेपछि सूर्यदेवलाई अर्घ दिनुपर्छ। पुरश्चरण गर्दा बचेको जलले सूर्यलाई अर्घ अर्पण गर्नुपर्छ। चोरी औंलाको फेदमा बूढी औंलाले नछोएर अर्घ दिनुपर्छ। चोरी औंलामा बूढी औंलाले छोएमा राक्षसी मुद्रा हुन्छ।

अन्तमा क्षमा प्रार्थना र ब्राह्मण भोजन गराएपछि पुरश्चरण कार्य पूरा हुन्छ।

न मन्त्रं नो यन्त्रं चादापि च न जाने स्तुति महो
न चाह्वानं ध्यानं तदपि च न जाने स्तुतिकथाः।
न जाने मुद्रास्ते तदपि च न जाने विलपनम्
परं जाने मातस्त्वदनुसरणं क्लेश हरणम्॥

भावार्थ : मलाई मन्त्र, यन्त्र, र स्तुति केही पनि आउँदैन। आह्वान, ध्यान, स्तुति कथा पनि जान्दिनँ। पूजा र मुद्राको विधान केही पनि थाहा छैन। हजुरको शरणमा आएमा क्लेश हरिन्छ त्यतिमात्रै थाहा छ।[१७]

---

[१६] श्रीराम शर्मा आचार्य, गायत्री महाविद्या, पूर्ववत् पृ. २६७।
[१७] श्रीराम शर्मा आचार्य, गायत्री महाविद्या, पूर्ववत् पृ. २६७।

महिला र गायत्रीमन्त्र

गुरुकुलमा जानुपूर्व उपनयन, व्रतबन्ध संस्कार सम्पन्न गर्ने परम्पराको उल्लेख शास्त्रमा पाइन्छ। पूर्ववैदिक कालमा महिला र पुरुष दुबैको व्रतबन्ध संस्कार गर्ने, गायत्रीमन्त्रको जप गर्ने यज्ञोपवीत धारण गर्ने परम्परा थियो। कालान्तरमा यज्ञोपवीत धारणा गर्ने चलन पुरुषमा मात्रै सीमित भयो। यसैक्रममा गायत्रीमन्त्र पुरुषले मात्र जप्ने अधिकार मानियो। पछिल्लो समयका केही स्मृतिमा महिलाहरूलाई तल्लो दर्जा सरह व्यवहार गरेर धेरै कुरामा प्रतिबन्ध लगाइयो। त्यसबेलाको युरोपेली समाजमा पनि महिलालाई झारपातसरह सम्झने र बोक्सीको आरोपमा जिउँदै जलाउने जंगली चलन थियो। पूर्वका माथिल्लो स्तरका गुरुहरूले नारीलाई पापको द्वार र व्यभिचारिणी भनेर सार्वजनिक थलोमा बहस गरेका उदाहरणहरू पाइन्छन्। त्यसैले यस्तो परिस्थितिमा नारीलाई गायत्रीमन्त्रको जपमा प्रतिबन्ध लगाएको देखिन्छ। यसको एउटा उदाहरण–

निरिन्द्रियाह्यमन्त्राश्च स्रियोनृतमिति स्थितिः (मनुस्मृति ९।१८) अर्थात् महिलाहरू इन्द्रियरहित, मन्त्र रहित असत्य स्वरूपिणी एवं घृणित हुन्छन्।

भागवतमा पनि स्त्री, शूद्र र नीच ब्राह्मणलाई वेद सुन्ने अधिकार छैन भनिएको छ।

स्त्रीशूद्र द्विजबन्धुनां त्रयी न श्रुतिगोचारा (भागवत), शंकराचार्य प्रश्नोत्तरीको एउटा अंश यहाँ छ :

प्रश्न – कसलाई विश्वास गर्नु हुँदैन?

उत्तर – नारी।

प्रश्न – नरकको एक मात्र ढोका कुन हो ?

उत्तर – नारी।

प्रश्न – को बुद्धिमान् हो ?

उत्तर – जो पिचाशिनी रूपकी नारीबाट ठगिएको छैन।

उल्लिखित प्रश्नोत्तरबाट पनि तत्कालीन समाजमा नारीप्रतीको दृष्टिकोण प्रष्ट हुन्छ। समग्रमा हेर्दा गायत्रीमन्त्रलाई प्रतिबन्ध लगाउन तत्कालीन स्मृति साहित्यले बल पुऱ्याएको देखिन्छ। महिलालाई वेद पढ्न स्वीकृति प्रदान गरिएको खुलासा वेदको श्लोकबाट प्रमाणित हुन्छ। ऋग्वेदको १०।१९१।३ मा प्रष्ट भनिएको छ – हे समस्त नारीहरू तिमीहरूको लागि यो मन्त्र समानरूपमा दिइएको छ। समानरूपले मन्त्रको उपदेश गर्दछु र समानरूपले ग्रहण गर्ने योग्य पदार्थ दिन्छु।[१८]

सन् १९४६ तिर भारतको विभिन्न विश्वविद्यालयहरूमा स्त्रीलाई वेदमन्त्रको अधिकार छ/छैन भन्ने विषयमा वादविवाद भएको थियो। पत्रपत्रिकामा पनि यस विषयमा विचार–विमर्श भएको थियो। सन १९४६ मा काशी हिन्दू विद्यालयका महामना मदनमोहन मालवीयको अध्यक्षतामा बसेको एउटा कमिटीले यस विषयका बारेमा सुनाएको निर्णयले एउटा नयाँ मोड लियो। मदनमोहन मालवीयको कमिटीले शास्त्रको अध्ययनको आधारमा पुरुषसरह नै स्त्रीहरूले वेदको अध्ययन गर्नसक्ने निर्णय निकालेका थिए। यो घटनाको श्रीराम शर्मा आचार्यले रोचक ढङ्गले व्याख्या गरेका छन्। कुमारी कल्याणी नामकी छात्राले काशी विश्वविद्यालयमा वेद कक्षामा पढ्न फर्म भरिन् तर तत्कालीन समाज (१९५६) मा यो धेरैलाई पाच्य भएन। त्यसैले यस विषयलाई राष्ट्रको चर्चाको विषय बनाइयो। ठूलो छलफलपश्चात् कल्याणीले काशी विश्वविद्यालयमा वेद विषयमा

---

१८ श्रीराम शर्मा आचार्य, गायत्री महाविद्या, पूर्ववत् पृ. ५०।

अध्ययन गर्न पाइन्[१९]। सनातन धर्मग्रन्थले वेद आराधना गर्न स्त्री र पुरुषमा भेद गरेको छैन। पुरुषभन्दा महिलामा धार्मिक प्रवृत्ति बढी हुनुको कारण समाजशास्त्रीहरूले प्रष्ट पारेका छन्। परिवारलाई आर्थिकरूपले भरथेग गर्नुपर्ने जिम्मा अधिकांश पुरुषहरूमा पर्ने कारणले उनीहरूमा ठग, धूर्तता, शोषण, निष्ठुरता, अहंकार असंयम बढी देखिन्छ। महिलामा दयालु, नरम र कोमल स्वभाव हुन्छ। अपौरुषेय वेदका ऋचाहरूको द्रष्टा र रचनाकार केही महिला छन्। महिलाहरूद्वारा नै रचना गरेका ऋचाहरूले पूर्ण भएको वेदकै गायत्रीमन्त्रमा त्यही वर्गलाई सुन्ने पाठ गर्ने अधिकारबाट कसरी वञ्चित गर्न सकिन्छ ?[२०] त्यसैले हामीले ढुक्क भएर भन्न सक्छौं, गायत्रीमन्त्र पढ्न, सुन्न र जप गर्न महिलाहरूलाई पूर्णरूपमा अधिकार छ।

उपसंहार

बिहान, अपराह्न र साँझको सन्ध्या समयमा तीन पटक गायत्री मातालाई स्मरण गरेर गायत्री जप्ने विधान छ। श्वेतचन्दन र तुलसीमालाको प्रयोगद्वारा गायत्रीमन्त्रको जप गरिन्छ। तान्त्रिक जप गर्न रुद्राक्ष उत्तम मानिन्छ। कुश वा कम्बल आसनमा बसेर गायत्रीमन्त्र जप गर्दा पूर्ण फल प्राप्त हुने विश्वास गरिन्छ।

- गुरुलाई स्मरण गर्दै मन्त्र जप्ने पनि एउटा विधान छ। गुरुद्वारा विधिपूर्वक सुनिएको गायत्रीमन्त्र जीवनको अन्तिम घडीसम्मको कार्यतालिकामा समावेश गर्ने विधान छ। सत्त्वको वृद्धि गर्नु गायत्रीमन्त्रको प्रमुख कार्य मानिन्छ। गायत्रीद्वारा सत्वगुण बढ्ने विश्वास यस मन्त्रलाई जप्ने साधकहरूको छ।
- गायत्री रहस्योपनिषद्मा सम्पूर्ण लोकहरूको आश्रयदाता र धर्मको ज्ञान प्रदान गर्ने भनेर गायत्रीको प्रशंसा गरिएको छ।
- आत्मबल बढाउन गायत्रीले ठूलो मद्दत गर्छ। मानसिक कष्ट हटाउन यस मन्त्रले मद्दत गर्ने अनुभवी साधकहरू बताउँछन्। अज्ञान, अशान्ति र अभाव दुःखको कारण हो गायत्री साधनाबाट सिद्धि प्राप्त हुन्छ। सिद्धिले जीवनको उज्यालो मार्ग हिंड्न मद्दत गर्छ। गायत्रीलाई कामधेनु गाई र कल्पवृक्षसमान श्रद्धा र धारण गर्ने मानिसहरूको जमात ठूलो छ।
- २४ अक्षरको गायत्री जप गर्न नसके पञ्चाक्षरी मन्त्र जपे पनि उत्तिकै लाभदायी हुन्छ। ॐ भूर्भुवःस्वः भन्दै गायत्री पञ्चाक्षरी जप गरेर काम चलाउन सकिन्छ। पहेंलो रङको सिंहमाथि पहेंलो वस्त्र लगाएकी गायत्री माताको साधना गर्दा शुद्ध मनले पूर्वतिर फर्केर गर्ने विधानको उल्लेख शास्त्रमा छ।
- विधिपूर्वक सुनेको गायत्रीमन्त्र विधिपूर्वक नै अध्यापन गर्ने विधान छ। व्यावहारिक जीवनमा विविध कारणले जप गर्न सम्भव नभए पण्डितको निर्देशनअनुसार उद्यापन गर्न सकिन्छ। पञ्चमुखी गायत्रीका तीन स्वरूप प्रख्यात छन् गायत्री, सावित्री र सरस्वती।
- माटो, हावा, अग्नि र आकाश जसलाई पञ्चतत्त्व भनिन्छ जसको सम्मिश्रणबाट शरीर बनेको छ। त्यसको संकेत गायत्रीको पाँचओटा शरीरले गरेका छन्। अन्नमय, प्राणमय, मनोमय, विज्ञानमय र आनन्दमय जम्मा पाँचओटा कोशको प्रतिनिधित्व गायत्रीमाताको पाँच शरीर र पाँच मुखले गरेको मानिन्छ।
- सद्‌बुद्धिको महत्त्वपूर्ण वैज्ञानिक आधार गायत्रीमन्त्रलाई मानिन्छ। ब्रह्म र गायत्री दुबै एकै हुन्। आत्मबल बढाउन आँटिको कार्य सिद्ध गर्न, श्री, समृद्धि र सफलता प्राप्त गर्न गायत्री साधनाले मद्दत गर्छ।

---

१९ श्रीराम शर्मा आचार्य, गायत्री महाविद्या, पूर्ववत् पृ. ५०–५१।

२० वीणा पौड्याल, सद्‌बुद्धि प्रदान गर्ने श्री गायत्रीमन्त्र, अमूर्त संस्कृति, २०७७, वर्ष ४, अंक ४, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, काठमाडौं, पृष्ठ, १६८।

- पृथ्वीको व्यासभन्दा सूर्यको व्यास १०८ गुणा ठूलो छ। त्यसैले १०८ पल्ट गायत्री जप्ने प्रचलन छ।
- आत्मिक कायाकल्प गर्न गायत्रीमन्त्रले मद्दत गरेको विचार गायत्रीका साधकहरू बताउँछन्।
- त्रिपदा, छन्दौयुक्ता, मन्त्रात्मिका र वेदमाता गायत्रीलाई सूर्यको एउटा घोडाको रूपमा समेत वर्णन गरिएको छ।
- गायत्रीमन्त्र जप्दा २४ प्रकारका हस्त मुद्राको प्रयोग गर्ने नियम छ।

सामान्यतया भगवान्का आयुधहरू र मन्त्रलाई कलाकृतिमा दुई प्रकारले प्रस्तुत गर्ने परम्परा छ (१) प्राकृतिक रूप (२) मानव रूप। भगवान्का विविध आयुधहरूलाई स्त्री, पुरुष र नपुंसक भनेर वर्गीकरण गर्ने विधान नै छ। भगवान् विष्णु र शिवका मूर्तिहरूमा बनाइने आयुधहरूलाई शारीरिकरण गरेर स्थापित गरिएका उदाहरण नेपाल र भारतमा थुप्रै छन्। भागवतमा विष्णु भगवान्ले स्मरण गर्ने बित्तिकै सबै आयुध मूर्तरूपमा उपस्थित भएको प्रसङ्ग छ।

आयुध मूर्तरूपमा उपस्थित भएजस्तै मन्त्रहरूको साकार स्वरूपको कल्पना गरिएको छ। गायत्रीमन्त्रको साकार स्वरूप नै गायत्रीमाताको मूर्तिफलक हो। बिहानको सूर्यमण्डलको बीचमा विराजमान गायत्रीमाताको रङ रातो हुन्छ। हाँसमा चढेकी गायत्रीमाताले हातमा कमण्डलु र अक्षसूत्र धारण गर्दछिन्। यही स्वरूपलाई गायत्री भनिन्छ। दिउँसोको गायत्रीको स्वरूपलाई सावित्री भनिन्छ। गरुडमा चढेकी सावित्री र गायत्री सावित्री (गायत्री) ले चारओटा भुजामा शङ्ख, चक्र, गदा र पद्म धारण गर्दछिन्। सन्ध्याकालको गायत्रीको स्वरूपलाई रुद्रको शक्ति मानिन्छ। साँढेमा चढेकी यी देवीले त्रिशूल, डमरु, पाश र पात्र धारण गर्दछिन्। गायत्री, सावित्री र सरस्वती एउटै ब्रह्मशक्तिको नाम भएकाले संयुक्त स्वरूपमा आह्वान र पूजन गरिन्छ। गायत्रीमातालाई दैहिक, दैविक, भौतिक एवं परा विद्याको स्वरूप मानेर ध्यान र जप गर्ने विधान छ। त्रिनेत्र भएकी गायत्रीमाताको अनुहारमा नीलमणि मुक्त आदि रत्नको चमक देखिन्छ। अर्ध चन्द्र भएको मुकुट लगाएकी गायत्रीमाताको आशीर्वाद प्राप्त गरेर जीवन सफल बनाउन भक्तहरू लालायित हुन्छन्। अस्तु।

तन्त्र साधनामा सहजयोगको व्यवहारिक पक्ष

✍ प्रा. डा. रुद्रलक्ष्मी जोशी श्रेष्ठ

भूमिका

सामान्यत दर्शनशास्त्रमा चार शाखा हुन्छन्।

(१) ईश्वरतत्त्व, (२) सृष्टितत्त्व, (३) ज्ञानतत्त्व र (४) नीतिशास्त्र।

आनन्दमार्ग दर्शनमा यी चार शाखा बाहेक अरु दुई शाखा (५) आध्यात्मिक अनुशीलन र (६) मनोविज्ञान अर्थात् मनस्तत्त्व पनि दर्शन कै अंगको रुपमा लिइएको पाइन्छ।

(१) ईश्वरतत्त्व (Onotology)

प्रचलित भाषामा भगवान्, ईश्वर र ब्रह्मलाई समानार्थक शब्दको रुपमा ग्रहण गरिएको छ। तर आनन्दमार्ग दर्शन अनुसार यी सबै भावका द्योतक होइन। भगवान, ईश्वर र ब्रह्म गुणगत अभिव्यक्ति हो। "भग"को अर्थ ६ प्रकारको गुण वा दिव्यशक्ति – ऐश्वर्य, वीर्य, वैराग्य, श्री, यश र ज्ञान हुन्। जो पुरुष यी ६ प्रकारको दिव्य शक्तिले युक्त छन् अर्थात् भग + वान् प्रत्यय जोडी भगवान शब्द निष्पन्न भएको छ भने यदि जो नारीमा यी ६ दिव्य शक्तिले युक्त छिन् भने शब्द भग + वती प्रत्यय जोडी भगवती शब्द व्युत्पन्न भएको देखिन्छ। त्यसै गरि जो पुरुष अष्ट ऐश्वर्य अर्थात् अष्टसिद्धि अणिमा, लघिमा, महिमा, ईशित्त्व, वशित्त्व, प्राप्ति, प्रकाम्य तथा अन्तर्यामित्त्वले युक्त छ भने ऊ ईश्वर कहलाउँछ।

आनन्दमार्ग दर्शनमा "शिवशक्त्यात्मकं ब्रह्म" अर्थात् शिव र शक्तिको मिलित नाम नै "ब्रह्म" हो। यी एकै पानाका दुई पृष्ठ हुन्। एकातिर शिव र अर्का पट्टि उनकी शक्ति। त्यस्तै अर्को उदाहरण लिऔं – "शिव" आगो हो भने "जलन" शक्ति शिवको शक्ति वा प्रकृति हुन्। अर्को "परमः शिवः पुरुषोत्तम विश्वस्य केन्द्रम्"। अर्थात् The Nucleus of Universe is known as Shiva or Purushottama भनिएको छ। अर्को "ओतः प्रोतः योगाभ्याम् संयुक्तः पुरुषोत्तमः" अर्थात् Purushottama is linked to each entity individually and to all entity individually and to all entities collectivelly पुरुषोत्तम सत्ता व्यक्तिको साथ ओत (individually) योगको रुपमा तथा समष्टिको साथ प्रोत (collectively) योगको रुपमा संयुक्त (linked) छन् "शक्ति सा शिवस्य शक्तिः"। Shakti is the force (शक्ति) of Shiva।

यस दर्शनमा ब्रह्मका दुई अवस्था "निर्गुण" र "सगुण" कल्पना गरिएको छ। "ब्रह्म" शिव र शक्तिको समन्वय हो। जहाँ शक्तिको अभिव्यक्ति हुँदैन, ब्रह्मको त्यस स्थितिलाई निर्गुण भनिन्छ भने जहाँ ब्रह्म क्रियाशील छ, त्यहाँ ब्रह्म सगुण हुन्छ। निर्गुण र सगुण ब्रह्मका दुई अवस्था मात्र हो, उनी दुई ब्रह्म कदापि होइन। निर्गुण ब्रह्म, सगुण ब्रह्म, पुरुषोत्तम आदिको साथ आनन्दमार्ग दर्शनमा "तारकब्रह्म" शब्द प्रयोग गरिएको छ, अर्थात् निर्गुण र सगुणको स्थितिको सेतु (पुल)को रुपमा कल्पना गरिएको छ। "तारकब्रह्म"को दार्शनिक व्याख्या केवल तन्त्रशास्त्रमा पाइन्छ।

(२) सृष्टितत्त्व (Metaphysics)

"तयोः सिद्धिः संचरे प्रतिसंचरे च" अर्थात् पुरुष तथा प्रकृति सत्ताको सिद्धि प्रकाशन (Fullfilment) संचर तथा प्रतिसंचर क्रियामा हुन्छ। यस सृष्टिको प्रत्येक वस्तुमा पुरुष साक्षी सत्ताको रुपमा अभिप्रकाशित छ।

– Sancara is the extroversive phase (movement) of creation from subtle to crude. (संचर – सृष्टिको बहिर्मुखी गति सूक्ष्मबाट स्थूल तर्फ।)

– Pratisancara is the introversive phase of creation from crude to subtle (प्रतिसंचर – सृष्टिको अन्तर्मुखी गति स्थूलबाट सूक्ष्म तर्फ।)

(३) ज्ञानतत्त्व (Epistemology)

यसमा ज्ञानतत्त्वलाई दुइ भागमा विभक्त गरिएको छ – क) परा र ख) अपरा

(क) पराज्ञान (Spiritual Knowledge) –

यो देश (Place), कला (Time) र पात्र (Person) भन्दामाथि छ। निराक्षर (निर्गुण) सत्तालाई जान्नु हो। यसको दोस्रो नाम हो ब्रह्मज्ञान (Spiritual Knowledge)।

(ख) अपराज्ञान (Mundane Knowledge) –

यसलाई सांसारिक वा भौतिक ज्ञान पनि भन्न सकिन्छ, जुन सँधै परिवर्तन भइरहन्छ।

(४) नीति शास्त्र (Ethics)

आनन्दमार्गको नीतिशास्त्र सार्वजनिक र प्राथमिक हो। क) पाँच यम साधना र ख) पाँच नियम मनुष्यको बाहिरी आचरण आस्तिक व्यवहारलाई highest norm को अनुसार नियन्त्रित गर्नु नै यसको उद्देश्य हो। पाश्चात्य दर्शनमा नीतिशास्त्रलाई मानव जीवनको एक मात्र लक्ष्यको रुपमा मानिएको छ। तर आनन्दमार्ग दर्शनमा नीतिशास्त्रलाई आदर्श जीवनको पहिलो पाइलाको रुपमा ग्रहण गरिएको छ। नीति मानव जीवनको लक्ष्य होइन, यात्रापथको सुरुवात हो अर्थात् आनन्दमार्ग साधना क्रमको आधारशिलाको रुपमा लिइएको छ।

(क) यम साधना –

(अ) अहिंसा – मन, वचन र शरीरद्वारा कुनै पनि प्राणीलाई पीडा नदिनु।

(आ) सत्य – परोपकार वा कल्याणको उद्देश्यले उठ्ने मन र वचनको यथार्थभाव नै सत्य हो। सत्य ऋत हो। ऋतमा अरुको हित भावना हुनु जरुरी छैन। साधक/साधिकाले सत्यको पालना गर्ने प्रयास गर्नुपर्छ।

(इ) अस्तेय – अरुको धन लिने लोभ वा इच्छालाई त्याग गर्नु, अनुचित तरिकाले धन नकमाउनु, नचोर्नु आदि।

(ई) ब्रह्मचर्य – मनलाई सर्वदा ब्रह्ममा लगाई राख्नु।

(उ) अपरिग्रह – देह रक्षाको लागि नभइ नहुने वस्तु राखी अरु त्याग गर्नु।

(ख) नियम साधना

(अ) शौच - यो दुइ प्रकारका छन् - शारीरिक र मानसिक शौच। साबुनआदिले शारीरिक सफाई हुन्छ भने परोपकार, दान, दया आदिले मानसिक शौच हुन्छ।

(आ) सन्तोष - नमागीकन जे पाइन्छ उसैमा सन्तुष्ट रहनु। मन प्रशन्न राख्नु।

(इ) तप - जन कल्याणार्थ स्वेच्छाले कष्ट भोग्नु वा स्वीकार गर्नु नै तप हो। व्यावसायिक मनोभावले सेवा गर्नु तप होइन। विद्यार्थी जीवनमा मिहेनतका साथ पढ्नु पनि तप हो।

(ई) स्वाध्याय - कुनै जटिल आध्यात्मिक तत्त्वलाई राम्ररी बुझ्नु वा जान्नुलाई नै स्वाध्याय भनिन्छ। स्वाध्याय गर्दा शब्दको गूढार्थ बुझ्नु जरुरी छ।

(उ) ईश्वरप्रणिधान - यसको अर्थ हो ईश्वरमा आत्मस्थित गर्न तथा ईश्वरलाई जीवनको एक मात्र ध्येय तथा आदर्शको रुपमा ग्रहण गर्नु। दुबै बेला (बिहान र साँझ) साधना अभ्यास र अध्ययनले यस भावमा स्थित हुने प्रयास गर्नु। प्रायः जसो तन्त्र साधकहरु शक्तिको उपासना गर्ने भेटिन्छ। आनन्दमार्गको तन्त्र साधना "ब्रह्म साधना" हो। ब्रह्म साधना शक्ति सहितको साधना हो। त्यसकारण शक्तिको अलग्ग साधना गर्नु आवश्यक छैन। किनभने शिव र शक्तिको मिलित नाम नै ब्रह्म हो।

(५) आध्यात्मिक अनुशीलन (Cult)

आनन्दमार्ग दर्शनको यस अध्यायले दर्शनशास्त्रको इतिहासमा एउटा ताजापन, नयाँपन ल्याइ दिएको छ भन्नुमा अत्युक्ति न होला। दार्शनिकताको वास्तविक रुपायन नै आनन्दमार्ग दर्शनको मुख्य उद्देश्य हो। दर्शनको साथ जीवनको संयोग स्थापित गर्नको लागि आध्यात्मिक अनुशीलन कल्पना गरिएको हो। यस आध्यात्मिक अनुशीलनको आधार तन्त्र हो। तन्त्र नै एक मात्र आध्यात्मिक अनुशीलन हो।

(६) मनोविज्ञान वा मनस्तत्त्व -

मनोविज्ञान र साइकोलजी (psychology) समानार्थक शब्द होइन। मनोविज्ञानमा मनको उत्पत्ति, क्रिया प्रतिक्रिया र त्यसको प्रभाव र परिणतिलाई लिएर आलोचना गरिन्छ। यो आन्दमार्गको नयाँ उद्भावना अर्थात् कल्पना हो, मनको उद्भाव (उत्पत्ति)को सम्बन्धमा भनिएको छ कि अणुमनदेखि संघर्षहरुको बीच विकसित भएको छ, चित्त, अहं र महत् यिनी तीनैको समन्वयबाट मन छ। यसै प्रकारबाट मानसिक स्थिति चार प्रकारको छ, जाग्रत, स्वप्न, सुषुप्ति र तुरीय। क्रियागत रुपको मनलाई चेतन, अवचेतन र अचेतन गरी तीन भागमा बाँडिएको छ।

मन पंचकोषीय हो - काममय, मनोमय, अतिमानस, विज्ञानमय र हिरण्यमय कोष। स्थूलदेखि सूक्ष्मतर मनमा अभिव्यक्ति एकएक कोष माथि निर्भर छ।

१. सहजयोग र तन्त्र साधनाको व्यवहारिक पक्ष

यो योग र तन्त्र साधना विज्ञानमा आधारित छ। सर्व प्रथम योग के हो ? तन्त्र भनेको के हो ? यी दुईमा सहमति छ वा मतभेद छ बुझौँ।

१.१. योगको व्याख्या

योग वास्तवमा के हो ? योग शब्द संस्कृतको दुइ बेग्लाबेग्लै धातुमा घञ् प्रत्यय जोडी योग शब्द व्युत्पन्न भइराखेको छ। धातु – युज् + घञ् = "योग" को माने "जोड" (Addition) – जस्तै २ + २ = ४, अर्को धातु - युञ्ज् + घँट = "योग" को अर्थ हो, "एकीकरण" (Unification) उदाहरणको लागि चिनी र पानी मिलाइयो भने, चिनी र पानी अलग अलग देखिँदैन र यहाँ चिनी र पानीको "योग" भयो अर्थात् एकीकरण भयो।

योगको सम्बन्धमा फरक फरक व्याख्या गरिएको पाइन्छ। महर्षि पतञ्जलिको व्याख्या हो – "योगश्चित्त वृति निरोधः" योग त्यो हो जसको द्वारा चित्तको वृत्तिहरु निरोध हुन्छ। मानिसको मनमा अर्थात् छ वटा चक्र - मूलाधार (४ वृत्ति), स्वाधिष्ठान (६ वृत्ति), मणिपुर (१० वृत्ति), अनाहत् (१२ वृत्ति), विशुद्ध (१६ वृत्ति) र आज्ञाचक्र (२ वृत्ति) गरी ५० वटा वृत्ति छन्। यदि कुनै विशेष प्रक्रियाद्वारा मनका वृत्तिहरुलाई निलम्बन (कगकउभलम) गरिदियो भने त्यसको अभिव्यक्ति पनि बन्द भइन्छ र मनले काम गर्न बन्द गर्छ, त्यस अवस्थालाई योग भनिन्छ भने त्यहाँ एकीकरण भएको त होइन। यसैले "योगश्चित वृत्ति निरोधः" यो व्याख्या ग्रहण गर्न योग्य छैन।

दोस्रो व्याख्या हो – "सर्वचिन्ता परित्यागो निश्चिन्तो योग उच्यते"। मनमा कुनै प्रकारको भावनाहरु छैनन्। मन "जहाँ चिन्ता शून्य भयो त्यसैलाई योग भन्दछन्"। पहिले भनियो कि योगको माने एकीकरण। त यहाँ पनि चिन्ता रहित मन भएको हुनाले एकीकरण भयो, यस्तो कुरा त होइन। मनुष्य जब गहिरो निद्रामा हुन्छ, सपना पनि देख्दैनन्। त्यस स्थितिमा ती चिन्ता रहित हुन्छन्। मानिस जब बेहोस हुन्छ, त्यस अवस्थामा पनि चिन्ता रहँदैन। तब के त्यो योग भएको हो ? होइन। यो कुरा युक्ति संगत छैन।

तेस्रो व्याख्या हो राजयोगीय व्याख्या जुन सदाशिवद्वारा दिइएको हो, तन्त्रमा पनि स्वीकृत छ, त्यो हो "संयोगो योगो इत्युक्तो जीवात्मा परमात्मनः"। अर्थात् जीवात्मा र परमात्मामा जुन एकीकरण हो, त्यही हो योग। अणुसत्ता र भूमासत्ताको एकीकरण, जीव र शिवमा एकीकरण। यही योगको सही व्याख्या हो।

१.२. तन्त्रको संक्षिप्त व्याख्या –

साधनाको इतिहासबाट जहाँ सम्म जान्न सकिन्छ, साधनाका आदि पिता भगवान सदाशिव थिए। हुन त भारतमा पहिले देखि काश्मिरी र गौडीय तन्त्र थिए तापनि अव्यवस्थित रुपमा थिए। भगवान सदाशिवद्वारा आफ्नो यस साधना मार्गलाई "तन्त्र"को नामले सम्बोधन गरिएको थियो। तन्त्र भयो आध्यात्मिक साधनाको प्रगतिको गुप्त संकेत।

तन्त्र शब्दको शास्त्रीय व्याख्या हो – "तं जाड्यात् तारयेत यस्तु सः तन्त्र परिकीर्तितः"। जडताको बीज "त"बाट परित्राण अर्थात् स्थायी मुक्ति जसले पाउँछ, अर्थात् जसको कल्याण कार्यद्वारा जडताको नागपाशबाट मुक्त भइन्छ, त्यसको नाम हो "तन्त्र"। तन्त्रको व्याख्या अर्को प्रकारले पनि गर्न सकिन्छ। संस्कृतमा "तन्" धातुको अर्थ हो, प्रसारित हुनु, अर्थात् जुन साधना पद्धतिद्वारा आत्मबिस्तार हुन्छ र जसको फलस्वरुप मोक्ष प्राप्त हुन्छ, त्यसको नाम तन्त्र हो। मुक्तिको जुन साधना हो त्यसैलाई तन्त्र भन्दछन्, अर्थात् साधना र तन्त्र अभिन्न हुन्।

विशुद्ध विचारले सोचियो भने पुस्तकीय ज्ञानलाई तन्त्र मान्न सकिँदैन। तन्त्र एउटा व्यावहारिक ज्ञान हो। यसकारण देख्छौं कि तन्त्रमा पुस्तकीय ज्ञानका स्थान विल्कुल गौण छ। यस साधनाको सूत्रपात पहिले शरीरबाट हुन्छ। त्यसपछि उसको अनुशीलन शरीर र मनद्वारा गरिन्छ, फेरि मन र आत्मालाई लिएर र अन्तमा आत्मिक चेतनामा प्रतिष्ठित हुनु हो।

Raj Kishore

तन्त्रमा व्यावहारिक पक्ष नै मुख्य हो। यसकारण गुरुको शिष्य प्रति अति कठोरता रहन्छ। शिष्य गुरुको मुखबाट यत्नपूर्वक सुनी सिक्छ तथा त्यसको अनुशीलन गरी तन्त्रलाई प्रत्येक पाइलामा आफ्ना सार्थकता प्रमाणित गर्नुपर्छ। यसकारण तन्त्र पुस्तकमा सीमित नभएका हुन्। तर कालक्रममा गुरु र शिष्यको अभावमा तन्त्र लुप्त प्राय भएको थियो। तब त्यसको चरम अवलुप्ति हुनुबाट जोगाउनको लागि लिपिबद्ध गर्नुको प्रयोजन आइपर्‍यो। अचेल लिपिबद्ध अवस्थामा ६४ तन्त्र पाइन्छन्।

तन्त्र मूलतः दुइ खण्डमा विभाजित छ – एक हो "निगम"। दोस्रो हो "आगम"। "निगम" मूलतः सैद्धान्तिक हो र "आगम" व्यावहारिक हो।

साधारणतः तन्त्र भन्ने बितिकै जादू–टोना गर्ने ठान्दछन्। त्यो त अविद्या–तन्त्र हो। योग एवं तन्त्र साधना विद्यातन्त्रसँग सम्बन्धित छ। उदाहरणको लागि विद्यातन्त्र र अविद्यातन्त्रको संक्षेपमा निम्न भेद छन् –

विद्यातन्त्रका ६ प्रकारका शाखाहरु	**अविद्यातन्त्रका ६ प्रकारका शाखाहरु**
(१) शुभबुद्धिको जागरण	(१) मारण
(२) उच्च वृत्तिहरुको जागरण	(२) वशीकरण
(३) विनम्रभावको जागरण	(३) उच्चाटन
(४) धर्मभावको जागरण	(४) सम्मोहन
(५) आत्मसमर्पण जागरण	(५) स्तम्भन
(६) शान्तिकर्म (परोपकार) भावको जागरण	(६) शान्तिकर्म कुनै व्यक्तिमा बिमारी छ भने त्यसका विमारी अर्को व्यक्ति वा जीवमा सारी दिने।

सहजयोग एवं तन्त्र साधना –

आनन्दमार्गको साधना पद्धतिमा योग र तन्त्र मार्गको अनौठो संयोग छ। यस मार्गमा स्वीकृत योगको परिभाषा माथि उल्लेख भइसकेको छ। अर्थात् जुन क्रियाद्वारा जीवात्मा र परमात्मा एक हुन पुग्छन्, त्यही प्रकृत योग हो।

योग साधनाको अर्को पक्ष हो – तन्त्र साधना जसको व्याख्या पनि माथि उल्लेख भइसकेको छ। अर्थात् जुन् तरिका वा उपायद्वारा मानिसहरुमा कुण्ठा (Complex) र अज्ञानता दूर हुन पुग्छन्, त्यही तरिका वा उपाय तन्त्र हो। भगवान सदाशिवद्वारा प्रदत्त तान्त्रिक साधना हर प्रकारले कल्याणकारी छ। आनन्दमार्गले तन्त्र–साधनाको गूढ विधिलाई सरल बनाएर पूर्ण रुपले मनुष्यको लागि मुक्तिको द्वार खोली दिएको छ। यस साधनाको अभ्यासबाट मनुष्यको मनमा सद्भावना, सद्बुद्धि र सद्वृत्ति, वीरभाव, विनयभाव तथा परमात्मा प्रति आत्मसमर्पणको भावको जागरण हुन्छ। तन्त्र साधनाको अभ्यासको निमित्त पहिले दीक्षित हुनु आवश्यक छ। दीक्षा लिनको लागि उपयुक्त गुरु चाहिन्छ। यसकारण यहाँ दीक्षा र गुरुको बारेमा संक्षेपमा भए पनि उल्लेख हुनु जरुरी छ।

दीक्षा –

आध्यात्मिक साधकको जीवनमा दीक्षा एउटा अत्यन्त महत्त्वपूर्ण विषय हो। दीक्षा–ग्रहणको माध्यमबाट साधक वा साधिका साधनाको पद्धतिक्रम सोपान (Lesson)को ज्ञान प्राप्त गर्दछन्। दीक्षा–ग्रहणको महत्त्वपूर्ण तात्पर्य हो – साधक वा साधिकाको अन्तस्थित सुप्त आध्यात्मक शक्ति (कुलकुण्डलिनी)को जागरण गराउनु हो।

"दीक्षा" शब्दमा दुइटा अक्षर छन् "दी" र "क्ष"। "दी"को अर्थ हो दीपज्ञान अर्थात् यस्तो दीप जसको प्रकाशले अज्ञानताको अन्धकार दूर हुन्छ। "क्ष"का अर्थ हो – पूर्वजन्मको शुभ-अशुभ संस्कारको क्षय। मोक्ष प्राप्तिको लागि मनुष्य आफ्नो संस्कारहरुको बन्धनबाट मुक्त हुनु अनिवार्य छ।

गुरु –

गुरुको अर्थ त प्रायले सुनेकै हुनुपर्छ। "गु" को अर्थ हो अन्धकार (आध्यात्मिक र मानसिक क्षेत्रको अन्धकार) र "रु"को अर्थ विदूरक अर्थात् जसले दूर गर्छ। यस प्रकार "गुरु" शब्दको पूर्ण अर्थ हुन्छ – जसले व्यक्तिको मानसिक तथा आध्यात्मिक अन्धकार दूर गर्छ उहाँ गुरु हुनुहुन्छ।

"मुक्तकाङ्क्षाया सद्गुरु प्राप्ति" कसैको मनमा जब मुक्ति पाउनको लागि तीव्र आकांक्षा जागृत भयो भने तब त्यसले सद्गुरुको दर्शन पाउँछ। "ब्रह्मैव गुरुरेक नाऽपरः" गुरु हुने क्षमता एक ब्रह्मलाई मात्रै छ किनभने ब्रह्म स्वयं बृहत् हुनुहुन्छ र अरुलाई पनि बृहत् बनाउन सक्षम हुनुहुन्छ। जब कसैलाई दीक्षादानको माध्यमबाट आध्यात्मपथको दिशा प्रदान गर्नु हन्छ तब के हुन्छ भने त्यस व्यक्तिको शरीर परब्रह्मको माध्यमको रुपमा कार्य गर्नुहुन्छ। त्यसैले कुनै पनि साधारण मानिस सद्गुरु हुन सक्दैनन्।

४. साधनाको छः (षट) सोपन (Lesson)

आध्यात्मिक साधनाले मनलाई जडताबाट सूक्ष्मतातर्फ लैजान्छ। आनन्द सूत्रम् अनुसार मनुष्यको मन पञ्चकोषको समन्वय हो र सुखानुरक्ति उसको मूल वृत्ति हो – सुखानुरक्ति परमा जैव वृत्ति।

काममय कोष, मनोमय कोष, अतिमानस कोष, विज्ञानमय कोष एवं हिरण्मय कोष – यी पाँचै कोषलाई जागृत गरेर तिनलाई उर्ध्वमुखी बनाउनको लागि तन्त्र साधनाको छ सोपनलाई सिकेर त्यसको पालना गर्नु जरुरी छ। नियमवद्ध साधनाले यी पञ्चकोष जागृत हुन्छन्। यम-नियमको पालना गर्नाले काममय कोष नियन्त्रित हुन्छ। मनोमय कोष प्राणायामबाट स्थिर हुन्छ। प्रत्याहार – साधनाद्वारा अतिमानस कोष जागृत हुन्छ। विज्ञानमय कोष तत्त्व धारणाको अभ्यासबाट प्रखर हुन्छ तथा हिरण्मय कोषद्वारा ध्यान साधनाद्वारा दीप्त हुन्छ।

त्यसपछि बोधिज्ञान सम्भव हुन्छ। आध्यात्मिक जीवनमा सफलता प्राप्त गर्नका लागि साधकको व्यक्तिगत निष्ठा र धैर्यको जति महत्त्व हुन्छ, त्यस भन्दा धेरै बढी महत्त्व गुरुकृपाको हुन्छ। गुरुकृपा प्राप्ति गर्न सरल उपाय हो – उहाँको निर्देशको निष्ठापूर्वक पालन गर्ने प्रयास गर्नु पर्छ।

४.१. ईश्वर-प्रणिधान –

यो प्रथम सोपान प्रत्याहार एवं ध्यान-क्रियाको मिलित विधि हो। यसमा साधकले पञ्च ज्ञानोन्द्रिय एवं पञ्च कर्मेन्द्रियहरुलाई अन्तर्मुखी गरी मनलाई विन्दुको रुपमा आफ्नो ईष्टचक्रमा प्रतिष्ठित गर्नु पर्दछ। त्यसपछि साधक विन्दुध्यान सँगै सिद्धमन्त्रको जप गर्दै अन्तमा चैतन्य सत्ताको भाव समुद्रमा एकात्म हुन प्रयत्न गर्नु पर्दछ। ईश्वर-प्रणिधानको साधनाद्वारा साधकको क्षुद्र "म" पन भूमामनमा विसर्जित हुन जान्छ।

साधकले दुबै बेला (बिहान र साँझ) ईश्वर प्रणिधान अनिवार्य रुपले गर्नै पर्छ। बाँकी रहेको समय कामहरु गर्दै मनमनै केवल ईष्टमन्त्रको जप गर्नु पर्छ। यस्तो जप क्रियालाई अर्ध-ईश्वर प्रणिधान भनिन्छ।

४.२. मधुविद्या वा गुरुमन्त्र –

गुरुमन्त्रको अर्थ हो – गुरुत्वपूर्ण मन्त्र। अनि मधुविद्याको अर्थ हो – गुरुमन्त्रको मानसिक प्रयोगबाट भगवद्भावको अध्यारोपण गर्नु (ब्रह्ममय भाव लिनु)। मधुविद्याद्वारा साधकले के महसुस गर्नु पर्छ भने यस

विश्वका प्रत्येक परमाणु भगवानको माधुर्य र प्रेमलले भरिएका छन् र यो सम्पूर्ण विश्व नै ब्रह्ममय छ।

मधुविद्याको अभ्यासले साधकको कर्तृत्व अभिमान क्रमशः भगवत्भावमा निरुपित हुन जान्छ। ईष्टमन्त्र र गुरुमन्त्रको मिलित प्रयोगबाट पूर्वजन्मका संस्कारहरुको क्षय सुरु हुन्छ र नयाँ संस्कारहरु सृष्ट हुने सम्भावना पनि नष्ट हुन जान्छ।

४.३. तत्त्वधारणा –

मनुष्यको शरीरको मेरुदण्डको भित्रबाट तीन नाडीहरु मस्तिष्कसम्म आएका हुन्छन्। यी नाडीहरु – ईडा, पिंगला र सुषुम्ना नामले चिनिन्छन्। जुन स्थानबाट एक अर्का सँग मिलेर ईडा र पिंगला नाडीहरुले सुषुम्ना नाडीमा गाँठा (ग्रन्थी)हरु बनाउँछन्, ती स्थानहरुमा चक्रको अवस्थिति हुन्छ। तन्त्र–साधनामा यी चक्रहरुको विशेष महत्त्व हुन्छ। अनि यी चक्रहरु पनि नौ वटा बताइएको छ। यसमा पनि पाँच चक्रको विशेष स्थान छ। यी पाँच चक्र मूलाधार, स्वाधिष्ठान, मणिपुर, अनाहत् र विशुद्ध हुन्। यिनै चक्रहरुले क्रमशः पञ्च महाभूत–पृथ्वी, जल, अग्नि, वायु र आकाशको नियन्त्रण गर्दछन्। मानवमनका ५० वृत्तिहरुको नियन्त्रण पनि यिनै चक्रले गरेका हुन्छन्। तत्त्वधारणाको अभ्यासले यी चक्रहरुको मानसा–आध्यात्मिक अवलोकन गर्न सकिन्छ।

४.४. प्राणायाम –

साधारणतया श्वास–प्रश्वासलाई नियन्त्रित प्रक्रियाबाट परिचालन गर्नुलाई नै प्राणायाम भनिन्छ।

प्राणायामद्वारा मनका वृत्तिहरुमाथि संयम राख्न सम्भव हुन्छ। प्राणायामले मनका साथै शरीरिक रोग–व्याधिहरुको पनि उपचार सम्भव हुन्छ। प्राणायाम गर्ने साधकहरुले आहार सम्बन्धी नियमहरु मानेर चल्नु अत्यन्त जरुरी छ। ध्यान सिद्धिमा प्राणायामले ठूलो मद्दत पुऱ्याउँछ।

४.५. चक्रशोधन –

सुषुम्ना नाडीमा स्थित प्रत्येक चक्र कुनै विशेष मानसिक वृत्तिहरुको नियन्त्रक हुन्छ। योगशास्त्रका अनुसार ती वृत्तिहरुको मिलित संख्या एक हजार छ। त्यसैले यी एक हजार वृत्तिहरुको सर्वोच्च नियन्त्रकका चक्रलाई सहस्रार चक्र भन्दछन्। चक्रशोधनद्वारा साधकले प्रत्येक चक्रमा ईश्वरको भावलाई आरोपण गर्ने विधि सिक्दछ। जसबाट बिस्तारै–बिस्तारै यी चक्रहरुको आध्यात्मिक रुपान्तरण हुन थाल्दछ। चक्रशोधनद्वारा मानिसको आत्मबल बढ्छ अनि अनेक शारीरिक र मानसिक रोग व्याधिहरुबाट पनि मुक्ति मिल्दछ।

४.६. ध्यान –

साधक वा साधिकाले ध्यान साधनामा विन्दुरुपी मनलाई सहस्रार चक्रमा केन्द्रित गरेर आफ्नो भावमा प्रवाहित गर्ने कोशिस गर्दछ। यस प्रक्रियामा साधक–साधिका आफ्नो ईष्टप्रति मन र प्राणलाई पूर्ण

आवेगको साथ समर्पण गर्ने प्रयत्न गर्दछ। ध्यानको सिद्धि नै साधकको जीवनको परम उपलब्धि हो। यो उपलब्धि मात्र गुरुको कृपाबाट प्राप्त हुन सक्छ। यस्तो स्थितिमा पुगेर साधक–साधिकाले "ब्रह्म कृपा हि केवलम्"को अनुभूति गर्छ। यो अनुभूति नै उसको जीवनको चरम सार्थकता र योग साधनाको चरम सिद्धि हो।

सन्दर्भ ग्रन्थ

1. Shrii Shrii Anandamurti, 1997, **Discourses on Tantra : Vol. 2,** Second Edition, Ananda Marga Publications, Anandanagar, Calcutta, New Delhi, Bombay, Patna, Bangalore
2. Shrii Shrii Anandamurti, 1994, **Discourses on Tantra : Vol. 2**, First Edition, Ananda Marga, Publications, Calcutta

Raj Kishore

3. Shrii Shrii Ananda Murti, 2010, **Yog Sadhana**, The Spiritual Practice of Yoga, First Edition, Published by Acarya Sarvatmanand Avadhist, Anand Maarga Publication, 527 VIP Nagar Calcutta, W. Bangal.

४. श्री श्री आनन्दमूर्ति 2007 **तन्त्र ही साधना, साधना ही तन्त्र**, आचार्य रुपातीतानन्द अवधूत (केन्द्रीय प्रकाशन सचिव), आनन्दमार्ग प्रचारक संघ, आनन्दनगर, पो, बागलता जिल्ला – पुरुलिया, पश्चिम बंगाल।

५. श्री श्री आनन्दमूर्ति, **नमः शिवाय शान्तायः तृतीय संस्करण**, आनन्दमार्ग प्रकाशन।

६. २००६ तत्त्वकौमुदी भाग २ तथा ३, आनन्दमार्ग, प्रकाशन।

७. श्री श्री आनन्दमूर्ति, १९८१, **नमामि कृष्ण सुन्दरम् : द्वितीय संस्करण**, आचार्य नारायणानन्द अवधूत, आनन्दमार्ग प्रकाशन, कलकत्ता प. बंगाल

८. श्री श्री आनन्दमूर्ति, १९९३, **सुभाषित संग्रह भाग**, एकादश खण्ड, प्रथम संस्करण आनन्दमार्ग प्रकाशन, कलकत्ता, प. बंगाल।

९. श्री श्री आनन्दमूर्ति, १९९६, **आनन्द वचनामृतम् भाग**, अष्टविंश खण्ड (२८) प्रकाशक : आचार्य विजयानन्द अवधूत, आनन्दमार्ग प्रकाशन, वि. आइ. पी. नगर कलकत्ता।

सगुन संस्कृति र तन्त्र

✍ डा.राजनलाल (रास)जोशी

१. विषयप्रवेश

जीवनलाई उच्चतम तहमा पुऱ्याउने माध्यम नै साधना हो। साधनाले नै मानवमात्रलाई सत्मार्गमा लाने गर्दछ भने जीवनको अभीष्टसम्म पुऱ्याउने कार्यपनि साधनाले नै गर्दछ। त्यसैले तन्त्राचारीहरु प्रत्यक्ष अप्रत्यक्ष साधना पक्षलाई लिएर जोड दिँदै आएका छन्। जन्मदेखि मृत्युसम्मका अनुष्ठानहरुमा समेत साधना गरिन्छ। त्यसमाथि जीवनको उत्कर्षमा पुग्नका लागि गरिने विविध संस्कार एवं संस्कृतिमा समेत साधना पक्षलाई स्थान दिँदै आएका छन्। साधनाको एउटा साधन नै सगुन संस्कृति हो।

उदाहरणार्थ पहाड र तोरीबीच भेद भएजस्तै सूर्य र जुनकिरी बीचपनि त्यत्तिकै भेद हुन्छ। यसैगरी कुलधर्म र परधर्मबीच पनि त्यत्तिकै भेद रहेको महशुस गरी नेवारहरुले आजपर्यन्त विश्वको कुनैपनि भूभागमा रहेर पनि संस्कृतिलाई आत्मसात् गर्दै आइरहेका छन्। कुल धर्म परम्परालाई पनि अंगीकार गर्दै आएको पाइन्छ। यसलाई सभ्यताको परिचायकको रुपमा लिनुपर्छ। यी परिचायकको प्रतीक रहेको छ – सगुन संस्कृति।

सामान्य अर्थमा अण्डा सगुन भनेको उसिने र तेलमा तारेको अण्डा, माछा, मासु, बारा र रक्सीको प्यालाको संयुक्त स्वरुप हो जुन धार्मिक वा जीवनको सफलताको क्रममा आफूभन्दा मान्यजनको तर्फबाट शुभाशीषसहित दिइने खाद्य सामग्री हो। तर, उक्त खाद्य सामग्रीभित्र निहित रहेको दर्शन पक्षले यसलाई अण्डा, माछा मासुमा मात्र सीमित नराखी दर्शनशास्त्रको बेजोड नमूना अघि सारेको पाइन्छ।

प्रत्यक्ष रुपमा यो एक भोजन प्रक्रियाको अंग हो। तर, सूक्ष्मदृष्टि दिएको खण्डमा यसभित्र नेवार समाजले अंगीकार गर्दै आएको दर्शनपक्ष जीवन्त रुपमा रहेको देख्न सकिन्छ। नेवार समाजबीच विशेष गरी अण्डा सगुन कुनै किसिमको दुर्घटनाबाट जोगिएको अवस्था, जन्मोत्सव, शुभकार्य, म्हपूजा जस्ता अवसर विशेषमा दिने गरिन्छ। यसरी दिइने सगुनमा पञ्चतत्त्वका प्रतीकका रुपमा माछा, मासु, अण्डा, बारा र रक्सी समावेश हुन्छ। कतिपयले यी पाँचमध्ये अण्डा, माछा र रक्सीमा मात्र सीमित गरेको पनि पाइन्छ। यसबारे थप चर्चा आवश्यकता अनुसार उपयुक्त स्थानमा हुने नै छ। विगतमा आर्थिक समृद्धिको अवस्थामा नेवारहरुले स्थान दिँदै आएको सगुन दिने परम्परा वर्तमान अवस्थामा पनि निरन्तरता पाइरहेको छ। सगुन दिने परम्परालाई जीवनको अंगको रुपमा ग्रहण गर्दै आएका नेवारहरुले यसभित्र निहित विविध दर्शनलाई उजागर गर्न परम्परागत शिक्षा वा दीक्षाको क्रममा समेत स्थान दिँदै आएका छन्। दीक्षाको क्रममा अण्डासगुनलाई विविध उपमा वा प्रतीकका वा प्रक्रियाको रुपमा स्थान दिँदै आएकोले नै आर्थिक विषमता वा भौगोलिक रुपमा नेवार समाज काठमाडौं उपत्यकाबाट यढिएपनि सगुन दिने कार्यले निरन्तरता पाइरहेको छ। यसको मूलकारण यसभित्र रहेको दर्शनपक्ष नै प्रमुख रहेको मान्न सकिन्छ।

१.१ अण्डा सगुन पञ्चमकार

सगुन विविध स्वरुपका हुन्छन्। माछामासु अण्डा सहितको खाद्यपदार्थ वा दही वा शुभ सूचक अक्षता मुछिएको टीका। यसरी विविध स्वरुपका सगुन भएपनि सगुन भन्ने बित्तिकै अण्डा,माछामासु सहितको पदार्थलाई बुझ्दै आएका छौं। जुन दीक्षित वा सर्वसाधारणले पनि पञ्चमकारबाट प्रेरित छ भनी यसलाई परिचय दिने गरिन्छ। तर हालका दिनमा सगुनलाई जो कोहीले पञ्चमकारबाट प्रेरित भनेर भन्ने गरेतापनि यसको दर्शन र यसका विविध महत्त्वलाई उपेक्षा गरेको पाइन्छ। त्यसैले यसको महत्त्व बुझाउनका लागि पनि सगुनको महत्त्व दर्शाउन आवश्यक छ।

सगुनमा प्रयुक्त पाँच वस्तुले अन्ततः सृष्टिदेखि संहारसम्मको प्रतिनिधित्व गरेको पाइन्छ। शास्त्रीय रुपमा साधनाको हरेक विन्दुमा पञ्चमकारलाई अनिवार्य मानिन्छ। त्यसैले पञ्चतत्त्वलाई ब्रह्म, पञ्चतत्त्वलाई परमगति, यसैलाई महादेवी वा सदाशिव वा विष्णुको रुपमा पूजिँदै आएको छ।

पञ्चतत्त्वं भुक्तिमुक्ती महायोगः प्रकीर्तितः।
पञ्चतत्त्वेन देवेशि महापातककोटयः॥
नश्यन्ति तत्क्षणेनैव तृण (तूल)राशिमिवानलः।
यत्रैव पञ्चतत्त्वानि तत्र देवी वसेदध्रुवम्॥
पञ्चतत्त्वविहीने तु विमुखी जगदम्बिका।
पञ्चतत्त्वं बिना नान्यत् शाक्तानां सुखमोक्षयो।
शैवानां वैष्णवानाञ्च शाक्तानाञ्च विशेषतः। (चतुर्वेदी, २००४, १०)

पञ्चतत्त्वलाई भोग, मोक्ष र महायोग भनिन्छ। पञ्चतत्त्वले करोडौं महापाप तत्काल नष्ट गर्नेछ। जहाँ पञ्चतत्त्व हुनेछ त्यहाँ निश्चित रुपमा आगमदेवीको वास हुनेछ। पञ्चतत्त्व विहीन स्थानमा जगदम्बा बस्नुहुन्न। पञ्चतत्त्व बिना शैव, वैष्णव र विशेष गरी शाक्तधर्मावलम्बीहरुलाई न त सुख हुन्छ न त मोक्ष प्राप्त हुन्छ।

यसका आधारमा पनि पञ्चतत्त्वको महत्त्व कति गम्भीर र उपयोगी छ भन्ने स्पष्ट हुन्छ। त्यसैले साधना र तन्त्रका अभ्यासमा अनिवार्य तत्त्वको रुपमा विकास हुन पुगेको छ। सगुनको अनिवार्यतालाई महसुस गरेर माछा, मासु अण्डा जन्य पदार्थको उपभोग नगर्नेहरु बीचपनि यो संस्कृतिले स्थान लिएको छ। माछामासु प्रयोग नगर्नेहरुले समेत निरामिष प्रयोग गरी सगुनलाई स्थान दिँदै आएको पाइन्छ।

१.२ कुण्डलिनी जागरणका लागि सगुन

सगुनमा ब्रह्मा, विष्णु, महेश्वरमात्र होइन देवीसमेत समाहित छ। पञ्चतत्त्वात्मक सगुनलाई साधनाको परम नमूनाको रुपमा लिने गरिन्छ। सामान्य रुपमा अण्डासगुन खाद्यवस्तु र मदिरा पेयपदार्थको एक पक्ष भएपनि नेवार तन्त्राचारीहरुले निरन्तर कुण्डलिनी जागरणको क्रममा यसलाई साधनको रुपमा उपयोग गर्ने गर्छन्। दीक्षित तन्त्राचारीहरुले शास्त्रीय शरीर विज्ञान अनुसार शरीरभित्रका विभिन्न षड्चक्र सक्रिय गरी मोक्ष प्राप्तार्थ साधना गर्दै आएका छन्। मूलाधारचक्रदेखि सहस्रारविन्दुसम्मको साधना गर्ने क्रममा गोप्य आगमकोठा वा पूजास्थलमा बसी नित्य साधना गर्ने गर्छन्। अर्कोतर्फ दीक्षा नभएकाहरुले पनि जानेर वा लहलहैमा अर्काको देखासिकी गरेर कुण्डलिनी जागरणका अभ्यासहरु गर्ने गर्छन्। त्यसको माध्यम भने सगुन नै रहेको छ। माछामासु, बारा, अण्डा र मद्ययुक्त सगुनलाई यसरी कुण्डलिनी जागरणको चरणको रुपमा भन्नुपर्ने कारण यसभित्र निहित मोक्षप्राप्तिका

Raj Kishore

लागि आवश्यक शास्त्रीय भूमिका रहेको हुन्छ। सगुनका तत्त्वहरु धर्म र अधर्म रुपी अग्निमा श्रुवाले हवि होमेजस्तै हाम्रा हातले धर्म र अधर्म रुपी पेटमा माछा, मासु, अण्डा, बारा र रक्सी होम्ने गरिन्छ। यसरी होमिने हवि मेरुदण्डको दाँयाबाँया र केन्द्रमा रहको इडा, पिंगला र सुषुम्ना नाडी मध्ये सुषुम्ना नाडी एकमुखी रुद्राक्ष पानीको वहावमा राख्दा जसरी उल्टो दिशातर्फ बहन्छ त्यसरी नै यी पदार्थका तत्त्वहरु उल्टो दिशामा बहन्छ। र, शरीर विज्ञानको उपल्लो तहमा रहेको ब्रह्मरन्ध्र विराजमान शिव र शक्तिबीच मिलन गराउने भूमिका खेल्छ।

धर्माधर्महविर्दीप्तस्वात्माग्नौ मनसा श्रुवा।

सुषुम्णा वर्त्मना नित्यमक्षवृत्ती र्जुहोम्यहम्। (द्विवेदी, १९६९, २०९)

यसरी होमिएका सगुनले शिवशक्ति मिलन हुन्छ भनी अझ स्पष्ट रुपमा भनिएको छ।

मद्यं मासं च मीनं च मुद्रा मैथुन मेवच।

मकार पञ्चकं सेव्यं शिवशक्ति समागमे। (सुवेदी, २०७३, १४९)

शिवशक्तिको साधनामा सहस्रार चक्रमा शिवसँग प्राणरुपी प्रकृतिको मिलन गर्ने कार्य कुण्डलिनी जागरणले गर्ने गर्छ। यसका लागि प्राणलाई मूलाधार, स्वाधिष्ठान, मणिपूरक, अनाहत, विशुद्ध, आज्ञाचक्रमा चरण विचरण गरी सहस्रार चक्रमा विराजमान शिव गुरुसँग संयोग गरें भनी ध्यान गरिन्छ। यसबाट पञ्चमहाभूतका प्रतीक वः, अण्डा, माछा, मासु र रक्सीको चरण हुँदै ध्यानदृष्टिबाट शिव सानिध्य रहेको अनुभूति गर्ने गरिन्छ। साधनाको क्रममा ध्यान विधिले सक्षम नभएसम्म भौतिक वस्तु भोग गरी अभ्यास गरिन्छ। त्यो भनेको सगुन नै हो। यसरी अभ्यासमा पोख्त भएपछि भावात्मक अनुकल्प प्रयोग गर्ने गरिन्छ।

कुण्डलिनी जागरणका लागि टेवा पुऱ्याउँदै आएको सगुन संस्कृतिभित्र जल, पृथ्वी, आकाश, वायु र अग्नि प्रधान रहेको छ। यी पञ्चमहाभूत कुण्डलिनी जागरणका पाँच चक्रसँग सम्बन्धित छ। सगुनको वः अर्थात् बाराले पृथ्वीतत्त्वको प्रतिनिधित्व गरी कुण्डलिनीचक्रलाई सक्रिय गर्ने भूमिका निर्वाह गरेको छ। माछाले जलतत्त्वको प्रतिनिधित्व गरी स्वाधिष्ठानचक्र जागृत गर्ने भूमिका खेल्ने गर्छ। मासुले वायुतत्त्वको प्रतिनिधित्व गरी अनाहतचक्रलाई जागृत गराउँछ। अनाहतचक्र वायुसँग सम्बन्धित अण्डा आकाशतत्त्वको प्रतिनिधित्व गरी विशुद्धचक्रलाई जागृत गर्ने गर्छ। रक्सी तेजतत्त्व। यसले मणिपुरकचक्रलाई जगाउँछ (सुवेदी, २०७३, १४९)। औपचारिक रुपमा दीक्षा नलिएपनि दीक्षा परम्पराको कुण्डलिनी जागरणका लागि सगुनलाई माध्यम बनाएका तन्त्राचारीहरुले सगुन लिने क्रममा चारपटकसम्म सगुन खाँदै रक्सी पिउने गर्दछन्। यहाँ रक्सीले घ्यूको कार्य गरी ज्वलनशीलता प्रदर्शन गर्छ।

सगुन र कुण्डलिनी जागरणबीच घनिष्ट सम्बन्ध भएकोले नेवारहरुले जे जस्तो धार्मिक, सांस्कृतिक कार्य गरेपनि पञ्चमकारबाट प्रेरित गर्ने प्रचलनको विकास भएको मान्न सकिन्छ। त्यसमाथि तान्त्रिकमत अनुसार पञ्चमकार बिना पूजा निष्फल हुन्छ।

मद्य मांसं तथा मत्स्यं मुद्रा मैथुन एव च।

पञ्चतत्त्वं बिना देवि सर्वं च निष्फलं भवेत। (राय, १९९९, १४)

भनी लेखिएको पाइन्छ। साथै,

मद्यं मांसञ्च मत्स्यं च मुद्रा मैथुनमेव च।

मकारपञ्चकं देवि ! देवताप्रीतिकारकम्॥ (मिश्र,२००२,८)

Raj Kishore

पञ्चमकार देवीदेवतालाई मनपर्छ भनी शास्त्रीय मान्यताका कारण पनि यस कार्यले गति पाएको हुनसक्छ।

यहाँ एउटा जिज्ञासा उत्पन्न हुन्छ – पूजामा पञ्चमकार रहेन भने के हुन्छ त ? यो जिज्ञासा जो कोहीमा पनि जन्मिनु स्वाभाविक हो। यसलाई निम्न श्लोकले केही स्पष्ट पार्न सकिन्छ।

पूजयेदम्बिकां देवीं पञ्चतत्त्वेन सर्वदा।
पञ्चतत्त्वं बिना पूजामभिचाराय कल्पते॥ (चतुर्वेदी, २००४,७१)

अर्थात् अम्बिकादेवीको पूजामा पञ्चमकार अनिवार्य नै छ। बिना पञ्चमकार पूजा अभिचार पूजाको रुपमा हुनेछ।

१.३ आगम देवीको साधना

नेवार समाजमा आगमको विशेष स्थान छ। आगम परम्परा नेवारहरुको मात्र भने होइन। यो सम्पूर्ण तन्त्राचारीहरुको नै हो। तर नेवारहरुले यसलाई प्रतिपालना गर्दै आएका छन्। आगम दिशाका आधारमा हुन्छ। यो छ वटा छ – पूर्वाम्नाय, पश्चिमाम्नाय, उत्तराम्नाय, दक्षिणाम्नाय, उर्धवाम्नाय र अधाम्नाय। यी आम्नायका प्रमुख देवी नै हुने गरेको छ। आम्नाय अनुसार देवीहरु फरक हुन्छन्। कुब्जिका, तारा, नैरात्मा, सिद्धिलक्ष्मी आदि आदि यी देवीहरु आम्नाय अनुसारका देवी हुन्। यी देवीहरुलाई नेवारहरुले आगमदेवीको रुपमा सम्मान गर्दै आएका छन्। कतिपयले हालका दिनमा आगमदेवीलाई बिर्सन थालेका छन्। आगम छैन भन्ने गरेका छन्। यद्यपि पूजापद्धतिका क्रममा भने स्थान दिँदै आएको पाइन्छ। आगम छैन भन्नेहरुले समेत नवजात शिशुको शुद्धिकरणका दिन आगंब्वचा राखी पूज्ने गरिन्छ। यसबाहेक उपत्यकाका नेवार तन्त्राचारीहरुले तिहारमा लक्ष्मीलाई आगमदेवीको रुपमा पूज्ने र दशैंमा घटस्थापना गरिएको स्थानमा बलि दिइएको जीवको मासुको धूपौरो जगाउने गरिन्छ।

सगुन शुभकार्य पश्चात् वा शुभकार्य प्रारम्भमा वा ठूलो दुर्घटना पश्चात् दिने प्रचलन छ। यसको मूल आशय भनेको आगमदेवीले रक्षा गरोस् भन्ने हो। यसरी सगुन दिंदा सूर्य र गणेशलाई साक्षी राखिन्छ। साँझ वा रातको समयमा भए गणेशको मूर्तिसहितको सुकुन्दाको बत्ती नै सूर्यको रुपमा लिने गरिन्छ। सगुनलाई सावर्णी देवीको प्रसादको रुपमा लिइन्छ। सावर्णीदेवीको प्रसाद लिने व्यक्तिलाई भैरवको दर्जा दिइन्छ। सावर्णीदेवीको पूजामा पञ्चमकार अनिवार्य रही आएको छ (मालवीय,२०६२,१८)।

अलिपिशितपुरंध्रीभोगपूजापरोद्रहं
बहुविधकुलमार्गारंभसंभावितोद्रहम्।
पशुजनविमुखोद्रहं भैरवीमाश्रीतोद्रहं।
गुरुचरणरतोद्रहं भैरवोद्रहं शिवोद्रहम्। (द्विवेदी, १९६९,४३०)।

स्त्रीको भोगका लागि तत्पर, मूलमार्गलाई अघि बढाउन तत्पर तन्त्राचारी भैरवीको आश्रयमा बस्ने गुरुभक्त शिव म नै हुँ। भैरव पनि म नै हुँ।

यति भनीसकेपछि सावर्णीदेवीको प्रसाद ग्रहण गर्ने गरिन्छ। आगमदेवीलाई पनि उच्चासनमा राख्ने गरिन्छ।

सकलविकलदीक्षामंत्रशुद्धात्मकोद्रहं विविधविवुधवर्ैः प्रार्थ्यमार्गोन्मुखोद्रहम्।
विमलतरतरोद्रहं सुन्दरीतत्परोद्रहं गुरुचरणरतोद्रहं भैरवोद्रहं शिवोद्रहम्॥ (द्विवेदी, १९६९,४३०)।

Raj Kishore

(सकलाचार (प्रत्यक्षप्रयोग), निष्कलाचार (अनुकल्प प्रयोग)बाट शुद्ध भएका, दीक्षा मन्त्रबाट शुद्ध भएका विभिन्न आम्नाय अन्तर्गत रही गुरुचरणमा समर्पित म नै भैरव हुँ म नै शिव हुँ।)

१.४ ध्यानात्मक सगुन

सगुनमा पाँच वा तीन प्रकारका खाद्य सामग्री र पेयपदार्थ ग्रहण गर्ने भएपनि साधकहरुले पञ्चमकारयुक्त सगुनलाई भौतिक रुपमा मात्र नलिइ साधनाको उच्चतम विन्दुको रुपमा लिने गरिन्छ। भौतिक रक्सीलाई ब्रह्मरन्ध्रमा अवस्थित कमलबाट चुहिएको द्रव, मासुलाई वासनालाई त्याग गरी शिवभक्ति, माछालाई प्राणायामको क्रममा इडापिंगलाले ग्रहण गरी सुषुम्ना नाडी सञ्चालन गर्ने हावा, वःले सत्मार्ग र अण्डाले सहस्रार चक्रमा शिव र शक्तिबीच मिलन गराउने भूमिका खेल्छ भन्ने मान्यता राख्छ (मालवीय, २०६२, १२)। यस ध्यानात्मक सगुन साधनाको उच्चतम विन्दुमा पुगिसकेपछि सफलता प्राप्त हुने र दीक्षाको विविध चरण पार गरेपछि मात्र यस्तो उच्चतम विन्दुमा पुगिने भएकोले भौतिक सगुनलाई प्राथमिकता दिँदै आएको छ।

१.५. सगुनका सामग्री

सगुन लिने क्रममा रक्सीलाई विशेष स्थान दिइन्छ। त्यसपछि अण्डा र माछालाई स्थान दिइएको पाइन्छ। त्यसपछि मात्र मासु र वःलाई स्थान दिइएको छ। कतिपयले अण्डाको सेतो भागलाई पृथ्वीतत्त्व, पँहेलोलाई वायु यी दुई बीचको मिलनलाई आकाशतत्त्व भनी एउटै अण्डालाई तीनवटा तत्त्वले युक्त, बाँकी रहेको माछालाई जल, रक्सीलाई अग्नितत्त्वका रुपमा लिने गरिन्छ। यसरी पञ्चतत्त्वले युक्त सगुनमा प्रमुख तत्त्वको रुपमा रहेको रक्सी सगुन लिने क्रममा चारपटक सम्म अन्य तत्त्व वा खाद्य सामग्रीको ग्रहणसँगै पिउने गरिन्छ। यसरी चारपटकसम्म रक्सी पिउनुलाई निर्वाण चरणमा जाने भनी लिइन्छ।

१.५.१ मद्य

सगुनको मूल पदार्थ मद्य अर्थात् रक्सीलाई कुलद्रव्य अर्थात् आगमदेवताको प्रसादका रुपमा लिएको पाइन्छ। त्यसपछि मात्र मासु, माछा, वः र अण्डालाई स्थान दिएको पाइन्छ। कुण्डलिनी योगले शिवशक्ति संगम हुने भएकोले मद्यलाई कुलदेवताको प्रसादको रुपमा लिएको पाइन्छ।

आमुलाधारमाब्रह्मरन्ध्रं मत्वा पुनः पुनः
चिच्चन्द्रकुण्डलीशक्तिसामरस्यसुखोदयः ॥
व्योमपङ्कजनिःष्यन्दसुधापानरतो नर।
सुधापानमिदं प्रोक्तमितरे मद्यपायिनः॥ (मिश्र, २००२,७)

मद्यले (सोमतत्त्व) शरीरको माथिल्लो भागमा रहेको ब्रह्मरन्ध्रमा रहेको सहस्रारचक्र क्षेत्रमा प्राण सुर्यको तापबाट आनन्द लिन सकिन्छ।

सोमधारा क्षरेद् या तु ब्रह्मरन्ध्रात वरानने
पीत्वानन्दमयस्तां यः स एव मद्यसाधकः ॥ (मिश्र, २००२, ९)

आगमदेवता वा आगमदेवताको प्रसादको रुपमा दीक्षितहरुले ग्रहण गर्ने भएकोले दीक्षितहरुले आफूखुसी मद्य पिउन हुन्न। यसरी आचारका कारण पनि सगुन भित्र मद्यको महत्त्व कति छ भन्ने स्पष्ट हुन्छ। त्यसमाथि

सगुन लिंदा समेत आफूखुसी मद्यपान गर्न पाइन्न। सगुनका क्रममा चारपटकसम्म पिउन पाइन्छ तर यसरी मद्य पिउँदा पात्र रित्तिने गरी पिउने पाइन्न। न त आवाज आउने गरी पिउन पाइन्छ। यसरी पिउँदा तीनपटकसम्म सगुन दिने व्यक्तिले पात्रमा मद्य भरिदिने गर्दछ। जुन गुरुले शिष्यलाई दिएको प्रतीकको रुपमा लिइन्छ वा आगमदेवीको प्रतिनिधिले प्रसाद ग्रहणका लागि दिएको मानिन्छ

शोधयेति पदं दद्यात् सद्वितीयमलिं गुरुः।

चुल्लुकं गुरुणा दत्तं शोधयामीति चोच्चरन्।

भक्त्या चावनतः शिष्यो निःशव्दं त्रिःपिबेदलिम्॥ (मिश्र, २००२, १६९)

यसरी ग्रहण गरिने मद्यपनि गुरु, आफूभन्दा जेष्ठ मान्यजन र अरु जोकोहीको अगाडी पिउन हुन्न भन्ने छ। यो गुरु, मान्यजनप्रति सम्मान र साधनालाई जोकोहीसँग बसेर अपमान गर्नुहुन्न भन्ने हो।

आदाय गुरुणा दत्तं सद्वितीयासवं पिवेत्॥

यसरी सगुन दिंदा समेत गुरुले दोस्रोपटकमा मासु दिन्छन्।

श्रीगुरुजेष्ठपूज्यानां पुरतः कुलनायिके।

नोपविश्य पिबेन्मद्यम् इति शास्त्रस्य निर्णय। (मिश्र, २००२, १७०)

यसरी साधनाको क्रममा मात्र मद्यपान गर्न अनुमति रहेको र यसरी पिउने मद्यबाट सम्पूर्ण कार्य शुभ हुने र यो लोक र मृत्युपछि भैरव वा साधक हुन्छ भन्ने मान्यता छ।

पात्रं कृत्वा करे मंत्री सर्वकर्म लभेत् सुखी।

इहलोके श्रयिं भुक्त्वा देहान्ते भैरवो भवेत्॥ (द्विवेदी, १९६९, ४२९)

१.५.१.१ मद्यपात्र

उपत्यकाका दीक्षित तन्त्राचारीहरुले मद्यलाई रक्सीको रुपमा भन्दापनि पराशक्ति गुह्येश्वरीको प्रसादको रुपमा सम्मानपूर्वक ग्रहण गर्ने गर्दछन्। यो पवित्र प्रसाद जहाँतहिं बिसाउन हुन्न भन्ने छ। साथै मद्य पिउने पदार्थ भन्दापनि साधनाको पक्ष भएकोले नेवार तन्त्राचारीहरुले आफूखुसी पात्रमा प्रयोग गर्दैनन्। यसका लागि सुन, चाँदी, काँस, वा माटेको पात्रमा मात्र भर्ने गरिन्छ। सुनको पात्रमा राखिने मद्य राखी शोधन गरिए भोग, चाँदीको पात्रमा राखिएको मद्य शोधनले मोक्ष, काँसको पात्रमा राखिएको मद्य शोधनले शान्ति र माटेको पालामा राखिएको मद्य शोधनले पुष्टि दिन्छ भन्ने शास्त्रीय मान्यता छ (मालवीय,२०६२,१९)। नेवार तन्त्राचारीहरुले सर्वसाधारणका लागि गुह्येश्वरीको प्रसाद कुलपरम्परा भित्रकाहरुले आगमदेवी वा सावर्णीदेवीका प्रसाद भनी सम्बोधन गरी चाँदीको अन्तिमा सुनको टुटी हाली काँस वा माटेको पालामा मद्य भरी चारै पक्षलाई समेटिएको पाइन्छ।

कतिपय साधकका रुपमा रहेका तन्त्राचारीहरुले सगुन लिँदा नरपात्र वा कछुवाको खपटा वा नरिवलको बोक्रा प्रयोग गर्ने गरिन्छ। आगमबाहिर गरिने अनुष्ठानहरुमा चाँदीको मद्यपात्र वा माटेको पाला सलिं प्रयोग गर्ने गरिन्छ। पन्चमकारसहितको सगुन लिने क्रममा प्रयोग हुने मद्यपात्र निश्चित धातु वा वस्तुको हुनुपर्ने शास्त्रीय विधान रहेको छ। जसअनुसार सुन, चाँदीको मद्यपात्रका साथै नरकपालपात्र, कछुवाको खपटा, नरिवलको बोक्रा, तामाको भाँडा, मोती वा शंखकीराको कवच वा पवित्र काष्ठभाण्डबाट निर्मित हुनुपर्ने विधान छ (मालवीय, २०६२, २५)। यसरी थापिने भाँडोपनि बढीमा चारतोला र कम्तीमा एक तोलामात्र हुनुपर्छ (मालवीय, २०६२,

Raj Kishore

३८)। सगुन ग्रहण गर्दा निश्चित नापतौलको मद्यपात्रको प्रयोगले साधनाको साधनको रुपमा रहेको मद्यलाई आफूखुसी प्रयोग गर्न हुन्न वा निश्चित परिमाणभन्दा बढी पिउन हुन्न साथै एकपटक पिउँदा भाँडो रित्तिने गरि पनि पिउनु हुन्न भन्ने छ।

सगुन दिंइदा मद्य राख्न प्रयोग गरिने पात्रलाई मद्यपात्रको रुपमा मात्र चिनिएपनि साधनाको क्रममा यदि सोही पात्रमा पञ्चमकारका अन्य वस्तु अण्डा, माछा, मासु र वःपनि राखिएमा उक्त भाँडोले देवत्व ग्रहण गर्छ। अर्थात् अजिमाको रुपमा पूजिन्छ।

सगुन संस्कृतिमा देवदेवीसमक्ष पात्र भर्ने कार्य पनि एक हो। यसकार्य गर्दा शक्तिसम्पन्न होइन्छ। यसरी शक्तिसम्पन्न हुनका लागि पात्रमा मद्यका साथै अण्डा, माछा, मासु र वःपनि राखिन्छ। यसबारे लेखिएको छ –

भावेयेन्तु सुरादेवीं चन्द्र कोटी समप्रभाम्।
हिमकुन्देन्दु धवलां पञ्च वक्त्रां त्रिलोचनाम्॥

१.५.२ अन्य तत्त्वहरु

वायु तत्त्वको रुपमा रहेको मासुले अनाहत चक्रलाई जागृत गर्ने भूमिका खेल्छ। सगुनमा आवश्यक मासुमा भेद रहेको पाइन्न। तर नपुंसक वा पोथी पशुको मासु त्याज्य छ। त्यसैले नेवार तन्त्राचारीहरुले राँगा, बोका, भेडा, हाँसका मासु प्रयोग गर्ने गर्छन्। तर तन्त्र ग्रन्थमा बँदेलको मासुलाई महामांसको रुपमा सम्मान दिएपनि लोकाचारका कारण महामांसलाई स्थान दिन छोडेको छ। यद्यपि तान्त्रिक ग्रन्थ आगमरहस्यमा भने बँदेलको मासुसँग अण्डा सगुन वा पंचमकार लिनुपर्छ भनी उल्लेख गरिएको छ।

वामे रामारमणकुशला दक्षिणे चालिपात्रमग्रे मुद्राश्चणकवटकाः शूकरस्योष्णशुद्धिः।
तंत्रीवीणासरसमधुरा सद्गुरोः सत्कथायां कौलो मार्गः परमगहनो योगिनामप्यगम्यः॥ (द्विवेदी १९६९, ४३०)

अर्थात् बाँया कामकलाले भरिएकी मनोरञ्जक पत्नी, दाँया मद्यपात्र, अगाडि वः, बँदेलको तातो मासु, विणाको मधुर झंकार, उत्कृष्ट गुरुको आज्ञा अनुसार योगिनीजनहरुको नाममा सगुन लिनुपर्छ।

शास्त्रीय रुपमा नै उल्लेखित सगुन लिंदा यसको पनि क्रम रहेको हुन्छ। अण्डासहितको पञ्चमकारयुक्त सगुनमा वःले भूमितत्त्वको भूमिका निर्वाह गरेको हुन्छ। त्यसमाथि उसिनेर तेलमा तारेको अण्डा राखिन्छ। कतिपय समुदायमा अण्डा तार्ने प्रचलन छैन। यसरी अण्डा तार्ने क्रममा बेसार राख्नुहुन्न। बेसार राखी तारेको अण्डा जुठोको रुपमा लिइन्छ। सगुनको भूमिको रुपमा रहेको मास पिसेर बनाइएको वःले मूलाधार चक्रलाई जागृत कार्यमा उपयोगी छ। कतिपय अवस्थामा मास बाहेकका वःपनि बनाइन्छ। विशेष गरी कुमारषष्ठी अर्थात् सिथिको अवसरमा बनाइने चतांमरिका साथै चना, मुगीको वःपनि भूमितत्त्वको रुपमा लिइन्छ। यसबारे लेखिएको छ –

पृथुकास्तण्डुला भ्रष्टा गोधूमचणकादयः
तस्या नाम भवेद्देवि मुद्रा मुक्ति प्रदायिनी (शुक्ल, २०३३, ७३)।

१.६ खानपान मात्र होइन सगुन

तन्त्राचारीहरुले सगुन लिंदा तीनपटकसम्म शोधन गर्ने गर्छन्। यो ब्रह्मा, कृष्ण र शुक्रको श्रापबाट जोगिन हो। ब्रह्माले मद्यपानबाट लट्ठिएपछि छोरी सरस्वतीमाथि कुकृत्य गरेपछि मद्यपान गर्नेहरुमाथि दिएको श्राप, त्यसैगरी मद्यपानको नशाले मत्तिएका यदुवंशीहरुले यदुवंश नाश हुने गरी आपसमा मारकाट गरेपछि

रक्स्याहाहरुलाई कृष्णले दिएको श्राप र मदिराको नशाले होस गुमेका दैत्यगुरु शुक्राचार्यले मदिरामा कच ऋषिको अस्थि राखेर पिएपछि मदिरा खानेहरुलाई शुक्राचार्यले दिएको श्रापबाट जोगिन शोधन गर्ने गरिन्छ। त्यसैले हरेक तन्त्राचारीले अद्यापि मद्य पिउनुअघि तीनपटकसम्म साँहिली औंलाले मद्यमा चोपेर तर्काउने गरिन्छ। त्यसपछि मद्यपात्रमा अण्डा, मासु, माछा र वःको टुक्रा राखेर पुनः साँहिली औंलाले मद्यमा चोपी उक्त औंला आज्ञाचक्रमा छुवाइ आगमदेवीको प्रसादको रुपमा प्रसाद ग्रहण गर्ने गरिन्छ। कतिपयले सगुन ग्रहण गर्दा विभिन्न हस्तमुद्रा प्रस्तुत गर्ने गर्छन्। यसरी प्रस्तुत गरिने मुद्राहरु शोधन प्रक्रिया नै हुन्।

तन्त्राचारीहरुको संस्कार संस्कृतिमा विशेष स्थान दिंइदै आएको सगुनमा माछा मासु अनिवार्य रहेको छ। तान्त्रिक पुस्तकका आधारमा माछामासुलाई आहारको रुपमा ग्रहण गर्नु हुन्न भन्ने छ। प्राणशक्ति संचारणका लागि जीव हिंसा गरी मासु खान तन्त्रशास्त्रले निषेध गरेको छ। त्यसैले नेवार तन्त्रचारीहरु अनुष्ठानको क्रममा लिइने सगुनमा एकटुक्रा मात्र मासु र एउटा माछा मात्र राख्ने गरिन्छ। यसरी दिइने सगुनपनि आगमदेवीको प्रसादको रुपमा ग्रहण गर्नुका साथै माछामासु खानका लागिपनि शोधन गर्ने गरिन्छ। मासु ग्रहण गर्ने क्रममा विभिन्न मुद्रा प्रदर्शन गर्नु नै शोधनको रुपमा रहेको छ भने माछा ग्रहण पूर्व महामृत्युञ्जय जप गरी शोधन गर्ने गरिन्छ। नेवार तन्त्राचारीहरुले दीक्षा नभएका वा जोकोहीको अगाडी माछामासु समेत खानु हुन्न भन्ने छ।

ॐत्रयम्बकं यजामहे सुगन्धिं पुष्टिवर्धनम्।
उर्वारुकमिव बन्धनान्मृत्योर्मुक्षीय मामृतात्।

१.६.१ निरामीषको सगुन

तन्त्राचारीहरु सबै आमीष मात्र हुनुपर्छ भन्ने छैन। तन्त्र अभ्यास वा साधनामा माछा, मासु, अण्डा र मद्यसहितको सगुन नै हुनुपर्छ भन्ने पनि छैन। त्यसमाथि कतिपय तन्त्राचारी नेवारहरुले अन्य व्यक्तिको अगाडि माछा, मासु, अण्डा र मद्य ग्रहण गर्नुहुन्न भन्ने मान्यताका कारण पूजापद्धतिमा अनुकल्प प्रयोग गर्ने गर्छन्। कतिपयले यी पदार्थ नै उपभोग गर्दैनन्। तर शास्त्रीय एवं तान्त्रिक मतअनुसार पञ्चमकार प्रेरित नभइ तान्त्रिक पूजा सम्पादन नहुने भएकोले वैकल्पिक रुपमा भएपनि उपयोगमा ल्याइन्छ। अण्डाको स्थानमा लड्डु, मासुको स्थानमा लसुन वा अदुवा, माछाको स्थानमा दुध, मद्यको स्थानमा मह वा दहीमा नुन मिसाइन्छ। यो क्रियापनि शिवशक्ति मिलनको रुपमा नै लिइन्छ।

१.७ सगुन लिने प्रक्रिया

सगुन लिंदा आफूखुसी लिन निषेध छ। त्यसमाथि शास्त्रीय रुपमा पतिपत्नी सँगै बसेर लिनुपर्ने विधान छ। तर हाल एक्लै बसेर पनि लिन थालिएको छ। यसको मूल अभिप्रायः सगुन लिनेहरु शिवशक्त्यात्मक होस् भनी हो। आगमदेवीको प्रतिनिधि स्वरुप माता वा घरमुली स्त्रीले सगुन दिँदा पत्नीलाई बाँया राखी लिनुपर्छ। यसरी सगुन लिंदा दाँया हातमा मद्य र बाँया हातमा सगुनका अन्य खाद्य सामग्री समाउनुपर्छ र सोहीक्रम गरी सगुन ग्रहण गर्नेले पनि ग्रहण गर्ने गरिन्छ। सगुन लिएपछि अण्डा, माछा, मास र वःलाई क्रमैसँग सानो हिस्सा खाएर हरेक पटक खाद्यपदार्थ खाएको लगतै मद्य पिउनुपर्छ। पूरा सगुनको क्रम सकिन चारपटक हुन्छ। तान्त्रिक एवं अन्य अनुष्ठानमा सगुन लिने परम्परा रहेको नेवारहरुबीच सगुन लिनका लागि स्नान गर्नैपर्छ भन्नेपनि छैन। न त बिहान, दिउँसो वा साँझ लिनुहुन्न भन्ने नै छ। अर्थात् सगुन लिन कुनै समय र कुनै नियमले अड्चन पुर्‍याउँदैन

Raj Kishore

भन्ने छ। अझ कौलावली निर्णय ग्रन्थका अनुसार विशिष्ट महत्त्वयुक्त सगुनले सिद्धिता प्राप्त हुने, शाक्तहरुका लागि सुख र मोक्ष भन्ने नै पञ्चमकार मध्येका पाँचौं तत्त्व मैथुन (अण्डा)बाट दिने र पहिलो तत्त्व मद्यले सगुन ग्रहण गर्ने व्यक्ति नै भैरव हुने भन्ने उल्लेख छ। त्यसैगरी सगुनको दोस्रो तत्त्व मासुले साधकलाई ब्रह्म स्वरुप बनाइन्छ भने तेस्रो तत्त्व माछाले साधकलाई महाभैरव चरणमा पुऱ्याइन्छ। चौथो तत्त्व वःले साधकलाई अगुवा वा नाइके बनाउँछ भन्ने छ।

अथ वक्ष्य् च पञ्चानां विधानं तन्त्रवर्त्मना।

पञ्चामातु परं नास्ति शाक्तानां सुखमोक्षयोः ॥

केवलैः पञ्चभैरेव सिद्धो भवति साधकः

केवलेनाद्ययोगेन साधको भैरवो भवेत् ॥ (मालवीय, २०६२, ७०)

पञ्चमकार बिना देवीको जप, ध्यान र तर्पणले सिद्धि प्राप्त हुन्न। त्यसैले पञ्चमकार बिना पूजा गरिएमा साधक भ्रष्ट साधकमा गनिन्छ र रौरव नर्कमा जानेछ। आयु, विद्या, यश र धननाश हुनेछ भन्ने शास्त्रीय मान्यताका कारण नेवार तन्त्राचारीहरुबीच अण्डा सगुनले स्थान पाएको अनुमान गर्न सकिन्छ।

रौरवाय भवत्येव तस्य भ्रष्टस्य निश्चितम्।

चण्डिकां पूजयेद्यस्तु बिना पञ्चमकारकैः।

चत्वारि तस्य नश्यन्ति आयुर्विद्या यशोधनम्।

मकारपञ्चकं चैव देवताप्रीतिकारकम्।

पञ्चमकार प्रेरित सगुन ग्रहण गर्दा हुने लाभलाई लिएर कामाख्य तन्त्रमा यसरी उल्लेख गरिएको छ –

पञ्चतत्त्वेन देव्यास्तु प्रसादो जायते क्षणात्।

मद्येन मोदते स्वर्गे मांसेन मानवाधिपः ॥

मत्स्येने भैरवीपुत्रो मुद्रया धातृतां व्रजेत्।

परेण च महादेवि सायुज्यं लभते नरः ॥ (चतुर्वेदी, २००४, ७१)

देवी पूजनमा मद्यको प्रयोगले स्वर्गमा आनन्द प्राप्त हुन्छ। मांससहितको पूजनले मानवहरुको अधिपति हुनेछ। मत्स्य राखी पूजा गरिएमा भैरवीपुत्र हुनेछ। मुद्रा राखी गरिएको पूजनले विधाता र मैथुनयुक्त पूजनले शक्तिसँग विछोडिन पर्दैन।

अर्कोतर्फ पञ्चमतत्त्वको सेवनले वीर साधकको सम्पूर्ण पापबाट मुक्त हुनेछ भनी उल्लेख नभएको होइन। यद्यपि पञ्चमकारयुक्त पूजाले मात्र देवदेवी खुसी हुनेछ भन्ने हरफले गर्दा नेवारहरुले आजपर्यन्त अण्डासगुनको माध्यमबाट पूजा परम्परालाई अघि बढाउँदै आएको छ।

पञ्चमेन तु वीरेन्द्र सर्वपापै प्रमुच्यते।

मद्यं मांसं तथा मत्स्यं मुद्रा मैथुनमेव च ॥

मकारपञ्चकं देवि देवताप्रतिदायकम्।

योगिनीनां भवेद्भक्ष्यः पापञ्चैव पदे पदे। (मालवीय, २०६२, ७१)

१.८ अन्त्यमा

नेवार संस्कृतिको अंगको रुपमा रहेको अण्डायुक्त सगुन परम्परामाथि सूक्ष्म दृष्टि दिएको खण्डमा प्रकृतिसँग सम्बन्धित रहेको पाउन सकिन्छ। प्रकृतिमा जल, अग्नि, वायु, आकाश र पृथ्वीका अभावमा सृष्टि अघि बढ्दैन भन्ने मान्यतालाई बल प्रदान गर्नका लागि धार्मिक मूल्य मान्यता र दर्शन परम्परालाई एकाकार गरी पञ्चमकारयुक्त सगुन परम्परालाई अघि बढाएको हुनसक्ने अनुमान गर्न सकिन्छ। शरीर विज्ञानलाई आवश्यकता अनुसार साधनाका लागि आवश्यक तत्त्वको अभाव हुन नदिनका लागि पनि सगुनलाई स्थान दिएको हुनसक्छ। त्यसैले नेवारहरुले सगुनलाई जीवनको हरेक पक्षमा स्थान दिनुभएको नै नेवार दर्शनलाई जीवन्त बनाउनका लागि मान्न सकिन्छ। आजको आवश्यकता नेवार संस्कृतिको परिचायकको रुपमा रहेको अण्डासगुनलाई मर्यादित र अर्थपूर्ण ढंगबाट प्रस्तुत गर्नु जरुरी भइसकेको छ। यसभित्र निहित दर्शन, वैज्ञानिकतालाई जीवन्त बनाउनका लागि अध्ययन परम्परालाई अघि बढाउन तङ्कारो छ। अन्यथा, धर्म, दर्शन, मूल्य मान्यता र विज्ञानसम्मत पञ्चमकारयुक्त अण्डासगुन मात्र खाद्यपदार्थको रुपमा सूचीकृत हुनेछ। यसले इतिहास र महत्त्वमाथि नै संकट आइपर्नेछ।

सन्दर्भ सामग्री

घिल्डियाल, देवीप्रसाद, विसं २०३१ **पंचमकार तथा भावत्रयी**। प्रयाग : कल्याण मन्दिर प्रकाशन।

चतुर्वेदी, राधेश्याम, सन् २००४, **कामाख्यातन्त्रम्**। वाराणसीः चौखम्बा सुरभारती प्रकाशन।

द्विवेदी,सरयुप्रसाद, सन् १९६९, **आगम रहस्यम्**। राजस्थानः राजस्थान प्राच्यविद्या प्रतिष्ठान।

पाण्डेय,फणीन्द्रप्रसाद, विसं २०५७, **संस्कृत नेपाली बृहत् शव्दकोश**। दाङः महेन्द्र संस्कृत विश्वविद्यालय।

मालवीय, सुधाकर (सं), विसं २०६२, **कौलावली निर्णय**। वाराणसी : चौखम्बा संस्कृत सीरीज आफिस।

मिश्र,परमहंस, सन् २००२, **श्रीकुलार्णवतन्त्रम्**। वाराणसी : चौखम्बा सुरभारती प्रकाशन।

शुक्ल, देवीदत्त, विसं २०३३, **वाममार्ग**। प्रयाग : कल्याण मन्दिर प्रकाशन।

सुवेदी, मृगेन्द्रराज, विसं २०७१, **तन्त्रमा नेवार**। काठमाडौं : सोसाइटी फर नेवार स्टडिज

सुवेदी, मृगेन्द्रराज, विसं २०७३, **नेवारको साधनामा कुण्डली जागरण,** ख्वपृङ २५(२३),पृ १४३–१५१

Raj Kishore

चाँगुनारायणका विश्वरुप विष्णु

✍ डा.सन्ध्या खनाल पराजुली

परिचय

त्रिदेव मध्ये विष्णु संसारको पालनकर्ता हुन्। विश्वमा सर्वत्र व्याप्त रहेकै कारण उनलाई विष्णु भनिएको प्रसङ्ग पुराणहरूमा पाइन्छ। विष्णुलाई प्रतिमामा पर स्वरुप, लक्ष्मीसहित, गरुडासन, श्रीधर, शयन, विश्वस्वरुप, विभव, चर्तुव्युँह, वासुदेवकमलाज आदि स्वरुपमा व्यक्त गरी उपासना गर्ने चलन छ। यस्तै स्वरुप मध्ये विश्वरूप वा विराट स्वरुप एक हुन् । विश्वरुप विष्णुको कल्पना वैदिक कालमा नै भइसकेको पाइन्छ । ऋग्वेदको दशौं मण्डलको पुरुष सूक्तमा विराट पुरुषको मनबाट चन्द्रमा, नेत्रबाट सूर्य, मुखबाट इन्द्र-अग्नि, प्राणबाट वायु, नाभिबाट अन्तरिक्ष, मस्तकबाट द्युलोक, पाउबाट पृथ्वी, कानबाट चार दिशा तथा अन्य अङ्गहरूबाट भिन्न भिन्न लोकको उत्पत्ति भएको उल्लेख छ (सरस्वती, २०४०, पृ.९९४)।

चन्द्रमा मनसो जाताश्चक्षो सूर्यो अजायत।

श्रोत्रांवायुश्च प्राणश्च मुखादग्निरजायत। (ऋग्वेद, १०, सू.९०, मं.१३-१४)।

विराटको अर्थ महिमा वा समष्टिगत रूपमा विश्वात्मक रूप भन्ने बुझिन्छ । विश्वको निर्माण गर्ने प्रजापतिका दुई रूप छन्। एक अनिरूक्त, अपरिमित, अमूर्त, अनन्त तथा अर्को उनिरूक्त, परिमित, मूर्त र शान्त। पहिलो रूप अव्यक्त छ तथा त्यसमा प्रकृतिको प्रधान सत्ता रहेको पाइन्छ छ। दोस्रो व्यक्त छ अनि त्यसमा पुरुषको सत्ता रहेको हुन्छ। पुरुष र प्रकृतिको सम्मिलनबाट नै विश्वको निर्माण भएको हो। त्यही विश्वको संज्ञा नै विश्वरुप हो, जसलाई वेदमा महिमा भनिएको छ। "एतावानस्य महिमा" अर्थात् यत्रो ठूलो जगत् जुन स्थूल तथा सूक्ष्म रूपमा रहेको छ, त्यो सबै पुरुष वा ब्रह्मको महिमा हो र त्यही महिमामा नै विराट प्रकृति रहेको छ। ब्रह्मवैवर्तपुराणमा विश्वरूपी विष्णुका विभिन्न अङ्गबाट विभिन्न देवताको उत्पत्ति भएको वर्णन गरिएको छ। उनको दक्षिण पार्श्वबाट जगत्को कारणरूप तीन मूर्तिमान गुण, उनैबाट नारायण, उनको वाम पार्श्वबाट शिव, नाभिबाट ब्रह्मा, मुखबाट सरस्वती, मनबाट लक्ष्मी, जिह्वाबाट सावित्री प्रकट भएका थिए (ब्रह्मवैवर्त्तपुराण, २०६०, पृ. २२-२६)। अथर्ववेदको चतुर्थ अनुवाक्को सातौं सूक्तमा गाईका विभिन्न अङ्गप्रत्यङ्ग जस्तैः सिङ्ग प्रजापति, शिर इन्द्र, नेत्र अग्नि, मस्तिक चन्द्रमा, शरीरको माथिल्लो भाग द्यौ, तल्लो भाग पृथ्वी, बाहु महादेव गरी गौ मातालाई विश्वरूपको संज्ञा दिइएको छ *(पाण्डेय, १९९६, पृ. ११०)।*

महाभारत र विश्वरुप विष्णु

महाभारतमा विश्वरूपको चर्चा बारम्बार गरिएको पाइन्छ। बाल स्वरूपका भगवान् कृष्ण खेल्दा खेल्दै उनले माटो खाएपछि यशोदाले उनको मुखको माटो हेर्न खोज्दा कृष्णको मुख भित्रै विश्व ब्रह्माण्डको दर्शन पाएकी थिइन्। जुवामा हारेका कारण द्रौपदी तथा आफ्ना भाईहरूसहित तेह्र वर्षको कष्टपूर्ण वनवास सकी हस्तिनापुर फर्केका पाण्डव पक्षलाई कौरव पक्षले राजगद्धी फिर्ता नदिने निर्णय पश्चात् यी दुई पक्ष बीच युद्ध

हुने निश्चित भयो। अन्तिम पटक दुर्योधनलाई युद्ध नगर भनी सम्झाउन भगवान् श्रीकृष्ण हस्तिनापुर पुगे। उनले पाण्डवहरूलाई राज्य दिई क्षत्रियहरूलाई मृत्युको पाशवाट मुक्त गर्न दुर्योधनलाई सम्झाए। तर क्रोध तथा घमण्डले ओतपोत भएका दुर्योधनले श्री कृष्णसँग पाण्डवहरूलाई सियोको टुप्पो बराबर पनि जमिन दिन आफू तयार नभएको जवाफ दिए। कृष्णले त्यसो भए तिमीहरू वीरगति प्राप्त हुन तयार होऊ भन्दै सभाबाट बाहिरिए। दुर्योधनले भगवान कृष्णलाई बन्धी बनाई कृष्णको साथ आएका पाण्डवहरूलाई तर्साउन खोजे। तर कृष्णले म कहाँ एक्लै छु र? अष्टवसु, एकादशरूद्र आदि समस्त ममा समाहित छन् भनी विश्वलाई नै समाहित विश्व स्वरूप देखाइदिए। उनको त्यो दिव्य रूप देखेर सभामा रहेका मानिसहरू अत्तालिएर आँखा चिम्लिए। गुरु द्रोणाचार्य, भीष्मपितामह, धृतराष्ट्र, विदूर, सञ्जय तथा ऋषिमुनिहरू मात्र भगवान कृष्णको उक्त दिव्य रूपको दर्शन पाए। त्यस्तै महाभारतको अश्वमेघपर्व अन्तर्गत अनुगीतापर्वमा पनि श्री कृष्णले उतङ्ग ऋषिलाई विश्वरूपको दर्शन दिएको प्रसङ्गको चर्चा छ।

कुरु क्षेत्रको विशाल रणभूमिमा युद्ध गर्नका निम्ति पाण्डव पक्ष तथा कौरव पक्ष भेला भए। रथमा सवार भई रणभूमिमा प्रवेश गरेका अर्जुन चारैतर्फ आफ्ना बन्धुवान्धव, कुटुम्बदेखि अत्यन्त दुःखी भए। उनी युद्ध गर्दिनँ भन्दै आफ्नो गाण्डीव धनु त्यागी रथको पुछारमा गई बसे। भगवान कृष्णले अर्जुनलाई निर्भीक भई न्यायिक धर्मका निम्ति आफ्नो कर्म गर्न तथा क्षत्रिय धर्मको पालना गर्न आदेश दिए। भगवान कृष्णले उनलाई सम्झाउने क्रममा कर्म योग, भक्ति योग र ज्ञान योगका कुरा बताउँदै आफ्ना विभूतिहरूको बखान गरे। भगवान कृष्णको मुखारवृन्दबाट निस्किएका अमृतमय वचन नै श्रीमद्भागवतगीता अमृत रस बन्यो। **श्रीमद्भागवत् गीता सूपनिषत्सु** अर्थात् श्रीमद्भागवतगीता समस्त उपनिषद्को सार हो। **सर्वोपनिषदोगावो दोग्धा गोपाल नन्दनः पार्थोवसः। सुधीभोक्त्तर्ा दुग्धं गीताममृतं महत्** अर्थात् सबै उपनिषद् गाई हुन्। गाई दुहुनेवाला गोपाल नन्दन कृष्ण तथा अर्जुन बाछो हुन्। कृष्णले अमृत रुपी दूध बाछो रुपी अर्जनुलाई पान गराए। जुन दूध अमृतको रुपमा समस्त प्राणीले पान गरी मोक्ष प्राप्त गर्दछन्। यसै क्रममा अर्जुनले श्री कृष्णलाई हजुरले आफ्नो महत्ता तथा प्राणीको जन्म एवं बिनाशको वर्णन गर्नुभयो, म यथार्थरुपी हजुरको त्यो दिव्य ईश्वरीय रूप हेर्न चाहन्छु भनी अनुरोध गरे। भगवान कृष्णले उनलाई आफ्नो स्वरूप सीमित चर्मचक्षुले हेर्न समर्थ छैन त्यसका निम्ति दिव्य चक्षुको आवश्यक पर्ने बताए। अर्जुनले उक्त दिव्य चक्षु कस्तो हो भनी प्रश्न गर्दा "देवं मनः" अर्थात् मनको जुन शक्ति छ त्यो नै दिव्य चक्षु हो भन्दै कृष्ण अर्जुनको मनमा आफ्नो महती मन शक्तिद्वारा भित्र तथा बाहिर छाइदिए। तब अर्जुनका सामुन्ने भगवान् कृष्णको दिव्य विशाल स्वरूप प्रत्यक्ष देखियो। सो रूपमा अनेक मुख तथा नेत्र थिए। समस्त देव तथा समस्त लोक त्यही थिए। सहस्र सूर्यको प्रभा सो स्वरूपको अगाडि केही थिएन। त्यसको न आदि थियो न त अन्त्य। सूर्य, चन्द्र उनका स–साना नेत्र थिए। त्रिलोक नै उनको नयनको प्रतापदेखि भयभित थियो। कौरव तथा पाण्डव सबै विश्वरुप विष्णुको मुखभित्र गइरहेका थिए। कोही दाँतका बिचमा लुकेकाहरूको मस्तक चुरचुर भइरहेको थियो। यस्तो दिव्य रूप मैले कहिल्यै देखेको थिइनँ भन्दै अर्जुनले कृष्णलाई बारम्बार नमस्कार गरे। तब भगवान कृष्णले अर्जुनलाई "म काल हुँ, लोकको क्षय गर्ने मै हुँ, लोकको संहार गर्नका निम्ति म रणभूमिमा आएको हुँ। युद्धभूमिमा भेला भएका सबैलाई मैले पहिले नै मारिसकेको छु। हे अर्जुन ! तिमी केवल निमित्त मात्र बन। युद्ध गर र आफ्नो कर्मको पालना गर" भनी आदेश दिए। यसरी अर्जुनले रणभूमिमा पाएको कृष्णको विश्वरुपको दर्शन सञ्जयले समेत पाई त्यसको वर्णन उनले धृतराष्ट्रलाई गरे। महाभारतको खिलभागको रुपमा रहेको हरिवंशपुराणमा पनि अर्जुन तथा श्री कृष्णको संवादको क्रममा अर्जुनले पाएको विश्वरुपको विस्तृत वर्णन

Raj Kishore

गरिएको छ। भगवान कृष्णले समस्त भूतलका काल तथा तिनका सनातन धर्म उनी नै रहेका, चन्द्रमा, सूर्य, ठूलठूला पर्वत, सरोवर, चार दिशा उनकै चतुर्विध रूप रहेको। चार वेद, चार आश्रम उनीबाटै प्रकट भएका। जरायुज, अण्ड, स्वदेज, उद्भिज चारै प्रकारका प्राणीका सृष्टिकर्ता उनी स्वयं रहेका। ऋषि, देवता तथा यज्ञ उनकै तेज रहेका पृथ्वी, वायु, आकाश, जल, तेज, दिन, रात, पक्ष, मास, ऋतु, मुहुर्त, कला, क्षण, संवत्सर, नाना प्रकारका मन्त्र, शास्त्र, विद्या, वेदितव्य सबै उनैबाट प्रकट भएका। सृष्टि र संहार उनकै रूप भएको कुराविराट रुप कृष्णको मुखारबिन्दबाट अर्जुनले सुनेको कुरासो पुराणमा पनि विस्तृत रुपमा वर्णन गरिएको छ (पाण्डेय, २०४५, पृ. ६६२-६६३)।

विश्वरुप विष्णुको प्रतिमा लक्षण

प्रत्येक मूर्तिको निर्माण प्रतिमा लक्षणमा वर्णित विधानको पालना गरी गरिन्छ। विधानको पालना नगरी निर्माण गरिएका मूर्ति अपूजनीय हुने कुरा शास्त्रहरुमा बताइएको छ। भगवान विष्णुको विश्वरूपको प्रतिमा निर्माण गर्दा पालना गर्नुपर्ने प्रतिमा लक्षणको सम्बन्धमा विभिन्न ग्रन्थहरुमा उल्लेख छ। रूपमण्डनमा विश्वरुप विष्णुका बीस हात रहने। तिनका दायाँ हातमा पताका, हल, शङ्ख, अङ्कुश, चक्र, बीजपूरक र शेष हात वरद मुद्रामा हुने। बायाँ हातमा पताका, दण्ड, पाश, गदा, कमल, श्रृंगी, मूसल र अक्ष हुने। बाँकी दुई हात योगमुद्रामा हुने। उनी गरूडमाथि सवार हुने तथा विश्वरुप विष्णुका चार मुख क्रमशः नर, नृसिंह, स्त्री तथा वराह हुने कुराको वर्णन गरिएको छ (श्रीवास्तव, १९९६, पृ. १४६-१४७)। विष्णुधर्मोत्तर पुराण अनुसार विश्वरूप विष्णु चार मूल मुखः सौम्य, नृसिंह, वराह तथा कपिल हुन्छन्। ती मुखभन्दा माथि चार महेश्वर मुखः सद्योजात, तत्पुरूष, वामदेव, अघोर हुन्छन्। इशान मुख वक्रहीन हुनेहुँदा उक्त मुख मूर्तिमा कुँदिएको हुँदैन। महेश्वर मुखभन्दा माथि चार ब्रह्म मुख हुन्छन्। ती मुखका माथि, अगाडि, पछाडि अनेकौं देवी देवता एवं पशुहरूका आकृति रहन्छन्। प्रत्येक मुखका आँखाका दृष्टि भिन्दा भिन्दै बनाउनुपर्ने विधानको उल्लेख छ। विभिन्न भयङ्कर जीवहरूका मुखले सम्पूर्ण संसार निल्न लागेको देखाइनु पर्ने वर्णन छ। विष्णुको यो रूप ज्यादै भयानक हुने तथा तिनको हातहरुको सङ्ख्या निश्चित नहुने कुरा यस पुराणमा बताइएको छ। नृत्यशास्त्रमा कथित हस्तमुद्राहरूको चित्रण हातहरूबाट हुनु पर्दछ। कुनै हातमा सबै आयुध, कुनैमा यज्ञदण्ड, शिल्पभाण्ड, कलाभाण्ड, वाद्यभाण्ड आदि हुन्छन्। तीनै लोक विश्वरुप विष्णुको शरीरमा चित्रकर्मद्वारा प्रदर्शित गरिनु पर्दछ। यिनको आकार यति विशाल एवं भव्य हुन्छ कि पूर्ण प्रतिमा निर्माण गर्नु त परै जावोस् तिनको पूरा रूपको कुनै वर्णन गर्न नसकिने कुरा विष्णुधर्मोत्तर पुराणमा गरिएको छ (क्षेमराज, १९९८, पृ. ३४७)। अग्निपुराणमा विश्वरुप विष्णु बीस हातले सुशोभित रहने। उनको दाहिने हातमा क्रमशः चक्र, खड्ग, मुसल, अङ्कुश, पट्टिश, मुद्‌गर, पाश, शक्ति, शूल तथा वाण हुने। बायाँ हातमा शङ्ख, शार्ङ्गधनु, गदा, पाश, तोमर, हल, फरसा, दण्ड, छुरा तथा उत्तम ढाल हुने। उनको दाहिने भागमा चतुर्भुव ब्रह्मा तथा बायाँ भागमा त्रिनेत्रधारी महादेव विराजमान हुनुपर्ने वर्णन गरिएको छ (अग्निपुराण, २०६०, पृ. ९८)। गोपीनाथ रावले विश्वरूप विष्णुको वैकुण्ठ विष्णु जस्तै चार मुख हुने, उनी गरूडमाथि सवार हुने, उनका बीस हात हुने। एक दायाँ हात तथा त्यसको समतुल्य बायाँ हात पताका मुद्रामा बाहिर तेर्स्याएको हुनुपर्दछ। त्यस्तै अर्को दायाँ हात तथा त्यसको समतुल्य बायाँ हात योग मुद्रामा हुनुपर्दछ। अन्य बाँकी हातहरूमा हल, शङ्ख, वज्र, अङ्कुश, वाण, चक्र, कागती हुनु पर्ने र एक हात वरद मुद्रामा हुनु पर्दछ। बायाँमा दण्ड, पाश, गदा, खड्ग, पद्म, श्रृङ्ग, मुसल तथा अक्षमाला हुने बताएका छन् (राव, १,१, १९९७ : २५८)। यसरी विभिन्न शास्त्रमा वर्णन गरिएका प्रतिमा लक्षणहरुको उत्कृष्ट संयोजन गरी निर्माण गरिएका विश्वरुप विष्णुका प्रतिमा काठमाडौं

उपत्यकामा निकै संख्यामा छन्। हालसम्म प्राप्त विश्वरुपका प्रतिमाहरूमध्ये सर्वप्राचीन मूर्ति चावहिलस्थित कुटुवहाल टोलमा रहेको छ। यस मूर्तिमा विश्वरुप विष्णुका तीन शीर तथा त्यस माथि अर्को शीर रहेको छ। उनका आठ हात छन्। ज्यादै खिइएको कारण उनका हातका आयुधहरु प्रष्ट छैनन्। विश्वरुप विष्णुका दुई पाउको बीच पृथ्वी रहेकी छिन्, जसले विष्णुको भार थामिरहेकी छिन्। विष्णुका दायाँ बायाँ उनको दुई पाउ समाती विष्णुलाई आश्चर्यचकित भई हेरिरहेका दुई मूर्ति छन्। यस प्राचीन मूर्तिलाई लैनसिंह वाङ्गदेलले इस्वीको तेस्रो/चौथो शताब्दीको बताएका छन् (वाङ्गदेल, २०३९ : १२२)।

चाँगुनारायण र त्यहाँ अवस्थित विश्वरुपको प्रतिमा

चाँगुनारायण नारायण मन्दिर भक्तपुर शहरदेखि उत्तर पूर्वमा अवस्थित छ। यस मन्दिरको गर्भगृहमा भगवान विष्णुको गरुडासन स्वरुपको विग्रह रहेको छ। सो स्थानमा उनको विग्रह स्थापना गरिनुमा अत्यन्त रोचक कथा पाइन्छ। यस सम्बन्धमा भगवान विष्णुबाट एक पटक अञ्जानवश कुनै ब्राह्मणको हत्या हुन गएछ। प्रायश्चित्तका निम्ति विष्णु भौतारिदैं हिड्दा चाँपको जङ्गलमा अवस्थित डोला स्वरुपको डाँडो (हालको चाँगुनारायण) मा आईपुगेछन्। भोकले आकुल व्याकुल भएका उनले यताउती हेर्दा कुनै एक ग्वाला(सुदर्शन नामक ब्राह्मण) ले पालिरहेको गाई देखेछन्। विष्णु नित्य तिनको दूध चोरेर खाई गुजारा गर्न लागेछन्। ती ब्राह्मणले उक्त कार्य कसले गरेको रहेछ भनी एक दिन चियो गरी हेर्दा कुनै एक युवकले आफ्नो गाईको दूध सेवन गर्न लागेको देखी तिनलाई त्यसै नछोड्ने विचार गरी ती युवकको शिर काटिदिएछन्। तत्काले भगवान विष्णु हातमा शंख, चक्र, गदा, पद्मसहित प्रकट भएछन्। उनले सुदर्शन ब्राह्मणलाई,"हे ब्राह्मण, तिमीले कुनै चिन्ता नगर। बरु तिमीले मलाई महापापबाट मुक्त गरायौ, आजदेखि तिमी मेरो सेवा गरी बस" भन्ने आदेश दिएछन्। त्यसपश्चात् ती सुदर्शन ब्राह्मणले चाँपको जङ्गल अवस्थित डाँडामो आई आफ्नो दिव्य स्वरुपको दर्शन दिने ती नारायणलाई चाँगुनारायण तथा डोला जस्तो आकारको पर्वतमा निवास गरेका हुँदा देलाद्री हरि नाम दिई तिनको सेवा गरी बसेको कुरा नेपाल महात्म्यमा वर्णन गरिएको छ। चाँगुनारायणका पूजारी हाल पनि राजोपाध्याय ब्राह्मण नै छन्, जो सुदर्शनका सन्तान मानिन्छन्। गोपालराज वंशावलीमा लिच्छविकालीन राजा हरिदत्त वर्माले उपत्यकामा चार नारायणको स्थापना गरेको कुरा उल्लेख छ। यस अर्थमा यी राजाले चाँगु शिखरमा यी नारायणको मन्दिर बनाएको बुझिन्छ। चाँगु नारायण मन्दिरको गर्भगृहमा धुतमा सुनको मोलम्बा लगाइएको गरुडासन विष्णुको भव्य मूर्ति रहेको छ। जसमा भगवान विष्णुको शरीर र शिर अगल अगल छन्। चाँगुनारायण मन्दिर तले शैलीमा निर्माण गरिएको छ। मन्दिरको मूल द्वारसामुन्ने लिच्छविकालका राजा मानदेवले आफ्नो विजय अभियान पश्चात् राख्न लगाएको गरुडस्तम्भको मूल अंश रहेको छ। उक्त अभिलेखको ठूलो भाग मूल अंशवाट भाँचिएर छुट्टिएको कारण हाल मन्दिरको दायाँ तर्फ राखिएको छ। राजा मानदेवले सोही स्तम्भ अभिलेख माथि राखेका गरुड भने मन्दिर अगाडि भुईंमा रहेको छ। उनले भगवान विष्णुप्रति भक्ति प्रकट गर्न आफ्नै मुखाकृतिमा यस गरुडको प्रतिमा बनाउन लगाएको जनविश्वास पाइन्छ।

चाँगुनारायण मन्दिर परिसर अनेकौं सम्पदाहरुले भरिएको छ। यहाँ प्राचीन कालको छिन्नमस्ता देवी, गणेश, उमामहेश्वर, सप्तमातृका मूर्तिहरु, कीलेश्वर महादेव,श्रीधर विष्णु, वैकुण्ठ, त्रैलोक्यमोहन, शेषशायी,गरुडासन, त्रिविक्रम वामन, गिरीजा नरसिंह आदि विष्णुका विभिन्न स्वरुपका मूर्ति तथा बोधिसत्वका मूर्ति छन्। यी मूर्तिहरु प्राचीनकालदेखिको लिएर पछिल्लो कालसम्मका हुन्। चाँगुनारायण मन्दिरको नैऋत्य कोणमा विष्णुको विश्वस्वरुपको भव्य मूर्ति रहेको छ। आकारमा सानो रहे पनि यसमूर्ति देखेर नलोभिने सायदै कोही होलान्।

Raj Kishore

लिच्छविकालीन मूर्तिकलाको उत्कृष्ट नमूनाका रूपमा यस मूर्तिको गणना गरिन्छ। मूर्ति फलकको माथिल्लो बायाँ भागको केही अंश फुटेको छ। कुरु क्षेत्रको मैदानमा भगवान कृष्णले अर्जुनलाई दिएको दिव्य स्वरुपको दर्शनको सजीव चित्र यसमा उतारिएको छ। विश्वरुप विष्णुका नौ शिर छन्। तीन तहमा रहेका तीनै शिरहरू समान आकारका छन्। यी शिरहरुमध्ये बीचको मुहार पुरुषोत्तम, बायाँ तर्फको मुहार ठूल्ठूला फारेका नेत्रसहित रौद्र स्वरुप तथा दायाँ तर्फको मुहार कानमा कुण्डल एवं मोटो ओठसहित स्त्री रुपमा रहेका छन्। विष्णुका दश हात देखाइएका छन्। जसमध्ये दायाँ हातहरु माथिबाट तल क्रमशः चक्र, वाण, खड्ग, श्रृङ्ग र पद्मबीज रहेका छन् भने बायाँ हातहरुमा माथिबाट तल क्रमशः गदा, धनु, ढाल, चमर र शङ्ख धारण गरेका छन्। विष्णुधर्मोत्तर पुराणमा वासुदेवको मूर्ति बनाउँदा विष्णुको दुई पाउका बीच पृथ्वी माताको मूर्ति बनाउनु पर्ने विधानको उल्लेख छ। यसैको पालना गर्दै वासुदेव स्वरूपी विष्णुको दुई पाउको बीच पृथ्वी माताको सुन्दर मूर्ति बनाइएको छ। विश्वरुप विष्णु पृथ्वीको काँधमा उभिएका छन्।

पृथ्वीका दुई हातले तिनको बोझ थामिरहेका छन्। विष्णुको पाउको दायाँ बायाँ अर्ध शरीरसहित नागका फँणाहरूले रक्षित नाग नागिनका प्रतिमा रहेका छन्, जसका हातहरूले पनि पृथ्वीलाई विष्णुको बोझ थाम्न सघाइरहेका छन्। पृथ्वीको शिरमाथि रहेको कलात्मक मुकुट, तिनको पुष्ट स्तन, छिनेको कम्मर तथा सम्पूर्ण अङ्गको अनुपात अत्यन्त मिलेको छ। आकारमा सानो भइकन पनि पृथ्वीको मूर्ति अत्यन्त सजीवताले भरिएको छ। नागका दायाँ बायाँ चार दिशाका प्रतीक चार हात्ती रहेका छन्। हात्ती भन्दामाथि दायाँतिर कुममा गाण्डिव धनु अड्याई नमस्कार मुद्रामा दिव्य विश्वरुपको दर्शन गरिरहेका अर्जुन छन्। उनको अगाडि हातमा पद्म धारण गरेकी लक्ष्मी छिन्। विष्णुको बायाँ नमस्कार मुद्रामा भूदेवी तथा उनको पछाडि विशाल पखेटा फिँजाई उडिरहेका गरूडको सुन्दर मूर्ति रहेको छ। गरूडभन्दा माथि लामा लामा दाह्रीसहितका ऋषिगणहरुको मूर्ति छन्। अर्जुन तथा लक्ष्मीको प्रतिमाको मास्तिर क्रमवद्ध रूपमा अश्वरूपी सूर्य र संज्ञाका पुत्र द्वय अश्विनीकुमार, इन्द्र, यम, वरूण, कुमार आदि लोकपाल, अष्टवशु, एकादशरूद्रका मूर्ति रहेका छन्। मूर्तिको माथिल्लो भागमा सूर्य तथा चार हातमा अक्षमाला, त्रिशूल, तुम्बी तथा वरद मुद्रासहित पद्मासनमा बसेका शिवको मूर्ति रहेको छ। मूर्तिको फुटेको बायाँ भागमा ब्रह्मा तथा चन्द्रमाको मूर्ति रहेको हुन सक्ने अनुमान गर्न सकिन्छ। मूर्तिको तल्लो भागमा शेषशैयामा सुतेका सङ्कर्षणको मूर्ति रहेको छ। सप्त फणाले रक्षित सङ्कर्षण दायाँ पाउमाथि बायाँ पाउ अड्याई शयन गरिरहेका छन्। विष्णुधर्मोत्तर पुराणमा **"सङ्कर्षणस्य करयोस्तथा हलमुसललाङ्गले"** वर्णन गरिए अनुरूप सङ्कर्षणले हातमा मुसली, हलो, तुम्बी तथा पद्म लिएका छन्।

यस विश्वरुपमूर्तिको अर्को महत्त्वपूर्ण पक्ष भनेको यसमा सूक्ष्मरुपमा दर्शाइएका चार वर्णको प्रस्तुति हो। ऋग्वेदको पुरुष सूक्तिय खण्डमा विश्वरुप विष्णुका चार अङ्गबाट उत्पन्न चार वर्णको वर्णन छ। ऋग्वेदको पुरुष सूक्तिय खण्डको मं.१०, सू.९०, मं.१२ मा **"ब्राह्मणोंद्रस्य मुखमासीद् बाहू राजन्यः कृतः। उरू तदस्य यद्वैश्य पद्यां शूद्रो अजायत॥"** अर्थात् विराट रुपी विष्णुको मुखबाट ब्राह्मण, बाहुबाट क्षत्रीय, उरूबाट वैश्य तथा पाउबाट शुद्र गरी चार वर्णको उत्पत्ति भएको वर्णन गरिए अनुरूप यस मूर्तिमा विष्णुको मुखबाट ब्राह्मण, बाहुबाट अस्त्रसहित क्षत्रीय, उरूबाट वैश्य तथा पाउबाट शुद्र उत्पत्ति भएका प्रतीक विष्णुको मुख, पाखुरा, जाँघ र घुँडा मुनि सूक्ष्म ढङ्गमा स-साना मानवाकृति कुँदिएका छन्। महाकाव्यमा वर्णित प्रसिद्ध घटनाक्रमसँग सम्बन्धित विषयवस्तुलाई अत्यन्त तालमान मिलाई यति सानो मूर्तिफलकमा सजीवताका साथ प्रस्तुत गर्नु यस मूर्तिकलाको विशिष्ट पक्ष हो।

निष्कर्ष

भगवान विष्णुको दिव्य विश्वरुपको बखान गर्न नसकिए जस्तै यस मूर्तिलाई पनि जति हेऱ्यो त्यति नै गहन लाग्दछ। प्राचीनकालको दाँजोमा धार्मिक विषयवस्तुलाई विधानको परिधिभित्र रहेर तिनको प्रतिरुप उतार्ने खुबी लिच्छविकालीन कलामा थियो। सौम्य, रौद्र वा दिव्य स्वरुपका देवीदेवतालाई तिनको शारीरिक अनुपात, मुखको भावभङ्गी, हेराई आदि मार्फत् सजीवताका साथ मूर्तिमा प्रस्तुत गर्नु तथा पौराणिक घटनालाई आफैंले साक्षात्कार गरे समान यर्थाय चित्रण गर्नु यस कालको प्रमुख विशेषता थियो। भारतमा सातौं शताब्दीको उत्तरार्धमा पाल शासकहरुद्वारा हावादारी प्वालसहितको मूर्ति निर्माण गर्ने शैलीको विकास भए पश्चात् तिनको प्रारम्भिक चरणको प्रभाव परेको यस विश्वरुप विष्णुको प्रतिमालाई विद्धानहरुले सातौं/आठौं शताब्दीको मानिएका छन्। उनै परब्रह्म परमेश्वरबाट प्राणीको सृष्टि, उनी नै संरक्षक तथा उनमै संसार लय भइरहेको सजीव चित्र यस विश्वरुप विष्णु मूर्तिमा स्पष्ट देखिन्छ। धन्य हुन् ती अमर कलाकार जसले भगवान् वासुदेवको त्यो दिव्य स्वरुपलाई हृदयमा आत्मसात् गरी विधानको परिधिमा बाँधिएर कठोर पाषाणमा साक्षात् प्रस्तुत गरे। समस्त विश्वलाई नै समाहित गरेका विश्वरुप विष्णु र तीनको प्रतिरुपलाई जीवन्त उतार्ने ती कलाकार प्रति भक्तियुक्त नमन।

सन्दर्भ ग्रन्थ सूची :

अग्निपुराण, (वि.सं. २०६०), गोरखपुर : गीता प्रेस।

कल्याण, (वि.सं. २०६०), संक्षिप्त ब्रह्मवैवर्त्तपुराण, ३७ वर्षका विशेषाङ्क, गोरखपुरः गीता प्रेस।

खनाल, मुक्तिनाथ, (अनु.) (वि.सं.२०२८), नेपाल महात्म्य, काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

पाण्डेय, राज बहादुर, (अनु.). (सन्. १९९६), अथर्ववेद, दिल्लीः डायमण्ड पाकेट बुक्स।

पाण्डेय शास्त्री, रामनारायणदत्त, (अनु.), (वि.सं.२०४५), श्रीहरिवशंपुराण, महाभारत-खिलभाग हरिवंश, गोरखपुरः गीताप्रेस।

सरस्वती, दयानन्द, (अनु.), (वि.सं. २०४०), ऋग्वेद, मण्डल ९-१०, दिल्ली : सार्वदेशिक आर्य प्रतिनिधि सभा।

श्रीवास्तव, वलराम, (सन्१९९६), रूपमण्डनम्, (वाराणसीः मोतीलाल वनारसीदास)।

क्षेमराज, श्रीकृष्ण दास (सं.), (सन्१९९८), विष्णुधर्मोत्तरपुराणम्, दिल्ली : नाग प्रकाशन।

वाङ्गेल, लैनसिंह. (वि.सं.२०३९), प्राचीन नेपाली मूर्तिकलाको इतिहास, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।

Rao, G.N. (1997 A.D.). Elements of Hindu Iconography. V.I, P.I. Delhi : Motilal Banarsidass Publishers.

Raj Kishore

तन्त्र र समता

✍ पूर्णराम मुनंकर्मी

निगमागम

वेद्यं धर्माद्युपायं निश्चयं गमयतीति निगमो वेदः। (गुप्त, अभिनव, १९३८)

भाव : धर्मलाई बुझ्न हामीले जान्नु पर्ने बाटोको सहि जानकारी दिने शास्त्र भनेको निगम अर्थात् वेद हो।

इह तावत्समस्तोद्रयं व्यवहारः पुरातनः ॥

प्रसिद्धिमनुसन्धाय सैव चागम उच्यते।[१] (तन्त्रालोक ३५।१-२)

भाव : समस्त जागृत ज्ञान, पुरातन व्यवहार र प्रसिद्धि पाउने शास्त्रलाई आगम नामले चिनिन्छ।

काश्मिरका महान् तन्त्रज्ञ आचार्य अभिनव गुप्तका माथि उल्लेख भएको धारणाले निगम र आगमको महत्ता, विशालता र क्षेत्रलाई बुझ्न सकिन्छ। सनातन धर्म अनुसार यो धर्म अजन्मा हो, सृष्टिदेखि चलि आएको र कहिले मृत्यु नहुने सदा चलिरहने यो लोक र परलोक दुबैको भलो गरी अन्तमा भगवान्मा लीन (ब्रह्मलीन) हुन पाउने हो।

वेदमा भनिएका अनुष्ठान कार्यान्वयनका लागि चाहिने पद्धति आदि आगममा वर्णन गरिएका छन्। त्यसैले यी दुई आगम र निगम फरक विधा होइन, एक आपसमा परिपूरक हो। वैदिक वाङ्मयका रामायण, महाभारत, पुराण लगायत ग्रन्थले आमग निगम दुबैलाई समेटेको पाइन्छ। त्यसैले आमग-निगमका कतिपय विद्वान्हरूका धारणा अनुसार निगम दर्शन हो र निगमको कार्यान्वयन पक्ष आगम हो।

आगमनिगम दुबैको एउटै उद्देश्य सुखपूर्वक जीवनयापन गर्दै ईश्वर वा मोक्ष प्राप्ति गर्नु हो। धार्मिक अभ्यास गरेर पाउनु पर्ने उपलब्धि वैदिक तरिकाले भन्दा तन्त्रको माध्यमबाट शीघ्र प्राप्त गर्न सकिन्छ। श्रीमद्भगवतगीता अनुसार मानिसको मुक्ति वा मोक्षको लागि अनेक जन्म आवश्यक हुन्छ वा भौतिक सुख, सुविधा, भोग त्याग गरेर योगी बन्नुपर्छ। शैव वा शाक्त तान्त्रिक पद्धति अपनाएमा एकै जन्ममा गृहस्थाश्रममा बसेर भोग गर्दागर्दै मोक्ष प्राप्त गर्न सकिन्छ।[२]

धर्म र सामाजिक समतामूलक जीवनको साइनो

समय परिवर्तनशील छ। हिजोको मान्यता आजको लागि पर्याप्त वा उपयुक्त नहुन सक्छ। त्यसैले समयको गतिसँगसँगै परिवर्तन भइरहनु पर्छ भन्ने एक थरि धर्म पक्षधरको भनाइ रहेको पाइन्छ भने केही पुरातनपन्थीहरू

---

१ यस श्लोकको विस्तृत व्याख्याको लागिं हेर्नुहोस्- श्रीतन्त्रालोक, भाग ८, (परमहंस, डा., १९९९) :२६४-६५।

२ येनानुष्ठितमात्रेण भोगमोक्षमवाप्नुयात् ॥ ...लिखितमपि सुबुद्ध्या प्राप्य कस्मादकस्मात्। स्मरदहनपुरारेर्मोक्षमासाद्य पारे, परमपदविलीनः सर्वसौभाग्यभाग्यः ॥ नीलसरस्वतीतन्त्र ४।४, २५॥ भावः जुन (सिद्धि मन्त्र) मात्र अनुष्ठान गर्दा कुनै पनि मानिसलाई भोग र मोक्ष अर्थात् जीवनमा भोग गर्दागर्दै मोक्ष पनि प्राप्त हुन्छ। ... (यस मन्त्रलाई सुबुद्धि राखेर विधिपूर्वक वा अन्य कुनै किसिमले भएपनि) ग्रहण गरेपश्चात् गर्नेलाई मोक्ष प्राप्त हुन्छ, र सौभाग्य-भोग समेत प्राप्त गरि परमपदमा पुग्दछ। खण्डेलवाल, १९९९ : ८६-८७, ९१॥

परिवर्तनको विरोध गर्छन्। त्यस्ता व्यक्तिले जानेर वा नजानेर धर्मलाई समाजभन्दा टाढा राख्दै अन्ततः धर्मलाई नै नष्ट गरिरहेका हुन्छन्।

सनातन धर्मका पक्षपातीहरूले यस धर्मको विकासमा समयसमयमा केही परिमार्जन र समयोचित सुधारको लागि प्रयास गरेका थिए। सबैभन्दा पछिल्लो सुधारकको रूपमा आदि शंकराचार्य (ई.सं. ७८८-८२०) लाई लिन सकिन्छ। त्यसपछि यस धर्मको पक्षमा शक्तिशाली नेतृत्व देखापरेको छैन।

जीविकोपार्जन र सामाजिक न्याय हुञ्जेलसम्म समाजले आआफ्नो धर्म पालना गरिरहन्छ, जब आफ्नो सामान्य आवश्यकता पूर्ति हुँदैन तव बिस्तारै विचलन सुरु हुन्छ, दायाँबायाँ लाग्छ। त्यस्तो हुन नदिन धार्मिक र सामाजिक व्यवस्थामा समयानुसार सुधार र परिमार्जनको आवश्यकता हुन्छ। त्यसैले जीविका, न्याय र समतासँग धर्मलाई समेत जोड्न आवश्यक हुन्छ। यस्तो कार्य पौराणिक युगमा नभएको होइन, तर त्यसलाई एक सीमित वर्ग वा वर्णसँग मात्र सम्बन्धित गर्‍यो, जस्तो ब्राह्मणको आवश्यकता अन्यले पूर्ति गर्ने। यहिं नै सम्भवतः सनातन धर्मको लागि केही नकारात्मक पक्ष हुनगयो। यदि यसलाई ब्राह्मण जातिमा मात्र सीमित नगरी आवश्यकता र सम्भाव्यता भएका व्यक्ति र आवश्यक व्यक्तिलाई उत्पादन वा सेवाको कार्यमा सहयोग गर्ने रिति त्यतिबेला नै बाँधिएको भए कति सुन्दर हुन्थ्यो होला, समाज कति अगाडि पुगिसकेको होला भनि सोच्न मात्र सकिन्छ। यसमा हजारौं वर्ष हामीले खेर फालिसक्यौँ।

यहाँनिर माथि उल्लेख गरेको धर्ममा उत्पादन, जीवनयापनको सम्बन्ध बारे स्पष्ट हुनुपर्ने देख्दछु। यसको लागि तन्त्राचारी नेवारहरूको जीवनशैलीलाई उदाहरणका रूपमा प्रस्तुत गर्न अनुमति माग्दछु।

नेवार समुदायमा तन्त्रको प्रयोग : जीविका, सेवामा विशिष्टता

आगमशास्त्रले जसरी सबै मानव, तन्त्रका अधिकारी भनेको छ, त्यही अनुरूप नेवार समुदायले अक्षरशः पालन गर्दै सबै समुदायले तन्त्र दीक्षा लिने गर्दथ्यो (अहिले यो प्रथा कायम भइरहेको छैन)। नेवार समाजमा, तन्त्र दीक्षालाई संस्कार र जीवनयापनसँग गाँसेको छ। नेवार समाजभित्र केही समुदाय संस्कारमा र केही समुदाय विविध उत्पादन वा सेवासँग सम्बन्धित रहेका हुन्छन्, सबैलाई स्वरोजगारको व्यवस्था मिलाएको छ। संस्कारमा संलग्न हुन पाउने (बच्चा जन्माउन सहयोगी भूमिका निर्वाह गर्ने सुडिनी दिदीदेखि मृत्यु संस्कारमा संलग्न हुनुहुने समेतको करिब तीन दर्जन समुदायको लागि दीक्षा अनिवार्य थियो, हाल पनि कतिपय दीक्षित समुदायले सेवा वा पेशा वा धर्म गरिरहेका छन्। कतिपय उत्पादन वा सेवा कार्यमा लाग्नेको पनि दीक्षा अनिवार्य रहेको हुन्छ, जस्तो चित्रकार, अवाले, कुमाले, शिल्पकार, शिलाकार आदि पेशा। कुन देवताको कस्तो स्वरूप (एउटै देवताको पनि एकभन्दा बढी स्वरूप हुन्छ) आदि कुरा तन्त्र दीक्षाद्वारा चित्रकार /शिल्पकार/शिलाकारलाई जानकारी प्राप्त हुन्छ, त्यस्तै अरू उत्पादन वा सेवा कार्यमा लाग्नेको पनि आ-आफ्नै दीक्षा हुन्छ। कतिपय एक या केही सीप, दक्षता, उत्पादन विषयमा विशिष्टता हाँसिल गर्न आरक्षण गरेका हुन्छन् जस्तो ललितपुरका व्यञ्जनकार। व्यञ्जनकार समुदाय एक विशेष जातिको पालुङ्गो उत्पादन गर्ने अधिकारी हुन्,[३] अरूले गर्दैनन्। भक्तपुरका कुमालेहरूको

३ यसलाई स्थानीय नेपालभाषामा यलय् पल भनिन्छ। यो यलय् पल खासगरि माघमा सांखुमा स्वस्थानीको व्रत बस्नुहुनेहरू र माघे संक्रान्ति पर्वमा नेवारहरूको अनिवार्य परिकार हो। विशिष्टता हाँसिल गरेकै कारणले नेपालको पालुङ्गो यो क्षेत्रमा गुणस्तरिय मानिन्छ। इस्वीको सातौं शताब्दीतिर नेपालले चीनका वादशाहलाई पालुङ्गो उपहारको रूपमा पठाएको कुरा इतिहासमा पढ्न पाइन्छ। एघाह्रौं शताब्दीमा मात्र यूरोपले पालुङ्गो बारे जानकारी र स्वाद थाहा पाएको हो। यसबाट तन्त्रको सामाजिक आर्थिक रूपमा सफल प्रयोगको महत्त्व बुझ्न सकिन्छ। थप जानकारीको लागि हेर्नुहोस् - http://district.schoolnutritionandfitness.com

Raj Kishore

संख्या धेरै छ। दुइ समुदायमा विभक्त गरेर छुट्टाछुट्टै टोलमा बसोबास गराएको छ। एक समुदायले बनाउने माटोको भाँडो अर्को समुदायले बनाउँदैनन्; अर्को समुदायले अर्कै किसिमको भाँडो बनाउँछन्। दुबैले बनाउने माटोको भाँडो नै हो। भिन्नाभिन्नै प्रकृतिको सामाग्री बनाउने भएकाले रोजगारीमा असर पर्दैन। यसरी सबैलाई अगल-अलग जीवनयापनका उपाय दिइ रोजगारीको प्रत्याभूति दिएको पाइन्छ। एकले अर्काको कार्यमा हस्तक्षेप गर्दैनन्। उत्पादन, सीप र सेवालाई संस्कारसँग जोडेको छ। हरेक समुदायले आफ्नो शीप, दक्षतालाई जन्मदेखि परिमार्जन गर्दै लैजान्छ र पोख्त हुन्छन्। (तत्कालीन) जीवन पद्धतिको लागि चाहिने सबै सामान र गुणस्तरीय सेवा नेवार समाज भित्रै उत्पादन हुन्थ्यो; आत्मनिर्भर थियो। त्यसैले धर्म, कर्म, जात्रा, भोज, नाच, गान आदिमा रमाइलोसँग लाग्थ्यो। तिनीहरूका विशेषतायुक्त सीपको लागि तान्त्रिक देवता प्रतिस्थापन गरेका हुन्छन्; गुरु स्थापना गरेका हुन्छन्; आफ्नो पेशागत कार्यको लागि ब्राह्मणदेखि द्यःलासम्म सबैले तान्त्रिक दीक्षा लिन्छन्। हरेक समुदायको आफ्नै आगम र शिल्पको देवता हुन्छ। आगम र शिल्पको देवता परस्परमा सम्बन्धित हुन्छ। कतिपयको शिल्पदेवता आगम घरमा नै रहेको हुन्छ। यसरी तन्त्र, संस्कृति र शिल्प संयुक्त गरेर स्वरोजगार बनाएको छ। तन्त्राचारमा जीवनयापन, रोजगारी, उत्पादन, सामुहिक आत्मनिर्भर र परस्परको सहकार्य यहिं हो तन्त्रको सामाजिक ऐक्यबद्धताको सुन्दर पक्ष जुन नेवार समाजले आजसम्म कार्यान्वयन गरिरहेका छन्। यिनै कारणले गर्दा आज विश्व मानचित्रमा धेरै क्षेत्रमा नेवार विशिष्टतासहितको पहिचान भएको छ; खासतया कलाक्षेत्रमा। नेवारको विशिष्टता बारे प्रसिद्ध नृशास्त्री एवं नेपालविज्ञ David Gellner को बुझाइ यहाँ सान्दर्भिक हुनसक्छ।[४]

तन्त्र र दीक्षाको आयाम

तन्त्र दीक्षा जीवनयापनसँग सम्बन्धित भएको, गर्न सकिने र गर्नुपर्ने कुरा माथिको विवरणले प्रष्ट भयो। विशेष तन्त्र दीक्षा मोक्षसँग सम्बन्धित छ। यस विषयमा अभिनव गुप्तको तन्त्रालोक मनन् गरौं –

समयाचारपाशं तु निर्बीजायां विशोधयेत्। दीक्षामात्रेण मुक्तिः स्याद्भक्त्या देवे गुरौ सदा॥ सद्योनिर्वाणदा सेयं निर्बीजा येति भण्यते। अतीतानागतारब्धपाशत्रयवियोजिका ॥१५।३१-३२॥[५]

दीक्षा मानव मात्रले लिन पाउँछ, यसमा जातिभेद लिङ्गभेद मात्र होइन, नपुंसक, कुनै पनि पेशासँग सम्बन्धितले लिन पाउँछ। ज्ञानोत्तरतन्त्रमा उल्लेख भएको कुरा अभिनव गुप्तले तन्त्रालोकको तेइसौं आह्निकमा उल्लेख गर्नु भएको छ–

उक्तं ज्ञानोत्तरे चैतद्ब्राह्मणाः क्षत्रिया विशः॥

---

४ David Gellner को भनाइ रेश्मा महर्जनज्यूले UIT The Arctic University of Norway को लागिThe Journey of Nepal BhasaFrom Decline to Revitalizjtion विषयमा लेख्नु भएको शोधपत्रमा उद्घृत गर्नुभएको छ– "The Newars have demonstrated their ability in almost all walks of life. They have proved their worth as top administrators, educationists, trader's magnates of industry, and high-level technicians. They are also adventure seekers, both within and without the country' The Jyapoos, one section of the Newars, are among the best peasants in the world." (Pradhan,1980 cited in Gellner, 1986:102). पृ. १-२।

५ भाव : समयाचार भी एक प्रकार का अनुशासनात्मक पाश ही है। निर्बीज दीक्षा में समयाचार रूप पाशका विशोधन अवश्य करणीय है। इस दीक्षा मात्र से मुक्ति उपलब्ध हो जाती है। इसमें किसी नित्य नैमित्तिक अनुष्ठान की कोई आवश्यकता नहीं होती। हाँ देवाधिदेव परमेश्वर में और परमेश्वर रूप गुरु में भक्ति भाव अनिवार्यतः आवश्यक होता है।
यह दीक्षा सद्यः निर्वाणप्रदा दीक्षा होती है। इसे निर्बीजा दीक्षा भी कहते हैं। यह अतीत, अनागत और आरब्ध दोनों पाशों को छिन्न-भिन्न कर डालती है। उनसे विमुक्त कर छुटकारा दिला देती है। निर्बीज दीक्षा में एक आवश्यक पालनीय अनुशासन रूप समय भक्ति है। भक्ति रहने पर भक्त सदा सर्वदा निष्कामभाव से विश्व में विचरण करता है॥ ३१-३२॥ (मित्र, परमहंसः डा., १९९७): ६६ .

नपुंसकाः स्त्रियः शूद्रा ये चान्येद्रपि तदर्थिनः ।

ते दीक्षायां न मीमांस्या ज्ञानकाले विचारयेत् ॥२०-२१॥[६]

वैदिक वाङ्मयको सामाजिक आदर्श

वैदिक वाङ्मयले पनि मानव जीवनको लागि अति आवश्यक उत्पादन, आपसी सहयोग, सत्कार्य, भातृत्व आदिलाई महत्त्व दिँदै जीवन पद्धति लेखेको छ केही उदाहरण –

शग्धि पूर्धि प्रयंसिच शिशाहि प्रास्युदुरम्। ऋग्वेद १।४२।

भाव : समर्थ होऊ, आफ्नो उत्पादनका काम र कर्तव्य पुरा गर, त्यसको लागि चाहिने मेहनती र परिश्रमी बन, पेट भर र पालन गर।

समानी प्रपा सहवोद्रन्नभागः। अथर्ववेद ३।३०।३।

भाव : सबै जना आपसी मेलमिलाप गरेर भोजन गर (भोजनमा कसैलाई अलग नगर, यसैबाट प्रेम विकास हुन्छ)।

सखयाविव सचाव है। अथर्ववेद ६।४२।१।

भाव : आपसमा मित्र भाव राखेर मित्र भएर आत्मीयतापूर्ण व्यवहार गर।

मा ते हृदयमर्षियम्। अथर्ववेद १२।१।३५।

भाव : कसैको पनि मन नदुखाऊ, अन्याय हुन नदेउ, नगर।

विश्वा द्वेषांसि प्रमुमुग्ध्यस्यत्। यजुर्वेद २१।३।

भाव : विश्व भातृत्व हो, कसैसँग पनि शत्रुता नगर, सबैसँग आपसमा मिलेर बस।

पांचा अगाम नृतये हसाय। अथर्ववेद १२।२।२२।

यो जीवन रमाइलोसँग बिताऊ, हाँस, खेल, नाच। चिन्ता, भय, शोक, क्रोध, निराशा आदि आउन नदेउ।

दृते दृह्मामित्रस्यमाचक्षुषासर्वाणिभूतानिसमीक्षन्ताम्।

मित्रस्याहं चक्षुषा सर्वाणि भूतांनि समीक्षे।

मित्रस्य चक्षुषा समीक्षामहे॥ यजुर्वेद ३६।१८॥

भाव : हे परमात्मा ! तपाई हामीलाई सामर्थवान् बनाउनुहोस्। सबै प्राणीले हामीलाई मित्र भावले देखुन्, हामीले सबै प्राणीलाई मित्र भावले देख्न सकौं, हामी सबै मित्र भावले एक आपसमा देखौं र व्यवहार गरौं।

त्यसपछिका वैदिक वाङ्मयले –

वसुधैव कुटुंबकम्,

सर्वे भवन्तु सुखिनः। सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु। मा कश्चित् दुःख भाग्भवेत्।

आदि अति सुन्दर भावना बोक्यो। ती भावना र जीवन–कलामा भएका सर्वतोमुखी, भातृत्व, विश्व-बन्धुत्व भन्नासाथ यसमा समाजका सबै वर्ग, वर्ण, जातजाति, लिङ्ग, उपयुक्त उमेर समूह आदि समावेश हुन्छ। ती सबैलाई समान दृष्टिकोण राख्ने कार्यान्वयन पक्ष हुनुपर्थ्यो। तर वैदिक वाङ्मयका पछिल्ला शास्त्रले सबैलाई

---

६ भाव : श्री ज्ञानोत्तर तन्त्र में यह स्पष्ट कहा गया है कि, ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र, स्त्रीवर्ग, क्लीव अथवा इनके अतिरिक्त जितने भी दीक्षा को इच्छा रखने वाले लोग वे दीक्षा के समय परीक्ष्य या मीमांस्य नहीं है। जिस समय अभिषेक विधि पूरी की जा रही हो और शिष्य को विस्तार पूर्वक सारी बातों को गुरुदेव समझा रहे हों, उसी समय वे मीमांस्य हैं। समस्त ज्ञान विज्ञान के मूल कारण गुरु हैं। उनकीपरीक्षा में शिष्य का सफल होना शिष्य को योग्यता का परिचायक होता है। (मिश्र, परमहंस डा., १९९८) : ३८७।

समेट्न खोजेको देखिएन। वेदको भावनालाई आफ्नो अभिष्टतर्फ मोड्यो र जातिभेद, लिङ्गभेद जस्ता समाज विभाजन, दमन र शत्रुताको खाडल खन्यो।

वैदिक धर्ममा विचलन तथा सुधारका प्रयास

श्रीमद्‌भगवत गीतालाई सबै सनातन धर्मालम्बीले भगवान् वचनको रूपमा लिन्छन् र पण्डितहरू दैनिक पाठ गर्छन्। गीतामा थुप्रै श्लोकले समभाव राख्नु पर्ने आदर्श सिकाएका छन् ती मध्ये एक उद्‌धृत गर्दछु –

इहैव तैर्जितः सर्गो येषां साम्ये स्थितं मनः। निर्दोषं हि समं ब्रह्म तस्माद् बह्मणि ते स्थिताः॥ ५।१९

भाव : तत्त्वज्ञानी मानिसको हृदयमा समभाव भरिएको हुन्छ। विश्वमा रहेर पनि विश्व नै जितिरहेको हुन्छ। ब्रह्म नै निर्दोष र सम हो। त्यसैले समभावमा रहेका वा समभावलाई व्यवहारमा लैजाने व्यक्तिसँग ब्रह्म हुन्छ, ब्रह्म उनैसँग रहन्छ।

इश्वीपूर्व छैठौं शताब्दीसम्ममा वैदिक सनातन धर्मले ओगटिरहेको थियो। दुःख, शोक भएको समाजमा सिद्धार्थ गौतम बुद्धले ज्ञान प्राप्त गर्नु भयो। तत्पश्चात् पञ्चशीलको सिद्धान्तको प्रभाव र शिक्षा समाजमा फैलिँदै गयो। जसले गर्दा तत्कालीन बलियो सत्ता समेत बुद्ध र बुद्ध विचारप्रति आकर्षित भयो र सनातन धर्म पछाडि फर्कनु पर्‍यो। यसले सनातन धर्मका केही पण्डितलाई प्रभाव पार्‍यो र तिनीहरूले बुद्ध र जैनलाई अधर्मीको संज्ञा दिए, त्यस तर्फ आकर्षित भएकाहरूलाई पर राखे र आफै संकुचित हुन पुगे। तर पनि केही विद्वान तथा महापुरुषले समयसमयमा यसमा सच्याउन प्रयास भए। इश्वीको छैठौं शताब्दीतिर नक्षत्रशास्त्रका विद्वान् वराहमीहिरले विद्वान् जो सुकै होउन् उनीहरूलाई ऋषि जतिकै जस्तै सम्मान गर्नु पर्छ, यवनहरूले ज्योतिषशास्त्र राम्रो जानेको छ, उनीहरूबाट सिक्नु पर्छ, उनीहरू (परम्परागत धारणा अनुसार) मलेच्छ भनिए तापनि विद्वान् भएको कारणले ऋषि जस्तै सम्मान र पूज्य छन् भनि सम्मान गरे –

म्लेच्छा हि यवनास्तेषु सम्यक् शास्त्रमिदं स्थितम्। ऋषिवत् तेद्रपि पूज्यन्ते।

कति सुन्दर र दूरदृष्टि छ नक्षत्र विज्ञानका विद्वान् वराहमीहिरको बुद्ध विचार **विद्वान् सर्वत्र पूज्यते**को अनुपम व्यवहार। म्लेच्छ विद्वान्‌लाई पूज्न सकिन्छ भने आफ्नै टोल छिमेकको सेवा वा सीप प्रदान गर्ने हामीले नै शूद्र बनाइएका एउटै गोत्र र वंशका आफन्तहरूलाई किन सम्मान गर्न कञ्जुस्याइँ ? किन अपमान ? किन छोइछिटो ?

त्यस्तै, धर्ममा आएको विचलन र विभिन्न धार्मिक सम्प्रदायको स्वार्थले आक्रान्त समाजमा भइरहेको अविवेक र असमानतालाई बदल्न इस्वीको आठौं शताब्दीमा आदि शंकराचार्यले 'सजातीय–विजातीय–स्वगत आदि तीनप्रकारको भेद रहित–स्वप्रकाश ब्रह्मरूप'को दर्शन दिनुभयो[७]। *ब्रह्मज्ञानावलीमालामा* **जीवो बह्मैव नापरः** (भाव : जीव नै इश्वर अर्थात् ब्रह्म हो, जीव र ब्रह्मको बीचमा कुनै फरक छैन) भन्नु भयो। शंकराचार्यले जातीय भेदभाव ज्ञानको लागि बाधक भन्नु हुँदै सबै जीवलाई ब्रह्मको कोटीमा राख्नु भयो; भेदभाव हुन नहुने भावना प्रवाहित गर्नु भयो।

वैदिक एवं तान्त्रिक दर्शनवेत्ता आदि शंकराचार्य एवं प्रकाण्ड ज्योतिषाचार्य वराहमीहिरहरूले समताको

---

७ परिच्छिन्न इवाज्ञानात्तन्नाशे सति केवलः। स्वयं प्रकाशते ह्यात्मा मेघापार्येंशुमानिव।४।
भाव : आत्मा और ब्रह्मकी एकताका ज्ञान हो जाता है–तब अज्ञानके कियेमिथ्या अध्यासरूप आरोपका नाश होनेसे–आत्मा केवल–अर्थात् सजातीय–विजातीय–स्वगत आदि तीनों भेदोंसे रहित–स्वप्रकाश ब्रह्मरूप प्रतीत इस प्रकार होताहै जैसे आवरणाल्प–मेघोंका नाश होनेपर–प्रकाशरूप सूर्य प्रतीत होता है इससे यह सिद्ध है–अज्ञानके नाश होते ही–आत्मा–स्वयं प्रकाशमान ब्रह्मरूप हो जाता है॥ (आत्मबोधः, १९८० :१०)

Raj Kishore

लागि प्रयास गरेतापनि वैदिक धर्मको भावनालाई पछिल्ला वैदिक वाङ्मय एवं धर्माधिकारीहरूले अंगीकार र कार्यान्वयन गर्न सकेन। समाजमा रहेको वर्ण जातियतामा रूपान्तर भइरह्यो। वैदिक आदर्श ग्रन्थमा कैद भए, समभावको अभाव रहिरह्यो। यो अभाव पूर्ति तन्त्रशास्त्रले गऱ्यो। तन्त्रशास्त्रले जातीय भावना छुवाछुतलाई घृणा, शङ्का, भय, लज्जा, जुगुप्साजस्तै त्याग गर्नुपर्ने 'पाश' (बन्धन)को संज्ञा दियो [८] र त्याग गर्न प्रेरित गऱ्यो। आठौं शताब्दीका काश्मिरका तन्त्रका प्रकाण्ड विद्वान् अभिनवगुप्तले परात्रींशिकाको व्याख्यामा ब्राह्मण, क्षत्रिय आदि जातिलाई कल्पित र जातको कुनै अस्तित्त्व छैन भनि जातियता र त्यस्तो सोचाइको कडा विरोध गरे। (द्विवेदी, व्रजवल्लभ पं., २००४) : ८१।

संस्कारमा गलत धारणा

मनुस्मृतिमा **जन्मना जायते शूद्र कर्मणा द्विज उच्यते** भनेको लाई केहीले गलत बुझ्े। संस्कारमा उपनयन महत्त्वपूर्ण मानिन्छ। युवावस्थामा प्रवेश गर्ने अवस्थामा दिने उपनयन संस्कारमा दीक्षा दिइन्छ। दीक्षाले त्यस युवाले भविष्यमा के हुने वा के गर्ने भन्ने निर्धारण हुन्छ। त्यहाँ उसको आमाबाबुले गरेको जातीय कर्म मात्र गर्नुपर्छ भनेको छैन। त्यो बाहेक अन्य पनि गर्नको लागि फरक दीक्षा लिन व्यक्ति स्वतन्त्र हुन्छ। त्यसैले त युवावस्थामा उपनयन संस्कार गरिन्छ। यहाँनिर ऋग्वेदको एक ऋचा सम्झन उपयुक्त ठान्दछु –

कारुरहं ततो भिषगुपलपक्षिणी नना। नानाधियो वसूयवोद्रनु गा इव तस्थिमेन्द्रायेन्दो परि स्रव ॥९।११३।३॥

भावः मैं शिल्पी – स्तोता (कवि, शिल्पजीवि वा कलाकार – लेखक) हूँ, (ततः भिषक्) मेरा पुत्र वा पिता भिषक् (वैद्य), औषधीको कार्य गर्ने (लेखक) है और (नना मातचा वा कन्या (उपलपक्षिणी) यव– भर्जनकारिणी (अन्न कुटाइपिधाइ, उत्पादन कार्य, उत्पादित वस्तु खान वा बेच्न लायक बनाउने अर्थात् उद्योगी, व्यापारी पनि-लेखक) है। हम सब (नाना धियः) अनेक भिन्न कर्म करनेवाले हैं। जैसे (गाः इव) गोपालक गौओं के पिछे रहते हैं, उसी प्रकार कम भी (वसुयवः) धनकी इन्छा करते हुए, तुम्हारी (अनुतस्थिम) सेवा (विविध व्यवसाय गरी आएका उद्योगी व्यापारी (लेखक) करते हैं। हे (इन्दो) सोम (इन्द्राय परिस्रव) इन्द्र के लिये प्रवाहित हो ओ (हामीले गरी आएका विविध कामका लागि सुखको वर्ष गराइदेऊ- लेखक) ॥९॥११३॥३॥ (सातवलेकर, डा.श्रीपाद दामोदर, १९८५):२४३।

ऋग्वेदको यस ऋचाले कुनै पनि व्यक्ति युवा भएपछि आफ्नो पेशा वा कार्य रोज्न र एउटै परिवारभित्रका व्यक्तिहरू अलग अलग वर्णको कार्य गर्न स्वतन्त्र भएको प्रमाण दिन्छ। यसले वर्ण व्यवस्था भनेको पारिवारिक र जन्मले हुने होइन भन्ने पनि दर्शाउँछ। माथि मनुस्मृतिमा भनेको संस्कारले कुनै पनि व्यक्तिले उपनयन संस्कारमा रोजेको वर्ण (ब्राह्मण, क्षत्री आदि चार वर्णमध्ये एक) लिन पाइन्छ भन्ने बुझाउँछ। त्यसैले वर्णको विभाजन नगरी महानिर्वाणतन्त्रले ब्राह्मणदेखि शूद्रसम्म चूडाकर्मसम्मको अवस्थामा सबै समान हुन्, भेद छैन, अतः सबैको संस्कार समान गर्नुपर्छ भनेको छ –

गर्भाधानादिचूडान्तं समानं सर्व्वजातिषु।९।१८३। (मिश्र, १९५२) ३६०।

तन्त्रको विशेषता : सामाजिक सदभाव, समता र वन्धुत्व

वैदिक वाङ्मयले विधर्मी भनेकालाई तन्त्रले समताभाव राख्दछ, महिला र पुरुषमा भेदभाव गर्दैन।[९] तन्त्रको

---

८ घृणा शङ्का भयं लज्जा जुगुप्सा चेति पञ्चमी। कुलं जातिश्च शीलं चेत्यष्टौ पाशाः प्रकीर्तिताः ॥ (द्विवेद, १९७२) ४५।

९ समाज होस् वा धर्म कहिं कतै पनि भेदभाव हुन हुँदैन (यस दृष्टिकोणले सनातन धर्मभित्रका बुद्ध र जैनलाई पनि भेदभाद गर्न नहुने देखिन्छ),

Raj Kishore

यही विशेषताले गर्दा धेरैलाई प्रभाव पारेको छ। त्यसमध्ये एक जना हुनुहुन्छ Sr. Charles Eliot। तन्त्रको विषयमा गहिरो अध्ययन गर्नु भएका विद्वान् Eliot ले Hinduism And Buddhism An Historical Sketch नामक पुस्तकमा भन्नु भएको विशेष महत्त्व राख्दछ। उहाँका अनुसार – वैदिक अनुष्ठानभन्दा तान्त्रिक विधि फरक छन्। यसले पुरानो (वैदिक) अनुष्ठानबाट आफुलाई अलग राखेर नयाँ युग अनुरूप नयाँ खालको पूजा अनुष्ठान र कार्य गर्छ। तन्त्रशास्त्र सबैको लागि बनाएको छ, भेद छैन। यसले जातिगत कुरामा नगन्य रूपमा महत्त्व राख्दछ। यस अनुष्ठानमा मण्डल, यन्त्र, हस्तक्रिया, मुद्रा, योग आदि प्रयोग हुन्छ जसले गर्दा साधकको आह्वानले देवतालाई त्यस पूजामा आउन पर्ने बनाउँछ र त्यसपछि साधक स्वयं ईश्वररूप भएर पूजा सम्पन्न गर्छ। अर्थात् तन्त्राचारीहरू स्वयम् ईश्वर हुन सक्छन् [१०]।

तन्त्राचारीहरूबीच पूजा अनुष्ठानमा जातिभेद गर्नु महापाप मानिन्छ। पूजाको क्रममा गरिने भोजनमा पनि जातीयता नहेरी अनुष्ठानमा रहेकाहरू सबैलाई स्वजनको रूपमा लिनुपर्ने र स्वजनहरूबीच कुनै भेद हुन नहुने भनि स्पष्ट रूपले मार्गनिर्देश गरेको छ। उदाहरणको लागि महानिर्वाणतन्त्रका केही श्लोक –

साधको ब्रह्मसात्कृत्वा भुञ्जीयात्स्वजनैः सह ॥८१॥

नात्र वर्णविचा–रोद्रस्ति नोच्छिष्टादिविवेचनम् ॥ न कालनियमोद्रप्यत्र शौचाशौचं तथैव च ॥८२॥

यदि स्यान्नीचजातीयमन्नं ब्रह्मणि भावितम्। तदन्न ब्राह्मणैर्ग्राह्यमपि वेदान्तपारगैः ॥९१॥

जातिभेदो न कर्तव्यःप्रसादे परमात्मनः। योद्रशुद्धबुद्धिं कुरुते स महापातकी भवेत् ॥९२॥ [११]

यस्ता उदाहरण ६४ तन्त्रमा संकलन गर्ने हो भने सयौं हुनसक्छ। तान्त्रिक पूजामा बस्ने सबै भैरव र भैरवी हुन्छन्; त्यहाँ नाता, उमेर केही नहुने नियम छ र प्रसाद वितरणमा सबैले सबैलाई सम्मान गर्नु पर्ने परम्परा रहेको पाइन्छ।

समतामूलक मार्ग अपनाउनु पर्छ। सबैलाई समेट्नु पर्छ भन्ने उदार भाव तन्त्रले लिएको छ। महिला र पुरुष बीच पनि कुनै भेदभाव छैन, गर्न हुँदैन भन्ने भावना शक्तिसंगमतन्त्रको छ –

श्रीशिव उवाचः भेदो नास्ति महा–देवि ! यथा बीजांकुरो भवेत्। सैवाहं पु–स्वरूपेण स्त्री–रूपेणाह्मेव हि॥ आवाभ्यां न हि भेदोद्रस्ति भेदस्त्वज्ञान–सम्भवः॥ उपदिष्येद्रस्मि देवेशि ! ह्यनुत्तर–गुणार्णवे॥ त्वत्–प्रसादादिदं सर्व न वै विस्मृतमेव हि। ॥१।३।८५–८७॥ भावार्थ : भगवान् शिवले भन्नु भयो, हे महादेवि ! बीज र अङ्कुरमा भेद नभए जस्तै हामी दुइमा कुनै भेद छैन। म नै तिम्रो पुरुष रूप हुँ र तिमि नै मेरो स्त्री रूप हो। हामी दुइमा भेद छैन। जसले भेद देख्छ वा गर्छ त्यो अज्ञानी हो। यो आश्चर्य प्रधान जगत्मा कहिले म कहिले तिमि मध्यवर्ती भएका छौं। यी सम्पूर्ण आश्चर्य तिम्रो मायाको कारणले हो। (यो भावानुवादको लागि श्रद्धेय गजानन्द राजोपाध्यायज्यूमा आभार व्यक्त गर्दछु– लेखक) ... इति प्राचीक्रमः प्रोक्तः समताष्टक(स्त्वेक)मार्गतः ॥२।१८।२१॥

१० Such hymns however as well as prosessions and other forms of worship which appeal directly to the religious emotions are certainly not tantric. Tantrism is a species of religious magic, differing from the Vedic sacrifices in method rather than principle. For all that, it sets aside the old rites and announces itself as the new dispensation for this age. Among its principal features are the following. The Tantras are ascripture for all, and lay little stress on caste ; the texts and the ritual which they teach can be understood only after initiation and with the aid of a teacher; the ritual consists largely in the correct use of spells magical or sacramental syllables and letters, diagrams and gestures: its object is less to beseech than to compel the god to come to the worshippers another object is to unite the worshipper to the god and in fact transform him into the god: man is a microcosm corresponding to the macrocosm or universe: the spheres and currents of the universe are copied in miniature in the human body and the some powers rule the same parts in the greater and the lesser scheme.(Eliot, 1921) स्पृ. १९०।

११ भावः : जब वह द्रव्य ब्रह्मको अर्पण किया जाय, तब साधकको उचित हैं कि, अपने स्वजनोंके साथ उसका भोजन करे ॥८१॥ ब्रह्मनिवेदित सामग्रीके भोजन करनेमें जातिका विचार वा जूठका विचार नहीं है। इसमें कालाकाल या शौचाशौचके विचारकी भी आवश्यकता नहीं है ॥८२॥ यदि नीचजातिका अन्न ब्रह्ममें सपर्पित हो जाय तो वेदान्त पारग ब्राह्मणको भी उस अन्नका ग्रहण करना चाहिये ॥९१॥ परमात्माके प्रसादको ग्रहण करनेमें जातिभेदका विचार करना कर्तव्य नहीं है। जो पुरुष इसको अपवित्र समझता है वह महापातकसे लिप्त होता है ॥९२॥ (मिश्र, १९५२) : ५९।६१

महिला प्रतिको तान्त्रिक सम्मान भाव

तन्त्राचारीहरूले जुनसुकै र जस्तोसुकै महिला किन नहुन् महिला सबैलाई देवीको रूपमा हेर्नुपर्छ, हेर्छन्; आफ्नै अर्धाङ्गिनीसमेतलाई। नीलसरस्वतीतन्त्रको केहि श्लोक –

बालां वा यौवनोन्मत्तां वृद्धां वा सुन्दरी तथा। कुत्सितां वा महादुष्टां नमस्कृत्य विभावयेत् ॥१२०॥

स्त्रियो देवाः स्त्रियः प्राणाः स्त्रिय एव विभूषणम्। स्त्रीसङ्गिना सदा भाव्यमन्यथा स्वस्त्रियं तथा ॥१२२॥[१२]

एक पटक यस लेखका लेखक स्वयंले एक तान्त्रिक अनुष्ठान आयोजना गर्दा त्यस अनुष्ठानमा रहेका सबै महिला एवं मेरी अर्धाङ्गिनी समेतलाई भैरवीको रूपमा दक्षिणा चढाएर ढोगेको स्मरण गर्न चाहन्छु। त्यस पूजामा जे जति महिला थिइन् सबै भैरवी र पुरुष सबै भैरव। यहाँ श्रीदुर्गासप्तशती ११।६को एक श्लोक सम्झन उपयुक्त हुन्छ –

विद्याः समस्तास्तव देवि भेदाः। स्त्रियः समस्ताः सकला जगत्सु ॥

अर्थात् यो जगतमा जे जति महिला हुनुहुन्छ उहाँहरू सबै माँ जगदम्बाका अर्को रूप हुन्। मैले त्यस तान्त्रिक अनुष्ठानमा मेरी अर्धाङ्गिनी लगायत उपस्थित महिलामा अन्तर्निहित माँ भैरवी वा जगदम्बालाई प्रत्यक्ष रूपमा साक्षात्कार गरें, ढोग गरें। यो स्वयंले गरेको प्रत्यक्ष अनुभव हो। मेरो लागि यो अकल्पनीय घटना थियो। त्यस व्यवहारबाट पूजामा रहेका हामी सबै एक आपसमा गौरवान्वित भएका थियौं। आफुसँग भएको गलत अहमतालाई सच्याउने शैक्षिक अवसर पनि थियो। महिलालाई दास मान्नेहरूलाई पनि यस्तो सम्मानले पक्कै शिक्षा दिनसक्छ, सोचाइ बदल्न मद्दत गर्नसक्छ। सबै महिलालाई सम्मान गर्नुपर्ने यस्तो परम्परा र घटना शायद अनगिन्ति शास्त्रीय उदाहरणभन्दा ओजस्वी होला। महिलाको महत्त्व मात्र नभएर एकले अर्कोप्रति गर्ने सम्मान यस्तै तान्त्रिक अभ्यासबाट दैनिक जीवनमा समेत सिकेर लागु गर्ने हो भने कति उत्कृष्ट हुन्छ होला हाम्रो सामाजिक अवस्था।

यस्तै व्यवहार तान्त्रिक चक्रपूजामा हुन्छ। चक्रपूजामा उपस्थित सबै समान हुन्छन्। त्यहाँ जात, लिङ्ग, उमेर भेद मात्र होइन, कनिष्ठ र वरिष्ठ पनि हुँदैनन्। एकले अर्कोलाई भैरव र भैरवीको रूपमा व्यवहार गर्दै हरेक भैरव वा भैरवीले अरू भैरव वा भैरवीलाई ससम्मान ढोगभेट गर्छन्।

मानिसको लागि आवश्यकता– सर्वतोमुखी विकास र विकासका प्रतिफलमा न्यायोचित समान पहुँच पनि हो। यो कार्यको लागि हिजोको अवस्थामा धार्मिक कार्य (उत्पादन, वितरण, उपयोग)लाई लिएको पाइन्छ भने आजको प्रतिस्पर्धी समाजमा यतिले पुग्दैन र अगाडि बढ्नको लागि धर्मको साथसाथै भौतिक विज्ञानको पनि आवश्यकता रहन्छ। दुबैलाई समायोजन गर्दै अगाडि लैजानको लागि एउटा उपाय भनेको समता र न्यायोचित व्यवहार नै हो, जुन मानिसभित्र सुषुप्त अवस्थामा रहने पुण्य र पापको आशा र भयलाई समाज कल्याणको कार्यमा रूपान्तर गरेर अगाडि लैजान सकिन्छ। त्यसको लागि तन्त्रका असल पक्षलाई आत्मसात गर्नुपर्छ भन्ने लाग्छ।

गोप्य तन्त्र र पात्रता

वेद र वैदिक ग्रन्थ खुल्ला राखेको भएतापनि नारी र ब्राह्मण बाहेकका अरूले पढ्न, पढाउन, अभ्यास गर्न पाइँदैन भनेर धर्मादेश गऱ्यो। कतिपय धर्मशास्त्रले नारी वा शूद्रले वेद सुने कानमा शिशा पगालेर हालिदिनु समेत

---

१२ भावः भाव :बालिका, यौवन से उन्मत्त, वृद्धा, सुन्दरी, कुत्सिता अथवा महादुष्य रूपिणी चाहे जैसी नारी क्यों न हो, उसे शक्तिरूपिणी जानकर मन ही मन प्रणाम करना चाहिए ॥१२०॥नारी–समूह को सदैव देवी के समान, प्राण के समान, भषण के समान तथा संगिनी के समान माने। यहाँ तक कि अपनी पत्नी को भी इसी प्रकार समझो॥१२२॥ (खण्डेलवाल, १९९९): ६२।

Raj Kishore

भन्न भ्याए। कति निर्दयी ! कति संकुचित ! ज्ञान बाँड्न र सबैलाई ज्ञानी बनाउन पनि कन्जुस्याइँ ! कहाँसम्मको अज्ञानता !

तन्त्रलाई गोप्य भनिन्छ, दीक्षा नलिइकन अभ्यास गर्न पाइँदैन। तान्त्रिक पूजाको लागि दीक्षा आवश्यक हुन्छ। दीक्षा लिनको लागि कुनै भेद (जाति, लिङ्ग) हुँदैन। महिलाले पनि दीक्षा पुरुषसँगसँगै लिन पाइन्छ; पूजा र पूजाको प्रसादमा महिलाको अग्राधिकार रहन्छ। तर पछिल्ला वैदिक वाङ्मयको प्रभावले हो वा अन्य कुनै कारणले महिलालाई दीक्षा दिँदा निजको श्रीमान्सँगै वा श्रीमान्को स्वीकृतिमा मात्र दिने चलन छ। पुरुषलाई भने श्रीमती बिना पनि दिने गरिएको पाइन्छ। यो चलन तन्त्रशास्त्रको भावना विपरित देखिन्छ। कुलार्णवतन्त्रको सप्तम उल्लासःमा उल्लेख भएअनुसार –तान्त्रिक पूजामा अदीक्षित महिला अनायास आइपुगेमा (अनायास भन्नुको अर्थ पूजा गोप्य हुँदैन भन्ने भाव झल्किन्छ) तत्काल आगन्तुक महिलालाई विधिपूर्वक संस्कार गर्नुपर्छ र मन्त्र दीक्षा दिनुपर्छ। देवताभाव राखेर पूजा गरेर भोग पात्र अर्पण गर्नुपर्छ भनेको छ। यहाँ उक्त महिला विवाहिता, अविवाहिता वा विधवा कुनै कुरा उल्लेख छैन, सबै महिलाको लागि भनेको हुनुपर्छ –

अदीक्षितां स्त्रियं कुर्यात् सद्यः संस्कारमम्बिके। मन्त्रदीक्षाविधानेन शुद्धा भवति नान्यथा ॥३८॥ तस्मात् सुलक्षणां शक्ति गन्धपुष्पाक्षतादिभिः। अभ्यर्च्य देवताबुद्ध्या भोगपात्रं निवेदयेत् ॥३९॥[१३]

तन्त्राधिकारीहरूले शास्त्रले भनेको भन्दा परको वा विपरितको पनि केही भेद अंगीकार गरिरहेको यसबाट स्पष्ट हुन्छ। यसमा तत्काल सुधार आवश्यक देखिन्छ।

तन्त्रका कुलाष्टक

वर्णभेदी वाङ्मयले शूद्रको रूपमा व्यवहार गरेका चाण्डाल, सार्की, धोबी आदिलाई कुलार्णवतन्त्रले महत्त्व दिएर पवित्र कुलाष्टकको दर्जा दिएको छ –

चण्डाली चर्मकारी च मागधा पुक्कसी तथा॥ श्वपची खट्टकी चैव कैवर्ती विश्वयोषितः ॥४२॥
कुलाष्टकमिदं प्रोक्तमकुलाष्टकमुच्यते। कन्दुकी शौण्डिकी चैव शस्त्रजीवी च रञ्जकी ॥४३॥
गायकी रजकी शिल्पी कौलिकी च तथाष्टमी।[१४]

माथिको श्लोक अनुसार समाजले सबैभन्दा नीच भनिएका चाण्डाल र चाण्डालले पनि बहिष्कार गरेका, सार्की आदिलाई पवित्र मान्दै कुलाष्टक मानेको छ। यसबाट तन्त्रले जातजातीलाई कुन दृष्टिकोणले हेरेको छ भन्ने स्पष्ट हुन्छ। तन्त्रका यी समभावको स्वर्णिम भावनालाई वैदिक धर्माधिकारीले स्वीकार गरेर दैनिक

---

१३ भावः पूजा के समय यदि कोई स्त्री वहाँ ऐसी आ जाय, जो अभी दीक्षित न हो, तो भगवान् शंकर कह रहे हैं कि, देवि ! अम्बिके ! उसे सद्यः अर्थात् तत्काल ही संस्कारसम्पन्न करना चाहिये। यह ध्यान देने की बात है कि, यह संस्कारसम्पन्नता रूप शुद्धि मन्त्रदीक्षा विधि से ही होती है। इसका दूसरा कोई उपाय नहीं है ॥शक्ति का कुलशास्त्र में अप्रतिम महत्त्व है। उसे सभी लक्षणों से सम्पन्न रहना चाहिये। ऐसी स्त्री की ही सुलक्षणा संज्ञा होती है। उसकी अभितः अर्चना करनी चाहिये। अभितः कहने का तात्पर्य है कि, अर्चना सर्वांगपूर्ण होनी चाहिये। कहीं कोई कमी न रहने पाये, यह ध्यान रखना चाहिये। गन्ध, पुष्प, अक्षत आदि जितने पूजा के द्रव्य स्वीकृत हैं, उन सबसे पूजा करनी उचित है। उसमें स्त्रीभाव कभी नहीं रखना चाहिये। उसमें देवता भाव का ही प्राधान्य शास्त्र में स्वीकृत है। देवता भाव से ही उसे भोग पात्र अर्पित करना चाहिये ॥ (मिश्र, परमहंस डा., २००२) : १६०।

१४ भावः भले ही वह शक्ति चण्डाल के घर की हो, चर्मकार (छालाको काम गर्ने –लेखक) कुल में उत्पन्न हो, मतंगवंशजा (मतङ्ग नामक ऋषिका वंशज –लेखक) हो अथवा पुक्कस (शूद्र महिला र पाँचौ वर्ण भनिएको निषादको संसर्गबाट जन्मिएका –लेखक), कुल की हो, वह श्वपच (चण्डाल जातिबाट बहिस्कृत भएकी –लेखक), खट्टक, कैवर्त (केवट) (माझी –लेखक), वंश की हो, ये आठों कुल (कुलाष्टक) अत्यन्त पवित्र माने जाते हैं॥ उक्त श्लोक की शक्तियाँ कुलाष्टक श्रेणी की हैं। यहाँ कुलाष्टक श्रेणी की आठ शक्तियों का कथन करने जा रहे हैं–१. कन्दुकी (कन्दुक–व्यापारी), २. शौण्डिकी (मदिराजीवी कलाली), ३. शस्त्रजीवी (शस्त्र–व्यापारी), ४. रञ्जकी (रंगरेज), ५. गायकी (घरों में गाकर जीने वाली), ६. रजकी (धोबिन), ७. शिल्पी (शिल्पजीवी) और ८. कौलिकी (जुलाहा, विधर्मी और कौल कुल वाली इन तीनों प्रकार की युवतियाँ) ये आठ प्रकार की शक्तियाँ अकुलाष्टक वर्ग में आती हैं ॥(मिश्र, परमहंस डा., २००२) : १६०–६१।

जीवनमा लागु गरेको भए वैदिक धर्मको उचाइले धर्ती–आकाश एक हुन्थ्यो होला। कति महान् हुन्थ्यो होला हाम्रो सनातन धर्म !

दीक्षा क्षमताको आधारमा

सामान्यतया ब्राह्मणको दीक्षा धेरै प्रकार र तहको हुन्छ। ब्राह्मण बाहेकका अन्यले ती सबै दीक्षा लिएको बिरलै पाइन्छ, बिरलै भन्नुको अर्थ लिन नपाइने होइन, यस लेखका रचनाकारको जानकारीमा हाल काठमाडौं उपत्यकामा उपल्लो श्रेणीको दीक्षा लिइरहेका व्यक्तिमा ब्राह्मण बाहेकको अन्य व्यक्ति पनि हुनुहुन्छ। यसले दीक्षा, क्षमताको आधारमा लिनेदिने हो जातजातिको आधारमा होइन भन्ने कुरा पुष्टि हुन्छ। पूजासँग सम्बन्धित कार्य गर्ने जस्तै – कर्माचार्य, जोशी, शिवाचार्य, शुद्धकार, ज्यापू, चित्रकार, प्रजापति, वज्राचार्य, कुश्ले (दर्शनधारी), पोडे आदि समेतले दीक्षा लिन पाइन्छ; लिइरहेका छन्। अर्थात् दीक्षा मानव मात्रले लिन पाइन्छ। यसले प्रष्ट्याउँछ तन्त्रविद्यामा कुनै भेदभाव छैन। प्रायशः शक्ति पीठहरूमा द्यःपालाको रूपमा बस्नुहुनेहरू पोडे, द्यःला हुने कुरा धेरैलाई थाहा भएकै हो। कतै कुश्ले र गुह्येश्वरीमा भने खड्गी बस्नु हुन्छ। गुह्येश्वरीको पूजारी कर्माचार्यले पूजा कार्य गर्नुहुँदा खड्गी पनि कर्माचार्यसँगै बसेर सहयोग गरिरहेको हुन्छ। पचली भैरवको पूजा र पूजा पश्चात्को प्रसाद ग्रहणमा ब्राह्मणदेखि पोडेसम्म सबै एउटै ठाउँमा बसेर भोजन गराउने विधान अद्यापि कायम छ। तन्त्रमा यो एक विशिष्ट समानता र बन्धुत्वको उदाहरण हो; यहिं नै सबल र एकताबद्ध राष्ट्रको आधारभूत एक आचार हो कि ?

तन्त्रमा सबै ब्राह्मण

नीलसरस्वतीतन्त्र अनुसार शाक्त सबै ब्राह्मण हो, जन्मले उनीहरू जोसुकै हुन सक्छन्। जन्म होइन, कर्म मुख्य हो। यदि शाक्तले गर्ने जस्तो पुण्य कर्म गरेमा कुनै पनि व्यक्ति ब्राह्मण हुन सक्छ। यसबाट समाजमा जन्मले हुने वर्णभेदको भ्रमलाई मेटाएको छ। १८।३–४॥

श्रीमहादेव उवाच– ब्राह्मणैः क्षत्रियैर्वैश्यः शूद्रैरेव च जातिभिः। ये शाक्ता ब्राह्मणा देवि ! क्षत्रिया ब्राह्मणाः स्मृताः ॥ वैश्याश्च ब्राह्मणाश्चण्डी सर्वे शूद्राश्च ब्राह्मणाः। ब्राह्मणाः शंकराश्चण्डी त्रिनेत्राश्चन्द्रशेखराः ॥३–४॥[१५]

सबैलाई समान देख्ने बौद्ध धर्म हो, जहाँ कुनै जातजाति, उँचनीच हुँदैन; लोभ, पाप हुनु हुँदैन र भोलीको लागि संग्रह गर्दैनन्। यी बौद्ध धर्मका अति सराहनीय पक्ष हुन्। आधुनिक सिद्धान्तमा कार्ल मार्क्सको साम्यवादी आदर्श (मात्र) हो। सैद्धान्तिक कुरालाई यदि व्यवहारमा हेरिएन भने मानिसलाई पछुताएर नपुग्ने धोखा हुन सक्छ। मार्क्सको साम्यवादलाई सन् १८७१ को पेरिस कम्युनदेखि विश्वले भोग्दै आएको हो, जुन अल्पायुमा नै भएको असफलता, सोभियतसंघको मध्यकालीन असफलता एवं विघटन, उत्तर कोरियाको एकल परिवारको हिंसात्मकता, कम्बोडियाको पोलपोतको नरसंहार, नेपालको भाँडभैलो र विदेशी दासत्वको कम्युनिजमलाई ज्वलन्त उदाहरणको रूपमा लिन सकिन्छ। यी उदाहरणले सिद्धान्त वा भावना होइन व्यवहार प्रमुख कुरा हो; मानिसको लागि समानता, भातृत्व, आवश्यकता पूर्ति र सम्मानजनक जीवनयापन पनि हो भनेर मन–मस्तिष्कमा छुने गरेर भनेका छन्। वेदका भावनात्मक आदर्शता, बुद्धका सराहनीय पक्ष र मार्क्सका साम्यवादी आदर्श हामी

---

१५ भावः श्रीमहादेव कहते हैं– हे देवी ! ब्राह्मण–क्षत्रिय–वैश्य तथा शुद्र में से जो व्यक्ति शाक्त हैं, वही यथार्थ ब्राह्मण हैं। हे चण्डी ! शाक्तधर्मावलम्बी होने पर ब्राह्मण ही ब्राह्मण है। ऐसा क्षत्रिय–वैश्य तथा शूद्र भी ब्राह्मण ही है। हे चण्डी ! जो ब्राह्मण हैं, वे ही त्रिनेत्र चन्द्रशेखर शंकर हैं ॥३–४॥ (खण्डेलवाल, १९९९) : १२४

Raj Kishore

संयुक्त रूपमा तन्त्रमा भेट्न सक्छौं। तन्त्रले उत्पादनको कार्यदेखि न्यायोचित वितरण, समानता, भातृत्व सबै पक्षलाई समेटेको छ। तन्त्र भन्नु नै व्यवहार हो, क्रिया हो; जस्तो नेवार समुदायको जीवन–यापनका शैली र लेखक स्वयंले तन्त्र अनुष्ठान गर्दा गरेका कार्य; जुन माथि उल्लेख भैसकेको छ।

माथि उल्लेख भएका व्यवहार, आदर्श र विद्वान् Eliot ज्यूको धारणा समेतको तन्त्र विशेषतालाई फेरी मनन् गरौं, तन्त्र भनेको मण्डल, यन्त्र, रेखा, हस्तकृया, मुद्रा, विन्दु, ब्रह्म, योग, एकता, समानता, सहकार्य, भोजन, जीवनयापन, भगवान्लाई आफुमा लीन गर्ने र स्वयं भगवान् हुने, भुक्तिसहितको मुक्ति आदि हो। त्यसलाई सहि ढंगले व्यवहारिक र जीबनोपयोगी बनाइ उपयोग गर्ने हामीले नै हो।

सन्दर्भ सामाग्री :

अथर्ववेद।

आत्मबोधः, (१९८०), मुम्बइः श्रीवेङ्कटेश्वर मुद्रणालय।

ऋग्वेद।

खण्डेलवाल, ए. ए. (१९९९), **नीलसरस्वतीतन्त्रम्**, वाराणसीः चौखम्बा सुरभारती प्रकाशन।

गुप्त, अभिनव, (१९३८), **ईश्वरप्रत्यभिज्ञाविवृतिविमर्शिनी**, १ (Vol. १), (प. म. शास्त्री, Ed.) बम्बेः निर्णय सागर प्रेस।

द्विवेद, व्रजवल्लभ पं. (Ed.), (१९७२), **महार्थमञ्जरी**, वाराणसीः वाराणसी संस्कृत विश्वविद्यालय।

द्विवेदी, व्रजवल्लभ पं. (२००४), **सांस्कृतिक राष्ट्रवाद**, वाराणसीः शैवभारती–शोधप्रतिष्ठान्।

द्विवेदी, व्रजवल्लभ, (२००३), **एक विश्वः एक संस्कृति**, वाराणसीः विश्वविद्यालय प्रकाशन।

मिश्र, ब. प. (१९५२), **महानिर्वाणतन्त्रम्**, बम्बेः खेमराज श्रीकृष्णदास।

मित्र, परमहंसः डा. (१९९७), **श्रीतन्त्रालोकः**, (Vol. ५), वाराणसीः सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय।

मिश्र, परमहंस डा. (१९९८), **श्रीतन्त्रालोकः**, (Vol. ६), वाराणसीः सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय।

मिश्र, परमहंस, डा. (१९९९), **श्रीतन्त्रालोकः** (Vol. ८), वाराणसीः सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय।

मिश्र, परमहंश डा. (२००२), **कुलार्णवतन्त्रम्**, दिल्लीः चौखम्भा संस्कृत प्रतिष्ठान।

यजुर्वेद।

शक्तिसंगमतन्त्र।

सातवलेकर, डा. श्रीपाद दामोदर, (१९८५), **ऋग्वेदका सुबोध भाष्य** ९–१०, पारडीः स्वाध्याय मण्डल।

Eliot, S. C. (1921), **Hinduism and Buddhism An Historical Sketch**, 2 (Vol. 2), London: Edward Arnold & Co.

कुलसाधना र साहित्य

✍ डा. माधवप्रसाद लामिछाने

लेखसार

तान्त्रिक साधनाका विविध प्रक्रिया र पद्धतिमध्ये कुलप्रक्रिया अन्य तन्त्रप्रक्रियाको तुलनामा उच्चतर साधना प्रक्रिया हो। अभिनवगुप्तले कुलप्रक्रियालाई शाम्भव उपायका रूपमा हेरेका छन्। आणव, शाक्त र शाम्भव उपायमध्ये आणव उपाय बाह्य द्रव्य तथा उच्चार, करण, ध्यान आदिका माध्यमबाट उपासना गरिने भेदप्रधान प्रक्रिया हो भने शाक्त उपाय विकल्पहरुको शोधन गरी साधकलाई निर्विकल्प अवस्थाको बोध गराउने भेदाभेदप्रधान प्रक्रिया हो । शाम्भव उपायचाहिँ शिवरूप गुरुद्वारा शिष्यलाई उसको वास्तविक स्वरूप चिनाएपछि त्यसैका माध्यमबाट शिवमा समावेश हुने अभेद प्रक्रिया हो । कुलप्रक्रियालाई महामाहेश्वराचार्य अभिनवगुप्तले शाम्भव प्रक्रिया अन्तर्गत राखेका छन् त्यसैले यो प्रक्रिया अभेद प्रक्रिया हो र यसमा सर्वं सर्वात्मकम् अर्थात् संसारमा सबै नामरूपात्मक वस्तुजगत् परिपूर्ण परम शिवको विस्तार भएकाले सबै पूर्ण छन् भन्ने वैश्विक दृष्टिकोण पाइन्छ। अन्य तन्त्रप्रक्रियाहरू साधकलाई निर्विकल्पावस्थामा पुर्‍याउने सोपान हुन् भने कुलप्रक्रिया चाहिँ साधकलाई निर्विकल्पावस्थामा आरूढ गराई तज्जन्य आनन्दको भोग गराउने विशिष्ट साधनापद्धति मानिएको छ । प्रस्तुत लेखमा कुलसाधनाको परिचय र त्यसअन्तर्गत विकसित साहित्यको सङ्क्षिप्त अध्ययन गरिएको छ।

शब्दकुञ्जी

कुलप्रक्रिया, कुलयाग, कौलिकी शक्ति, तन्त्रप्रक्रिया, यामलभाव

विषयप्रवेश

सम्पूर्ण शैव र शाक्त विचारधाराको प्रारम्भ पाशुपत मत र कापालिक परम्पराबाट भएको मानिन्छ। पाशुपत मत शुद्ध संन्यासीहरूको परम्परा हो भने कापालिक परम्परा उग्र चर्याका माध्यमले विभिन्न किसिमका सिद्धिहरू प्राप्त गर्नका लागि प्रयत्नशील रहने शैव गृहस्थहरूको परम्परा हो। अतः समग्र शैवशास्त्रको विकास श्रीकण्ठद्वारा प्रवर्तित कापालिक परम्परा एवं लकुलेश्वरद्वारा प्रवर्तित पाशुपत मतबाट भएको हो।[१] शाक्तागम वा शाक्त तान्त्रिक विचारधारा पनि शैवशास्त्रमै अन्तर्भूत हुन्छ। श्रीकण्ठद्वारा प्रवर्तित धाराबाट नै त्रिक परम्पराको विकास भएको छ जसमा अद्वैतप्रधान त्र्यम्बक शाखा, द्वैतप्रधान आमर्दक शाखा र द्वैताद्वैतप्रधान श्रीनाथ शाखा र अद्वैतप्रधान कौल शाखायुक्त अर्धत्र्यम्बक शाखा गरी साढे तीन शाखा रहेका छन्। द्वैत, द्वैताद्वैत तथा अद्वैत शैवशास्त्रको प्रारम्भ त्र्यम्बक, आमर्दक र श्रीनाथद्वारा प्रतिपादित मठिकाबाट भएको छ भने कुलमतको प्रारम्भ

---

१ द्वावाप्तौ तत्र च श्रीमच्छ्रीकण्ठलकुलेश्वरौ।
द्विप्रवाहमिदं शास्त्रं सम्यङ्निःश्रेयसप्रदम्॥
—*श्रीतन्त्रालोक, ३७ आह्निक, १४ख-१५क श्लोक।*

Raj Kishore

त्र्यम्बककी पुत्रीद्वारा प्रतिपादित मठिकाबाट भएको छ त्यसैले उक्त मठिकालाई अर्धमठिका वा अर्धत्र्यम्बक पनि भनिन्छ।

तान्त्रिक साधनापद्धतिमा कुलप्रक्रियालाई अन्य तन्त्रप्रक्रियाको तुलनामा उच्चतर साधनाप्रक्रियाको रूपमा हेरिएको छ। अभिनवगुप्तले कुलप्रक्रियालाई शाम्भव उपायका रूपमा हेर्नुको रहस्य पनि त्यही नै हो। अन्य तन्त्रप्रक्रियाहरू साधकलाई निर्विकल्पावस्थामा पुऱ्याउने सोपान मानिएका छन् भने कुलप्रक्रिया चाहिँ साधकलाई निर्विकल्पावस्थामा आरूढ गराई तज्जन्य आनन्दको भोग गराउने विशिष्ट साधनापद्धति मानिएको छ। अतः कुलपद्धतिको विकास अत्यन्त व्यापक स्तरमा भएको देखिन्छ। हरेक अद्वैतप्रधान तान्त्रिक मतमा विशिष्ट कुलपद्धतिको विकास भएको छ त्यसैले शैवागम वा शाक्त तन्त्रहरूमा कुलविधिको उल्लेख कहीँ न कहीँ अवश्य पाइन्छ।

कुल मतको विकास शाम्भव एवं शाक्त दुबै दृष्टिले भएको छ। शाम्भव दृष्टिमा अनुत्तररूप सैँतीसौँ तत्त्वलाई परम कौल तत्त्व मानिन्छ भने शाक्त दृष्टिमा कुलेश्वर र कुलेश्वरीको यामलभावलाई नै परम कौल तत्त्व मानिन्छ। शाक्तप्रधान कुलमतका मुख्यतः दुईवटा कुल रहेका छन् – श्रीकुल र कालीकुल। श्रीकुल अन्तर्गत पराशक्तिको सौम्य र शान्त स्वरूपको प्रतिनिधिका रूपमा तदनुकुल साधनापद्धतिद्वारा त्रिपुरसुन्दरीको उपासना गरिन्छ भने कालीकुल अन्तर्गत पराशक्तिको रौद्र स्वरूपको प्रतिनिधिका रूपमा तदनुकुल उग्र एवं घोर साधनापद्धतिद्वारा भगवती काली वा कालसङ्कर्षिणीको उपासना गरिन्छ। सर्वप्रथम यस कुलप्रक्रियाको उपदेश भैरवनाथद्वारा उनकी शक्ति भैरवीलाई प्राप्त भयो। त्यसपछि सो उपदेश भैरवीद्वारा मच्छन्दनाथ वा मत्स्येन्द्रनाथलाई भयो भन्ने जानकारी पाइन्छ।

कुलज्ञानको स्वरूप

परम प्रकाशस्वरूप अनुत्तर तत्त्वको स्वातन्त्र्यशक्तिलाई कौलिकी शक्ति भनिन्छ जो अनुत्तर शिवको स्वभावका रूपमा शिवमा अभिन्न रूपले विद्यमान छ।[२] निष्कल तत्त्वातीत परम शिव वा पराशक्ति नै विश्वको मूल केन्द्रमा उत्तीर्णरूपले विद्यमान छ। विश्वविकासका प्रति उसको उन्मुखता वा स्फुरत्ता नै प्रकाशस्वरूप परम शिवको रश्मिपुञ्जबाट निर्मित निर्मल विमर्शस्वरूप ऐना हो। यसै विमर्शस्वरूप ऐनामा प्रतिबिम्बित परम शिवलाई सर्वप्रथम परिपूर्ण अहंको बोध हुन्छ। त्यो अहं नै अकार आदि वर्णरूप वाचक एवं शिवदेखि पृथ्वीसम्मको पदार्थरूप वाच्यले युक्त विश्वविकासको प्रथम सोपान हो। छत्तीस तत्त्वले युक्त समस्त भुवनमण्डललाई मयूररसन्यायले आफूभित्र समेटेर रहेको अहं तत्त्वलाई शिवशक्तिस्वरूप दिव्यदम्पतिको सामरस्यरूप मानिन्छ। अहंले प्रत्याहारन्यायले ५० वर्णहरूलाई आफूभित्र समेटेको छ। अहंको अकार अनुत्तर प्रकाशस्वरूप शिवको सङ्केत हो भने हकार विमर्शस्वरूप शक्तिको सङ्केत हो।[३] तिनै प्रकाशस्वरूप अनुत्तर परम शिवको विमर्शस्वरूप कौलिकी वा सूक्ष्म कुण्डलिनी शक्ति विश्ववैचित्र्यरूप कुलको विस्तार गर्ने इच्छाले ज्ञानशक्ति, क्रियाशक्ति र

---

२ अकुलस्यास्य देवस्य कुलप्रथनशालिनी।
कौलिकी सा परा शक्तिरवियुक्तो यया प्रभुः ॥
—*श्रीतन्त्रालोक, ३ आह्निक, ६७ श्लोक।*

३ अकारः सर्ववर्णाग्र्यः प्रकाशः परमः शिवः।
हकारोऽन्त्यः कलारूपो विमर्शाख्यः प्रकीर्तितः ॥
—*संकेतपद्धति, योगिनीहृदय (दीपिकाटीका)मा उद्धृत, पृ. २४।*

Raj Kishore

इच्छाशक्तिका रूपमा अभिव्यक्त हुन्छ। शिवका साथ कौलिकी शक्तिको जुन यामलरूप हो त्यसैलाई आनन्द शक्ति भनिन्छ र त्यो नै विश्वसृष्टिको मूल हो ।[४] अतः कुलदर्शनमा शिवशक्तिको यामलभावमा विशेष जोड दिएको पाइन्छ। त्यसै हुनाले शिवशक्तिको यामलभावरूप आनन्दको अभिव्यक्तिलाई साधनाको प्रमुख लक्ष्य मान्दै तदनुरूप साधनापद्धतिको निरूपण गरेको देखिन्छ।

कुलसाधनाको अधिकारी

कुलमतलाई अभिनवगुप्तले शाम्भवोपायका सन्दर्भमा चर्चा गरेका छन्। अतः सम्पूर्ण भेदप्रथालाई परिहार गर्न सक्षम निर्विकल्प दशामा आरूढ साधकहरू नै कुल साधनाका लागि वास्तव अधिकारी हुन्। जसले कुल तत्त्वको व्यापकतालाई मनन गरेको छ, जसमा 'सर्वं सर्वात्मकं' अर्थात् संसारका सबै नामरूपात्मक पदार्थ पूर्ण छन् भन्ने वैश्विक दृष्टिकोणलाई अवलम्बन गरेको छ त्यस्तो निर्विकल्प अवस्थाको साक्षात्कार गर्ने धाराधिरूढ साधक नै कुलसाधनाको अधिकारी हो ।[५]

कुलमतमा समग्रतावादी दृष्टिको प्रधानता पाइन्छ अर्थात् सम्पूर्ण कुराहरू पूर्ण छन्, पूर्णकै अभिव्यक्तिस्वरूप पूर्ण हुन् भन्ने दृष्टिकोण पाइन्छ। अतः संसारका सामान्यभन्दा सामान्य ठानिएका र सामान्य लोकले घृणाको दृष्टिले हेर्ने द्रव्यविशेषमा पनि जसले आनन्दशक्तिको अनुसन्धान गर्न सक्छ, जसमा शङ्का र घृणाको भाव पटक्कै छैन त्यस्तो निर्विकल्प भावमा अधिरूढ उदात्त व्यक्ति नै कुलसाधनाको वास्तव अधिकारी मानिन्छ।

कुलसाधनाका तत्त्वहरु

कुलसाधनामा अर्घपात्र, यागधाम र दीपलाई कुलयागका लागि प्रमुख द्रव्य मानिएको छ।[६] आद्ययाग वा दूतीयागका क्रममा दूतीसंगमबाट प्राप्त कुण्डगोलक नामक शुक्रशोणितरूप द्रव्यविशेषलाई अर्घ भनिन्छ। यहाँ एउटा कुरा के विचारणीय छ भने ऋग्वेदको भाष्यमा सायणाचार्यले सोमलाई 'इन्द्रियोरसः' भनिएकोमा 'इन्द्रस्य स्वभूतो रसो वीर्यं' अर्थात् इन्द्रको वीर्यको अर्थमा लिएका छन्।[७] यसबाट सोमलाई वीर्यरूप मान्ने परम्परा वेदमा थियो भन्ने अनुमान गर्न सकिन्छ। सोही वैदिक परम्पराको सादृश्यमा तान्त्रिक परम्परामा पनि मद्यलाई वीर्यरूप मान्ने परम्परा प्रचलित भएको मैले अनुमान गरेको छु। त्यसैले तान्त्रिक परम्परामा मद्यलाई बुझाउने शब्दले वीर्यलाई पनि बुझाउने गरेको पाइन्छ। उदाहरणका लागि महोदक शब्दलाई लिन सकिन्छ जसको अर्थ तान्त्रिक परम्परामा मद्य र वीर्य दुबै हुन्छ।

जुन द्रव्यलाई लोकमा घृणास्पद मानिन्छ, जसलाई शास्त्रले बहिष्कार गरेको छ त्यस्तो द्रव्यलाई कुलसाधनामा स्वीकार्य मानिन्छ।[८] वास्तवमा सम्पूर्ण चराचर जगत् शिवमय छ त्यसैले कुनै पनि वस्तुलाई अशुद्ध

---

४ तयोर्यद्यामलं रूपं स सङ्घट्ट इति स्मृतः।
आनन्दशक्तिः सैवोक्ता यतो विश्वं विसृज्यते ॥
—श्रीतन्त्रालोक, ३ आह्निक, ६८ श्लोक।

५ तथा धाराधिरूढेष्विति अनेन पराकाष्ठाप्राप्तनिर्विकल्पकदशाधिशायितया रूढप्रायतामभिदधता अधिकारिभेदोद्रपि उपक्षिप्तः।
—श्रीतन्त्रालोक, २९ आह्निक, १-२ श्लोक, विवेकव्याख्या।

६ श्रीमत्क्रमरहस्ये च न्यरुपि परमेशिना।
अर्घपात्रं यागधाम दीप इत्युच्यते त्रयम् ॥
—श्रीतन्त्रालोक, २९ आह्निक, १४ श्लोक।

७ हेर्नुहोस, ऋग्वेद सायणभाष्य, ७।३।१४।१

८ द्रव्यैश्च लोकविद्विष्टैः शास्त्रार्थाच्च वहिष्कृतैः।

Raj Kishore

मान्न सकिँदैन। जुन वस्तु शिवरहित छ वा संविच्छून्य छ त्यो नै अशुद्ध हो तर कुनै पनि वस्तुमा शिवराहित्य वा संविच्छून्यताको कल्पना गर्न सकिँदैन त्यसैले हरेक वस्तु कुलपूजनमा ग्राह्य मानिन्छ।[९] जुन वस्तु आनन्दप्रद हुन्छ त्यही वस्तुले अर्घपात्र भर्नुपर्छ भन्ने मान्यता कुल साधनामा रहेको छ।[१०] यसै मान्यताका कारण कुलसाधनामा मद्यलाई अर्घद्रव्यका रूपमा स्वीकार गरिएको छ।

अदिव्य शरीरले गरेको याग फलदायी नहुने भएकाले साधकले आफ्नो शरीरलाई दिव्य बनाउनका लागि आफूमा भैरवस्वरूपको चिन्तन गर्नुपर्दछ र मातृसद्भाव आदि मन्त्रहरूसँग आफ्नो तादात्म्य स्थापित गरी आफूलाई शक्तिपुञ्जका रूपमा दृढ चिन्तन गर्नुपर्दछ।[११]यस किसिमको दृढ चिन्तनद्वारा आफूमा भैरवभावको आवेश भई समग्र वृत्तिहरूमा शैवमहाभावको आविर्भाव हुन्छ। त्यतिखेर सम्पूर्ण चराचर जगत्लाई भैरवभावमा प्राप्त उक्त साधकले आफ्नै प्रतिबिम्बका रूपमा अनुभव गर्दछ। त्यतिखेर उसले गरेका समग्र क्रियाकलाप संविच्छक्तिकै अर्चना वा कुलयाग बन्न पुग्छ। उसले गरेका हरेक क्रियाकलापमा केवल आनन्दको उच्छलन देखापर्दछ। यसप्रकार समग्र विश्ववैचित्र्यलाई आफ्नै प्रतिबिम्बका रूपमा ग्रहण गर्नका लागि एवं हरेक वस्तुमा शक्तिको अनुसन्धानद्वारा भैरवभावमा आरूढ हुनका लागि कुलसाधकले मन, वचन र कर्मले जुनजुन आचरण गर्दछ त्यो सबै कुलयाग मानिन्छ।[१२] उक्त कुलयाग बाह्य आधारमा, शक्ति वा दूतीमा, यामलभावमा, देहमा, मध्यनाडीमा र बुद्धिमा सम्पादन गर्न सकिन्छ।[१३] कुलयागका यिनै छवटा आधारलाई यागधाम भनिन्छ।

क. बहिर्यागधाम

बाह्र अङ्गुल, चौबीस अङ्गुल वा छत्तीस अङ्गुलको रातो नयाँ कपडा, खुला आकाशमुनिको जमिन, सिन्दूर पोतिएको घडा, कायपीठरूप नरिवल, मद्यपूरित घडा र सुसज्जित मण्डललाई बहिर्यागधाम भनिन्छ। यीमध्ये कुनै एक धाममा गणेश, वटुक, क्षेत्रपाल, गुरुपङ्क्ति, पीठ, सिद्ध, योगिनीको पूजनपूर्वक यागधामको मध्यमा कुलेश्वर र कुलेश्वरीको पूजन गर्ने क्रमलाई एकवीरक्रम भनिन्छ।

ख. शक्तिधाम

कुलसाधनामा आफ्नी दूतीका साथमा रहेर परस्पर भैरवभैरवीभावले गरिने पूजाक्रमलाई यामलक्रम वा

विजुगुप्स्यैश्च निन्द्यैश्च पूजनीयस्त्वयं क्रमः॥
—श्रीतन्त्रालोक, २९ आह्निक, १० श्लोक, विवेकव्याख्या।

९ अशुद्धं नास्ति तत्किञ्चित्सर्वं तत्र व्यवस्थितम्।
यत्तेन रहितं किञ्चिदशुद्धं तेन जायते॥
—श्रीतन्त्रालोक, ४ आह्निक, २४२ श्लोक, विवेकव्याख्या।

१० नन्दहेतुफलैर्द्रव्यैरर्घपात्रं प्रपूरयेत्।
—श्रीतन्त्रालोक, २९ आह्निक, २२क श्लोक।

११ नाहमस्मि न चान्योऽस्ति केवलाः शक्तयस्त्वहम्।
इत्येवं वासनां कुर्यात्सर्वदा स्मृतिमात्रतः॥
—श्रीतन्त्रालोक, २९ आह्निक, ६४ श्लोक।

१२ तादृग्रूपनिरूढ्यर्थं मनोवाक्कायवर्त्मना।
यद्यत्समाचरेद्वीरः कुलयागः स स स्मृतः॥
—श्रीतन्त्रालोक, २९ आह्निक, ६ श्लोक।

१३ बहिः शक्तौ यामले च देहे प्राणपथे मतौ।
इति षोढा कुलेज्या स्यात्प्रतिभेदविभेदिनी॥
—श्रीतन्त्रालोक, २९ आह्निक, ७ श्लोक।

दूतीयाग भनिन्छ। यो क्रम अत्यन्त गोप्य र गुरुमुखबाट मात्र यथार्थ रूपमा जान्न सकिने भएकाले शास्त्रमा यसको सङ्केत मात्र गरिएको पाइन्छ।

ग. यामलधाम

दूतीका साथ यामलभावमा रहेर कुलपूजा सम्पन्न गर्ने क्रममा यामलभावको पराकाष्ठामा आनन्दको पूर्ण उच्छलनका साथ आफूमा भैरव वा भैरवीको आवेशका साथ कुलपूजा सम्पन्न गरिन्छ भने उक्त यामलभावरूप धामलाई यामलधाम र उक्त पूजनक्रमलाई यामलक्रम भनिन्छ।

घ. देहधाम

देहमा नै विभिन्न पीठहरुको कल्पना गरी मन्त्रयोगका माध्यमबाट देहलाई नै यागधाम बनाइन्छ भने त्यसलाई देहधाम भनिन्छ। यस अन्तर्गत शरीरमा अवस्थित विभिन्न चक्रहरुमा मन्त्रयोगको अभ्यास र शक्तिको अनुसन्धानरूप क्रिया सम्पन्न गरिन्छ।

ङ. प्राणपथधाम

प्राणरूप सृष्टि र अपानरूप संहारका रूपमा सतत सञ्चरणशील प्राणशक्तिलाई मध्यधामरूप सुषुम्णा मार्गमा प्रवेश गराई कुण्डलिनी योगको अभ्यास गरिने उक्त धामलाई प्राणपथधाम भनिन्छ।

च. बुद्धिधाम

कुलयाग सम्पादनको आधार बुद्धिलाई बनाइन्छ भने त्यसलाई बुद्धिधाम भनिन्छ। बुद्धिधाममा सम्पादन गरिने कुलयागमा संविच्छक्तिको सतत ध्यान गरिन्छ र उक्त संविच्छक्तिका साथ आफूलाई एकाकार गराई सम्पूर्ण चराचर जगत्लाई आफूदेखि अभिन्न रूपमा बोध गरी पूर्णाहन्ता स्वरूपको विकास गरिन्छ।

कुलयागमा दीपको पनि ठूलो महत्त्व रहेको छ। मुख्य कुलचक्रको मध्यमा कुलेश्वर र कुलेश्वरीको यामलभावले पूजा सम्पन्न गरिन्छ। यस कुलचक्रमा विभिन्न देवी वा योगिनीहरुले घेरिएकी कुलेश्वरीको कल्पना गरिन्छ। वास्तवमा कुलेश्वरी विभिन्न शक्तिहरुकी पुञ्ज हुन् भने ती देवी वा योगिनीहरु कुलेश्वरीका रश्मि हुन्। अतः कुलेश्वरीको रश्मिका रूपमा विभिन्न देवी वा योगिनीहरुको कल्पना गरी तिनको प्रतीक स्वरूप दीपहरुको प्रयोग गरिन्छ। दीपलाई महापशुको प्रतीक पनि मानिन्छ।

कुलसाहित्य

वस्तुतः कुलमत वा कुलपरम्परा एउटा यस्तो वक्त्रपरम्पराबाट प्रवाहित साधनामार्ग हो जो तर्कप्रधान दार्शनिक विवेचनभन्दा माथि रहेको स्वानुभूतिगम्य तान्त्रिक ज्ञानको सार हो। अतः यस मतमा ग्रन्थरचनाको अपेक्षा दीक्षा र अभ्यासमा बढी जोड दिइएको छ। अर्को कुरा कुलमत सम्पूर्ण शैव तथा शाक्त तान्त्रिक विचारधाराको साररूप भएकाले हरेक शैव तथा शाक्त ग्रन्थमा कुलविधिको चर्चा कहीँ न कहीँ अवश्य पाइन्छ त्यसैले पनि कुलमतको छुट्टै सम्प्रदायगत साहित्यका रूपमा कुनै निश्चित ग्रन्थहरूलाई तोक्नु कठिन कार्य हो। अतः आम्नायगत विभाजनलाई आधार बनाएर ती आम्नायहरुमा निहित विशिष्ट दृष्टिका प्रतिपादक तन्त्रहरुलाई नै कुलमतको साहित्य मान्नु एउटा सार्थक उपाय बन्न सक्छ। आम्नायगत विभाजन कुलमतको निजी वैशिष्ट्य हो, जुन विभाजन सम्भवतः सिद्धान्तागममा प्रस्तुत पञ्चस्रोतसम्बन्धी वर्गीकरणलाई आधार बनाएर गरिएको

Raj Kishore

हो। यद्यपि ऊर्ध्वाम्नाय, ऊर्ध्वोर्ध्वाम्नाय तथा अधराम्नायको समेत कल्पना गरेर पाँच, छ वा सात आम्नायको परिकल्पना गरिएको पनि पाइन्छ तर मुख्यतः चारवटा आम्नायको धारणा नै सर्वाधिक प्रचलित र मान्य देखिन्छ त्यसैले अब यहाँ चारवटा आम्नायहरुमा कुलमतको विकास कसरी भएको छ र ती आम्नायसँग सम्बद्ध मुख्य कुलसाहित्य के-के हुन् भन्ने विषयमा प्रस्तुत लेखलाई केन्द्रित गरिन्छ।

क. पूर्वाम्नाय

त्रिक परम्परामा विकसित कुलधारालाई यस आम्नायसँग जोडेको पाइन्छ। परा, परापरा र अपरारूप त्रिविध विद्या वा शक्तिलाई केन्द्रमा राखेर विकसित साधनापद्धति नै त्रिक परम्पराको मुख्य वैशिष्ट्य हो। अतः यस कुलधारामा परा आदि त्रिविध शक्तिको माझमा ब्रह्मी आदि मातृशक्तिहरुले घेरिएका कुलेश्वर एवं कुलेश्वरीको प्रतिष्ठापना गरिन्छ। यसलाई मुख्य कुलचक्र भनिन्छ र यस कुलचक्रको बाहिर सिद्धक्रमको पूजा गर्ने विधान रहेको छ। यस कुलधारामा सिद्धक्रम यस प्रकार रहेको छ - खगेन्द्रनाथ, कूर्मनाथ, मेषनाथ र मच्छन्दनाथ वा मत्स्येन्द्रनाथ। यस कुलधाराका मुख्य तन्त्रसाहित्य हुन् - सिद्धयोगेश्वरीमत, मालिनीविजयोत्तरतन्त्र, त्रिशिरोभैरवतन्त्र, त्रिकसद्भावतन्त्र, माधवकुलतन्त्र, निशिसञ्चारतन्त्र, परात्रिंशिका, रुद्रयामलतन्त्र आदि।

ख. दक्षिणाम्नाय

यस आम्नायको सम्बन्ध षोडशी महाविद्या वा महात्रिपुरसुन्दरीको परम्परामा विकसित कुलधारासँग रहेको छ। यस आम्नायमा पराशक्तिका रूपमा महात्रिपुरसुन्दरीको सौम्य रूपको उपासना गरिन्छ। यस परम्परालाई श्रीविद्यासम्प्रदाय वा सौभाग्यसम्प्रदाय पनि भनिन्छ। यस कुलधारामा मित्रनाथ, ओड्डनाथ, षष्ठनाथ र चर्यानाथ सिद्धक्रममा देखिन्छन्। यस सम्प्रदायको सबैभन्दा प्राचीन तन्त्र वामकेश्वरतन्त्र हो। यस अतिरिक्त तन्त्रराजतन्त्र, ज्ञानार्णवतन्त्र, शक्तिसङ्गमतन्त्र, नित्याषोडशिकार्णव, योगिनीहृदय, सौभाग्यसुधोदय, कामकलाविलास, मातृकाचक्रविवेक आदि यस आम्नायसँग सम्बद्ध कुलमतका साहित्य हुन्।

ग. पश्चिमाम्नाय

यस आम्नायको सम्बन्ध कुब्जिकाको परम्परामा विकसित कुलधारासँग रहेको छ। वर्तमानमा यस परम्पराका ग्रन्थहरु नेपालमा मात्र उपलब्ध छन्। काठमाडौं उपत्यकाका तीनै शहर र काठमाडौं बाहिरका मुख्य प्राचीन नेवार वस्तीहरुमा स्थापित तुलजा वा तलेजु भवानी यस परम्पराकी मुख्य उपास्य देवी हुन्। यस आम्नायमा पनि दक्षिणाम्नायकै गुरुक्रमलाई अपनाइएको छ। कुब्जिकातन्त्र, मन्थानभैरवतन्त्र, कुलालिकाम्नाय आदि यस आम्नायसँग सम्बद्ध कुलमतका साहित्य हुन्।

घ. उत्तराम्नाय

काली परम्परामा विकसित कुलधारालाई यस आम्नाय अन्तर्गत राखिएको छ। पराशक्ति कालीलाई सर्वोच्च उपास्य मानेर रचना गरिएका मत एवं क्रम सम्प्रदायका ग्रन्थहरु यस आम्नायसँग सम्बद्ध छन्। यस आम्नायमा विकसित कुलधारामा पनि पूर्वाम्नायकै सिद्धक्रम रहेको छ। यस परम्परामा १२ कालीहरुद्वारा घेरिएकी कालसङ्कर्षिणीलाई नै परम सर्वोच्च सत्ता मानिन्छ र तिनकै उपासना गरिन्छ। जयद्रथयामलतन्त्र,

कालिकाकुलपञ्चशतक[१४], कालिकाक्रमसद्भावतन्त्र, कालिकुलक्रमार्चन, देवीद्व्यर्धशितिका[१५], उत्तरघराम्नाय आदि यस आम्नाय अन्तर्गत विकसित कुलमतका साहित्य हुन्। नेपालमा मात्र उपलब्ध कालीकुलपरम्पराका ग्रन्थहरूमा देवीद्व्यर्धशतिका, कालिकाकुलक्रमसदभाव, उत्तरघराम्नाय रहेका छन् भनी प्रसिद्ध तन्त्रविद् एलेक्सिस स्यान्डर्सनले उल्लेख गरेका छन्[१६]। उत्तरघराम्नाय चिञ्चिणीमतसारसमुच्चयको एउटा अंश रहेको स्यान्डर्सनले बताएका छन्[१७]।

उपसंहार

श्रीकण्ठद्वारा प्रवर्तित कापालिक परम्पराबाट विकसित भएको त्रिक परम्परा अन्तर्गत त्र्यम्बककी पुत्रीद्वारा प्रतिपादित अर्धत्र्यम्बक शाखाबाट कुलमतको विकास भएको देखिन्छ। तान्त्रिक साधनापद्धतिमा कुलप्रक्रियालाई अन्य तन्त्रप्रक्रियाको तुलनामा उच्चतर साधनाप्रक्रियाको रूपमा हेरिएको छ। कुलमतको विकास शाम्भव एवं शाक्त दुबै दृष्टिले भएको छ। वास्तवमा कुलमत तर्कप्रधान दार्शनिक विवेचनाभन्दा माथि रहेको स्वानुभूतिगम्य तान्त्रिक ज्ञानको सार भएकोले यस मतमा ग्रन्थरचनाको अपेक्षा दीक्षा र अभ्यासमा बढी जोड दिएको पाइन्छ। शिवमस्तु।

सन्दर्भगन्थसूची

अभिनवगुप्त, श्रीतन्त्रालोक (आचार्य जयरथकृत विवेकव्याख्यासहित), (सम्पा.) **राधेश्याम चतुर्वेदी** (२००२ ई) वाराणसी : चौखम्बा विद्याभवन।

द्विवेदी, व्रजवल्लभ (सम्पा.) (१९८८ ई.), **योगिनीहृदय** (अमृतानन्दकृत दीपिकाव्याख्यासहित) वाराणसी : मोतीलाल बनारसीदास।

ऋग्वेदसंहिता (सायणभाष्यसहित, प्रथम संस्करण) १९९१ ई, वाराणसी : चौखम्बा विद्याभवन।

Dominic Goodall, Andre Padoux (Ed._ (2007), **Tantric Studies in Memory of Helene Brunner**, Pondichery : Institute Francais de.

---

१४ नेपालमा मात्र उपलब्ध कालीकुल परम्परासँग सम्बद्ध कालिकाकुलपञ्चशतक नामक ग्रन्थका नेवारी, गौड र देवनागरी लिपिमा सारिएका चारवटा पाण्डुलिपि फेला परेका छन् र ती पाण्डुलिपिका आधारमा समीक्षात्मक सम्पादनसहित मूल संस्कृत पाठलाई नेपालीमा व्याख्यात्मक अनुवाद गरी यसै पङ्क्तिकारको सम्पादकत्वमा नेपाल प्रज्ञा–प्रतिष्ठानबाट प्रकाशित भएको छ।

१५ नेपालमा मात्र उपलब्ध प्रस्तुत देवीद्व्यर्धशतिका नामक ग्रन्थका नेवारी र देवनागरी लिपिमा सारिएका दुईवटा पाण्डुलिपि फेला परेका छन् र तिनको पनि सम्पादन कार्य यसै पङ्क्तिकारद्वारा सम्पन्न भई व्याख्यात्मक नेपाली अनुवादसहित नेपाल प्रज्ञा–प्रतिष्ठानबाट प्रकाशित भएको छ।

१६ -Ed._Dominic Goodall , Andre Padoux, Tantric Studies in Memory of Helene Brunner , Alexsis Sanderson, The Saiva Exegesis of Kashmir, PP.252 .

१७ पूर्ववत्।

काठमाडौं उपत्यकामा तान्त्रिक देवता-सम्बन्धी शक्ति-साधना-परम्परा

✍ दुर्गामणि सिग्देल

१. पृष्ठभूमि

आद्या शक्ति जगज्जननी गुह्यकाली र श्रीपशुपतिनाथको सामरस्यभूमि काठमाडौं विभिन्न तान्त्रिक देवी-देवताको सङ्गमस्थलका रूपमा स्थापित रहस्यमय उपत्यका हो, जहाँ मानववस्तीको सुरुवातसँगै शक्ति-उपासनाको इतिहास उदाएको थियो। यस काठमाडौं उपत्यकामा विविध प्रतीकात्मकता, विम्बात्मकता तथा काम-कलात्मकता बोकेका र पूजक, उपासक वा साधकहरूको अनमोल आस्था अँगालेका देवदेवीका मूर्ति, विहार, शक्तिपीठ मन्दिरहरू मनग्यै पाइन्छन्। तान्त्रिक चिन्तनका महिमामण्डित दिव्य रहस्य कुँदिएका देवी-देवताहरू यस उपत्यकामा काष्ठशिलादिको आलम्बनमा अवतरित भएर सच्चिदानन्दस्वरूप संवित्को भरपूर आस्वादन अनुभूति गराउँदै रहेका छन्। उपत्यकाका आम मानिसहरूका भावना, आस्था, श्रद्धा र विश्वास प्रतिविम्बित पूर्ण चैतन्य ती मठ-मन्दिर, मूर्ति, विहार जस्ता समस्त शक्तिपीठहरू प्रायः तान्त्रिक देवी-देवताका प्रतीकीर्ति हुन्। यी समस्त आविर्भावस्वरूप देवी-देवताका अतिरिक्त साधक/साधिकाको भावभूमि भरीभरी अवस्थित सूक्ष्म देवताहरू पनि चेतनाको तरङ्गमा तैरँदै उपासनाका आधार बनेर मुक्तिबोधको मार्ग प्रशस्त गर्न उद्यत छन्।

२. देवताको अर्थगत परिचय

'देवता'स्त्रीलिङ्गवाची शब्द भएको हुनाले यसले अभिव्यक्त गर्ने अर्थ सर्वकर्तृत्वमान् परब्रह्म परमेश्वरको विश्वसर्जन स्वभावरूपी क्रियाशक्तितर्फ परिलक्षित भएको पाइन्छ। (गौतम :१९९३ :१९) संस्कृत व्याकरणले 'दिवु-क्रीडादिषु'देखि 'दीव्यति'रूप बन्ने र त्यसै मूल धातुबाट 'देवता'शब्द निष्पन्न हुने कुराको पुष्टि गरेको छ। (निरौला :२०६३ :२२५) यस अनुरूप जसमा दिव्यता उपलब्ध हुन्छ, त्यो तत्त्व देवता हो। दिव्यता सूर्य, चन्द्र अग्नि, तारापुञ्ज, आकाशमा चम्कने बिजुली इत्यादिमा पनि रहन्छ। तर, परं दिव्य तत्त्वको शक्ति पाएर नै सूर्य, चन्द्रमाहरू प्रज्वलित भएका हुन् –

"न तत्र सूर्यो भाति न चन्द्र-तारकम्। नेमा विद्युतो भान्ति कुतोऽयमग्निः ॥
तमेव भान्तमनुभाति सर्वं, तस्य भाषा सर्वमिदं विभाति ॥" (द्विवेदः :१९८८ :५)

आकाशगङ्गा, तारापुञ्ज, सूर्य, चन्द्रमा, अग्नि जस्ता उज्वलित सबै तत्त्वहरू देवताकै प्रकट स्वरूप हुन्। त्यसैले यी सबै तत्त्वको सूक्ष्म शक्तिलाई बोध गराउने, प्रसन्न हुनु, रुचाउनु, चम्किनु जस्ता अर्थमा प्रयुक्त, साधक/साधिकाबाट स्तुति वा उपासना गरिने (स्तुत्य वा उपास्य) तत्त्व देवता हो। यस सन्दर्भमा देव र देवी (शिव र शक्ति) तत्त्वतः उही कुरा भएको यथार्थलाई पनि पछिल्ला पंक्तिहरूले सकभर परिपुष्टि गर्ने नै छन्। अतः देवताको परिभाषालाई प्रभावकारी बनाउने प्रस्तुत पद्य सान्दर्भिक हुन आउँछ –

Raj Kishore

"दीव्यते क्रीड्यते यस्मात् रोचते द्योतते दिवि। तस्माद्देव इति प्रोक्तः स्तूयते सर्वदैवतैः ॥" (घिमिरे :२०६७ :१०५)

ऋग्वेदमा प्रजापति १, इन्द्र १, सूर्य १२, वसु ८, रुद्र ११ समेत ३३ देवताको गणना गरिएको पाइएको छ। 'एको देवः सर्वभूतेषु गूढः'भन्ने श्रुति वचन पनि सुप्रसिद्ध नै छ। त्यस्तै शतपथब्राह्मणमा 'विद्वाँसो हि देवाः'भनी ज्ञानशक्तिप्रकाशमान् तत्त्वलाई देवता शब्दले चिनाइएको पाइन्छ। 'संस्कृत नेपाली वृहद् शब्दकोष'का अनुसार अदितिको गर्भबाट कश्यप ऋषिले जन्माएका स्वर्गमा रहने अमर प्राणीहरूका साथै 'इन्द्रिय'लाई पनि देवता भनिन्छ। यी प्रमाणलाई बुझ्दा प्रत्यक्षरूपमा 'देवता'शब्दले स्त्री(शक्ति)लाई मात्र औंल्याएको पाइन्न तर ती ती देवमा रहने शक्तिको किरण मानव मस्तिष्कमा नपर्ने हो भने उल्लेख्य तत्त्वलाई देवताको स्तरमा राख्न सक्ने क्षमता (शक्ति) हाँसिल नहुने हुनाले हामीमा प्रथमतः साक्षात्कार हुने देवता भनेको शक्तितत्त्व नै हो।

समग्र वैदिक वाङ्मयमा ब्रह्मा, विष्णु, रुद्र, सूर्य, वरुण जस्ता देवताको उल्लेख पाइन्छ। उल्लेख्य देवताको वैदिक मन्त्रले स्तुति/उपासना गरिनुपर्ने विधान त्यहाँ निर्धारण गरिएको पनि छ। त्यस युगदेखि नै क्रमशः देवताहरू इच्छा–ज्ञान–क्रियाशक्तिको विस्तारका माध्यमबाट प्रकृति र विश्वका पृथ्वी, जल, तेज, वायु जस्ता उपलब्ध पदार्थमा अवतरित हुन्छन् भन्ने मान्यता विकसित भएको बुझिन्छ। किनकि, यी पाँच तत्त्वलाई प्रत्यक्ष वा प्रतीकात्मक स्वरूपमा पनि पूजा–आराधना गर्ने प्रचलन वर्तमान युगमा बढी पाइएको छ। नेपालमा गरिने पञ्चायतन देवताको पूजा यस कुराको प्रत्यक्ष प्रमाण हो।

३. तन्त्रको व्युत्पत्ति र आशय

विस्तार अर्थको 'तन्'धातु र रक्षण अर्थको 'त्रै'धातुबाट तन्त्र शब्द बन्दछ। (विहारी :२००४ :२५) मानिसका सकारात्मक सबै शक्तिको विस्तार गरेर विस्तारित अवस्थामा नै संरक्षण गरिरहनु तन्त्रको आशयगत अर्थ हो। (भट्टाचार्य :२००० :५) तन् धातुका विस्तार गर्नु बाहेक तान्नु, उत्पन्न गर्नु, रूप दिनु, ग्रन्थ लेखन गर्नु आदि अनेक अर्थ छन्, तर पनि "विस्तार्यते ज्ञानम् अनेन" यो तान्त्रिक सिद्धान्त अनुसार मानिसहरूमा रहने ज्ञानशक्तिको विस्तार गरी अप्रतिहत बनाउनु तन्त्रको अभिधेय हो। यसरी ज्ञानको विस्तार गर्नु भनेको आणव, माय्य र कार्म मलहरूद्वारा आच्छादित ज्ञानलाई मलावरण हटाएर अनाच्छादित बनाउनु नै हो। यस सन्दर्भमा इच्छा, क्रिया, आनन्द जस्ता मनोभाव र व्यवहारको पनि विस्तार गर्न तन्त्रले सिकाउँछ। त्यति मात्र होइन विस्तारित आनन्द, इच्छा, ज्ञान र क्रियाशक्तिलाई अप्रतिहत अवस्थामा जोगाएर राख्न तन्त्रशास्त्रले अभिप्रेरित गर्दछ –

"तनोति विपुलानर्थान् तत्त्वमन्त्रसमन्वितान्।
त्राणं च कुरुते यस्मात्तन्त्रमित्यभिधीयते ॥
व्यवहारः कथ्यते यत्र तथा चाध्यात्मवर्णनम्।
इत्यादिलक्षणैर्युक्तं तन्त्रमित्यभिधीयते ॥" इति। (भट्टाचार्य :२००० :५)

त्यस किसिमको तन्त्रको आशय परिपूर्ति गर्न तान्त्रिक देवताको शक्तिसाधना गर्ने विधिनियमहरू प्रक्रियाहरू आगमशास्त्रले अन्वेषण गरेको भेट्टिन्छ। जसरी वैज्ञानिकहरूले विभिन्न पदार्थमा रहेका निष्क्रिय शक्तिहरूको खोजी गरी ती शक्तिलाई सक्रिय पारेर रूपान्तरण गरेपछि नयाँ आविष्कार गरेको ठहरिन्छ, त्यसरी नै मानवीय शरीर, मन र चेतनाका तहमा रहने सकारात्मक शक्तिहरूको पहिचानपछि देवताको आराधना गरेर ती शक्तिलाई सही तरिकाले विस्तार गर्दै विभिन्न विशिष्ट उपलब्धि हाँसिल गरी त्यही उपलब्धिको अवस्थामा रहिरहँदा तान्त्रिक साधना गरेको प्रमाणित हुन्छ। अत एव तान्त्रिक सिद्धान्तमा र साधनामा पनि देवता वा दिव्य शक्तिको अहं भूमिका रहन्छ।

Raj Kishore

४. तान्त्रिक देवता

तन्त्रको व्युत्पत्ति र आशयलाई अँगाल्ने, आनन्द, इच्छा, ज्ञान र क्रियाशक्तिलाई विस्तार गर्न अभिप्रेरित गर्ने अलौकिक परमात्मादेखि लौकिक चैतन्य आत्मासम्मलाई तान्त्रिक देवताको दायरामा ल्याउन सकिन्छ। फेरि त्यसैगरी 'श्रीचक्रको उपासना र क्रमदीक्षा रहस्य'को भूमिका खण्डमा पनि तन्त्रको पर्यायवाची आगमको लक्षण बताउने क्रममा लेखिएको छ –

सर्गश्च प्रतिशर्गश्च मन्त्रनिर्णय एव च।

देवतानां च संस्थानं तीर्थानाञ्चैव वर्णनम्॥

यस पद्यलाई हेर्दा सृष्टिसम्बन्धी, प्रलय सम्बन्धी, मन्त्रहरूको निर्णय सम्बन्धी, देवताको स्थापना सम्बन्धी, तीर्थ सम्बन्धी इत्यादि विषय वर्णन गरिएको शास्त्र तन्त्र वा आगम हो भन्ने बुझिन्छ। ती आगमशास्त्रका अनुसार देवताहरू अप्रकट सूक्ष्म संवित् स्वरूप पनि हुन् र त्यस्तो संवित् स्वरूपको अनुभूतिका लगि साथै भौतिक भोगका लागि पनि सहयोग गर्ने प्रत्यक्ष विषयसमेत हुन्। तन्त्रशास्त्रको निम्न सूक्तिले उल्लेख्य कुरालाई राम्ररी पुष्टि गर्दछ–

श्रीसुन्दरी–सेवन–तत्पराणाम्। भोगश्च मोक्षश्च करस्थ एव॥

अब यी उपर्युलिखित अर्थ वा आशयलाई परिप्राप्ति गर्नका लागि विद्या, योग, चर्या र क्रिया–उपासनाहरू प्रभावकारी हुन्छन् साथै शक्तिपातका निमित्त आणव–शाक्त–शाम्भव उपाय र अनुपाय पनि अवस्थाविशेषले आवश्यक छन्। यस्ता आवश्यक उपायहरू, उपायक र उपेय शक्तिलाई समेत तान्त्रिक वाङ्मयमा देवता भनेर बुझिन्छ। त्यस्ता तत्त्वहरू भैरव, वेताल, वटुक, नायिका, शक्ति (देवीहरू), शिव, विष्णु, सूर्य, गणपति इत्यादि सम्प्रदाय सम्बन्धी करोडौं हुन सक्तछन्।

देवा नानाविधाः प्रोक्ता देव्योद्रपि बहुधाः प्रिये॥ भैरवाश्चैव वेताला वटुका नायिका गणाः।

शाक्ताः शैवा वैष्णवाश्च सौरा गणपतादयः॥ नानामन्त्राश्च यन्त्राणि सिद्धोपायान्यनेकशः।

(एवेलनेन :१९७७ :२०)

त्यसैगरी महाविद्याहरू (मन्त्रशक्तिहरू) यन्त्रहरू देवता कै रूपान्तरित स्वरूप हुन्। फेरि भिन्नभिन्न आम्नायसम्बन्धी विविध देवताहरू रहेका र ती मध्ये प्रायः साधनाको प्रारम्भमा उपासना गरिने गुरुतत्त्व मुख्य देवता भएको कुरालाई पनि तन्त्रले जोड दिएको छ।

गुरु ब्रह्मा, गुरु विष्णु, गुरु देव महेश्वर। गुरु साक्षात् परब्रह्म गुरु नै सव देवता॥ (भट्ट :२०६६ :२९१)

शिष्य वा शिष्यामा रहेको अज्ञानको अन्धकारलाई नाश गर्दै ज्ञानशक्तिको उज्यालो छरिदिने गुरुलाई कुलार्णव तन्त्रमा देवताको पनि देवताका रूपमा लिइएको छ र देवता रिसाएमा बरु गुरुले संसार तारिदिनु हुने तर गुरु नै रिसाएमा उद्धार गर्ने कोही नहुने तर्क गरिएको छ –

गुरुः पिता गुरुर्माता गुरुर्देवो महेश्वरः। शिवे रुष्टे गुरुस्त्राता गुरौ रुष्टे न कश्चन॥ (मिश्र :२००२ :२९१)

यसबाट गुरु प्रमुख देवता हुन् भन्ने तान्त्रिक सिद्धान्त साकार हुन पुगेको पाइन्छ।

तान्त्रिक मान्यता अनुसार आदिगुरु महेश्वर हुन्। उनै महादेव सदाशिवको स्रोतबाट दिव्यौघ, सिद्धौघ र मानवौघ हुँदै गुरुपरम्परा अगाडि बढेको छ। वस्तुतः ईश्वर आत्मा र गुरुमा कुनै भेद हुँदैन, यी मूर्तिले मात्र भिन्न प्रतीत हुन्छन्। –

ईश्वर, गुरु र आत्मा मूर्तिले मात्र भिन्न हुन्। ज्ञानका दृष्टिले भिन्न छैनन्, यी हुन् स्वयं शिव॥

(भट्ट :२०६६ :२९२)

Raj Kishore

अक्षमाला तन्त्रले सबै आम्नायका शक्तिसहितका गणेश/गणनायकहरूलाई तान्त्रिक देवताका रूपमा उल्लेख गरेको छ। तान्त्रिक यागमा विघ्न हटाउने अङ्गमालमा शक्तियुक्त महागणपति उर्ध्वाम्नायका, विरिविघ्नेश, विरिञ्चि, गणनायक, शक्ति गणेश, वक्रतुण्ड गणेश पूर्वाम्नायका, पञ्चवक्त्रादि गणेशहरू पश्चिमाम्नायका, उच्छिष्ट गणेश उत्तराम्नायका, लक्ष्मी गणेश, ऋषि गणेशहरू दक्षिणाम्नायका गणेश हुन्। यी दक्षिणाम्नायका गणेशहरू वाममार्गले उपासना गरिन्छन् भन्ने तथ्य पनि अक्षमाला तन्त्रमा उद्घाटन गरिएको छ। त्यसपछि त्यहाँ गायत्री र उनका अधिष्ठाता सूर्यदेवको, जगत्स्वरूपा शक्तिका अधिष्ठाता शिवको, विभिन्न भैरव–भैरवीको, अष्टमातृकाहरूको, दश महाविद्याहरूको, महाकाली, महालक्ष्मी महासरस्वती स्वरूपा नवदुर्गाको, कल्प नै पिच्छेका नौ–नौ कुमारीहरूको र सबै आम्नायका अन्य देवदेवीहरूको परिचयपूर्वक महत्त्व र रहस्य खोतलिएको छ। यी विवरणबाट तान्त्रिक देवदेवीको थप बेलिविस्तार उपलब्ध हुनुका साथै अझै अनुसन्धान गर्ने प्रेरणा पनि प्राप्त भएको छ।

त्यसैगरी रति, वाणी, रमा, ज्येष्ठा, दुर्गा र कालीलाई तान्त्रिक षट्कर्म देवताहरूको सूचीमा उल्लेख गरिएको पाइन्छ।–

"रतिर्वाणी रमा ज्येष्ठा दुर्गा कालीति देवताः॥ क्रमादेताश्च कर्मादौ पूजनीयाः फलार्थिभिः।

(मालवीय :२००६ :६८१)

अतः वैदिक युगदेखि हालसम्मका देवता भनेर बुझिने स्थुल–सूक्ष्म, सगुण–निर्गुण, प्रकट–अप्रकट सबै अवस्था विशेषलाई शक्ति र शक्तिमान्को अभेदरूपी सामरस्य स्वरूप सम्झेर उपासना गरिँदा त्यस्ता उपास्य तत्त्व तान्त्रिक देवताको परिभाषाभित्र पस्दछन्। त्रिकशास्त्रको सार 'विज्ञानभैरवः'मा शक्ति र शक्तिमान् वा देव र देवीमा सम्पूर्णतया अभेद रहने कुराको चर्चा गर्दै पराशक्ति र परात्मन (भैरव)लाई धर्म–धर्मी झैँ अग्निको दाहनशक्ति र अग्निमा रहने अभेदसँग दृष्यान्त दिनुले उपर्युक्त अभिव्यक्तिलाई पुष्टि गर्दछ।–

शक्तिशक्तिमतोर्यद्वत् अभेदः सर्वदा स्थितः। अतस्तद्धर्मधर्मित्वात् परा शक्तिः परात्मन॥
न वह्नेर्दायिका शक्तिर्व्यतिरिक्ता विभाव्यते। केवलं ज्ञानसत्तायां प्रारम्भोयं प्रवेशने॥

(अञ्जना :१९९१ :१०–११)

सौन्दर्य लहरीको प्रथम श्लोक –

शिवः शक्त्या युक्तो यदि भवति शक्तः प्रभवितुं।
न चेदेवं देवो न खलु कुशलः स्पन्दितुमपि॥

इत्यादिले पनि सोही प्रसङ्गलाई समर्थन गरेको छ। त्यसैगरी "शक्त्या बिना शिवे सूक्ष्मे नामधाम नविद्यते", "न शक्तिः शिव–रहिता न शिवः शक्तिबीर्जतः", "त्वमाद्या परमा शक्तिः सर्वशक्तिस्वरूपिणी। तव शक्त्या वयं शक्ताः सृष्टिस्थितिलयादिषु॥" (एवेलनेन :१९७७ :७३) जस्ता तान्त्रिक सूक्तिहरूले पनि देव–देवीमा कुनै पनि भिन्नता नहुने तर्कलाई बलियो बनाइरहेका छन्। देवताका मूर्तिमा स्त्रीपुरुष स्वरूपको एकात्मकता देखाइनाको कारण पनि यही हो। काठमाडौं उपत्यकामा उपलब्ध पशुपतिनाथको स्वरूपको शिरमा श्रीयन्त्रको अवस्थिति रहनु, गुह्येश्वरीका साथमा शिवको स्वरूप देखिनु, र विभिन्न देव–देवीका मन्दिर–मूर्तिमा कामकलाको स्वरूप पाइनुले पनि तान्त्रिक देवतामा शक्ति र शक्तिमान् समरस भएर रहने कुरा अभिव्यक्त भएको छ।

४.१. भावका आधारमा उपास्य तान्त्रिक देवता

पशुभावबाट साधक/साधिकालाई क्रमशः माथि उठाएर वीर–भाव र दिव्य–भाव उजागर गराउनु तान्त्रिक देवताको वैशिष्ट्य हो। जुनजुन देवीदेवतालाई ती भाव उजागर गर्नका लागि उपासना वा साधना गरिन्छ, ती ती देवदेवी तान्त्रिक देवता हुन्।

देवत्व काठमा, ढुङ्गामा, मायका मूर्तिमा भन्दा भावमा रहन्छ, फेरि मन्त्र, तीर्थ, देवदेवीका मूर्ति, ज्योतिषी, औषधी र गुरुमा जस्तो भावना गर्‍यो, त्यस्तै किसिमको सिद्धि प्राप्त हुन्छ भन्ने प्रस्तुत श्लोकले अँगालेको तान्त्रिक सिद्धान्तको मर्मलाई मनन गर्दा उक्त अभिव्यक्ति अर्थकारी हुन आउँदछ —

"न काष्ठे विद्यते देवो न पाषाणे न मृण्मये। भावे हि विद्यते देवस्तस्माद् भावस्तु कारणम्॥"

\+ \+ \+

"मन्त्रे तीर्थे द्विजे देवे दैवज्ञे भेषजे गुरौ। यादृशी भावना यस्य सिद्धिर्भवति तादृशी॥"

तान्त्रिक वाङ्मय बमोजिम भाव भनेको साधक/साधिकाको मनको स्तर विशेष हो। पशुभाव, वीरभाव र दिव्यभाव गरी भाव तीन प्रकारका हुन्छन्। (एवेलनेन :१९७७ :१२)

४.१.१. पशुभाव सम्बन्धी देवता

पशुभावमा द्वैत भावनाले देवताको उपासना गरिन्छ। शक्ति र शिवलाई अलग मानेर गरिने क्रियोपचार सम्बन्धी यस किसिमको उपासनामा दासोऽहंको भाव रहन्छ। वेदाचार, वैष्णवाचार, दक्षिणाचार, शैवाचार जस्ता आचारहरूले पूजा–उपासना गरिने यस भावमा सगुण स्वरूप ब्रह्मा, विष्णु, शिव, ब्राह्मी, लक्ष्मी, सरस्वती, गौरी जस्ता देवदेवी प्रायः सौम्य मुद्रामा रहन्छन्। ज्ञानमुद्रामा, वरमुद्रामा निर्मित काठमाडौँका अनेक मूर्तिहरूले यहाँको पूजोपासनाका प्रस्तुत आचारलाई प्रतिनिधित्व गरेको बुझिन्छ।

४.१.२. वीरभाव सम्बन्धी देवता

वीरभावमा द्वैताद्वैत भावनाले देवताको उपासना गरिन्छ, 'देवो भूत्वा देवं यजेत्'को तन्त्रगत सिद्धान्तमा रहेर देवी-देवता र आफूमा कुनै भिन्नता नभएको ध्यानले शाक्तोपासना हुन्छ।—

अहं देवी न चान्योऽस्मि। ब्रह्मैवाहं न शोकभाक्। सच्चिदानन्दरूपोऽहमात्माऽहमिति चिन्तयेत्॥

(भट्ट :२०६२ :२६९)

शिवशक्ति वा देवदेवीलाई एकै मानेर गरिने शाक्तोपचार सम्बन्धी यस किसिमको उपासनामा शिवोऽहंको भाव रहन्छ। वीराचार, सिद्धान्ताचार जस्ता आचारमा रही परापरा–पूजा–उपासना गरिने, पञ्चमकार —मद्य, मांस, मत्स्य, मुद्रा र मैथुन— (सिंह :२०६३ :६९–७०) लाई पशुबलीका रूपमा अपनाएर बलीप्रथाको प्रचलनलाई प्रत्यक्षतः कायम राखी उपासना गरिने यस भाव सम्बन्धी अष्टमातृका, नवदुर्गा, गुह्यकाली, दक्षिणकाली, भैरव-भैरवी, ऋषि-गणेश, चामुण्डा, वज्रयोगिनी, तलेजुभवानी जस्ता देवदेवीहरू प्रायः भीषण मुद्रामा रहन्छन्। (एवेलनेन :१९७७ :४०)

रौद्राकृतिमा, कामकलाको स्वरूपमा रहेका, नरमुण्डमाला धारण गरेका, मूल देवी–देवताका आसपासमा नागनागिनी, यक्ष, किन्नर, भूतप्रेत, विद्याधर, गन्धर्वहरूको आकृति वा प्रतीकको चित्र वा मूर्ति भएका काठमाडौँका अनेक देवदेवीहरू वीरोपचारले पनि पूजिन्छन्। काष्ठमण्डप सत्तलको निर्माणमा सम्पूर्ण नकारात्मक शक्तिलाई

वशीभूत पार्ने अलौकिक, अदृश्यगत शक्तिका रहस्यात्मक प्रतीकृतिहरू पाइनुले काठमाडौं उपत्यकाको समाजमा वीरोपासनात्मक आगम परम्पराको छाप परेको तथ्य प्रकाशित भएको छ। (थपलिया :२०५६ :३७) यही छापको फलस्वरूप यहाँ विभिन्न समयमा वीराचारसम्बन्धी देवताहरूको प्राणप्रतिष्ठा गरिएको पाइन्छ।

४.१.३. दिव्यभाव सम्बन्धी देवता

दिव्यभावमा अद्वैत भावनाले देवताको उपासना गरिन्छ। मूलाधार चक्रमा रहेको 'कुल'शक्तिलाई कुण्डलिनी जागरणका माध्यमबाट सहस्रार चक्रमा पुऱ्याई त्यहाँका अधिष्ठाता अकुलेश शिवसँग समरस गराएर त्यो सामरस्यबाट देह शुद्ध गरी गरिने उपासना भएको हुनाले यस उपासनालाई कौल भनिन्छ। अभिनवगुप्तले श्रीतन्त्रालोक, तृतीय आह्निकको सैंतीसौ पद्यमा "अकुलस्यास्य देवस्य कुलप्रथनशालिनी। कौलिकी सा पराशक्तिरवियुक्तो यया प्रभुः।"भनी कौलिकी शक्तिको रहस्योद्घाटन गर्नुले कौलतत्त्व र कौलाचारको वास्तविक स्वरूप समेत सार्वजनिक भएको छ। कौलाचारबाट उपासना गरिने दिव्यभावका निर्गुण देवताहरू अन्तस्करणलाई अत्यन्तै शुद्ध पार्ने तत्त्वका रूपमा विख्यात् छन्। (एवेलनेन :१९७७ :१२)

परावाक् स्वरूप ती देवीदेवता सच्चिदानन्दको बीज भएर यस जगतमा शक्तिका रूपमा उपलब्ध हुन्छन्। अर्थात् शक्तिमान् ईश्वर संसाररूपी शक्तिमा घुलमिल भएर एकाम्य भई विश्वमयको परिस्थितिमा रहन्छन् भन्ने कौलतन्त्रको दृष्टिकोण रहेको हुन्छ। त्यस परिस्थितिको बोध भएपछि साधक/साधिका योगी/योगिनी हुन्छन्। कौल–योग घटित भएपछि ध्यानभन्दा दोस्रो कुनै मन्त्र हुँदैन, स्वआत्मादेखि भिन्न देवता खोजिरहनु पर्दैन किन कि इहलोक–परलोक सबै आत्माभन्दा अलग हुँदैनन्। त्यस्तै अनुसन्धान नै पूजा कर्म हुन्छ र तृप्तिबेगर कुनै फल छैन भन्ने बोध हुन्छ।–

न हि ध्यानात् परो मन्त्रो न देवस्त्वात्मनः परः। नानुसन्धात् परा पूजा न हि तृप्तेः परं फलम्॥

(मिश्र :२००२ :२११)

त्यस परिस्थितिमा मुक्तिबोधका निमित्त देवदेवीको मूर्ति–मन्दिर कुनै–केहीको पनि आवश्यकता रहन्न। निजानन्दमा साधकको सम्पूर्ण भाव विलय भइरहेको हुन्छ। त्यतिबेला सबै देवदेवीहरूले स्वसंवित्स्वरूपमा विश्रान्ति पाइरहेका हुन्छन्।

यसरी स्वरूपगत दृष्टिले, निर्माणकलाका हिसाबले, उपासकहरूका भाव र आचारका आधारले साधक/साधिकाका साध्य तत्त्वका कारणले देवदेवीहरू धेरै कोटीका पाइए तापनि विशेष वीरभाव र वीराचारअनुरूपका देवदेवीलाई काठमाडौं उपत्यकाको समाजले तान्त्रिक देवताका रूपमा लिने गरेको बुझिन्छ। तर, पशुभाव र दिव्यभावमा उपासना गरिने देवदेवीले अँगालेको दिव्यतालाई पनि तान्त्रिक वाङ्मयले उत्तिकै उत्साहका साथ अवलम्बन गरेको छ, परं लक्ष्य प्राप्तिको माध्यम बनाएकै छ, साधनाको साधन मानेकै छ। समस्त तान्त्रिक वाङ्मयको अध्ययन, मनन र तन्त्रोपासकहरूको साधनापरम्परा सम्बन्धी अन्वेषणबाट पशुभावपरक सगुण र दिव्यभावपरक निर्गुण देवताहरू पनि तान्त्रिक देवता हुन् भन्ने निष्कर्षमा पुगिन्छ।

५. तान्त्रिक देवता सम्बन्धी शक्तिको उद्भव र प्रसार

सच्चिदानन्द परब्रह्मस्वरूप अनुत्तर 'शिवतत्त्व'आफ्नो स्वातन्त्र्यका कारणले कालबाट अकलुषित, भूगोलका सीमाले असीमित, उपाधिहरूबाट अदुषित हुने हुनाले व्यापक नित्य तथा सर्वाकार निराकार स्वभावयुक्त तत्त्व हो।

Raj Kishore

स्वातन्त्र्यादेव च देशकालाकारावच्छेदविरहात् व्यापको नित्यः सर्वाकारनिराकारस्वभावः।

(मिश्र :२००२ :२१)

तन्त्रको प्रत्यभिज्ञा दर्शनले पुष्टि गरेको छ। त्यस्तो तत्त्वको स्वातन्त्र्य स्वभाव नै आनन्दशक्ति हो, त्यस स्वातन्त्र्यशक्तिको चमत्कार 'इच्छाशक्ति' हो त्यस्तै प्रकाशता चिच्छक्ति हो भने आमर्शात्मकता 'ज्ञानशक्ति'र सर्वाकार भनेर बुझिने शक्ति 'क्रियाशक्ति' हो। (मिश्र : २००२:२१) यस्ता मुख्य शक्तिहरू एकाकार भएर शिवतत्त्वमा समरस भएको अवस्थालाई अनुत्तरावस्था भनिन्छ। जब, अनुत्तरावस्थामा आनन्दको सूक्ष्म तरङ्ग पैदा हुन्छ, त्यो नै शक्तितत्त्व–उद्‌भवको प्रथम अङ्‌गुर हो। त्यही सूक्ष्म अवस्था स्थूल–स्थूल हुँदै जव पराबाट पश्यन्ती, पश्यन्तीबाट मध्यमा र मध्यमाबाट बैखरीको अवस्थामा परिप्राप्त हुन्छन्, अनि मन्त्र (विद्या) तथा समग्र शास्त्र बनिन्छन्। अतः सम्पूर्ण विद्या र शास्त्रहरूसमेत देवताकै बहिर्भावावस्था हो।

त्यसै हुनाले सम्पूर्ण आगमशास्त्र शक्ति कै प्रसार हुन् भन्ने अभिव्यक्ति तन्त्रको रहेको छ। यसै चिन्तनअनुरूप अनेक देवीयन्त्रहरू, बीजमन्त्रहरू र ६४ तन्त्रहरू विकसित भएका हुन्। अतः आगमशास्त्रको अध्ययन, मनन, चिन्तन र त्यस शास्त्रसम्मत अनुसन्धान–अन्वेषणसम्बन्धी लेखन पनि तान्त्रिक शक्तिसाधनाको मुख्य प्रकार हुन आउँछ। यस सम्बन्धी कार्यबाट हुने आनन्दानुभूतिको चरम अवस्था एक किसिमको शक्तिपातको अभिलक्षण हो।

पशुहरूका वा सम्पूर्ण जीवात्माका पति (परमात्मा) पशुपतिका प्रसिद्ध पाँच मुखहरू (मिश्र :२००२ :५७) भएको र अति गोप्य तथा रहस्यमय छैटौं मुख कालाग्निरुद्रसमेत रहेको प्रमाण पाइन्छ। कतिपय तन्त्रशास्त्रमा 'रसाम्नायाः षडाम्नायाः पूर्वदक्षिणपश्चिमोत्तरोर्ध्वाधनुत्तरा' भनी ६ मुखको वर्णन पाइनु र 'शैवपूजापद्धति'मा कालाग्निरुद्रको ध्यानपद्य '...नित्यं भानुसहस्रदीप्तकिरणैः कालाग्निरुद्रोपमम्। तत्संहारकरं नमामि सततं पातालसंस्थं मुखम्॥'भनी उल्लेख भएको पाइनुले छैटौं मुख कालाग्निरुद्र भएको पुष्टि हुन्छ। यो विषय वडो रहस्यमय भएकाले विषेश खोज–अनुसन्धान हुनु अपरिहार्य छ। यी ६ मुखहरूबाट विभिन्न आम्नाय आविर्भाव हुँदै आए। त्यही सिलसिलामा पश्चिममुख सद्योजातबाट कुब्जेश्वरी–शक्तिमार्फत, उत्तरमुख वामदेवबाट सिद्धेश्वरी (गुह्येश्वरी)शक्तिमार्फत्, दक्षिणमुख अघोरबाट निशेश्वरी (दक्षिणकाली) शक्तिमार्फत्, पूर्वमुख तत्पुरुषबाट पूर्णेश्वरी–शक्तिमार्फत्, उर्ध्वमुख ईशानबाट कामेश्वरी–शक्तिमार्फत् र अधोमुख कालाग्निरुद्रबाट वज्रेश्वरी–शक्तिमार्फत् नानाप्रकारका ज्ञान–विद्याहरू प्रवाहित भएका हुन्। (भट्ट :२०६२ :१७९) यसबाट तत्तत् आम्नायसम्बन्धी विभिन्न शक्ति (देवी)को प्रसार भई ती शक्तिहरू 'शक्तितत्त्व'देखि पृथ्वीतत्त्वसम्ममा फैलिएको बुझिन्छ। ती तत्त्वहरू शक्ति, सदाशिव, ईश्वर, शुद्धविद्या, माया, काल, राग, विद्या, कला, नियति, पुरुष, प्रकृति, चित्त, बुद्धि, अहङ्गार, मन, पञ्चज्ञानेन्द्रियहरू, पञ्चकर्मेन्द्रियहरू, पञ्चतन्मात्राहरू, र पञ्चमहाभूतहरू हुन्। त्यसैले त कक्षास्तोत्रमा सङ्‌गृहीत – "शक्तिश्च शक्तिमाञ्चेति पदार्थद्वयमुच्यते। शक्तयस्तु जगत्कृत्स्न शक्तिमान्तु महेश्वरः"॥ भन्ने श्लोकमा 'शक्तिमान् शिवतत्त्व हो र शक्तितत्त्वदेखि पृथ्वीतत्त्वसम्मको विश्व शक्ति हो'भन्ने आशय अभिव्यक्त भएको हुनुपर्दछ। यसरी शक्तिको प्रवाह फैंलदा कुल, सामर्थ्य, ऊर्मी, हृदय–सार, विभूति, त्रींशिका, काली, कर्षणी, चण्डी, वाणी, भोग, दृक्, नित्या (मिश्र :२००२ :१२३) जस्ता विविध स्वरूपमा अवतरण भएको कुरा आगमको अध्ययनबाट थाहा पाउन सकिन्छ। ध्यानीले आ–आफ्नो लक्ष्यअनुरूप जुनजुन रूपमा ध्यान गर्दछन्, यी शक्तिहरू सोहीसोही स्वरूपमा आकारित हुन्छन् भन्ने तन्त्रसारको अभिव्यक्ति रहेको छ। तिनै शक्तिलाई भेद दृष्टिले बुझिँदा अपराशक्ति, भेदाभेददृष्टिले बुझिँदा परापराशक्ति र अभेददृष्टिले बुझिँदा

Raj Kishore

पराशक्ति भनी सम्बोधन गरिएको पनि पाइन्छ। फेरि यी शक्तिहरू सृष्टिशक्ति, स्थितिशक्ति र संहारशक्तिमा पनि विभाजन भएका छन्। त्यसैले उपासकहरूको भावअनुरूप शक्तिस्वरूपहरू अनन्त पनि हुन सक्ने कुरा निश्चित हुन्छ। यही सिद्धान्तका आधारमा काठमाडौंमा अनेक देवीमूर्तिहरू, मन्दिरहरू, शक्तिपीठहरू स्थापित भएका हुन् र विविध उपासना र आराधना पद्धति प्रसारित पनि भइरहेछन्।

६. काठमाडौं उपत्यकामा शक्ति साधना-परम्परा

विभिन्न ऐतिहासिक अध्ययन-अनुसन्धानका आधारमा काठमाडौं उपत्यका परापूर्व कालमा विशाल तलाउ भएको तथ्य प्रायः सार्वजनिक नै छ। विपश्वी बुद्धका पालामा बोधिसत्व मञ्जुश्रीले आफ्नो अलौकिक खड्गले काटेर चोभारबाट पानी तर्काएपछि यहाँ विस्तारै मानववस्ती सुरु भएको हो। मानववस्तीसँगै यस उपत्यकामा क्रमशः गोपाल, महिषपाल, किरात, लिच्छवी, मल्ल र शाहवंशले शासन गरेका र त्यस अवस्थासम्ममा विस्तारै तान्त्रिक संस्कार-संस्कृतिको प्रभाव अवलम्बन भएका आधारहरू भेटिन्छन्, तान्त्रिक देवदेवीको उपासना गर्ने परम्परा विकसित हुँदै गएका प्रमाणहरू पाइन्छन्। ती देवीहरूको इच्छोपचार, ज्ञानोपचार/मानसोपचारका साथै जात्रा तथा पर्वउत्सव र पूजा-होम-याग-व्रत-ध्यान-योग इत्यादि क्रियोपचारका रूपमा पनि कुनै न कुनै तान्त्रिक भाव (आचार) का माध्यमले आराधना हुने गरेको भेटिन्छ।-

शक्त्यवस्थाप्रविष्टस्य निर्विभागेन भावना। तदासौ शिवरूपी स्यात् शैवी मुखमिहोच्यते ॥

(अञ्जना :१९९१ :११)

'विज्ञानभैरवः'को उल्लिखित पद्यले आत्मसात् गरेको आशय मुताविक शिवको (शक्तिमान् — देवको) उपासना गर्ने साधक/साधिकाका लागि शक्तिको (देवीको) उपासना अपरिहार्य हुन्छ। किनभने साधनाबाट शक्तिको अवस्थामा आरुढ भइसकेकाहरूले मात्र त्यस शक्तिसँग विभागरहित शिवको भावना गरेबाट शिवानन्दानुभूति गर्न पाउँदछन्। अतः शक्तिलाई शैवीमुख पनि भनिन्छ। यसै कारणले काठमाडौं उपत्यकामा मानव सभ्यताको सुरुवातदेखि नै तन्त्रसम्मत शक्तिसाधनाको परम्परा थालनी भएको थियो। परापूर्व कालदेखि यहाँ वाममार्गको प्रमुख पीठ गुह्यकालीको आराधना हुनु, पशुपतिका शिरमा श्रीयन्त्रको उपासना हुनु जस्ता सुघटनाले यस उपत्यकाको आदिम विन्दु तान्त्रिक शक्ति-उपासनाबाटै उठान भएको रहस्योद्घाटन हुन आउँछ। पशुपति आर्यघाटको विरूपाक्ष मूर्तिसँगैको नारीमूर्ति, हौगल बहालकी मातृका, कीर्तिपुर गणेशमन्दिरका मातृका, बल्खुका मातृका, पाटन कुम्भेश्वर बगलामुखी मन्दिरका मातृकाहरू, च्यासलहिटीको गजलक्ष्मीको मूर्ति, हाँडीगाउँमा प्राप्त श्रीलक्ष्मीको मूर्ति जस्ता ई. पू. पहिलो शताब्दीतिरका अति प्रचीन मानिएका (वाङ्देल :२०३९ :१०८) शक्तिमूर्तिहरूमा त्यतिबेलाको तन्त्र-साधना परम्परा प्रतिविम्बित भएको छ।

किरातवंशको पालामा पशुपति क्षेत्रमा किरातेश्वर महादेवको लिङ्ग स्थापना भएको थियो। त्यस समयमा निश्चित रूपमा अर्धनारीश्वर शिवोपासनाको परम्परा भएको प्रमाण पनि भेटिन्छ। (रेग्मी :२०३० :२) लिच्छवी राजा मानदेवले काठमाडौं उपत्यकामा नक्सालभगवती, शोभाभगवतीको प्राणप्रतिष्ठा गराएका कुरा तत्कालीन अभिलेखहरूले प्रमाणित गरेका छन्। (वज्राचार्य :२०२० :६७) यी देवीहरूका साथसाथै नरदेवीको भगवतीमूर्तिमा पनि लिच्छवीकालीन शक्ति-साधनाको भरपूर अभिव्यक्ति भेट्न सकिन्छ। त्यसपछि हाँडीगाउँमा प्राप्त अंशुवर्माको एक अभिलेखमा 'श्रीदेवी'र 'षष्ठिदेवी'को उल्लेख पाइएबाट कैलाशकूट भवनमा शक्ति-साधना हुने गर्थ्यो भन्ने अनुमान हुन्छ। त्यस्तै ने.सं. ३४६ मा देवपाटनमा स्थापित महागौरीको मूर्ति पनि तत्कालीन उपत्यकाली समाजको तन्त्रोपासनाको प्रतिच्छाया हो। (तिवारी :२०१८ :१४) लिच्छवीकालका थुप्रै अभिलेखका

Raj Kishore

आधारमा त्यस समयमा शाक्तका साथै शैव, वैष्णव, बौद्धतन्त्रको उपासना हुने गरेको कुरा थाहा हुन्छ भने सशक्ति सूर्य, चन्द्र, ब्रह्मा, गणेश आदिको पूजा गर्ने प्रचलन पनि रहेको देखिन्छ। (पौड्याल :२०६२ :१०) राजा नरेन्द्रदेवका समयमा यहाँ कुलपरम्पराका (कुलपरम्परा) शक्तिस्वरूप कु वा पृथ्वीतत्त्वलाई शिवतत्त्वमा लय गराउने यौगिक प्रक्रियासम्बन्धी परम्परा हो। यसमा विश्वलाई शक्तिका रूपमा र शिवलाई त्यही शक्तिमा घुलेर रही विश्वमय भएको व्यापक तत्त्वका रूपमा लिइन्छ।) प्रवर्द्धक मत्स्येन्द्रनाथको आगमन भएको र त्यहाँदेखिबाट मत्स्येन्द्रनाथको रथयात्रा प्रारम्भ भएको कुरा इतिहास प्रसिद्ध नै छ।

यस हिसाबले वैदिक सभ्यता र आगम युग हुँदै आएका शक्तिपूजा–परम्पराको छाप ग्रहण गर्दै गोपालवंशदेखि लिच्छवीवंशको समयसम्म आइपुग्दा यो उपत्यका विस्तारै शक्तिसाधना केन्द्रका रूपमा स्थापित भएको पाइन्छ।(ज.ब.रा. : २०४६ : १२)

गुणकामदेवले काठमाडौं शहर बसाल्दा नगरको वरिपरि संरक्षिकाका रूपमा अष्टमातृका तथा नवदुर्गाका मूर्तिहरू स्थापना गरी पूजा–उपासनाको प्रचलन चलाएको हुनाले उनका पालादेखि तन्त्रसाधना परम्पराको घनीभूत व्याप्ति हुन लागेको सङ्केत मिल्दछ। (ज.ब.रा. : २०३६ :९८)

मल्लकालमा काठमाडौंको भद्रकालीमा माहेश्वरी, कमलादीमा ब्रह्मायणी, पचलीभैरवमा कौमारी, विष्णुमति किनारमा इन्द्राणी, नारायणहिटीमा महालक्ष्मी, पाटनको सानेपामा ब्रह्मायणी, खोकनामा रुद्रायणी, लगनखेलमा महालक्ष्मी, बालकुमारीमा कौमारी, सिकुवहीमा चामुण्डा र भक्तपुरको भोलाक्षैं टोलमा महाकाली, तेखाचौं टोलमा वाराही, टालाक्षैं टोलमा ब्रह्माणी, इनाचौं टोलमा माहेश्वरी, चट्खा टोलमा वैष्णवी, क्वाछैं टोलमा कौमारी, खौमा टोलमा इन्द्राणी, तलाछैं टोलमा महालक्ष्मी, तुलाछैं टोलमा त्रिपुरासुन्दरी जस्ता शक्तिस्वरूपा मन्दिर–मूर्तिहरू स्थापना हुनुले त्यतिबेला उपत्यकाको संरक्षणका निम्ति चौतर्फी शक्ति–साधना हुन्थ्यो भन्ने सिद्ध हुन्छ। (नेपाल :२०५५/०५६ :९२)

राजा जयस्थिति मल्लले 'मानेश्वरी–वरलब्ध–प्रसाद' उपनाम राख्नु, मानेश्वरी देवी उनकी इष्टदेवी हुनुको परिचायक हो भने (रेग्मी :१९६६ :३३) फर्पिङ्ग भेगका नेपाल संवत् ५२७ तिरका जैत्रसिंहदेवले आफ्नो नामको अगाडि 'श्रीश्रीभङ्केश्वरीवरलब्धप्रसाद' विशेषण लगाउनु (रेग्मी :२०३० :१९७) त्यतिबेला त्यहाँ भङ्केश्वरी देवीको साधना हुने प्रचलन रहनुको सङ्केत हो।

त्यस ताका तन्त्रशास्त्रमर्मज्ञ राजाहरू, विद्वानहरू र तन्त्रसाधकहरू प्रशस्त थिए। (भट्ट :२०६२ :भूमिका) तत्कालीन सुप्रशिद्ध तान्त्रिकोपासकहरू लम्बकर्ण भट्ट, नृसिंह ठाकुर, जामुना गुभाजुका तन्त्रसाधना सम्बन्धी विस्मयकारी चमत्कारिक किंवदन्तीहरू उपत्यकाली समाजमा आज पनि विद्यमान छन्।

काठमाडौं उपत्यकामा मल्लकालबाट नै हरिसिद्धि, वज्रवाराही, मञ्जेश्वरी, सरस्वती जस्ता अनेक कलात्मक तान्त्रिक देवीहरूको स्थापना हुनुले र मल्लराजाहरूको तान्त्रिक उपासनाका अति रहस्यमय कथा–उपकथाहरू प्रचलनमा रहनुले नेपालको तान्त्रिक परम्पराको प्रवाह अझै बढ्दै गएको अनुभूति हुन्छ।

शाहकालमा पनि यहाँ प्रशस्त तन्त्र साधकहरू थिए नै। आधुनिक उपत्यकामा विशिष्ट कुलमा 'शाक्तप्रमोद', 'महानिर्वाणतन्त्रम्' इत्यादिमा निर्देश भए अनुरुप महाविद्या शक्तिस्वरूपाको ध्यान गरी मन्त्र–उद्धार, यन्त्र–उद्धार गरेर उपासना गर्ने परम्परा रहेको पाइन्छ। त्यस्तै भूतशुद्धि, षडङ्गन्यास, षोडान्यास, तत्त्वन्यास, बीजन्यासपूर्वक अन्तरपूजा र बहीपूजा समेतको हृदयादिस्तोत्रपाठ, कवच, शतनाम, सहस्रनाम पाठ, पुरश्चरण जप इत्यादि विधिले उपासना गर्ने तन्त्र–परम्परा अद्यापि प्रचलित छ। यहाँको नेवार समुदायमा वर्तमान युगमा

Raj Kishore

पनि कतिपय देवीहरूको यात्रा, नृत्यहरू, क्षमापूजा, कारणपूजा प्रचलनमा रहेका छन्। यी सबै कुरालाई आधार मान्दा काठमाडौं उपत्यकामा प्रशस्त देवी–उपासना भएको र आजभोलि पनि हुने गरेको यथार्थ प्रमाणित हुन्छ।

यसरी उल्लिखित देवीमूर्ति–मन्दिरमध्ये पनि विशेष र आम्नायअनुसारका अन्य देवीहरूमा मायाबीज मन्त्रयोगले (मिश्र : २००२ : ६३) आराधना गरिने पशुपतिको दक्षिण–पश्चिममा अवस्थित पूर्वाम्नायकी नायिका भूवनेश्वरी (पूर्णेश्वरी), काली बीजद्वारा भक्तियोगले उपासना गरिने काठमाडौंको दक्षिण फर्पिङ्गमा अवस्थित दक्षिणाम्नायकी नायिका दक्षिणकाली (अनिरुद्ध सरस्वती)का साथै ललितपुरकी बगलामुखी, छिन्नमस्ता, लाजिम्पाटकी नीलसरस्वती, कर्मप्रधान मार्गबाट खेचरी बीजले साधना गरिने पश्चिमाम्नायकी नायिका कुब्जेश्वरीकी अपरपर्याया तीनै शहरमा रहेकी तलेजुभवानी देवी (निरञ्जनानन्द :१९९३ :१८२) काठमाडौं, देवपतनकी जयवागेश्वरी, त्यसैगरी ज्ञानमार्गबाट आराधना हुने उत्तराम्नायकी नायिका वाग्मती किनाराकी गुह्येश्वरी, (कल्याण :२००५ :४६८) सिद्धिलक्ष्मी, कालरात्री, उर्ध्वाम्नायकी कामेश्वरी, ललितात्रिपुरसुन्दरी, त्रिपुराभैरवी जस्ता देवीहरू तन्त्रसाधकहरूको मनोभावना अनुरूप कुँदिएर मूर्ति–मन्दिर, यन्त्र, मन्त्र—विद्या (ज.ब.रा. :२०४६ :४८—४९) हरूमा आविर्भाव हुनुले काठमाडौं उपत्यकामा शक्तिसाधना परम्परा शतत जीवित रहेको सन्दर्भलाई सङ्केत खड्ग गरेको छ। त्यसैगरी साँखुकी वज्रयोगिनी (खड्गयोगिनी), फर्पिङ्गकी वज्रयोगिनी, भक्तपुरकी नवदुर्गा, बागीश्वरी, ललितपुरकी कामदेवी, महालक्ष्मी, वज्रवाराही जस्ता तान्त्रिक देवीहरूको यस उपत्यकामा अवस्थिति हुनुले र ती मन्दिरहरूमा तान्त्रिक विधिबाट पूजा–उपासना हुनुले पनि उपर्युक्त उक्तिलाई पुष्टि गर्न थप बल मिलेको छ। साथै रक्तकाली, भद्रकाली, बिजेश्वरी, मैंतीदेवी, टुँडालदेवी, भाटभटेनी इत्यादि कयौं देवीमूर्ति–मन्दिरहरू पनि रहस्यमय तन्त्रसाधनाका अभिव्यक्तिस्थल हुन्। (भट्ट :२०५४ :१२)

यस्ता शक्तितीर्थ र देवीका मन्दिरमूर्तिहरूका आधारबाट कुब्जिकातन्त्र, तन्त्रचूडामणि, शाक्तानन्दतरङ्गिणी, बृहन्नीलतन्त्र, महापीठनिरूपणम् इत्यादि ग्रन्थहरूमा उल्लेख भए झैँ यो भूमि शक्तिपीठ हो भन्ने प्रमाणित हुन्छ। (भट्ट :२०६२ :३६८)

७. निष्कर्ष

यस किसिमले काठमाडौं उपत्यकाभित्रका कैयन् देवी सम्बन्धी मन्दिरमूर्तिहरू, शक्तिपीठहरू, यहाँका तान्त्रिक चित्रकलाहरू, विविध यन्त्रहरू तथा लिपिवद्ध विभिन्न सामग्रीहरू पनि शाक्तोपासनाका द्योतक हुन्। नेपाली भाषामा लिखित वा नेपाली विद्वानद्वारा संरचित र सम्पादित अनेक ग्रन्थहरूमा पनि यहाँका शक्ति-साधना–परम्परा प्रतिविम्बित भएका छन्।

जुनकुनै स्वरूपको र कुनै पनि प्रक्रिया वा पद्धतिबाट गरिएको भएपनि साधना वा उपासना भनेको नै शक्तिको अभिव्यक्ति हो। किनकि, यो क्रियात्मक हुन्छ, 'क्रिया'शक्तिको मूल स्वभाव हो। त्यसकारण, त्यस्तो अभिव्यक्त शक्तिका माध्यमले अप्रतिहत शक्तिको अनुभूतिका लागि साधक/साधिका पनि शक्तिभन्दा अतिरिक्त नभएर गरिने उपासना शक्तिसाधनाको केन्द्रभूमि हो। यस्तो साधना वा उपासनाको श्रृङ्खलालाई काठमाडौं उपत्यकाको शाक्तोपासना परम्पराले इङ्गित गरेको बुझिन्छ।

अतएव काठमाडौं उपत्यका तान्त्रिक देवताको उपासना गरिने उर्वरभूमि हो। यहाँ विशेष गरी तन्त्र-उपासनाको इतिहास वर्तमानसम्म तन्कँदा शक्ति–स्वरूपालाई प्रत्यक्ष वा अप्रत्यक्ष कुनै न कुनै रूपमा ग्रहण गर्ने गरेको कुरा मुखरित हुन्छ। यस उपत्यकाको वर्तमान तान्त्रिक पूजा–उपासना–पद्धतिलाई नियाल्ने बित्तिकै पनि उक्त तथ्य पत्ता लाग्दछ।

यस काठमाडौं उपत्यकाका मन्दिर, पीठ, मूर्ति र प्रतिमाहरूमा प्राप्त यी र यस्ता हरेक तान्त्रिक देवताका विषयमा, तीनका साधनापरम्परा र रहस्यका बारेमा खोतल्दै गएर प्रत्येकको बखत मौका अनुरूप क्रमशः छुट्टाछुट्टै कार्यपत्र तयार गर्नुपर्ने पृष्ठभूमिमा एउटै यस कार्यपत्रमा नै सबै कुरा अटाउन खोजिएकोले विषयवस्तु उकुसमुकुस भई भावकको जिज्ञासा अंशतः मात्र पूर्ति हुन पाएको मैलै महसुस गरेको छु। त्यसैले यस कार्यपत्रको खजमजिएको सम्प्रेषण र न्यून उपलब्धता प्रति नतमस्तक हुँदै शक्तिस्वरूपा जगज्जननीमा समर्पित हुने अनुमति चाहन्छु।

ॐ पूर्णमदः पूर्णमिदं पूर्णात् पूर्णमुदच्यते, पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते। ॐ

सन्दर्भ सामग्रीहरू

१. *'अञ्जना'बापुलाल,* **विज्ञानभैरवः**, वाराणसी : चौखम्बा सुरभारती प्रकाशन, ईं १९९१।

२. *एवेलनेन आर्थार* (सं.), **महानिर्वाणतन्त्रम्**, दिल्ली : मोतीलाल बनारसीदास, सन् १९७७।

३. *कल्याण,* **देवीपुराण** (महाभागवत) शक्तिपीठाङ्ग, वर्ष ७९, सङ्ख्या १, गोरखपुर : गीताप्रेस, जनवरी, सन् २००५।

४. *गौतम कुलचन्द्र* (सं.), **अमरकोश**, काठमाडौं : पं. लक्ष्मीनाथ गौतम, वि. सं १९९३।

५. *घिमिरे जनार्दन,* **शब्द सन्दोह**, काठमाडौं, वि. सं. २०६७।

६. *ज.ब.रा. धनशम्शेर,* **कामकला–रहस्य**, काठमाडौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र, वि. सं. २०३६।

७. *ज.ब.रा. धनशम्शेर,* **कुलार्णव–रहस्य**, काठमाडौं : ने. रा. प्र. प्र., वि. सं. २०४६।

८. *तिवारी रामजी सं.,* **अभिलेख सङ्ग्रह**, दोस्रो भाग, काठमाडौं : संशोधन मण्डल, वि. सं २०१८), पृष्ठ १४।

९. *थपलिया खगेन्द्रप्रसाद* (सं.), **युवामञ्च**, काठमाडौं : गोरखापत्र संस्थान, धर्मपथ, वि. सं. २०५६ साउन।

१०. *द्विवेदः व्रजवल्लभ* (सं.), **योगिनीहृदयम्**, दिल्ली : मोतीलाल बनारसीदास, सन् १९८८।

११. *निरञ्जनानन्द परमहंस,* **तन्त्रदर्शन**, विहार : श्री पञ्चदशनाम परमहंस अलख बाडा, देवघर, ई. १९९३।

१२. *निरौला पुण्य,* **सरल संस्कृत व्याकरण**, काठमाडौं, वि. सं. २०६३।

१३. *नेपाल ज्ञानमणि* (सं.), **'प्रज्ञा'**वर्ष २९, अङ्क ८९, काठमाडौं : ने. रा. प्र. प्र., वि. सं. २०५५/०५६।

१४. *पौड्याल वीणा,* **काठमाडौं उपत्यकाका विष्णुविभव मूर्ति र चित्रहरू**, काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र त्रिभुवन–विश्वविद्यालय, वि. सं. २०६२।

१५. *भट्ट विद्यानाथ उपाध्याय,* **अक्षमाला तन्त्र**, काठमाडौं : अन्नपूर्णा उपाध्याय भट्ट, वि. सं. २०६६।

१६. *भट्ट विद्यानाथ उपाध्याय,* **तन्त्रविद्यालोक**, काठमाडौं : अन्नपूर्णा उपाध्याय भट्ट, वि. सं. २०६२।

१७. *भट्ट विद्यानाथ उपाध्याय* (सं.), **तन्त्रचिन्तामणि**, महेन्द्र संस्कृत विश्वविद्यालय, २०५४।

१८. *भट्टाचार्य रामतोषण,* **प्राणतोषिणी**, वाराणसी : सम्पूर्णानन्द–संस्कृत–विश्वविद्यालयः, सन् २०००।

१९. *मालवीय सुधाकर,* **आगमरहस्यम्** , वाराणसी : चौखम्बा संस्कृत सीरीज अफिस, सन् २००६।

२०. *मिश्र परमहंस,* **अभिनवगुप्तविरचित**, तन्त्रसार, वाराणसी : चौखम्बा सुरभारती प्रकाशन, ई. २००२।

२१. *मिश्र परमहंस सं.,* **कुलार्णवतन्त्रम्**, वाराणसी : चौखम्बा सुरभारती प्रकाशन, ईं २००२।

२२. *रेग्मी जगदीशचन्द्र,* **नेपालको धार्मिक इतिहास**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि. सं. २०३०।

२३. *रेग्मी डिल्लिरमण,* **मेडिएभल नेपाल**, दोस्रो भाग, कलकत्ता : के. एल. मुखोपाध्याय, ई. १९६६।

२४. *वज्राचार्य धनवज्र,* **लिच्छविकालका अभिलेख**, काठमाडौं :नेपाल र एसियाली अनुसन्धान केन्द्र, वि. सं. २०२०।

२५. *वाङ्देल लैनसिंह,* **प्राचीन नेपाली मूर्तिकलाको इतिहास**, काठमाडौं : ने.रा.प्र.प्र, वि. सं २०३९।

Raj Kishore

२६. *विहारी ब्रज*, निगम, आगम और तन्त्र, दिल्ली : रञ्जन पब्लिकेशन, सन् २००४ ।

२७. *सिंह राजदेवनन्दन (सं.)*, शाक्तप्रमोद, बक्बई : खेमराज श्रीकृष्णदास प्रकाशन, संवत् २०६३ ।

तन्त्रमा उपासनाको रहस्य

✍ डा. रामप्रसाद पौडेल

'उप' उपसर्ग पूर्वमा हुने 'आस्' धातुदेखि भावार्थमा 'युच्' प्रत्यय गरेर 'यु'को स्थानमा 'अन' आदेश गरेर स्त्रीत्व विवक्षामा 'टाप्' प्रत्यय गरेर उपासना शब्द सिद्ध हुन्छ। उपासना शब्दको प्रयोग विभिन्न अर्थमा शास्त्रहरूमा देखिन्छ। अमरकोशकारले उपासना शब्दका अर्थवाचक शब्दहरूको यसप्रकार संग्रह गरेका छन्–

वरिवस्या तु शुश्रूषा परिचर्याप्युपासना।
व्रज्याटाट्या पर्यटनं चर्या त्वीर्यापथे स्थितिः॥ (अमरकोश)

वेदान्तसारमा उपासना शब्दको कर्म र विद्या अर्थमा प्रयोग भएको देखिन्छ–नित्यनैमित्तिकप्रायश्चित्तोपासनेन- उपासनानि शाण्डिल्यविद्यादीनि (वेदान्तसार)। यस्तै भगवान् श्रीकृष्णले मोक्षसाधनको अर्थमा र ज्ञानको अर्थमा उपासना शब्दको प्रयोग गर्नुभएको भन्ने तथ्य भाष्यकार शङ्कराचार्यले प्रकट गर्नुभएको छ– आचार्योपासनं शौचं स्थैर्यमात्मविनिग्रहः (गीता, १३।७) आचार्योपासनस्य ज्ञानसाधनत्वेन ज्ञानत्वमुक्तमाचार्योपदेशं बिना ज्ञानानुत्पत्तिः। अत उपासनाशब्दस्य ज्ञानत्वमर्थः। आगमरहस्यकारले पराशक्तिका निर्गुण र सगुण गरी दुईवटा स्वरूप विभाग गरेर सगुण स्वरूपको उपासनामा र निर्गुण स्वरूपको चिन्तनमा प्रयोग गरेका छन्।

तस्मान्मन्त्रादिकं सर्वं विज्ञाय श्रीगुरोर्मुखात्।
सगुणोपासनपरो निर्गुणत्वेन चिन्तयन्॥ (आगमरहस्य, ३।२२८)

आगमशास्त्रमा उपासना शब्दको विशेष अर्थ कर्म र विद्या नै हो। इष्टदेवीप्रति अभिमुखीकरण, तदनुकुल चिन्तन र त्यसको सिद्धिका लागि गरिने कर्म नै उपासना हो। उपासना पनि फलभेदले लौकिक र पारलौकिक गरी दुई प्रकारका हुन्छन्। लौकिक उपासना ऐहिक, आमुष्मिक फल प्राप्तिका लागि हो। सच्चिदानन्दस्वरूप पराशक्तिको साक्षात्कार गर्नु नै उपासनाको प्रयोजन हो। निर्गुण र निष्क्रिय अवस्थामा पराशक्तिको उपासना हुन सक्दैन। उपासनाबिना पराशक्ति दुर्ज्ञेय हुन्छ। ज्ञानबिना मोक्ष हुँदैन। मोक्षसिद्धिका लागि उपासना पारम्परिक कारण हो। निर्गुण र निष्क्रिय पराशक्तिको उपासना गर्न नसकिने भएकोले साधकको कल्याणका लागि पराशक्तिमा गुण र क्रियाको आरोप गरेर सगुण उपासनाको विधान निवार्णतन्त्रले गरेको छ। त्यसैले त्यहाँ भनिएको छ–

अरूपायाः कालिकायाः कालमातुर्महाद्युतेः।
गुणक्रियानुसारेण क्रियते रूपकल्पना॥ (महानिर्वाणतन्त्र, ५।१४०)

निष्कल चिन्मय पराशक्तिमा रूप र क्रिया आदिको परिकल्पना साधकको कल्याणका लागि मात्र हो। साधकले शास्त्रको विधि र आफ्नो रुचिअनुसार पराशक्तिको उपासना गर्नुपर्दछ। यसरी गरेको उपासनाबाट साधकले स्वर्ग र मोक्ष दुबै पुरुषार्थ सिद्ध गर्न सक्दछ भन्ने तथ्य उदयनाचार्यले प्रदिपादन गरेका छन्–

स्वर्गापवर्गयोर्मार्गमामनन्ति मनीषिणः।
यदुपास्तिमसावत्र परामात्मा निरूप्यते॥ (न्यायकुसुमाञ्जली, २)

Raj Kishore

परमात्माको उपासनाद्वारा साधकको आत्मामा अदृष्ट उत्पन्न भएर मोक्षसिद्धि हुन्छ या परमात्माको उपासनापछि स्वात्म साक्षात्कार भएर मोक्ष हुन्छ। अतः दुबै प्रकारले पराशक्तिको उपासना मोक्षको या पुरुषार्थत्रयको पनि कारण बन्दछ भनेर आगमरहस्यमा भनिएको छ–

सुखदा मोक्षदा नित्या सर्वभूतेषु संस्थिता।

यदा तुष्य भवेन्माया तदा सिद्धिमुपालभेत्। (आगमरहस्य, ३।२२५)

सम्पूर्ण पुरुषार्थहरू देवीको उपासनामा निहित छन् भनिएको छ तर उपासना ज्ञानबिना हुन सक्दैन। ज्ञान शास्त्र र गुरुको उपदेशमा निहित छ। उपदेशबिना साधकको प्रवृत्ति हुँदैन। प्रवृत्तिबिना पुरुषार्थ सिद्धि हुँदैन। उपासना अहंग्रहोपासना र प्रतीकोपासना गरी दुईप्रकारका छन्। उपास्य र उपासकको भेदबुद्धिद्वारा लौकिक फलप्राप्तिका लागि गरिने उपासना प्रतीकोपासना हो। प्रतिकोपासनाद्वारा पुरुषार्थत्रयको सिद्धि हुन्छ। सोद्रहं भावनाद्वारा उपास्य र उपासकको अभेद् बुद्धिपूर्वक गरिने उपासना अहंग्रहोपासना हो। वेदान्तशास्त्रले यो उपासनालाई मनन भन्दछ। निरन्तर मननले साधक निःश्रेयस प्राप्ति गर्दछ। यो नै उपासनाको परम प्रयोजन हो। स्वेष्टदेवताको उपासनाजन्य लौकिकफल कौमुतकिन्यायले पैदा गर्दछ। पराशक्ति कालीको उपासना पनि दुई प्रकारले गर्न सकिन्छ। लोकमा स्थापित पीठ, उपपीठ, मन्दिर आदिमा गरिने उपासना प्रतीकोपासना हो जसद्वारा लौकिक फलप्राप्ति हुन्छ। जब अभेदभावनाद्वारा आत्मज्योतिमा प्राणको आहूति गरेर सोद्रहम् प्रत्ययपूर्वक गरिने अहंग्रहोपासनाले अनिष्ट संसारको नाशपूर्वक इष्टदेवताको साक्षात्कार हुन्छ तब यस उपासनालाई निगुर्णोपासना पनि भनिन्छ। यस उपासनाको अधिकारी उत्तम साधक हुन्छ। प्रतीकोपासनाको अधिकारी मध्यम साधक हुन्छ। प्रतिदिन नियमपूर्वक साधकले गरिने उपासना सगुणोपासना नै हो। यो उपासना पनि अन्तरङ्ग र बहिरङ्ग भेदले दुईप्रकारका छन्। अन्तरङ्ग उपासना निर्गुण उपासना हो भने बहिरङ्ग उपासना सगुणोपासना हो। निर्गुणोपासना सबैका लागि सुलभ हुँदैन। स्थिरचित्त योगीहरू नै यसका अधिकारी हुन्। अतः सर्वसुलभताका लागि महर्षिहरूले स्थुलोपासनाको परिकल्पना गरेका हुन्। स्थुलोपासना पनि साधकको सत्त्व, रज र तमोगुणको भेदले तीन प्रकारका हुन्छन्। जुन उपासनामा मानस जप, मानसी पूजा, र मानस ध्यान हुन्छ त्यो सात्विकोपासना हो। बाह्य उपचारले दक्षमार्ग अनुसार गरिने पूजा राजसिक हो। पीठ आदिमा गएर वाममार्गद्वारा गरिने उपासना तामसी उपासना हो भनेर तन्त्रचिन्तामणि नामक ग्रन्थमा भनिएको छ–

उपासना त्रिधा प्रोक्ता श्रेष्ठा तत्र तु सात्त्विकी।

तस्याञ्च मानसौ पूजाजपौ मुख्यतमौ स्मृतौ॥

राजसो दक्षिणो मार्गः प्रतिमायां प्रपूजनम्।

बाह्योपचारैः पुष्पाद्यैस्तदाद्यानां विशिष्यते॥

तामसोपासनं प्रोक्तं पीठादौ बलिदानतः।

वाममार्गेण तच्चाद्यं वर्णं हित्वा प्रशस्यते॥ (तन्त्रचिन्तामणि,२।५६–५८)

सात्त्विक उपासना भावप्रधान हुन्छ। स्वेष्टदेवतालाई स्वातन्वर्ती हृदयाकाशमा स्थापना गरेर ध्यानादि विधिपूर्वक भोग सामग्रीको कल्पना गरेर उपासना गरिन्छ। व्यापकीभूत चिन्मय कालीलाई कुनै स्थानविशेष शालग्राम, शिवलिङ्ग, आदिमा प्रतिष्ठा गरेर दक्षमार्गद्वारा पुष्प, धूप, माल्यादिले गरिने उपासना राजसी हो। राजसोपासना शास्त्रनिर्दिष्ट स्थानमा मात्र गर्नुपर्दछ। जहाँ कहीँ पनि स्थापना गरेर पराशक्तिको उपासना इष्टसिद्धि हुँदैन, अनिष्टप्राप्ति हुन्छ। तन्त्रचिन्तामणिग्रन्थमा निषिद्ध स्थानको परिगणना पनि गरिएको छ।

Raj Kishore

शिवलिङ्गे मणौ यन्त्रे शालग्रामे घटे रवौ।

स्थण्डिलग्नौ मूर्ध्नि हृदि स्थानेष्वेतेषु पूजयेत्।

भूमावेव कृत पूजा पुत्रायुर्धननाशिनी॥ (तन्त्रचिन्तामणि, १७।१५१-१५२)

यस्तै प्रकारले उपासनालाई सकाम निष्काम गरी दुई प्रकारले विभाजन गरिएको छ। सकाम उपासना त्रिविध पुरुषार्थको कारक हो भने निष्काम उपासना मोक्षको जनक हो। दुबै प्रकारको उपासनाको परिचर्चा तन्त्रग्रन्थ र पुराणादिमा पाइन्छ। जस्तै माकण्डेय पुराणान्तर्गत सप्तशती ग्रन्थमा सुरथको देव्युपासना राज्यलाभार्थ सकाम हो र वैश्यको देव्युपासना ज्ञानलार्भाथ निष्काम हो।

उपासना द्विधा प्रोक्ता सकामा कामविच्युता।

मोक्षबीजं तु निष्कामा सकामा भवबीजका॥ (तन्त्रचिन्तामणि, २।६४)

उपासनालाई शास्त्रकारहरूले परा, स्थूल र सूक्ष्म गरी तीन प्रकारले विभाजन गरेका छन्। उपासना भाव र आचारले गरिन्छ। परा उपासना अभेद भावनाले गरिन्छ जसमा दिव्यभावको प्रधानता रहन्छ। सूक्ष्म उपासना वीरभाव प्रधान हुन्छ जसमा साधकले भैरवभावनाद्वारा स्वेष्टदेवीको उपासना गर्दछ। स्थुलोपासनामा पशुभाव प्रधान रहन्छ। पशुभावापन्न साधकले स्वामीको आज्ञा सम्भ्ःेर स्वामीको उपदेश तथा निर्देश पालना गरी पूजा गर्दछ। परा उपासना तथा सूक्ष्म उपासनामा वीरभाव र ज्ञानको प्रधानता रहन्छ भने स्थूलोपासनामा कर्म र पशुभावको प्रधानता हुन्छ। यसरी ज्ञानकर्मभेदले पनि उपासनालाई ज्ञानोपासना र कर्मोपासना गरेर विभाजन गर्न सकिन्छ। दुबै उपासनामा भावको अपेक्षा रहन्छ। यदि साधकले गर्ने ज्ञानोपासना र कर्मोपासनामा भाव छैन भने निष्फल हुन जान्छ। भावले सहित ज्ञानोपासना निदिध्यासन हो। भावान्वित कर्म नै भक्ति हो। भावकर्मसमन्वित ज्ञान नै चरम पुरुषार्थको कारण हो। रेणुकाचार्यले अर्थहीन वाणी, पति हीना सती, र श्रूतिहीना बुद्धिको निष्फलता प्रतिपादन गर्दै भावहीन कर्मको पनि निष्फलत्व बताएका छन्। ज्ञानरहित उपासना संसारको कारक र ज्ञान सहितावस्थामा संसार प्रतिबन्धक हुने तथ्य देखाएका छन्।

ज्ञानहीनं सदा कर्म पुंसां संसारकारणम्।

तदेव ज्ञानयोगेन संसारविनिवर्तकम्॥ (सिद्धान्तशिखामणि,१६.२७.)

अतः भावकर्म समायुक्त उपासना नै सर्वार्थसिद्धिको कारक हुन्छ। पराशक्तिको अन्तरङ्गोपासना श्रवणमनननिदिध्यासन हो। बाह्योपासना बाह्यसामग्री तथा अर्चनादि क्रिया गरिन्छ। अर्चनादिक्रियाको लागि मूर्तिको आवश्यकता पर्दछ। आलम्बनबिना पराशक्ति उपासनीय हुँदैनन्। अतः चित् र जड दुबैमा व्याप्त पराशक्तिलाई धातुनिर्मित शीला आदिमा प्रतिष्ठा गरेर सगुण उपासना गर्ने आगमशास्त्रको निर्देश छ–

आलम्बनं बिना तस्य पदमुच्चैः सुदुष्करम्।

निर्गुणप्राप्तये नृणां प्रतिमालम्बनं कृतम्॥ (शिवपुराण, १२।६४)

यस्तै महाकालसंहिताले पनि ध्यान, योग र पूजाको भेदले उपासनाको वर्गीकरण गरेर ध्यान, योग र भावनासम्बद्ध उपासनालाई ज्ञानोपासना भनेको छ। पूजामा क्रियाको सम्बद्धता प्रतिपादन गरी स्थानविशेष र कालविशेषमा मूर्तिको कल्पना गरेर उपासना गर्ने विधान गरेको देखिन्छ। अतः पहिले पराशक्तिको क्रियोपासना गरेर भावोपासना गर्दै गएपछि चरम पुरुषार्थस्वरूप मोक्ष सिद्ध हुन्छ भन्ने महाकालसंहिताको तात्पर्य हो। शिवमस्तु।

तन्त्रसाधनाको औचित्य, उपलब्धि र भविष्य

✍ गजानन्द राजोपाध्याय

विषय प्रवेश :

वेद र तन्त्र हाम्रा सनातन धर्मका ज्ञानका अथाह समुद्र नै हो । वेद र तन्त्रशास्त्रलाई निगम र आगम भनिएको छ। विद्वान्‌हरुले यी दुई अलग सिद्धान्तका आधारस्तम्भहरु हुन् भनेका छन्। यी दुई मध्ये जुन पक्षको नदीमा पसे पनि मोक्षरुपी मोती प्राप्त अवश्य हुन्छ। हाम्रा पूर्वजहरुको भनाइ अनुसार निगम (वेद) बाट भन्दा आगमको माध्यमबाट कलियुगमा शीघ्र मोक्ष प्राप्त हुन्छ। वेदमा कर्मकाण्ड, उपासनाकाण्ड र ज्ञानकाण्ड व्याख्या गरिएको छ भने तन्त्र शास्त्रमा त्यही तीन विधालाई सरल तरिकाले व्याख्या गरिएको छ। साधनाको क्रममा पूजाविधिमा आवाहन, स्नानादि पूजाक्रममा वेद पढ्दै गर्नुपर्ने निर्देशन दिइएको छ। मेरु तन्त्रमा 'देवी सूक्तम्' लाई तान्त्रिक विधि तथा वैदिक विधि दुबै विधिलाई प्रधानता दिइएको छ। जे होस दुबै बाटोमा समानता देखियो। तर पनि तन्त्र वाङ्मय साधकका लागि सहज तथा सरल छ भन्ने कुरा तन्त्रमा धेरै स्थानमा उल्लेख गरेको पाइन्छ। जस्तो एक ठाउँमा भनिएको छ –

यद्गृहे निवसेतन्त्रं तत्र लक्ष्मी स्थिरायते। (अर्थात्: जहाँ तन्त्र त्यहाँ लक्ष्मीको वास हुन्छ।)

यस सानो तथा छोटो लेखलाई प्रस्तुत गर्न आठ (८) बुँदामा विभक्त गरिन्छ। समयको बचत र तन्त्र सम्बन्धी थोरै भए पनि ज्ञान हाँसिल गर्ने यस लेखको उद्देश्य हो। बृहत् छलफल तथा ज्ञान प्राप्तिका लागि त योगिनीतन्त्र, मेरुतन्त्र, कुलसर्वस्व, ब्रह्मयामल, रुद्रयामल.......धेरै छन्।

१. तन्त्र शब्दको उत्पत्ति

तन्त्र के हो ? तन्त्र शब्दमा नै पनि केही कुरा स्पष्ट छ। हामीले सुन्दै आएको भन्दै आएको – तन्त्र मन्त्र। वास्तवमा त्यसो होइन। पहिला मन्त्र, पछि तन्त्र, तत् पश्चात् यन्त्र भन्नु पर्छ। मन्त्र भन्नाले मनमा मात्र उच्चारण गर्ने व्यक्त गर्न नहुने भन्ने बुझिन्छ। यसपछि त्यो भित्रको मन्त्रलाई तनको (अर्थात्) शरीरको माध्यमले बाहिर प्रस्तुत गर्ने तन्त्र भनिन्छ। यसलाई बाहिर ल्याएर कहाँ राख्ने त अब ? त्यसलाई राख्ने स्थान हो यन्त्र। यन्त्र भन्नाले प्रयोगशाला मान्नु पर्छ। यसरी मन्त्र – तन्त्र – यन्त्र भनेर प्रस्तुत गर्नु उचित हुन्छ। तसर्थ तन्त्र शब्दले सिद्धान्त, मन्त्रशास्त्र तथा कर्मकाण्ड पद्धतिलाई प्रष्ट पार्‍यो भन्ने बुझियो। तन्त्र शब्दले के बुझाउँछ त ?

(क) तत्रि शंकोचे धातुबाट अय् प्रत्यय लागेर 'तन्त्र' शब्द बन्दछ। यो धातु पचादिगण हो। तन्यते विस्तार्यते ज्ञानम् अनेन। यसको अर्थ हो विधि, उपाय।

(ख) तन् धातुबाट 'तन्त्र' शब्दको निर्माण हुन्छ। यो धातु चुरादिगण हो भने उभयपदी हो। यस धातुको रुप यस्तो हुन्छ। तन्त्रयति तन्त्रयत तन्त्रयन्ति। (परस्मैपद) तन्त्रयते तन्त्रयेते तन्त्रयन्ते (आत्मनेपदी) यसको अर्थ हो – नियन्त्रण तथा शासन गर्ने।

(ग) तत्त्ववैशारदीमा – वाचस्पति मिश्रले यसरी अर्थ लगाएको छ –

RajKishore

आगच्छन्ति बुद्धिमारोहन्ति यस्माद् अभ्युदयन्ति श्रेयसोपायाः सः आगमः ।

(घ) महाकवि कालिदासको भनाइ – बहुधाप्यागमैर्भिन्ना पन्थानः सिद्धिहेतवः । अर्थात् अणिमादि अष्टसिद्धि प्राप्त हुने कारण हो ।

अणिमा महिमा चैव गरीमा लघिमा तथा ।
प्राप्त प्राकाम्य ईशित्वं वशित्वं चाष्टसिद्धयः ॥

यी हुन्– अष्टसिद्धि ।

२. ऐतिहासिक पृष्ठभूमि

तन्त्रशास्त्र कहाँबाट कसरी आयो ? भन्ने विषयमा अब हेरौं न । पूर्वीय दर्शनशास्त्र सनातन दर्शन शास्त्र हो र यसमा परिवर्तन हुँदैन । यो राम्रो भएको र जीवन यापन सरल गर्ने भएकोले मानवमात्रले परिवर्तन गर्न प्रयास गरे तापनि यो परिवर्तन हुँदैन । तसर्थ सनातन भनिएको हो । यो ज्ञानको प्रमुख श्रोत नै हो । वेद अपौरुषयेय हो र ब्रम्हाको चारमुखबाट प्रकट भएको ऋग्वेद, यजुर्वेद, सामवेद, अर्थववेद जस्तै तन्त्रशास्त्र भगवान शिवका ६ मुखबाट प्रकट भएर गिरिजाको (पार्वतीको) मुखारविन्दबाट निष्पन्न भएको भनिएको छ । सतीदेवी शिष्य बनेर महादेव गुरु भएर यी दुई प्रकृति र पुरुषको वाद–विवादद्वारा उत्पत्ति भएको शास्त्र नै तन्त्रशास्त्र भनियो । शिव भनेको ईश्वर हो । त्यो नै पुरुष हो । शक्ति भनेको प्रकृति हो त्यो नै पार्वती । दक्षप्रजापतिको भ्रष्ट बुद्धिको कारणले सतीदेवीले शरीर त्याग गर्नु परेको हो । त्यो शरीर त्याग गर्नु पूर्व आफूसँग भएको शास्त्र शिवजीलाई दिनु भएको कारणले कहिले शिव गुरु पार्वती शिष्य त कहिले पार्वती गुरु शिव शिष्य भएर ती अनगिन्ति तन्त्र शास्त्रहरु हामीसम्म आएको हो ।

आगतं शिववक्त्रेभ्यो गतं च गिरिजामुखम् ।
मतं च वासुदेवस्य तस्मादागमुच्यते ॥ (वाराहीतन्त्रे)

३. तन्त्रको संख्या –

तन्त्रको संख्याको विषयमा विद्वानहरुको मतभेद छ । संख्या यति नै भनेर पक्का छैन । पक्का भएको भए कसैलाई बताउन सरल हुन्थ्यो । यो हाम्रो लागि अनुसन्धान र अध्ययनको विषय भयो । संख्याको विषयमा थोरै भए पनि जानकारी लिउँ न ।

बैंकटेश्वर प्रेसबाट प्रकाशित पुस्तक – प्रकाशक खेमराज कृष्णदास – हामीले त विद्वानहरुको भनाई र इतिहासको अध्ययन गर्ने हो । त्यहाँ जे छ त्यही हामीलाई मान्य हुने नै भयो । खेमराज कृष्णदास जी भन्नु हुन्छ – तन्त्रशास्त्र १९२ वटा छन् ।

विष्णुक्रान्ततन्त्र	– ६४
रथक्रान्ततन्त्र	– ६४
अन्यतन्त्र	– ६४
१९२ तन्त्र	

अन्य भन्नाले – मेरु, नारायणी, राधा, रुद्र, ब्रह्म, विष्णु, काली, नील, कुलार्णव, भैरवी, योगिनी इत्यादि ।

अर्को दृष्टिले – वाल्मीकि विद्यापीठबाट प्रकाशित तन्त्रचिन्तामणिमा ५० पद्म छ भनेको छ । यी मध्ये २६ मर्त्यलोकमा, १४ स्वर्गलोकमा र १० पातालमा । यी मध्ये हामीले कति तन्त्र अध्ययन गर्‍यौं त । हुन सक्छ १०,

२०, ३०, ५० आदि। अब संख्याको विषयमा आधार मान्न मिल्ने एकवटा श्लोक छ। महादेवले पार्वतीलाई भन्नु हुन्छ। यसमा १०८ वटा तन्त्र भनिएको छ।

मया कृतानि तन्त्राणि संख्ययाष्टोत्तरं शतम्।

येन येन प्रार्थितोद्रहं देवि सम्प्रार्थिता मया॥ (मेरुतन्त्रे)

४. आम्नाय

आम्नाय भन्नाले बाटो भन्ने बुझिन्छ। साधकले बुझ्नु पर्ने कुरा हो यो। बाटो भन्नाले विधि पनि हो। मेरु तन्त्रमा ६ वटा बाटो बताइएको छ।

मन्त्रयोगं विदुः पूर्वं भक्तियोगञ्च दक्षिणम्।

पश्चिमं कर्मयोगञ्च ज्ञानयोगं तथोत्तरे। (मे.त. १०/९०)

आम्नाय	प्रधान	नायिका	भैरव	शिव
पूर्व	मन्त्रयोग	भुवनेश्वरी	सदाशिव	तत्पुरुष
दक्षिण	भक्तियोग	दक्षिणकाली	महाकाल	अघोर
पश्चिम	कर्मयोग	कुब्जिका	कुब्जिकेश्वर	सद्योजात
उत्तर	ज्ञानयोग	गुह्येश्वरी	गुह्येश्वर	वामदेव
ऊर्ध्व	सर्वाम्न	त्रिपुरसुन्दरी	त्रिपुरेश्वर	ईशान
अधः	अधाम्न	तारा (क) उग्रतारा (ख) आर्यतारा	अक्षोभ्य	कालाग्नि रुद्र

५. साधक

नेपाल खाल्डोलाई आधार मानेर साधकको व्याख्या गरिन्छ अब। साधक भन्नाले यहाँका राजोपाध्याय ब्राह्मण, वज्राचार्य, कर्माचार्यहरु आदि हुन्। राजोपाध्याय ब्राह्मणहरुले वैदिक र तान्त्रिक मिश्रित भएर साधना गर्दछन् भने वज्राचार्य र कर्माचार्यले तान्त्रिक विधिले मात्र साधना गर्दछन्। तर यतिमा मात्र साधकलाई राख्नु सिमित हुन जान्छ। अतः जो साधनामा अभ्यस्त रहेको छ, ऊ नै साधक बन्न जान्छ।

श्रीमद् भागवतमा उल्लेख छ। वैदिक तान्त्रिक वा मिश्रित भएर भगवान्‌को (विष्णुको) अर्चना गर।

वैदिकस्तान्त्रिको मिश्र इति मे त्रिविद्योमखः।

त्रयाणामीस्सितेनैव विधिना मां समर्चयेत्। (श्रीमद्‌भागवत महापुराण ११।२७।७)

वैदिकस्तान्त्रिको मिश्रः श्रीविष्णोस्त्रिविधोमखः।

त्रयाणामीस्सिनैव विधिना हरिमर्चयेत्॥ (पद्मपुराण ९५।७०)

यस लेखको पंक्तिकार म राजोपाध्याय ब्राह्मण र हामी स्वनिग : अर्थात् ललितपुर, भक्तपुर तथा काठमाण्डौं र देशका अन्य भागमा बसेकाहरुले वैदिक, तान्त्रिक र मिश्रित तीनै विधिलाई अङ्गाल्दै आएका छौं। जन्मदेखि विवाहसम्मका दशकर्महरु वैदिक विधिद्वारा गरिन्छ। श्राद्धादि पितृकार्यहरु मिश्रित विधिले गरिन्छ भने वार्षिकी काम्य संस्कृतिहरुः दशैं, तिहार, कुमार षष्ठी, देवालीपूजा, इन्द्रजात्रा, गणेशचतुर्थी आदि तान्त्रिक विधिद्वारा गरिन्छ। सिलसिला मिलेको कारणले, तान्त्रिक विधिद्वारा गरिने एक कर्म यहाँ उल्लेख गर्न उचित लाग्यो।

Raj Kishor

ठ्यासफूमा लेखिएको कर्म बुढापास्नी हो। वृद्धगर्ग संहितामा उल्लेख गरेको भनेर ठ्यासफू (एक प्रकारको पुरानो पाराको किताब) मा बुढापास्नीको विधि बताएको छ। ७७ वर्ष देखि ११० वर्ष सम्ममा ५ पटक गरिन्छ।

भीमरथ	पहिलो	७७ वर्ष	७ महिना	७ दिनमा	
चन्द्ररथ	दोश्रो	८३ वर्ष	४ महिना		
	वा	८० वर्ष	१० महिना	(पुरुषोत्तम महिनासमेत गणना गर्दा)	
महारथ	तेश्रो	८८ वर्ष	८ महिना	८ दिनमा	
देवरथ	चौथो	९९ वर्ष	९ महिना	९ दिनमा	(यसमा पहिला महारथ वा
महादिव्यरथ	पाँचौ	११० वर्ष	१० महिना	१० दिनमा	देवरथ हो मत भिन्न छ।)

यी पाँच कर्म मध्ये दोस्रो कर्म चन्द्ररथारोहण हो। यो कर्म गर्नु पर्ने १८ पुराणहरु मध्येको स्कन्द पुराण जुन ८११०० श्लोक छ। चन्द्ररथारोहण कर्मलाई चौरासी पूजा भन्ने पनि गर्दछ। त्यहाँ भनिएको छ। १००० चन्द्रदर्शन भए पछि चन्द्रपूजा तान्त्रिक विधिले उद्यापन (व्रतपूर्ण) गर।

चन्द्रपूजां ततः कुर्यादागमोक्तविधानतः। (स्कन्द पुराण, बै.खण्ड अयोध्यामहात्म्य ८।४।६४)

तन्त्रको परम्परा शैवतन्त्र, वैष्णवतन्त्र र शाक्त गरि तीन प्रकारको छ। यसको प्रयोग दर्शनशास्त्र, योग, कर्मकाण्ड र विशिष्टमा गरिन्छ।

६. उपलब्धि

तन्त्रशास्त्रले हामीलाई धेरै कुरा दिन्छ। यसले ईश्वर के हो ? जानकारी दिन्छ। ईश्वर चिन्नु भन्नु नै मानिसले मानिसलाई चिन्नु हो। वेद पुरुष प्रधानशास्त्र हो तर पनि शक्तिसँगै जोडिएर आउँछ। तन्त्र प्रकृति प्रधान हो तर पनि पुरुष पनि सँगै आउँछ।

उदाहरणको लागि – हामी वैदिक विधिले कलशार्चन गर्दा अमृतेश्वरी शक्तिसहिताय मृत्युञ्जयाय भनेर पूजा गर्छौं। त्यस्तै तन्त्रविधिमा दुबै आउने नै भयो। जस्तै –

मन्दारमालाकुलितालकायै कपालाङ्कितशेखराय।
दिब्याम्वरायै च दिगम्वराय नमः शिवायै च नमः शिवाय॥

धर्म, अर्थ, काम र मोक्ष चार पुरुषार्थमध्ये मोक्षलाई मुख्य मानेको छ। तान्त्रिक दीक्षित व्यक्तिको तीन पुस्ता जिवीत छन् भने तीनै पुस्ता खुशी भएर बसेको हुन्छ। यो हामीले देखेका छौं। मोक्ष भनेको यहि हो। तन्त्रले इहकालमा खुशी भएर बस परलोकमा पनि खुशी भएर बस्ने सिकाउँछ। म लेखक २०२८ सालमा वैदिक दीक्षित भएँ, देवता चिन्न सकिनँ। ३६ वर्ष पछि २०६४ सालमा तान्त्रिक दीक्षित भएँ। बल्ल देवता चिनेँ।

ललितपुर मंगलबजारमा कार्तिक नाचको अवसरमा नृसिंह नारायणले हिरण्यकशिपु वध गर्छन् र पाटनका तलेजुका पूजारीहरुले मृतसञ्जीवनी खुवाएर बचाउँछन्। यो राम्रो उपलब्धि हो। यो कार्य प्रत्येक वर्ष कार्तिक शुक्ल त्रयोदशीको दिन हुन्छ। यो कार्यमा सफल भन्नु नै उपलब्धि राम्रो भएको हो।

अर्को रोचक उपलब्धि भनेको भारतको पीताम्बर पीठमा, मध्यप्रदेशको दतिया भन्ने स्थान हो। तत्कालीन पीठाधीशलाई राष्ट्रगुरु मानेको थियो। १९६२ मा भारत र चीन युद्ध हुन लागेको थियो। पं ज्वाहरलाललाई यजमान बनाएर ती गुरुले तन्त्रविधिको प्रयोगले (साधनले) युद्ध रोक्न सफल भएको कुरा इतिहासमा उल्लेख छ।

७. भविष्य

यसको भविष्य राम्रो तर्फ उन्मुख गर्नु हामी सबैको कर्तव्य हो। कर्माचार्य, जोशी, वैद्य, प्रधान थरका मानिसले दीक्षा लिन छोडे। हामी राजोपाध्यायमा पनि धेरै कमि आयो। त्यसैले हामी सबै मिलेर तन्त्र साधनालाई पुनरुत्थान गर्न नितान्त जरुरी छ।

८. दीक्षित हुन जिज्ञासुहरुलाई स्वागत –

कोही सत्पात्र आओस्, साधना गरोस्। सिद्धि प्राप्त गरेर समाज, देश विश्वकल्याण कार्यमा लागि परोस्। हामी सबै मिलेर प्रचारप्रसार गरौं, साधना गरौं, सिद्धि प्राप्त गरौं। मेरो तर्फबाट हरसम्भव मद्दत गर्न तयार छु। तन्त्रको महत्त्वको विषयमा एक श्लोक प्रख्यात छ।

विष्णुर्वरिष्ठो देवानां ह्रदानांमुदधिस्तथा।
नदीनाञ्च यथा गङ्गा पर्वतानां हिमालयः॥
अश्वत्थः सर्ववृक्षाणां राज्ञामिन्द्रो यथा वरः।
देवीनाञ्च यथा दुर्गा वर्णानां ब्राह्मणो यथां।
तथा समस्तशास्त्राणां तन्त्रं वै वेदसम्मतम्॥

(देवताहरुमा विष्णु उत्तम, जलाशयमा समुद्र, नदीमा गङ्गा, पर्वतहरुमा हिमालय, वृक्षहरुमा पीपल, राजाहरुमा इन्द्र, देवीहरुमा दुर्गा, वर्णहरुमा ब्राह्मण उत्तम जस्तै शास्त्रहरुमा तन्त्रशास्त्र उत्तम छ। यो कुरा वेदले पनि मानेको छ।

क्षमार्थी

यो लेखक क्षमा माग्दछ – प्रमादले अज्ञानले, भ्रमले कतै गल्ति भएको छ भने, दुर्जन हाँस्दछन् , सज्जनले सुधार गर्छन्।

गच्छतः स्खलनं क्वापि भवत्येव प्रमादतः।
हसन्ति दुर्जनास्तत्र समादधति सज्जनाः॥

शुभमस्तु सर्वजगताम्।

श्री पशुपतिनाथका पूजारी नियुक्तिका क्रममा दर्शन गराइने साक्षी शिवलिङ्गहरु

✍ निर्मला पोखरेल

समयको विभिन्न कालखण्डमा पशुपतिनाथको मन्दिरमा विविध वर्गबाट पूजाआजा हुँदै आएको ऐतिहासिक प्रमाणहरु पाइन्छन् । यही क्रममा यहाँ ब्राह्मण (राजोपाध्याय), वज्राचार्य, सन्यासीहरु हुँदै हालको क्रमसम्म आईपुग्दा भट्ट ब्राह्मणहरुद्वारा पूजा गर्ने परम्परा रहेको पाइन्छ। लिच्छविकालका अभिलेखहरु केलाएर हेर्दा लिच्छवी राजा जिष्णुगुप्तको शासनकालमा प्रव्रजित (सन्यासी) आचार्य भगवत्प्रणर्दनप्राणकौशिक (आचार्य प्रणर्दन)ले मुण्डशृङ्खलिक (मुण्डमाला लाउने) पाशुपत सम्प्रदायका आचार्यहरुको सङ्घलाई खेत दान दिएको, महादेव कहाँ पर्खाल लगाएको चर्चा पाइन्छ (वज्राचार्य, वि.सं.२०५३ पृ.४२६-४३०)। पशुपतिनाथको प्राङ्गणमा छत्रचण्डेश्वर मूर्तिको पादपीठ र स्तम्भमा उनले राखेको माथि उल्लेखित अभिलेखलाई सूक्ष्म रुपमा केलाउँदा तत्कालीन समयमा यिनै सन्यासी आचार्य प्रणर्दन पशुपतिनाथका पूजारी भएका हुनसक्ने देखिन्छ। यसप्रकार मल्लकालसम्म देखिएको सन्यासी पूजारी परम्परा लिच्छवीकालदेखि कै निरन्तरता भएको पाइन्छ।

पछिल्लो समयमा बाह्रौं शताब्दीको अन्त्यतिर (वि.सं. ११५९- ११९९को वीच) काशी अग्निमठबाट नेपाल आएका शङ्कराचार्य स्वामीले दाक्षिणात्य ब्राह्मण (भट्ट / भट्ट पूजारी)बाट पशुपतिनाथको मन्दिरमा पूजा गर्ने चलनको सुरुवात गरेको कुरा भाषा वंशावलीमा उल्लेखित छ । यसपछि यक्ष मल्लका छोरा रत्न मल्ल (वि.सं.१५३९ मा राजा)को समय देखि जगज्जय मल्ल (वि.सं. १७७९-१७९१) सम्म दाक्षिणात्य ब्राह्मणको स्थानमा पुनः सन्यासीहरुले पूजा गरेको प्रमाण पाइन्छ। वास्तवमा लिच्छविकालको अन्त्यदेखि रत्न मल्ल अघिको पूजारी परम्परा त्यति स्पष्ट देखिदैन। जे होस् तथ्यहरु केलाएर हेर्दा जयस्थिति मल्लसम्म ब्राह्मणहरुबाट पूजा भएको देखिन्छ भने रत्न मल्लबाट पुनः सन्यासीहरुले र ने.सं.८५५ बाट जगज्जय मल्लको पालादेखि सन्यासीहरुलाई हटाई भारतका महाराष्ट्र, कर्णाटक र आन्ध्रबाट आएका भट्ट ब्राह्मणहरुलाई यहाँका पूजारीमा नियुक्ति गर्ने परम्परा रहेको पाइन्छ। सबैभन्दा पछिलो क्रम वि.सं. १८०३ मा दाक्षिणात्य ब्राह्मण कृष्ण भट्टको नाम पूजारीको रुपमा देखा पर्दछ। यसप्रकार विभिन्न समयमा पशुपतिनाथको पूजारीका रुपमा विविध वर्ग संलग्न रहँदै आएका तथ्यहरु फेला पर्दछन्। केही दशक अघि देखि भने सबै पूजारीहरु भारतको कर्णाटकका रहँदै आएका छन्।

लिच्छवी र मल्लकालमा पशुपतिनाथको पूजाका लागि मूल रुपमा एकजना मात्रै पूजारी रहँदै आएकोमा राजा श्री ५ गीर्वाणयुद्ध वीर विक्रम शाहले चारमुखका पूजाका लागि छुट्टा-छुट्टै चारजना पूजारीहरु राख्ने व्यवस्था गरे। सोही समय देखि हालसम्म एक मूल र तीन सहायक पूजारीहरु भएर पशुपतिनाथको पूजा सम्पन्न गर्दै आएका छन्। यस्ता पूजारीहरु वैदिक र तान्त्रिक ज्ञान हाँसिल गरेका, संस्कृत र कर्मकाण्ड जानेका, चरित्रवान, विवाहित, असल, शाकाहारी, खत दाग नभएका, निष्ठामा बसेका हुनु पर्दछ।

ऐतिहासिक प्रमाणहरुको आधारमा विभिन्न कालखण्डमा पूजारीहरु छान्ने प्रकृया अलग-अलग रहेको

देखिन्छन्। राजदरबार र पूजारीहरुको प्रत्यक्ष सम्बन्ध रहने हुनाले परापूर्व कालदेखि नै राजाहरुको प्रत्यक्ष रोहवरमा मुख्यरुपमा पूजारीहरु छान्ने गरिएको तथ्यहरु पाइन्छन्। यही क्रममा बहालवाला पूजारीहरुले सिफारिस गरेका, शंकराचार्यद्वारा स्थापित भारतका विभिन्न मठहरुबाट ल्याइएकादेखि पशुपति दर्शन गर्न आएका प्रभावशाली जोगी-सन्यासीहरुलाई यतै राखेर समेत पूजारीमा नियुक्ति गरेको पाइन्छ। उदाहरण स्वरुप भाषावंशावली अनुसार ज्ञानानन्द नामक एक सन्यासी स्वामी पशुपतिमा आएर बसेका छन् भन्ने सुनी प्रताप मल्ल स्वयं गएर उनलाई पशुपति प्रवेश गराई पूजारीमा नियुक्ती गरेका थिए। ज्ञानानन्द पछि प्रताप मल्लका छोरा नृपेन्द्र मल्लले विमलानन्द नामक सन्यासी टङ्केश्वरमा आई बसेको थाहा पाएर आफैं गई परीक्षा गरेर उनलाई पूजारीमा नियुक्त गरेको उल्लेख पाइन्छ।

विभिन्न घटनाहरुले प्राचीन समयदेखि नै दरबार र पशुपतिनाथका पूजारीहरुको ज्यादै निकटको सम्बन्ध रहँदै आएको देखाउँछ। पशुपतिनाथको मन्दिरसँगै दक्षिण-पूर्व रहेको छत्रचण्डेश्वर मूर्तिको पादपीठ र मूर्तिसँगै जोडिएको स्तम्भ अभिलेखमा (सातौं शताब्दी) पशुपतिनाथका सन्यासी पूजारी आचार्य भगवत्प्रणर्दन प्राणकौशिक सम्पन्न हुनुका साथै तत्कालीन शासक जिष्णुगुप्तको दरबारमा प्रतिष्ठा पाएका र उनीसँग निकट एवं कृतज्ञ रहेका बुझिन्छ (वज्राचार्य, वि.सं.२०५३ पृ.४२८-३०)।

पूजारीहरुले पनि अफ्ठ्यारो परिस्थितिमा राजपरिवारका सदस्यहरुलाई सरसल्लाह दिनेमात्र नभई आश्रय समेत दिएका प्रमाणहरु रहेका छन्। प्रताप मल्लका छोरा महीपतिन्द्र मल्ललाई तत्कालीन पूजारी राघवानन्द स्वामीले आफ्नो घरमा आश्रय दिएका थिए। सो समयका दरबारका सर्वेसर्वा लक्ष्मीनारायण जोशीले लुकेर बसेका महीपतिन्द्र मल्लको पूजारीको घरैमा गई टाउको काटी हत्या गराएका थिए। राघवानन्दले यी हतियारधारीहरुबाट राजकुमारलाई जोगाउन कोशिश गरेर पनि सकेनन् र उनी यस्तो अन्यायी राज्यमा बस्न नसक्ने भन्दै पाटनतिर गएर बसेका थिए।

दरबारसँग सोझै सम्पर्क भएका, पशुपतिमा चढाइने ठूलो धनराशीका साक्षी, भक्तालु माझ शिवजीकै प्रतिनिधि मानिने पूजारीहरुलाई धार्मिक अनुशासन भित्र रहने प्रेरणा मिलोस् भनि पशुपतिनाथको मन्दिरमा पूजा गर्न पूजारी नियुक्ति हुनुभन्दा अघि पशुपति लगायत पशुपतिनाथ वरपर रहेका विभिन्न एघार शिवलिङ्गहरुमा दाम सुपारी राखेर दर्शन पूजन र वाचाबन्धन गराउने परम्परा रहेको छ। पाप-धर्ममा आस्था राख्ने समाजमा धर्म भाकेर गरिएका वाचाहरु प्रति आफू सचेत रहेर सो वाचामा अडिग रहने प्रेरणा मिलोस् भनी राजामहाराजा देखि सामान्य मानिसहरुलाई पनि विशेष कार्यका निम्ति शपथ गराउने परम्परा अत्यन्त प्रचलित र प्राचीन हो। पशुपतिनाथको परम्परा, अर्थव्यवस्था लगायत विविध पक्षको सुरक्षा खातिर यहाँका पूजारीहरुको संवेदनशील दायित्व रहने हुनाले उनीहरुमा आत्म अनुशासन जगाउनका लागि पनि यो शपथको परम्परा रहेको देखिन्छ। यही क्रममा विभिन्न किसिमले आवश्यकीय गुणहरु भएका व्यक्तित्व पूजारीको रुपमा छानिए पछि मन्दिर प्रवेश गराउनुभन्दा ४ दिन अगाडि देखि विशेष विधि-विधान गराउने परम्परा रहेको छ। जसअनुसार पहिलो दिन सर्वप्रथम दामसुपारी राखी राष्ट्र प्रमुखलाई भेट गरेर (राजतन्त्र रहेसम्म राजालाई) पशुपतिनाथ आउनु पर्दछ। यहाँ आई तीन रात चारदिन सम्म विधिपूर्वक अन्न र नुन नखाई, एकछाक दुध र फलफूल मात्र खाएर निष्ठापूर्वक पशुपति प्राङ्गण भित्रको भवनमा गुप्तवास बस्नुपर्दछ। यसको लागि पछिल्लो समयमा पशुपति प्राङ्गणको दक्षिणतर्फ रहेको भण्डार तहविलको भवन प्रयोग गरिँदै आएको छ। चौथो दिन बिहानै यही भवन प्राङ्गणमा विषेट नाइकेको नेतृत्वमा हुनेवाला पूजारी, पशुपतिनाथका बहालवाला मूलभट्ट, चार कवलका ४ मूलभण्डारीहरु (पालोवाला भण्डारी नगएपनि

RajKishore

हुन्छ), भण्डार तहविलका नाइके जोशी, आशागुजा बोकेर दुईजना कोतवाल, पञ्चेबाजा टोली लगायतको समूह भेला भई बाजागाजा सहित पशुपतिनाथको पूर्वी ढोकाबाट वाग्मती नदी किनारामा आर्यघाटस्थित आर्यातीर्थमा उपस्थित हुनुपर्दछ। आर्यघाटमा पूर्वतर्फ मृगस्थलीबाट निस्केर वाग्मतीमा मिसिएको खर्वरिका नदी छ र त्यसको संगमस्थल खर्वरिका तीर्थ कहलिन्छ (रेग्मी, वि.सं.२०५३ पृ ११४)। आर्यघाटमा पश्चिमतर्फ मृगेश्वरको मुन्तिरबाट धारारुपले निस्किएर वाग्मतीमा मिसिने मृगेश्वरतीर्थ छ। मृगेश्वरतीर्थलाई नै मृगश्रृंगोदकतीर्थ र मृगोदकोद्भवतीर्थ पनि भनिन्छ। यही दुई खर्वरिकातीर्थ र मृगेश्वरतीर्थको सङ्गममा वाग्मतीको बीचमा आर्यतीर्थ रहेको विश्वास गरिन्छ र आर्या पार्वतीले त्यहाँ नुहाएकोले आर्यातीर्थ नामाकरण भएको मानिन्छ (पूर्ववत्)। हुनेवाला पूजारीलाई यही आर्यातीर्थस्थित ब्रह्मनालबाट निस्किएको निर्माल्यले आचमन गराएर, गौदान गराई सँगै रहेको दशावतारका मूर्तिहरु अगाडि रहेको विष्णुपादुका छेउमा उभाएर आत्मशुद्धि गराउने कार्य मूलभट्टद्वारा गरिन्छ। यो प्रकृयाको मूल आसय शारीरिक, मानसिक र मनोवैज्ञानिकरुपमा आत्म-अनुशासनका लागि उत्प्रेरित गर्नु हो।

आत्मशुद्धिको कार्य सम्पन्न गरिसकेपछि विषेट नाइकेको नेतृत्वमा रहेर, त्यतैबाट वत्सलेश्वरी देवीको परिक्रमा गरि पशुपति क्षेत्रमा रहेका एघार शिवलिङ्गहरु क्रमशः १) भण्डारेश्वर २) ताम्रेश्वर ३) खञ्जनेश्वर ४) कृष्णेश्वर ५) चम्पकेश्वर ६) ईशानेश्वर ७) अचलेश्वर ८) झंकेश्वर ९) भष्मेश्वर १०) अनुपरमेश्वर र ११) पशुपतिनाथलाई दामसुपारी राखेर दर्शनपूजन गर्नु पर्दछ। यो क्रममा अनुपरमेश्वर पछि मूल भट्ट निवाससँगै रहेको कुमार-कुमारी र पशुपतिनाथ मन्दिरको दक्षिणी ढोकासँगै रहेको धर्मशिलालाई पनि दामसुपारी राखेर दर्शनपूजन गरिन्छ। यो क्रममा हुनेवाला पूजारीले आफु लोभानी- पापानी नगर्ने, पशुपतिनाथ, नेपाल देश, (राजतन्त्र रहेसम्म राजाको) तथा जनताको हित चिताउने, परम्परालाई नबिगारी पूजापाठ सम्पन्न गर्ने अर्थ बोकेका मन्त्रहरु पढ्नु पर्दछ। परिक्रमाको कार्य समाप्त भएपछि मूल पूजारीले 'पाशुपत मन्त्र' र 'पञ्चदशी दीक्षा मन्त्र' दिए पछि मात्र पशुपतिनाथ मन्दिरमा भित्र्याइन्छ। यो क्रम सर्वप्रथम भण्डारेश्वर महादेवबाट शुरु भई पशुपतिको दक्षिणतर्फ रहेको धर्मशीलामा भाकेर अन्त्यमा पशुपतिनाथको दर्शन पूजन सहित दामसुपारी राखेर समापन गरिन्छ। यी शिवलिङ्गहरुको अवस्थिति, स्वरुप, वर्तमान अवस्थाका बारेमा तल चर्चा गरिएको छ :

१. भण्डारेश्वर महादेव

पशुपति जयवागेश्वरीबाट सिफल जाँदा, सिफलबाट अलिकति पश्चिमतर्फ बाटोको दायाँ (उत्तर)पट्टि धोबी खोलाको पूर्वी किनारामा भण्डारेश्वर महादेवको लघु मन्दिर रहेको छ। एकतहको पेटीमाथि गुम्बज शैलीमा निर्माण गरिएको मन्दिरको मूलद्वार पूर्वदिशा फर्किएको छ। पुरानो मन्दिर भत्किएपछि वि.सं. २०४१ सालमा हालको यो मन्दिर बनेको हो। शपथ लिनुपर्ने शिवलिङ्गहरु मध्ये पशुपतिबाट सबैभन्दा टाढा यही रहेको छ।

प्राचीन समयमा अत्यन्त महत्त्वका साथ भण्डारेश्वर महादेवलाई लिइएको पाइन्छ। यी महादेवलाई भण्डारको संरक्षक एवं संवर्द्धक देवताको रुपमा लिइन्छ। पहिला यो मन्दिर भण्डारखाल बगैंचाभित्र पर्दथ्यो। भण्डारेश्वर महादेवको नाममा यहाँस्थित बगैंचाको नाम भण्डारखाल बगैंचा रहन गएकोमा हाल अतिक्रमणमा परी भण्डारखाल बगैंचा र भण्डारेश्वर महादेव अलग-अलग देखिन थाले। स्थानीय मानिसहरु र जानकारहरु हालसम्म पनि आफ्नो अन्नबाली भित्राई सके पश्चात सर्वप्रथम यहीं चढाउँदछन्। यसो गर्नाले घरमा सहलागने, अन्नको कमी नहुने विश्वास राखिन्छ। मन्दिरको गर्भगृहमा ठूलो एकमुखी पश्चिमाभिमुख भण्डारेश्वर महादेवको शिवलिङ्ग रहेको छ जुन केही ढल्किएको अवस्थामा छ। जनविश्वास अनुसार परापूर्व कालमा शिवलिङ्गको गहिराई थाहा पाउन खन्दा, फेद नभेटिएको तर लिङ्ग केही ढल्किएको र त्यसपछि लिङ्गलाई त्यही ढल्किएकै

Raj Kishore

अवस्थामा छोडिएको मानिन्छ। यस्ता ढल्किएका अवस्थाका प्राचीन र प्रसिद्ध शिवलिङ्गहरु पशुपति क्षेत्रमा अरु पनि रहेका छन्। जसमा यो क्षेत्रको सबैभन्दा ठूलो राजराजेश्वरी घाटस्थित विराटेश्वर शिवलिङ्ग (लिच्छवी कालीन), एघार शिवलिङ्ग मध्येको एक खञ्जनेश्वर शिवलिङ्ग आदि रहेका छन्।

छैटौं शताब्दी ताकाको करिब तीन फीट अग्लो, केही दक्षिणतिर ढल्केको, एकमुखी शिवलिङ्ग नै भण्डारेश्वर महादेव हुन्। नेपाल अधिराज्य भर नै कममात्रामा पाइने एकमुखी शिवलिङ्गमा यो लिङ्ग मुखलिङ्ग निर्माणको प्रारम्भिक चरणमा निर्माण भएको हो। यो मुखलिङ्गका दुई बाहुहरूमा दायाँ बाहु अभयमुद्रा र बायाँबाहुले कमण्डलु लिएको छ। पीठिका नभएको यो शिवलिङ्गमा बाहिरबाट चाँदीले घेराहाली पीठिकाको स्वरुप दिईएको छ। चाँदीको उक्त पीठिका स्वरुप करिब एक दशक अगाडि स्थानीय साहु हिराररत्नले चढाएका हुन्। सोही अवसरमा उनले चाँदीको नाग पनि चढाएका छन्। प्राचीन समय देखिनै आफ्नो गच्छे र इच्छा अनुसार दाताहरुले खासगरी पीठिकामा तामा, चाँदी, सुनले मोर्दै आएको परम्परा पाइन्छ। पशुपति क्षेत्रमा यस्तो पीठिका रहित शिवलिङ्गलाई चाँदीको पीठिकाको स्वरुप दिई पछि थपिएको प्राचीन शिवलिङ्ग यो मात्र रहेको छ। धनका देवता मानिएको आठौं–नवौं शताब्दी ताकाका कुबेरेश्वर शिवलिङ्ग, छैटौं शताब्दीताकाको विष्णु चतुर्मूर्ति, लगायत अरु गणेश, लक्ष्मी आदिका मूर्तिहरु पनि भण्डारेश्वरसँगै गर्भगृहमा नै राखिएका छन्। गर्भगृहमा रहेका यी अरुपनि प्राचीन मूर्तिहरुले भण्डारेश्वर महादेवको अस्तित्त्व प्रारम्भिक लिच्छविकालदेखि नै रही सकेको देखिन्छ। यी तथ्यहरुले एकातिर पूजारीहरुको शपथ परम्परा प्राचीन भएको र प्राचीन समयदेखि नै प्रसिद्ध रहेको भण्डारेश्वर महादेव र पशुपतिनाथको निकट परम्परा रहेको प्रष्ट देखिन्छ।

भण्डारेश्वर महादेवमा केही वर्ष अगाडिसम्म शिवलिङ्गको पूजा जोगी सन्यासीहरुले गर्दै आएको र अन्तिम सन्यासी पूजारी गोविन्दानन्द गिरी रहेको देखिन्छ। विगत केही वर्षदेखि यहाँ गृहस्थ ब्राह्मण पूजारीले पूजा गर्दै आएका छन्। हाल खञ्जनेश्वर महादेव र यहाँको पूजा एउटै ब्राह्मण पूजारीले सम्पन्न गर्दछन्।

प्रतिदिन पशुपतिनाथ र भण्डारेश्वरलाई नै चढाउनुपर्ने फल–फुल र मालाका लागि यहाँ बगैंचा पनि राखिएको छ। कुनै समयमा प्रत्येक दिन पशुपतिनाथलाई चढाउनका लागि यहाँबाट फल, फुल र माला लाने गरिएकोमा लामो समय अघिदेखि फल नभएको र केही दशक अघि फुल पनि बन्द भएको कुरा हालका पूजारी गोपाल प्रसाद रिमाल बताउँछन्। उनका अनुसार श्रीलाई स्नान गराउँदा सफा गर्न र चढाउनका लागि भीमसेनपाती भने अझैसम्म पनि भक्तजनहरूले नै प्रत्येक दिन यहाँबाट पशुपति लगिदिने गरेको छन्। यहाँ हालसम्म पनि भीमसेनपाती फुलको बगैँचा भने रहेको छ।

पशुपतिनाथका हुनेवाला भण्डारीहरुको पनि उपनयनको अवसरमा भण्डारेश्वर, ताम्रेश्वर, र पशुपतिनाथमा दर्शन गरी दामसुपारी राख्ने परम्परा रहेको छ। यो क्षेत्रमा क्रियापुत्री बस्नको लागि विभिन्न भवनहरू निर्माण गरि व्यवस्थापन गरिँदै आइएको छ।

वाग्मतीको पश्चिमी तटमा पशुपतिनाथ र धोबी खोलाको पूर्वी तटमा भण्डारेश्वर महादेवको अस्तित्त्व अत्यन्त प्राचीन समयदेखि रहेको र यी दुई नदी र मन्दिर बीचको सम्बन्ध पनि प्राचीन समयदेखि नै रहेको, पूजारी परम्परामा समेत लामो समयसम्म समानता रहेको, पशुपतिनाथमा फलफुल, मालाआदि चढाउनका लागि यहाँ बगैंचा नै स्थापना गरिएको र हालसम्म पनि नित्य भीमसेनपाती पशुपतिनाथमा लाने गरेको लगायतका तथ्यहरुबाट यहाँ प्राचीन समयदेखि चल्दै आएको भण्डारेश्वर र पशुपतिनाथको अन्तर–सम्बन्धको परम्परालाई पुनः जागृत गर्दै नियमितता दिनुपर्ने देखिन्छ। पशुपतिनाथ र भण्डारेश्वर महादेको बीचमा सयौं देवीदेवता,

Raj Kishore

मन्दिरहरु, र तीर्थहरु हालसम्म पनि रहेका छन्। यिनीहरुको सूक्ष्मरुपमा अनुसन्धान गर्न सकेमा भण्डारेश्वरदेखि पशुपतिनाथ सम्मको संस्कृति र परम्परा उजागर हुने देखिन्छ।

२. ताम्रेश्वर महादेव (नवाली टोल)

भण्डारेश्वर महादेवबाट पूर्व, जयबागेश्वरीबाट पश्चिमतर्फ नवाली टोलमा यो मन्दिर रहेको छ। हुनेवाला पूजारीलाई भण्डारेश्वर दर्शन पछि यहाँ दर्शन पूजन गराइन्छ। दुईतलाको ताम्रेश्वर महादेवको हालको मन्दिर वि.सं. २०४७ सालमा पुरातत्त्व विभागबाट पुनः निर्माण गरिएको भएतापनि मन्दिरको बनोट भने मल्लकालीन नै हो। तलेशैलीको, धातुको पाताले मोरेको छाना भएको उक्त मन्दिर पशुपति क्षेत्रमा मनाइने परम्परागत जात्राको रथ वा खटलाई अन्तिम परिक्रममा गराई लाने अन्तिम विन्दुस्थलको रुपमा रहँदै आएको छ। यसबाट पशुपति क्षेत्रलाई विभिन्न तहमा सिमाबद्ध गरिएकोमा परम्परागत जात्राहरुको दृष्टिले पशुपतिनाथको एउटा सिमाना यहाँसम्म पनि मान्न सकिन्छ।

एघार शिवलिङ्गहरुमा पशुपतिनाथ बाहेक तलेशैलीको मन्दिर सहितको शिवलिङ्ग यो मात्र रहेको छ। त्यसैगरी, चतुर्मुखी, तामाबाट ठोसरुपमा निर्माण गरिएको शिवलिङ्ग पनि यो मात्र हो। ताम्रलिङ्ग भनेर अभिलेखमा उल्लेखित भएतापनि यो मन्दिर ताम्रेश्वर नामले प्रसिद्ध छ। गर्भगृहमा तामाको धातुको एघाह्रौँ–वाह्रौँ शताब्दी ताकाको ताम्रेश्वर महादेवको चतुर्मुखी शिवलिङ्ग रहेको छ जुन तामालाई गालेर साँचोमा ढाली खोक्रो नभै ठोसरुपमा निर्माण गरिएको हो। तामाबाट निर्माण गरिएको कारणले नै यसलाई 'ताम्रेश्वर' भनिएको पाइन्छ। पीठिका बेसरशैलीको, ढुङ्गाबाट निर्मित वरिपरि तामाको पाताले मोरेर बनाइएको छ।

३. खञ्जनेश्वर महादेव

ताम्रेश्वर महादेवबाट पूर्व, दथुटोल, अमालकोट कचहरी अफिसको प्राङ्गणमा खञ्जनेश्वर महादेव रहेको छ। यो छैटौं शताब्दी ताकाको लिच्छवीकालीन भव्य शिवलिङ्ग हो। हुनेवाला पूजारीलाई ताम्रेश्वर महादेवको दर्शन पछि यहाँ दर्शन पूजन गराइन्छ। नागरशैली (चतुष्कोणाकार पीठिका) को पीठिका भएको यो शिवलिङ्ग केही ढल्किएको अवस्थामा रहेको छ। करिब ५ फीट गहिरो, ४ खुड्किला जमिनबाट गहिराइमा ओर्लिएपछि शिवलिङ्ग रहेको स्थानमा पुगिन्छ। खुला अवस्थामा रहेको यो भव्य शिवलिङ्ग वरिपरि पर्खालको भित्तामा खोपाहरु निर्माण गरेर विभिन्न देवीदेवताहरु राखिएका छन्। जसमा नवग्रहका साधा शिलाखण्डहरु, चारबाहुहरु युक्त नृत्यमुद्राको मूर्ति आदि रहेका छन्। भण्डारेश्वर महादेवका पूजारीले नै यहाँ पनि नित्य सामान्य पूजा गर्दै आएका छन्।

४. कृष्णेश्वर महादेव

खञ्जनेश्वर महादेवबाट पूर्वतर्फ, पशुपतिनाथको पश्चिमी गेटबाट जयवागीश्वरी लाग्दा उकालो सकिने बित्तिकै आउने पाचाटोलमा पाचागणेश नामक लिच्छवीकालीन गणेशको मूर्ति रहेको छ। यहीँबाट करिब तीस मीटर दक्षिण केशवलाल श्रेष्ठ/धनमाया श्रेष्ठ (पत्नी)को घर आँगन र चोकमा चारवटा छैटौं शताब्दी ताकाको लिच्छवीकालीन शिवलिङ्गहरू रहेका छन् जसमध्ये घरको ठीक अगाडि बाटोमै दुई नन्दीका बीचमा एक र अरु तीन घरभित्र रहेका अलग-अलग भित्री चोकमा रहेका छन्। तिनीहरु मध्ये घर प्रवेश गर्ने बित्तिकैको पहिलो चोकको कृष्णेश्वर शिवलिङ्ग हो। खञ्जनेश्वर महादेव पछि हुनेवाला पूजारीलाई कृष्णेश्वर महादेवको दर्शन

पूजन गराइन्छ। बेसर शैली (गोलाकार)को पीठिका रहेको यो शिवलिङ्ग खुला वेवारिसे अवस्थामा रहेको छ। यो भन्दा केही अगाडि गेन्दुश्वर शिवलिङ्ग र त्यो भन्दा केही अगाडि यस्तै वेवारिसे अवस्थामा नै क्षेत्रपालेश्वर शिवलिङ्ग रहेका छन्। यसप्रकार यति धेरै महत्त्वको कृष्णेश्वर लगायतका लिच्छवीकालीन शिवलिङ्गहरू निजी घर चोक भित्र यत्रतत्र छरिएका अवस्थामा रहेका छन्। यिनीहरुको व्यवस्थापनका लागि घरधनीहरु सकारात्मक हुनुपर्ने हुँदा यो सरोकारवाला सबैको लागि चुनौतीको रुपमा रहेको छ। व्यक्तिगत घर–चोकमा रहेका कृष्णेश्वर लगायतका अरु दर्जनौं प्राचीन कृष्णेश्वरहरूको लागि गम्भीररुपमा सबैले सोच्नुपर्ने अवस्था रहेको देखिन्छ।

५. चम्पकेश्वर महादेव

कृष्णेश्वर शिवलिङ्गबाट उत्तरपूर्व, पशुपतिनाथको पश्चिमी गेटसँगै उत्तर– पश्चिम दिशामा, रुद्रगारेश्वर प्राङ्गण बाहिर पश्चिम तर्फ सानो खुल्ला चोकमा दर्जनौं देव–देवी रहेको स्थानमा साक्षीनारायण (गरुडासन विष्णु) सँगै चम्पकेश्वर महादेव रहेका छन्। कृष्णेश्वर महादेव पछि यिनै महादेवलाई हुनेवाला पूजारीद्वारा दर्शन पूजन गराइन्छ। खुलास्थानमा रहेको यो शिवलिङ्गको विशेष संरक्षण गर्न जरुरी देखिन्छ।

६. ईशानेश्वर महादेव

चम्पकेश्वर महादेवबाट पूर्वतर्फ, पशुपतिनाथको उत्तर, कैलाश डाँडाबाट दक्षिण रुद्रगारेश्वर क्षेत्र रहेको छ। प्रसिद्ध ६४ शिवलिङ्ग मध्ये एक रुद्रगारेश्वरमा लिङ्गयात्रा गर्दा दुम्जाको कुशेश्वरबाट सुरुगरी यहीं समापन गरिन्छ। यही प्राङ्गणको उत्तरी पर्खालमा करिब चार फिट लम्बाई चौढाई भएको खोपामा लिच्छवीकालीन ईशानेश्वर महादेवको शिवलिङ्ग वेवारिसे अवस्थामा रहेको छ। चम्पकेश्वर पछि यिनै महादेवलाई हुनेवाला पूजारीद्वारा दर्शन पूजन गराइन्छ। पूर्णरुपमा वेवास्ता गरिएको यो शिवलिङ्गमा नित्य धुपबत्ती र जलमात्र भएपनि चढाउने व्यवस्था हुनु जरुरी देखिन्छ। रुद्रगारेश्वर शिवलिङ्गको नित्यपूजाको जिम्मा आगमघरका पूजारीको भएका कारणले विशेष व्यवस्था नहुन्जेलसम्म त्यहींबाट सामान्य पूजामात्र भएपनि सञ्चालन हुनुपर्ने देखिन्छ। ईशानेश्वर शिवलिङ्गभन्दा पूर्वतर्फको खोपामा लिच्छवीकाल कै निशानेश्वर साधा शिवलिङ्ग रहेको छ। यो परिसरमा पशुपति वरिपरि छरिएर रहेका शिवलिङ्गहरुलाई भेला गरेर सुरक्षित गर्ने क्रममा राजा महेन्द्रको निर्देशनमा दर्जनौं शिवलिङ्गहरु, नन्दी लगायतका केही मन्दिर र मूर्तिका अवषेशहरु पनि पेटी बनाई राखिएका छन्।

७. अचलेश्वर महादेव

ईशानेश्वर शिवलिङ्गबाट पश्चिम–दक्षिण, पशुपतिनाथको पश्चिमी गेटसँगै दक्षिणपट्टि लगनलाछीमा आगमघर रहेको छ र आगमघर प्राङ्गणमा पश्चिमतर्फ लहरै राखिएका विभिन्न देव–देवीहरुमध्ये हाल, पहिलो करिब एक फीट अग्लो साधा शिवलिङ्ग अचलेश्वर महादेव हुन्। लिच्छवीकालीन यो शिवलिङ्ग पाँचौं छैटौं शताब्दी ताकाको हो। ईशानेश्वर शिवलिङ्ग पछि यिनै महादेवलाई हुनेवाला पूजारीद्वारा दर्शन पूजन गराइन्छ। यो शिवलिङ्गसँगै पूर्वमध्यकाल ताकाको वचलेश्वर शिवलिङ्ग रहेकोमा हाल वचलेश्वरलाई अन्यत्रै सारिएको छ। वचलेश्वर अचलेश्वरभन्दा अगाडि पूर्वतर्फ रहेको थियो। हाल यहाँ क्रमशः पूर्वबाट पश्चिम अचलेश्वर, सर्वसिद्धेश्वर (एकमुखे शिवलिङ्ग), उमामहेश्वर, शिवपार्वती, सिंहवाहिनी भगवती, जैनमूर्ति, उमामहेश्वर, नर्तक–नर्तकी (उन्मत्त भैरव र उन्मत्त भैरवीको मानी आगमघरका पूजारीले पूजा गर्दै आएका छन्) का मूर्तिहरु रहेका छन्।

८. झङ्केश्वर महादेव

अचलेश्वर महादेव र पशुपतिनाथबाट पश्चिम–दक्षिणतर्फ, लगनलाछीमा झङ्केश्वरी मठ रहेको छ। यो मठलाई आजकाल शंकराचार्य मठ भनिन्छ। यही मठको पश्चिमी प्राङ्गणमा करिव ३ फटीको गहिराइमा केन्द्र भागमा झङ्केश्वर शिवलिङ्ग रहेको छ। अचलेश्वर शिवलिङ्गपछि यिनै महादेवलाई हुनेवाला पूजारीद्वारा दर्शन पूजन गराइन्छ। यो शिवलिङ्गको वरपर अरु देव–देवी नन्दी, उमामहेश्वर, अर्को शिवलिङ्ग आदि पनि सँगसँगै रहेका छन्। झङ्केश्वर शिवलिङ्ग इश्वीको दशौं–एघारौं शताब्दीताकाको हो। वरिपरि पर्खाललले घेरेर फलामको रेलिङ्गसमेत लगाइएको यो शिवलिङ्ग खुलास्थानमा रहेपनि सुरक्षित रहेको छ। यो शिवलिङ्गबाट करिब तीस मीटर पूर्वमा झङ्केश्वरी पीठ रहेको छ। पशुपतिनाथलाई घेरेर राखेका ९ आवरण देवीहरुमध्ये झङ्केश्वरी पनि एक हुन् र यहाँ यिनै देवीका सहचरका रुपमा झङ्केश्वर महादेव रहेको मान्यता छ।

९. भष्मेश्वर / भद्रेश्वर शिवलिङ्ग

झङ्केश्वर शिवलिङ्गबाट दक्षिण–पूर्व, वत्सलेश्वरी मन्दिरबाट दक्षिण–पश्चिम, वाग्मती किनारमा भष्मेश्वर शिवलिङ्ग रहेको छ। यो क्षेत्रमा अरु पनि लिच्छविकालीन शिवलिङ्गहरू रहेका छन्। त्यसमध्ये भष्मेश्वर शिवलिङ्ग करिब ३ फीट अग्लो वेदीमाथि खुलास्थानमा राखिएको छ। झङ्केश्वर महादेव (शिवलिङ्ग) पछि यिनै महादेवलाई हुनेवाला पूजारीद्वारा दर्शन पूजन गराइन्छ। यो साधा शिवलिङ्गको नागरशैली (चतुष्कोणाकार)को पीठिका रहेको छ।

भष्मेश्वर शिवलिङ्गको पीठिका भन्दा मुनि आसनको रुपमा रहेको ढुङ्गामा पश्चिमतर्फ अभिलेख कुँदिएको छ। उक्त अभिलेख संवत् ४५५ (वि.सं. ५९०) चैत्रमा ध्रुवसङ्घ वार्तले राख्न लगाएका हुन्। सो अभिलेखमा यस्तो लेखिएको छ 'सम्वत् ४५५ चैत्रशुक्ल दशमी। भगवान पशुपतिको क्षेत्रमा आफुले स्थापना गरेका भद्रेश्वर, नाथेश्वर, शुभेश्वर, स्थितेश्वर, रवीश्वर यी पाँच देवताको कारणपूजा (नैमित्तिक पूजा)को लागि र टुटफुट भएका बनाउनको लागि वार्त (सरकारी वृत्ति पाएका) प्रतिहार (राजदरबारका द्वारे) ध्रुवसङ्घले आफ्नो पुण्य बढोस् भनेर तथा आमाबाबुको भलो होस् भनेर आफ्नै मानिसको गोष्ठीको अधीन राखी यूपग्रामको दक्षिणतिरको 'संवैद्ये' भन्ने ४०० मानिका कुत आउने ४०० भूमी खेत दान गरे' (वज्राचार्य, वि.सं.२०५३ पृ. १५६)। यसबाट पशुपति वरपर लिच्छवीकाल देखि आजसम्मका मठ, मन्दिर, शिवलिङ्ग लगायतका मूर्तिहरु स्थापना हुनुमा पशुपतिनाथको महत्त्व नै प्रमुख कारण रहेको स्पष्ट देखिन्छ। एघार शिवलिङ्गहरूमा अभिलेख सहित भएको सबैभन्दा प्राचीन शिवलिङ्ग यही नै हो।

भष्मेश्वर शिवलिङ्गलाई त्यहाँस्थित अभिलेखमा भद्रेश्वर भनिएता पनि बोलीचालीमा भष्मेश्वर भनिदै आएको छ। वास्तवमा यो भद्रेश्वर शिवलिङ्ग हो। यहाँ उल्लेखित नाथेश्वर, शुभेश्वर, स्थितेश्वर, रवीश्वर यी ४ शिवलिङ्गहरु पनि त्यहीं प्राङ्गणमा रहेका छन् र यिनीहरुको विशेष सुरक्षा हुन पर्ने देखिन्छ। यी शिवलिङ्गमा आगमघरका पूजारीले सामान्य पूजा गर्दै आएका छन्। तत्कालीन समयमा नै यिनको उचित प्रबन्धका लागि जग्गा जमिनको व्यवस्था गरिएकोमा सो अनुसार हाल यहाँ विशेष पूजाआजा र व्यवस्थापन हुनुपर्ने देखिन्छ।

१०. अनुपरमेश्वर महादेव /काशीविश्वनाथ

भष्मेश्वर शिवलिङ्गबाट उत्तरतर्फ वत्शलेश्वरी मन्दिरबाट पश्चिमतर्फ कोटिलिङ्गेश्वर मन्दिर प्राङ्गणको दक्षिणी तल्लो खण्डमा विघ्नहारी गणेशको उत्तर– पश्चिम, परदेशी भीमसेन मूर्ति नजिकै अनुपरमेश्वर शिवलिङ्ग

रहेको छ। भष्मेश्वर शिवलिङ्ग पछि यिनै महादेवलाई हुनेवाला पूजारीद्वारा दर्शन पूजन गराइन्छ। लिच्छविकालिन नारी आभिरिगोमिनिले आफ्ना पति अनुपरमको नाममा संवत् ४६२ (वि.सं. ५९७)ज्येष्ठमा राखेको यो शिवलिङ्गमा उत्कीर्ण अभिलेखमा आफ्ना पति अनुपरमको पुण्यवृद्धि र छोरा भौमगुप्त लगायत सन्तानहरुको सुखभोगको लागि अनुपरमेश्वर नामको महादेव स्थापना गरेको कुरो उल्लेख छ (वज्राचार्य, वि.सं.२०५३, पृ१७१)। भक्तहरु र यहाँका आधिकारिक व्यक्तिहरुले पनि यो शिवलिङ्गलाई काशीविश्वनाथ भन्दै आएका छन्। वत्सलेश्वरी मन्दिरबाट पश्चिमतर्फ पर्खाल लगाएर छेकिए पछि देखि सायद यो शिवलिङ्ग ओझेलमा परेको र विस्तारै भुल्दै गएको हुनसक्ने सम्भावना बढि देखिन्छ। वाग्मती नुहाएर वत्सलेश्वरीको दर्शन गरी काशीविश्वनाथको दर्शन पछि मात्र पशुपतिको दर्शन गरिने गरिएको कुरा सुनेको बुढापाकाहरु बताउँछन्।

कुमार कुमारी दर्शन

अनुपरमेश्वर शिवलिङ्गबाट उत्तरतर्फ, कोटिलिङ्गेश्वर मन्दिर परिसरमा, हाल मुलभट्ट निवास भवन रहेको छ। यो भवनसँगै दक्षिणतर्फ मूलभट्टको प्रयोगका लागि केही गाईहरु पालिएको गौशाला रहेको छ। यहाँबाट उत्तरतर्फ रहेको भवनको भित्री चोकलाई कुमारी चोक भनिन्छ। यहाँ लगभग तीनफीट गहिराईमा ठूलो र सानो दुई खम्बा रहेका छन् ती मध्ये ठूलो खम्बालाई कुमार र सानो खम्बालाइ कुमारी मानिन्छ। अनुपरमेश्वर शिवलिङ्ग पछि यिनै कुमार र कुमारीमा हुनेवाला पूजारीद्वारा दामसुपारी राखी दर्शन पूजन गराइन्छ। अरुबेला सँधै सुनसान रहने यहाँ दशैँमा टीकाको दिन कुमार कुमारीको पूजा गरेपछि मात्र अरुले टीका जमरा लाउने परम्परा रहेको छ। पशुपति क्षेत्रभित्र एउटै देवतालाई विभिन्न अवसरमा अलग–अलग स्वरुपमा पूजा गर्ने परम्परा अरु देवदेवीको सिलसिलामा पनि पाइन्छ। त्यसैक्रममा यहाँ यी स्तम्भलाई कुमार कुमारी साथै शिवलिङ्ग समेत मानिएको हुनसक्छ या समयको कालखण्डमा अर्को कुनै शिवलिङ्ग ओझेलमा परी यसैलाई शिवलिङ्गका रुपमा मानिएको हुनसक्छ।

एघार शिवलिङ्ग घुमाउने कार्यको नेतृत्व गर्नु पर्ने जिम्मा पाएका विषेट नायके अरुण श्रेष्ठसँगको छलफल पछि अब उप्रान्त दशौं शिवलिङ्गका रुपमा अनुपरमेश्वर शिवलिङ्गलाई लिइने साथै कुमार–कुमारी दर्शन परम्परा पनि कायमै राख्ने बताउनुहुन्छ।

धर्मशिला दर्शन

पशुपतिनाथ मन्दिरको दक्षिणी ढोका अगाडि चतुष्कोणाकार स्वरुपमा तामाको पाताले मोरेको धर्मशिला रहेको छ। वि.सं. १८६३ कार्तिकमा पहिले लगाएको तामाको पाता बिग्रिएको हुनाले त्यो पाता त्यहीं राखी नयाँ बनाई पशुपति प्रीति गरी कपर्दार भोटु पाँडेले छोराहरु वलभञ्जन पाँडे, गरुडध्वज पाँडे, गजदल पाँडे सहित भएर चढाएको कुरा त्यही धर्मशीलामा कुँदिएको छ (कोइराला, वि.सं.२०५१ पृ.५८५)। उक्त पाता पनि जीर्ण भएकाले वि.सं. २०१६ मा राजा महेन्द्रले पुनः जीर्णोद्धार गरेका हुन्। वास्तवमा यो भोगपात्र हो र प्रत्येक शिवालयमा दक्षिणी ढोका अगाडि शिवजीलाई भोग चढाउनका लागि धर्मशीलामा राखिएको हुन्छ। यहाँ पनि प्रत्येक पूर्णिमामा गरिने महास्नानको अवसरमा ६मुरी, ६पाथी, ६माना, ६मुठी चामलको पकाएको भोग (भात) यही शिलामा राखेर पशुपतिनाथ लाई महाभोग चढाइन्छ। यहाँ भने यसलाई भोगपात्रको रुपमा मात्र नलिई भैरव वा शिवकै प्रतीक मानिँदै आएको छ। पशुपतिनाथको नित्यपूजा गर्ने क्रममा सहायक भट्टले वरिपरिका अरु केही

Raj Kishore

देवीदेवता लगायत धर्मशिलामा पनि जल, फलफुल र अक्षता चढाउने गर्दछन्। खासगरी धर्म भाकेर केही विशेष कार्य गर्नुपरेमा राजा महाराजाहरुले यसलाई शिवजीकै स्वरुप मानेर छोइ शपथ खान थालेपछि धर्मशिला भनिन थालिएको हो। ने.सं. ५७३ (वि.सं.१५१०) को पशुपति गोश्वारामा रहेको एक ताम्रपत्रमा यक्ष मल्लले आ–आफ्ना क्षेत्रका प्रतिनिधिहरुलाई पशुपति र उग्रभैरव (उन्मत्त भैरव)लाई साक्षी राखि श्रीधर्मशिला छुवाई शपथ खुवाए भनिएको छ र यहाँ धर्मशिलालाई 'दिव्यशिला' भनिएको छ (वज्राचार्य, वि.सं.२०६८ पृ.३२४)। पशुपतिक्षेत्र भरी सबैभन्दा बढी धर्म भाक्ने र शपथ गराइने साक्षी स्थलको रुपमा धर्मशिला नै पर्दछ। १० शिवलिङ्गहरु परिक्रमा गरिसकेपछि यो 'दिव्यशिला'मा दाम, जनै, सुपारी राखेर शपथ खुवाइन्छ र अन्त्यमा पशुपतिनाथलाई दाम, जनै, सुपारी राखि दर्शन पूजन गरेर शपथ लिएपछि शपथ–ग्रहण कार्यक्रमको समापन हुन्छ।

प्राचीन समय देखि नै एघार शिवलिङ्गमा जनै, सुपारी र दाम राखी दर्शन पूजन गर्ने परम्परा रही आएको छ तर दश शिवलिङ्गको किटानी भएता पनि कुमार –कुमारी स्तम्भलाई पनि शिवलिङ्ग कै रुपमा मानेर एघार शिवलिङ्ग भनिँदै आएकोमा समयको कालखण्डमा अर्को एक शिवलिङ्ग छुटेको र त्यो छुटेको शिवलिङ्ग अनुपरमेश्वर शिवलिङ्ग हुनुपर्ने देखिन्छ। यसरी छुटेको शिवलिङ्गको सट्टामा कुमार–कुमारीलाई नै शिवलिङ्ग मानिएको हुन सक्ने तथ्यमा ज्यादा सत्यता देखिन्छ। जसरी धर्मशिलालाई समावेश गरिएको छ त्यसरी नै कुमार–कुमारी पनि समावेश भएको तर एघार शिवलिङ्गभित्र भने नपर्ने देखिन्छ। सो कुरामा विषेट नाइके पनि सहमत भएका छन्। यसका विविध कारणहरु छन् जसको छुट्टै चर्चा गरिने छ।

११. ज्योतिर्लिङ्गेश्वर/पशुपतिनाथ

धर्मशिलामा दामसुपारी राखी शपथ लिएपछि अन्त्यमा पशुपतिनाथ मन्दिर भित्र पूर्वी ढोकाबाट प्रवेश गरी पशुपतिनाथलाई दामसुपारी राखेर दर्शन पूजन गरी शपथ–ग्रहण गरेपछि यो कार्यक्रमको समापन गरिन्छ।

ई.पू.१२०० भन्दा अगाडि नै पशुपतिनाथको उत्पत्ति भैसकेको कुरा ऐतिहासिक गणनाहरुबाट पुष्टी हुन जान्छ (कोइराला, वि.सं.२०५१ पृ.२८२)। जलमग्न उपत्यकाको तलाउभित्र छिपेको पशुपतिको ज्योतिर्लिङ्गरुप, पानी खोलिँदा पानीसँग बगेको माटो, बालुवाले छोपिएको र उक्त ठाउँमा गाईले दुध चढाउने गरेकोमा गोपालले खनेर पशुपतिनाथ प्रकट गरेको मान्दा ई.पू.हजारौं वर्ष अगाडिदेखि पशुपतिको अस्तित्त्व रहेको देखिन्छ। ज्योतिर्लिङ्गरुप पशुपतिनाथलाई पाषाण लिङ्गको रुपमा कहिले परिवर्तन गरियो भन्न सकिँदैन। वंशावली अनुसार सुपुष्पदेव वा पशुप्रेक्षदेव लिङ्गस्थापक र पहिलो मन्दिर निर्माणकर्ता देखिन्छन् (उही पृ.२८७)। वंगालका नवाव समशुद्दीनले ने.सं. ४७० मा विभिन्न मन्दिरहरु लुटपाट गर्ने क्रममा यहाँ पनि तोडफोडगरेको हुनाले ने.सं.४८० (वि.सं.१४१७) मा हालको शिवलिङ्ग जयरामसिंहवर्धन नामक बनेपाका महामन्त्रीले स्थापना गरेका हुन्।

ईशाभन्दा हजारौं वर्ष अगाडि नै अस्तित्त्वमा रहेको पशुपतिनाथमा पूजारी नियुक्ती हुँदा माथि उल्लेखित शिवलिङ्ग लगायतका वस्तुहरुमा कुन मितिदेखि शपथ गराउन थालियो त्यो स्पष्ट छैन। यसो भएतापनि यी शपथ गराईएका अधिकांश शिवलिङ्गहरु ईश्वीका पाँचौं–छैटौं शताब्दी ताकाका रहेका छन् र पशुपतिक्षेत्रमा यही समयदेखिका शिवलिङ्गहरु मात्र प्राप्त भएका छन्। यसो भएता पनि सम्पूर्ण परिवेशलाई सूक्ष्मरुपमा केलाएर हेर्दा पशुपतिनाथमा पूजारी नियुक्त हुने व्यक्तिले प्रारम्भ देखिनै कुनै न कुनै रुपमा शपथ लिएर मात्र पूजारीमा नियुक्ती हुने कुरा स्पष्ट आभास हुन जान्छ। यसरी हेर्दा पशुपतिनाथको पूजारी बन्नका लागि विशिष्ट योग्यता क्षमताका हुनुका साथै नियुक्तीका क्रममा विशेष शपथ लिनुपर्ने तथ्य पशुपतिनाथ जति नै पुरानो देखिन्छ।

सन्दर्भ सामग्रीहरु

१. *कोइराला, कुलचन्द्र,* (वि.सं.२०५१), **नेपालका आराध्य देव भगवान् श्रीपशुपतिनाथ,** काठमाण्डौः नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान।

२. *पोखरेल, निर्मला,* (वि.सं.२०७६), **श्रीका पूजारीहरुको शपथग्रहणका साक्षी एघार शिवलिङ्गहरु,** गौरी मासिक पत्रिका, साउन, वर्ष १४, अङ्क ११।

३. *रेग्मी, जगदीशचन्द्र,* (वि.सं. २०५३), **पशुपति–गुह्येश्वरी माहात्म्य,** काठमाण्डौः नई प्रकाशन।

४. *वज्राचार्य, धनवज्र,* (वि.सं.२०५३), **लिच्छविकालका अभिलेख,** कीर्तिपुरः नेपाल र एशियाली अनुसन्धान केन्द्र।

५. *वज्राचार्य, धनवज्र,* (वि.सं.२०६८), **पूर्वमध्यकालका अभिलेख,** कीर्तिपुरः नेपाल र एशियाली अनुसन्धान केन्द्र।

३. अन्तवार्ता लिएका व्यक्तिहरुः

गोपाल प्रसाद रिमाल, वर्ष ७८, भण्डारेश्वर महादेवका पूजारी।

अरुण श्रेष्ठ, विशेट नाइके, वर्ष ५३, पशुपति भण्डारतहविलका प्रमुख।

मदन भट्ट, वर्ष ७४, पशुपति आगमघरकापूजारी, पशुपतिनाथ।

तन्त्र र स्वस्थानी- आराधना

✍ मृगेन्द्रराज सुवेदी

माघमा स्वस्थानी कथालाई नेपाल भाषामा पाठ गर्ने चलन काठमाडौँ उपत्यकावासी सनातनी नेवारहरूको परम्परा हो। सबैजसो घरहरुमा पाठ हुने त्यो कथाले नैतिक शिक्षादेखि भगवत् आराधनाको ज्ञानसम्मै प्रसार गर्दै र प्रयोग हुँदै आएको सर्व विदित कुरा हो। त्यहाँ वाचिने कथाले नेवार संस्कृतिलाई पनि प्रशिक्षण गर्ने संघारमा पुर्याउने गरेको पाइएको छ। स्कन्दपुराणका रेवाखण्डबाट उतारिएको एक अध्यायलाई लम्ब्याउँदै-लम्ब्याउँदै लगेर सृष्टि र स्थितिको कुरा समेत जोड्न गएको हो भन्ने कुरा संस्कृतिविद् रास जोशीले निक्यौंल लगाउनु भएको कुरा यहाँनिर स्मरणीय छ। आजभन्दा चार सय वर्ष अगाडिको स्वस्थानी व्रतकथा मात्र ८ पृष्ठको थियो। उहाँको त्यो खोजी नेवारहरुको पूजा एवम् तन्त्र संस्कृतिसँग पनि जोडिएको छ।

स्कन्द महापुराणमा दर्जेको संस्कृतमा लेखिएको छोटो एक अध्यायलाई नेपाल भाषामा अरु अध्यायहरु थपेर १ महिने आराधनाको कथा पुस्तक बनेको हो भन्ने गरिन्छ। त्यो कथा वाचनले हरेक वर्ष नैतिक शिक्षाको प्रशिक्षण हुने कुरामा प्रश्न उठाउनु पर्नेमा कुनै कुना भेटिन्न। कथावस्तुलाई नैतिक शिक्षामा तानेर वाखँपा अर्थात् प्रसाद वितरण गरि घरघरमा वाचिने त्यो पाठ्यले चेतना दिएको पाइन्छ। अब मूल विषय वस्तुमा प्रवेश गरौँ। स्वस्थानी अवधिभर पूजा हुने देवमूर्ति कुन चाहिँ हो ? उमामहेश्वर हो की ? माधव नारायणको हो ? कुनचाहिँ थापेर पूजाआराधना गर्ने? भनेर आराधकहरुलाई बताएको पाइन्न।

महिना भरि वा अन्तिम दिन मात्रै पनि यो विधिको व्रत लिने चलन नेवारहरूमा रहँदै आएको छ। तर त्यतिबेला उमामहेश्वर वा माधवनारायणको मूर्ति थापेर पूजा गर्ने भन्ने कुनै ठोकुवा विधि त्यस व्रतकथामा उल्लेख भएको पाइन्न। काठमाडौँको शालीनदीमा बसेर लिइने मासव्रतमा माधवनारायण को पूजा र भक्तपुरमा माघ शुक्लपूर्णिमाको दिन गर्ने स्वस्थानी व्रत पूजामा उमामहेश्वरको पूजा हुनु आफैँमा रोचक सन्दर्भ हो। नारायण थापेर पूजा गरे पनि स्वस्थानी देवीको ध्यान पढेर अर्चना गर्नु आफैँमा बुझ्न गाह्रो कुरा हो। तर स्वस्थानी व्रत पूजामा तन्त्र आराधना र वेदार्चन दुबै गाँसिदा जुन मूर्ति थापेर पूजा गर्दा पनि हुने टुंगो लागेको पाइन्छ।

स्वस्थानी पूजा-अर्चना तन्त्रविधिद्वारा पनि आराधना गरिने पूजा कर्म हो। त्यसो हुँदा यसमा तन्त्र जोडिएको मूर्तिमा पूजा हुनु सर्वथा वाञ्छनीय भयो। त्यो पूजामा चन्द्रावती ,नवराज, गोमा आदिलाई पनि आराधना हुने गरेको छ है भन्नुपर्दा मूल पूजामा थापिने मूर्ति चयन कुन चाहिँ हुन्छ भनेर खोजी गर्ने कुनै आधार त्यसले पनि दिएको देखिदैंन। तर मासव्रत लिने वा अन्तिम दिनमा एकदिने व्रत लिने नारीहरूले भने तन्त्र विधिमा अर्चना गर्ने र शक्तिपूजामा गौरी पार्वतीलाई पूजा गर्ने गरेको पाइन्छ। यो पूजा चाहिँ आफ्नो पतिको दीर्घ जीवनको निम्ति हुने अर्चनामा जोडिएको पाइन्छ। यो पूजा सक्किएको लगतै पतिलाई (पति हुनेहरुले) त्यो प्रसाद चढाउने र लगतै अण्डा, मासु, माछा र रक्सीको सगुण भनेर पतिलाई थम्याउनु पर्ने यसको विधि अंशले ठयाक्कै तन्त्राचारलाई समेटेको देख्न सकिने चरण भएको छ। त्यसको साथै मूल देवताको पूजामा त्रिबलि - पञ्चबलि पूजा हुनु आदि पनि यस व्रतको तन्त्रसँगको तालमेल गोचर गराउने पक्ष हो भन्ने ठाउँ भेटिन्छ। ती चरणहरुलाई अनेवार

सनातनीहरुले त्यो व्रतपूजामा हुने गरेको तान्त्रिक अर्चनालाई विष्णु र शिवको पूजामा भाँजो हाल्ने वितण्डा भनेर हिलो छ्याप्ने गरेको पनि सुन्न पाइन्छ। यसको बारेमा जवाफ दिनु यो परम्परा हो भनेर तर्काउने गरेको पाइन्छ। यस्ता महत्त्वपूर्ण पक्षलाई त्यत्तिकै जवाफ दिने विषय बनाउनु भन्दा यसमा गाँसिएका सैद्धान्तिक पक्षहरुलाई केलाउनु उत्तिकै सामयिक हुन्छ भन्ने मलाई लागेको छ।

सर्वप्रथमतः नेवार सनातनीहरूको अर्चना पक्ष पितृश्राद्ध देखि देवार्चन सम्म वैदिक र तान्त्रिक ओजले पुष्ट भई आएको कुरालाई यतिखेरको सोच्ने चौतारो हो भन्नु पर्दछ। किनभने नेवार सनातनीले सम्पादन गर्ने विष्णुको पूजादेखि शिवको पूजासम्म र गणेशको पूजादेखि सूर्यको पूजासम्म तन्त्रपुष्ट पद्धतिमा हुने गरेकोलाई बिर्सनै नहुने सन्दर्भ भन्नु पर्दछ। सत्यनारायणको व्रतपूजा गर्ने सधवा महिलाले पूजाविधिमा गौरीपूजा गरी आफ्नो पतिलाई गौरीप्रसाद चढाउने गरेको देख्ने अनेवार सनातनीले भन्छ त्यो नेवारको तन्त्राचार मात्रै हो।

नेवारले सकारेको निर्देशक ग्रन्थ रुद्रयामल तन्त्रको दिग्दर्शन अनुसार सबै पुरूष देवता भैरव हुन् र सबै स्त्रीदेवीहरु काली हुन् भन्ने छ। त्यहीं भनिएको छ – पूं देव भैरव जय स्त्री देवी कालिका तथा। स्वस्थानी आराधनाको नेवार दस्तुरलाई हेर्दा त्यसमा जुन मूर्ति थापिए पनि शिवशक्त्यात्मक अर्चना हुने कुरा चाहिं यहाँ ट्याक्कै प्रष्टिन्छ। अब स्वस्थानी पूजा विधिमा माधव नारायणको मूर्ति थापियो वा उमामहेश्वरको मूर्ति थापियो भन्ने अलमलमा नलागौँ। यसमा हुने शिवशक्त्यात्मक पूजा स्वस्थानी पूजाले कतिसँगै लान सकेको छ भने नाप्नलाई कथावस्तु मै प्रवेश गरौँ। स्वस्थानी कथामा नवराजले दर्शन पाएको हरिशंकर अर्धाङ्ग हरिको र अर्धाङ्ग शिवको रहेको बताइएको छ। त्यो रुप कसरी शिव शिवशक्त्यात्मक रुप रह्यो भन्ने बुझ्नलाई स्कन्दपुराणको हिमवत्खण्ड र शिवमहापुराण विश्वेश्वर संहितालाई पल्टयउनु उपयुक्त हुनेछ। पशुपति पुराण अनुसार लिङ्ग उत्पतिको इतिवृत्ति त्यसमा पनि उल्लेख भएकै छ।

महानलस्तम्भ विभीषणा कृतिर्वभूव तन्मध्यतले स निष्कलः
पञ्चमण्डल संयुक्त पञ्चब्रह्म कलान्वितम्।
आदिशक्तियुतं चैव आदि लिङ्गम् प्रकीर्तितम्॥ (शिवमहापुराण)

वैवस्वत मन्वन्तरको प्रारम्भमा पहिलो शिवलिङ्ग उत्पत्ति भएको थियो। प्रारम्भमा विष्णु र ब्रह्माले प्रलयको जलैजल माझ आफू ठूलो भनी विवाद गरेका हुन्छन्। यो द्वन्दलाई टुंग्याउनलाई भगवान् विष्णुले झुठो नबोलेको कारण विष्णुलाई आफूमा समाहित गरी शिवले शिवशक्त्यात्मक आदिशिवलिङ्गको आकार वरण गर्नु भयो। अनि यही शिवलिङ्ग यही समयदेखि पूजाको निम्ति थापिने शक्त्यात्मक शिवलिङ्ग भयो। प्रलयकालमा जलैजलको बीचमा उत्पन्न भएको त्यो शिवलिङ्ग भगवान् पशुपतिनाथको शिवलिङ्ग हो। त्यो रूपलाई हरिशंकर भनियो। यस मूर्तिमा आधा भाग विष्णुरूपको र आधा भाग शिवरूपको हुन पुग्यो। त्यो रुपको ध्यान स्कन्दपुराणको रेवा खण्डमा लेखिएको छ।

यौ तौ शंखकपालभूषितकरौ मालास्थिमालाधरौ।
देवद्वारावती श्मशाननिलयौ नागारीगोवाहनौ॥
द्वित्र्यक्षौ बलिदक्षयज्ञमथनौ मेधाधिराजप्रभौ।
हृदयं मे वसतां सदा हरिहरौ श्री शैलजाबल्लभौ॥ (स्कन्दपुराण)

यो ध्यान शिवलिङ्गमा अर्न्तनिहित हरिशंकरको रुपको पशुपति शिवलिङ्गको रूप हो भनिएको छ। लिङ्ग भित्रको ज्योति, शिवशक्त्यात्मक ध्यान हो भने लिङ्गमा देखाइएको पञ्चमुख शिव महापुराण अनुसार यस्तो बताइएको छ।

Raj Kishore

मुक्तपीतपयोध मौक्तिकजवा वर्णैर्मुख पञ्चभिः ।
त्र्यक्षै रञ्जितभीश मिन्दुमुकुटं पूर्णेन्दूकोटी प्रभम् ।
शूलं टंक कृपाण वज्रदहनां नागेन्द्र घण्टाकुशाम् ।
पाशं भीतिहरं दधातु ममितं कल्पोज्वलांग भजे ॥

भगवान् आदि शिवलिङ्ग पशुपतिनाथको तान्त्रिक एवम् शिवशक्त्यात्मक रुप रूपयामल तन्त्रमा बयान भएको पाइएको छ। त्यसलाई शिवशक्त्यात्मक शिवलिङ्गको हरिशंकर रूप भनिएको छ। हरिशंकर रुपमा विष्णु अर्थात् हरि शक्तिरूपको छ भने शंकर पुरुषरुपको छ। नेपाल संवत् ७२८ मा तयार पारिएको भनी लेखेको पद्धतिमा हरिशंकर पूजा विधि मूल देवता हरिशंकरलाई अर्धनारीश्वर सम्बोधन गरिएको छ। त्यो ध्यान यस्तो छ।

नील प्रवाल रुचिरं विलसत्रिनेत्रम् ।
पाशारूणोत्पल कपाल च शूल हस्तम् ॥
अर्धम्बिके शमनिशं प्रविशक्तरूपम् ।
बालेन्दु चन्द्रमुकुटं प्रणमामि रूपम् ॥

धन शमशेर जबराले तन्त्र साहित्यहरुका लिप्यन्तर गर्दा त्यसमा केही संगति दायाँबायाँ पर्ने, व्याकरणको नियम अनुसारको विभक्ति आदि प्रत्ययसँग मिलेर बस्नुपर्नेमा त्यो नियम संगत नभइ फरक हुने आदि देखापर्ने गर्दछ भन्नु हुन्थ्यो। उहाँको भनाइमा त्यस प्रकारको प्रयोग तन्त्रशास्त्रमा यताउता देखिरहने प्रत्येकलाई उहाँ आर्ष प्रयोग भन्नु हुन्थ्यो। त्यसलाई भाषिक मर्यादामा नहेर्ने वा नाक खुम्च्याउन सल्लाह दिनुहुन्छ। उहाँको त्यो सल्लाह यहाँ प्रयोग गरी प्रस्तुत उद्धरण पद्न हुन पाठकसँग निवेदन बिसाउन चाहेको छु।

यहाँ सबै भन्दा स्मरणीय कुरा के छ भने– नारायणलाई मूर्ति थापेर स्वस्थानी व्रतपूजा गर्नेहरूले र भगवान् उमामहेश्वर वा शिवलिङ्गलाई मूर्ति थापेर स्वस्थानीका पूजा गर्ने दुबै थरिले माथि उल्लेख भएको एउटा एउटा गरी दुबै ध्यान गरी पाठ गरी अर्चना गर्ने गरेको पाइएको छ। यो पछि दुबै थरिमा स्वस्थानी परमेश्वरीको ध्यान भनेर निम्न पाठ गर्ने गरेको देखिएको छ।

ॐ नमोस्तेस्तु महादेवी स्वस्थानी परमेश्वरी ।
सिंहासन गतां देवी सर्वालङ्कार भूषिताम् ॥
त्रैलोक्यजननीं देवीं त्रिनेत्रां कमलासनाम् ।
चतुर्भुजाखड्गधरा वराभय भुजां शिवाम् ।
त्रिशुल उत्पलहस्तां दक्षिणेण विधारिणाम् ।
शिवशिवां गोताक्ष्र्यस्थां ध्याये श्रीसंयुक्तां शुभाम् ॥

सबै पूजा आराधानाहरुमा नेवारले तन्त्रांशलाई भित्र्याएकै हुन्छ भन्ने मान्यताले स्वस्थानी पूजा व्रतलाई पनि जोडको पाइन्छ। महिला व्रतीहरुले गौरीपूजा गर्ने गरेकोलाई तन्त्राचारसँग जोडेर हेर्नु पर्ने कुरा माथि नै गइसक्यो। माता पार्वतीले पनि भगवान शिवलाई पति पाउन स्वस्थानी व्रत लिनु त्यही प्रसंगको सिलसिला हो भन्ने यहाँ सम्झनु पर्ने कुरा भएको छ। नेपालको सबैका सबै पूजाविधिहरुमा तन्त्राचार भेटिनुको कारण नेपाललाई तन्त्रानुष्ठानको मूल थलो मानिएकोले नै हुनुपर्छ। मोहनी पूजा यसमा देखिनु पनि सिलासला हो भन्न सकिन्छ।

तस्माद् वामस्य मार्गस्य मूलस्थानं तदुच्यते (रुद्रयामल तन्त्र)

अर्थात् : वाममार्ग (तन्त्राचार) को मूल थलो नेपाल नै हो। तब पुरुष देवताको मूल थलो पाशुपत क्षेत्र हुनु,

स्त्री देवीहरुको मूलथलो पनि गुह्यकाली हुनु आदिले नेपालमण्डल स्त्री–पुरुष देवताको केन्द्रस्थल भइ आएको छ। त्यसमा अझ स्वस्थानी व्रत भन्नाले शिवशक्ति पूजाको सशक्त अभ्यास एवम् आराधना रही आएको हो। त्यही कारण नेवारहरुले लिने स्वस्थानी व्रत पूजा अनेवार सनातनीहरुले लिने व्रत भन्दा फरक देखिन गएको हुन सक्दछ। शिव शक्तिको मूल थलो नेपालमण्डलको व्रत आराधना मध्ये स्वस्थानी व्रत आराधनामा वाग्मती जोडिनु अनि शालीनदीको पूजाको संयोगसँगै शिव आराधनाको अर्को पक्ष वाग्मतीसँग सम्बन्धित बनाएर अर्चना गर्नु आदिले यसको विशेषता अझ प्रगाढ बन्न पुगेको छ। यहाँ भगवान् विष्णुसँग एकाकार गराइएको पशुपतिनाथ शिवलिङ्गको सेवा गर्न दोलागिरी पर्वत (चाँगु डाँडा) मा राज हुने गरूडध्वज भगवान्को मुकामीले यो क्षेत्रमा स्वस्थानी व्रतालुहरुको यात्रा गर्नै पर्ने दस्तुर बनाएको साह्रै महत्त्वको छ। त्यहाँ विष्णुवचन यसरी लागु गरिएको छ।

स्थास्याम्यहं च कन्दर्प मत्प्रिये दोलपर्वते।
देवर्षिभिः समंतत्र पशुपतिं प्रसेवयेत्।

भगवान् विष्णुले भन्नुभयो – हे कामदेव ! भगवान् पशुपतिको सेवा गरी रहन म दोलागिरी पर्वत (चाँगु डाँडा) मै बस्नेछु। अस्तु।

Raj Kishore

चाँगुनारायणमा तन्त्र

चक्रधरानन्द राजोपाध्याय

दोलागिरौ चम्पकवृक्षनिर्गतो
भक्तानुकम्पो गरुडध्वजो हरिः ॥ (नेपालमाहात्म्य, २।३)

दोलागिरिमा चाँपको रुखबाट निस्कनुभएका, भक्तलाई दया गर्ने गरुडध्वज हरि हुनुहुन्छ। धेरै पहिले अति पराक्रमी चण्ड नामको दानवको सेनासँग विष्णुले सहित भएका देवसेनाको भयंकर युद्ध भयो। त्यस युद्धमा धनुर्विद्या तथा मन्त्रविद्यामा विशारद परशुराम तथा शुक्राचार्यका शिष्य सुमति ब्राह्मणको साथ चण्ड भएको हुँदा देवसेनाले चण्डलाई हराउन सकेन। देवसेनाको रक्षाका लागि भगवान् विष्णुले आफ्नो सुदर्शन चक्रले सुमतिको शिर काट्नुभयो। त्यस वेला रिसाएका शुक्राचार्यले भगवान् विष्णुलाई श्राप दिँदै भने– हे विष्णु ! यिनै सुमतिको कुलमा जन्मेको ब्राह्मणले तपाईंको शिर काट्नेछ।[१] शुक्राचार्यको श्रापबाट पीडित भएका विष्णु दोलागिरिमा चाँपको रुखमा बसेर श्रापमुक्त हुने उपाय सोच्न थाले। सुमतिकै वंशमा रिसाहा तर ठूला तपस्वी सुदर्शन नामक ब्राह्मणको जन्म भयो। विष्णुले उनको गाईको दूध चोरेर खान थाले। रिसाहा ब्राह्मण सुदर्शन मेरो गाईको दूध चोरेर खानेलाई काट्छु भनी चियो गर्दै गाईको पछि लागे। दोलागिरिमा चाँपको रुखबाट एक जना कृष्णवर्ण पुरुष (श्रापले गर्दा कालो भएका विष्णु) निस्केर आफ्नो गाईको दूध चुसिरहेको देखेपछि रिसाहा सुदर्शनको रिस अझै तीव्र भयो र उनले आफूसँग भएको हतियारले उक्त दूध चोरको शिर काटिदिए। शिर काटिनेबित्तिकै शिरले हीन भगवान् विष्णु हातमा शंख, चक्र, गदा र पद्म लिई त्यहाँ प्रकट हुनुभयो। यो देखेर सुदर्शन ब्राह्मण ज्यादै खिन्न भए र आफूसँग भएको हतियारले सेरिएर आफू मर्न तयार भए। यो देखेर भगवान् विष्णुले उनलाई रोक्दै भन्नुभयो– हे सुदर्शन ! यसमा तिम्रो कुनै दोष छैन, ब्रह्महत्याको दोष निवारण गर्न मैले नै यस अवस्थाको सृजना गरेको हो त्यसैले श्रापबाट मुक्त भएको म यहीं दोलागिरिमा बस्छु। तिमी मेरो पूजारी बन।[२] यसप्रकार दोलागिरिमा चाँपको रुखबाट निस्केका छिन्नशीर्ष विष्णु रहेको र उनको पूजाका लागि सुदर्शन नामक ब्राह्मण विष्णुबाट नै नियुक्त भएको कथा नेपाल माहात्म्यमा पाइन्छ।[३] सुदर्शन नामक विप्रको वंशजले मात्र चाँगुनारायणको पूजा गर्नुपर्ने र पूजा अखण्डित हुनुपर्ने भएकोले त्यहाँका पूजारीले आफ्नै पिता दिवंगत हुँदा पनि जूठो बार्न मिल्दैन। यो अवस्था स्वयं यस पंक्तिकारले भोगेको छ।

यहाँका पूजारी तन्त्रशास्त्रज्ञ भएकाले कान्तिपुरका मल्ल राजाले आफ्नो गुरु बनाए र आफूसँगै कान्तिपुरमा राखे। राजाको गुरु भएकोले राजोपाध्याय भन्ने उपाधि पनि पाए। त्यसै बेलादेखि चाँगुनारायणका पूजारीले आफ्नो नामको पछाडि राजोपाध्याय लेख्न थालेका हुन्।

---

१ अतोद्रस्य वंशजो विप्र शिरश्छेत्स्यति ते हरे (नेपाल माहात्म्य, २।६३)

२ अत्र दोलागिरौ स्थास्ये छिन्नशापो द्विजोत्तम।
सुदर्शन त्वमत्रैव मम पूजापरो भव ॥ (नेपाल माहात्म्य, २।६६)

३ एवं दोलागिरौ रम्ये हरिश्चम्पकपादपात्।
छिन्नशीर्षः स्थितस्तत्र पूजकस्तु सुदर्शनः ॥ (नेपाल माहत्म्य, २।६८)

Raj Kishore

कान्तिपुरमा पृथ्वीनारायण शाहले हमला गर्दा तलेजुमा उनका सैनिकहरुको वध गर्न सघाएको, चाँगुनारायणमा नित्यपूजाका लागि जल लाने धारा नारायणहिटीमा छालाको जुत्ता लगाएर प्रवेश गरेको भनी पृथ्वीनारायणलाई लखेटेको, उनलाई सहयोग नगरेको आदि रिसमा उनका छोरा प्रतापसिंह शाहले वि.सं. १८३३ फागुनमा चाँगुनारायणमा सुदर्शनवंशी राजोपाध्यायलाई पूजारीबाट हटाई सर्वस्वहरण गरे र अरू नै पूजारी नियुक्त गरे। चाँगुनारायणमा शिर छुट्याई तन्त्रोक्त विधिविधानबाट पूजा गर्नुपर्नेमा अन्य पूजारीहरुले विधिपूर्वक पूजा गर्न नसकेकोले पछि साबिककै सुदर्शनवंशी राजोपाध्यायलाई पूजारी नियुक्त गरे। राजा रणबहादुर शाहले वि.सं. १८५१ कार्तिकमा काठमाडौँमा हाम्रो प्रवेश हुँदा नेपाल राजाका गुरुबापत तिमीहरुको सर्वस्व हरियो। हाम्रा हजुर लाग्याबाहेक अरू कसैले लुकाई, छिपाई, बल मिची खायाको घर, खेत, बिर्ता, गुठी रहलपहल फोइबक्स्याँ भनी ललितानन्द र शिवेन्द्र (शिवेन्द्रानन्द) उपाध्यायलाई लालमोहर गरिदिए। यहाँ राजोपाध्याय भनिएको छैन। राजोपाध्यायलाई अवहेलना गरी ब्राह्मण होइन भनियो भन्ने पनि सुनिएको छ। चाँगुनारायणको ऐतिहासिक सामग्रीको पृष्ठ ५०७ मा छापिएको पत्रमा पूजारीलाई प्रयोग गरिएको शब्दमा तेरा पालाको, तैँले, तेरा जस्ता शब्दहरुले ती राजोपाध्यायलाई अवहेलना गरेको बुझिन्छ। पछि १४६ रोपनी जग्गाबाट बाली उठाई खाने व्यवस्था भयो।

त्यही सुदर्शन विप्रका वंशज हामी राजोपाध्यायहरु अहिले पनि चाँगुनारायणमा निरन्तर पूजारी छौँ। चाँगुनारायणमा पहिलेदेखि नै ब्राह्मणहरुको अस्तित्त्व देखिन्छ। पशुपतिको शुभ स्थानमा माधव (कृष्ण) आएको सुनेर दोलागिरिनिवासी सबै ब्राह्मणहरु उनको दर्शन गर्न आए भनी नेपाल माहात्म्यमा लेखिएकोले[४] चाँगुनारायणका पूजारी खलक राजोपाध्यायहरु भारतबाट या अन्य स्थानबाट आएका नभई यहीँका रैथाने हुन् भन्न सकिन्छ।

यहाँका पूजारीलाई भगवान् विष्णु मन्दिरभित्र भए नभएको थाहा हुन्थ्यो। पालोवाला भँडेल (सुदर्शन ब्राह्मणको गाई पाल्ने गोठालाका वंशज चाँगुनारायणको पूजामा संलग्न हुने पुरानो जाति) ले पूजासामग्री तयार भएकोले पूजाका लागि जान अनुरोध गर्दा पूजारीले आफ्नो निवासको झ्यालबाट मन्दिरभित्र हेरी हाकु चा (उत्पत्तिको समयमा भगवान् विष्णु श्रापले कालो भएको हुँदा त्यही अनुरूप काले भन्ने गरेको) भित्र हुनुहुन्न, पर्ख, हतार नगर भन्थे। यहाँका तन्त्रज्ञ पूजारी सात पाइला हिँडी एक जना साथीसहित गन्तव्यमा पुग्थे, यो कार्य मेरा बुबाले सम्म गरेको हामीलाई थाहा छ तर हामीले सकेनौँ। यसरी बुबा या बाजेसँग साथी जाने चाँगुका धेरै थिए। अहिलेका पुस्तालाई यो कुरा दन्त्यकथाजस्तो लाग्छ।

चाँगुनारायणको नित्यपूजाका लागि स्नान आदि गरी चोखो भएर धोती र रातो भोटो लगाएर मन्दिरमा प्रवेश गरी आचमन, प्राणायाम र तन्त्रोक्त न्यास नगरी भगवान्को मूर्ति स्पर्श गर्न निषिद्ध छ। षोडशोपचारले पूजा गर्ने, विष्णुको शिर अलग गरी तन्त्रोक्त विधिपूर्वक पूजा गर्नुपर्दछ। विष्णुको शिर छिन्न भएपछि विष्णुकै छिन्नशीर्ष शरीरबाट छिन्नमस्ता भगवतीको उत्पत्ति भएको वर्णन हिमवत्खण्डमा पाइन्छ। यसरी छिन्नमस्ता उत्पन्न भएर चाँगुनारायणसँगै बस्नुभयो। चाँगुनारायण र छिन्नमस्तालाई एकै मानी चाँगुनारायणको हरेक पर्वपूजा, जात्रा आदिमा अनिवार्य रूपमा छागबलिसहित पूजा गर्नुपर्दछ। छिन्नमस्तामा कर्माचार्यद्वारा पूजा हुन्छ।

चाँगुनारायण मन्दिरभित्र प्रवेश पाउने दुई खलक राजोपाध्याय पूजारी र भँडेल हुन्। मन्दिरभित्र प्रथम प्रवेश गर्दा विधिपूर्वक चार दिन व्रत बसी पाँचौँ दिन प्रवेश गराइन्छ र छिन्नमस्तामा बोकोबलिसहित पूजा गरी प्रसाद ग्रहण गरिन्छ।

---

४ आगतं माधवं श्रुत्वा स्थाने पशुपतेः शुभे।
आगता ब्राह्मणः सर्वे दोलागिरिनिवासिनः॥ (नेपाल माहात्म्य, २।४४)

चाँगुनारायणको वार्षिक खटजात्राका अवसरमा भातका देवताहरु बनाई तन्त्रोक्त विधिपूर्वक पूजा गरी कान्तिभैरव लगिन्छ। त्यहाँ पोडे थरका व्यक्तिहरुले चाँगुबाट लगेको भैरवमूर्ति जिम्मा लिई भक्तजनहरुलाई पूजा गराउँछन्। रात्रिमा कर्माचार्यद्वारा हवनादि कार्य गरिन्छ।

चाँगुनारायणमा दमनारोहण, चम्पकारोहण, पवित्रारोहण (यसमा नारायणसँगै शिवपूजा तथा चण्डपूजा पनि हुन्छ) आदि पूजापर्वहरु तन्त्रोक्त विधिविधानले सम्पन्न गरिन्छ। साथै छिन्नमस्तामा बलिसहित पूजा हुन्छ। कृष्णजन्माष्टमीमा षष्ठीयागार्चन गरी अदुवा, ज्वानो, चाकुसँगै नुन चढाउने र सोही वस्तुहरु प्रसादस्वरूप वितरण गरिन्छ। छिन्नमस्तामा बोको बलिसहित योगमाया (विन्दुवासिनी) को पूजा गरी रातमा दीपप्रज्वलन गरिन्छ। कार्तिक शुक्ल पूर्णिमामा गरुड पूजा गर्दा भात छर्दै तन्त्रोक्त विधिबाट पूजा गरी आगो बाली ताप्ने गर्दछन्।

मार्ग शुक्लद्वादशीमा चाँगुनारायणको महास्नान गरिन्छ। उक्त अवसरमा एकादशीको साँझ निमन्त्रणा पूजा हुन्छ। महास्नानका लागि पूजारी परिवारकै चार जना ब्राह्मणले कुशकण्डिका होम गर्दछन्। सोही अवसरमा काठमाडौं तलेजुका कर्माचार्यले बोकोबलि र छिन्नमस्ताका कर्माचार्यले हाँसबलिसहित यज्ञमण्डपमै दशवलि आदि पूजा गर्दछन्। अर्का कर्माचार्यले विष्णु क्षेत्रपालमा षट्पान पूजा गर्छन्। यसमा गेडागुडी अन्न सबै काँचै राखिन्छ। धानको थुप्रोमा सुन र कुभिण्डोमा भैरव मुखाकृति लेखी राख्नुपर्दछ। चाँगुनारायणलाई दश घडा पञ्चामृतले स्नान गराइसकेपछि षटपानमा पञ्चसूत्र धागो राखी कसैलाई नछुवाई नारायणलाई त्यही पञ्चसूत्रबाट अर्पण गरिन्छ। यतिन्जेल छिन्नमस्तामा बलिसहित पूजा भइसकेको हुन्छ। यो दिन चाँगुनारायण मन्दिर लगायत पीठहरुमा हाँसबलिसहित पीठपूजा गरिन्छ र कुंछे बलिघरमा पनि पूजा गरिन्छ। यो दिन छिन्नमस्ता मन्दिरबाट छुट्टिएको भनेर मानिएको इन्द्राणी मातृका जो मनोहरा पारी काठमाडौंमा स्थापित छिन् सोही मन्दिरमा कालो भेडोसहित पूजा गर्ने चलन छ। भोलिपल्ट त्रयोदशीमा शंखदहस्थित भूतखेलमा कालो भेडासहित पूजा गरी त्यहीँ चाँगुनारायणका सम्बद्ध भँडेलहरुले प्रसाद र भोजन ग्रहण गर्दछन्। यस वेला अरू (भँडेल बाहेकका) छिर्यो भनी भँडेल नाइकेहरुले आआफ्ना कवलका भँडेल हुन् कि होइनन् भनेर रेखदेख गर्दछन्।

मकर संक्रान्तिका दिन चाँगुनारायणमा मूर्तिहरुलाई मुखाकृतिबाहेक घिउले छोप्ने कार्य गरिन्छ। सो कार्यका अवसरमा गुठी संस्थानबाट ल्याइने तीन धार्नी तथा ठिमीबाट ल्याइने एक पाथी चामल बराबरको घिउ काँसको ठूलो थालमा गोजा (तल फुकेको माथि चुच्चो भएको) आकार बनाई टुप्पोमा रातो घिउ र त्यसमाथि चाँदीका ससाना फूलहरु घुसारेर आकर्षक बनाई बाजागाजाका साथ चाँगु पुर्‍याउँछन्। नारायण घृतछापन गर्दै गर्दा सँगै आएका कर्माचार्यले छिन्नमस्तामा तन्त्रोक्त पूजा गर्छन्। प्रसादग्रहण पश्चात् फर्कँदा रातो घिउलाई तन्त्रोक्त विधानबाट लक्ष्मी, सरस्वती, नारायणको नाभिमा राखिन्छ। भोलिपल्ट सो घिउ र मूर्तिमा राखिएको सम्पूर्ण घिउ मूर्तिबाट निकाली पूजारी, भँडेल नाइके लगायतलाई बाँडिन्छ। सो रातो घिउ विधिपूर्वक शोधन गरी विवाहित निःसन्तान महिलालाई चार दिनसम्म व्रत राखी प्राशन गराइन्छ। पुरुषले पनि चार दिन व्रत बसी जलसेवन गर्नुपर्दछ। यसो गर्नाले निःसन्तान दम्पतीलाई सन्तति प्राप्त भएको यसै पंक्तिकारले देखेको छ। हाल गुठीको जग्गा रैतानी गरेकोले आयस्ता नभएर ठिमीबाट उक्त घिउ आउन बन्द भएको छ। यसले गर्दा एउटा जीबनोपयोगी संस्कार लोप भएको छ। यहाँबाट हनूमान् ढोका लगी पूजापश्चात् राष्ट्राध्यक्षले दर्शन गर्ने कलशयात्रा वर्षको दुई पटक हुन्छ। कलशयात्राको स्वागतका लागि हनुमानढोकामा कुमारीको आगमन हुन्छ। कलशयात्राको दिन चाँगुनारायणलाई कर्कलो र सिस्नोको पायस चढाउने र चाँगुवासीले पनि सो दिन कर्कलो र सिस्नोको पायस खाने चलन यहाँ रहेको छ।

फागुपूर्णिमाका दिनमा वंशगोपाल, राधा र रुक्मिणीलाई पोसाक फेराई पूजा गरी तान्ने रथमा राखी यात्रा गराइन्छ। सो अवसरमा छिन्नमस्तामा बलिसहित पूजा गरी भोज खाने परम्परा रहेको छ।

चैत्र शुक्लपूर्णिमामा अर्धनारीश्वर (लक्ष्मीनारायण)को पूजा एवं साँझ जात्रा हुन्छ। सो जात्रामा मूर्तिको पछाडि बसी पूजा गर्नुपर्ने अनौठो चलन यहाँ रहेको छ। साँखु वज्रयोगिनीको जात्राका लागि वज्रयोगिनी मन्दिरबाट वज्रयोगिनीको प्रतीक ल्याइन्छ। वज्रयोगिनी र चाँगुनारायणको सम्बन्ध भएकोले अगाडि बसी पूजा गर्दा दुबै देवदेवीबीच व्यवधान हुन्छ भनी पछाडिबाट पूजा गरिएको हो भनिन्छ। दुबै मूर्तिको बीचमा बस्दा शक्तिको किरण सहन गर्न गाह्रो हुने भएकोले त्यसो गरिएको हो पनि भनिन्छ। यसप्रकार चाँगुनारायण तन्त्रोक्त विधिविधानसँग प्रत्यक्ष तथा परोक्ष रूपमा सम्बद्ध देवस्थल देखिन्छ। चाँगुनारायणलाई ललितपुर इखालखु, कुपण्डोल, भक्तपुरको ठिमीलगायत धेरै स्थानका बासिन्दाहरुले कुलदेवताका रूपमा मानिआएका छन्। चाँगुनारायणसम्म आउन त्यतिबेला कठिन भएकोले तन्त्रज्ञहरुबाट ललितपुरको चाकुपाट, कुपण्डोल आदि स्थानमा चाँगुनारायण र छिन्नमस्ताको प्रतीक स्थापना गरी पूजा गर्ने परम्परा पनि चलिरहेकै छ।

यस्ता महत्त्वपूर्ण देवस्थल तथा सम्पदाहरुको संरक्षण र संवर्द्धनका लागि पुर्खाहरुले राखेका गुठीजग्गाहरु गुठीसंस्थानले रैतानीका नाममा कौडीको भाउमा बेचबिखन गर्नाले जात्रापर्व र आवश्यक परम्परा नै नचल्ने स्थिति उत्पन्न भएको छ। यसमा राज्यका सम्बद्ध निकायहरुको ध्यान जानु आवश्यक छ साथै सम्बद्ध व्यक्ति, रैरकमी, गुठीयारहरु चनाखो रही आआफ्नो परम्परागत रीतिरिवाज बचाउनका लागि चनाखो भई अघि बढ्नुपर्ने देखिन्छ।

बौद्ध तान्त्रिक अभ्यास च्यो

✍ पुण्य प्रसाद पराजुली

बौद्ध धर्ममा श्रावकयान, महायान र वज्रयान जस्ता अभ्यास गर्ने साधनहरू छन्। संसारलाई निस्सार ठानेर निर्वाण प्राप्तिका लागि शमथ र विपश्यना ध्यान पद्धति अप्नाएर स्रोतापन्न, सकृदागामी, अनागामी र अर्हत् बन्ने यानलाई श्रावकयान वा हीनयान भनिन्छ। विशेषत पाली भाषामा सङ्कलित बुद्धवचन अनुसार अभ्यास गर्ने पद्धति नेपाल, श्रीलङ्का, म्यानमार, थाइलैण्ड, लाओस जस्ता देशहरूमा प्रचलित छ। आफूले मात्र निर्वाण प्राप्त गर्ने मार्गमा नलागी सम्पूर्ण प्राणीहरूको हितको लागि बोधिचित्तोत्पाद गरेर षड्पारमिताहरूको अभ्यास गर्दै सम्यक् सम्बुद्धको अवस्थामा पुग्ने अभ्यास पद्धतिलाई बोधिसत्वयान वा महायान भनिन्छ। चीन, कोरिया, जापान र भियतनाम जस्ता पूर्वी एसियाका देशहरूमा यसको व्यापक रूपमा अभ्यास गरिन्छ। महायान अन्तर्गत तन्त्र विधि अप्नाएर सम्यक् सम्बुद्ध वा वज्रधरको अवस्थामा पुऱ्याउने अभ्यास पद्धतिलाई गुह्य मन्त्रयान वा वज्रयान भन्ने गरिन्छ। नेपाल, चीनको तिब्बत भाषी क्षेत्र, भारतको तिब्बत भाषी क्षेत्र, भुटान मङगोलिया, रुस आदि क्षेत्रहरू वज्रयानको व्यापक अभ्यास गरिन्छ। त्यही क्रममा नेपाल, चीन, भारत र भुटानको तिब्बती भाषी समुदायमा व्यापक रूपमा प्रचलित च्यो (छेदन) को चर्चा गरिन्छ।

तामाङ समुदायमा चोइ पनि भनिने च्यो परम्परामा आफूले सबैभन्दा प्रिय ठानेको आफ्नै शरीरलाई अनासक्त रूपमा सबै खाले देव, असुर, प्रेत, भूतहरूलाई भयानक स्थलमा एक्लै बसेर चढाइन्छ। ग्च्योद् शब्दको सीधा अर्थ काट्नु भन्ने हुन्छ। केलाई काट्ने भन्दा आफ्नै शरीरलाई या यसको रूप स्कन्धलाई काटेर चढाउने हो। हिमाली क्षेत्रमा यसको शुरुवात कर्ता माचिग लाब्डोन (सन् १०५५-११४९) र फाधाम्पा साङ्गेलाई मानिन्छ। हुन त पद्मसम्भव मिलारेपा आदिसँग सम्बन्धित च्यो पनि पाइन्छन् तर सामान्यतया च्यो भन्ने बित्तिकै हिमाली योगिनी माचिग लाब्डोनकै नाम आउँछ। एघारौं शताब्दीमा धाम्पा साङ्गे भनिने भारतीय बौद्ध सिद्धले लगेको परम्परा नै माचिग लाब्डोनले अघि बढाएको भन्ने प्रचलन पनि छ। माचिग् लाब्डोनले नै प्रचलनमा ल्याएको भन्ने मत पनि छ।

भारत वर्षमा शमक परम्परा

प्रज्ञापारमिता वाङ्मयमा प्रज्ञा हृदय (शेराब न्यीङ्पो) नामले प्रसिद्ध ग्रन्थमा आर्य अवलोकितेश्वरले शारिपुत्रलाई धर्म उपदेश दिने क्रममा सर्व दुःख प्रशमन मन्त्र भनी प्रज्ञापारमिता मन्त्रलाई दर्शाएका छन्। प्रज्ञापारमिताको यही वाक्यलाई आधार मानेर भारतीय आचार्य आर्यदेवले आर्य प्रज्ञापारमिता उपदेश नाम ग्रन्थ लेखेका छन्। यस ग्रन्थमा स्कन्धहरूलाई भोजनको रूपमा रूपान्तरण गर्ने उल्लेख छ। एघारौं शताब्दीमा तिब्बत गएका फाधाम्पा साङ्गेले तिब्बती शिष्य क्योतोन सोनाम लामालाई भारतवर्षमा प्रचलित उपदेशहरू प्रदान गरेका थिए। सर्वदुःख प्रशमनलाई तिब्बती भाषामा दुङल थाम्चे राब्तु शिजे भनिन्छ। त्यसैको आधारमा यसलाई शिजे परम्परा भन्न थालियो। पछि सोनाम लामाले माच्यीग लाब्डोनलाई यो उपदेश प्रदान गरे।

Raj Kishore

प्रज्ञापारमितालाई गम्भीर दृष्टि र वैपूल्य चर्याको रूपमा व्याख्या गरिन्छ। गम्भीर दृष्टि परम्परा बुद्ध शाक्यमुनिबाट शुरु हुन्छ, जुन आर्य मञ्जुश्री, आर्यदेव हुँदै फादाम्पा साङ्गेमा आई पुग्यो। वैपूल्य चर्या परम्परा बुद्धबाट आर्य मैत्रेय, आर्य असङ्ग, वसुबन्धु, आर्यदेव हुँदै फादाम्पा साङ्गेसम्म आइ पुगेको थियो। (ग्याछो २०१४:६)। यी दुबै परम्परालाई सूत्र परम्पराको शमक (शिज्ये) भनिन्छ, जसमा शून्यता दृष्टिमा रहेर देह दानको अभ्यास गरिन्छ।

माचिग लाब्डोन र च्यो (छेदन) परम्परा

भारत वर्षबाट तिब्बत गएका फादाम्पा साङ्गेका उपदेशहरू तिब्बती योगिनी माच्यीग लाब्डोनमा पुगेका थिए। फादाम्पाको अलावा माचिगले आर्य ताराबाट सिधै उपदेशहरू पनि पाइन्। वज्रधर, आर्यतारा हुँदै माचिगमा आइपुगेका उपदेशहरूलाई महामुद्रा च्यो भन्न थालियो। निधि परम्पराबाट प्राप्त यस्ता उपदेशहरू शिष्यहरूलाई प्रदान गरेपछि मातृ परम्परा भन्न थालियो र जनमानसमा च्यो नाम विख्यात भयो। यसमा प्रज्ञापारमिताको अलावा अन्य तान्त्रिक उपदेशहरू पनि समेटिएका छन्। शिज्ये र च्योलाई एकै ठाउँमा राख्ने परम्परा शुरु भएको देखिन्छ।

घाम्ङाग ज्योमा च्यो परम्परा

उन्नाइसौं शताब्दीमा प्रसिद्ध धर्मगुरु जाम्गोन कोङ्ट्रुल (सन १८१३-१९००) ले तिब्बतमा प्रचलित उपदेशहरू संग्रह गरेर आठ महारथी अभ्यास परम्परा समेटिएको उपदेश कोश (घाम्ङाग ज्यो) बनाए। अठार पोथीहरूमा संकलित यो उपदेश संग्रहमा पहिला २ ठेलीहरूमा न्यीङ्मापासँग सम्बन्धित उपदेशहरू छन्। त्यसपछि दुई ठेलीमा फाधाम्पाका उपदेशहरू छन् भने पाँचौं र छैठौं ठेलीहरूमा साक्यापासँग सम्बन्धित मार्ग फलम् (लाम्डे) उपदेशहरू छन्। त्यसपछि चार ठेलीहरूमा कर्मा काग्यु उपदेशहरू छन् भने एघारौं र बाह्रौं ठेलीहरूमा स्याङ्पा काग्यु परम्पराका उपदेशहरू संकलित छन्। तेह्रौं र चौधौं ठेलीमा वज्रयोग (षड्योग) र त्रिवज्र सेवा साधना छन्। सौह्रौं र सत्रौं ठेलीहरूमा विभिन्न परम्पराका विविध उपदेशहरू छन् भने अठारौं ठेलीमा नेपाली गुरु कुन्गा डोल्छोग (सन् १५०७-१५६६) द्वारा संकलित १०८ उपदेशहरू छन्। (थाये : २०१३ xxiii)

तेह्रौ र चौधौं ठेलीहरूमा शमकलाई मूल र छेदन (च्यो) लाई सहायक उपदेशहरू मानिएको छ। पहिलो शमकमा पूर्व, मध्य र अन्तिम परम्परामा छुट्याएको छ। पूर्व परम्परामा तीन प्रदीप अन्तर्गत मञ्जुश्रीका चार अभिषेक, तीन अधिदेवमा तारा, मञ्जुश्री र अवलोकितेश्वरका अभिषेकहरू रहेका छन्। मध्य परम्परामा मालुग महामुद्रा अभिषेक, सोलुग गुरु अधिष्ठानको तोर्मा अभिषेक र काम लुग प्रज्ञापारमिताको विद्या प्रदान अभिषेक पर्छन्। अन्तिम परम्परामा विमल विन्दु मुद्रा विषयमा सम्भार मार्गमा प्रवेश गराउने मतिशोधन अधिष्ठान, प्रयोगमार्गमा प्रवेश गराउने तपश्चर्या अधिष्ठान दर्शनमार्गको अविकल्प ज्ञान पैदा गराउने अधिष्ठान, भावना मार्गको समरस अधिष्ठान पर्छन्। मध्यम क्षमताका परिपाक त्रिमार्ग शास्त्रहरूका तीन अभिषेकहरूमा मतिशोधनको पछिल्लो अभिषेक, तपश्चर्याको अभिषेक मोक्षमार्ग आत्मा अभिषेक पर्छन्। उत्तम क्षमता भएकाहरूका लागि एकाभिषेक वा गम्भीर कुसुलु अभिषेक, प्रतीत्य समुत्पाद स्वामी स्तुति नामक धाम्पा रिन्पोछेको बाहिरी, भित्री र गुह्य अभिषेक पर्छन्।

शमक परम्पराका बाह्र सुगतहरूको अभिषेक, मैत्रीपा परम्पराका त्रयोदश देवयुक्त चक्रसंवर, वज्रवाराहीको बाह्य साधन दुईमुखी वज्रवाराही, भित्री साधना अन्तर्गत एक मुखी रक्त वाराही गुह्य साधना अन्तर्गत क्रोधीकाली र अभिगुह्य साधनामा वज्रचण्डा अमृत कलश पर्छन्। धर्मपालहरूमा ज्ञान महाकाल अघोर, वेरनाग च्येन,

Raj Kishore

क्षेत्रपालिका डाकिनी कुन्तुरिका, यक्ष अपराजित पर्छन्। सद् शकुनको गृह प्रवेश अधिष्ठान पनि विस्तारमा दिइन्छ।

उपदेशहरूमा धर्मश्री विरचित शमकका बाहिरी, भित्री र गुह्य उपदेश संग्रहित विमलप्रभा र नेदो सोनाम पाल विरचित पञ्चमार्गका उपदेश पर्छन्। यो परम्पराका प्रमुख ग्रन्थहरूमा अचिन्त्य तन्त्र वर्गको नामार्थ टीका नामक मूल ग्रन्थ, विमल शुद्ध चाँदीको अण्डा, शुद्ध सुनको अण्डा, शुद्ध स्फटिकको अण्डा, दिङ्री शतक, मिलारेपालाई प्रदत्त वज्रगीति, शमक अभिषेक विधि, तीन परम्पराको सुवर्णमाला नामक परम्परा वन्दना, पद्मकुट नामक उपदेश, धाम्पाको त्रिशिंका प्रणिधान पर्छन्।

अंग क्रममा माचिग लाब्डोनका अभिषेक, उपदेश र आगम ग्रन्थहरू पर्दछन्। अभिषेक विषयमा तारानाथ विरचित आकाश उद्घाटन नामक अभिषेक र रत्नसेहं विरचित ग्याल्थाङ परम्पराको आकाश उद्घाटन पर्छन। उपदेशहरू राङज्युङ दोर्जे विरचित गम्भीर मार छेदन निर्देशिका तेन्जीन नाम्दाग विरचित स्हुर परम्पराको गणकर्म सर्वगुणवान्को आलम्बन क्रम टिप्पणी श्वेत स्फटिक आर्दश गुण विरचित देह दान टिप्पणी आनन्दवन, राग आस्ये विरचित कामद वर्षा नामक छेदन निर्देशिका, तारानाथ विरचित नीतार्थ गर्भ नामक छेदन निर्देशिका पर्छन्।

आगम ग्रन्थहरूमा आर्यदेवको प्रज्ञापारमितोपदेश नामक मूल ग्रन्थ, पाल्ज्योर विरचित मूल ग्रन्थ भाष्य अनास्रव मधु माचिग लाब्डोनको महान उपदेश संग्रह (काछोम छेन्मो), राङज्युङ दोर्जे विरचित रूपरेखा, याङछोम शुलेन्मा नामक टीका, न्यीङछोम धर्म मूल, साधारण लेलाग, असाधारण लेलाग, विशेष लेलाग, छेदन उपदेश रत्न निधि कोष, तारानाथ विरचित ग्याल्थाङ परम्पराको अभिषेक विधि, थेग्छोग दोर्जे विरचित गणकर्म गुण समुदय पालरिन विरचित यान्लाग कोङ्वा (अङ्ग पूरण), काग्यु छोग्ले, डाकिनीहरूलाई तोर्मा चढाउने विधि, देहदान पाठ, छेदन क्षेत्र गर्भ गम्भीर एक आसन, गुण विरचित सद्धर्म दुःख प्रशमन (शिज्ये) र छेदन क्षेत्र (च्यो युल) का गुरु परम्पराको पूजा पर्छन्।

तिब्बती भाषी क्षेत्रमा प्रचलित च्यो (छेदन) परम्पराको सैद्धान्तिक आधार शिज्ये (शमक) रहेको देखिन्छ। प्रज्ञापारमिताको शून्यता दर्शन र पारमिता चर्यालाई नै च्योको मूल आधार बनाएको यो धर्म परम्परालाई तिब्बतको उपज पनि भन्ने गरिन्छ। धाम्डाग ज्योका विषयवस्तु हेर्दा यसमा भारत वर्षका वज्रयान बौद्ध अभ्यासहरूको प्रचूर प्रभाव परेको पाइन्छ।

हाल नेपालमा प्रचलित च्यो अभ्यास

वर्तमान समयमा नेपालमा मूलत तीन प्रकारका च्यो अभ्यासहरूको अभ्यास भएको पाइन्छ। कर्मा छाग्मे (सन् १६१३-७८) ले व्यवस्थित गरेको माचिग लाब्डोनको आधारमा गरिने अभ्यास पद्धतिलाई छोग्ले रिन्छेन ठेङ्वा (रत्नावली नामक गण कर्म) भनिन्छ। विशेष गरी काग्यु परम्पराका भिक्षु, भिक्षुणी तथा उपासक उपासिकाहरूले यसको व्यापक रूपमा अभ्यास गरेको पाइन्छ। लामो पूजा पद्धतिमा थुप्रै उपासक उपासिका पनि उत्साहका साथ सहभागी हुँदै डमरुको तालमा सुमधुर लयमा पाठ गरिरहेका भेटिन्छन्।

नेपालको विशेष गरी कर्णाली क्षेत्रमा दुभ्ज्योम लिङ्पा (सन् १८३५-१९०४) को निधिमा आधारित च्यो अभ्यास गरिन्छ। दुभ्ज्योम लिङ्पाकै तेस्रो निर्माणकार्य स्वयं उपस्थित भई देवातरण दिवस (ल्हाबाब दुछेन) को बेला बौद्ध क्षेत्रमा यसको सामूहिक अभ्यास गर्ने प्रचलन भएकाले काठमाडौं उपत्यकामा यसको प्रभाव बढ्दै गएको पाइन्छ। भुटानमा गाराव रिन्पोछेले आमा समूहका लागि सञ्चालित कार्यक्रममा पनि दुभ्ज्योम लिङ्पाकै पद्धति अनुशरण गरेको पाइन्छ। भारतको बोधगयामा समेत च्योपाहरू मिलेर संयुक्त अभ्यास गरेको पाइन्छ। सबैभन्दा पछि प्रचलनमा आएकाले अधिष्ठान ताजा हुन्छ भन्ने मान्यता बौद्ध मार्गहरूमा रहेको छ।

काठमाडौं उपत्यकामा प्रचलित तेस्रो च्यो परम्परा जिग्मे लिङ्पा (सन् १७२९-९८) को निधि ग्रन्थमा आधारित छ, जसलाई डाकिनीको हाँसो (खान्डो ग्येग्याङ) भनिन्छ। तुलनात्मक रूपमा छोटो भएकाले गृहस्थ साधक साधिकाले यसको अभ्यास ज्यादा गरेको पाइन्छ। शुरुमा जावलाखेल र पछि बौद्ध टुसालमा सकृय लामा वाङ्दु रिन्पोछेज्यूले धेरै नेपालीहरूलाई यो परम्परामा दीक्षित गर्नुभएको छ। धेरै नेपाली लामाहरूले यसको सेवा साधना अभ्यास पनि गरिसकेका छन्।

च्यो अभ्यासको मूल विषयवस्तु

यो अभ्यास पद्धति दानपारमितामा आधारित अभ्यास पद्धति हो। दानहरूमध्ये सबैभन्दा उत्तम र कठिन आफ्नै देह दानलाई मानिन्छ। च्यो अभ्यासमा आफ्नो हंसलाई बाहिर निकालेर शरीरलाई भोग्य वस्तुको रूपमा परिणत गरेर अतिथिहरूलाई चढाउने गरिन्छ। श्वेत अर्पणको रूपमा त्रिरत्न र देवलाई अमृतको रूपमा चढाइन्छ। कृष्ण अर्पणको रूपमा नागराज, ग्याल्पो, स्त्री ग्रह, रेमती जस्ता देवासुरहरूलाई चढाइन्छ। रंगीचंगी अर्पणको रूपमा त्रिरत्न, धर्मपाल, षट्गति प्राणी र ऋणीहरूलाई चढाइन्छ। रातो अर्पणको रूपमा पञ्चकुलका डाकिनीहरूलाई चढाइन्छ। यस्ता अर्पणहरू अरुणोदय बिहानीमा कृष्ण, बिहानीमा श्वेत, मध्याह्नमा रंगीचंगी र बेलुकी रातो अर्पण गरिन्छ। डमरुको ध्वनिसहित आह्वान गरेर भोजन गराइसकेपछि धर्म उपदेश गर्ने गरिन्छ। कुनै दुर्बल प्रेतात्माहरूलाई बोलाउन काङ्लिङ बाजाको पनि प्रयोग गरिन्छ।

मध्यरातको समयमा श्मसानहरूमा गएर एक्लै अभ्यास गर्दा यसको सिद्धि प्राप्त हुने मान्यता रहेको पाइन्छ। १०८ मसान र १०८ पानीका मुहानहरूमा अभ्यास गरेमा सिद्धि प्राप्त हुने विश्वासमा थुप्रै तान्त्रिक महिला तथा पुरुषहरू श्मशानहरूमा विचरण गरिरहेको पाइन्छ। गाउँ घरमा कर्मकाण्ड गर्ने लामाले पनि स्थानीय चिहान डाँडाहरूमा यसको अभ्यास गरेको पाइन्छ। लास जलाउने ठाउँमा च्यो का श्लोकहरू वाचन गर्दै लामाहरूले नृत्य गर्ने गरेको पनि पाइन्छ। शैव तन्त्रको अघोर तन्त्रको अभ्यास जस्तो लागे पनि यसमा निर्भय भई प्रिय शरीरको दानलाई सम्पूर्ण प्राणीहरूलाई खुशीसाथ चढाउन सक्नु नै यसको मूल मर्म रहेको पाइन्छ। आत्महत्या गरेको प्रेतात्माहरू भएको तथा महामारी भएको स्थानमा पनि यसका सिद्ध साधकहरूले अभ्यास गरी प्रेतात्माहरूलाई शान्त पारेका थुप्रै प्रमाणहरू भेटिन्छन्। विशेष गरी महिला साधिकाहरूमा यसको प्रभाव अत्यधिक परेको पाइन्छ।

सन्दर्भ समाग्री

Gyatso, Pema Lungtok : **An Ambrosia Ocean of Sublime Explanation**, Berotsana Publications Oregan, USA, 2014

Taye, Jamgon Kongtrul Lodro : **The Catalog of the Treasury of Precious Instructions**, Tsadra Foundation, New York 2013

Edou, Jerome : **Machig Labdron and Mahamudra Chod Tradition**, Snowlion, USA 1994

पराजुली, पुण्य प्रसाद (अनु.) गम्भीर निधि डाकिनी क्रोधीकाली धर्मवर्गबाट पूर्वागत, **चार भोज र मध्यम क्रोधी विजहार** Dudjom International Foundation, Pharping 2021

तन्त्रसाधनामा रुद्राक्षमाला (अक्षमाला)को महत्त्व

मञ्जु राजोपाध्याय

परिचय

रुद्राक्ष अर्थात् रुद्र र अक्ष। महादेवका आँखाबाट झरेका विन्दुबाट उत्पन्न भएको पदार्थ विशेष वनस्पतिको नाम हो, रुद्राक्ष। देवताहरुको कल्याणको निम्ति त्रिपुरासुरलाई संहार गरी विश्राम लिन हिमालय पवर्तमा वास गर्नु भएका असुर संहारक भगवान् रुद्र एक्लै हाँस्नु भएछ र असुर संहारक उहाँका तीनओटै नेत्रबाट आनन्द मिश्रित हर्षका आँशु झर्न पुगेछन्। ती आँशुका थोपाहरुबाट पृथ्वीमा तीनवटा वृक्षहरु उत्पन्न भएछन् र ती रुद्र अश्रुबाट उत्पन्न भएको रुखहरुमा फल लाग्न पुग्यो । महादेवका सूर्य, चन्द्र र अग्निरुपी तीन आँखाबाट तीनै थरीका रुद्राक्षहरु प्रकट भए।

रुद्राक्षजलविन्दुभ्यो यतो जाता महीरहाः।
ततो रुद्राक्षवृक्षास्ते विख्याताः धरणीतले॥

(अर्थः रुद्र भगवान् शिवका आँखाबाट यस धर्तीमा झरेका आँशुका थोपाहरुबाट उम्रेका रुखहरु रुद्राक्ष वृक्ष नामले प्रख्यात भए।)

रुद्राक्षका प्रकारहरु

१. रुद्राक्षः

रुद्राक्ष विशेष गरि अमला जत्रो गोलो आकारका हुन्छन् र ती शुद्ध हुन्छन्। पूजाविधिको निम्ति, जप गर्न शरीरमा धारण गर्ने आदि धार्मिक महत्त्व रुद्राक्षको रही आएको छ। यसैगरी रुद्राक्षको प्रयोग औषधीको काममा पनि भएको पाइन्छ। लामा लामा हरिया केशर हुने सेता फूल फल्ने आरुजस्तो गोलो फल नै रुद्राक्ष हो। अति सानो वा अति ठूलो रुद्राक्षको काम्य प्रयोगले उल्टो फल दिन्छ। सामान्य अमला जत्रो उत्तम मानिन्छ।

२. भद्राक्षः

यो वयर मन्ने फल जत्रो सानो गोलाकार रुपमा पाइन्छ। यो पनि रुद्राक्ष जस्तै भए पनि रुद्राक्षको प्रयोग जति फलदायक भने हुँदैन।

३. इन्द्राक्षः

यो केही अण्डाकारको गोलाई लिएर मदिसे बदामको दानाझैं चेप्टिएको हुन्छ। यसको प्रयोगबाट रुद्राक्ष र भद्राक्षको प्रयोग भन्दा न्यून फल प्राप्त हुन्छ भनिएको छ। अति नै सानालाई सहस्राक्ष भनिन्छ।

उत्पत्ति भेद

त्रिपुरासुरको संहार गरी दैवी संसारको उद्धार गर्न अघोर नामक दिव्य महास्त्र उत्पादन गर्न समाधिस्त हुनु भएका देवाधिदेव महादेव महास्त्र प्राप्ति पछि समाधिबाट फर्कनु हुँदा उहाँका आलोकित तीनवटै नेत्रहरुबाट झरेका आँशुका विन्दुहरुबाट तीन प्रकारका रुद्राक्षहरु उत्पन्न हुन पुगे।

क. बाँया चन्द्र नेत्रबाट सेतो (श्वेत) रंग सत्वगुणका रुद्राक्ष

ख. दाँया सूर्य नेत्रबाट खैरो (कपिल) रंग रजोगुणका भद्राक्ष

ग. तेश्रो अग्नि नेत्रबाट कालो (कृष्ण) रंग तमोगुणका इन्द्राक्ष

श्रीमहादेवका आनन्द वा हर्षको प्रतिफल हो, रुद्राक्ष। रुद्राक्षका चौध रूपहरु छन् : एकमुखी देखि चौधमुखी सम्मका रुद्राक्षहरु सबै नै राम्रा मानिन्छन्। ती मध्ये पाँचमुखीको माहात्म्य सबैभन्दा महत्त्वपूर्ण रहेकोदछ। सबैको कल्याण चाहने शिवको यो उदार उपहार हो। सर्वसुलभ भएकोले त्यति महत्त्व नदिनु हाम्रो अज्ञानता हो। अमला आकारको सर्वश्रेष्ठ, बयर आकारको मध्यम र चना आकारको अधम मानिन्छन्। ती भन्दा साना र ठूला आकारका विपत्तिकर छन् र प्रयोग गर्न निषेध गरिएका छन्। (माथि देखि तल सम्म चिरा परेका धर्कालाई मुख भनिन्छ। यो १ मुखिदेखी ३८ मुखी सम्म हुन्छ भनिएको छ।)

धात्रीफलोपमः श्रेष्ठो मध्यो वयरसन्निभः।
अधमश्चणकामः स्यात् ततो हितो विपत्तिकृत्॥
अतिस्थूलस्तथा सूक्ष्मः स्फुटितो भङ्गरो लघुः
भिन्नः पुराधितो जीर्णो रुद्राक्षो न शुभप्रद॥

१. **एकमुखी रुद्राक्षः** विभिन्न शास्त्रहरुको भनाइमा एकमुखी रुद्राक्ष अद्वितीय नै हो एवं वृक्षसम्भव विशेषमणि अर्थात् रुखमा फल्ने महारत्न नै मानिएको छ। बहुजन्म आर्जित पुण्यकर्मबाट पापहरु नष्ट भैसकेको मानवलाई मात्र यो रूखमा फल्ने मणि प्राप्त हुनसक्छ। यसलाई धारण गर्नाले वा दर्शनमात्र गर्नाले पनि मानिसहरु जन्ममरणको बन्धनबाट र रोग व्याधिबाट मुक्त हुन सक्छ। सबै पाप नष्ट गरी यसले राज्य प्राप्ति सम्मको फल दिन सक्छ।

२. **द्विमुखी रुद्राक्ष :** द्विमुखी रुद्राक्षलाई शिवशक्तिस्वरूप, मायायुक्त परब्रह्मस्वरूप र जगत्‌को कारक तत् बीजरूप मानिएको छ भने यस रुद्राक्षलाई धारण गर्ने व्यक्तिले भुक्तिमुक्ति दुवै प्राप्त गर्न सक्छ। यसले गृहस्थीको पूर्ण सुख प्रदान गर्दछ।

३. **त्रिमुखी रुद्राक्ष :** यो त्रिगुणात्मक तीन शक्ति, त्रिदेश स्वरूप, तीनै लोकको उत्पत्तिको कारण हो तथा तीनै कालको ज्ञान दिने पनि हो। यसलाई धारण गर्ने व्यक्ति त्रिपुरारी भगवान् शिव तुल्य बन्न सक्छ। यो धारण गर्नाले स्त्रीहत्या समेत शमन हुन्छ।

४. **चतुर्मुखी रुद्राक्ष :** यो साक्षात् ब्रह्मास्वरूप, चारै वेदको ज्ञान र चतुर्वर्ग फलदायक मोक्ष चतुरंग, चारै पुरुषार्थहरुको प्रतीक हो। यसले विद्या र वाक् शक्ति पनि प्रदान गर्दछ। धर्म, अर्थ, काम, मोक्षको परिचायक पनि यो रुद्राक्ष हो।

५. **पञ्चमुखी रुद्राक्ष :** सदाशिवका पाँच मुख (सद्योजात, वामदेव, अघोर, तत्पुरुष र ईशान), पञ्चब्रह्म (गणेश, सूर्य, दुर्गा, शिव, विष्णु), पञ्चाक्षर मन्त्र (नमः शिवाय), पञ्चतत्त्व (पृथ्वी, जल, वायु, आकाश, तेज)

Raj Kishore

एवं पञ्चकृत्य (उत्पत्ति, स्थिति, लय, निग्रह, अनुग्रह) स्वरूप मानिएकोले यो सर्वश्रेष्ठ छ र एकमुखी जस्तै शिवस्वरूप पनि हो। सम्पूर्ण साधनाहरु पूरा गर्ने सिद्धि यसले दिन्छ। यदि कसैले पञ्चमुखी रुद्राक्ष धारण गर्दछ भने ऊ पञ्चानन शिवतुल्य हुन पुग्छ।

६. **षडमुखी रुद्राक्ष :** छ मुखी रुद्राक्षलाई धारण गर्दा क्षुधा, प्यास, ज्वरो, अकाल मृत्यु, राग, द्वेष आदि छ दोषहरूबाट मुक्त हुन सकिन्छ। यसरी रोग भय, शत्रुभय आदिबाट बचाउने भएकोले यसलाई देवताहरुका सेनापति कार्तिकेय कुमार पनि मानी आएको पाइन्छ र यसले विजय पनि दिन्छ।

७. **सप्तमुखी रुद्राक्ष :** विशेषगरी यस रुद्राक्षलाई सप्तर्षिहरुको स्वरूप, सप्तमातृका स्वरूप र सप्तस्तोत्र स्वरूप पनि मानिएको छ। यसलाई धारण गर्नाले महालक्ष्मी प्राप्ति हुनुको साथै विषभयबाट समेत मुक्त होइन्छ।

८. **अष्टमुखी रुद्राक्षः** यस रुद्राक्षलाई अष्टमूर्ति स्वरूप वा अष्टाक्षर मन्त्र स्वरूप भनिएको छ। अष्टाक्षर मन्त्र भन्नाले ॐ नमो नारायणाय, ॐ नमो पार्वतीशाय, ॐ नमो हरिहराय भन्ने बुझिन्छ। यस रुद्राक्षलाई विजयको प्रतीक मानिन्छ। कामक्रोध आदि विकारहरुलाई यसले सदाको लागि हटाउँछ ।

९. **नवमुखी रुद्राक्ष :** नौमुखी रुद्राक्षलाई विशेष गरी नवशक्तिसम्पन्न, नवशक्तिदायक, नवनाथस्वरूप, नवार्णमन्त्रस्वरूप, नवदुर्गाको सामीप्यका कारण नवरात्र भन्दा अधिक फलदायक छ भन्ने मानिएको छ। यो धारण गरेमा वाममार्गका साक्षात् भैरव होइन्छ।

१०. **दशमुखी रुद्राक्ष :** दशमुखी रुद्राक्षले दशै दिशाहरूमा विजय प्राप्त गर्न सकिनुको साथै दश इन्द्रियहरुद्वारा भएका पापहरुलाई मोचन पनि गराउँदछ। यसले प्रेतबाधाहरु हटाउँछ, यो स्वयं जनार्दन हो।

११. **एकादशमुखी रुद्राक्ष :** एकादशी व्रतलाई हितकर बनाउनको निम्ति एकादश रुद्रलाई प्रसन्न गराउने हेतुले एकादशमुखी रुद्राक्ष धारण गरिने चलन पनि रही आएको छ। यो रुद्र रूप हो। यसलाई धारण गर्दा अश्वमेध आदिका फल पाइन्छ।

१२. **द्वादशमुखी रुद्राक्ष :** यस रुद्राक्षलाई द्वादशसूर्य, द्वादशमास एवं द्वादशज्योतिर्लिङ्गस्वरूप मानिएको छ। यसलाई धारण गर्नाले द्वादश विष्णु प्रसन्न रहनुको साथै द्वादशाक्षर मन्त्र ॐ नमो भगवते वासुदेवाय, ॐ नमो भगवते गङ्गाधराय जप गरे जति नै फल प्राप्त हुन्छ। यसले सूर्य जतिकै तेजस्वी, प्रतापी बनाउँछ र महान् यज्ञ गरेको फल प्रदान गर्दछ।

१३. **त्रयोदशमुखी रुद्राक्ष :** यो रुद्राक्ष काशीका साक्षात् विश्वनाथ स्वरूप भएको कारणले यसलाई दर्शन र स्पर्श मात्र गर्नाले सम्पूर्ण पापहरु नाश हुन्छन् र दिव्य गति पाउँछन्।

१४. **चर्तुदशमुखी रुद्राक्षः** यो रुद्राक्ष सर्वदेवमय विशिष्ट रत्नै भएकोले यसबाट मूलज्ञान प्राप्त हुन्छ, परम शान्ति, आनन्द पाइन्छ। विश्वविख्यात् प्रतिष्ठा पनि यसले प्रदान गर्छ। चौधै लोकको प्रतीक पनि हो यो रुद्राक्ष।

विविध औषधीको रूपमा रुद्राक्षको प्रयोग :

रुद्राक्षमा निम्नलिखित भिन्न भिन्न गुणहरु समावेश भएका कारण विभिन्न रोग निवारकको रूपमा पनि प्रयोग गरिन्छ।

१. रुद्राक्षको रस अमिलो र गर्मी हुनाले पित्त, वाथ, कफ नाश गर्दछ र टाउको दुखेको निको पार्नुको साथै रुची बढाउने कार्यमा पनि यो प्रयोग गरिन्छ।
२. अम्लीय गुण भएको कारण रक्तवर्धक, रक्तशोधक, रक्तविकारनाशक एवं भिटामिन सीबाट पूर्ण छ।
३. उष्णताको गुण रहेको हुनाले क्षयरोग, दम, पित्त, जस्ता रोगलाई निर्मूल पार्नमा लाभदायक मानिन्छ।
४. रुद्राक्षको दानालाई पानीसँग पिसेर विषाक्त फोका वा घाउमा लेपन गर्दा आराम हुन्छ।
५. पित्त आदि रोगलाई रुद्राक्ष धारण गर्नाले मात्रै पनि निर्मूल पार्न सकिन्छ।
६. रुद्राक्षको बोकाको काँडा पकाएर निमोनिया र मृगी रोगीलाई सेवन गराउनाले लाभ हुन्छ।
७. हृदय रोगीलाई हृदय शक्तिवर्धकको रूपमा र दीर्घायु प्रदायकको रूपमा अति उत्तम मानिन्छ।
८. यसलाई धारण मात्र गर्नाले उच्च रक्तचापको सम्भावना रहँदैन।
९. सर्पले टोकेको मानिसलाई काँचो रुद्राक्ष पिसेर पिलाउनाले विष जति उल्टी भई रोगीलाई आराम हुन्छ।
१०. बच्चाहरुको छातीमा कफ टाँसिएको खण्डमा आमाको दूधसँग रुद्राक्ष घोटेर पिलाउनाले आराम मिल्छ।
११. छातीमा कफ टाँसिएमा महसँग रुद्राक्ष घोटेर चाट्न दिनाले आराम हुन्छ।
१२. रुद्राक्षको भष्मले हैजा, दम, खोकी, सन्धिवात आदि रोगमा अति नै लाभ गराउँदछ। तर्सने भयो भने रुद्राक्ष घोटेर छातीमा लेप लगाई दिनाले बच्चाहरुलाई भूतप्रेतको हावा हटेर सुधार हुन्छ।

रुद्राक्ष धारण गर्ने विधि :

घाँटी, शिर, कान, वाहुमा र जनैमा रुद्राक्ष धारण गरिन्छन्। बाहुमा आठ, आठ, नाडीमा छःछः शिरमा एक, मष्तकमा चालिस तथा कानमा तीन तीन तथा गलामा एक सय आठ दानाको माला बनाएर धारण गर्नु उपयोगी हुन्छ। ब्रह्मग्रन्थीले (ब्रह्म गाँठोले) गाँसिएको मालाले जप गर्दा थैली भित्र लुकाएरै जप गर्नुपर्छ। चोर औंलाले जप्नुहुँदैन, माझी औंलामा गर्नुपर्छ।

अक्षमालाञ्च मुद्राञ्च गुरोरपि न दर्शयेत्।

जप गर्दा जपमाला र औंलाका मुद्रा अर्थात् रुद्राक्ष सार्ने क्रियालाई आफ्ना गुरुलाई पनि नदेखाओस्। रुमालमा वा जप गर्ने झोलाभित्र लुकाएरै जप्नु पर्दछ। जप गर्दा चोर औंलाले माला हुनु हुन्न, मेरु अर्थात् फुर्कालाई घुमाएर आएकै गतिमा फर्काएर जप्नु पर्दछ, मेरु नघाउनु हुन्न। यसरी परिवर्तन गर्दा माला खसाल्नु हुन्न। सावधानी साथ घुमाउनु पर्छ। सौभाग्यवती एवं पुत्रवती नारीले बाटेको धागोले माला गुथ्नु शुभ हुन्छ। माला गुथ्दा मुखसँग मुखै जोड्नु पर्दछ।

रुद्राक्षको प्रयोगमा अपनाउनुपर्ने सावधानी

रुद्राक्षलाई, रुद्राक्षको लेप, चन्दनलाई भुइँमा खसाल्नु हुँदैन, कुल्चनु हुँदैन। शौच कर्म गर्दा रजस्वला हुँदा अलग राख्नु पर्दछ। श्मशान जाँदा पनि यसलाई छोडी जानु पर्दछ। यदि भूल भएमा यसलाई तुरुन्त धोएर पुछेर शोधन गरी यथास्थानमा राख्नुपर्दछ।

तन्त्र साधनामा रुद्राक्षमाला (अक्षमाला) को महत्त्व

१) रुद्र महादेवको आँखाबाट झरेर उत्पन्न भएको विरुवा, रूखमा फल्ने एक किसिमको फललाई रुद्राक्ष भन्ने गरिन्छ। महादेवको अश्रुधारबाट प्राप्त भएको यो वस्तु मानव जगतको लागि पवित्र रत्नको रुपमा वरदान नै सावित भएको छ।

२) माँ पार्वती र महादेवबाट प्रकट भएको तन्त्रमा पनि रुद्राक्ष माला जपको ठूलो महत्त्व छ। तन्त्रमा स्फटिक भनिने खनिज रत्नको माला पनि पर्याप्त मात्रा प्रयोगमा आएको देखिन्छ। यसै गरी अन्य रत्नहरू (मोती) का माला पनि प्रयोग गर्दछन्। कोही कोही साधकहरुले मरेका मानिसका दाँत थुतेर नृदन्तमाला बनाई जपमाला तयार गरी आगम भित्र साधना गर्न प्रयोग गर्दथे।

३) मानव शरीरको अध्ययन गराउनको निम्ति मानिसहरूले आफ्नो अंगहरू दान गर्ने भनी लेखेर गएका साधकहरूले पनि आफ्नो खप्पर वा अन्य अंगहरू शक्तिमाँलाई पनि चढाउने गर्दछन्। नृदन्त मालाजस्तै अन्य हाडका पनि माला बनाई वा शरीरजस्तै लुगामा टाँसेर माँलाई वा गुरूलाई अर्पण गरेको पनि पाइन्छ।

४) नवधा भक्तिमा अन्तिम भक्ति हो आत्मनिवेदन। यही समर्पण भावमा यी कार्यहरू भएका छन्। यी कार्यहरूबाट भक्त एवम् साधकको स्वर्गको सट्टामा माँको काख नै प्राप्त गर्दछन्।

५) आफ्नो साधकले प्रेमपूर्वक चढाएको पात वा बोक्रा समेत मीठो परिकार बनाई ग्रहण गर्नुहुन्छ माँले र आफ्नो प्रिय साधकको बाधा हटाउने आर्शीवाद दिनुहुन्छ।

६) तन्त्राचारमा शिव आँखाको विन्दु रुद्राक्षको महिमा गाइन्छ किनभने रुद्राक्षमाला प्रयोग गरी पूर्णभाव, समर्पण भावको गङ्गा बग्छिन्। यो बाहेक अरु मालाको प्रयोग यहाँ अहम् भाव उत्पन्न हुन्छ।

७) शिवको मनपर्ने शिवा अर्थात् आँग माजुलाई पनि रुद्राक्ष मनपर्ने प्रिय वस्तु भएकोले रुद्राक्ष मालाको प्रयोग गर्दा पनि माँ पार्वती अति नै प्रसन्न हुनुहुन्छ।

८) औँलामा गनेर जप गर्दा एकाग्रता नहुने संख्यामा ध्यान जाने भएकोले रुद्राक्षमालाको प्रयोग गरी जप गर्दा पूर्ण भाव एकाग्र भएर गर्न सकिन्छ। रूद्राक्ष मालामा बनाईएको सुमेरु घुमाउँदा ध्यान टुट्छ र फेरि तुरन्तै जोडिन्छ। अतः तन्त्रशास्त्रमा रुद्राक्षमाला जपको महिमा अत्यन्तै ठूलो छ।

सन्यासी जातिको संस्कारमा रहेको तन्त्रबारे सामान्य चर्चा

✍ शीतल गिरी

१. पृष्ठभूमि

सन्यासी हिन्दू समाजमा परिचित नाम हो जसले आर्य सभ्यताको इतिहासमा महत्त्वपूर्ण स्थान बनाएको छ। वैदिक युगमा आर्यहरूको चार आश्रम व्यवस्था थियो। सन्यासी आश्रम व्यवस्थामा सम्मानित थियो। यथार्थमा सन्यासी जाति, कस्तो जाति हो ? समाजमा यसको महत्त्व र स्थान के छ ? यसको संस्कारमा कस्तो तन्त्र पाइन्छ यसै विषयमा म केन्द्रित रहने छु। भारतवर्षमा बुद्ध र जैन धर्मको प्रभावलाई विस्थापित गराउँन शस्त्र र शास्त्र बल प्रयोग गरेर वैदिक सनातन हिन्दू धर्मलाई स्थापित गराउने अभियानमा शङ्कराचार्यले व्यापक प्रयोग गरेको जाति हो सन्यासी।

२. सन्यासीको प्राचीनता

सन्यासी नाम सन्यास आश्रम व्यवस्थाबाट आएको हो। यो व्यवस्था मानव सभ्यताको उषाकालमा आर्य जातिले विकास गरेको र वैदिक संस्कृतिले स्वीकारेको व्यवस्था थियो। व्यक्ति सन्यास धारण गरेकै दिनदेखि सारा सांसारिक र सामाजिक सम्बन्ध र बन्धनहरूभन्दा माथिल्लो तहको हुने हुँदा सन्यासीलाई सामाजिक सदस्यको रूपमा नमान्ने चलन अद्यापि कायमै छ। आश्रम व्यवस्थाअन्तर्गत जीवनयात्राका लागि हिन्दू संस्कृतिका विद्वान् हरूले मानिसको सामान्य आयु सय वर्षको मानेका छन्। के.एम.कपाडियाले लेखेका छन्, "ब्राह्मणकालमा पारलौकिक अमरत्वलाई जीवनको सार मानिएको भए तापनि मानव जीवनको उद्देश्य अनन्त जीवन जस्तो अमरत्व मात्र प्राप्त गर्नु नभएर शतवर्षीय पूर्णायु प्राप्त गर्नु पनि हो" (बरालः २०५०, पृ. २९)। ब्रह्मचर्य आश्रममा बसी कठोर संयम र नियमको पालन गर्ने जीवनको प्रथम पच्चीस वर्ष अध्ययन तथा ज्ञान प्राप्तिका लागि महत्त्वपूर्ण हुन्छ। छब्बीसदेखि पचास वर्षसम्मको गृहस्थाश्रममा वासनात्मक परितृप्ति तथा सन्तानहरूको भरणपोषण र अन्य पारिवारिक कर्तव्यहरू पूरा गर्नु; एकाउन्नदेखि पचहत्तर वर्षको आयुमा वानप्रस्थी भई जीवनका गूढ रहस्य एवं मोक्ष प्राप्तिको उपाय पत्ता लगाउनु र पचहत्तर वर्षको उमेर नाघिसकेपछि उसले सन्यास ग्रहण गरी भौतिक संसारबाट पूर्णतया विमुख हुनु जस्ता प्रक्रिया बनाइयो। मोक्ष वा मुक्ति प्राप्ति मानव जीवनको परम र चरम लक्ष्यसम्म पुग्ने साधन हो। यसै व्यवस्थाअन्तर्गत जीवनलाई चार आश्रममा विभक्त गरिएको हो।

वानप्रस्थमा अन्तिम लक्ष्य मोक्ष प्राप्तिको लागि तयार गराइन्छ भने सन्यासबाट मोक्ष प्राप्ति सम्भव हुन्छ। आश्रम व्यवस्थाअनुसार विधिपूर्वक पच्चीस वर्षसम्म वानप्रस्थी बनिसकेपछि उसले सन्यासाश्रममा प्रवेश गर्नुपर्ने प्रावधान थियो। आचार्य मनुको मतअनुसार कुनै पनि व्यक्तिले एकपछि अर्को आश्रममा प्रवेश गरी क्रमैसित सन्यासाश्रममा प्रवेश पाउँछ। सन्यासी बनिसकेपछि मनुष्यले आफूसँग कुनै पनि कुरा राख्नु हुँदैन। इन्द्रियहरू नियन्त्रण गरी घृणा, लोभ, मोह जस्ता कुत्सित भावनाहरू परित्याग गरी कुनै पनि प्राणीको हानि नोक्सानी नपुर्‍याई

उसले बाँच्नु पर्दछ। आश्रममा पढ्न आएका बालकको अनन्त शक्तिलाई अनुभवी हातले यथोचित ज्ञान प्रदान गरी उचित दिशातिर डोऱ्याउनु पर्दछ। शक्ति ह्रास हुँदै गएको प्रौढावस्थालाई संयमका कठोर बन्धनहरूले रोक लगाई उसको अनुभवको यथेष्ट लाभ समाजलाई दिनलाउनु पर्दछ। वास्तवमा सन्यासी त्यो हो, जसले अर्काको दुःखलाई आफ्नै दुःख सम्झी चिन्ता गर्दछ।

हिन्दूहरूका आराध्यदेव महादेवलाई कुलदेवता मान्ने दशनामी सन्यासीहरू शैवधर्म मान्दछन्। जन्मदेखि मृत्युसम्मका सबै कर्महरू सन्यासी गुरुमार्फत् आफ्नै मौलिक तन्त्र विधिले गरिन्छ। सन्यासी जाति ब्राह्मण होइन किनकि जातीय परम्परा संस्कार, संस्कृति तथा कर्मका हिसाबले र प्रचलित सबै शास्त्र एवं ग्रन्थहरूमा उल्लेख भएअनुसार पनि यस जातिलाई चार जातभन्दा पृथक राखेको देखिन्छ। सन्यासी जात तागाधारी, खस बाहुन वा ब्राह्मण क्षत्री हुने कुनै आधार भेटिँदैन। लोपोन्मुख सन्यास परम्परा र जातीय संस्कारका जन्म, गुरुमुखी, विवाह एवं मृत्यु जस्ता संस्कार यिनीहरूले (नेपाल तराईका या पहाडकाले) बचाएको पाइन्छ। सन्यासीहरूलाई भारतवर्षमा शंकराचार्यले नयाँ उपज या नयाँ जाति बनाएको भनिएको मात्र हो, अन्य जातिबाट "सन्यास" कर्म धारण गरेका "कर्म सन्यासी" हरूकै सन्तान बढेर दसनामी सन्यासीहरूको विकसित रूप बनेको हो भन्ने सोच धेरैको रहेको छ। जातिय व्यवस्था लागु हुनु अगावैदेखि सन्यासीको आआफ्नो अलगअलग मठ, आश्रम र पहिचान (दश थर) थियो।

मानव सभ्यताको थालनीमा सबैका आआफ्ना रीतिरवाज र धर्मपरम्परा अनुसार आश्रममा बस्ने र सन्यास आचार्यहरूले अन्यलाई शिक्षादीक्षा दिएर शिक्षित गराउने गर्दथे। सन्यास धर्मपालन गरेका सन्यासीहरू जङ्गल, पर्वत, आश्रमहरूमा नै बसे। कालान्तरमा जंगल, पर्वत, आश्रममा सन्यासीहरूको पनि सन्तान बढ्दै गयो, जङ्गल, पर्वत, समुद्र किनारका आश्रममा खान नपुग्ने भएपछि तिनीहरू पनि बाध्यतावश गाउँ-शहरमा आउनै पऱ्यो। जाति प्रथा लागु भइसकेपछि गाउँ-नगरमा आउँदा जो जहाँबाट जसरी आएका थिए सोही किसिमको थरले परिचित हुनपुगे, जस्तै— गिरी, पुरी, भारती, वन, पर्वत, सागर, सरस्वती, आश्रम, अरण्य र तीर्थ।

३. सन्यासी जातिमा विलय

आर्यमाझ सबभन्दा पुरानो हो आश्रम व्यवस्था। आश्रम व्यवस्था अनुरूप सन्यासको प्रचलन चल्यो। मनुस्मृतिको तेस्रो अध्यायको चवालिसौं श्लोकले सन्यासी जातिका राजा हिमालय पर्वतको बारेमा बोलेको छ। नारदका समकालीन 'पर्वत' थरका सन्यासी ज्ञान प्रसारण गर्थे उनको जात बारेमा भने 'जाति भाष्कर' तथा पौरस्त्य साहित्य मौन छ। हिन्दूहरूले ज्वाइँलाई भगवान् समान मानेर सम्मान दिएझैँ थर गोत्र विहीन शिवलाई हिमालय पर्वत पुत्री पार्वती दिएपछि दसनामी सन्यासीहरू शिवलाई ज्वाइँ मानेर सम्मान गर्दागर्दै उपासक बन्न पुगेका हुन्। आज दशनामी (दशथर) शिव उपासक सन्यासी जातिको रूपमा समाजमा छ।

४. शङ्कराचार्य र सन्यासी

शैव सम्प्रदायका एक प्रमुख अनुयायी शंकराचार्यलाई अद्वैत वेदान्तको प्रवर्तक पनि भनिन्छ। उनलाई महान् दार्शनिक, धर्मशास्त्री र कुशल सङ्गठक मानिन्छ। उनले आफ्नो अद्वैत वेदान्त स्थापित गर्नका लागि वैशेषिक, न्याय र साङ्ख्यलाई वैदिक दर्शन मान्न इन्कार गरे। शङ्कराचार्यले तत्कालीन भारतवर्षमा प्रभावशाली बन्न पुगेका बुद्ध र जैनमतलाई विस्थापित गर्दै वैदिक दार्शनिक मान्यतामा आधारित सनातन धर्मलाई पुनस्थापित गरे। शङ्कराचार्यले ठाउँ ठाउँमा समूह समूहमा रहेका सन्यासीको आश्रमतर्फ आफ्नो ध्यान केन्द्रित गरे।

शंकराचार्यको समयमा भारतवर्षभरि हिन्दूधर्म गतिहीन अवस्थामा थियो र बौद्ध तथा जैन धर्मको व्यापकता रहेको थियो। शंकराचार्यले बुझे यही अवस्था रहेमा भारतवर्षबाट हिन्दूधर्म लोप हुनेछ। हिन्दू जातिप्रथाबाट टाढा रहेर स्वतन्त्र आश्रम सञ्चालन गरिरहेको शैवमार्गी सन्यासीमा उनको नजर परेकाले नै सन्यासी बनेका थिए। अनि शंकराचार्यले सर्वप्रथम चारजना पदमपाद, तोटक, हस्तामलक र सुरेश्वरलाई शिष्य बनाए। त्यस पछि शिष्य बनाएका (१) अनन्त आश्रम, (२) शम्भु अरण्य, (३) वशिष्ट वन, (४) गौतम तीर्थ, (५) नारायण गिरी, (६) पूर्ण पर्वत, (७) राम सागर, (८) नित्यानन्द पुरी, (९) हस्तामलक भारती र (१०) परमानन्द सरस्वती आआफ्नो थरका आश्रमका प्रमुख थिए। पश्चिम भारतको गुजरातमा द्वारिकाधाम निर्माण गरेर शारदा पीठ, पूर्वी भारतको उडिसा प्रान्तमा जगन्नाथपुरी धाम निर्माण गरी गोवर्द्धन पीठ, उत्तर भारतको उत्तराञ्चल राज्यमा बद्रिनाथ धाममा ज्योतिर्पीठ अनि दक्षिण भारतको कर्णाटक प्रान्तको श्रृंगेरी पहाडमा पीठ स्थापना गरी हस्तामलक, पदमपाद, तोटक, सुरेश्वरलाई पीठाधीश बनाइयो। शङ्कराचार्यले छरिएर रहेका दशनामी संन्यासीहरूलाई सङ्गठित गर्ने कार्य मात्र गरेनन्, हिन्दू धर्मलाई लोप हुनबाट पनि बचाए। शास्त्रको लागि पीठ स्थापना गरे भने शस्त्र सज्जित सन्यासी लडाकु तयार गर्न कर्ण प्रयाग, गुजरातको कच्छ, झारखण्डको गढकुँडा, गोन्डवाना, बनारस, हरिद्वार आदि स्थानमा अखाडा पनि बनाएका थिए।

उनी प्रारम्भमा ब्रह्मतत्त्वका व्याख्याता, कर्मवादका विरोधी थिए शक्तिको उपासक पछि भएका हुन्। उनले स्थापना गरेको चार पीठमा प्रारम्भमा शक्ति उपासनाले स्थान पाएको थिएन। यस सम्बन्धमा एउटा रोचक घटना छ, जसको यहाँ गर्नु उपयुक्त हुनेछ। एकपल्ट आदि शङ्कराचार्य दसनामी संन्यासीहरूलाई शस्त्र र शास्त्रले बलियो बनाउँदै हिन्दू धर्मको झण्डा फहराउँदै नेपाल आए। नेपाल प्राचीन कालदेखि नै शक्ति पीठ थियो र छ, सो समयसम्म उनी शक्ति मान्दैनथे। नेपाल प्रवेश गर्नासाथ अशक्त भएर लड्नपुगे, कमण्डलु उठाएर पानी खाने सामर्थ्य पनि उनमा रहेन। उनले मन मनै विचार गरे, 'आज मलाई के भयो, पानी खाने शक्ति पनि ममा छैन।' सोहि समयमा निर्मल, उन्मुक्त हाँसोको साथमा त्यहाँ एउटी बालिका देखापरिन् र तिनले उनलाई खीर खान दिइन्। शङ्कराचार्यले भने "नानी ! अहिले त यो कचौरा लिन सक्ने शक्ति पनि ममा छैन, म कसरी खीर खाउँ ?" बालिकाले हाँस्दै भनिन्– "सन्यासी बाबा, ममा ब्रह्म छैन भन्नुस् न, शक्ति छैन किन भन्नु भएको ? तपाईं त शक्ति मान्नुहुन्न, होइन र ?" यति सुन्नासाथ शङ्कराचार्यको आँखा खुल्यो, शक्तिको महत्त्व उनलाई थाहा भयो। अनि उनले तत्काल भगवती गुह्येश्वरीको पञ्झटीका स्तोत्र पाठ गरे। पाठ गर्नासाथ उनलाई शक्ति प्राप्त भयो। त्यस पछिदेखि उनका पीठहरूमा शक्तिको पूजा हुन थालेको हो र आज पर्यन्त भइरहेकै छ। स्वयं भगवान पशुपतिनाथका मूर्तिको मस्तकमा गरिने श्री शक्तिको पूजन परम्परा शङ्कराचार्यले चलाएका हुन् भनेर भन्ने गरिन्छ।

एकातिर शङ्कराचार्यले अद्वैत चिन्तनलाई पुनर्जीवित गरेर सनातन हिन्दु धर्मको दार्शनिक आधारलाई सुदृढ गरे भने अर्कोतिर जनसामान्यमा प्रचलित मूर्तिपूजाको औचित्य सिद्ध गर्ने प्रयास पनि गरे। बालककालदेखि नै शङ्कराचार्यको रूचि सन्यास कर्मतिर थियो। आमासँग अनुमति लिएर आठ वर्षको कलिलो उमेरमा सन्यास लिएपछि शङ्कराचार्यले सनातन धर्मको रक्षाका लागि भारतका लगभग सम्पूर्ण क्षेत्रको भ्रमण गरेका थिए।

५. गृहस्थ सन्यासी

विशेष सन्यासीहरू शिव शक्ति भक्त हुन्। सन्यासीहरू शिवकै पूजा गर्छन्। अनि शिव र शक्तिलाई गुरु ज्ञानद्वारा जानेर उपासना गर्दछन्। अझै पनि कतिपय सिद्ध पीठहरूमा सन्यासी महन्तहरू छन्। ज्ञान ध्यानमा रमाउँछन् र अरू देवी देवतालाई त्यति मान्दैनन्। सन्यासीहरूले गर्ने शुभ कर्ममध्ये रुद्री पाठ, मृत्युञ्जय पाठ,

Raj Kishore

चण्डी पाठ, तिजा कर्म, शिव पुराण आदि पाठ गर्ने गरेका छन्।

यसो त सन्यासीको प्रकारको कुरा गर्दा वैराग्य सन्यासी, ज्ञान सन्यासी, ज्ञान वैराग्य सन्यासी, कर्म सन्यासी, कुटीचक्र सन्यासी, बहूदक सन्यासी, हंस सन्यासी, परमहंस सन्यासी, तुरीयातीत सन्यासी, अवधूत सन्यासी, विधिपरक सन्यासी, निषेधपरक सन्यासी, सक्रमक सन्यासी, अक्रमक सन्यासी, अखण्ड ब्रह्मचारी, फल्गु वैरागी पर्दछन्। तर यहाँ गृहस्थ आश्रम त्यागेका सन्यासकर्ममा रमाएका सन्यासीको बारे म केही बोल्दिनँ। आफ्नो घर गृहस्थी संगालेर जहान बालबच्चा सित गृहस्थाश्रममा रहेका कूटीचक्र सन्यासी जो दसनामी थरले जातीको रूपमा समाजमा मान्यता पाएर पारिवारिक जीवन चलाउँदै गरेको त्यही कूटीचक सन्यासीको बारेमा मात्र बोल्दैछु। दीक्षा लिएर कर्म चलाएर संसारलाई असार मानेर अज्ञानतालाई हटाउन लागिरहने सन्यासी जसले तत्त्वमसिको अनुभूत गरेर त्याग र ईश्वर समर्पण जस्ता गुणहरूबाट मुक्त भएर आफ्नो घर गृहस्थी संगालेर जहान बाल बच्चासित बस्ने गरेको हुन्छ, त्यस्ता सन्यासी र तिनका शाखा सन्तान कूटीचक भित्र पर्दछ।

घरगृहस्थमा रहेर आफ्नो मन र भावनालाई सांसारिक मोह मायामा निर्लिप्त हुनबाट जोगाउने यथार्थमा सच्चा सन्यासी हुन्छ। वास्तविक सन्यासी बन्न कुनै घरबार, श्रीमती, धन सम्पत्ती जस्ता भौतिक वस्तुहरू त्यागन आवश्यक छैन। मन, विचार, भावनाहरूबाट स्वतन्त्र रहेर आफूलाई सदा परमब्रह्ममा लीन गराउँने गृहस्थ सन्यासी अपवादको रूपमा मात्र पाइन्छ अहिले।

गृहस्थ दशनामी सन्यासीको जातीय पृष्ठभूमि केलाउने हो भने आश्रम व्यवस्थाबाट आएकाहरू अहिले अल्पसंख्यक छन्। आश्रम व्यवस्थाबाट आएका दशनामी सन्यासीहरू पूर्ण गृहस्थ सन्यासीको तहमा विगतमा पनि थिए र अहिले पनि छन्। नेपालमा रहेका अधिकांश गृहस्थ सन्यासीहरूको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनैतिक हैसियत तथा स्तर लगभग ब्राह्मण क्षेत्री सरह नै पाउन सकिन्छ। सन्यासकर्म ग्रहण गरिसकेपछि कुनै कारणले मन परिवर्तन भएर घरगृहस्थमा फर्कने परम्परा नयाँ होइन। यसरी फर्किएका कर्म सन्यासीका पुस्ता दरपुस्ताले सन्यास कर्म नलिए पनि जन्मसन्यासी बनेका छन्।

६. सन्यासीको संस्कारमा तन्त्रको स्थान

तन्त्रले मानव जीवन सहज बनाउन सहयोग गर्दछ। कम समयमा तन्त्रको माध्यमबाट सहज रुपमा कुरा बुझ्न र गर्न सकिन्छ। मानवलाई सहयोग गर्ने तन्त्र सहज हुन्छ। यो सहज विधि स्वयं शिवले गुरूपदमा रहेर उपदेश गरेको पार्वतीले शिष्यभावमा रहेर प्राप्त गरेको आगम विद्या हो। आगमको प्राचीनता शास्त्रीय दृष्टिले आगमोक्त शिवज्ञान स्रोत वेद नै हो। शिवज्ञान पूर्ण वैदिक ज्ञान हो। शिवमा समवेत शक्ति दुई प्रकारको मानिएको छ– ज्ञानात्मक र क्रियात्मक। शिव नटराज हुन् र उनले विभिन्न क्रियात्मक ज्ञान पनि दिएका छन्। ताण्डव शिवको विशेषता नै हो। सन्यासी जाति शिव शक्तिको परम भक्त हो। शिवको आरती ताण्डव नृत्यको आधारमा मन्त्र र योगको समन्वयमा गर्ने गरिन्छ। शिवको स्थानमा हुने विशेष पूजाको क्रममा शैव नृत्य गर्ने गरिन्छ। शिव आरती र शैव नृत्य तन्त्रमा आधारित छ र यो सन्यासीको आफ्नो विधि हो। सन्यासीको मुक्तिको लागि गरिने शंखढाल यथार्थमा शक्ति योगमायाको तन्त्र परम्परा अनुसारको पूजन हो।

व्यक्तिको जीवनलाई पवित्र र शुद्ध पार्ने हेतुले संस्कार अपनाएको प्रत्यक्ष दृष्टिगोचर हुन्छ। यसर्थ जीवनलाई शुद्ध पार्ने समुचित तरिकाले गरिएको कार्य पद्धति नै संस्कार हो। जन्मदेखि मृत्युपर्यन्तको जीवनसित सम्बन्धित विभिन्न पक्षहरू नै मानवका जटिल प्रक्रिया हुन्। संस्कारबारे गृह्यसूत्र, धर्मसूत्र तथा स्मृतिहरूले बोले पनि एकरुपता भने पाइदैंन। गौतम धर्मसूत्रले चालीस संस्कार, वैखानस गृह्यसूत्रले अठार संस्कार अनि पारस्कर,

बौद्धायन, वाराह गृह्यसूत्र तथा मनुस्मृतिमा तेह्र संस्कार, ऋग्वेद तीन, यजुर्वेद पाँच साथै अश्वलायनले एघार संस्कार बताएका छन्। सबै संस्कारलाई समन्वयन गरैर ऋषि दयानन्दले सोह्र संस्कार निर्धारण गरेका हुन्। हुन त यस जातिका धेरै जसोले क्षत्री ब्राह्मणले जस्तै १६ संस्कार अन्तर्गतकै संस्कार गर्ने गरेको पाइएको छ। यस्तो हुनुको मूल कारण यो जाति छरिएर रहेकोले पनि हो। अर्कोतिर संस्कार जानेका मानिसहरूको अभावले पनि हो। दशनामी सन्यासी जातिले भने १० संस्कारमात्र मान्दै आएका छन्। यसमा म सन्यासी जातिको गुरुमुखी र मृत्युसंस्कारको बारेमा मात्र उल्लेख गर्दैछु। सामान्यतः जन्म र विवाह संस्कार ब्राह्मण क्षत्रीसँग मिल्दछ।

शिखा सूत्र विहीन सन्यासी जातीको व्रतवन्ध हुँदैन। त्यसको ठाउँमा गुरूमुखी गर्ने गरिन्छ। कर्म लिनका लागि मानसिक रूपबाट तयार छ भन्ने लागेमा अभिभावकले कुनै अखडा, आश्रम, मठ, मन्दिर, घर या सार्वजनिक स्थलमा गुरूमुखी संस्कार आयोजना गर्ने गर्छन्। यो संस्कार गर्नको लागि सानो तिनो समारोहको आयोजना गर्नुपर्छ। आयोजनाको बिहान गुरुमुखी गरि कर्म चलाउने व्यक्तिले स्नान गरी मनमा कुनै विकारजन्य तर्कना वा चिन्ता आउन नदिई शरीर र मन दुबैलाई पवित्र बनाउनु पर्छ। यस संस्कारको लागि सर्वप्रथम पाँचजना गुरुको व्यवस्था गरिएको हुन्छ। यी पाँच जनामा एक जना टुपी काटने गुरु, दोस्रो कान फुक्ने गुरु, तेस्रो विभूति लगाई दिने गुरु, चौथो गेरु वस्त्र दिने गुरु र पाँचौं भिक्षा पात्र प्रदान गर्ने गुरु। यी पञ्च गुरु मध्ये टुपी काट्ने गुरु नै प्रमुख गुरु हुन्छ। सन्यास कर्म दिने यानी गुरुमुखी गर्ने स्थानमा चक्र, षट्कोण, स्वस्तिक यन्त्र बनाएर कलश, दियो, गणेश क्रमशः स्थापना गर्नु पर्छ। यस क्रममा सबभन्दा पहिले पञ्चगुरुले पानी छर्केर पूजा स्थान पवित्र बनाउछन्– सो समयमा पढिने मन्त्र

ॐ जल पवित्रं पवित्रं पवित्रं विष्णु माया
तामा तरे तुम्बी डुबे त्यसकारण योगिका
सेवा करे, सत् गुरु सत सत॥
ॐ अपवित्रो पवित्रो सर्वावस्थां गतोद्रपिवा
यः स्मरेत पुण्डरीकाक्ष स बाह्याभ्यन्तर शुची।

गणेशको पूजा गर्दा पढिने मन्त्र–

गणेश हेरम्बरम् विद्या नायकम्
लम्बोदरम् सूर्यम् कर्ण गज बक्र गुह्य गजम्॥

दियो बाल्दा पढिने मन्त्र–

शुभं भवतु कल्याणं आरोग्यं धन सम्पदा
मम शत्रु बिनाशाय दीपं ज्योति नमस्तुते॥
दीपं ज्योति परं ब्रह्म दीपं ज्योति जनार्दन
दीपं ज्योति प्राप्त मध्य सन्ध्या दिपं ज्योति नमस्तुते॥

कलश स्थापना गर्दा पढिने मन्त्र–

भुकलां वसुन्धरा विष्णु शशि वर्ण चतुर्भुजम्।
प्रसन्नो सर्वे वेदानध्यत् विष्णु प्रसानतय॥

यस कार्यमा प्रयोग गरिने छुरा, गेरु वस्त्र र भिक्षा पात्रलाई मन्त्रबाट शुद्ध गरिन्छ।

ॐ सुनकी छुरी रूपकी थाली
गुरुका पञ्जा गुरु वचन् सत्य हं शुभम्।

Raj Kishore

ॐ कृं कृं कृं चतुर्भुजा सोहे नम
कमण्डलुको बरुण गोत्र कुर्म साखा
पृथ्वीको बरुण गोत्र चादर साखा
आकासको जंगम गोत्र अरुण साखा
धुनीको स्याम्लाङ गोत्र भक्ष्म साखा
सङ्खको जल साई गोत्र
झोलीको मुन मुना गोत्र
रुद्राक्षेको चक्षुरी गोत्र
विगुतको उद्योम मष्ट सुने मध्य नसुने गोत्र
चिम्टाको अत्रि गोत्र भगुवा शाखा।

टुपी काट्दा निम्न मन्त्र पढिएको हुन्छ–

ॐ धरती आसन, ब्राह्मामुलंम निरन्जन बसे कमलको फूल।
तब धरती माथी आकाश चन्द्र सूर्य भए साख।
सुन भाई गणेश कुन मुख छुरी कुन मुख धार कुन पुरुषले मुढने हार।
पवन मुख छुरी अगन मुख धार आफै सत् गुरुले मुद्ने हार।
लेउ सिखा मुढौ केश सत् गुरुले दिए यही उपदेश।

यो संस्कारमा सन्यासी कर्म दिलाउने गुरुले टुपी (कपाल) जलमा चढाइदिनु पर्छ। कर्म चलाउने व्यक्ती उत्तराभिमुख भएर पाँच पाइला हिँडनुपर्दछ। त्यसपछि उसलाई वस्त्र दिने गुरुले गेरुवा वस्त्र, लगौटी,दण्ड आदि दिन्छन्। कर्म लिने व्यक्तिले सन्यासी वस्त्र धारण गरेपछि विभूत लगाउने गुरुले निधारमा विभूतको त्रिपुण्ड लगाई दिन्छन् र लगाउने तराई सिकाउनुको साथै यसको महत्त्व पनि बताउँछन्। भिक्षापात्र दिने गुरुले कर्म चलाउन भिक्षापात्र राखी दिन्छन्। अनि गुरुमन्त्र दिने गुरुले कानमा मन्त्र सुस्तरी सुनाउँछन्। सर्वप्रथम 'ओम नम शिवाय' भन्दै कानमा सुस्तरी मन्त्र सुनाइन्छ जसलाई कान फुक्ने मन्त्र भनिन्छ–

ॐ ब्रह्मा नाम प्रभावेण शिवेसन्न सन्ध्यासतानी नदियते,
मस्तकेस्थाने शिखाबन्धन करोमिहं इर्मि कृर्मि सोहम्।

त्यसपछि कर्म चलाउने कर्म लिएको व्यक्ति जुन थरको हो, सोही थरको मन्त्र दिइन्छ, जस्तै–

गिरी वासौ गिरि बरे नित्यं गीताद्रभ्यासे हि तत्परः।
गम्भीराश्चल बुद्धिश्च गिरी नामा स उच्यते।

पुरी ज्ञान तत्त्वेन सम्पूर्ण पूर्णे तत्त्वे पदेस्थित।
पर ब्रह्मारतो नित्य पुरी नामा स उच्यते॥

भारती विद्या भारेण सम्पूर्णः सर्व भारं परित्यजेत्।
दुःख भारं नजानाति भारती परि किर्तितः॥

वन सुरम्ये निर्जने देशे वासं नित्यं करोति यः
आशा पाशा विनिर्मुक्तो वन नामः स उच्यते।

सरस्वती स्वर ज्ञानं बसो नित्यं स्वर वादी कवीश्वर।
शंसार सागरे सार भिज्ञो यस सरस्वती॥

पर्वत वसेत्पर्वत मूलेषु प्रौढो यो ध्यान तत्परः ।
सारासारं विजानाति पर्वत परि किर्तितं ॥

सागर वसेत्सागर गम्भीरे धनरत्न परीग्रह ।
मर्यादा रचनालंघेन सागर परिकिर्तितः ॥

आरण्य आरण्ये संस्थितो नित्यं मानन्द नन्दने वने
त्यक्त्व सर्वमिदं विश्वमारण्यं लक्षणं किल ॥
आरण्य प्रान्तरे स्थितो मानन्दे नन्दने वने
त्यक्त्वा सर्वमिदं विश्वमारण्यं लक्षणं किल ॥

तीर्थ त्रिवेणी संगमेतीर्थ सत्वमस्यादि लक्क्षणे
स्नायात् तत्त्वार्थ भावेन तीर्थ नामः स उच्यते ।

आश्रम आश्रमे ग्रहणे प्रौढो आशापाशादि बीर्जत
यातायात विनिर्मुक्तो एतदाश्रम लक्षणम् ।

यसको साथमा 'ॐ सोद्रहम् शिवोद्रहम्' मन्त्र बीजमन्त्रको दिइन्छ । यसरी संस्कार सम्पन्न भएपछि सन्यास कर्म पाको भएको मानिन्छ । गुरुमुखी सन्यास संस्कार लिएका गृहस्थ सन्यासीले प्रत्येक बिहान स्नान गर्नु पर्ने, ॐ नम शिवाय र गुरुले कान फुक्दा दिएको गुरुमन्त्र जप गर्नुपर्छ साथै आफ्नो थर अनुसारको मन्त्र र बीजमन्त्रको पनि नियमित पाठ गर्नुपर्छ । आफ्ना पूर्वजहरूको समाधिमा पूजा गर्नुपर्छ, शिवालयको दर्शन र पूजा गर्नु पर्छ, सके चौवन दाना नसके कम्तीमा ३ दाना रुद्राक्षको माला लगाउनै पर्छ (रुद्राक्ष यती र उती मुखे भन्ने कुराको महत्त्व दिइदैन, मानिसले नै थोरै उत्पादन हुनेलाई बहुमुल्य बनाएको हो, सबै मुखे रुद्राक्षमा औषधीय गुण समान रहन्छ) र निधारमा त्रिपुण्ड पारी विभूति लगाउनु पर्ने नियम छ । गृहस्थ सन्यासीहरूले पनि खानालाई प्रसादी नै भन्नु पर्छ । खाना खान सुरु गर्नु भन्दा पहिले 'हरि ॐ तत्सत्' मन्त्र उच्चारण गरी सो समय नजिक रहेको गुरु या मान्यजन जो छन् 'हुकुम पाऊ... ' भनी खाने अनुमति मागेपछि गुरु वा मान्यजनबाट 'हुकुम छ' भनेर अनुमति दिएपछि भगवान शिव र गणेशलाई चढाएर अन्नलाई पनि भगवान सम्भी नमस्कार गरेर खान सुरु गर्नुपर्छ । सँगै खानबसेका सबैले खाइसकेपछि सँगै बसेका मध्येको ठूलो मान्यजनले 'ल अब उठौं' भनेपछि मात्र उठनुपर्छ । गुरु, आमा बुबा, हजुरआमा, हजुरबुबा लगायतका मान्यजनको खुट्टामा 'ॐ नमोनारायण' भन्दै ढोगेपछि मान्यजनले पनि 'जय भोले खुस रहे' भन्दै निधारमा हात राखेर आशीर्वाद दिने गर्छन् ।

गृहस्थ सन्यासी जाती यानी दसनामीका मृत्यु पछि सामान्यतः माटोमा समाधि यानी थल समाधि गर्ने गरिन्छ । केहीव्यक्तिले मृत्यु अघि जल समाधि या अग्नि समाधिको इच्छा राख्ने गरेका छन् त्यस्ताको हकमा सोहि विधी अनुसार समाधि गर्ने गरिएको छ । प्राण गएपछि शवयात्राका लागि जौ, तिल, कूश, पैंयूँको लट्ठी, कमण्डलु, गेरु, गेरुवा कपडा, रुद्राक्ष माला, विगुत, भोली, भण्डा, पञ्चरत्न, सुन, भोज्य वस्तु (एकहोरो रोटी), जलपान, तुम्बीका पात्र, लावा, खट, शव राख्ने सेतो कपडा, पीताम्बर, पैसा, कुलगुरु, शङ्ख अन्य बाजाहरू र दशाह भाई-छोराहरू र कर्म गराउने पण्डित समेत भएर शव यात्रा शुभारम्भ गर्नु पर्छ । शवलाई खटमा राखी सेतो कपडाले ढाकी रामनामी पिताम्बरले छोपी फूलमाला, अबीरले पूजा गर्नुपर्छ । सम्भव भएमा छोराहरूले नै र नसके दशहा भाईहरू वा ब्राह्मणहरूले बोकेर भण्डा अघि लगाई शङ्खध्वनि गर्दै समाधिस्थलमा जानु पर्छ । समाधिस्थलमा पुगेर उत्तर फर्काएर शव राख्नु पर्छ ।

जल समाधि भए ५फुट चौडा ५ फुट गहिरो र ५ फुट लामो बाकस चाहिन्छ । अग्नि समाधि भए चिता र

थल समाधि भए ५फुट चौडा ६फुट लामो र ७फुट गहिरो खाडल खन्नु पर्छ। पञ्चरत्न र पञ्चगव्य सेचन गरेर समाधि स्थल शुद्ध गराउनु पर्छ। शुद्ध गर्दा निम्न मन्त्र भन्नुपर्छ–

ॐ धरती माता चविद माई सहर्स मुहुर्त बजीमहि तन्नो प्रतीस्वरी गौरा माता तालीतनक करी ब्रह्मामनकरी जानो धरतीमाता इस्वर करी जानो पृथ्वी माता सुमेरु तेस वरनं धरतीमा दीजीए मोही इती समाधि मागने शुभम्।

समाधि बनाउन थाल्दा भन्ने मन्त्र–

ॐ साबिक्यधु साबीक्वा कम्येसाबिक्व छांयाम इन्द्रष श्याल्या भाग उस्वमेना मटचीम बिस्गोला बेंदे रक्षा स्वाहा इती मन्त्रण समाधी सक्ते सक्यवत पयत शुभम्।

समाधि तयार भएपछि 'नारायण परब्रह्मणेनमः' भनेर पञ्चगव्य र जल मन्त्रण गरी शवलाई नुहाई दिनु पर्छ। समाधिमा कुशको आसन राखि त्यसमाथि उत्तर मुख पारी 'विष्णुहव्य रक्षस्वः' मन्त्रले पद्मासनमा स्थापना गर्नु पर्छ। 'ॐ नमः शिवाय' भन्दै मृतकलाई मेखला बाँधि दिनु पर्छ, रूद्राक्ष माला लगाई दिनु पर्छ, अङ्ग-प्रत्यङ्ग र निधारमा त्रिपुण्ड्र (खरानीको तीन धर्के टीका) लगाई दिनु पर्छ। मृतकको दाहिने हातमा पैँयूँको लट्ठी राखिदिने। तुम्बिका पात्रमा जल र भिक्षापात्रमा तयारी रोट राखि दिने अनि शङ्ख बजाएर 'भूर्भुवः स्व' भनेर शिरमा शङ्ख जल चढाउनु पर्छ र सहश्रशीर्षा मन्त्र पढ्दै शंख जल शिरमा चढाउनु पर्छ अनि जल समाधि भए बाकस बन्द गरेर पानी भित्र बाकस राखेर सकेसम्म गाडेर माथीबाट ढुङ्गाले थिचिदिने नभए बगाइदिने गरिन्छ। अग्नि समाधि भए जलाउने गरिन्छ।

अब म थल समाधिमा गर्ने गरेको तन्त्र विधिको बारेमा भन्दैछु– मृत शरीरलाई समाधि आसनमा राखेपछि मलामी सबैले आँखा र कान बन्द गरी मृतकको नाम लिएर "... पृथ्वीमा लीन भयो, पृथ्वी जलमा लीन भयो, अग्नि वायुमा वायु आकाशमा, आकाश निरन्जन निराकारमा लीन भयो" भनेर सबै १ मिनेट मौन बसेर उसको आत्माको निम्ति क्षमा माग्नुपर्छ। बालुवा, नुन एकै ठाउँमा फिटी माटोमा मिसाई सबै मलामीले पहिले शवको शिरमा अनि कुमकुममा मट्टी दिनुपर्छ। त्यसपछि सकिन्छ भने ९ मुरी, ९पाथी, ९मुठी नसके जति सम्भव हुन्छ त्यति नुनले मृत शरीरलाई छोपी, अबिर, केशरी, फूल आदिले पूजा गरी माटाले खाडललाई पुरिदिनुपर्छ। साथै शिवलिङ्ग स्थापना गरी पूजा गर्दै र शङ्ख फुक्दै सबै मलामीले ३ पटक समाधिमा परिक्रमा गर्नुपर्छ।

गृहस्थ दशनामी सन्यासीले दिवङ्गतलाई समाधिस्थ गरेर आएपछि सबै मलामीलाई शुद्ध जल वा गौमूत्र छर्किदिनुपर्छ। दिवङ्गतका सबै छोराहरूले कपाल खौरनुपर्छ। कर्म चलेका (गुरुमन्त्र लिएका) छोराहरूले गेरुवा वस्त्र र नचलेकाले सेतो वस्त्र लगाएर शौच बार्ने नियम रहेको छ।

पहिलो दिन सबै परिवारले बेलुका अखण्डदीप जलाउनु पर्छ। दोस्रो दिन खोलामा गएर स्नान गरी जौ, तिल, कुश गरी ३६ अञ्जुली तर्पण दिनुपर्छ। समाधिस्थलमा गएर त्यहाँ स्थापित शिवलिङ्गमा जल चढाएपछि घरमा आएर चरु होम गर्नुपर्छ। सो दिन खाना पकाएर खाने, दिवङ्गतको सम्झनामा भजन गर्ने र गीता पाठ गर्ने गर्नुपर्छ। तेस्रो दिन चक्र, षट्कोण, स्वस्तिक र त्रिकोण यन्त्र बनाएर– दियो, कलश, गणेश र रोट राख्नुपर्छ। गाईको घिउमा १ माना चामलको पीठोको एउटै रोटी बनाउनु पर्छ र त्यसमा तीनवटा ल्वाङ तीन ठाउँमा गाड्नु पर्छ। दिवङ्गतप्रति परमधामको कामना गर्दै रोटलाई छुरीले तीन टुक्रा पार्नु पर्छ। रोट काट्दा यो मन्त्र पढ्ने–

ॐ नमो नारायण, मन्त्र पाई उपदेश शम्भुनाथले दिए समाध माई गौरी, रोट कटाई साधु सन्त मोक्ष मुक्त फल पाई, पढौं मन्त्र गायत्री सार ॐ नमो मुक्त सिद्ध उतार पार, ईती रोट काट्ने मन्त्र शुभम्।

एक टुक्रा रोट समाधिमा, दोस्रो टुक्रा गंगामा र तेस्रो टुक्रा सूर्यलाई चढाउनु पर्छ। चढाउनु अघि निम्न

मन्त्रबाट रोट पूजा गर्नु पर्छ–

ॐ काहाँ ब्रह्मा, पैला चण्डेश्वर आदीनाथ निरन्जन देवताले पाय फल फूल धुप दिप नैवेद्य पूजा पाठ सतगुरु अमरपुर पाई पढौं मन्त्र गायेत्री सार ॐ नमो शिद्ध पार ईती रोट पूजा मन्त्र सुभम्।

रेखी राखेर दक्षिणतर्फ बसेर उत्तर फर्केर पूजा गर्ने गरिन्छ। चौथो दिन आँगनमा वृक्ष आकारको यन्त्र चित्र बनाई शिवको पूजा गरी दिनरात भजनकीर्तन गरी बस्नु पर्छ। पाँचौ दिनमा तीन दिनको व्यवहार नै गरिन्छ। राति १२ बजे समाधिमा गएर धनञ्जय वायुलाई बोलाई, त्राटक छोड्ने, शिवम् त्रि अक्षरीले बोलाउने, रुद्र दुई अक्षरीले खेलाउने, ॐ एकाक्षरीले त्राटक छोडने गरिन्छ। अनि मृतात्मा कहाँ गयो भनेर शौचकर्ताहरूलाई क्रिया गराउने गुरुले सुनाउँछन्। छैठौं दिनमा पुनः तीन दिनको व्यवहार गर्ने गरिन्छ। यसदिन रोटलाई तीन टुक्रा पारिदैंन। रोटको बीचबाट टुक्रा निकालिन्छ र त्यो अलख पुरुषलाई चढाइन्छ। यस दिन रोट काट्दा निम्न मन्त्र पढिन्छ–

ॐ गुरुजी सत्को धरती सत्को आकाश सत् धर्मले रोट भयो प्रकाश, कसले बनायो कसले ल्यायो कसले कुन पुरुषलाई चढायो, ब्रह्माले बनाए बिष्णुले ल्याए देवदत्तले अलख पुरुष चढाए ईती रोट काट्ने मन्त्र शुभम्।

रोट चढाएपछि ध्यान तथा स्वस्ति शान्ति गरिन्छ र रुद्री लगाइन्छ। तत्पश्चात धूप घुमाउने, पानी अर्चाउने जस्ता कार्य सम्पन्न गरेर बाँकी बचेको रोट प्रसादीको रूपमा बाँडिन्छ। अनि आफन्त तथा सन्तमहन्तलाई भण्डारा (भोजन) दिइन्छ। छैठौं दिनमा भण्डारा गरिसकेपछि शौच बार्नेहरूले टाउकाको छोपा खोलेर जूठो उठाई टपरीमा हाल्छन् र अलग ठाउँमा फ्याँक्छन्। गुरुले 'फलाना महिना, फलाना गते, तिथि, नक्षत्र, बारको दिन दुःखाइ सकियो है' भनी घण्टी बजाउँछन्। त्यसपछि शौचकर्ताहरू खोलामा गई, नुवाइधुवाइ गरी, वस्त्र बदली घर आएपछि गुरुले टोपी लगाइदिन्छन्। गुरुले टोपी लगाइदिएपछि शौचकर्ताहरूले आफूभन्दा ठूला सबैलाई ढोगिदिनुपर्ने चलन रहेको छ। काम सकिएको यो दिन बेलुका दीप प्रज्ज्वलन गरिदिनुपर्छ। तेह्रौं दिनको दिन शोक सभा आयोजना गरी मलामी गएका र गाउँ घरमा मानिसलाई आमन्त्रण गरेर पितृप्रसादको वितरण गर्ने। क्रिया समाप्त भएपश्चात शौचकर्ताहरूले ४५ दिनसम्म कपाल, दारीजुंगा, नङ नकाटी माछामासु, मदमदिरा, भाङभतुरो केही नखाई सात सात दिनमा शोकसभा गर्नुका साथै बत्तीबाली भजन गर्नुपर्छ र बिहान बेलुका सधैं शैव सन्ध्या गर्न चरु पञ्चाञ्जली दिनुपर्छ।

मृतक व्यक्तिको शंखढाल अवश्य गर्नुपर्छ। यो दसनामी सन्यासी जातीको मर्यादा हो, शंखढाल संस्कार नगरेसम्म मृतकले मोक्ष पाउन सक्दैन। यो दसनामी सन्यासी जातीको आध्यात्मिक तन्त्र मन्त्रको निश्चित रूपको भावना हो। यो शंखढाल मृतात्माको समाधि पछि एक वर्ष छ महिना पछि गर्ने गरिन्छ, यसको लागि कृष्ण पक्षको एकादशी–द्वादशी–तृयोदशीमध्ये कुनै एक दिन सम्पन्न गर्नु पर्दछ, यसको लागि मृतात्माको मूर्ति बनाएर प्रतिष्ठा गरेर गुरु तथा मान्यजनलाई निम्त्याउनु पर्छ। सो दिन प्रातःकालमा मृतात्माको मूर्तिको पूजा गरिन्छ। मूर्ति पूजन–हवन आदि सम्पूर्ण क्रिया तन्त्र–मन्त्र विधि विधानले गर्ने गरिन्छ। दिउँसो १–२ बजे उक्त मूर्तिको नगर परिक्रमा बाजागाजा र भजन कीर्तनको साथमा गर्दछन्। जातिका मानिस सकेसम्म जुलुसमा सहभागी गराइन्छ। जुलुसको बीचमा फूल मालाले सजाइएको सिंहासनमा मृतात्माको मूर्ति सजाइएको रथमा राखिन्छ। रथको पछाडी जल भरिएको कलश बोकेका विवाहिता र कन्याहरू रहन्छन्। आनन्द उत्साहको साथमा भोजन गर्छन्। सोहि दिन राती आठ बजे मृतात्माको शंखढाल अर्थात् योगमायाको पूजन, आत्माको मुक्ति मोक्ष कैलाश गमनको कार्यक्रम गरिन्छ।

योगमाया पूजाको कर्मकाण्ड अतिशय गोप्य विधिले गर्ने गरिन्छ। यो कर्म त्यही सन्यासीले गराउँदछ जो

शुद्ध आचरणमा रहेको र कर्म विषयमा विशेष जानकार हुन्छ, त्यही सन्यासी एउटा बन्द कोठामा मर्यादापूर्वक मृतात्माका नजिकका उत्तराधिकारीको साथमा तन्त्र–मन्त्रले कर्मकाण्ड गर्दछ। सर्वसाधारण व्यक्तिको लागि प्रवेश निषेध गरिएको हुँदा नै यस कर्मलाई गुप्त कर्म भनिन्छ। गुप्त यानी सूक्ष्म रूपी आत्मालाई तन्त्र–मन्त्रद्वारा अनुष्ठान गरेर स्थूल रूपमा यानी ज्योती रूपमा ल्याएर शुद्ध आचरण, निस्वार्थ भावको साथमा अन्तरमुख भएर ज्योतिको पूजन गरेर अग्रज सन्यासीहरूका आशीर्वादले त्यस ज्योती स्वरूप आत्मालाई कैलाश शिवधाममा पठाउँछन्। त्यसपछि मृतकको नाममा कुनै किसिमको श्राद्ध गरिरहनु पर्दैन। प्रत्येक वर्ष तिथीको दिन मृतकको समाधि स्थलमा धुप बत्ती बालेर सम्मान गर्नु पर्छ।

७. निष्कर्ष

वैदिक कालमा दशनामी सन्यासी थियो, सो समयमा वर्णाश्रम व्यवस्था लागू थिएन। जाति प्रथा चलेकै थिएन। सन्यासी यज्ञ विधानभन्दा टाढा रही कर्मलाई श्रेष्ठ मानी व्यावहारिक शिक्षा दिन्थे। सन्यास एउटा कर्म थियो। वैदिक कालमा ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र जातिवाचक नाम नभएर कर्मवाचक थियो। कर्मलाई प्रधानता दिने समाजमा सन्यासीको आफ्नो छुट्टै पहिचान थियो। सन्यासीका थर गिरी (हिमाल) देखि सागर (समुद्र) सम्म बसोबास गर्ने विद्वान्हरू जसले आर्यसंस्कार र विचार प्रसारित गरे तिनीहरू नै दसनामीका पुर्खा हुन्। स्थान विशेषले सन्यासीको पहिचान गराउँदा गराउँदै कालान्तरमा थरमा रूपान्तरित हुन पुग्यो।

ब्राह्मणहरूको यज्ञवादले साधारण जनताको जीवन दुरुह भएपछि सिद्धार्थ गौतमले मध्यममार्ग निकाले। उनले चलाएको बुद्धधर्मले व्यापकता पाएपछि प्राचीन आर्यधर्म दिन प्रतिदन क्षय हुँदै जान थाल्यो। शंकराचार्यको कारण आर्य व्यवस्थामा आएको ठूलो परिवर्तनले यो पद आज जातिको रूपमा रहेको छ। जातजाति विभाजनभन्दा पहिलेका पुर्खाहरू सज्जन थिए, पछि केही चलाख राजा र उनीहरूका सल्लाहमा पुरेतले जातजातिको रेखा कोरे। बौद्ध कालपूर्व जतिखेर यज्ञ विधानले व्यापकता पाएको थियो, यज्ञबाट प्राप्त हुने धनको लोभमा धेरै जसो दशनामी सन्यासीहरू यज्ञ गराउँदा गराउँदै ब्राह्मण बन्न पुगेका थिए।

सन्दर्भ सामग्री

गिरी, अशोक, सम्पादक (२०६८), **दशनामी दर्पण**, मोरङ : नेपाल दशनामी समाज।

गिरी, टेकराज (अप्रकाशीत) **संन्यास–परम्परा तथा संन्यास कर्म विधि**, काठमाडौं : नयाँ बानेश्वर।

गिरी, शीतल (२०७६) **संन्यासी जातिको इतिहास** (निरौला, कुलराज, सम्पादक, नेपाली लोकवार्ता ६) काठमाडौं *: लोकवार्ता परिषद् नेपाल, पृष्ठ २३५–२४३।*

बन, ज्योतिलाल (२०७३) **दशनामी सन्न्यास कर्मको सकिास र संस्कार** (खत्री, प्रेम सम्पादक, नेपालका जातीय सामाजिक संस्कार, खण्ड चार) काठमाडौं : नेपाल प्रज्ञा–प्रतिष्ठान, पृष्ठ १३६–१६६।

बराल, वासु (२०५०), **'हिन्दू सामाजिक सङ्गठनको प्रारूप'**, दो. संस्क., पुल्चोक :.साझा प्रकाशन।

नेपालको बौद्ध संस्कारको दशकर्म विधि

✍ शान्तरत्न वज्राचार्य

विषयप्रवेश

नेपालको बौद्ध धर्म अनुसार दशकर्म यसप्रकार रहेका छन्।

गर्भाधान पुंसवनम् सीमन्तोनयन जातकर्म।
नामाकर्म अन्नप्राशन चूडाकर्म मेव च
व्रतादेशनकर्म व्रतमोक्षणकर्म पाणिगृहणमिति दशकर्मणि।

१. गर्भाधान कर्म २. पुंसवन कर्म ३. सीमन्तोनयन कर्म ४. जातकर्म ५. नामाकर्म
६. अन्नप्राशनकर्म ७. चूडाकर्म ८. व्रतदेशनकर्म ९. व्रतमोक्षणकर्म १०. पाणिग्रहण कर्म

यी दश बौद्ध संस्कारहरुका कारण र महत्त्वबारे यस लेखमा संक्षिप्त चर्चा गरिनेछ। आ–आफ्नो परम्परा अनुसार, देश, जाति अनुसार यस संस्कार गरिने गर्दछन्। यस्तै नेपालको गृहस्थ बौद्ध परम्परा वज्रयान धर्ममा पनि दश संस्कारहरु गरिन्छन्। नेपालमा प्रचलित यी दशकर्म संस्कारहरु बौद्ध धर्म अनुसार आफ्नो जीवन सफलता पूर्वक निर्वाह गर्न सकियोस्, भावी जन्ममा र यसै जन्ममा पनि बोधिचर्या गरी बुद्ध बन्न सकूँ भनिन्छ। सर्वप्रकारं जगतो हिताय र बुद्धो भवेयं जगतो हिताय जस्ता महाकारुणिक मन्त्र उच्चारणद्वारा सम्यक् सम्बुद्धत्व कामना गरिन्छ।

यी दशकर्म संस्कारहरुको कारण र महत्त्व यसप्रकार रहेका छन्।

१. गर्भाधान कर्म

गर्भधारण गर्ने काम महिलाबाट (स्त्रीजाति) बाट मात्र सम्भव हुन्छ, तसर्थ यो गर्भमा रहने शिशु बौद्ध धर्ममा प्रतिष्ठित होस्, ज्ञानी, गुणी होस् भन्ने भावनाले गर्भधारण गर्ने महिलालाई गर्भधारण संस्कार गरेर त्यसबाट जन्म हुने शिशुको संस्कार सुसंस्कृत बनाउनको निमित्त बौद्ध कुलका व्यक्तिहरुका आफ्ना धर्मशास्त्र अनुसार गुफा राख्ने संस्कार, बाह्रा तयेगु गरिन्छ।

गुफा राख्ने संस्कार धेरै वर्षअगाडि विवाह गरिसकेपछि मात्र गरिने संस्कार थियो। त्यो बेला छोरीहरुलाई १२ वर्ष ननाघ्दै विवाह गरि पठाइथ्यो। विवाह नहुँदै माइतमा रजस्वला भएमा साह्रै अनिष्ट हुन्छ भन्ने धारणा थियो। त्यसकारण छोरीहरुको बाल विवाह गरिदिइन्थ्यो। सानैमा विवाह गरिदिँदा दुर्भाग्यवशः पतिको मृत्यु भएमा जीवनभर विधवा भएर दुःख भोग्नु पर्दथ्यो।

नेपालको बुद्ध धर्ममा बालिकाहरुलाई रजस्वला व्रत वा गुफामा राखिन्छ। सर्वप्रथम गुफा राख्नको निमित्त उक्त कोठा दिशा मिलाएर (बालिकाको राशि लग्न अनुसार) छानिन्छ। त्यहाँ सरसफाई गरिन्छ। गाईको गोबर र रातो माटेले लिपिन्छ। घाम छिर्न नदिनको लागि झ्यालहरु बन्द गरी उज्यालो छिर्ने प्वालहरु पनि टालिन्छ। बाह्रा (गुफा) राख्ने दिन बालिकालाई नुहाई दिई दहीको सगुण दिएर गुफा कोठामा लगिन्छ।

यसरी दहीको सगुन दिएर गुफा कोठमा नुन तथा अभक्ष्य वस्तुहरु खुवाइँदैन। बालिकाको सम्पूर्ण गुफा व्रतका नियम पालना गर्नुपर्ने हुन्छ। सो कोठामा दलिनमा गुफा देवता राखिन्छ र प्रत्येक दिन बालिकाको भोजन अगावै उक्त देवतालाई पनि एक भाग चढाइन्छ। बालिकाका साथीहरु खेल्न आउँछन् तर केटा पुरुष साथीहरु आउन पाइँदैन कारण बाह्र दिन सम्म घाम र पुरुषको अनुहार हेर्न हुँदैन। बाह्रौं दिनमा सो कोठामै बालिकालाई स्नान गराइन्छ, बुकुवा लगाइदिइन्छ, गोडाको नङ काटिदिन्छन्, आधा पाउ ढाक्ने गरि माहुर (अलः) लगाइदिन्छन्। पात, वस्त्र, अलंकार, दिव्य गरगहना, बहुमूल्य, रत्न ज्वाहरातका लुगा सम्भव भएसम्म लगाइदिन्छन्। जुरो सहितको कपाल बाँध्छन्। गाजल आदि उत्तम श्रृंगार गराई बालिकालाई दुलही जस्तै घुम्टो ओडाई कौसीमा सूर्यलाई १२ अञ्जुलीपानी, १२ वटा किसली चढाइन्छ। सूर्यलाई पूजापछि अर्घ गराई सबैभन्दा पहिला बाबुको मुख देखाइन्छ, बुबाले छोरीलाई बाह्रा संस्कारको पूजा मण्डपमा लान्छन्।

गुरु वज्राचार्यद्वारा कलशार्चन पूजा गरिन्छ। बालिकालाई गुरुमण्डलार्चन सहित सुकुन्दा, कलश, ज्वाला न्हेयंक (दर्पण), सिन्दूरार्चन भाण्ड (सिन्ह्मू) आदिमा पूजा गर्न लगाइन्छ। पछि दर्पण सिन्ह्मू दुई हातले समाई श्रीगणेशको पूजा गर्न मन्दिरमा लगिन्छ। पिखालखुमा भिक्षादान अनि दहीको सगुण वस्त्र प्रदान गरी स्वागत गरेर घरमा भित्र्याइन्छ।

यसरी गुफा राखिएकी बालिकालाई माथि लेखिएजस्तै गुरुमण्डलार्चन पूजा गराउनु पर्दछ। यसरी धर्म व्रत बसिसकेपछि थायभू भनिने ठूलो काँसको थालमा सूर्य मण्डल लेखि पूजा, दर्शन एवम् ब्रह्माण्ड समेतको ज्ञान दिइन्छ। सूर्य विश्व ब्रह्माण्डको सृष्टिकर्ता हो, प्रकृतिको मूलग्रह हो, सौर मण्डलमा सूर्य सहित अरु ग्रहहरुको समूहलाई नवग्रह भनिन्छ। यसैगरि बाह्र महिना, सात बार सम्पूर्ण भावना गरि सूर्य मण्डल लेखिन्छ। यस भावनाको मुख्य उद्देश्य व्रत बस्ने बालिकाको सफल जीवनको कामना भविष्य समुज्वल तथा बोधिमार्गतिर अवसर प्राप्त होस् र सम्पूर्ण ग्रह नक्षत्र आदिको विघ्न, भय नहोस् भनी कामना गरेर सम्पूर्ण पूजाहरु सम्पन्न गरिन्छ। हाम्रा पूर्वज आचार्यहरुले असल उद्देश्य राखेर नै हामीहरुलाई कन्याहरुको यथा समय गुफा राख्नुपर्ने संस्कार पद्धति बनाएर गएका छन्।

२. पुंसवन कर्म

दशकर्म संस्कार धर्ममा दोश्रोमा आउने पुंसवन संस्कार कर्म आमाको गर्भमा रहेको शिशु पुरुष अर्थात् छोरा नै होस् भन्ने कामनाका साथ गरिन्छ। स्त्री जातिको स्वभाव अनुसार उमेर पुगेपछि ऋतुमति रजस्वला हुन्छ। ऋतुमति भइसकेपछि पुरुषसँग सहवासबाट गर्भधारण हुन्छ। आमाको योनीको दायाँ र बाँया एउटा बीज प्रस्तवण हुन्छ, यही संयागले पाठेघरमा बुबाको शुक्र र आमाको रजको संयोगले विन्दुरुपले रहन्छ। गर्भमा एकमहिनासम्म लेदो (कलल) को रुपमा रहन्छ। दुई महिनामा शुक्र र रक्तको सम्मिश्रण मांसपेशीको रुपमा देखिन थाल्दछ। तीन महिनापछि घन रुपमा परिणत भएर चार महिनामा ठोस रुपमा जम्दछ। पाँचौं महिनामा वायु प्रवेश भएर मत्स्याकार- माछाको जस्तो आकार हुन्छ।

शिशु गर्भमा रही पाँच महिना पुगेपछि यो संस्कार गरिन्छ, गर्भमा रहेको शिशु पुरुष नै होस् भनेर कामना गरी औषधी खुवाउनु, उपासना गरी प्रार्थना गर्नु पुंसवन संस्कार हो।

नेपालको बुद्ध धर्ममा कुलपुत्र कामना गरी श्रीकरुणामयको उपोषढ व्रत बसिन्छ। उपोषढ व्रतलाई अष्टमीव्रत पनि भनिन्छ। तारा, करुणामय, बुद्ध, बसुन्धरा चैत्यको उपासना गरेर पनि पुत्रप्राप्तिको कामना गरिन्छ।

Raj Kishore

हिजो आज यो क्रिया नगरिए पनि पुत्र प्राप्ति हेतु अनेक देवस्थल, करुणामय दर्शन, इष्टदेवता, कुलदेवता, सूर्य आदि देवताहरुको दर्शन मात्र भएपनि गरिन्छ।

३. सीमान्तोन्नयन कर्म

तेस्रो कर्मको रुपमा गरिने सीमान्तोन्नयन कर्म गर्भवती महिला छ महिना पुगेपछि गरिन्छ। गर्भ रहेको बेलामा महिलालाई मनपर्ने वा इच्छाइएको वस्तुहरु खानेकुराहरु, वस्त्र, गरगहनाहरु दिनुपर्छ। गर्भवतीलाई तस्वीर हेर्ने, चित्र, फिल्म, कथा सुन्ने, गीत सुन्ने सुनाउने गर्नुपर्दछ। पहिला पहिला पूजा गरेर गीत गाएर मनोरञ्जन गराई षड्रसयुक्त व्यञ्जन खुवाई अनेक श्रृंगार गराउने कर्म सीमान्तोन्नयन संस्कार हो। तर हिजोआज कर्म नगरी धौबजि नक वनेगु वा दहीच्यूरा खुवाउने चलन चलेको छ।

यस संस्कारमा रोटी, मासको बारा, गेडागुडी, जाँडरक्सी, माछा, मासु, अण्डा, दही आदि भोज खुवाइन्छ। साथै भुटेको मकै, भटमास, गेडागुडी, फलफूल र गर्भवतीलाई इच्छाइएको आहार व्यवहार गराइन्छ। गर्भवती महिलालाई दोहल उत्पन्न हुँदा पालाको टुक्रामा माटो, कमेरो, मूलाको साग, उखुआदि खुवाउने गर्दछन्। विभिन्न प्रकारका वस्तुहरु खाने इच्छा हुने भएकाले अखाद्य र अहित वस्तु नखाओस्, भोजन उत्तम होस् भन्ने हेतुले सीमान्तोन्नयन संस्कार गरिन्छ।

४. जातकर्म

जात भनेको जन्मनु हो। शिशुको जन्म नै जात हो। जन्म हुँदा गरिने संस्कार जातकर्म संस्कार हो। आमा र शिशु दुबैको हितको कामना गरि गरिने कर्म जात संस्कार हो। शिशु जन्मँदा आमा र शिशु दबैलाई निकै स्याहार सुसारको आवश्यकता पर्दछ। बच्चा जन्माउँदा आमालाई निकै पीडा हुन्छ, यसबेला स्याहारसम्भार पुर्याउन सकेन भने आमाको पनि मृत्यु हुन सक्दछ। आजकल अस्पतालमा डाक्टर, नर्सहरुको कारणले गर्दा सजिलो छ, पहिले पहिले शिशु जन्मने बित्तिकै सुत्केरीलाई उखुको खोस्टा बालेर सुडेनीले तेल घसिदिन्छन्। शरीरभरि मनतातो तेल घस्न दिएर शिरमा पनि तेल लाउन दिनुपर्दछ। यसरी सुत्केरीलाई न्यानो कोठामा राखिदिनुपर्दछ।

सुडेनीले अजि छाये भनी ज्वानो, चाकु, सुपारी, मरिच, पिप्पली, ल्वाङ, अलैँची, नून, अदूवा, सिम्रिकको सिन्दुर देवतालाई चढाई पूजा गर्छिन्। पछि आमालाई र परिवारका सबैलाई यो सिचुपालु खुवाइन्छ। यस सिचुपालुले आमाको दूधमा वृद्धि गराउँछ, शरीरमा गर्मी र पौष्टिकता बढ्दछ। बच्चा र आमा दुबैलाई फाइदा गराउँछ।

यो सिचुपालु माईतीघरमा पनि पठाइन्छ, यसको अर्थ छोरी आमा भइन् यता शिशु जन्मियो भनी खबर गरेको हो। त्यसबेला सुत्केरीलाई यस्तै प्रकारको औषधी खुवाउने चलन थियो। त्यसबेला काँचो ईँटाको घर हुन्थ्यो र परालले छाना छाएको हुन्थ्यो।

५. नामाकर्म

नामाकर्म नाम राख्ने संस्कार हो। शिशु जन्मेर एघारौँ, एककाइसौँ र महिना दिन पुगेपछि नामकर्म गरेर बच्चालाई नाम राखिन्छ। नामाकरण गर्दा बुद्ध, बोधिसत्व आदि प्रतिमा स्थापना, देवता स्थापना गरी पूजा मण्डपमा ल्याएर आसनमा राखिन्छ। गुरु मण्डलार्चन पूजा गराई शिष्याधिवासन गरी पञ्चगव्य दिएर थाकुलीं नकींले कलशाभिषेक दिन्छन्।

Raj Kishore

शिशुलाई नाम राख्न नामकर्म पूजा गर्नुपर्दछ भन्ने बाध्यता छैन तथापि बच्चाको कर्म स्थापना गर्न यो संस्कार गरिन्छ। यसरी नामाकरण गर्दा जन्मेको नक्षत्रको पाद विचार गरी नामाक्षरबाट नाम राखिन्छ। यसरी नाम राख्दा कुल परम्परा अनुसार मिलाएर राखिन्छ। जस्तो बुद्धरत्न बौद्ध, रामबहादुर वैष्णव भनेको जस्तै राखिन्छ।

वज्राचार्य शाक्यहरु र अन्यहरुको प्रव्रज्या संवर र दीक्षामा आचार्यभिषेकमा पनि नामकर्म संस्कार गरिन्छ। यसरी बालबालिकाको संस्कार अनुसारको नाम राखिसकेपछि पनि त्यस बच्चाको नाम गौलोचन कुंकुमले पीपलको पातमा देखि बाबियोको डोरीले बाँधी दैलोमाथि टाँगेर राखिन्छ। कुंकुमले शिरको रोग नाश हुन्छ। पिनास आदिको दोष शमन हुन्छ। गौलोचनले श्वास प्रश्वास रोग, हिक्का, दम आदि गरिएका रोगहरु हराउँछ। तसर्थ नामाकरण संस्कार बनाई शिशुको निरोगिता र आरोग्यताको कामना गरी कुंकुम, गौलोचन निधारमा टीका लगाइदिने गरिएको हो।

६. अन्नप्राशन कर्म

अन्नप्राशन संस्कार भात खुवाउने संस्कार हो। भोक लागे पछि शिशु आफैँ खान खोज्छ तर शिशुको भलाईको लागि र खाने संस्कार राम्रो बनाउनको लागि अन्नप्राशन विधि बनाई राखेको हो। यो अन्नप्राशन संस्कार निम्नानुसारले गरिन्छ।

सर्वप्रथम भात खुवाउने शिशुलाई लसकुस स्वागत गरी पूजामण्डपमा राखी गुरुमण्डलार्चन पूजा गराइन्छ। उसलाई पञ्चगव्य दिई शिष्याधिवासन गरिन्छ, गुरु वज्राचार्यले मन्त्र पढ्छन्, थाकुलींले कलश अभिषेक दिन्छन्, गुरुहरुद्वारा मन्त्रोच्चारण, जप, ध्यान, न्यास, योग आदि साधना गरिन्छ। माटोको पालामा ज्यामिर, नरिवल, मिश्री, ताजा र सुकेको फल राखी दशदिशामा देखाई थकालीले शिशुलाई खुवाइन्छ।

फलप्राशन पछि इच्छाभरण सुम्पने काम हुन्छ। यसको लागि काँसको थालमा धान, ज्यावल, गहना, कलम, पुस्तक, माटो, ईंट, वस्त्र, सुगन्ध, पूजासामान आदि राखिन्छ। यी वस्तुहरु दिन लगाइन्छ। रक्षामाला पनि दिन लगाइन्छ।

बच्चाले जुन वस्तु पहिला लिन्छ भविष्यमा उसले त्यहीसित सम्बन्धित कार्य गर्नेछ, शिशु यस्तो होस् भनी अनुमान गरिन्छ। यो एक किसिमको परीक्षा संस्कार हो। इच्छित वस्तु लिइसकेपछि पास्नीको वस्त्र लगाइदिन्छन्। गहना, टोपी लगाइदिन्छन्, फूलको माला र ग्रह रक्षामाला पनि लगाइदिन्छन्। यो ग्रह रक्षमालामा दश प्रकारका फरकफरक गुण र प्रमाणका वस्तुहरु हुन्छन्। यसको प्रमाण गुण यस्तो छ।

आदित्य रक्तपाषाण किचड सोलं तर्थव च।
कूठमङ्गगारकं ज्ञेयं श्रीपद्मं बुधमेव च॥
बृहस्पत्या गुरु विद्या शुक्र ज्योतिसीसमं तथा।
लोह शनिश्चरं ज्ञेयं राहोश्च दृढ बीजफलम्॥
ताम्रं केतुश्च विज्ञेया जन्मनो रोप्य मेव च।
एतैश्च ग्रह रक्षन्तु बालानां हित हेतवे॥

मथि उल्लेख भएका नवग्रहका नौवटा बुटीहरुले नौग्रहले रक्षा गर्दछन् जस्तो सूर्यको हिंगुल, सोमको किचड, मंगल कुट, बुधको कमल गट्टा, बृहस्पतिको अगरु, शुक्रको सीसा, शनिको फलाम, राहुको रिठ्ठा केतुको तामाले शिशुहरुलाई अनेक ग्रह, दोष नाना भय हटाउन यो संस्कारमा यसप्रकारको नवग्रह रक्षामाला गलामा लगाइन्छ।

Raj Kishore

यसपछि ८४ व्यञ्जन सहित भएको काँसको ठूलो थायभू बच्चाको अगाडि राखिन्छ। **ॐ समन्त बुद्धानां ओजोबल, तेजोबल प्रदे स्वाहा ॥** भनी थायभू संकल्प गरी **ॐ प्राणाय स्वाहा** इत्यादि गरी पञ्चग्रास गरी पाँच औंलाले क्रमशः खुवाइन्छ। यसरी पाँच औंलाले खुवाउने कारण यस्तो छ।

हृदि प्राणे गुडेद्रपानः समानो नाभिमण्डले।
उदान कण्ठ देशेस्वाद् व्यान सर्वशरीरगः ॥

हृदयमा प्राणवायु हुन्छ, गुदद्वारमा अपान वायु, नाभिमण्डलमा समान वायु, घाँटीमा उदान र सम्पूर्ण शरीरमा व्यान वायु हुन्छ। प्राणवायुले खाएको अन्न भित्र्याउँछ, अपानले मलमूत्र बाहिर निकाल्दछ, समानले खाएको कुरा पचाउँछ। उदानले कुरा गर्ने स्वर निकाल्दछ र व्यान वायुले आँखा आदि सम्पूर्ण अंगहरुको सञ्चालन गर्दछ।

अन्न प्रवेशनं मूत्राद्युत्सर्गोद्रन्नादि पाचनम्।
भाषणादि निमेषाञ्च तद्व्यापाराः क्रमादमी ॥

यसरी पञ्चग्रास गरी चौरासी व्यञ्जन सहित अन्नप्राशन गरिसकेपछि सो भोजनको थालीमा पूजा गरी अजिमा देवीलाई समर्पण गरिन्छ।

७. चूडाकर्म (क्षौर) / बुसँखा

चूडाकर्म बुँसखा भनेको जन्मदेखिकै पहिलोपल्ट क्षौर गर्नु हो, सर्वप्रथम गुरु वज्राचार्यले कलशार्चन पूजा गर्दछन्। शिष्यलाई स्वागत गरी पूजा मण्डपमा ल्याइन्छ, गुरुमण्डलार्चन पूजा गराइन्छ, शिष्याधिवासन गरी, बालकको टाउकोमा रहेको कपाल सुन र चाँदीको छुराले खौरन लगाइन्छ। शिरमा अमला र तिलले नुहाउन लगाइन्छ र पछि पाँच थाकुलींले कलशाभिषेक गरी स्नान गराउँछन्।

यत्मङ्गलं कमलपाणि सवज्रतीक्ष्णः
चक्रायुध प्रवरभाव सयुतस्य तस्य।
लोकेश्वरस्य सुगतस्य सुखात्मकस्य
तन्मङ्गलं भवतु ते परमाभिषेकः ॥

पद्मपाणि, वज्रतीक्ष्ण, चक्रायुध, प्रवरभाव नाम भएका लोकेश्वरहरु सहित महासुख स्वरुप भएका अमिताभ तथागतको जुन मंगल छ, त्यो मंगलले परमाभिषेक होस्। स्नानमा अमला र तिलको प्रयोग गरिन्छ, जुन निकै वैज्ञानिक छ, अमलाको गुण मन्दाग्नि, विषम ज्वर, रक्त विकार पेटको पीडा, आँखाको रोग नाश गर्दछ। कालो तिलले केश राम्रो बनाउँछ। बाथ, मूत्ररोग हटाउँछ। वाताग्नि हुन दिँदैन।

कपाल खौरिँदा पनि अनेक रोग हुन सक्दछन्। तसर्थ विभिन्न रोगव्याध निवारण र धर्म अभ्यास हेतु गुरुले चूडाको कर्म गरिने संस्कार चूडाकर्म हो।

८. व्रतादेशन कर्म (मेखलाबन्धनम्)

यो मेखलाबन्धनको व्रतादेशन कर्मलाई व्रतबन्धन पनि भनिने गरिन्छ। यो संस्कार बालक युवावस्थामा प्रवेश गरेको सूचक पनि हो। यो लगौँटी लगाइदिने संस्कार हो। नेपालको बुद्ध धर्ममा जन्मदेखिको केश खौरी सकेर गुरु वज्राचार्यले कलशार्चन पूजा गरी शिष्याधिवासन गर्दछन्। अमला र पानी शिरमा राखी चारवटा तीर्थको जलले स्नान गराउँदछन्। पछि ७ टुक्रा गाँसिएको आदिका कयता भन्ने लँगौटी लगाइ दिन्छन्। पछि देश गरिक्रमा,

Raj Kishore

गणेश मन्दिर परिक्रमा पूजा आ-आफ्ना चलन अनुसार गराउँछन्, शाक्य, वज्राचार्य पुरोहितहरुको भिक्षु बनाए पछि आचार्याभिषेक गराउँछन्।

व्रतादेशन भनेको विद्या पढ्न पाउनु हो। यो १२ वर्ष नपुग्दै गर्नुपर्दछ। पहिला पहिला गुरुकुलमा, शिक्षालय, विद्यापीठमा पठाउने चलन थियो र अहिले स्कुल कलेज जस्तै पढ्न पाउनु नै व्रतादेशन हो।

९. समावर्तन कर्म (व्रतमोक्षण कर्म)

व्रतादेशन विद्या अध्ययन पश्चात् दीक्षान्त गरी पढाई सकाएर आफ्नो कुलमा भित्र्याउने संस्कार समावर्तन संस्कार हो। आजकल आधुनिक शिक्षाको कारणले संस्कारमा मात्र सीमित देशान्तर घुमेर आइसकेपछि मूलद्वारमा कुमार अगाडि स्वागत गरी बालकलाई येधर्मा गरी भित्र्याइन्छ, दहीको सगुन लिएर भित्र्याइन्छ। नयाँ वस्त्रहरु लगाई दिएर आशीर्वाद दिएर सबै सदस्यहरु भोजन गरेर समावर्तन कर्म गरिन्छ। तर आजकल चूडाकर्म, व्रतादेशन, समावर्तन तीनैवटा क्रिया एकै दिन गर्ने चलन छ।

१०. पाणिग्रहण

नेपालको बुद्धधर्ममा चलेको दशकर्ममा अन्तिम कर्म पाणिग्रहण हो। पाणिग्रहण भनेको कुलपुत्रलाई दुलहीको हात समाउन लगाएर सम्मिलन अर्थात् विवाह गरिदिने कर्म हो। बाबुआमाले कुलमा मिल्ने केटी खोजेर कुलपुत्रलाई विवाह गरिदिनुलाई नेपाल भाषामा इहिपा भनिन्छ। हुन त, विवाह आमाबुबाले नगराए पनि पछि युवा युवती आफैँ खोज्छन् तर कुलमा मिल्ने सम्पूर्ण परिवारमा मिलेर बस्ने खालको दुबैको चिना जुराएर मात्र विवाह गरिदिने चलन छ। पहिला पहिला दशवटा मात्र सुपारी राखेर खर्पनमा विवाह सामग्री पठाएर विवाह पनि गरिन्थ्यो तर आजकल धेरै परिवर्तनहरु आइसके।

यसरी समय अनुसार विवाह गर्ने चलनमा परिवर्तन आएपनि पाणिग्रहण अर्थात् विवाह केटा र केटीको मिलन हो, प्रकृति र पुरुषको संगम हो, बुद्धत्व, बोधिसत्व चर्या हो। पुरुष र स्त्रीमा विकृति आउनु अघि नै दुबैलाई विवाह बन्धनमा बाँधिदिने संस्कार नै पाणिग्रहण क्रिया हो। दशकर्ममा पाणिग्रहण पुरुषलाई स्त्रीसँग सम्बन्ध जुराउने संस्कार हो जसलाई नेवारी भाषामा हवंके क्रिया -भौमचा हवंके पनि भनिन्छ। दुलहाको हातमा दुलहीको हात समाउन लगाएर कन्यादान दिने संकल्प गरिन्छ।

यसरी दशकर्ममा गरिने अन्तिम कर्म पाणिग्रहण विवाह हो। तर नेपालको बौद्ध धर्ममा इहि क्रियालाई बेल विवाह (सुवर्णकुमार) लाई पनि पाणिग्रहणको रुपमा लिइएको पाइन्छ र गर्भाधान कर्मको सूर्यदर्शनलाई पनि विवाहको रुपमा व्याख्या गरी सूर्यसँग विवाह गरेको पनि भनिएको पाइन्छ।

ये धर्मा हेतु प्रभवा हेतुस्तेषां तथागते।

ह्यवदत् तेषां च यो निरोध एवंवादी महाश्रमणः।

हेतुबाट उत्पन्न हुने धर्मको हेतुलाई निरोध गर भन्ने नै महाकरुणा हुनुभएका तथागतको आज्ञा हो, यसैलाई अर्को तरिकामा भन्दा जतिपनि धर्म छन्, ती सबै हेतुको प्रयत्नबाट उत्पन्न भएको हो। तथागतले त्यही हेतुको निरोध गर्नका निमित्त आज्ञा गर्नुभएको हो।

॥ भवतु सर्वमङ्गलम् सर्वदाकाले शुभम् ॥

सन्दर्भग्रन्थ

क्रियासंग्रह	– पं. कुलदत्त वज्राचार्य
आचार्य क्रियासमुच्चय	– टीका पं. जगद्दर्पणाचार्य
क्रियासमुच्चय	– पं. कुलदत्त टीका
दिव्यावदान	– मिथिला विद्यापीठ
दशकर्म प्रतिष्ठा विधि	– पं.बद्रीरत्न वज्राचार्य
धर्मसंग्रह	– पं.बद्रीरत्न वज्राचार्य
मञ्जुश्री पराजिका	– पं. कुलदत्त वज्राचार्य
पराजिका विनयसूत्र	– पं. कुलदत्त वज्राचार्य
बोधिचर्यावतार	– आचार्यशान्तिदेव
दशसंस्कारधर्म	– पं.बद्रीरत्न वज्राचार्य
क्रियासमुच्चय	– अभयगुप्तरचित
श्री अमोघपाश लोकेश्वर उपोषध विधि	– पं.बद्रीरत्न वज्राचार्य
लोकेश्वर पराजिका	– पं. कुलदत्त वज्राचार्य
भद्रकल्पावदान	– पाण्डुलिपी .
तारा पाराजिका	– पं. कुलदत्ताचार्य
आर्यमञ्जुरु	– नामसंगीति
वज्रयान नेपाल	– प्रा.डा. नरेशमान वज्राचार्य
बद्रीरत्नकृत धर्मसंग्रह	– प्रा.डा. नरेशमान वज्राचार्य

तन्त्र र योग

निरणज्वालानन्द राजोपाध्याय

तन्त्र शब्दलाई धातुपरक व्याख्या गर्दा तन्त्र शब्द तन् धातुमा 'ष्ट्रन' प्रत्यय लागेर बनेको हो। तन्‌को अर्थ तन्किनु, फैलिनु, विस्तार हुनु, उत्पन्न हुनु आदि हो भने यसबाट शरीर भन्ने पनि अर्थ लाग्छ। त्यस्तै कसैलाई सुरक्षा प्रदान गर्नु र भरणपोषण गर्ने अर्थमा व्याख्या गर्दा 'तत्रि' धातुमा 'घञ्' प्रत्यय लागेर तन्त्र शब्द बनेको हो। सर्वप्रथम तन्त्र शब्दको प्रयोग ऋग्वेदमा भएको पाइन्छ, जसमा तन्त्रको अर्थ धागो काट्ने चर्खाको अर्थमा प्रयोग गरिएको छ। त्यसैले यो शब्द तन् + त्रै बाट बनेको देखिन्छ। सामान्य अर्थमा हेर्दा तन् को अर्थ माथि भनिएझैँ तन्किनु र शरीर भन्ने हो भने त्र् को अर्थ रक्षा गर्नु, बचाउनु र प्रतिरक्षा गर्नु भन्ने देखिन्छ। यहाँ रक्षा गर्नुलाई त्राण पनि भन्न सकिन्छ।

यस शब्दको धातुमूलक अर्थ कुनै वस्तु, विचार वा शक्तिको विस्तार गरिएको वा उत्पत्ति भएकोलाई रक्षा गर्नु हो। कुनै वस्तुलाई विस्तार गर्नु वा उत्पत्ति गर्नु मात्रले त्यसको रक्षा हुँदैन, त्यसको लागि हुने साधना वा नीतिनियमको आवश्यकता पर्दछ। जस्तो कि मानिस जन्मेपछि उसको शरीर आफैँ बढ्छ, कसैले तानेर ठूलो शरीर बनाउने होइन। त्यसरी आफै प्राकृतिक रूपले बढेको शरीरलाई आफूले चाहेजस्तो बढाउन र हुर्काउन खाना, लत्ताकपडा, संयम, व्यायाम, ब्रह्मचर्य, औषधीमूलो, पौष्टिकता र आचारविचार आदिको आवश्यकता पर्दछ। यस्तो साधना क्षेत्रमा तन्त्रको साथसाथै मन्त्र, यन्त्र, योग र अन्य साधनाका साधनहरुको पनि समुचित प्रयोग गर्नु र गराउनु पर्ने हुन्छ।

तनोति विपुलानर्थान् तत्त्वमन्त्रसमन्विताना्
त्राणं च कुरुते यस्मात् तन्त्रमित्यभिधीयते ॥

(कामिकागम, वुडरुफ इ.सं. १९५१, पृष्ठ ५५)

यसलाई हामीले साधारण भाषामा व्याख्या गर्दा दर्शन, ब्रह्मज्ञान र मन्त्रले युक्त विशाल ज्ञानराशिलाई फैलाउँछ र उक्त विस्तृत रूपमा फैलिएको तत्त्वलाई क्रियात्मक रूपमा साधकको अभीष्ट पुरा गरी उनीहरुको रक्षा तथा सुरक्षा गर्छ भने त्यस शास्त्रलाई तन्त्र भनिन्छ। त्यस्तै "तनोति त्रायति तन्त्र" यसको अभिप्राय तन्किन, विस्तार हुनु र फैलिनु, यसप्रकार यसबाट त्राण होइन्छ भने त्यसलाई तन्त्र भनिन्छ।

यसले के देखाउँछ भने शरीरको रक्षा, मनको रक्षा, शरीर र मनलाई रक्षा गर्ने साधन वा उपकरण (यन्त्र) को समेत रक्षा गर्नुलाई नै तन्त्रले परितभाषित गर्दछ। उपकरण वा साधन भन्नाले यहाँ मानिसको शरीर भित्र वा मनमा रहेको बुद्धि, चित्त, अहंकार र पञ्चमहाभूतात्मक शरीर हो। यहाँ शरीरलाई सञ्चालन गर्ने कर्मेन्द्रियहरुले नै शरीरलाई रक्षा गर्ने हुन् किनभने कदाचित् आक्रमण भएमा यिनीहरूले नै पहिले प्रतिकार गर्ने गर्छन् या शरीरका दशै अवयव सक्रिय हुने गर्छ केही गरी हातमा कुनै हतियार आएमा हातको शक्ति आफैँ बढ्छ भने यसले गर्दा अन्य ज्ञानेन्द्रियहरूको पनि सोहि तुलनामा शक्ति बढ्ने गर्छ। यसरी तन्त्रको व्यापकतामा प्रत्यक्ष रूपमा मन्त्र, यन्त्र

Raj Kishore

र योगको कुरा आउँछ नै तर अप्रत्यक्ष रुपमा कला, सभ्यता, संस्कृति, औषधी विज्ञान, शिल्प कला र संगीत पनि समावेश हुन्छ। किनभने यी सबै क्षमतालाई ज्ञान, विज्ञान कलाको उद्देश्य मानवीय हदसम्म तन्काएर वा फैलाउनु हो जबसम्म उसले 'सोऽहम्' र 'अहं ब्रह्मास्मि' को अनुभूति प्राप्त गर्न सक्दैन।

अहं ब्रह्मास्मिको लक्ष्यसम्म पुग्न साधकले तन्त्रको विभिन्न चरणहरु पार गर्दै धर्म, अर्थ, काम र मोक्षसम्मको यात्रा तय गर्नुपर्ने हुन्छ। साधक सो लक्ष्य प्राप्त गरी दिव्याचारको तहमा पुग्नुपर्ने हुन्छ।

तन्त्रमा विभिन्न आचारहरूको व्याख्या गरिएको वा प्रयोगमा ल्याइएको छ। जुन वैष्णवाचार, वामाचार, दक्षिणाचार शैवाचार, शाक्ताचार, कौलाचार आदि नामले प्रख्यात छन् भने ती आचारमा बसी तीनवटा भावमा साधना गरिन्छ भनी उल्लेख गरिएको छ।

पशुभावयुताः कौलाः वैद्य वैष्णवशैवकाः।
वीरभावयुताः कौला सिद्धान्तोवामदक्षिणौ॥

(कुलार्णव रहस्य, धनशमशेर ज.ब.रा)

वैद्य (वैदिक), वैष्णव र शैव (पाशव कौल वा पशु कौल), सिद्धान्ती (वेदान्ती, गीताभ्यासी, ज्ञानहोत्री समेत), वामाचारी र दक्षिणाचारी वीर कौल हुन्।

यसरी तान्त्रिक ग्रन्थहरूमा प्रचलित साधनालाई तीन वटा भावमा साधना गर्न सकिने गरि दर्शाइएको छ। जस्तै पशुभाव, वीर भाव र दिव्यभाव। पशुभाव अन्तर्गत वेदाचार, बैष्णवाचार, शैवाचार र दक्षिणाचार आउँछ भने वीरभाव अन्तर्गत वामाचार, सिद्धान्ताचार र कौलाचार पर्छन्। त्यस्तै दिव्य भावमा, वीर भावमा साधना सम्पन्न गरी 'अहं ब्रह्मास्मि'को भाव जागृतिलाई आत्म साक्षात्कार गर्नु र त्यसको लागि सात्विक जीवन जिउनमा अत्याधिक बल दिइएको छ। दिव्य भावमा यसका साधकहरूले कुलाचार अन्तर्गत पूर्व कौल र उत्तरकौलमा रही साधना गर्छन्।

रुद्रयामल तन्त्रमा पशु भावको साधना निम्न कोटीको साधना हो भने यही साधनाबाट नै वीर भाव र दिव्य भावमा पुग्न सकिन्छ।

वैदिक वैष्णवं शैवं दक्षिण पाशवं स्मृतम्।
सिद्धान्तवामे वीरे तु दिव्यं सत्कौलमुच्यते॥

(विश्वसार तन्त्र, कौलज्ञान निर्णय)

नेपालका सनातनी साधकहरूले वैदिक, तान्त्रिक र मिश्र पद्धतिबाट साधना गरी माथि उल्लेखित आचार अन्तर्गत रही शाक्त तन्त्र अघि बढाएको देखिन्छ। जसलाई कौल तन्त्र पनि भनिन्छ। जब ज्ञानलाई मन्थन गरी वेद र आगम तन्त्रलाई पनि मथेपछि जुन सारको उद्भव भयो, त्यसैलाई कौलाचार भनियो।

तन्त्रको मूल रूप नै नेपालमा कौलाचार रहेको देखिन्छ। जस अन्तर्गत रही यहाँ रहेका मठमन्दिर, जात्रा, पर्व, संस्कार संस्कृति आदि सबै पशु भावले चलाएको देखिन्छ । प्रारम्भमा साधकहरू पशुभावमा रहने हुनाले तन्त्रको व्याख्या सार आफ्नो र कुटुम्बहरूको शरीर रक्षा गर्न चाहिने साधनालाई पशुभावबाट नै सुरु गर्नु पर्ने हुन्छ। जस अन्तर्गत प्रारम्भिक साधनाका साधनहरू प्रयोग गर्नुपर्ने हुन्छ र यस अन्तर्गत धर्म, योग र अध्यात्म मुख्य रूपमा आउँछ।

तन्त्रमा धर्म

तन्त्र साधना गर्नु मानवको कर्तव्य पनि हो। तन्त्र साधना गर्दा आध्यात्मिकता पनि देखिने हुनाले यो धर्मसँग सम्बन्धित रहेको देखिन्छ। तर विस्तृत अर्थमा हेर्दा यो धर्म मात्र पनि होइन। धर्म शब्द ' ीयते लोको अनेन इति धर्म' भनि महाभारतमा महर्षि व्यास भन्नुहुन्छ । त्यस्तै वैशेषिक सूत्रमा 'यतोऽभ्यु – दयनिः श्रेयससिद्धिः स धर्म' अभ्युदय र मोक्षको सिद्धि गराउने कर्मलाई धर्म भनिन्छ भनी उल्लेख गरिएको पाइन्छ। जैमिनीसूत्र अनुसार चोदना लक्षणोऽर्थो धर्मः। कुनै कर्म गर्ने विधान भएको वाक्यको लक्षण सम्बन्धि अर्थलाई धर्म भनिन्छ। यसरी धर्मसम्बन्धी शास्त्र वचन हेर्दा देश, काल, उपाय (धर्म शास्त्रले बताए अनुसार कर्म गर्ने विधि), द्रव्य (अरुलाई वाधा नपारी आर्जित धन, प्रेम र श्रद्धा साथ दान गर्नु वा दान लिनु), मति अभ्युदय र मोक्षतिर डोर्याउने कार्य, कार्य विधान, आदि धर्म अन्तर्गत पर्दछन्।

कुनै पनि देश, समाज, समुदाय, टोल, घर र स्वयं आफ्नै शरीर प्रतिको कर्तव्य र लौकिक एवं सामाजिक कर्तव्य नै धर्म हो भनी व्याख्या गर्न सकिन्छ। अर्कोतर्फ सामाजिक एवं लौकिक कर्तव्य पूरा गर्ने सिलसिलामा मानव जातिले गर्ने ईश्वरप्रतिको श्रद्धा, पूजा पाठ, उपासना र आराधनालाई धर्ममा समावेश गरिएको छ।

यसरी माथिका सम्पूर्ण कर्तव्यहरू पूरा गरे पश्चात सर्वप्रथम मानवले संस्कारित जीवन बाँच्न पाइने भयो। बाँच्ने उपक्रममा विभिन्न समस्याहरू आइलाग्छ। मानव आफूलाई सम्हाल्न नसकी दानवको रुपमा परिवर्तित हुन सक्छ। त्यसैले धर्म भनेको मान्छेलाई मानव बनाउने एउटा विधि एवम् नियम हो। यसरी विधि एवं नियमहरूलाई अपनाउने सिल्सिलामा पूर्वज ऋषि मुनिहरूले मानवको आफ्नो शरीर स्वस्थ राख्नको निमित्त योगको प्रतिपादन गरी हामीलाई हस्तान्तरण गरेर गएको छन्। योगले नै हामी मानव जातिको सम्पूर्ण अभीष्ट पूरा हुने देखेर नै योग विधि भित्र प्राणायाम, न्यास, व्यायाम, चिकित्सा प्रणाली विकास गरिएको हो। यसरी अन्य धार्मिक कृत्यहरुमा तन्त्र भए पनि भौतिक शरीरलाई स्वस्थ राख्ने प्रविधिको विकास गरिएको देखिँदैन। नेपालमा प्रचलित तर गोप्य मानिएको शाक्त सम्प्रदायमा शरीरलाई स्वस्थ राख्न मन्त्र, यन्त्र र तन्त्र तीनै वटा प्रयोगमा ल्याइएको छ। मानसिक स्वास्थ्यको लागि मन्त्रको प्रयोग गरिएको छ भने भौतिक शरीर स्वस्थ राख्न अष्याङ्ग योग र पञ्चाङ्ग योगलाई शाक्त कौलतन्त्रमा समाविष्ट गरिएको छ। यसरी मानसिक र शारीरिक स्वास्थ्य स्वस्थ भए पछिको अवस्थामा मानव शरीर भित्र अलौकिक शक्तिको सञ्चार गराउन र सञ्चारित अभौतिक ब्रह्माण्डीय उर्जा यन्त्रद्वारा आफूले प्राप्त गरी लोककल्याण र समाजलाई सही दिशा प्रदान गरी मानवलाई मानव बनाउने विधि नै धर्म हो।

योग

प्राचीन कालमा सनातन (हिन्दू) दर्शनको ६ प्रकारका विचारधाराहरू हामी सामु थियो। यी छवटा दर्शन हिन्दु धर्ममा अत्याधिक प्रसिद्ध छ।

१. सांख्य दर्शन
२. योग दर्शन
३. न्याय दर्शन
४. वैशेषिक दर्शन
५. मीमांसा दर्शन
६. वेदान्त दर्शन

यी दर्शनहरूको प्रणेताहरू क्रमशः कपिल मुनि, पतञ्जलि, गौतम ऋषि, कणाद, जैमिनी र बादरायण व्यास हुन्।

योग शरीरलाई स्वस्थ, सबल र बलिष्ट बनाउन उपरोक्त ऋषिमुनिहरूबाट प्रतिपादन गरिएको हो। शरीर नभए धर्म हुँदैन। त्यसैले कुमारसम्भवमा "शरीरमाद्यं खलु धर्मसाधनं" भनिएको छ। धर्म आर्जन गर्ने माध्यम शरीर नै हो। त्यसैले सर्वप्रथम शरीरको रक्षा गर्नुपर्दछ। शरीरमा आउने विविध समस्याहरूको निराकरणको लागी महर्षि पतञ्जलिमा योगसूत्र, हठयोग प्रदीपिका, शाण्डिल्य उपनिषद्, गोरक्षनाथको षडङ्गयोग र त्यस्तै पञ्चाङ्ग योग आदिको प्रयोग गरि आध्यात्मिक, मनोवैज्ञानिक, बौद्धिक विकास र उच्चस्तरीय मनस्थितिसम्म पुगेर अन्तमा समाधि प्राप्त गर्न योग दर्शन अथवा योग शास्त्रलाई प्रस्तुत गरिएको छ। किनकी योग दर्शनको मुख्य लक्ष्य नै समाधिमा पुग्न मार्गप्रशस्त गर्नु हो। समाधिमा आफ्नो चित्तको सबै मनोकांक्षा निवृत्त हुन जान्छ। त्यस लक्ष्यमा पुग्न अभ्यास, वैराग्य (तन्त्रमा अथवा शाक्त कौलाचारमा वैराग्यको कुनै स्थान दिइएको छैन) र ध्यान नै मुख्य साधन हुन्। योग दर्शन आध्यात्मिक देखिएता पनि यसमा ईश्वरलाई महत्त्वपूर्ण स्थान दिइएको छैन तर ईश्वरलाई ध्यानको लक्ष्य भने बनाइएको छ। योग दर्शनमा मुख्य रूपमा अष्टाङ्गयोगलाई मुख्य आधार मानिएको छ। जसमा शारीरिक मानसिक, बौद्धिक र आध्यात्मिक आयामहरूबाट आफ्नो स्वास्थ्य स्वस्थ होस् भन्ने अभिप्राय लिइएको छ। अष्टाङ्ग योगमा सूत्रमार्फत् महर्षि पतञ्जलिले आठ नियमहरू यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, ध्यान र समाधिको वर्णन गरेका छन्।

त्यही जीवन प्राणलाई सुरक्षा र संरक्षण गर्न तन्त्रले भुक्तिमुक्तिको लक्ष्य स्वरूप केही आध्यात्मिक रूपमा व्यवस्थाहरू गरेको छ । माथि उल्लेख भए अनुसार तीन प्रकारका साधकहरू जस्तै पशुभावका साधक, वीरभावका साधक र दिव्य भावका साधकहरु पनि सात वटा आचारहरुमा विभक्त हुन्छन्। उदाहरणार्थ उत्तम पशुभावका साधकहरु वैदिकाचार, वैष्णवाचार, शैवाचार र दक्षिणाचारमा रहन्छन् भने वीर भावका साधकहरू वामाचार र सिद्धान्ताचार रहन्छन्। अन्तिममा दिव्यभावका साधक कौलाचारमा रही सिद्ध हुन्छन्। कौलाचारमा पनि साधकहरू दुई प्रकारमा विभक्त गरिन्छन् – पूर्वकौल र उत्तरकौल। पूर्वकौलमा रही भुक्तिमुक्तिको कसीबाट पार लागेपछि नै उत्तरकौलमा पदार्पण गरिन्छ। तत्पश्चात साधकले अवधूतको पद प्राप्त गर्दछ। यस प्रक्रियागत व्यवस्थाको लागी तन्त्रले साधारणजनहरू (पशुभाव साधक) लाई दिव्य भावसम्म पुर्याउन आध्यात्मिक प्रयोगबारे नै शिक्षा दिने हेतुले विभिन्न विधिहरू प्रतिपादन गरेको देखिन्छ। मानव जीवनलाई समृद्ध तुल्याउन आवश्यक योगका विधि र आहारविहार, ध्यान, प्राणायाम, व्यायाम, र चिकित्सा प्रणालीको पनि त्यति नै आवश्यक पर्दछ। यो कुरा पञ्चाङ्ग योग र त्यसको भेदबाट स्पष्ट हुन आउँछ।

पञ्चाङ्ग योग र भेद

पञ्चाङ्ग योगमा पाँच प्रकारले योग गर्न सकिने कुरा बताइएको छ जुन निम्न प्रकार छ।

१. आहार योग

क) कसले खाने ?

ख) कहिले खाने?

ग) के खाने?

घ) कसरी खाने ?

ङ) कति खाने वा नखाने ?

२. **ध्यान योग**

- क) यम- नियम
- ख) प्रत्याहार
- ग) धारणा
- घ) ध्यान
- ङ) समाधि

३. **संयम योग**

- क) कान
- ख) छाला
- ज) आँखा
- घ) जिब्रो
- ङ) नाक

यी विषयहरुमा अतियोग, मिथ्यायोग र हीनयोग गर्नबाट बच्नुपर्ने हुन्छ।

४. **व्यायाम योग**

- क) अंग व्यायाम
- ख) ढाडलाई घुमाएर गर्ने व्यायाम
- ग) सूर्य नमस्कार
- घ) योगाभ्यास
- ङ) सूक्ष्म व्यायाम

५. **चिकित्सा योग**

- क) मनः चिकित्सा
- ख) षट्कर्म चिकित्सा –
  - अ. नेति
  - आ. धौति
  - इ. वस्ति
  - ई. कपालभाति
  - उ. शंख प्रक्षालन
- ग) प्राकृतिक चिकित्सा
  - अ. उपवास विधि चिकित्सा
  - आ. वायु चिकित्सा (प्राणायाम)
  - इ. अग्नि चिकित्सा
  - ई. जल चिकित्सा
  - उ. माटोबाट चिकित्सा

घ) वनौषधि चिकित्सा

अ. जडिबुटीद्वारा चिकित्सा

आ. चुम्बकद्वारा चिकित्सा

इ. अमरौलीद्वारा चिकित्सा

ई. कल्पद्वारा चिकित्सा

उ. घाँसद्वारा चिकित्सा

ऊ. अपक्वाहारद्वारा चिकित्सा

ऋ. एक्यूप्रेशर अथवा मालिश चिकित्सा

यसमा दिएको विधि प्रयोग गर्दा जीवनलाई वा आफ्नो शरिरको रक्षा गर्ने हेतुमा विशेष परिस्थितिहरुमा एलोपथिक, होम्योइपेथिक, आयुर्वेद निदान अथवा चिकित्साको केही समयको लागि आश्रय लिनु परेमा पञ्चाङ्ग योगको कुनै विरोध छैन।

Raj Kishore

खस जातिको कुलायन मष्टो र तन्त्र साधना

✍ मनोहर लामिछाने

क. भूमिका

कुलायन मष्टोका तन्त्र साधनाबारे चर्चा गर्नुपूर्व खस जातिले कहिलेदेखि, कसरी कुलायनको रूपमा पूजा, अर्चना, आराधना गर्न पुगे ? त्यसबारे उल्लेख गर्नु आवश्यक हुन्छ। खसानी भूमि मष्टोको आदि थलो कसरी बन्न पुग्यो ? खसानी भूमिबाट नेपालका अन्य क्षेत्रमा कसरी विस्तारित भयो, त्यसबारे चर्चा हुन पनि सान्दर्भिक छ। मष्टे पूजा हुने सबै स्थानमा एकै प्रकारले पुजिन्छ वा भिन्न प्रकारले ? यसको स्थानान्तरण हुने विधि, प्रक्रिया र मान्यता आदिबारे पनि यहाँ चर्चा, परिचर्चा गरिने छ। मष्टे परम्परामा तन्त्रहरू हुन्छन्/हुँदैनन् वा स्वयं मष्टोबाट दिव्यज्ञान प्राप्त गरेर मष्टाका प्रतिनिधि वा धामीले मानवीय समस्या (पशुपक्षी, बालीनाली, दैवीप्रकोप, अन्याय, थियोमिचो आदिसमेत) समाधानमा सघाउ पुऱ्याउन सक्छन् ? यी र यस्ता अनेक पक्षबारे छलफल गर्दै यस सानो आलेखमा खसहरूले कविलाइ समयदेखि हालसम्म आउँदा लोकनिर्मित मूल्य मान्यताबाट मष्टे संस्कृतिको उदय र प्रयोग तथा मष्टाका धामीहरूले विविध पक्षमा खेल्ने भूमिका एवं झारफुक साधनाले पार्ने प्रभाव वा विश्वासका सम्बन्धमा संक्षिप्त चर्चा गरिएको छ।

ख. खसहरू खसान पुग्नुपूर्व मष्टोको पूजा आराधना

मानव सभ्यताको सुरुवातसँगै खसहरूको कविलाइ समाज पूर्वी गोलार्धतर्फ बढ्दै गर्दा विभिन्न चुनौती पार गर्दै खसानसम्म पुग्न लामो कालखण्ड व्यतित गर्नुपरेको थियो। ठुल्ठुला नदनदी, घना वनजङ्गल, पहाड, पर्वत पार गर्दै पूर्व लागेका खसहरूले प्राचीन बेबिलोनमै हनुमान् र वल्लभ जस्ता कविलाइ समुदायमा मरुत पूजा गर्ने प्रचलन देखे–भोगेकै थिए। बेबिलोनमै रहेका काद्रव वंशले पनि बाबिरोलाई देवताको रूपमा पूजा गर्ने गरेको र वान्नी मष्टोको सम्बन्ध प्राचीन समयमै असुर देशसँग थियो। त्यही परिवेशबाट पूर्व बढेका कविलाइहरू पछि खस जातिबाट परिचित हुन पुगे र नेपालतर्फ आइपुग्नुपूर्व नै विविध समस्या, रोगव्याधी आइपर्दा समस्या निराकरणका लागि आफ्ना अनुभव र भोगाइबाट आर्जित ज्ञानगुणका कुरा प्रयोग एवं व्यावहारिक बनाउन कुलायन देवता स्मरण वा पूजा, आराधन, मन्त्र साधनाको उपयोग वा प्रयोग गर्न थाले। त्यस क्रममा उनीहरू जता जता पुगे, त्यहाँका रैथाने जाति, समूह, समुदायको तन्त्र साधनासमेत उपयोग गर्न पछि परेनन्। यसरी खसहरू बेबिलोनबाट मध्य एसिया हुँदै इरान, इराक, हालको चीनका विभिन्न स्थानमा जयपराजयको शृङ्खला पार गर्दै यायावरी जीवन निर्वाह गर्दै रहे। विभिन्न स्थानमा आइपुग्दा त्यहाँका रैथाने आदिवासी, घुमन्ते समुदायका सभ्यता, संस्कृति, मूल्यमान्यता, प्रचलनहरूको अनुभव लिँदै, घुलमिल हुँदै आफ्नो गौरवमय पदचाप मेट्न पनि पछि परेनन्। यो लामो शृङ्खलामा तन्त्र साधनामाथि पनि यसको प्रभाव नपर्ने कुरै थिएन। स्थानीय तन्त्र साधक र पूर्व बढेका खस तन्त्र साधकहरू एकअर्कामा साक्षात्कार हुने मौका मिल्यो, जसबाट सिक्ने, सिकाउने अवसरसमेत प्राप्त भयो। यस्तो अन्तरघुलनबाट तन्त्र साधनामा समेत परिमार्जन र नवीनपन वा बेग्लै प्रकारको

Raj Kishore

तान्त्रिक अभ्यास अभ्युदय हुन पुग्यो । यी प्रक्रिया आर्यहरूले सिन्धुघाँटीमा द्रविडहरूलाई विस्थापित गरी आर्यसभ्यताको उदय हुनुपूर्वका हुन् ।

आर्यहरूले रचना गरेका ऋग्वेद र अथर्ववेदमा उल्लिखित जादु, टुना, तन्त्रमन्त्रका स्रोत पनि वेदको रचनापूर्वका थिए। खस लगायत अन्य विविध जातिहरूले स्थानअनुसार तन्त्र साधनाको भरपूर उपयोग गरिरहेकै थिए। खसहरू काश्मीर, कुमाउ, गडवाल, तिब्बत हुँदै हिमाली क्षेत्र अर्थात् वर्तमान मष्टो पूजित खसान क्षेत्रमा प्रवेश गर्दा यहाँ पनि विभिन्न जातजाति, संस्कृतिको उदय, सङ्घर्ष, अन्तरघुलन भएको कविलाश (कैलाश) क्षेत्रले विशेष महत्त्व राख्थ्यो ।

ग. विविध संस्कृतिको सङ्गम कैलाश

कैलाश प्रमुखतः हिन्दु र बौद्धमार्गीहरूको पवित्र स्थलको रूपमा अद्यावधि रहेको छ। विश्व समुदायमा हेर्ने हो भने एक थरी कैलाशको पवित्र भूमि नै मानव सभ्यताको उद्‌गम स्थल रहेको विश्वास गर्छन् । त्यस्तो अभिमत राख्नेहरूले मानव सृष्टिको सुरुआत पवित्र कैलाश र मानसरोवर क्षेत्रलाई मानेका छन्। हिन्दु दर्शनका त्रिदेव ब्रह्मा, विष्णु, शिवको क्रीडा भूमि पनि यही क्षेत्र मान्ने परम्परा छ। यसै भएर आर्य, अनार्य प्रख्यात राजा, महाराजाहरूको तपोभूमि पनि यही थियो । कुवेर, रावण, दिलीप जस्ता आफ्नो युगका शक्तिशाली राजा मात्र होइन, भगवान् राम र पाण्डवहरू पनि यही बाटो भएर स्वर्ग गएको कथन पाइन्छ। मानसरोवर अर्थात् कैलाश क्षेत्रबाट चारवटा प्रख्यात नदी ब्रह्मपुत्र, सिन्धु, शतलज र कर्णाली मानव कल्याणका लागि उत्पत्ति गराएको विश्वास गरिन्छ। यद्यपि नदी उत्पत्तिबारे तान्त्रिक, हिन्दु र बौद्धमार्गीहरूका आआफ्नै मत छन् ।

'कैलाश' शब्दले वर्तमान कैलाश र मानसरोवर क्षेत्रलाई मात्र सीमित नगरेर व्यापक भूमिको प्रतिनिधित्व गर्थ्यो। पूर्व दोलखाको शैलुङ पर्वत, पश्चिमको केदार, चरी हिमाल क्षेत्र र अफगानिस्तानको केही स्थानलाई कैलाश मण्डलको नामले चिनिन्थ्यो । अझै पनि खसान क्षेत्रमा रहेका हिमाली पाटनहरूलाई कैलाश भन्ने गरिन्छ। विश्वका अन्य प्राचीन सभ्यता (बेबिलोन, सिन्धु, द्वारावाती सभ्यता आदि) जस्तै श्वेतवराह कल्पका कारण कैलाश सभ्यताका धेरै कुरा लोप भए। यसरी लोप हुँदाहुँदै पनि यसका प्रभावहरू हालसम्म पनि जीवितै रहेको पाइन्छ। यो भूमि मुख्य रूपमा शिवको निवास र क्रीडा भूमि भएको हुँदा शैव सभ्यताको विशेष भूमि रहेको मान्यता छ।

भगवान् शिवलाई महातान्त्रिकको रूपमा ग्रहण गरिएको छ । श्मशानवासी र चिताको खरानी धस्ने शिवले देव-दानव युद्धमा समन्वयकारी भूमिका निर्वाह गरेको पाइन्छ। शिवले देवासुर सङ्ग्राममा प्राप्त सम्पदा बाँडफाँडमा पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । स्वस्थानी पुराणमा दक्षकी छोरीको विवाह अर्थात् 'विजातीय कुलको विवाह पद्धति' लाई भिन्न दुई संस्कृतिको सङ्घर्ष, समन्वय र मिश्रणको रूपमा ग्रहण गर्न सकिन्छ। शिवको तन्त्रवादलाई क्रमशः वैदिक संस्कृतिका अनुयायीहरूले स्वीकारेर उनलाई आराध्यदेव महादेवको रूपमा पनि पुजित बनाए। शिवको सो क्षेत्रमा विभिन्न जातजातिका मानिसहरूको बस्ती थियो। यक्ष, किन्नर, किरात, नाग, कुलिन्द, हुण, पुलिन्द, आभिर, कंक, लंगा आदिको बसोबास भएको क्षेत्रमा खसहरूसमेत जाँदा विभिन्न जाति, समुदायमा अन्तरसङ्घर्ष हुनु अस्वाभाविक थिएन। यसरी विभिन्न संस्कृति र समुदायबिच अन्तरसङ्घर्षको परिणाम भिन्न संस्कृतिको अभ्युदय हुने क्रममा कैलाशको तिब्बत गुंगे क्षेत्रमा आधिपत्य जमाएका खसहरूले विशाल राज्य स्थापना गर्न पुगे । खसहरूबारे वेदमा कतै उल्लेख नभए पनि महाभारत युद्धमा यिनीहरूको वर्णन गरिएको पाइन्छ। त्यसपछि निर्माण भएका मनुस्मृति, कल्की पुराण, मार्कण्डेय पुराण,

Raj Kishore

वायु पुराण, हरिवंश पुराण आदिमा खसहरूबारे उल्लेख छ । किनभने त्यति बेला खसहरू वैदिक आर्यसँग सम्पर्कमा आइसकेका थिए ।

मेसोपोटामियाबाट पूर्वतर्फ बढेका खसहरू, हिमाली क्षेत्रमै रहेका पासाई लगायत रैथाने खसहरू र पछि सिन्धु दीक्षित आर्यहरूको समेत उपस्थिति हुँदा त्यहाँ रहेका विभिन्न जाति, समुदायका विविध धर्म, संस्कृतिको मिलन, सङ्घर्ष, रूपान्तरण एवं अन्तरघुलनबाट बनेको शैव संस्कृतिबाट प्रभावित हिमवत्खण्डमा एउटा छुट्टै संस्कृति निर्माण हुन पुग्यो, जसलाई हामी आज मष्टोका नामले चिन्छौँ । मष्टोसँग जोडिएका कैयौँ मिथकहरू शिवसँग जोडिएका छन् । पछि जुम्लाको लामाथाडामा स्थापित खस राज्यले वर्तमान नेपालको ठुलो स्थान र भारतका कुमाउ, गडवाल क्षेत्रमा राज्य सञ्चालन गर्दा राजकीय मान्यता पाएको कुलदेवता, इष्टदेवता र क्षेत्रपालको रूपमा खसानी समाजले मष्टोलाई ग्रहण गर्न पुग्यो । पछि खस राज्यको टुटफुट, विभाजन हुने क्रम चलिरहे पनि मष्टो संस्कृति र त्यसप्रतीको जनविश्वास आजसम्म जिवित छ । त्यसैले मष्टोबारे विभिन्न खोज, अनुसन्धान हुँदै नवीन तथ्यहरू आइरहेका छन् । जसरी मानव जाति प्रारम्भमा प्रकृति पूजक रहेर आफ्ना विविध समस्याको समाधान गर्ने प्रयास गर्थ्यो, त्यसरी नै मष्टाका उपासकहरू आज पनि आफ्ना शारीरिक समस्यादेखि प्राकृतिक प्रकोप र जीवन निर्वाहमा आइपर्ने सुखदुःखमा समेत मष्टाका माडु वा थानमा जाने र धामीका लटा (टुप्पी) र घण्टको स्पर्श र मन्त्रले मनोकामना पूर्ण हुने व्यापक विश्वास कायम रहेको पाइन्छ ।

घ. मष्टोको उत्पत्तिबारे सामान्य चर्चा र विविध रूप तथा प्रमुख स्थलहरू

मष्टाबारे अनेक मिथक पाइन्छन् । मुख्य रूपमा मष्टालाई शिव, पाण्डव र इन्द्रसँग जोडेर उनीहरूकै सन्ततिको रूपमा लिने गरिन्छ । कतिपयले मष्टालाई भगवान् शिवकै अर्को रूप मानेका छन् भने भैरवको उग्ररूप नै मष्टो रहेको विश्वास छ कतिपयमा । केहीले मष्टोलाई भारतको बद्रीनारायण, पन्जाबबाट आएको विश्वास गरेका छन् । केहीले इन्द्रका छोरा जयन्त नै मष्टो भएको मानेका छन् । कतिपयले मष्टाको उद्गम भूमि नेपाल भएको र निराकार बालब्रह्मचारी मष्टाका बहिनीहरूमा खसानमा रहेका देवी भवानीहरू रहेको भन्ने विश्वास गर्छन् । धेरैजसो विद्वान्ले भने खसान क्षेत्र शिवको निवास भएको र शैवदर्शनबाट प्रभावित त्यस क्षेत्रका रैथानेहरूले आध्यात्मिक रूपमा पूर्ण विश्वाससाथ ग्रहण गरेका मष्टो कैलाश क्षेत्रको रक्षाका लागि जिम्मा दिएका शिवका प्रथम गणका रूपमा रहेको विश्वास गरेका छन् । लोकायत दर्शनबाट प्रभावित मष्टो संस्कृति पुरानो दर्शनको रूपमा पनि स्वीकारिएको छ ।

प्रारम्भमा मष्टोलाई अवैदिक खसहरूले आफ्नो कुलायन र मानवीय समस्या समाधान गर्ने देवताको रूपमा स्वीकारिएको छ । पछि विविध कारणले हिमाली क्षेत्रमा प्रवेश गरेका वैदिक आर्यहरू खसहरूसँग घुलमिल हुँदै जाँदा तिनीहरू स्वयं मष्टाका अनुयायी बन्न पुगे । यसमार्फत् भएको विविध रक्तमिश्रण र उदार वैवाहिक सम्बन्धका कारण मष्टोका अनुयायीको व्यापक विस्तार भएको जनविश्वास छ ।

मष्टाको आकार वा प्रतिछाया/प्रतिमूर्ति पाइँदैन । कुनै कल्पना पनि गरिएको छैन । प्रारम्भमा निश्चित स्थानमा थान बनाएर पूजा आराधना गर्ने गरिन्थ्यो । यसबाहेक ठुलठुला पहाड, पर्वत, हिमालय, देउराली, भन्ज्याङ, वनजङ्गल, गुफा, धुरीलाई मष्टाको प्रतीक मानी पूजा गरिन्थ्यो । वैदिक आर्यको सङ्गतबाट माडु वा थान बनाउन थाले पनि प्रारम्भमा छाना नभएको उत्तरतर्फ ढोका राखेर मन्दिरकै पूजा गर्ने गरिन्थ्यो ।

मष्टा मुख्य रूपमा दुई प्रकारका छन् । एउटा बलीको भोग खाने (दाहग्रा) र अर्को दुधको धार खाने (दुध्या) । दाहग्रा मष्टा बदलाबाट प्रेरित हुन्छ भने दुध्यामा क्षमाशीलता रहेको विश्वास गरिन्छ । यी दुबै विशेषतायुक्त मष्टो

भए पनि मुख्य १२ भाइ मष्ट्य र तिनीहरूको उत्पत्ति स्थलबारे खसान क्षेत्रमा एउटा छुट्टै विश्वास रहेको छ। यिनै मष्ट्यको नामबाट खस जाति जहाँ पुग्यो, त्यहाँ थान वा मन्दिर स्थापना गरेर स्थानअनुसारको नामकरण गरे पनि १२ भाइ मष्ट्यको मुख्य केन्द्र यस्तो रहेको छ– ढँडार मष्ट्य (बझाङ), खापर मष्ट्य (खप्तड), तेडी मष्ट्य (डोटी), कौवा मष्ट्य (कौवा लेक), कालशिला मष्ट्य (बिनायक), रुमाल मष्ट्य (खिड्कीशैनी), बुड मष्ट्य (जुम्ला), थार्पु मष्ट्य (जुम्ला र मुगु), गुरो मष्ट्य (हुम्ला र मुगु), दाह्ना मष्ट्य (जुम्ला, मुगु, जागरकोट), दुध्या मष्ट्य (जुम्ला, मुगु, जाजरकोट), बाबिरो मष्ट्य जुम्ला। यिनै नामबाट देशका विभिन्न स्थानमा मष्ट्यको पूजा, आराधना हुन्छ। तथापि जति पूर्वतिर लाग्यो, खसानमा पूजित वृन्दासैनी, कालिका, मालिका, जालपा, वण्डाली, ठिंगेल्ली, खेस मालिनी, कनका सुन्दरी, त्रिपुरा सुन्दरी, शैलेश्वरी जस्ता देवी भवानीको पूजाको सट्टा वैदिक आर्यले उल्लेख गरेका दुर्गा सप्तशतीमा उल्लिखित देवीहरूको पूजा गरिन्छ। कतिपय स्थानमा त्यो पनि गरिँदैन भने धामीहरूको अभावमा धामीका कृत्य पनि गरिँदैन।

ङ. धामीका कृत्य तथा समस्याको समाधान

मानवीय जीवनमा आइपर्ने शारीरिक, मानसिक, प्राकृतिक प्रकोप मात्र होइन, मष्टो अनुयायीहरूमा विभिन्न प्रकारका अनिष्टबाट बँच्न/वाचाउन धामीको महत्त्वपूर्ण स्थान रहेको छ। लगन, साइतदेखि शुभकार्यको प्रारम्भमा पनि धामीको उच्च भूमिका रहने गरेको छ। मष्ट्यका सेवकका रूपमा रहेका पूजारी, डाँग्रीभन्दा शीर्ष स्थानमा रहन्छन् धामी। धामीले प्रयोग गर्ने मन्त्र साधना र कृत्यको निर्देशन स्वयं मष्ट्याबाट हुन्छ। त्यसैले खसानमै प्रचलित झाँक्री उपचार विधिमा उनीहरूले आफ्ना गुरुबाट प्रशिक्षण लिने हुँदा मन्त्रहरूको शृङ्खला लयबद्ध उच्चारण गर्दै प्रश्न–उत्तरको माध्यमबाट समस्याको कारण पत्ता लगाई सोबाट मुक्त हुन समाधानका उपाय भन्ने गर्छन्। तर, धामीहरूले त्यस्तो प्रशिक्षण लिएका हुँदैनन्। उनीहरूको मार्गनिर्देशन स्वयं जसका उपासक हुन्, तिनीबाट प्राप्त हुन्छ। मष्ट्यका धामीबाहेक अन्य स्थानीय देवदेवताका धामी हुने भए पनि यस आलेखमा मष्ट्यका धामीका कृत्य मात्रै उल्लेख गरिएको छ।

मष्ट्य शिवसँग जोडिएकाले तन्त्र साधनाका धुरन्धर शैव संस्कृतिका प्रणेता महादेव वा शिवलाई महातान्त्रिकको रूपमा स्वीकारिएको छ। शिव तन्त्र गैरवैदिक साधना मानिन्छ। केही स्थान (मुगुका थार्पा मष्ट्य) शिवको तान्त्रिक विधिबाट पूजा गरिन्छ। मष्ट्यका मन्दिरमा माटेको मौरोलाई गादी (गद्दी) अर्थात् सिंहासनको रूपमा लिइन्छ। उक्त गद्दी मष्ट्येले इन्द्रबाट प्राप्त गरेको जनविश्वास छ। मन्दिरमा मष्ट्याले त्यही गादीबाट र घरमा उनको कम्बल वा शुद्ध कपडालाई इन्द्रगादीको प्रतीक मानी धामीले कायाकैरण गर्दै आफ्नो शरीरमा मष्ट्य प्रवेश गराउँछन्। यसरी कायाकैरण पतुर्दा धामीको शरीरमा कम्पन हुन सुरु हुन्छ। धामीको शरीरमा मष्ट्य देवता प्रवेश भएपछि उनीहरूको बोलीलाई देववाणी भनिन्छ अथवा मानवको नभएर देवताको बोली धामीको माध्यमबाट व्यक्त हुन्छ भन्ने विश्वास गरिन्छ। त्यसैले त धामीले अन्य मानिसलाई नर्, मनुष्य, हेर्, तँ जस्ता शब्द प्रयोग गर्छन् भने अनुयायीहरू ठुलो श्रद्धाले ईश्वर, परमेश्वर, ठाकुर, गोस्या, गोसाई, महाराज जस्ता सम्मानसूचक शब्दले आदरपूर्वक प्रश्न, प्रतिप्रश्न, जिज्ञासा राख्ने गर्छन्। धामी स्वयंले पनि कुनै प्रश्न वा जिज्ञासा राख्न सक्छन्। त्यस्तै अनुयायीहरूले आफ्ना समस्याबाट मुक्ति पाउन, लोककल्याणकारी कार्यका जिज्ञासा राख्न सक्छन्। धामीले आफ्नो टुप्पी समाउँदै, घण्ट बजाउँदै, दैवी शक्तिसँग संवाद गर्दै समाधानको आदेश दिने गर्छन्। धामीले दैवी शक्तिसँग संवाद गर्दा सर्वसाधारणले प्रयोग नगर्ने भाषा वा खामसी भाषा (दैवी भाषा, नबुझिने देववार्ता) प्रयोग गर्छन्।

Raj Kishore

मष्य प्रचलनमा देवतालाई आह्वान गर्दा त्रिदेवको मान्यता अङ्गीकार गर्दै प्रारम्भ र अन्तमा ॐ शब्द पनि प्रयोग गरिन्छ। नमुनाका लागि कौवा काँरा, बिजुली डाँडा, भोट पर्वत, बुकी पाटन जाँ छौ ताँ छौ– आइपन्थ भया, दाइन्या भया भनेर आह्वान पनि गरिन्छ। प्रारम्भमा मष्यका मागल गाइने प्रचलन थियो।

"कसका पुत गोसाई कसका जाया
इन्द्रका पुत गोसाई मण्डलीका जाया
सुनका भँडार फोरी मर्त्यलोक जाया
मर्त्यलोक आई गोसाई हेरोफेरो च्वाया
वल्याको छ गोसाई चण्डीको पाल
ऐनाको छ गोसाई, मष्टा क्षेत्रपाल"

(श्यामबहादुर खड्का, बझाङ, किंवदन्ती र इतिहास, पृ. ६४)

चाडपर्वहरूमा धामीले थानमा पूजा, अर्चना गर्दा मष्टलाई कायाकैरणमार्फत् आह्वान गर्छन् भने भेला भएका अरू जन वा समूहले मागल, फाग गाएर मष्यको बखान वा वर्णन गर्छन्। कायाकैरण स्थान विशेष हुन सक्छ, यसमा अनेक विविधता पाइन्छन्। स्थानअनुसार धामीहरूले पनि आआफ्नै प्रकारले कायाकैरण गर्न सक्छन्।

कौवा काँरा, बिजुली डाँडा
कालै घोडा, कालै कैचा
उत्तर दिशा, दक्षिण दिशा
चारै दिशा, चारै कुना हेर्दै
कालै रातमा हिँड्ने
कालै वस्त्र लाउने
म... ष्या... यौं।

(मनोहर लामिछाने, लोकसाहित्य : सामाजिक प्रतिबिम्ब, पृष्ठ ८७)

धामीले कायाकैरण गर्दै मष्टलाई आफ्नो शरीरमा प्रवेश गराएपछि बोलिने देववाणीबाट समस्याको कारण बताउने र समाधानको उपाय सिकाउने गर्छन्। आवश्यक पर्दा मष्यदेवसँग सोधपुछ, सरसल्लाहसमेत गर्छन्। यसरी गरिने सोधपुछका केही उदाहरण–

शाही सुर्ता हो कि ? काठी मूर्ति हो कि ?
दिउँला भन्ने हो कि ? लिउँला भन्ने हो कि ?
आँधी साँधी हो कि ? मुख मैलो हो कि ?
कला काङ्सी हो कि ? साचो बोली लिए
झुटो टरी दिए, पाउ हत्या लाग्ला,
गौहत्या लाग्ला।

धामीको शरीरमा मष्टे प्रवेश गरेपछि अत्यन्त उग्र वेगले देवत्वसँग संवाद, कम्पन हुँदै दुधको दुध पानीको पानी छुट्ट्याउने शक्ति मिल्छ। मानवीय समस्य त सामान्य नाडी छामेर, स्पर्श गरेर, लट्या, घण्टा, सोडाको स्पर्शबाट समेत मुक्त हुन सकिन्छ भन्ने जनविश्वास छ। यस्तै धामीले चामलका गेडा हातमा राखेर पनि जानकारी प्राप्त गर्न सकिने र साधक वा अनुयायीलाई चामलका गेडा वा ध्वजा (धजा) दिएर पनि रक्षा गर्छन् भन्ने विश्वास छ।

Raj Kishore

मष्ट्यको दिव्य शक्तिबाट प्राप्त मन्त्रहरू गोप्य राखिन्छ। मन्त्र भन्दै हिंडेमा त्यसको प्रभाव शून्य हुन्छ भन्ने परम्परागत विश्वास यहाँ पनि रहेको छ। यहाँ गुरुचेलाको महत्त्व नभए पनि उल्लिखित १२ प्रकारका (१२ भाइ) मष्ट्यका मुख्य केन्द्रबाट अन्य स्थानका धामीलाई छाप (लालमोहर) दिने चलन थियो। एउटै मन्दिरमा धेरै धामी हुँदा मूल धामी पहिचानका लागि छाप दिने गरिएको हो। अचेल भने भाइबन्धुको सल्लाह र धामीको अलौकिक शक्तिको खेल हेरी मुख्य धामी निर्धारण गरिन्छ।

च. मष्ट्यको स्थानान्तरण र असहायको न्यायकर्ता

खस जाति खसानबाट जहाँ जहाँ पुगे, त्यहाँ त्यहाँ आआफ्ना कुलायन वा मष्ट्यका थान वा मन्दिर निर्माण गरे। आफू स्थानान्तरण हुँदा मष्ट्यको मौलो र धजा पनि आफूसँग ल्याई नयाँ स्थानमा मन्दिर स्थापना गर्न चुकेनन्। त्यस्तै कतिपयले आफ्ना आदिपुर्खा बसेको स्थानबाट शिला ल्याई स्थापना गरेर मष्ट्यको पूजा, आराधना गर्ने परम्परा छुट्याएका छैनन्। तथापि कतिपय स्थानमा पूजाविधिमा विविधता पाइन्छ भने मष्ट्यसँगै जोडिने स्थानीय देवदेवताहरूमा पनि अनेकता देखिन्छ।

परम्पराअनुसार असहाय, कमजोर वा निरीहलाई मष्ट्यका शरणमा गए न्याय प्राप्त हुने आमसोचाइ छ। कोही दम्पतीलाई सन्तान प्राप्ति नभएमा वर माग्ने प्रचलन पुरानो हो। खसानमा अझैसम्म पहिलो अन्नबाली (न्वागी) र दसैंको टीकामा पहिलो भाग मष्ट्यलाई चढाइन्छ। आवश्यक पर्दा मष्ट्यका अनुयायीहरू जहाँ, जुन देश वा विदेशमा छन्, त्यहींबाट मनमनै स्मरण गर्दै उत्तर फर्किएर पाती हाली, धजा चढाए कार्य सिद्धि हुन्छ भन्ने जनविश्वास छ।

समाजमा घट्ने विभिन्न प्राकृतिक प्रकोपमा पनि मष्ट्ये पुकार्ने चलन छ। यसरी खस जातिका विविध समस्या समाधानका लागि देवालीमा सबै भाइबन्धु अनिवार्य सहभागी भई एक ठाउँमा भेटघाट गर्ने प्रचलन अझैसम्म कायम छ।

उपसंहार

खसहरू मेसोपोटामियाबाट पूर्व विस्तार हुने क्रममा जहाँ जहाँ बसाइँ सर्दै आए, त्यस स्थानमा विभिन्न रूपले पूजित मष्ट्ये हिमाली खसान क्षेत्रमा पुग्दा त्यहाँका रैथाने आदिवासीसँग अन्तरघुलन हुँदै बेग्लै नयाँ सांस्कृतिक पहिचान निर्माण र त्यसको प्रभाव छाड्न सफल भएको देखिन्छ। खसहरू जहाँ, जसरी बसे पनि विभिन्न रूपले मष्ट्ये मानिआएका छन्। विभिन्न सभ्यताबीच सङ्घर्ष, रूपान्तरण, समन्वय र सम्मिश्रणबाट निर्मित मष्ट्ये संस्कृति विभिन्न मिथकसँग जोडिए पनि गैरवैदिक मष्ट्ये संस्कृति वैदिक आर्यसँग घुलमिल हुनु आफैंमा महत्त्वपूर्ण विषय हो।

१२ भाइ मष्ट्यका प्रमुख स्थलहरू खसान क्षेत्र भए पनि खसहरू जहाँ पुगे, ती स्थानहरूमा महत्त्वका साथ कुलायन मष्ट्येको पूजा, आराधना हुने गरेको छ। प्रमुख आराध्यदेवको रूपमा पुजिने मष्ट्येको आराधनाबाट मानवीय समस्याका विविध पक्षको निकारण हुन्छ भन्ने व्यापक लोकविश्वास पनि पाइन्छ। प्रारम्भमा गैरवैदिक पूजन विधि अपनाइए पनि वर्तमानमा आइपुग्दा भने केही वैदिक परम्पराले स्थान पाएको छ। यसमा खसहरूको उदार व्यवहार, सामाजिक–वैवाहिक सम्बन्ध र रक्तमिश्रणको भूमिका उच्च देखिन्छ। नेपाली समाजकै प्रमुख आराध्यदेवको रूपमा पुजित मष्ट्ये संस्कृतिका अनेक पक्षबारे अझ व्यापक खोज, अनुसन्धान हुनु अत्यावश्यक देखिन्छ।

षडक्षरी लोकेश्वर

✍ डा.दयाराम श्रेष्ठ

लोकेश्वर

लोक र ईश्वरको सन्धिबाट लोकेश्वर बनेको छ। लोक भन्नाले आमजनता वा सर्वसाधारण आम मानिस भन्ने बुझिन्छ भने ईश्वर भन्नाले भगवान्, देवता भन्ने बुझिन्छ। लोकेश्वरलाई सहस्रनामले पुकार्दछन् जसको महिमा मञ्जुश्रीले समेत पूरा गर्न नसकेको भनाइ छ। अवलोकितेश्वर विभिन्न रुपमा ६ वटा लोकको, चार हात भएको, ११ मुख भएको र हजार हात भएको पनि छन्। अवलोकितेश्वरलाई ध्यान गरी श्रद्धा र भक्तिले शुद्ध मनले **ॐमणि मणिपद्मे हूं** भनी लाखौं पटकजप गरेमा अपार पुण्य हुने बताइएको छ। यसका ३६० स्वरूपहरु भएता पनि हालसम्म १०८ प्रकारका मात्र पाइएको अवस्था छ। नेवार बुद्ध धर्मावलम्बीहरूको आमभाषामा सबै बुद्धहरु बोधिसत्वहरुको रुपमा मानिन्छ। पञ्चमहाभूतरुपी महाशून्यमा श्रीस्वयम्भू आदिबुद्ध सृष्टि हुन गई लोकनाथ लोकेश्वर करुणामय उत्पत्ति भएपछि यसका विभिन्न अङ्गबाट विभिन्न देवीदेवताहरुको उत्पत्ति हुन पुगेको विश्वास गरिन्छ। अवलोकेश्वरलाई भिन्न रुपमा व्याख्या गर्दा वज्रयानका नियम विपरीत हुन गएका पापहरू हटेर मनमा करूणा र दया मायापूर्ण भई चित्तोत्पाद भएर शून्यताको ज्ञानमा परिणत हुने शुभ अवसर पाउनेछ। छोटकरीमा भन्नुपर्दा अवलोकेश्वरलाई सदा प्रणाम गरेमा यसबाट मनका दुई क्लेश आवरण (श्लेशावरण र ज्ञयावरण) शुद्ध भई दशभूमि (मुदिता वा प्रमुदिता, विमला, प्रभाकरी, अर्चिष्मती, सुदुर्जया, अभिमुक्ति वा अभिमुखी, दूरङ्गमा, अचला, साधुमती र धर्ममेधा) र पञ्चमार्ग (त्याग, तयारी, बोध, ध्यान, र पूर्णता) पार गरी अवलोकेश्वरको भुवनमा अवलोकेश्वरसँग परिणत भई बुद्धत्व प्राप्त हुने शुभ अवसर पाउनेछ। विभिन्न लोकका अवलोकेश्वरका विभिन्न रूपहरू छन्। उहाँलाई ध्यान गरी श्रद्धाभक्ति शुद्ध मनले 'ॐ मणिपद्मे हूं' भनी लाखौं पटक मन्त्रजप गरेमा त्यसको गुण र फल यति हो भनी अक्षरमा उतार्न सकिदैंन। लोकेश्वरहरूको संख्या धैरै भएपनि यीमध्ये षडक्षरी लोकेश्वर, सिंहनाद लोकेश्वर, खसपर्ण लोकेश्वर, लोकनाथ लोकेश्वर, हलाहल लोकेश्वर, पद्मनर्तेश्वर लोकेश्वर, हरिहरिवाहनोद्भव लोकेश्वर, त्रैलोक्यशंकर लोकेश्वर, रक्तलोकेश्वर लोकेश्वर, मायाजाल कर्म अवलोकितेश्वर, नीलकण्ठ लोकेश्वर, सुगतिसंदर्षण लोकेश्वर, प्रेतसंतर्पित लोकेश्वर, सुखावती लोकेश्वर र वज्रधर्म लोकेश्वर गरी १५ प्रमुख प्रसिद्ध लोकेश्वरहरु हुन्।

नेपालमण्डलमा लोकेश्वर

नेपालमा लोकेश्वरको उत्पत्तिको खोज गर्ने क्रममा तथ्यगत रूपमा भन्न नसकिए पनि बौद्धकथा र वंशावलीलाई आधार लिन सकिन्छ। खासगरी आदिबुद्ध र स्वयम्भूबुद्ध भनी बोलाइने गरेको काठमाण्डौंस्थित समुद्री सतहदेखि करिब १४७७ मीटर (४८०० फिट) उचाइमा रहेको भगवान् स्वयम्भूको स्तूपलाई लिन सकिन्छ। सम्राट अशोकले पाँच स्तूप बनाएको, चारूमतीको नामबाट चारूमती विहार बनाउने क्रममा किमान्डोल विहार

बनेको थियो भने विद्वान् आचार्यहरू, बुद्धधर्म प्रति श्रद्धा हुने राजाहरू, दाताहरू मार्फत् अन्य विहारहरू निर्माण हुँदै गएको देखिन्छ। यस्तै जयदेवको १३औं पुस्ताका लिच्छवी राजा वृषदेवले शान्तिशील भिक्षुको कुशल नेतृत्वमा श्रीस्वयम्भू महाचैत्यमा पूर्णरूपमा जिर्णोद्धार गरेको, बौद्धपुरी बन्देग्राममा बन्देजूहरूलाई विहार वनाई बन्देपुर(बदेगाँ) भन्ने नामले प्रसिद्ध गराएको, धर्मदेवले राजविहार, मानदेवले मानविहार, नरेन्द्रदेवले राजकीर्ति महाविहार(टेवहाल), वालार्चनदेवले ज्येष्ठवर्ण महाविहार आदि बनाएको पाइन्छ। उपत्यकामा पाँचलोकेश्वर छन्। बुङ्मतीमा आर्यावलोकितेश्वर, ललितपुरमा खसर्पन लोकेश्वर, काठमाण्डौँमा अमोघपाशलोकेश्वर, नालामा सृष्टिकान्त लोकेश्वर र चोभारमा आनन्दायी लोकेश्वर हुन्। यी मध्ये रातो मच्छेन्द्रनाथ उपत्यकामा ल्याएको र यसको जात्रा बारेका किंवदन्तीहरू ज्यादै लोकप्रिय छन्।

स्वयम्भू चैत्यको पश्चिम भागमा रहेको रातो वर्णको भगवान् अमिताभ बुद्धको तल्लो तल्लामा रहेको श्रीपद्मपाणि लोकेश्वर पनि यिनै रक्तावलोकितेश्वरको रूपमा रहेको, कलिगत संवत् ३३७६ मा राजा नरेन्द्रदेवले बुङ्गमतीमा विराजमान गराई जात्रा परम्परा चलाएको महावदान हस्तलिखित ग्रन्थमा उल्लेख गरिएको छ। श्रीश्वेतमच्छेन्द्रनाथ(जनबहाःद्यः)को कथामा आर्यावलोकितेश्वरको उत्पत्तिको स्थान, आमा, बुवा र दाजुभाइको बारेको उल्लेख गरिएको छ। यस्मा १०८ लोकेश्वर उत्पत्ति भएको मध्ये मुख्य आर्यावलोकितेश्वर भनिएको छ।

पुराणमा तथा वंशावलीमा लोकेश्वर

बुद्धधर्म र बौद्ध दर्शनसँग सम्बन्धित प्रायः सबै जसो पुराणहरू, वंशावलीहरू र अन्य खालका विभिन्न भाषाका बौद्ध ग्रन्थहरूमा लोकेश्वरको बारेमा व्यापक रूपमा चर्चा गरिएको छ। चौथो शताब्दीदेखि शुरूवात गरिएको शुरूको संस्कृत र पछि १४/१५ शदीतिर नेपालभाषामा अनुवाद गरिएको सबैभन्दा पुरानो मानिएको धर्मग्रन्थ स्वयम्भू पुराण, गुणकारण्डव्यूह, बृहत् जातकमाला, त्रिपिटक, जातक, बौद्ध ग्रन्थका विभिन्न निकाय, विशेष गरेर दीर्घनिकाय, सुत्तनिपातका अर्थ कथा सौन्दरनन्दमहाकाव्य, महावंश, महावस्तु, ललितविस्तर, महाभिनिष्क्रमण सूत्रमा लोकेश्वरको महिमाको बारेमा उल्लेख गरेको पाइन्छ।

०

नेपाल मण्डलका मुख्य चार लोकेश्वरहरू

नेपालमा परापूर्वकालदेखि मानि आएका लोकेश्वरहरूमध्ये चारवटा लोकेश्वरहरू (करूणामयहरू) निकै महत्त्वपूर्ण छन्।

१. अमरापुरी बुंगमदेश (ललितपुरका रक्तावलोकितेश्वर वा रातो मच्छेन्द्रनाथ वा लोकनाथ वा बुँगद्यः) – रक्तावलोकिँतेश्वर लोकनाथको वर्ण अरूण वर्ण छ। दुई ठूलाठूला आँखा छन्। दबिएको नाक, उचाइ चारफुट, पवित्र माटे (मृत्तिका, तेराकोटा) बाट बनेको मूर्ति सुन्दर र भव्य, शिरमा रत्नमुकुट, निधारमा टीका, कानमा रत्नजडित गहनाले सुसज्जित भएको, घाँटीमा कर्कोटक नागको रत्नमाला, हातमा चुरा, बाला र खुट्टामा कल्लीले सुशोभित, दाहिने हात वरदमुद्रा, बायाँ हातमा कमलको फूल, ललितपुरको तःवहाल र बुङ्मतीको उत्तर फर्केको मन्दिरमा विराजित, निरामिष, पञ्चामृतको पूजामात्र हुने, अन्नदाता रूपमा मानिँदै आएको छ। यसको मन्दिर बुङ्मती र ललितपुरको तःवहालमा रहेको छ। यो मूर्ति उत्तरायणमा ललितपुरमा र दक्षिणायनमा बुङ्मतीको मन्दिरमा राखिने प्रचलन छ।

२. आनन्दादि लोकेश्वर (कच्छपाल पर्वतका आदिनाथ वाचो भाःद्यः) – तीन फुट ६, दाहिने हातमा वरदमुद्रा,

Raj Kishore

देब्रे हातमा आह्वानमुद्रा, रक्तवर्ण, माथितिर हेरेको ठूला आँखा आदिनाथको नामले पुकारिने, स्वयम्भूको धर्माकरको रूपमा मानिएको यो मूर्ति कीर्तिपुरको चोभारमा रहेको छ।

३. सृष्टिकान्तलोकेश्वर (नालादेश–नालगिरीका नाला करूणामय) – सेतो वर्ण, साना आँखा, पूर्वाभिमुख, एक हातले अभय वरमुद्रा, अर्को हातले कमलको फूल लिएको संसारको सृष्टि गर्ने स्त्रीशक्तिको रूपमा मानेको यस लोकेश्वरले सृष्टिकर्ताको रूपमा एघार शिर धारण गरी चौध भुवनलाई केन्द्रित गरेका छन्। काभ्रेको नालामा यसको मन्दिर रहेको छ।

४. आर्यावलोकितेश्वर (काठमाण्डौको सेतो मच्छेन्द्रनाथ वा जनवहाःद्यः) – जमलबाट ल्याएको हुनाले यसलाई नेपाल भाषाबाट जनवहाद्यः (जनवहालमा रहेका देवता), श्वेतवर्णका भएका हुनाले नेपालीमा सेतो मच्छिन्द्रनाथ, पुरानो कनक चैत्य महाविहार भएको, प्राचीन समयमा कोलियग्राम जमल ग्रन्थी विहार भनिने जमलेश्वर, आर्यावलोकितेश्वर, अमोघपाश लोकेश्वर, पूर्वाभिमुख, दाहिने हातले अभय वरदान दिएको, बायाँ हातले कमलको फूल लिएको ध्यान मुद्रामा रही मर्त्यमण्डलमा हेरिरहेको, शिरमा अमिताभ बुद्धको मूर्ति रहेको, दायाँबायाँ दुईवटा स–साना हरिया आर्यतारा र रातो पद्म ताराका मूर्तिहरू राखिएका छन्। यो किरातकालमा नै स्थापना भैसकेको अनुमान गरिएको छ।

यी चारमध्ये सृष्टिकर्ता नालाको अन्न–अनाजको व्यवस्था गर्ने, वृष्टि गर्ने रक्तावलोकितेश्वर; ग्रह, दशा, भय, रोग विघ्नबाधाबाट मुक्त गर्ने आनन्दादि लोकेश्वर आदिनाथ; आयु साधना गरी आयुवृद्धि गर्ने आर्यावलोकितेश्वर सेतो मच्छेन्द्रनाथ लिइन्छ। काठमाण्डौँ उपत्यकाका विभिन्न चोक, वहाल र भजन घरहरू र अन्य धार्मिक स्थलहरूमा गरिने लोकनाथका भजनहरूमा लोकनाथको वर्णन र सृष्टिका कथा गाँसिएको छ। नयनाथ पौडेलको भाषा वंशावली भाग दुईमा बन्देगाउँ भनेर एक देश बनाई गोदावरी निकट एक पञ्चबौद्ध मूर्ति स्थापना गरी स्वयम्भू, खासा र धन्दो पछि षडक्षरी लोकेश्वर समेत नेपालमा बुद्धको मूर्तिहरू चार हुन गएको कुरा उल्लेख गरिएको छ।

षडक्षरी लोकेश्वर

षडक्षरी लोकेश्वरको वर्ण–सेतो, चर्तुभुजा, अञ्जलीमुद्रा, स्फटिक माला र कमलको प्रतीक धारण गरेको, मणिधर र षडक्षरी महाविद्या साथमा रहने उल्लेख छ। साधना मालामा चार साधनाद्वारा पूजा गर्ने यो अवलोकितेश्वरको एउटा गणको तीन समूहमध्ये दुईवटाको वर्णन गरिएको छ। तेस्रोमा आफ्ना साथमा षडक्षरी महाविद्या र चौथोमा भगवान् आफै एक्लै हुनुहुन्छ। सबैमा लोकेश्वरको एउटै स्वरूप रहेको हुन्छ। पूजारीहरूले पनि आफै अनुमान गर्न सकिन्छ कि षडक्षरी लोकेश्वरको सजावट सबै प्रकारका गहनाबाट गरिएको देख्न सकिन्छ। सेतो वर्ण, चतुर्भुजा, बायाँ हातमा कमल, दायाँ हातमा माला रहेको हुन्छ। छातीको अग्रभागमा अर्को दुईहात जोडेर अञ्जलीमुद्रा रहेको हुन्छ। दायाँपट्टि मणिधरा सेतै वर्णमा र उही मुद्रा, अर्को कमलमा वसेको हुन्छ। बायाँपट्टी षडक्षरी महाविद्या कमलमा बिराजमान उही स्वरूप भएर परिचय दिएको हुन्छ। यस भगवान्‌को ध्यान कारण्डव्यूहमा उल्लेख गरेको पाइन्छ। यस स्वरूपको अवलोकितेश्वरलाई समर्पण गरिएको प्रख्यात र लोकप्रिय मन्त्र 'ॐ मणिपद्मे हुँ' हो। यसमा छ वटा अक्षर मिलेर षडक्षरी महाविद्याको स्वरूप जसलाई देवत्वको रूपमा पूजा गरिन्छ। नेपालका हरेक जसो बौद्ध मठमन्दिरहरूमा षडक्षरी लोकेश्वरको आकृति दुबै, एक्लै, र समूह सहितको प्रशस्त समावेश रहेको छ। साधनामालामा तीन देवताहरूको अर्को विकल्प पनि निर्धारण गरिएको

छ। जसमा भनिएको कि कहिलेकाहिँ षडक्षरी महाविद्याको साधनामा लोकेश्वरले कमल, रत्नमणि र पुस्तक लिएको हुन्छ। मणिधरले रत्नमणि र कमल मात्र (पुस्तक बाहेक) धारण गरेको हुन्छ। षडक्षरीले पुस्तक र कमल (रत्नमणि बाहेक) धारण गरेको हुन्छ।

स्वयम्भू पुराणमा षडक्षरी लोकेश्वर

हेमराज शाक्यको श्री स्वयम्भू पुराणमा चार भगवान् बुद्धको विशेष पूजा गर्ने (प्यम्ह भगवान सिइकःवनेगु) चलनमा नेपालको प्रसिद्ध चार भगवान् बुद्ध-आदिबुद्ध श्री स्वयम्भू, नमःबुद्ध, खास्ति चिबाहः र बाडेगाउँको चिबाहः यी चार मध्ये सर्वश्रेष्ठ रूपमा मान्दै आएको श्रीस्वयम्भू महाचैत्य हो भनेका छन्।

बुद्धधर्ममा षडक्षरी लोकेश्वरको स्थान

बौद्धहरूको आफ्नो देव परिवारको विभाजन वैज्ञानिक आधारमा गरिएको देखिन्छ। देववादको विकास ध्यानी बुद्धको आधारमा गरिएको थियो। यसमा वैरोचन, अक्षोभ्य, रत्न संभव, अमिताभ र अमोघ सिद्धि गरी पाँचवटा छन्। यसलाई "पञ्चबुद्ध" (वैरोचन, अक्षोभ्य, रत्नसम्भव, अमिताभ र अमोघ सिद्धि) पनि भनिन्छ। कुनै कुनै ग्रन्थमा त वज्रसत्वलाई पनि छैठौं ध्यानी बुद्धको रूपमा लिएको देखिन्छ। ध्यानी बुद्धको उद्‌गम आदि बुद्धको पाँच स्कन्ध हो। साधनमाला पुस्तकका अनुसार ध्यानी बुद्धको स्वरूप समान छ, यसको वर्ण, मुद्रा आदिको आधारमा देखाएको हुन्छ। पूजा विधानमा वैरोचनलाई छोडेर बाँकी चार स्तूपको चतुर्दिक स्थापित गरेर पूजा गरेको हुन्छ। वैरोचनको स्थिति मध्य भागमा रहेको हुन्छ। यसको कहिले कहिले पृथक रूपमा पूजा पनि गरिएको हुन्छ। ध्यानीबुद्धको पाँच सहचारी पनि हुन्छ जसलाई बुद्धशक्ति वा प्रज्ञा पनि भनिन्छ ती हुन् वज्रधात्वेश्वरी, लोचना, मामकी, पांडुरा र आर्यतारा हो। छैठौं ध्यानीबुद्धको शक्ति वज्रसत्वात्मिका माने पनि सबै बुद्धशक्तिको आ-आफ्नो ध्यानीबुद्धको रूप, गुण, आयुध, वाहन आदिको धारण गरेको हुन्छ। यसको प्रतिमा कमलासनमा बनाउने विधान र सामान्यतया यो चतुर्भुजी हुन्छ, हातमा कमल धारण गरेको र प्रभामण्डल (मुकुट)मा ध्यानी बुद्ध अंकित गरेको हुन्छ। यही ध्यानी बुद्धको आधारमा बोधिसत्वको पनि कल्पना गरेको छ जसको नाम समन्तभद्र, वज्रपाणि(अवलोकितेश्वर), विश्वपाणि र घण्टमणि हो। बुद्धत्व प्राप्त गर्ने उत्कट अभिलाषा राखेर मानव मात्रको कल्याण गर्ने प्रयत्न गरेकालाई "बोधिसत्व" भनेर भनिन्छ। ध्यानीबुद्ध र मानुषी बुद्धको सम्बन्ध यही हो भन्न नसकिए पनि मानुषी बुद्धको संख्या पनि सम्प्रदाय भेद भन्दा फरक छ तर अन्तिम सात मानुषी बुद्धबौद्ध देवपरिवारमा विशेष महत्त्व राख्दछन्। यसको बुद्धशक्ति र बोधिसत्व हुन्छन्।

प्रत्येक महिनाको प्रारम्भ दिन अर्थात् संक्रान्तिको दिन करूणामयले एउटा एउटा अभिनवरूप धारण गरी भक्तजन उद्धारार्थ दर्शन दिने भएकोले संक्रान्तिको दिन करूणामय दर्शन गर्न जाने परम्परा चलेको देखिन्छ जसमा पहिलो नम्बरमा षडक्षरी लोकेश्वरको दर्शन गरेर प्रारम्भ गरिने भनिएको छ।

षडक्षरी लोकेश्वर (बुधवाः द्यः) र बन्देशपुर महाविहार

काठमाण्डौं पूर्व-दक्षिण पुण्यतीर्थ गोदावरीको समीपमा ललितपुर जिल्लाको पूर्व ठैब गाउँ विकास समिति हाल गोदावरी नगरपालिकाको वडा नं. १४ को बाडेगाउँ हो। यस गाउँको मध्यभाग लाछियेलमा एउटा पोखरी, केही पाटीहरू, ऐतिहासिक ढुगेंधाराहरू र विभिन्न बौद्ध चैत्यहरू रहेका छन्। ती बौद्ध चैत्यहरू मध्ये मुख्य चैत्यको रूपमा रहेको चैत्यमा पश्चिमाभिमुख भएर विराजमान भएको षडक्षरी लोकेश्वर रहेका छन्।

Raj Kishore
शिलाको वज्रासनमा रहेको चर्तुभुजधारी यो षड्क्षरी लोकेश्वर दुई हात अञ्जलीमुद्रा, अर्को दायाँ हातमा माला र अर्को बायाँ हातमा कमलको फूल रहेको छ। सो शिलाको मूर्तिमाथि उस्तै प्रकारको अर्को धातुका दुई मूर्तिहरू पनि विभिन्न अवसर र चाडपर्वहरूको समयमा प्रतिस्थापन गरिन्छ। यसको ठिक अगाडि शिलाकै कमलमाथि वज्रधातु पनि रहेको छ। साथै सो चैत्य भित्रशिलाको वज्रपाणि, मञ्जुश्री, बुद्ध, धर्म र संघ, प्रज्ञापारमिता, वज्रसत्व र पञ्चबुद्धको मूर्तिहरू रहेका छन्।

यो बाडेगाउँ मानदेवको पुर्खा वृषदेवले 'बन्देगाउँ बनाई बुद्धको स्थापना गरेको, उपत्यकाका चार प्रमुख बुद्धभगवान्हरू मध्ये स्वयम्भू महाचैत्य, खास्ति र धन्दो चैत्यको बुद्धपछि यस षडक्षरी लोकेश्वर स्थापना गरेको गोदावरी कुण्डमा तीर्थ भएको, गोदावरीको मेला भर्न आएका एक प्रख्यात बौद्ध विद्वान भिक्षुले यस क्षेत्रमा बुद्धको चैत्य स्थापना गरेका छन्। बन्देजु भन्ने भिक्षुले त्यहाँ विहारमा बसी पूजाआजा गरी संरक्षण गरेको हुनाले त्यस ठाउँको नाम बन्देपुर रहन गएको र सोको अपभ्रंश भई यसको नाम बाडेगाउँ रहन गएको हो।

वैज्ञानिकहरूको कथन अनुसार काठमाण्डौं उपत्यकामा हजारौं वर्ष पहिले जम्मा ३ पटक दह भइसकेको अनुमान गरेको अवस्थामा मञ्जुश्रीले पानीको निकास खोली सकेपछि पानीको मात्रा घट्दै गएपछि जगतलाई उद्धार गर्न भनेर स्वयम् उत्पत्ति भएको भगवान् जसलाई नेपाल भाषामा बुयावम्ह द्यः (आफै उत्पत्तिभएको देवता) वा षडक्षरी करूणामय भनिन्छ। बुयावम्ह द्यः, बुवाद्यः भन्दै बुधवा द्यः हुन गएको भन्ने भनाइ रहेको छ। त्यस्तै अर्को भनाइ अनुसार हरेक बुधवार यस लोकेश्वरलाई गहना लगाई विशेष पूजा गरिने, गुँला (भाद्रशुक्ल प्रतिपदा देखि आश्विनशुक्ल प्रतिपदा) महिना भरि यसको मेला लाग्ने र बुधबारको दिनमा विशेष मेला लाग्ने भएकोले षडक्षरी लोकेश्वरलाई बुधवाः द्यः भनिएको हो।

यसरी उपत्यकाका चार प्रमुख बुद्ध भगवान्हरू (स्वयम्भु, खास्ति, नमो बुद्ध, र बाडेगाउँको चैत्य) र त्रिकुलनाथ (षड्क्षरी लोकेश्वर, मञ्जुश्री, वज्रपाणि), चार महाचैत्य (स्वयम्भू, बौद्ध, चावहिलको धन्दो चैत्य र बाडेगाउँ), चार स्वयम्भु चैत्य (स्वयम्भू, ललितपुरको क्वावहा, बाडेगाउँ र साँखु) मध्येको एक, १४ या १५ बोधिसत्वमध्ये षड्क्षरी लोकेश्वर पहिलो पंक्तिमा रहेका छन्। १०८ मूल लोकेश्वरहरू मध्ये पनि एक षड्क्षरी लोकेश्वर मानिएका छन्।

षडक्षरी लोकेश्वर स्थापित चैत्य

बाडेगाउँको षड्क्षरी लोकेश्वरको चैत्यमा चारैतिर गवाक्षहरू छन् भने मूर्तिहरू भने दुइतिर (मूलपश्चिमाभिमुख र पछाडि पूर्वाभिमुख) मात्र राखिएका छन्। शीर्षभागमा कलात्मक गजुरहरू पूर्ण नेपालीपनमा छन्। यसमा चुन र कमेरोले पोतिएका छन्। दायाँ र बायाँतिर शिलालेखहरू राखिएका छन्। अगाडितिर चैत्यमा घाम र पानी पर्ने बेलामा पूजा गर्न हुने गरी जस्ताको ट्रष्ट बनाइदिएको छ। ईंटा माटेबाट निर्मित पश्चिमाभिमुख षडक्षरी लोकेश्वरलाई मूल मानी वृषभदेवको पालामा स्थापना गरिएको यो पौराणिक चैत्य हो। वास्तुकलाको नमूनाको रूपमा रहेको, लक्ष चैत्य प्रतिस्थापन विधि अनुसार यो स्थापना गरिएको देखिन्छ। यसमा चार दिशामा तलको चार गवाक्षहरू मध्ये पश्चिममा ठूलो षडक्षरी लोकेश्वर, पूर्वमा मूलपूजारीको भनाइ अनुसार सानो आकारको षडक्षरी लोकेश्वर, उत्तर र दक्षिणमा खाली गवाक्ष रहेका छन्। माथि सुखावती मण्डलमा स्वयम्भूको स्तूपले छोपिएको छ। यो चैत्य स्वयम्भूको अनुकरण देखिएको छ। यस्मा ८ वटा गवाक्षहरू छन्। गवाक्षहरूमा ध्यानीबुद्धका मूर्तिहरू राखिएका छन्। जुन प्रतिमा विज्ञानका ग्रन्थमा दिइएको नियम अनुरूप स्थापना गरिएको छ। यो चैत्य बौद्ध दर्शनको प्रतीकात्मक स्वरूप पनि हो। बौद्ध दर्शनलाई सुबोध, सरल एवं संक्षेपमा सर्वसाधारण

Raj Kishore

जनताका लागि प्रस्तुत गर्ने अभिप्रायका साथ निर्माण भएको देखिन्छ। जुन प्राचीन मार्गको केन्द्रविन्दु पारेर बनाएको छ। यो कुनै पूर्वजको स्मृतिमा बनाएको(उद्देशिक) चैत्य नभई 'नेपालका देवताहरू चतुक्रम गरी भूमि राज होऊन् भनी वृषभदेवले स्थापना गरेको हो'। अघिपछि यस चैत्यमा रहेको षडक्षरी लोकेश्वरलाई पित्तलले बनेको तिंकीझ्यालले बन्द गरिएको हुन्छ। चैत्यमा लाछि खलकका भूमिराजले पित्तलको पञ्चबुद्धको मूर्तियुक्त तोरण चढाइएका थिए।

चैत्यमा स्थापित शिलाको षडक्षरी लोकेश्वर

वृषभदेवको पालामा स्थापना गरेको चैत्यको पश्चिमाभिमुखमा शिलाको १' ६" उचाइको षडक्षरी लोकेश्वर रहेको छ। विभिन्न ग्रन्थहरूमा उल्लेख भएअनुसार चार भुजाधारी वज्रासनमा बसेको शिलाको षडक्षरी लोकेश्वरको मूर्ति रहेको छ। मूर्तिमा शिलाकै कलात्मक मुकुट पहिरिएको छ जसको विचमा अभिताभ बुद्धको मूर्ति रहेको छ। मूर्तिको अगाडि शिलाकै बुद्ध, धर्म र संघ मण्डप रहेको छ। सँगै शिलाकै वज्रसत्व र मण्डप छन् भने माथि शिलाको पञ्चबुद्धयुक्त तोरण छ। षड्क्षरी लोकेश्वरको मूर्तिको आसनको बीचमा कलशयुक्त मण्डप, दायाँ–वायाँ हात्ती र त्यसलाइ टेकेर उभिएको जोडी सिंहका मूर्तिहरू रहेका छन्। मूल चैत्यको पूर्वपट्टि शिलाकै सानो आकारको षडक्षरी लोकेश्वरको मूर्ति रहेको मूलपूजारी र अन्य पूजारीहरूले जानकारी दिनुभएको छ। शिलाका सबै मूर्तिहरूलाई पित्तलले उस्तै आकार बनाएर बेरिएको भएपनि कुनैमा शिला देखिएको छ भने कुनै पित्तलको नै मूर्तिहरू देखिएका छन्। षड्क्षरी लोकेश्वरलाई सुरक्षित गर्न पहिला फलामको आँखीझ्याल राखेर ताल्चा मार्ने गरेकोमा सोलाइ झिकेर पित्तलकै प्वाल भएको खापा बनाएर कलात्मक हातको अन्तराप बनाएर भोटे ताल्चा मार्न हुने गरी व्यवस्था गरिएको छ। त्यस पछाडि अर्को फलामको बार लगाई ताल्चा मार्ने व्यवस्था गरिएको छ।

धातुको षडक्षरी लोकेश्वर

मुख्य मुख्य दिनमा मात्र बाहिर ल्याई धातुको षडक्षरी लोकेश्वरको प्रदर्शन गर्ने गरिएको हुन्छ। अरूबेलामा आगमघरको सन्दुसमा राखिन्छ यो मूर्ति चारभुजा, वज्रासनमा बसेको मूर्ति हो। महासम्यक्दान, (लैं (मूला) सम्यक्दान, लवं (ल्वांग) सम्यक्दान, छाउनी सम्यक्दानको लागि देश बाहिर लगिन्छ भने भाद्र कृष्ण त्रयोदशी (जुगः) को दिन र कार्तिक शुक्ल पूर्णिमाको दिन दुई पटकबाहिर ल्याई चैत्यमा प्रतिस्थापन गरिन्छ। अन्य समयमा आगमघरमा राखेको हुन्छ। पछिल्लो पटक २०७१ सालमा ललितपुरको लगनखेल राजदल गणमा आयोजना गरिएको ऐच्छिक महादानमा सामेल गराएको थियो। देवता लिन जाने (करूणामयकावनेगु) भनेर आयोजना गर्ने कार्यक्रममा पनि यस लोकेश्वरलाई समावेश गरिन्छ। यस षड्क्षरी लोकेश्वर करिब १८ इन्च रहेको छ। यस मूर्तिमा आसन राखिएको छैन।

आगमघरमा रहेको धातुको षडक्षरी लोकेश्वरलाई पूजा अर्चना गरेर मात्र यहाँका वज्राचार्य खलकहरू, पूजारीहरू अन्य शाक्यहरूले बेलविवाह, गुफा राख्ने, व्रतबन्ध वा बरे छुयगु आदि संस्कार गरिन्छ। यो मूर्ति पित्तल र ढलोटबाट बनेको र अनुहारमा सुनको जलप लगाइएको अवस्थामा थियो। पूजा गरेको छोएर ढोग्ने आदि कारणले अनुहारमा अहिले पूरा रातो देखिएको छ भने दायाँ र बायाँनिधारमा केही मात्रामा सुनको जलप पनि देखिन्छ।

अभिताभबुद्ध

यस बुद्धलाई भाद्र कृष्णत्रयोदशी (जुगः) को दिनवर्षको एकपटक मात्र जात्रा गर्न आगम घरबाट बाहिर ल्याइन्छ र अरू बेलामा यही आगममा राखिन्छ। मूर्तिलाई जरी कपडा, तासको कपडा बेरेर राखी गहना सबै चाँदीको, मोती भएको चाँदीको सिक्री लगाएको हुन्छ। त्यस दिन यो मूर्ति बाहिर ल्याउनु विशेष पूजा गरी पञ्चदान गर्नु अनिवार्य छ। अभिताभ बुद्धको महत्त्व अत्यन्त ठूलो छ। सबै लोकेश्वरको शीरमा अभिताभ बुद्ध रहेका हुन्छन्। षडक्षरी लोकेश्वरको शिरमा पनि अमिताभबुद्ध रहेकाले जात्रा गरिने प्रचलन भएको हो। यो षडक्षरी लोकेश्वरको तुलनामा सानो आकार भएकोले यस मूर्तिको आसन सहितको भएकोले जात्राको लागि ल्याउँदा र लैजाँदा आसन सहित नै पूजारीले बोकेर ल्याउँछन्। यसको उचाइ आसन सहित करिब १८ ईन्च रहेको छ। सानो चाँदीको मुकुट चाँदीकै कमलको पात, सिक्री आदि यसका मुख्य गहनाहरू हुन्। हालको यो मूर्तिभन्दा पहिला एकदमै सानो करिब ६ इन्च उचाइको पित्तलको मूर्ति थियो। पहिला वि.सं.१९९० सालको भूकम्पले यो मूर्ति कुचिएको थियो। यसैलाइ जात्रा गरिदै आएकोमा एकदमै सानो भएको कारण यस बाडेगाउँका पूजारीका एकजना भान्जाले केही वर्ष पहिले शाक्यमुनि बुद्ध बनाएर ल्याएको र सो मूर्तिमा पहिलाको सानो आकारको पुरानो अभिताभ बुद्धको मूर्तिलाई भित्र राखेर त्यसैलाई जात्रा गरिँदै आइएको थियो। जात्रा गर्नुपर्ने अभिताभबुद्ध तर शाक्यमूर्ति बुद्धजात्रा गर्न थालिएको महशुस गरेर हालका मूलपूजारी बाबुकाजी वज्राचार्यका जेठा छोरा सुन्दर बजाचार्यको पहलमा ललितपुर, पाटन नौद्व, ऊ वहालका पूजारीका भान्जा खलक पर्ने अशोक शाक्यले हालको ढलोटको अभिताभ बुद्धको मूर्ति बनाएर ल्याएका थिए। सो मूर्तिमा पहिलाको सानो मूर्ति र 'ॐ मणिपद्मे हुँ' मन्त्र सहित अन्य मन्त्र भएको पुरानो पौभालाई यस नयाँ मूर्तिको गर्भगृहमा राखेर साधना गरी जात्रा गर्न थालिएको हो। साथै मिति २०७४ आश्विन कृष्णनवमी २८ गते शनिवार बाडेगाउँको निर्माणधीन बन्देशपुर महाबिहार बाडेगाउँमा पाटनको नद्वंबाट बुद्ध, धर्म र संघको प्रतीक सहित करिब ८' को नयाँ अमिताभबुद्धको मूर्ति र चैत्यको लागि निर्मित पञ्चबुद्ध बन्देपुरका भक्तजनहरू, मूलपूजारी, पूजारीहरू र बाजागाजा सहित शोभायात्रा सहित प्रतिस्थापन गरियो।

कान्तिपुर नगरभित्रका अजिमाहरु र प्रधान शक्तिपीठः एक विवेचना

प्रकाशमान शिल्पकार

विषयप्रस्थानः

मानव सभ्यताको क्रमिक विकाससँगै मान्छेले सर्वप्रथम शक्तिको पूजा गरेको तथ्य विधि सभ्यताहरुको ऐतिहासिक अनुशीलनबाट थाहा हुन्छ। सृष्टिको उषाबाट मातृशक्तिको आराधना गर्ने परम्पराको थालनी भएको हो भन्नुमा कुनै दुविधा छैन। विश्वकै सर्वप्राचीन अपौरुषयेय वेदमा स्वर्गलोकमा सूर्य, अन्तरिक्ष लोकमा इन्द्र र भूलोकमा अग्निको साथसाथै सर्वाधार शक्तिको पूजाको पनि उत्तिकै महत्त्व दर्शाइएको छ। उषा सूक्त, गायत्रीसूक्त लगायतका ऋग्वेदीय सूक्तहरुमा वर्णन गरिएकी त्रिगुणातीता शक्तिको यज्ञादिले आराधना गरिएको पाइन्छ। त्यस्तै उपनिषद्काल, पौराणिक काल र वर्तमान समयमा पनि शक्तिका विविध स्वरुपहरुको पूजा आराधना हुने गरेको छ। वर्तमान परिप्रेक्षमा प्रायशः सकाम भावनाले स्त्रीपुत्रादिको लागि, सौभाग्यवृद्धिको लागि, धनप्राप्तिको कामनाले, शत्रुनाश, सर्वाभ्युदयको लागि शक्तिलाई मातृका (आमा)को रुपमा ग्रहण गरी वात्सल्यताको अपेक्षा गर्दैआराधना गर्ने गरिएको पाइन्छ। यति मात्र नभएर पुरुषार्थ चतुष्टय (धर्म, अर्थ, काम र मोक्ष) प्राप्त गर्न पनि विभिन्न मार्गहरुबाट शक्तिका स्वरुपहरु पूजित रहन्छन्। ईश्वर, जीवन र जगत् एवम् भोक्ता, भोग्य र भोगको रुपमा पनि शक्तिको पूजा हुन्छ। शक्तिको सर्वव्यापकतालाई सहज रुपमा ग्रहण गरेर आम जनजीवनमा सर्वस्वीकार्य बनाउनको लागि नै विभिन्न शक्तिपीठहरुको स्थापना भएका हुन् ।शक्तिको आराधना गर्ने तौरतरिका देश, काल र परिस्थिति विशेषका आधारमा फरक हुने गर्दछ। नेपाली परिवेशलाई नै उदाहरण मानेर हेर्ने हो भने पूर्वी नेपालमा शक्तिलाई माई शब्दले सम्बोधन गर्ने, सुदूरपश्चिमी क्षेत्रमा मालिका, पश्चिमी क्षेत्रमा भुवानी र काठमाडौँ उपत्यकामा अजिमा आदिले नामले सम्बोधन गर्ने गरिएको पाइन्छ। यसका साथसाथै उपासना पद्धति पनि अन्तर रहने गर्दछ। यस लेखमा शक्ति उपासनाको महत्त्वपूर्ण केन्द्रका रुपमा रहेको काठमाडौँमा श्रद्धालुहरुद्वारा उपास्य रहेका शक्तिका विविध स्वरुपहरुको बारेमा सङ्क्षिप्त चर्चा गर्ने प्रयास गरिएको छ।

अजिमापीठ

अजिमायुक्त शक्तिपीठ अर्थात् ती मातृका (शक्ति) पीठहरु जहाँ आगमिक (तन्त्र) उपासना पद्धतिका विभिन्न मार्गहरु एवम् विधिविधानले आफ्नै पूर्वजको रुपमा सकारेर पूजा उपासना हुने गर्दछ। अजिमा शब्द नेवारी भाषाको शब्द हो जसको अर्थ हुन्छ – बज्यै देवता र अजिमाका साथसाथै पीठ शब्द जोडिए पछि त्यसमा एउटा सिङ्गो शक्ति परिवारलाई जनाउँदछ। अर्थात् शक्तिपीठमा केवल शक्तिको मूर्त वा अमूर्त स्वरुपको मात्र

अवस्थिति हुने होइन, शक्तिका साथसाथै गण देवताहरुको पनि उपस्थिति हुने गर्दछ। पीठलाई परिभाषित गर्न गण र शक्ति सहित रहने अनुचरलाई बिर्सिन हुँदैन। उदाहरणका लागि भद्रकाली शक्तिपीठमा भद्रकालीका साथसाथै गणेश, कुमार, कुमारी,मातृकागण, भैरवगण, योगिनीगण, सिंहिनी, व्याघ्रिनी, छ्वास लगायतका गणदेवता र तिनका अनुचरहरु हुने गर्दछन्। काठमाडौँ उपत्यकाका धेरैजसो शाक्त मन्दिरहरु पीठका रुपमा स्थापित रहेको देखिन्छ किनभने त्यहाँ मूर्त वा अमूर्त स्वरुपमा गणहरुको विद्यमानता छ।

काठमाडौँ उपत्यकामा शक्तिका विविध स्वरुपहरुलाई कुनै अलौकिक वा मिथकका रुपमा नभई लौकिकस्वरुपमा ग्रहण गर्ने परिपाटी छ। विभिन्न देवदेवीलाई अजिमा (हजुरआमा देवता) र आजुद्यः (बाजे देवता) का रुपमा लिएर शक्तिबाट मातृ वात्सल्यताको कामना राखी शक्तिसँग सन्निकट भएको महसुस गरिन्छ। काठमाडौँका कतिपय समुदायले विभिन्न देवदेवीहरुलाई आफ्नो पुर्खाको रुपमा ग्रहण गरेको पाइन्छ र सो देवदेवीको नियमपूजा चलाउने, जात्रापर्वका लागि आवश्यक प्रबन्ध मिलाएर यसप्रकारका नैमित्तिक र काम्य कर्म र अनुष्ठानहरु सम्पन्न गर्ने र सो देवदेवीसँग सम्बन्धित रहेका मन्दिर, देवगृह (द्यो छेँ), पाटी पौवा, ढुङ्गेधारा लगायतका पुरातात्विक एवम् धार्मिक सम्पदाको संरक्षण गर्ने जिम्मेवारी पनि लिएको पाइन्छ।

कान्तिपुर नगरको स्थापना

प्राचीन नेपाल उपत्यका निर्माण हुनु अघि नेपाल खाल्डोमा रहेको पानीलाई तिब्बतबाट महामञ्जुश्री आई आफ्नो चन्द्रहाँस खड्गले क्वदुवा न्हसिकाप, गोकर्ण न्हसिकाप, आर्यघाट न्हसिकाप र क्वयना (चोभार) न्हसिकाप पर्वतलाई क्रमशः प्रहार गरेर पानी बाहिर पठाएको र मानवबस्ती बसाली प्राचीन नेपाल निर्माण गरे पश्चात् मञ्जुपतन शहर (हालको मजिपात) निर्माण गरेको कुरा विभिन्न वंशावलीमा उल्लेख भएको पाइन्छ। कालान्तरमा कलिगत संवत् ३८२७ मा लिच्छवी राजा गुणकामदेवले प्राचीन नेपाल(नेपालमण्डल) उपत्यकाको दक्षिणमा रहेको मंजुपतन यंगाल कोलिग्राम बस्ती र उत्तरमा यंगु कोलिग्राम बस्ती नामका दुई बस्तीलाई समावेश गरेर त्यसको आसपासको भूमिलाई वाग्मती नदी, इछुमती (टुकुचा) खोला, बिष्णुमती नदी र रुद्रमती (धोविखोला) नदीका किनारमा कान्तिपुर नगरका रुपमा स्थापना गरेको र नगरको चारैतर्फ उच्च तन्त्रोक्त विधिले खड्ग आकारमा अष्टमातृकाका पीठहरु र अष्टभैरवहरु स्थापना गरेर दुर्ग (नगर सुरक्षा घेरा) निर्माण गरेर शासन व्यवस्था चलाएको तथ्य नेपाल भाषा वंशावलीमा उल्लेखित गरिएको छ। त्यसरी निर्माण गरेको शहरमा अठार हजार घरधुरी रहेको थियो। काठमाडौँको स्थानीय परम्परा अनुसार स्थापित भएका मातृकाहरुलाई अजिमा र भैरवहरुलाई आजु द्यः (बाजे देवता) का रुपमा पूजा गरिने प्रचलन छ। यसरी खड्गाकार रुपमा स्थापना गरिएका अजिमाहरुले शत्रु राज्यका दुष्मनहरुले आक्रमण गरेमा विपक्षीको शक्तिलाई निस्तेज गरी नगरको संरक्षण गर्ने र नगरको श्रीवृद्धि गर्न अजिमाहरुले राजालाई आवश्यक सरसल्लाह दिने गर्दथे भन्ने मान्यता रही आएको छ। हरेक वर्षमा यी मातृकाहरुको धुमधामका साथ जात्रा चलाई पञ्चबलि समर्पणका साथ विशेष पूजा गरिने प्रचलन आज पर्यन्तसम्म पनि अद्यावधि चलि आएको पाइन्छ।

कान्तिपुरमा खड्गाकारमा रहेका अजिमाहरु

भाषा वंशावलीमा यसरी खड्गाकारमा रहेका अष्टमातृकाहरुको उल्लेख गरिएको पाइन्छ। उल्लेखित गरिएका अजिमायुक्त (अष्टमातृका) शक्ति पीठहरु हुन् :(१) कंग अजिमा (कंकेश्वरी), (२) न्यतमरु अजिमा (श्वेतकाली, नरदेवी),(३) लूँति अजिमा (इन्द्राणी, ढल्को), (४) म्हैपि अजिमा (ज्ञानेश्वरी, म्हैपि), (५) मैति

अजिमा (पञ्चकुमारी, बालकुमारी, मैतिदेवी), (६) तकती अजिमा (नीलवाराही, कालीमाटी), (७) बछला अजिमा (बत्सलादेवी, पशुपति) र(८) लुँमढी अजिमा (भद्रकाली, टुँडिखेल)। यद्यपी यस विषयमा विभिन्न विद्वानहरुको विभिन्न मतहरु रहेको पाइन्छ। संस्कृतिविद् महेश्वर जुजु राजोपाध्यायका अनुसार कान्तिपुर नगर क्षेत्र भित्रका संरक्षिकाका रुपमा खड्गाकारमा स्थापित भएका अष्टमातृकाहरु क्रमशः नै अजिमा (वैष्णवी), कङ्ग अजिमा (वाराही), इन्द्राणी (लुँति अजिमा), प्वार्पा अजिमा (चामुण्डा, नारसिंही), चन्द्रलखु अजिमा (महालक्ष्मी), ब्रह्माणी (पासिक्व अजिमा), लुँमढि अजिमा (माहेश्वरी) र फिब्ब अजिमा (कौमारी) हुन् र त्यस खड्गको बीँडको रुपमा पचली भैरव रहेका छन्। प्राचीन कान्तिपुर नगरको सीमाङ्कनका आधार यिनै मातृका पीठहरु थिए जसमा आधारित रहेर कान्तिपुर शहर भित्र र शहर बाहिरका क्षेत्रमा शासन सञ्चालन हुन्थ्यो।

मध्यकालीन नेपाल खाल्डोका शासकहरु मध्ये कान्तिपुरका राजाले नगर संरक्षिकाको रुपमा तान्त्रिक विधिबाट अष्टमातृकाहरुको खड्गाकारमा स्थापना गरेर पूजा प्रक्रम चलाएजस्तै भक्तपुर (भादगाउँ) का राजाले यन्त्राकारमा नवदुर्गाको स्थापना गरेको देखिन्छ भने पाटनका राजाले शंखाकारमा दशमहाविद्याको स्थापना गरेर शक्ति साधना गरेको पाइन्छ। यसका साथै तत्कालीन नेपाल मण्डलका तीनै शहर काठमाडौँ, ललितपुर र भक्तपुरका शासकहरुले राज्य श्रीको रुपमा परमआराध्या तलेजु भवानीको मन्दिर स्थापना गरेर अत्यन्त गोप्य तन्त्र विधिले शक्तिलाई प्रधान्यता दिई शक्ति साधना गर्ने गर्दथे। राज्यमा शासन चलाउनको लागि शक्तिको अपरिहार्यता रहन्छ। शक्ति हाँसिल गरेर शासन व्यवस्था चलाउनका लागि शासकहरुले विभिन्न देवीदेवीहरुलाई खड्ग चढाउने, साटसाट गर्ने लगायतका प्रचलन थियो। अद्यावधि राज्यसत्ताको प्रतिनिधिको रुपमा खड्गलाई राखेर विभिन्न जात्रापर्व, पूजा अनुष्ठान आदि कार्य सञ्चालन हुँदै आएको छ।

कान्तिपुरका विविध अजिमापीठहरु

भाषा वंशावली उल्लेखित नगरिएका नगरक्षेत्र भित्रका अन्य विभिन्न स्थानमा अजिमायुक्त शक्ति पीठहरु प्रचुर मात्रामा विद्यमान रहेका छन्। ती अजिमाहरु – नई अजिमा (नकिनि अजिमा, पचली, टेकु), ख्वना अजिमा (सिकाली पचली, टेकु), पासिक्व अजिमा (महालक्ष्मी, तीनधारा पाठशाला, कमलादी) , फिसः (फिब्व अजिमा, टुकुचा, माइतीघर), मनमैजु अजिमा (मनमैजु), असंभुलु अजिमा (अन्नपूर्ण देवी, असन), लुचुंभुलु अजिमा (केलटोल), कुलांभुलु अजिमा (रक्तकाली, त्यङ्गल), सख्वना माजु (नीलसरस्वती, लैनचौर, लाजिम्पाट),कल्खु अजिमा (कलंकी), तुसिमरु अजिमा (श्वेतकली, बालुबाटार), कुलेश्वर अजिमा (कुलेश्वर), प्राचीन बौद्ध अजिमा (बौद्ध) , त्वरद्यः अजिमा (टुडाँलदेवी, विशालनगर), वटु अजिमा (भद्रकाली, वटु), पोर्पा अजिमा (रानी देवी, रानीबारी, लाजिम्पाट), प्याथ्वः अजिमा (बाइसधारा, बालाजु) , दोलब्व (दोला) अजिमा (कुमारी) (राष्ट्रबैँक गेट सँगै, थापाथली), न्हेकंतला अजिमा (उग्रतारा, न्हेकंतला), चन्द्रलखु अजिमा (नारायणहिटी दरबार भित्र), अरीं अजिमा (चिकंमूगल), दुई अजिमा (दुमाजु) (रत्नपार्क, खुल्लामंच गेट), भमलु अजिमा (कमलादी, असन), हारती अजिमा (स्वयम्भू), बिजेश्वरी अजिमा (बिजेश्वरी), ममता अजिमा (भाटभटेनी), जातिका अजिमा (थबःहि), हाकु अजिमा यट्खा (चोखाछें गल्ली), महालक्ष्मी अजिमा (जनसेवा), ज्वाला अजिमा (त्यौर), तारिणी अजिमा (मखन बहाल), चास्को अजिमा (रुद्रायणी) आदि कान्तिपुर नगर भित्रका प्रमुख अजिमापीठहरु हुन्।

यी अजिमाका साथसाथै कान्तिपुर नगर भित्रका परम्परागत नेवार बस्तीहरुमा आ–आफ्नो क्षेत्रको छ्वास अजिमाहरु तथा अधिकांश बस्तीहरुमा कुमारी स्थान (पीठ) रहेको समेत देख्न सकिन्छन्। कान्तिपुर नगरका साथसाथै पाटन, भक्तपुर, बुंगमती आदि स्थानमा जीवित देवी कुमारीका रुपमा बालिकालाई देवत्व प्रदान गरिने

Raj Kishore

चलन छ। कुमारीलाई पनि राज्यको अधिष्ठात्री देवीकै मानेर राज्यका तर्फबाट नित्य नैमित्तिक पूजा उपलब्ध गराउने चलन रहेको छ। कान्तिपुर नगर भित्रका अन्य प्रधान शक्तिपीठहरु हुन्–तलेजु भवानी, द्वयमाजु, दिगु तलेजु, पुरानो गुह्येश्वरी (गोलढुङ्गा), गुह्येश्वरी (ग्वँल), शुभाभगवती (स्वाहाभगवती), दक्षिणकाली, नक्साल भगवती, कालिकास्थान, डिल्लीबजार, मैतिदेवी, कलंकीमाई, धुमवाराही, भाटभटेनी, चामुण्डा (शंखमूल) आदि।

काठमाडौँ उपत्यकाको स्थानीय चलन अनुसार मोहिनीनखः मनाउने नेवार समुदायले नौरथाका हरेक दिन एकएक शाक्तपीठको दर्शन पूजा गर्ने गर्दछन्। प्रतिपदामा शंखमूलको शंकरतीर्थमा स्नान गरेर महालक्ष्मी पीठको पूजा, द्वितीयामा भचाखुशीको निर्मलतीर्थमा स्नान गरी लुति अजिमाको पूजा, तृतीयाको दिनमा गोकर्ण स्थित पुण्य तीर्थमा स्नान गरी चास्को अजिमाको पूजा, चौथीको दिनमा त्रिपुरेश्वरको कालमोचन तीर्थमा स्नान गरेर दोला अजिमाको दर्शन पूजन गर्ने गर्छन्। पञ्चमीको दिनमा पचली, टेकु स्थित पञ्चनील तीर्थमा नुहाएर नकीं अजिमा (नै अजिमा) पचली पीठको पूजा गर्ने चलन छ। त्यस्तै क्रमले षष्ठीको दिनमा टोखास्थित मनोरथ तीर्थ र इन्द्राणी पीठको पूजा, सप्तमीको दिनमा पशुपतिस्थित आर्यघाटमा स्नान गरेर बछला अजिमा (वत्सलेश्वरी) को पूजा गरिन्छ। महाष्टमीको दिनमा टेकुदोभानमा रहेको चिन्तामणि तीर्थको ख्वना अजिमा (सिकाली) को पूजा र महानवमीको दिनमा मरुढोका इनाटोलको भवानी तीर्थमा कङ्ग अजिमाको पूजा गर्ने प्रचलन रही आएको छ।

राज्य/प्रभुसत्तालाई होस् वा सामान्य जनतालाई नै किन नहोस् शक्तिको अपरिहार्यता सबैलाई रहन्छ। त्यसैले जनसामान्य र समुदाय विशेषले आफ्नो–आफ्नो तरिकाले पूजा गर्ने प्रक्रम बसेको हामीले पाउन सक्छौँ। यी अजिमाहरुको शरद् ऋतुमा पर्ने शारदीय नवरात्रमा र वसन्त ऋतुमा पर्ने चैते दशैँ लगायतका सनातनीहरुको पर्वमा विशेष पूजा आराधना हुने गर्दछ। यहाँ उल्लेख गरिएका अजिमापीठहरु प्रचलनमा रहेका पीठहरु हुन्। तथापि यिनै मध्ये पनि कतिपय अजिमापीठ, देवगृह र जात्रापूजा आदि क्रमशः हराउँदै गएको छ भने कतिपयको त अवस्थितिको अवशेष पनि नभेटिने अवस्था छ। त्यसैले केवल जनश्रुतिका आधारमा र पीठपूजा आयोजना गरिने समयमा हुने परिक्रममा बाहेक अन्य अवस्थामा मातृकापीठहरुको यर्थाथ अवस्था र अवस्थिति भेट्टाउन अत्यन्तै कठिन छ। दशैँ र विभिन्न पर्वहरुमा मात्र ध्यान राख्ने र अरु बेलामा ओझेलमा पर्ने अजिमापीठहरुको वास्तविक अध्ययन, अनुसन्धान र संरक्षण हुन जरुरी छ।

आम जनजीवनमा मातृकाहरु

मातृशक्तिको उपासना नै नेपाली सनातनीय सांस्कृतिक परम्पराको प्रमुख वैशिष्ट्य हो। शक्तिलाई आफ्नो आम जनजीवनसँग जोडेर हेर्ने र त्यसलाई संस्कारको प्रमुख पक्ष बनाएर दैनिक विधिव्यवहारमा जोड्ने परम्पराले संस्कृतिको आधारपीठिका तयार गर्दछ। काठमाडौँ उपत्यकाको स्थानीय लोकपरम्परामा विभिन्न देवदेवी एवम् मातृशक्तिलाई दैनिक प्रयोगमा आउने विषयहरुसँग सम्बद्ध गरेर प्रयोग गरिएको पाइन्छ। उदाहरणका लागि घरको मूल ढोकाको आग्लो (क्वयँ) लाई गणेशको प्रतीक, आग्लोको दाँयाबाँया सिंहिनी र व्याघ्रिनी, धान चामल भण्डारण गर्ने भकारीलाई अन्नपूर्ण वा महालक्ष्मीको प्रतीक, सिलौटालाई कुमारी, लोहोरोलाई वैष्णवी, चिउरा कुट्ने ओखललाई वाराही, पानी राख्ने घैँटोलाई चामुण्डा, भात पकाउने कसौँडीलाई महाकाली, तरकारी वा दाल पकाउने कराही वा भाँडालाई कुमार, कुचोलाई ब्रह्माणी, नाङ्लोलाई माहेश्वरीको प्रतीक मानेर देवीदेवीलाई आम जनजीवनसँग जोडिएको पाइन्छ। त्यस्तै, पुरुषले लगाउने पोशाक दौरा र महिलाले लगाउने पोशाक चोलोका आठओटा बन्धहरु (तुनाहरु) ले पनि अष्टमातृकाको प्रतीकको रुपमा जनाउने गरेको पाइन्छ। यसका साथै विभिन्न पूजाआजा, भोजभतेरमा प्रयोग गरिने खाद्यवस्तुहरु एवम् परिकारहरुले पनि अष्टमातृका र अष्टभैरवलाई जनाउने

Raj Kishore

गरेको पाइन्छ र यी देवदेवीको प्रतिनिधि मानिएका विविध खाद्यवस्तु बिना परम्परागत र सांस्कृतिक भोज भतेर पूरा भएको मानिँदैन। त्यस्तै कृषि कर्म गर्ने किसान, शिल्प कर्म गर्ने शिल्पीहरुले आ–आफ्नो ज्यावललाई गणेश, भीमसेन, विश्वकर्मा र विविध मातृकाको प्रतिमूर्ति मानेर पूजा उपासना गर्ने गर्दछन् । अतः गृहविज्ञान, आहार विज्ञान, प्रकृति विज्ञान लगायतमा पनि शक्तिलाई विशेष रुपमा हेर्ने गरिएको पाइन्छ। यसबाट आम जीवनलाई शक्ति सापेक्षमा हेरिएको हुन्छ भन्ने पनि पुष्टि हुन्छ।

मातृकाहरु सामाजिक समन्वयका आधार

आस्थाको केन्द्रका रुपमा स्थापित रहेका यी शक्तिपीठहरु काठमाडौँ उपत्यकाको विशिष्टतम् महत्त्व झल्काउने धार्मिक–सांस्कृतिक समन्वयका आधार हुन् । उदाहरणका लागि सतीदेवीको गुह्यस्थान पतन भएको मानिने गुह्येश्वरी शक्तिपीठमा हिन्दूहरुले गुह्यकालीको स्वरुपमा र बौद्धहरुले हेंवज्र नैरात्मा योगिनीको रुपमा पूजा गर्ने परम्परा रही आएको छ। त्यस पीठमा एकै समय हिन्दू बौद्धहरुले आआफ्नो मार्गहरुबाट पूजा उपासना गर्छन्। फरक फरक धर्मको समन्वय गर्ने र समभावलाई कायम राख्न शक्तिपीठहरु उदाहरणीय छन्। त्यस्तै काठमाडौँका प्राय सबै शक्तिपीठहरुमा कथित माथिल्लो जातका पूजारीले पूजा आराधना गर्ने र कथित तल्लो जातका समुदायले मन्दिरको रेखदेख, स्याहार सम्भार गर्ने भएकाले जातीय विभेदको मान्यता अन्त्य गरी सामुदायिक सद्भाव कायम राख्ने परिपाटी देखिन्छ। यस पद्धतिले सामाजिक धार्मिक परिपाटिमा जातीय सद्भावलाई ग्राह्य बनाई सांस्कृतिक अन्तघुर्लन गरेको छ। यस्तै नेवार र गैर नेवार भनेर गरिने विभेदलाई पनि यी शक्तिपीठहरुले समन्वयको भूमिका निर्वाह गरेका छन्। नेवार समुदायले मात्रै अजिमाहरुको पूजा गर्दछन्, पर्वते समुदायले अजिमाहरुको पूजा उपासना गर्दैनन् भन्नु बिलकुलै गलत अवधारणा हो । येनकेन प्रकारेण, काठमाडौँका विभिन्न अजिमाहरुलाई नै विविध मातृकाका रुपमा आर्यहरुले पूज्ने गर्दछन् । यसरी सामुदायिक सद्भावका संवाहक रुपमा पनि काठमाडौँ उपत्यकामा अजिमाहरुलाई लिइन्छ। यसरी कान्तिपुर नगर र समग्र नेपाल उपत्यकामा रहेका शक्ति पीठहरुलाई विधि कोणबाट विश्लेषण गर्दा सामाजिक, धार्मिक र सांस्कृतिक समन्वयका अत्यन्त महत्त्वपूर्ण आधारस्तम्भ एवम् शक्ति उपासनाको प्रमुख केन्द्रका रुपमा स्थापित रहेको देखिन्छ।

संस्कृति र सम्पदा संरक्षण गरि यस्ता जीवन्त धरोहरहरुको संरक्षणमा सम्बन्धित सबै सरोकारवालाहरु जागरुक हुनु आवश्यक छ। स्थानीय जनताले पनि यी अमूर्त धरोहरको बारेमा चासो लिई यी सम्पदाको इतिहासको बारेमा प्रकाशमा ल्याउन अत्यावश्यक छ। जब यी सम्पदाहरुको दीगो संरक्षणमा हामी जुट्नेछौँ, तब मात्र हाम्रो संस्कृतिको दीगो संरक्षण हुने निश्चित छ।

नेपालमा तन्त्र परम्परा : प्रयोग र समुच्चय

✍ विनय विक्रम शाह

विषयप्रस्थान

मुदं कुर्वन्ति देवानां मनांसि तारयन्ति च।
तस्मात् तन्त्र इति ख्यातो दर्शितव्यः कुलेश्वरी ः॥

– कुलार्णव तन्त्र

(तन्त्रले मुदिता पार्छ ,देव मानव जसलाई पनि। तन्त्रको दर्शन गर्नै पर्छ। अनि पार लाग्छ।)

असभ्य जंगली मानिसलाई सभ्य र ज्ञानवान् पौरखी बनाउन पाषाणयुगमा हाम्रै श्लेष्मान्तक वनमा किँरातको भेषमा पार्वती परमेश्वर शिवले प्रकट गर्नु भएको मानव धर्म हो तन्त्र धर्म। तन्त्रशास्त्र भगवान आशुतोष शिवजीद्वारा निःशृत भएको मान्ने गरिन्छ। यसका तीन शाखाहरु रहेका छन्। जसलाई आगम, यामल र निगम भनेर चिन्ने गरिएको छ। यामल तन्त्र शिव र शक्तिको एकताको प्रतीक हो। शिव र पार्वतीको मेलबाट बनेको अर्धनारीश्वर स्वरुप तन्त्रस्वरूप मानिएको छ। यहाँ शिव विशुद्ध चैतन्यको प्रतीक हो भने शक्ति विशुद्ध गुणात्मक ऊर्जा हो। प्रत्येक व्यक्तिको शक्ति , कुण्डलिनी शक्तिको रूपमा विराजमान भएको हुन्छ। तन्त्र शास्त्रले जे कुरा यो ब्रह्माण्डमा छ त्यही कुरा हाम्रो शरीर भित्र पनि रहेको हुन्छ भन्ने गर्दछ। यसैका कारण मान्छेले आफ्नो चेतना शक्तिद्वारा ब्रह्माण्डसँग सम्पर्क स्थापित गर्न सकेको हुन्छ। मानवीय चेतना असीमित रहेका हुन्छन्। शिव संहितामा कुण्डलिनी शक्तिलाई सुप्तसर्पिणी भनिएको हुँदा धेरै प्राचीन विद्वानहरुले यसलाई 'जीवन अग्नि' भनेर व्याख्या गरेका छन्। शास्त्रले हाम्रो मूलाधार चक्रमा कुण्डलिनी शक्ति रहेको हुन्छ भनेर बताएको छ। तन्त्र शास्त्रले त्यही कुरालाई इकित गर्दै जुनसुकै मान्छेले चक्र र कुण्डलिनीमा ध्यान दिन सकेको खण्डमा त्यो मान्छे सबै विद्यामा निपुण हुन सक्दछ भन्ने कुरा बताएको देखिन्छ।

तन्त्र भनेको के ?

तन्त्र, सनातन परम्परासँग गाँसिएको आगम ग्रन्थ हो। शैव सिद्धान्तको 'कायिक आगम'मा यसको अर्थ लाउँदै भनिएको छ– "तन्यते विस्तार्यते ज्ञानम् अनेन, इति तन्त्रम्।" तन्त्र शब्दको निरुक्ति 'तन्' (विस्तार गर्नु) र 'त्र' (ष्ट्रन) (रक्षा गर्नु), यी धातु एक ठाउँमा जोड्दा त्यस्तो शास्त्र जसद्वारा ज्ञान विस्तार गर्न सकिन्छ भन्ने बुझिन आउँदछ। 'तन्त्र' को अर्थ लाउँदा जुन साधनाले प्रकृति र परमेश्वरलाई आफनो अनुकुल बनाउन सकिन्छ। यहाँ 'तन्' पदले प्रकृति र परमात्मा तथा 'त्र' ले स्वाधीनता बताउँदछ ,त्यसकारणले त्यो तन्त्र हो पनि भन्ने गरिएको छ। तन्त्र शब्दले सन्धि 'विधि र उपाय'लाई जनाएको हुन्छ। यहाँ विधि र उपाय भनेको सिद्धान्त होइन। सिद्धान्तको कुरो गर्दा शास्त्र र व्यक्ति, व्यक्ति व्यक्ति बीच मतभेद हुन सक्दछ। विग्रह हुन सक्छ, वादविवाद हुन सक्दछ तर, विधिको कुरो गरे, त्यसमा कोही कसैको, कुनै प्रकारको मतभेद देखिनु हुँदैन। नदीमा डुब्न लाग्दा, त्यसबाट जोगिन, पौडेरै निस्किनै पर्दछ। बिजुली चाहियो भने पानीको बहावलाई रूपान्तरण गर्नै पर्दछ, दौडिनु पर्दा खुट्टो

चाल्नै पर्दछ। हिमाल चढ्नु परे ऊँचाई तर्फ लम्किनै पर्दछ, अरु उपाय अपनाएर हुँदैन। यही क्रियालाई 'विधि' भन्ने गरिएको हो। यही कुरा व्याख्या गर्दै व्याकरण भन्दछ – तनोति त्रायति तन्त्र अर्थात् जे कुरा तान्दा , विस्तार गर्दा वा र फैलाउँदा त्राण पाइन्छ त्यो नै तन्त्र हो। अर्थात् जुन कुराले मान्छेको ज्ञान क्षेत्रलाई विस्तार गर्दै, सो अनुरुपको आचरण गराई मान्छेलाई त्राण दिलाउँछ : त्यो तन्त्र हो। यहाँ तन्त्र साधना भनेको गुह्य या गूढ साधना भन्ने जनाउँदछ। नेपालको हिन्दू र बौद्ध परम्पराको महायान र वज्रयान पन्थमा तन्त्रको प्रयोग व्यापक रुपमा हुने गर्दछ। यस बाहेक हाम्रो नेपालको सनातनी हिन्दू समाजले कुनैपनि व्यवस्थित ग्रन्थ, सिद्धान्त, विधि, उपकरण, प्रविधि वा कार्यप्रणालीलाई पनि तन्त्र नै भन्दै आएको छ। तन्त्रको निमित्त साधन शरीर नभई चेतनाको उच्च शिखरमा मान्छे पुग्न सक्दैन।

सर्वेद्रथा येन तन्यन्ते त्रायन्ते च भयाज्जनान्।
इति तन्त्रस्य तन्त्रत्वं तन्त्रज्ञाः परिचक्षते॥

'जुन शास्त्रद्वारा सबै मन्त्रार्थ अनुष्ठानको विस्तारपूर्वक ज्ञान प्राप्त हुन्छ तथा जस अनुसार कर्म गरेर मानिसले भयबाट मुक्ति पाउँछ , त्यो 'तन्त्र' हो।

ज्ञान ,दर्शन, योग, कर्मकाण्ड, विशिष्ट साधना, पद्धति तथा समाजिक आचार विचारको नियम, सांख्य तथा वेदान्त दर्शनको अद्वैत विचारको प्रभाव तन्त्र ग्रन्थमा परेको छ। तन्त्र शास्त्रमा प्रकृति सँगै शिव, अद्वैत दुईटैको कुरो गरिएको छ तर तन्त्र दर्शनमा 'शक्ति' (ईश्वरको शक्ति) मा विशेष बल दिईएको छ। यति मात्र नभई तन्त्र प्रकृतिको अनिवार्य नियम हो।

तन्त्र परम्परा नेपालको सनातन हिन्दू, बौद्ध, जैन, सिख, बोन, किराँत (टें), वहर्थमान, दाओ तथा जापानको शिन्तो आदि परम्परामा प्रशस्त प्रयोग हुने गर्दछ। नेपालमा तन्त्र मुख्यतः शैव र शाक्त सम्प्रदायसँग जोडिएपनि यसको प्रयोग वैष्णव पन्थमा पनि हुने गरेको छ। बौद्ध धर्मको वज्रयान परम्परा तन्त्र ज्यादै लोकप्रिय हुन पुगेको छ। हिन्दू, बौद्ध र जैन दर्शनको तन्त्र परम्परा मिल्दा जुल्दा हुन्छन्। तन्त्र ग्रन्थ कति छन् भन्न सकिने अवस्था छैन तर ६४ तन्त्रको प्रभाव विश्वभरी फैलिन पुगेको देखिन्छ। हिन्दू, बौद्ध, जैन, तिब्बती धर्ममा प्रचलित तन्त्र साधना यसैको प्रभाव हो। तन्त्रले हरेक कुरामा स्वीकार भाव राख्दछ। तिनबाट भाग्नुभन्दा तिनको अस्तित्त्वलाई स्वीकारेर तिनलाई अद्वैतको साधन बनाउनका लागि तन्त्रले निर्देशन गरेको छ। विज्ञानभैरव ग्रन्थको तलको श्लोक :

यत्र यत्र मनस्तुष्टिर्मनस्तत्रैव धारयेत्।
तत्रतत्र परानन्दस्वरूपं सम्प्रवर्तते॥७४॥

अर्थात् जहाँ जहाँ मनले सन्तोष प्राप्त गर्न सक्दछ , त्यहाँ मनलाई अल्झाउनु सकिन्छ , त्यसो गरे मानवको परमानन्द स्वरूप आफै प्रकाशित हुन पुग्दछ। त्यसैले तन्त्र अथवा आगममा व्यवहार पक्ष मुख्य मानिएको हो।

तन्त्र विज्ञानको एउटा उदाहरण महाभारतमा भीष्मको इच्छामृत्यु, तीरको शैयामा लम्पसार पर्दा पनि नदुख्नु भनेको 'सेन्टर अफ सेन्सलाई ट्रान्सफर' गर्न सक्नुले हो। क्राइष्टलाई किला ठोकेर झुण्ड्याउँदा क्राइष्टले कुनै चित्कार नगर्नु पनि यही हो। हिटलरको डिक्टेटिङ् पावर, नेपोलियनको चमत्कार, गान्धीको सत्याग्रह–बन्दे मातरम् ,महेन्द्रको सन्तान थरी थरीका, यी यस्ता आवाज थिए जसले अरुको ध्यान खिच्न सफल थियो, सुन्नेलाई एकाग्र पारेको थियो।यसलाई 'पोलिटिकल हिप्नोटिज्म' भन्न सकिन्छ। मानसिक, अध्यात्मिक र भौतिक स्रोतको सन्तुलन शक्तिमा परिणत हुनु तन्त्र हो। तन्त्र एउटा यस्तो विन्दु, केन्द्रमा निश्चल हुन्छ, त्यो केन्द्रलाई समाधिको केन्द्रविन्दु मानिन्छ। त्यहाँ कुनै फोर्सको प्रभाव हुन्न। बुद्धको निर्वाणको विन्दु पनि त्यही हो। तन्त्रको विन्दु पनि

RajKishore

त्यही। भौतिकवाद र अध्यात्मवादको फ्यूजनको केन्द्रविन्दु तन्त्र हो। मन्दिरका टुँडालहरु कलात्मक तन्त्र हुन्, कतिपय ठाउँमा कलाकृतिमा तन्त्रका अनेकन आकृतिहरु अङ्कित देखिन्छन् ती पनि तन्त्र हुन्।

नेपाली समाजमा तन्त्र

तन्त्र मुख्यतः शिव र शक्तिसँग सम्बन्धित रहेको र यसैबाट अधिकतर तन्त्र ग्रन्थको उत्पत्ति हुन पुगेको देखिन्छ। तन्त्र ग्रन्थहरुमा विभिन्न साधना, त्यसको पूजा विधिको वर्णन तथा ज्ञानविज्ञान प्रक्रिया समेटिएको हुन्छ। यसैकारण ऋग्वेदले तन्त्रलाई ज्ञानको तान भनेर अर्थ्याइ दिएको छ र त्यो तान बुन्दै जाँदा ज्ञान बढ्दै जाने विश्वास गरिएको हुन्छ। तन्त्र पद्धतिमा शैव, शाक्त, वैष्णव, पाशुपत, गणापत्य, लकुलीश, बौद्ध, जैन आदि सम्प्रदायहरुको उल्लेख भएतापनि शैव तथा शाक्त तन्त्र मात्रै हाम्रो देशमा बढी प्रचलनमा रहेको छ। शैव तन्त्रले ज्ञान दिने भएकोले यसमा ज्ञान प्राप्त गर्ने तरिका मात्र वर्णन गरिएको छ। शैवागम वा शैव तन्त्रलाई भेद, भेदाभेद तथा अभेद्वाद गरेर तीन भागमा बाँडिएको छ। त्यसैकारण भेदवादी शैवागम र शैव सिद्धान्त भनेर चिनिन पुगेको छ। वीर शैवलाई भेदाभेद भनेर चिनिन्छ तथा अभेद्वादलाई शिवाद्वयवाद भनेर चिन्ने गरिएको छ। यी समस्त प्रकारका शिव सूत्रहरुको उद्‌गम स्थल हिमालय रहेको मानिएको छ। विभिन्न तन्त्रशास्त्रका ज्ञाताहरुले तन्त्रलाई मुख्य तीन भागमा बाँडेको देखिन्छ।

(१) श्री सदा शिवोक्त तन्त्र (२)पार्वती कथित तन्त्र (३) ऋषिगण प्रणीत आर्ष तन्त्र। यो एउटा स्वतन्त्र शास्त्र हो। जुन पूजा र आचार पद्धतिको परिचय दिएर पनि इच्छित तत्वलाई आफनो अधीन बनाउने मार्ग देखाउँछ। यस प्रकारको यो साधना शास्त्र हो। यसमा साधना अनेक प्रकारका दिइएको छ, जसमा देवताका स्वरुप, गुण, कर्म आदिको चिन्तन प्रक्रिया साथै 'पटल, कवच, सहस्रनाम तथा स्तोत्र'। यिनै पाँच अंगवाला पूजाको विधान छ।

तनोति विपुलान् अर्यान् तत्त्वमन्त्र समविन्तान्।
त्राणं च कुरुते यस्मात् तन्त्रमित्यभिधियते॥

–तन्त्रान्तर पटक

तन्त्रले रहस्यका थुप्रै अर्थ छन्। आमाको काखै त हो तन्त्र,जहाँ सुरक्षै सुरक्षा छ।

कर्मकाण्ड र पूजाउपासना गर्ने तरिका सबै धर्ममा फरक फरक हुन्छन्। तर तन्त्रको प्रक्रिया झण्डै झण्डै सबैतिर उस्तै उस्तै खाले हुने गर्दछ। सबै धर्मले मानव मित्र अनन्त ऊर्जा भएको स्वीकार्दछन्। जसको पाँच सात प्रतिशत मात्र प्रयोगमा आएको हुन्छ। शेष भाग खेर गई रहेको हुन्छ। सबै धर्म सम्प्रदायले यो कुरा स्वीकारेको हुन्छ र आ–आफ्नो हिसाबले त्यसको बाटो बताएको हुन्छ। ती सबैले एक नासको विधि अवलम्ब गरि आफू भित्रको शक्ति जगाउने काम गरेको हुन्छ। तन्त्रोक्त मतानुसार मन्त्रद्वारा यन्त्रको माध्यमले भगवानको उपासना गर्नु तन्त्र हो। तन्त्र शास्त्रले सिद्धान्तको कुरो गरेपनि आगम शास्त्रको तीन चौथाई भागले विधि नै इंगित गरेको छ। तन्त्र शास्त्रको सबै ग्रन्थ शिव र पार्वतीको संवादबाटै प्रकट भएका छन्। आगम शास्त्र अनुसार गर्नु नै जान्नु हो र त्यो जान्नु ज्ञान होइन। जब सम्म क्यै गरिन्न , तबसम्म मान्छे साधनामा प्रवेश गर्दैन। जबसम्म उसले आफैले साधना गर्दैन , तबसम्म उसले तन्त्रको उत्तर वा समाधान पाउँदैन।

तन्त्र, मन्त्र र यन्त्र : पारस्परिक अर्न्तसम्बन्ध

देवी देवताको विग्रह मन्त्रको रुपमा रहेको हुन्छ। देवताहरु तीन रुपमा रहेका हुन्छन् – १. परा २. सूक्ष्म

Raj Kishore

३. स्थूल। सामान्यतः मान्छेले देवीदेवताको स्थूल रूपको उपासना गर्ने गरेको हुन्छ तथा त्यसकै सहाराले मानव देवीदेवताको सूक्ष्म रूपसम्म पुग्न सक्दछ। तन्त्र शास्त्रमा अधिकतर कार्य मन्त्रद्वारा नै गर्ने गरिन्छ। थोरै उच्चारण गरेर धेरै जान्नु तन्त्र हो। असंख्य अर्थहरूलाई व्यक्त गर्नसक्ने विचार, भाव वा तत्त्व तन्त्र हो। मानव शरीर तन्त्र, मन्त्र र यन्त्रले चल्दछ। हाम्रो शरीरको व्यवहार तन्त्र हो भने शरीरमा बसेर जो विचार पलाउँछ त्यो मन्त्र हो। यस अर्थमा मानव शरीर स्वयं यन्त्र हो। तन्त्र सिद्ध भयो भने अष्टसिद्धि प्राप्त हुन्छ। तन्त्र नेपालको एक आध्यात्मिक परिपाटी हो।

नेपालमा तन्त्र प्रयोग

तन्त्रको एक विशिष्ट उदाहरणका रुपमा हामीले पाटनमा अवस्थित कान देवताको प्रसंगलाई लिन सक्छौँ। मल्लकालीन समयमा तत्कालीन कान्तिपुर र पाटन राज्यका राजा बीच गहिरो वैमनस्यता थियो। आपसी वैरभावका कारण एक अर्का राज्य माथि हमला हुनु पनि स्वभाविक नै हो। यसै क्रममा पाटनका राजाले तन्त्रको प्रयोग मार्फत एक षड्यन्त्र रचना गरे। तान्त्रिक गुरुपुरोहितको मद्दतबाट पाटनका राजाले काठमाडौँका राजाको कमजोरी थाङ्का (पौवा) चित्र हो भन्ने थाहा पाइ तीन यन्त्रको सिर्जना गरे र अत्यन्त कलात्मक स्वर्ण लिखित पौवा चित्रमा यन्त्रलाई गुप्त रुपमा राखी कान्तिपुरका राजालाई भेट गरे। कान्तिपुरका राजाले विशिष्ट व्यक्तित्वबाट प्राप्त उपहार आफ्नो अन्तःपुरमा झुण्याई राखे। अर्को यन्त्र वागमती किनारमा एउटा ठूलो खम्बा बनाई कानको आकृतिरुपको यन्त्र र अर्को यन्त्र पाटनकै राजाको दरबारमा राखे। त्यो तीन यन्त्र एक आपसमा अर्न्तसम्बन्धित थियो। कान्तिपुरको गतिविधि र गोप्य संवादलाई पौवा यन्त्रले कानदेवतामा पठाउँथ्यो र कान देवताले पाटन दरबारमा फ्याँक्थ्यो। यसरी कान्तिपुरको गोप्यता पाटनका राजाले थाहा पाउँथे। पछि गएर कान्तिपुरका राजा र रानीको राज्यको विषयका गोप्य संवाद पाटनमा यत्रतत्र सर्वत्र फैलियो।कान्तिपुरका राजाले यो के भयो भनी गुरुपुरोहितको सहायताबाट विचार गर्दा पाटनका राजाको सबै कर्तुत थाहा पाएर कान्तिपुरका राजाले पनि यन्त्रलाई नै ठीक विपरीत गरेका थिए र यो क्रिया पनि पाटनमा ज्ञात भए पछि पाटनका राजाले यन्त्र निष्कृय गराउन लगाएका थिए।

तत्कालीन नेपालमा गोरखनाथले नवनागलाई आफ्नो आसनमनि बाँधेर राखे पछि वर्षा गराउन करुणामय मच्छिन्द्रनाथलाई कामरुप कामाख्याबाट ल्याउँदा भक्तपुरका राजा नरेन्द्र देव ,कान्तिपुरका तान्त्रिक बन्धुदत्त आचाजु र पाटनका ललिचा ज्यापुले तन्त्रको सहायता सिहायता लिएका थिए। १४ औँ शताब्दीमा राजा हरिहर सिंह देवले तुलजा भवानीलाई नेपालमा स्थापित गर्न पनि तन्त्रकै प्रयोग गरेका थिए।

यति मात्र नभई वर्तमान नेपालमा तन्त्र अदृश्य अस्त्रका रुपमा स्थित भएको देखिन्छ। टुनामुना, कुण्डलिनी जगाउने, पूर्वजन्मका आख्यानहरु, आखेट हेर्ने, जोखना हेर्ने, जन्मकुण्डली, ग्रहदशा, मोहनी लगाउने, भूत भगाउने, केही लाग्यो भनेर पन्छाउने, झारफुक, क्षेत्रपाल, नाग लाग्यो वा देवी देउता रिसाए भनेर पूजा गर्ने, कुल देउता, मूल देउता खुशी पार्ने, नाडी हेर्ने, धामी–झाँक्रीको प्रयोग, ग्रह दशा मोचन वा मठ–मन्दिरको स्थापना, जात्रा, स्थानान्तरण वा पूजा गर्दा तन्त्र, मन्त्रबाट मात्र गर्ने यी सबै साधन साध्यका रुपमा विकसित भएर आएका देखिन्छन्।

नेपालको शाह वंश र ६४ तन्त्र

मन्दिरै मन्दिरको देश नेपालमा तन्त्र जनजीवनमा व्याप्त छ। बच्चा जन्मेदेखि मरेपछि पनि तन्त्र र मन्त्रको चौघेरामा उसको अस्तित्व र आत्मा घुमिरहेको हुन्छ। तोडल तन्त्र र सर्वोल्लास तन्त्रमा उल्लेख गरिएका ६४ तन्त्रहरुको नाउँ चतुःशती र श्रीकण्ठीको तन्त्र सूचीसँग मेल खाँदैनन्। जसमा काली , मुण्डमाला , तारा सहित

Raj Kishore

कामाख्या तन्त्रमा उल्लेख भएको ६४ तन्त्रहरुको नाउँपनि समावेश छ। यी तन्त्रहरु सन् १७५४ ई० लिपिबद्ध गरिएको हस्तलिखित पुस्तक इण्डिया अफिस लाइब्रेरी लण्डनमा ब्रिटिश शासकहरुले पुऱ्याएका छन् भने, ८औं शताब्दी भन्दा पहिलेको जयद्रथ यामल तन्त्रको धेरै कुरा यही ग्रन्थले प्रष्ट पारेको छ। आठ किसिमको यामल तन्त्रको मूलग्रन्थ ब्रह्मयामल तन्त्रलाई मानिएको छ। यसका प्रमुख उपासक नेपालका श्री ५ महाराजधिराज प्रतापसिंह शाह रहेका थिए। त्यो पुस्तक तत्कालीन नेपालको राज दरबारमा रहेको थियो भने ११७४ ई० मा लेखिएको पिंगलातन्त्र नामक ग्रन्थ, जसलाई ब्रह्मयामल तन्त्रको परिशिष्ट भएको भन्ने गरिएको छ, त्यो पनि तत्कालिन नेपालको राजदरबारमा रहेको थियो। अहिले तन्त्र शास्त्रका ती दुर्लभ ग्रन्थहरु कहाँ पुऱ्याइएको छ खोजीको विषय हो। यिनै तन्त्र शास्त्रहरूको साधकहरु तत्कालीन नेपालमा प्रशस्त भएका कारण तन्त्रशास्त्र अनुसार नेपालमा छाग, महिष, मेष, कुखुरा र हाँस बलिदिने चलन बसेको हो र हाम्रो तन्त्र सभ्यताको महत्त्वपूर्ण सोच बलिप्रथा जीवनको पूर्ण परम मुक्तिसँग गाँसिएको मानिन पुगेको हो।

संवत् २०५३ मा कमलादी गणेशले दूध खाएको, दोलखा भीमसेनलाई पसिना आउँदा उपद्रो हुने विश्वास र क्षमा पूजा, सर्वाध्या परमेश्वरी तुलजा भवानीले कुनै बेला राजासँग प्रत्यक्ष पासा खेलेको ,पाटन राज्यमा एक बालिका र एक करिब ७२ वर्षकी हालसम्म रजस्वला नभएकी कुमारी आदी लगायतका प्रसङ्गले तन्त्रलाई अझ नेपाली सन्दर्भमा व्यापक बनाएको छ। राजा राम शाहले तन्त्रकै बलमा न्यायका उदाहरण बन्न सफल भए। प्रताप मल्ल, लक्ष्मीनृसिंङ्ग मल्लको युग तन्त्रमन्त्रले भरिपूर्ण थियो। पृथ्वीनारायण शाहका भाई सिंहप्रताप शाहले काठमाडौं शमशान भूमिमा मृत महिलाको यौनाङ्गमा तन्त्र साधना गरेर सिद्धि प्राप्त गरेको आख्यान अहिले पनि हामीले सुन्न सक्छौं। त्यस्तै शाहवंशका साहेबज्यू श्री ५ उपेन्द्रवीर विक्रम शाहज्यू तन्त्र मर्मज्ञ हुनुहुन्थ्यो। भारतमा दिगम्बर बाबा, लकडबाबा, अघोरी बाबा, नागाबाबा, धीरेन्द्र ब्रह्मर्षि, चन्द्रास्वामी, सिद्ध, जयन्द्र सरस्वतीलगायत, तान्त्रिकहरु अदृश्य केन्द्रशक्तिका रुपमा स्थापित रहेका छन्।

नेपालको तन्त्रमन्त्रको रहस्य पत्ता लगाउन विदेशी मुलुक कस्सिएका छन्। राजधानीको फोहर सफा गर्ने नाममा, काठमाडौं, भक्तपुर र पाटन 'दरबार स्क्वायर' सफा गर्ने, पुनर्निर्माण गर्ने नाममा तन्त्रमन्त्रको अनुसन्धानमा डुब्ने गरेका छन्। पाटन दरबार स्क्वायरको पुनर्निर्माणमा सघाएर कृष्ण मन्दिर र आसपासका मन्दिर ,गुठीमा व्यापक अनुसन्धान गरेका थिए। आज पनि लामा, राई, तामाङ मन्त्र सिक्न र लामा तन्त्र शिक्षा आर्जनका लागि वर्षको दुई हजारभन्दा बढी विदेशीहरु नेपाल आउने गरेका छन्। हामी आधुनिकतालाई अंगालेर पुरातनलाई फ्याक्दै र बिसर्जन गर्दै गइरहेका छौं, विदेशीहरु पुरातनताभित्र के छ भनेर खोतल्दै र संकलन गर्दै गइरहेका छन्। जर्मनी कानुनले धामीझाँक्री अध्ययनलाई मान्यता र महत्त्व नै दिएको छ। पूर्वीय दर्शनका हामीहरु अग्रगमनको नारा लगाइरहेका छौं, युरोपियन मूल पूर्वीय दर्शनभित्र विचरण गर्न थालेका छन्। हामी सभ्यता र संस्कृति मासिरहेका छौं, सभ्यहरु पृथ्वीदेखि चन्द्रमासम्मका सभ्यता अनुसन्धान गरिरहेका छन्। त्यसैले नेपाललाई बौद्धिक बन्दकीमा परेको मुलुक भन्नेहरुको संख्या दिनदिनै बढ्दै गएको छ।

युरोपियन राष्ट्रका एक विद्वत टोलीले नेपालमा काग पूजा, कुकुर पूजा, गाई पूजा, शालिग्राम पूजा र बोक्सीका बारेमा अनुसन्धान गर्न थालेका छन्। उनीहरु हनुमान ढोकामा नाइटो किन गाडिन्छ, किलागलमा किन पैसालाई किला ठोकिन्छ, मन्दिर र जात्रामा तन्त्रपूजा किन गरिन्छ भन्नेसम्मका विषयमा अध्ययन गरिरहेका छन्। हाम्रा समाजशास्त्री र सरकारलाई यसबारे अत्तोपत्तो छैन। पाश्चात्यहरु जे कुरालाई पनि महत्त्व दिन्छन् र अग्रगामी बन्छन्। हामी पछाडी पर्नुको मुख्य कारण हामीले आफ्नोपन बिर्स्यौं, हामी अग्रगमनको नारा मात्र लगाइरह्यौं।

तान्त्रिक पूजामा पञ्चमकारको अनुकल्प

हरिप्रसाद खराल

१. पृष्ठभूमिः

तान्त्रिक धर्म आदिकालदेखि नै वैदिक धर्मको साथी हो। यी दुबै हरिहरद्वारा प्रकट भएका हुन्। जसरी हरि र हरमा अभेद/भेदरहितता छ त्यसरी नै वेद (निगम) र तन्त्र (आगम) मा पनि अभेद/भेदरहितता छ (तारापुर, २०६५:१६७)। श्रीमद्भागवतमा स्वयं भगवान्को कथन छ कि 'वैदिकस्तान्त्रिको मिश्र इति मे त्रिविधो मख।' अर्थात् वैदिक, तान्त्रिक तथा वेद र तन्त्रमिश्रित तीन प्रकारका मेरा यज्ञ छन्। परन्तु वैदिक र तान्त्रिक पृथक् पृथक् हुनाले द्वैतको नै प्रधानता रहन्छ र वेद-तन्त्र मिश्रित हुनाले अद्वैतको प्रधानता रहन्छ। यसैले हाम्रा महर्षिले आफ्ना प्रिय सन्तान 'सनातन आर्य; हिन्दु जातिको कल्याणका लागि वेद र तन्त्र मिश्रित कर्मकाण्ड र उपासनाकाण्ड दुबै पद्धतिको निर्माण वेद-तन्त्रमा अभेदरूपले गरेका छन् र दुबैको लक्ष्य एक ज्ञानकाण्डलाई नै निश्चित गरेका छन्। (तारपुर, २०६५:१६७)। जसबाट वेद-तन्त्र तथा कर्मकाण्ड - उपासनाकाण्डमा परस्पर भेद-भूतको अवशेष हुन नपाओस्। अतः "द्वितीयाद् वै भयं भवति" यो श्रुतिघोषित द्वैतभूतबाट सदा-सर्वदा अलग रहनु पर्‍यो।

२. पूजाका उपचार

संक्षिप्त, विस्तृत, वैदिक, तान्त्रिक आदि भेदले पूजाका अनेकौं प्रकारका उपचार छन्। वैदिक पूजाका संक्षिप्त र विस्तृत उपचार निम्न लिखित किसिमका छन्। जस्तै - पञ्चमोपचार, सप्तमोपचार, दशमोपचार, षोडशोपचार, अष्यदशोपचार, षट्त्रिशोपचार, षट्षष्टिशतोपचार र राजोपचार। त्यस्तै आगमिक पूजाका संक्षिप्त र विस्तृत उपचार निम्नलिखित प्रकारका छन्। जस्तै - पञ्चोपचार, दशोपचार, षोडशोपचार, द्वात्रिंशदोपचार वा राजोपचार। यहाँ यिनै उपचारहरूको वर्णन गरिन्छ।

क. वैदिकोपचार

(१) पञ्चमोपचार- १. गन्ध, २. पुष्प, ३. धूप, ४. दीप, ५. नैवेद्य (खेमका, २०७२:२१७)।

(२) सप्तमोपचार- १. गन्ध, २. पुष्प, ३. धूप, ४. दीप, ५. नैवेद्य, ६. पाद्य, ७. अर्घ्य (खेमका, २०७२:२१७)।

(३) दशमोपचार- १.पाद्य २.अर्घ्य ३.आचमनीय ४.स्नान ५.वस्त्रनिवेदन ६.गन्ध ७.पुष्प ८.धूप ९.दीप १०. नैवेद्य (खेमका, २०७२:२१७)।

(४) षोडशोपचार- १. पाद्य २. अर्घ्य ३. आचमनीय ४. स्नान ५. वस्त्र ६. आभूषण ७.गन्ध ८.पुष्प ९.धूप १०.दीप ११.नैवेद्य १२.आचमन १३.ताम्बूल १४. स्तव-पाठ १५. तर्पण १६. नमस्कार(खेमका, २०७२:२१७)।

(५) अष्यदशोपचार- १.आसन २.स्वागत ३.पाद्य ४.अर्घ्य ५. आचमनीय ६. स्नानीय ७. वस्त्र ८.यज्ञोपवीत ९. आभूषण १०. गन्ध ११. पुष्प १२. धूप १३. दीप १४. नैवेद्य १५.दर्पण १६.माल्य १७.अनुलेपन १८.नमस्कार (खेमका, २०७२:२१७)

Raj Kishore

(६) षट्त्रिंशतोपचार– १. आसन २. अभ्यञ्जन ३. उद्वर्तन ४. निरूपण ५. सम्मार्जन ६. सर्पिःस्नपन ७. आवाहन ८. पाद्य ९. अर्घ्य १०. आचमन ११. स्नान १२. मधुपर्क १३. पुनराचमन १४. यज्ञोपवीत–वस्त्र, १५. अलङ्कार, १६. गन्ध, १७. पुष्प१८. धूप १९. दीप २०. नैवेद्य २१. ताम्बूल २२. पुष्पमाला २३. अनुलेपन २४. शयूया २५. चामर २६. व्यञ्जन २७. आदर्श २८. नमस्कार २९. गायन ३०. वादन ३१. नर्तन ३२. स्तुतिगान ३३. हवन ३४. प्रदक्षिणा ३५. दन्तकाष्ट ३६. विसर्जन। (खेमका, २०७२:२१७)।

(७) षट्षट्योपचार– (शिवशक्तिपूजामा) १. पाद्य २. अर्घ्य ३. आसन ४. तैलाभ्यङ्ग ५. मज्जनशालाप्रवेश ६. पीठोपवेशन ७. दिव्यस्नानीय ८. उद्वर्तन ९. उष्णोदक–स्नान १०. तीर्थाभिषेक ११. धौतवस्त्रपरिमार्जन १२. अरुणदुकुलधारण १३. अरुणोत्तरीयधारण १४. आलेपमण्डपप्रवेश १५. पीठोपवेशन १६. चन्दनादि दिव्यगन्धानुलेपन १७. नानाविधपुष्पार्पण १८. भूषणमण्डपप्रवेश १९. भूषणमणिपीठोपवेशन २०. नवरत्नमुकुटधारण २१. चन्द्रशकल २२. सीमन्तसिन्दूर २३. तिलकवस्त्र २४. कालाञ्जन २५. कर्णपाली २६. नासाभरण २७. अधरयावक २८. ग्रथनभूषण २९. कनकचित्रपदक ३०. महापदक ३१. मुक्तावली ३२. एकावली ३३. देवच्छन्दक ३४. केयूरचतुष्टय ३५. वलयावली ३६. ऊर्मिकावली ३७. काञ्चीदाम–कटिसूत्र ३८. शोभाख्याभरण ३९. पादकपटक ४०. रत्ननूपुर ४१. पादाङ्गुलीयक; चारै हातमा क्रमशः ४२. अंकुश ४३. पाश ४४. पुण्ड्रेक्षुचाप ४५. पुष्पवाणको धारण ४६. माणिक्यपादुका ४७. सिंहासनरोहण ४८. पर्यङ्कोपवेशन ४९. अमृतासवसेवन ५०. आचमनीय ५१. कर्पूरवटीका ५२. आनन्देल्लासविलासहास ५३. मङ्गलार्तिक ५४. श्वेतश्छत्र ५५. चामरद्वय ५६. दर्पण ५७. तालवृत्त ५८. गन्ध ५९. पुष्प ६०. धूप ६१. दीप ६२. नैवेद्य ६३. आचमन ६४. पुनराचमन (ताम्बूल र वन्दना) (खेमका, २०७२:२१७)।

(८) राजोपचार– १. पाद्य २. अर्घ्य ३. आचमनीय ४. स्नान ५. वस्त्र ६. आभूषण ७. गन्ध ८. पुष्प ९. धूप १०. दीप ११. नैवेद्य १२. आचमन १३. ताम्बूल १४. स्तव–पाठ १५. तर्पण १६. नमस्कार १७. छत्र (छाता) १८. चामर १९. पादुका २०. दर्पण। (खेमका, २०७२:२१७)।

ख. तान्त्रिकोपचार–

(१) पञ्चमोपचार– १. गन्ध २. पुष्प ३. धूप ४. दीप ५. नैवेद्य (महाकालसंहिता १९९३. ६।१७५,पृ. २२७)।

(२) दशमोपचार– १. पाद्य २. अर्घ्य ३. आचमनीय ४. स्नानीय ५. गन्ध ६. पुष्प ७. धूप ८. दीप ९. नैवेद्य १०. पुनराचमनीय (पूर्ववत् ६।१७४॥, पृ. २२७)।

(३) षोडशोपचार– १. आसन, २. पाद्य, ३. अर्घ्य, ४. आचमनीय, ५. मधुपर्क, ६. स्नानीय, ७. वस्त्र, ८. भूषण, ९. गन्ध, १०. पुष्प, ११. धूप, १२. दीप, १३. नेत्राञ्जन, १४. नैवेध, १५. पुनराचमनीय, १६. प्रदक्षिणा नमस्कार (पूर्ववत्, ६।१७१–१७२, पृ. २२७)।

मुख्य पूजोपचारमा यी तीनवटालाई गणना गरिएको छ। ती मध्ये पञ्चोपचार अधमकोटीको, दशोपचार मध्यमकोटीको र षोडशोपचार उच्चकोटीको मानिएको छ भन्ने महाकालसंहिताको वचन पाइन्छ।

ते च षोडश विज्ञेया दश वा पञ्च वा पुनः।
परोद्रपरोद्रवरो ज्ञेय आद्यो मुख्यतमः स्मृता॥
अन्येषामपि तन्त्रान्तर्भावो भवति भामिति॥ (पूर्ववत् ६।१६९।१५०, पृ.२२७)

(४) द्वात्रिंशदुपचार (राजोपचार)– १. आवाहन २. स्वागत ३. सन्निधापन ४. संस्थापन ५. सन्निरोधकरण ६. सम्मुखीकरण ७. सिन्दूर ८. आलक्त ९. ताम्बूल १०. पादुका ११. छत्र १२. व्यञ्जन १३. चामर

१४. आरात्रिक, १५. पुष्पमाला, १६. आत्मनिवेदन, १७. आसन, १८. पाद्य, १९. अर्घ्य, २०. मधुपर्क, २१. स्नानीय, २२. वस्त्र, २३. भूषण, २४. गन्ध, २५. पुष्प, २६. धूप, २७. दीप, २८. अञ्जन, २९. नैवेद्य, ३०. पुनराचमनीय, ३१. नमस्कार, ३२. प्रदक्षिणा (महाकालसंहिता, १९९३:६।१७७–३०३॥, पृ. २८८–३३८)।

३. पञ्चोपचारः

पञ्चोपचारको सबभन्दा वैज्ञानिक पञ्चतत्त्वसँग यसको सम्बन्ध छ। जस्तै– १. आकाश २. वायु ३. तेज ४.जल ५.पृथ्वी। पञ्चसूक्ष्म तन्मात्राबाट पञ्चतत्त्वहरू उत्पन्न भएका छन्। त्यसैले पञ्चतत्त्वलाई पञ्चमहाभूत पनि भनिन्छ। पञ्चतन्मात्रा यसप्रकार छन्। १. शब्द २. स्पर्श ३. रूप ४. रस ५.गन्ध।

१. **शब्दः** शब्द सूक्ष्मतन्मात्रा मूलतत्त्व भूत तत्त्व हो। शब्द सूक्ष्मतन्मात्राबाट आकाशतत्त्व उत्पन्न हुन्छ। सर्वव्यापक एवं अव्यक्ततत्त्व नै आकाशतत्त्व हो। शब्द सूक्ष्मतन्मात्राबाट आकाशतत्त्व उत्पन्न भएको हुनाले आकाशतत्त्वमा केवल 'शब्द' गुण मात्र रहन्छ।

२. **स्पर्शः** शब्दसूक्ष्मतन्मात्रा र स्पर्शसूक्ष्मतन्मात्रा यी दुई सूक्ष्मतन्मात्राबाट वायुतत्त्व उत्पन्न हुन्छ। त्यसकारण वायुलाई स्पर्श गर्न सकिन्छ।

३. **तेज (अग्नितत्त्व):** शब्द, स्पर्श र रूप यी तीन सूक्ष्मतन्मात्राबाट तेज अथवा अग्नितत्त्वको उत्पत्ति हुन्छ। त्यसकारण अग्निलाई स्पर्श गर्न र देख्न पनि सकिन्छ।

४. **जलतत्त्वः** शब्द, स्पर्श, रूप र रस यी चार सूक्ष्मतन्मात्राबाट जलतत्त्व उत्पन्न हुन्छ। त्यसकारण जल स्पर्श गर्न अर्थात् छुन पनि सकिन्छ , देख्न पनि सकिन्छ, स्वाद लिन वा पिउन पनि सकिन्छ।

५. **पृथ्वीतत्त्वः** शब्द, स्पर्श, रूप, रस र गन्ध यी पाँच सूक्ष्मतन्मात्राबाट पृथ्वीतत्त्व उत्पन्न हुन्छ। पृथ्वी वा भूमिमा अनेक प्राणी/जीव तथा वनस्पतिहरू प्रकट हुन्छन्।

पञ्चोपचार – पूजाका पाँच उपचार तथा सामग्री एवं पञ्चतत्त्वसँग तिनको अन्तःसम्बन्ध र बीजाक्षर यसप्रकार छ,

क्र.सं.	उपचार	तत्त्व	बीजाक्षर
१	पुष्प	आकाश	हँ
२	धूप	वायु	यँ
३	दीप	अग्नि	रँ
४	नैवेद्य	जल	वँ
५	गन्ध (चन्दन)	पृथ्वी	लँ

यसरी पञ्चोपचार पूजाका उपचार तथा सामग्रीहरू एउटै भए तापनि शैवतन्त्र र बौद्धतन्त्रमा तिनको प्रयोगक्रम आ–आफ्नै किसिमको छ।

शैवतन्त्र अनुसार 'लँ' पृथ्वीव्यात्पकगन्धं समर्पयामि। हँ आकाशात्मकं पुष्पं समर्पयामि। यँ वायुयात्मकं धूपं समर्पयामि। रँ तैजसात्मक दीपं समर्पयामि। वँ अमृतात्मकं नैवेद्यं समर्पयामि भनेर सबभन्दा पहिले पृथ्वीव्यात्मक गन्ध (चन्दन) चढाएर, त्ससपछि आकाशात्मकं पुष्प (फूल) चढाइन्छ। त्यसपछि वाय्यात्मकं धूप चढाइन्छ,

त्यसपछि तैजसात्मकं दीप चढाइन्छ र अन्त्यमा जलतत्त्वात्मकं/अमृतात्मक दीप (बत्ती) चढाइन्छ। तर बौद्धतन्त्रमा चाहिँ बीजाक्षरको उच्चारण नगरी सृष्टिक्रम अनुसार पूजाका उपचार चढाइन्छ। जस्तैः १. ॐ वज्रपुष्पे हूँ स्वाहा। २. ॐ वज्रधूपे हूँ स्वाहा। ३. ॐ वज्रालोके हूँ स्वाहा। ४. ॐ वज्रगन्धे हूँ स्वाहा। ५. ॐ वज्रनैवेद्ये हूँ स्वाहा।

यसमा पहिले जलतत्त्वात्मक नैवेद्य चढाएर त्यसपछि पृथ्वीतत्त्वात्मक गन्ध (चन्दन) चढाउनु पर्ने थियो तर पछिका बौद्धाचार्यहरूले अन्तिममा नैवेद्य चढाउनुपर्छ भनेर पृथ्वीतत्त्वलाई अगाडि र जलतत्त्वलाई पछाडि पारेर क्रम भङ्ग गरिदिए। त्यसकारण सृष्टिक्रमको क्रमानुसार पहिले जलतत्त्व र पछि पृथ्वीतत्त्व चढाउनु पर्छ।

तन्त्रको चरम विकास भएपछि पञ्चमकारको प्रयोग गर्ने विधानको विकास भयो, जस्तै–

क्र.सं.	तत्त्व	उपचार	पञ्चमकार
१	पृथ्वी	गन्ध	मांस
२	जल	नैवेद्य	मत्स्य
३	तेज	दीप	मद्य
४	वायु	धूप	मुद्रा
५	आकाश	पुष्प	मैथुन

प्रत्यक्ष रूपमा मांसको–मांस, मत्स्यको–मत्स्य, मद्यको–मद्य र मुद्राको रूपमा प्वाल परेको कालो मासको बारा र मैथुनको रूपमा करिबरको फूलमा श्रीखण्डचन्दन र अपराजिता पुष्पमा रक्तचन्दनको लेप लगाएर चढाउने विधान छ। करवीर पुष्पको केशरलाई लिङ्गको प्रतीक र अपराजिता पुष्पलाई योनीको प्रतीक मानिन्छ। यसै गरी श्रीखण्डचन्दनलाई 'वीर्य' र रक्तचन्दनलाई 'रज' को प्रतीक मानिन्छ। कालान्तरमा तान्त्रिक उपासनामा पनि सुधार र संशोधन ल्याएर पञ्चमकारको अनुकल्प प्रयोग गर्ने विधानको विकास भयो।

४. पञ्चमकारको भौतिक व्याख्या

भौतिकवादी व्याख्याताहरूले पञ्चमकारमध्ये तीनवटालाई मुख्य मानेका छन्।

४.१ मद्य

तान्त्रिक साहित्यमा मद्य, मधु वा सुराको जुन अर्थ र प्रयोजन देखिन्छ त्यही अर्थ र प्रयोजन वैदिक साहित्यमा सोमको रहेको छ। तान्त्रिक साहित्यमा मद्य, मधु र सुरा तीनवटै द्रव्यलाई मादक द्रव्यको अर्थमा पर्यायका रूपमा प्रयोग गरिएको छ। सुरालाई मेरूतन्त्रमा लक्ष्मीकी बहिनी मानिएको छ।

इयं सुरा मे भगिनी तत्प्रधानं तु पूजनम्।
ये करिष्यन्ति देवस्य स देवो मोदमेष्यति॥ – मेरूतन्त्र।

सुखद मन्थनका क्रममा सुराको उत्पत्ति भएको वर्णन पुराणहरूमा पाइन्छ। सोही सुरालाई शोधन गरी सुधा (अमृत) पूजामा प्रयोग गर्ने विधान तन्त्रहरूमा पाइन्छ। सुरालाई लक्ष्मीकी बहिनी मान्नुको लाक्षणिक अर्थ के हुन सक्छ भने आदिम समाजमा मद्य वा सुरालाई धनसम्पत्तिको कारक मानिन्थ्यो। आदिम संस्कृति र परम्परालाई अहिलेसम्म पनि जीवित राखेको कतिपय जनजातीय समाजमा मद्यलाई कृषि उत्पादनमा वृद्धि ल्याउने वस्तुका रूपमा प्रयोग गर्ने गरेको प्रशस्त उदाहरणहरू समाजशास्त्री डब्लु क्रुकले आफ्नो पुस्तक 'पपुलर रिलिजन एण्ड

फोकलोर अफ् नर्दन इण्डिया' नामक पुस्तकमा दिएका छन् (ऋुक, १८९६: १००, ११९, १२७, १३३, १७१, ४२२)। वैदिक साहित्यमा सोमलाई शोधपूर्वक पान गर्ने द्रव्य मानिएको छ। उदाहरणका लागि सामवेदको एउटा मन्त्रलाई लिन सकिन्छ जहाँ इन्द्रको पानका लागि सोमलाई शोधन गर्न ऋत्विजहरूलाई आह्वान गरिएको छ – "पवीतारः पुनीतसोममिन्द्रायपानवे" अर्थात् हे सोमलाई शोधन गर्ने ऋत्विजहरू हो ! इन्द्रको पानका लागि सोमलाई शोधन गर्नुहोस् (सामवेद,(७।२।४)२०६६; १४)। तान्त्रिक साहित्यमा पनि मद्य वा सुरालाई शोधन गरी त्यसलाई अमृतीकरण गरेर मात्र पूजामा प्रयोग गर्ने र त्यसको सेवन गर्ने विधान पाइन्छ। आयुर्वेदमा पनि शोधन गरिएको आसव (मद्य वा सुरा) स्वास्थ्यका लागि अत्यन्त लाभप्रद मानिन्छ। यिनै विविध कारणहरूले पनि मद्यको प्रयोगलाई तन्त्रले स्वीकारेको स्पष्ट हुन्छ।

४.२ मांस

तन्त्रमा पितृयज्ञ तथा देवयज्ञमा आवश्यक मांसको प्रयोगका लागि गरिने हिंसालाई वैध मानिएको छ तर आफ्नो तृप्तिलाई गरिने प्राणीहरूको हिंसालाई भने तन्त्रले अनुमति दिएको छैन (कुलार्णवतन्त्र ५।४५)। यस आचारमा बायाँ हातले जप, पूजा, होम आदि गरिन्छ र तत्त्वतर्पण चाहिँ दायाँ हातले गरिन्छ। वाममार्ग वीराचार भित्र पर्दछ। स्मृति आदि शास्त्र र लोकले निषेध गरेको आचरण गर्नसक्ने हुनाले वीराचार भनिएको हो। तन्त्र अनुसार मद्य, मांस, मत्स्य प्रशस्त पाइने र मातृसत्तात्मक व्यवस्था भएको स्थानमा वाममार्ग फलदायी हुन्छ। कौल, वाम, चीन, सिद्धान्ती र शावर गरी वाममार्गका पाँच भेद छन्। ती मध्ये कौल उत्तम हो, भने शावर चाहिं अधम हो भन्ने मेरुतन्त्रको भनाइ छ (मेरूतन्त्र, १।६०...)। शाक्ताचार पनि यसै अन्तर्गत पर्दछ। शक्तिवाहक अन्य देवी–देवताको चिन्तन गर्दै गर्ने, आफ्नी शक्तिसहित भएर पञ्चमयागको विधानबाट पञ्चमकारले शक्तिको पूजा गर्ने शाक्तको आचार नै शाक्ताचार हो। महाकालसंहिताले शाक्ताचार अन्तर्गत चार आचार र तदनुरूप चार सम्प्रदायको उल्लेख गरेको छ – (१) कापालिक (२) दिगम्बर (३) मौलेय (४) भाण्डिकेर। दक्षमार्गीका लागि वाममार्ग र वाममार्गीका लागि दक्षमार्ग निषिद्ध मानिएको छ। वाममार्गीले पनि दक्षमार्गको अनुशरण गरेमा देवताले विघ्न पार्दछन् र त्यस्ताले सिद्धि प्राप्त गर्दैन भन्ने मेरूतन्त्रको वचन छ (मेरूतन्त्र १।६३–६५...)। अतः आ–आफ्नो कुलपरम्परा बुझेर मात्र कुनै एक मार्गको अवलम्बन गर्नुपर्दछ।

४.३ मैथुन

सन्ततिविस्तार र जगदानन्दको अनुभूतिका लागि मैथुनको आवश्यकतालाई वेद तथा तन्त्र दुबैले समान महत्त्व दिएको देखिन्छ। वास्तवमा मैथुन सृष्टिक्रमलाई धारावाहिक रूपमा सञ्चालन गर्ने नियतिको प्रेरक तत्त्व र जीवनधारक तत्त्व हो। बृहदाख्यकोपनिषद्ले स्त्री र पुरुषको एकअर्का प्रतीको आकर्षण र तज्जन्य मैथुनको आवश्यकतालाई यसरी औंल्याएको छ –

'स वै नैव रेमे तस्मादेकाकी न रमते स द्वितीयमैच्छत् स हैतावानास यथा स्त्रीपुमांसौ संपरिष्वक्तौ स इममेवात्मानं द्वेधा पातयात्ततः पतिश्च पत्नी चाभवतां तस्मादिदमर्धबृगलमिव स्व इति ह स्माह याज्ञवल्क्यस्तस्मादयमाकाशः स्त्रिया पूर्यत एव तां समभवत्तातो मनुष्या अजायन्त (बृहदाख्यकोपनिषद् १।४।३...)।' अर्थात् ऊ एक्लो हुँदा रमाएन एक्लो हुँदा कोही पनि रमाउँदैन, त्यसैले उसले दोस्रो व्यक्तिको इच्छा गऱ्यो र उसले एकअर्काको अँगालोमा कसिएका स्त्री पुरुषको जत्रो आकार लिए पनि आफूलाई स्त्री र पुरुष रूप दुई भागमा बाँडेर लोग्नेस्वास्नी बन्यो र ती दुबैको मैथुनबाट मनुष्यहरू जन्मे।

Raj Kishore

संसारमा स्त्री र पुरुष अर्थात् भाले र पोथीको मैथुनबाट नै सम्पूर्ण प्राणीहरूको उत्पत्ति भएको देखिन्छ र हरेक प्राणीमा स्त्री पुरुषप्रति परस्पर आकर्षण र मैथुनको प्रवृत्ति समान देखिन्छ। अतः मैथुनको सार्वभौम आवश्यकतालाई महसुस गरी वेदले यसलाई कामयज्ञको रूपमा प्रस्तुत गरेको छ भने तन्त्रले साधनाको उच्चतम साधन मानेको छ। मैथुन क्रियालाई वाजपेय यज्ञसँग तुलना गर्दै यसको प्रशंसामा बृहदारण्यकोपनिषद्‌मा भनिएको छ -

"तस्या वेदिरूपस्थो लोमानि बर्हिश्चर्माधिषवणे समिद्धो मध्यतस्तौ मुष्कौ स यावान् ह वै वाजपेयेन यजमानस्य लोको भवति तावानस्य लोको भवति य एवं विद्वानधोपहासं चरत्यासां स्त्रीणां सुकृतं वृङ्क्तेऽथ य इदमविद्वानधोपहासं चरत्यस्य स्त्रियः सुकृतं बृञ्जते (बृहदारण्यकोपनिषद् ६।४।३...)।" अर्थात् स्त्रीको योनी वेदी हो, योनीमा उम्रिएका रौंहरू कुश हुन्, योनीको पार्श्वभागमा उठेको छाला अधिषवण नामक सोम निचोर्ने फल्याक हो, योनीको मध्यभाग अग्नि हो, वाजपेय यज्ञले यज्ञमानलाई जति फल प्राप्त हुन्छ त्यति मैथुन विज्ञान जान्नेको मैथुन क्रियाले हुन्छ। जसले मैथुन विज्ञानलाई राम्ररी जानेर मैथुन गर्दछ त्यसले स्त्रीको पुण्यलाई आफूतिर खिच्दछ भने जसले मैथुनविज्ञानलाई नजानीकन मैथुन गर्दछ त्यसको पुण्य स्त्रीले खिच्दछे। यसबाट ज्ञानपूर्वक गरिने मैथुनले पुण्यवृद्धि हुने धारणा वेदमा रहेको स्पष्ट हुन्छ।

यहाँनेर के कुरा स्मरणीय छ भने तन्त्रले सांसारिक क्रियाकलापलाई निषेध गर्दैन। अतः सृष्टिप्रक्रियाको निरन्तरताका लागि आवश्यक मैथुनलाई तन्त्रले अत्यन्त ठूलो महत्त्व दिएको छ। तन्त्रले मैथुनलाई सन्तति विस्तारका लागि आवश्यक क्रियाका रूपमा मात्रै होइन जगदानन्दको अनुभूतिका लागि साधनाकै रूपमा उच्चतम स्थान दिएको छ। तन्त्रले आद्ययागका रूपमा मैथुनलाई जगदानन्दको अनुभूतिका लागि साधनाका रूपमा उपयोग गर्ने मार्ग देखाएको छ।

५. पञ्चमकारको आध्यात्मिक व्याख्या

यो कौलमार्ग अथवा वाममार्गमा आउने पञ्चमकार-मद्य, मांस, मत्स्य (मीन), मुद्रा र मैथुनका वाच्यार्थ शिष्य पुरुषहरूको मनमा घृणा उत्पन्न गराउने वाला जानिन्छन् तर धेरै विचार गर्दा ज्ञात हुन्छ कि जुन कौलमार्गमा वेद विरुद्ध, निन्द्य आचारको लेशमात्र सम्म छैन। उसमा रहेका पञ्चमकार ग्रहणीय कसरी हुन सम्भव छ ? पूज्यपाद प्रातःस्मरणीय तारातीर्थद्वारा संग्रहित "तन्त्र-तत्त्व-प्रकाश" नामको निबन्धमा यस विषयमा सप्रमाण स्पष्ट गरिएको छ (रविशङ्कर, २०६५:२७४-२७५)। जस्तैः

५.१ मद्यः

ब्रह्मस्थानसरोजपात्रलसिता ब्रह्माण्डतृप्तिप्रदा,
या शुभ्रांशुकलासुधाविगलिता सा पानयोग्या सुरा।
सा हाला पिवतामधर्वफलदा श्रीदिव्यमावाश्रिता,
मायित्वा मुनयः परार्थकुशला निर्वाणयुक्ति गताः॥ (रविशङ्कर, २०६५:२७४)।

अर्थात् : ब्रह्मरन्ध्रमा रहेको सहस्रारपद्मचक्रमा सुशोभित भएर रहेको समस्त ब्रह्माण्डलाई तृप्त गर्ने जुन शुभ्रश्वेत चन्द्रमाको कलाबाट तप्प-तप्प चुहिरहेको अमृतरूपी सुरा छ त्यही नै पिउन योग्य मदिरा हो, लौकिक मदिरा विष समान रहेको छ जसलाई पिउँदा अनर्थ फलको भागी बनिन्छ। दिव्यभावमा रही सहस्रारचक्रमा शिवशक्ति संयोगबाट उत्पन्न हुने अमृतको पान गरेर परमपुरूषार्थ प्राप्तिमा कुशल मुनिगणहरूले निर्वाण पद प्राप्त गरे।

५.२ मांसः

कामक्रोधसुलोभमोहपशुकांश्छित्वा विवेकासिना,
मांसं निर्विषयं परात्मसुखदं खादन्ति तेषां बुधाः ।
ते विज्ञानपरा धरातलसुरास्ते पुण्यवन्तो नरा,
नाश्नियात्पशुमांसमात्मविमतेर्हिंसापरं सज्जनः ॥ (रविशङ्कर, २०६५:२७४) ।

अर्थात् : काम, क्रोध, लोभ, मोहरूपी पशुहरूलाई विवेकरूपी खड्गले काटेर विद्वान्जनहरू तिनीहरूको निर्विषयरूप परम सुखप्रद मासुको भक्षण गर्दछन् अर्थात् काम, क्रोध, लोभ, मोह नै पशु हो जसलाई वास्तविक योगी पुरुषहरू विवेकरूपी (ज्ञानरूपी) खड्गले काट्छन् र आफूलाई निर्विषय बनाउँछन्। ती पुण्यवान्, पृथ्वीका देवता, वास्तविक ज्ञानलाई जान्ने योगीहरू हुन्। त्यसैले सज्जन पुरुषले आफ्ना तृप्तिका लागि हिंसा गरेर लौकिक पशुको मासु नखाओस्।

५.३ मीन/मत्स्यः

अहङ्कारो दम्भो मदपिशुनतामत्सरद्विषः,
षडेतान्मीनान् वै विषयहरजालेन विधृतान्।
पचन् सविद्याग्नौ नियमितकृतिर्धीवरकृतिः,
सदा खादेत्सर्वान्न च जलचराणां तु पिशितम्॥ (रविशङ्कर, २०६५:२७४)।

अर्थात् : अहङ्कार, दम्भ, मद, क्रोध, मत्सर, द्वेष यी छ दुर्भावहरू नै वास्तविक मत्स्य हुन्, त्यसैले यिनलाई विषयको हरण गर्ने जालले पक्रेर सद्विद्यारूपी अग्निमा पकाएर सधैँ माथि उल्लिखित छ प्रकारका माछालाई पक्रिने मछुवारा बनी तिनलाई खाओस् अर्थात् अहङ्कार आदि दुर्भावनारूपी माछालाई विषयको हरण गर्ने जालले समातेर त्यसलाई सद्विद्यारूपी आगोमा पकाएर नित्य खाओस् न कि पानीमा बस्ने माछालाई ।

५.४ मुद्राः

आशातृष्णाजुगुप्साभयविशदघृणामानलज्जाप्रकोपाः,
ब्रह्नाग्नावष्ट मुद्राः परसुकृतिजनः पाच्यमाना समन्तात्।
नित्यं सम्भक्षयेत्तानवहितमनसा दिव्यभावानुरागी,
योद्रसौ ब्रह्माण्डभाण्डे पशुपतिविमुखो रुद्रतुल्यो महात्मा॥ (रविशङ्कर, २०६५:२७४)।

अर्थात् : आशा, तृष्णा, निन्दा, भय, घृणा, मान, लज्जा, रिस, यी आठवटा मुद्रालाई ब्रह्मरूपी अग्निमा पकाएर परोपकारी दिव्य भावप्रति अनुराग भएको, पशुहिंसाबाट विमुख, महात्मा, रुद्रसमान त्यस्तो व्यक्तिले मनमा कुनै रागद्वेष नराखीकन नित्य भोग गरोस्।

५.५ मैथुनः

या नाडी सूक्ष्मरूपा परमपदगता सेवनीया सुषुम्णा,
सा कान्तालिङ्गनार्हा, न मनुजरमणी सुन्दरी वारयोषित्।
कुर्याच्चन्द्रार्कयोगे युगपवनगते मैथुनं नैव योनौ,
योगीन्द्रो विश्ववन्द्यः सुखमयभवने तां परिष्वज्य नित्यम्॥ (रविशङ्कर, २०६५:२७४) ।

अर्थात् : मूलाधारदेखि सहस्रारसम्म पुगेको सूक्ष्मरूप जुन सुषुम्णा नाडी छ वास्तवमा त्यही सोम, सूर्य र अग्निको समष्टिस्वरूप सुषुम्णा नाडी नै आलिङ्गन गर्न योग्य, सेवन गर्न योग्य कान्ता हो न कि कुनै वीराङ्गना वा सुन्दरी युवती। चन्द्र र सूर्यरूप इडा र पिङ्गला नाडीको संयोगमा प्राण र अपानरूप वायुको संयोगमा मैथुन गर्नु न कि मांसल योनीमा। त्यसैले इडा र पिङ्गला नाडीका माध्यमबाट प्राण र अपानरूप वायुलाई सुषुम्णा नाडीमा प्रवेश गराई सुषुम्णा नाडीरूप सुखमय भवनमा रमण गर्नु नै वास्तविक मैथुन हो, जसले नित्य यस्तो कृत्य गर्दछ त्यो महान् योगी हो र त्यो नै विश्वले वन्दना गर्न योग्य हुन्छ।

त्यस्तै शास्त्रहरूमा पञ्चमकारका अरू पनि लक्षण पाइन्छन्, जसमा केही यस प्रकार छन् –

मद्यः– "यदुक्तं परमं ब्रह्म निर्विकारं निरञ्जनम्।
तस्मिन् प्रमदनज्ञानं तन्मद्यं परिकीर्तितम्॥"

अर्थात् : निर्विकार, निरञ्जन परब्रह्मका विषयमा योगसाधनाद्वारा जुन प्रमद ज्ञान उत्पन्न हुन्छ, त्यसैलाई नै मद्य भन्दछन्।

मांस– "मांशब्दाद्रसना ज्ञेया तदंशान् रसनाप्रिये।
सदा यो भक्षयेद्देवि स एवं मांससाधकः॥"

अर्थात् : हे रसनाप्रिये ! आमा (माता) रसना शब्दको नामान्तर हो वाक्य उसको अंश हो। जसले सदा–सर्वदा त्यो वाक्यलाई भक्षण गर्दछ अर्थात् जो वाक्संयमी मौनी योगी हो, त्यही वास्तवमा मांससाधक हो।

अथवा– "मां सनोति हि मत्कर्म तन्मांसं परिकीर्तितम्।
न च कामप्रतीकं तु योगिभिर्मांसमुच्यते॥"

अर्थात् : जो मनुष्यले आफ्ना सम्पूर्ण सत्कर्महरूलाई निष्कल परब्रह्ममा समर्पण गरिदिन्छ, त्यो कर्म समर्पणको नाम नै मांस हो।

मत्स्यः "गङ्गायमुनयोर्मध्ये मत्स्यौ द्वौ चरतः सदा।
तौ मत्स्यौ भक्षयेद् यस्तु स भवेन्मत्स्यसाधकः॥"

अर्थात् : गंगा र यमुनाको भित्र सधैँ नै दुई मत्स्य विचरण गरिरहन्छन्; जुन मानव ती दुबै मत्स्यलाई भक्षण गर्दछ उसको नाम मत्स्यसाधक हो। गङ्गा र यमुना शरीरस्थ ईडा र पिङ्गला नाडीको नाम हो र यिनमा निरन्तर वहने श्वास–प्रश्वास नै दुई मत्स्य हुन्। जो मानिस प्राणायामद्वारा यी श्वास–प्रश्वासलाई रोकेर कुम्भक गर्दछ त्यो नै यथार्थमा मत्स्यसाधक हो।

अथवा "मत्समानं सर्वमूलं सुखदुःखमिदं प्रिये।
इति यत्सात्त्विकं ज्ञानं तन्मत्स्यः परिकीर्तित॥"

अर्थात् : सबै दुःखहरूमा म जस्तै सुख दुःखमा समान रहनु पर्दछ। यो सात्विक ज्ञान नै मत्स्य हो।

मुद्राः– "सहस्रारे महापद्मे कर्णिकामुदितश्चरेत्।
आत्मा तत्रैव देवेशि केवलः पारदो॥
सूर्यकोटिप्रतीकाशः चन्द्रकोटिसुशीतलः।
अतीव कमनीयश्च महाकुण्डलिनीयुतः॥
यस्म ज्ञानोदयस्तत्र मुद्रासाधक उच्यते॥"

अर्थात् : हे देवेशि ! सहस्रदल महापद्ममा मुद्रित कर्णिकाभित्र पारद जस्तै आत्माको निवास छ।

यद्यपि त्यसको तेज करोडौँ सूर्यसमान छ, परन्तु स्निग्धतामा ऊ करोडौँ चन्द्रसमान छ। त्यो परमपदार्थ अत्यन्त मनोहर तथा कुण्डलिनी शक्ति समन्वित छ। जसभित्र त्यो ज्ञानको उदय हुन्छ। त्यही यथार्थमा मुद्रा साधक हो।

अथवा– "सत्सङ्गेन भवेन्मुक्तिरसत्सङ्गेषु बन्धनम्।
असत्यसङ्गमुद्रणं यत्रु तन्मुद्रा परिकीर्तिता॥"

अर्थात् : सत्सङ्गबाट मुक्ति र कुसत्सङ्गबाट बन्धन हुन्छ। यो कुरालाई बुझेर कुसत्सङ्गको त्याग गर्ने काम नै मुद्रा हो।

मैथुनः– "रेफस्तु कुङ्कमाभासकुण्डमध्ये व्यवस्थितः।
मकारश्च विन्दुरूपः महायोनौ स्थितःप्रिये॥
अकारहंसमारूह्य एकता च सदा भवेत्।
तदा जातो महानन्दो ब्रह्मज्ञानं सुदुर्लभम्॥"

अर्थात् : रेफ कुंकुमवर्ण कुण्डकको भित्र रहन्छ। मकार विन्दुरूप महायोनीमा रहन्छ। अकाररूपी हंसको आश्रय लिनाले जब ती दुबैको एकत्व हुन्छ तब सुदुर्लभ ब्रह्मज्ञानको प्राप्ति हुन्छ। जो सज्जनले यस प्रकारको मैथुन गर्दछ त्यो नै मैथुन साधक हो।

अथवा– कुलकुण्डलिनी शक्तिः देहिना देहधारिणी।
यथा शिवस्य संयोगो मैथुनं परिकीर्तितम्॥

अर्थात् : प्रत्येक देहीको देहमा कुलकुण्डलिनी शक्ति छ। त्यसलाई शिवसित संयुक्त गर्ने नाम नै मैथुन हो (रविशङ्कर, २०६५:२७४)।

पञ्चमकारको वर्णन आध्यात्मिक भावले आउँदछ।

जस्तै– "मद्यं मांसं च मीनं च मुद्रा मैथुनमेव च।
मकारपञ्चकं प्राहुर्योगिनां मुक्तिदायकम्॥"

अर्थात् : मद्य, मांस, मीन, मुद्रा र मैथुन–यी पाँच आध्यात्मिक मकार नै योगीहरूलाई मोक्ष दिने तत्त्व हुन्।

मद्यः– "व्योमपङ्कजनिष्यन्दसुधापानरतो भवेत्।
मद्यपानमिदं प्रोक्तमितरे मद्यपायिनः॥"

अर्थात् : ब्रह्मरन्ध्र सहस्रदलबाट जो स्रावित हुन्छ त्यसलाई सुधा (अमृत) भनिन्छ। कुलकुण्डलिनीद्वारा नै योगीहरूले उसको पान गर्दछन्। यसैको नाम मद्यपान हो। यसका अतिरिक्त अरू पिउने व्यक्ति मद्यपायी हो।

त्यस्तै– "ब्रह्मस्थानसरोजपात्रलसिता ब्रह्माण्डतृप्तिप्रदा।
या शुभ्रांशुकलासुधाविगलिता सा पानयोग्या सुरा॥" (तारापुर, २०६५:१६८)।

अर्थात् : ब्रह्मरन्ध्रको सहस्रार–कमलरूपी पात्रबाट जुन ब्रह्माण्डलाई तृप्ति गर्नेवाला विशुद्ध सुधाधारा बहन्छ त्यो नै पिउन योग्य मदिरा हो।

मांसः– "पुण्यापुण्यपशुं हत्वा ज्ञानखड्गेन योगवित्।
परं लयं नयेत् चित्तं मांसाशी स निगद्यते॥"

अर्थात् : पुण्य–पापरूपी पशुलाई ज्ञानरूपी खड्गले मानेर जुन योगीले मनलाई ब्रह्ममा लीन गर्दछ त्यही मांसाशी (मांसहारी) हो।

त्यस्तै – "कामक्रोधौ पशू तुल्यौ बलिं दत्त्वा जपं चरेत्।

Raj Kishore

× × ×

कामक्रोधसुलोभमोहपशुकांश्छित्त्वा विवेकासिना ।

मांसं निर्विषयं परात्मसुखदं भुञ्जन्ति तेषां बुधाः। (तारापुर, २०६५:१६८) ।

अर्थात् : विवेकी मानिस काम, क्रोध, लोभ र मोहरूपी पशुहरूलाई विवेकरूपी तरवारले काटेर अरू प्राणीहरूलाई सुख दिनेवाला निर्विषयरूपी मांसको भक्षण गर्दछ।

त्यस्तै- "मानसादीन्द्रियगणं संयम्यात्मनि योजयेत् ।

स मीनाशी भवेद्देवि इतरे प्राणीहिंसकाः ॥" (तारापुर, २०६५:१६९) ।

अर्थात् : मन आदि सबै इन्द्रियहरूलाई वशमा गरी आत्मामा लगाउने वालालाई नै मीनाशी भनिन्छ । अरूहरू त जीव हिंसक हुन् ।

सात्विक, राजस र तामस भेदले यो वाममार्ग तीन प्रकारको छ। जस्तैः-

"यदुक्तं ते मया तन्त्रं त्रिविधं त्रिगुणात्मकम् ।

सात्त्विकं तत्र सम्प्रोक्तं राजसञ्चापि कुत्रचित् ॥

तामसञ्चापि सम्प्रोक्तं धीमांस्तस्मात्समुद्धरेत् ॥"

अर्थात् : शिवजीले भन्नुहुन्छ मैले तीन गुणले युक्त तीन प्रकारका तन्त्रहरूको रचना गरेको छु। तिनमा - सात्विक, राजस र तामस तीनै प्रकारका समावेश छन्। बुद्धिमान् आफ्नो अधिकार अनुसार पालन गरून्। फेरि यी प्रत्येकका पाँच-पाँच भेद छन्। जस्तै -

कौलिको गुष्ठतां प्राप्तो वामः स्यात्तर्जनीसमः ।

चीनः क्रमो मध्यमः स्यात् सिद्धान्ती योऽवरो भवेत् ॥

कनिष्ठः शावरो मार्ग इति वामस्तु पञ्चथा ॥(तारापुर, २०६५:१६९) ।

अर्थात् : कौलिक, वाम, चीन, सिद्धान्त र शावर गरी यी वामका त्यस्तै पाँच भेद हुन् जस्तै एकै हातमा साना-ठूला पाँच औँलाहरू हुन्छन् । यसमा अङ्गुष्ठ (बूढी औलो) कौल हो । (कुले भवः कौलः) कुलमा हुने वालालाई कौल भनिन्छ। जस्तै -

"कुलं गोत्रमिति ख्यातं तच्च शक्तिशिवोद्भवम् ।

यो न मोक्षमिति ज्ञानं कौलिकःपरिकीर्तितः ॥"

अर्थात् : कुल गोत्रको नाम हो। गोत्र शिव-शक्तिबाट उत्पन्न हुन्छ। शिव-शक्तिमा भेदरहित ज्ञान राख्ने मनुष्य कौल हो। त्यस्तै-"ब्रह्मणि ब्रह्मशक्तौ च भेदोऽभेद इतीरितः।"

त्यस्तै- शक्तिश्च शक्तिमद्रूपाद् व्यतिरेकं न वाञ्छति ।

तादात्म्यमनयोर्नित्यं वन्हिदाहिकयोरिव ॥

शक्तिशक्तिमतोर्यद्वदभेदः सर्वदा स्थितः ।

अतस्तद्धर्मधर्मित्वान् पराशक्तिः परात्मनः ॥

न वह्नेर्दाहिका शक्तिर्व्यतिरिक्ता विभाव्यते ।

केवलं ज्ञानसत्तायां प्रारम्भोद्रयं प्रवेशने ॥

शक्त्यवस्थाप्रविष्टस्य निर्विभागृन भावना ।

तदासौ शिवरूपः स्याच्छैवीमुखमिहोच्यते ॥" (तारापुर, २०६५:१६९) ।

उत्तम, मध्यम र अनिष्ठ (अधम) गरी यी कौलका पनि तीन भेद छन्। जस्तै –

अगम्यागमनं चैव धूर्तमुन्मत्तवञ्चकम्।

अनृतं पापगोष्ठीं च वर्जयेत् कौलिकोत्तमः ॥

अर्थात् : अगम्यागम्य, धूर्त, उन्मत्त, चुक्लीखोर, झूट र पापयुक्त कुराकानीलाई उत्तम कौलले त्याग्नु पर्दछ।

दक्षवामक्रियामुक्तः कौलश्चोभयरूपतः। इत्यादि, चीनका पनि दुई भेद छन् –

निष्कलः सकलश्चेति चीनाचारो द्विधा मतः।

निष्कलो ब्राह्मणनाञ्च सकलो बुद्धिगोचर ॥

अर्थात् : सकल र निष्कलका भेदले चीनाचार दुई प्रकारको छ। ब्राह्मणहरूका लागि निष्कल चीनाचार हो भने बुद्धानुयायीहरूका लागि सकल चीनाचार हो।

६. पञ्चमकारको अनुकल्पः

पञ्चमकारको सट्टा अरू थोक नै चढाउने विधान पनि तन्त्र शास्त्रहरूमा उल्लेख छ। भावचूडामणितन्त्र र योगिनीतन्त्रमा पञ्चमकारको सट्टामा निम्नलिखित कुराहरू चढाउने विधान उल्लेख गरिएको छ। (ज.ब.रा; २०१८: ११३-११५, २०२-२०३)।

मद्य– नरिवलको पानी, खजुरको रस, गाईको दूध, सखखर र अदुवाको रस, काँसको भाँडामा राखिएको नरिवलको पानी आदिलाई मद्यको अनुकल्प मानिएको छ। नेपालमा चाहिं तामाको भाँडोमा राखिएको गाईको दूधलाई मद्य मानिने परम्परा छ।

मांस–नुन, अदुवा, लसुन, तिल आदिलाई मासुको अनुकल्प मानिएको छ। नेपालमा चाहिँ भट्ट (भट्टमास) आदि गेडा-गुडीहरूलाई विभिन्न पशुहरूको मासुको अनुकल्प मानिन्छ। जस्तै–रातो ठूलो भट्ट (भट्टमास)लाई राँगाको, कालो भट्ट (भट्टमास)लाई बोकाको, सेतो भट्ट (भट्टमास)लाई भेडाको अनुकल्प मानिन्छ।

मत्स्य– रातो मूला, भ्यान्य, पानीमा उब्जने फल र पोलेको अमला, हर्रो आदिलाई माछाको अनुकल्प मानिन्छ।

मुद्रा– नुन र पानी नहालीकन भुटेको अन्नलाई मुद्राको अनुकल्प मानिएको छ। नेपालमा चन्द्रमाको बिम्ब जस्तो गोलो सेतो चटामरीलाई उत्तम मुद्रा मानिन्छ।

मैथुन– योनीको जस्तो आकार भएको अपराजिता फूललाई कालीको योनी मान्नु, करवीरफूलको केशरलाई शिवको लिङ्ग मान्नु र रक्तचन्दनलाई कालीको रज एवं श्रीखण्डलाई शिवको वीर्य मानेर रक्तचन्दन र श्रीखण्डलाई अपराजिता र करवीर फूलमा लेपन गरेर त्यसैलाई भग-लिङ्गामृत मानेर देवीलाई चढाउने प्रक्रियालाई मैथुनको अनुकल्प मानिएको छ। (ज.ब.रा., २०२१: २८६-२८८)।

शक्तिको उपासना गर्दा पशुभावले उपासना गर्नेहरूका लागि प्रत्यक्ष पञ्चमकारको प्रयोग निषेध गरिएको छ र त्यसको लागि पञ्चमकारको अनुकल्पको विधान उल्लेख गरिएको छ। तर मांसाहारीहरूले चाहिं माछा र मासुको प्रत्यक्ष प्रयोग र अरू चिजको भने अनुकल्प गरी पूजा गर्दछन्। वीरभावबाट पूजा गर्नेहरूको लागि भने पञ्चमकारको प्रयोग अति फलदायी मानिएको छ। (ज.ब.रा; २०१८:११०-११५)।

पशुबलि दिने परम्परा भएकाहरूले देवीलाई नैवेद्य चढाइसकेपछि पशुयाग गरी बलि दिने विधान छ (ज.ब.रा; २०३२:५२)। पशुबलिका पनि विभिन्न अनुकल्पहरू छन्–राँगाको सट्टा कुभिण्डो, बोकाको सट्टा

Raj Kishore
नरिवल, भेंडाको सट्टा बेल, हाँसको सट्टा उखु, कुखुराको सट्टा काँक्रो अथवा घिरौंलो बलि दिने प्रचलन छ।

नेपालमा मुख्यतः वीरकल्प अनुसार तान्त्रिक उपासना गर्ने नेवारी परम्परामा बोकाको मासुको विकल्पमा (अनुकल्पमा) कालो भट्ट (भट्टमास) चढाइन्छ, किनभने बोकाको मासुमा पाइने प्रोटिन कालो भट्ट (भट्टमास)मा पाइन्छ। त्यसैगरी भेंडाको मासुको सट्टा सेतो भट्ट (भट्टमास) चढाइन्छ, किनभने भेंडाको मासुमा पाइने प्रोटिन सेतो भट्ट (भट्टमास) मा पाइन्छ र राँगाको मासुको सट्टा रातो भट्ट (भट्टमास) चढाइन्छ किनभने राँगाको मासुमा पाइने प्रोटिन रातो भट्ट (भट्टमास) मा पाइन्छ। माछाको सट्टा लसुन चढाइन्छ किनभने माछामा पाइने प्रोटिन लसुनमा पाइन्छ। मद्य (जाँड, रक्सी) को सट्टा अदुवा चढाइन्छ किनभने मद्य (जाँड, रक्सीमा पाइने ताप (Heat)अदुवामा पाइन्छ।

यसै गरी पञ्चबलिमा पनि विभिन्न पशुको सट्टा त्यसको अनुकल्प चढाउने विधान छ। जस्तै–

क्र.सं.	बलि	अनुकल्प
१	महिष (राँगो)	कुष्माण्ड (कुभिण्डो)
२	मेष (भेंडो)	बेल
३	छाग (बोको)	पाकेको नरिवल
४	हंस (हाँस)	उखु
५	कुक्कुट (कुखुरो)	काक्रो वा घिरौलो

७. पञ्चमकारको दार्शनिक व्याख्या

बौद्धदर्शनमा मूर्ति या चित्र रूप दिई अनक्षर निर्वाणमा प्राप्त भएका बुद्धलाई अक्षर ॐ कारबाट पञ्चरङ्ग विकसित भएको कल्पना गरी सोही पञ्चरङ्गमा उपरोक्त विभिन्न मुद्राका बुद्धहरू अर्थात् पञ्चबुद्ध र तारा तथा तारादेवीहरू खडा गरी प्रज्ञा र उपायलाई स्त्री र पुरुषको कल्पना गरी उठेर, बसेर आलिङ्गन समेत गरिरहेका बुद्ध, तारा, महाकाल, वज्रपाणि, वज्रधर, वज्रयोगिनी, महाकाली, संभोगकाय आदि गरिएका मूर्ति र चित्र खडा गरी त्यसैको उपासना, पूजा, स्तुति, अर्चना, पञ्चमकार अर्थात् मांस (मासु), मीन (माछा), मद्य (रक्सी), मुद्रा (अङ्गविन्यास), मैथुन (संभोग) र मुद्रालाई निर्वाण या महासुखको साधन ठानी घण्टी, वज्र, वाद्य, नृत्य, गीत कै उपासक भएर आए। जसबाट मूर्ति, चित्रकला, साहित्य र संगीतको विकास पनि अवश्य भयो (यमि, २०१९:२२२)।

पञ्चमकारको परोक्ष र अपरोक्ष अर्थ यहाँ दिइन्छ :–

मद्यं मांसं च मीनं च मुद्रा मैथुनमेवच।
एते पञ्चमकाराः स्युर्मोक्षदा हि युगेयुगे॥

मद्य (रक्सी), मांस (मासु), मीन (माछा), मुद्रा (कुनै भुटेको अन्न औ अङ्ग विन्यास), मैथुन (संभोग) यी पाँच प्रकारका 'म' बाट उठेका चीज युग–युगसम्म मोक्ष दिने हुन्। यसको गुह्य अर्थ यसरी तन्त्रग्रन्थहरूमा लेखिएको छ –

(१) मद्य – "व्योम पंकजनिस्पन्द सुधापानरतो नरः।
मधुपायी समः प्रोक्तः इतरे मद्यपायिनः॥" (कुलार्णवतन्त्र)।

अर्थात् : मस्तकको बीचमा त्यो गुप्त प्वाल छ जसबाट योगीहरूको प्राण निस्केपछि मोक्ष हुन्छ भन्दछन्, त्यस्तो प्वालमा स्थित जुन सहस्रदल कमल हो त्यसबाट चुहिने अमृत (सुधा) 'मद्य' हो।(यमि, २०१९:२२२-२२३)

(२) मांस- "पुण्यापुण्य पशुं हत्वा ज्ञानखड्गेन योगवित्।
परेलयं नयेत् चित्तं मांसाशी स निगद्यते ॥" (कुलार्णवतन्त्र)।

अर्थात् : जुन योगी वा साधक पाप-पुण्यरूपी पशुलाई ज्ञानरूपी खड्ग (तरबार)ले मारी चित्तलाई मोक्ष या निर्वाणमा लीन या विलय गर्दछ त्यसैलाई मांसाहारी भन्दछन् अथवा पुण्यापुण्य वा प्रपञ्चलाई ज्ञानको खड्गले मारेर प्राप्त हुने मांसलाई यहाँ मासु भनेको हो, कुनै पशुको मांस होइन (यमि,२०१९:२२३)।

(३) मीन- "गंगायमुनयोर्मध्ये मत्स्यौ द्वौ चरतः सदा।
तौ मत्स्यौ अक्षयेत् यस्तु स भवेत् मत्स्य साधक ॥ (आगमसार)

अर्थात् : शरीरको पीठ्यूँको ढाडबाट नाकसम्म निस्केको ईडा नाडी (नसो) र पिङ्गला नाडी (नसो) हठयोग एवं तन्त्र अनुसार शरीरका तीन प्रधान नसाहरू मध्ये एउटा नसो, यी दुबै नसालाई तान्त्रिक भाषाबाट गंगा र यमुना भनिन्छ। यी दुबैको संसर्गबाट बग्ने श्वास-प्रश्वासलाई रोकी कुम्भकद्वारा सुषुम्णामार्गमा प्राण-वायु सञ्चालन गर्ने जुन योगी हो, त्यो मत्स्यसाधक नै मीन भक्षक या माछा खाने हो, अथवा योग साधना गर्दा ईडा र पिङ्गलाको संयोगले बग्ने श्वास एवं प्रश्वास नै मीन या माछो हो। (यमि, २०१९:२२२-२४३)।

(४) मुद्रा- "सत्सङ्गेन भवेत् मुक्तिरसत्संगेषु बन्धनम्।
असत्सङ्ग मुद्रणं यत् सन् मुद्रा परिकीर्तितः ॥ (विजयतन्त्र)।

अर्थात् : सत्संगबाट मुक्ति हुन्छ, असत्संगतिबाट बन्धन। असत्संगतिलाई मुद्रण या दबाउनु अथवा छोड्नुको नाम मुद्रा हो। अर्थात् खराबसँगको संगत छोडी असलसित संगत गर्नुको अर्थ मुद्रा साधन हो (यमि, २०१९:२२४)।

(५) मैथुन- इडापिङ्गलयोः प्राणाम् सुषुम्नायां प्रवर्तयेत्।
सुषुम्ना शक्तिरूद्दिष्य जीवोद्रयन्तु परःशिव ॥
तयोस्तु संगमोदैवः सुरतं नामकीर्तितम् ॥ (मेरूतन्त्र)।

अर्थात् : सुषुम्णा र प्राणको समागमलाई तान्त्रिक भाषामा मैथुन भनिन्छ। स्त्री र पुरुषको संभोगबाट वीर्यपात हुन लाग्दा या हुँदा जुन आनन्द हुन्छ त्यो भन्दा सहस्रगुणा आनन्द सुषुम्णामा प्राणवायु स्थिर हुँदा हुन्छ। यसैलाई प्राकृत मैथुन भनिन्छ। स्त्री पुरुषको सहवास या संभोगलाई होइन। (यमि, २०१९:२२४)।

हामीले सत् अर्थलाई सत् अर्थकै रूपमा ग्रहण गर्नुपर्दछ। अनि तन्त्रयान र मन्त्रयानलाई केही भन्ने ठाउँ हुन्न। नत्र त हामीले अर्काको अगाडि ठाडो शिरसम्म लगाउन सक्ने छैनौं। त्यस्ता कुरालाई सही अर्थ नलगाएको खण्डमा तान्त्रिक त के स्वयं भगवान् बुद्ध पनि एकदम नराम्रोमा गनिनु पर्नेछ (यमि, २०१९:२२५)।

८. उपसंहार

उपर्युक्त रीतिबाट पञ्चमकारका आध्यात्मिक रहस्यको उद्घाटन गरी यसमाथि लागेको कलंकरूपी धूलोलाई पूर्णतः पखाल्ने काम पूजपाद श्रीस्वामी तारानन्द तीर्थले गरेका छन्। यसै गरी परमबन्दनीय, परमोपासक, विद्वच्चक्रचूडामणि श्रीभास्कर रायले पनि आफ्ना कौलोपनिषद् भाष्य, वरिवस्यारहस्य आदि ग्रन्थहरूमा पञ्चमकार र त्यसको वैज्ञानिक र धार्मिक दुबै पक्षमा श्रुति, स्मृति आदिका प्रमाणहरूद्वारा निकै सुन्दर तरिकाले पञ्चमकारका कारणले तन्त्रमार्गीहरूलाई लाग्ने गरेको अनावश्यक लाञ्छनाको सप्रमाण खण्डन गरी नियमशास्त्र (वेद) र आगमशास्त्र (तन्त्र) को वास्तविक यथार्थता प्रष्ट्याएका छन्। (रविशङ्कर, २०६५:२७५)।

Raj Kishore

सन्दर्भग्रन्थसूची

(१) आचार्य, श्रीललिताप्रसाद जी शास्त्री, ई. १९८७ श्रीयन्त्रको साधना, कल्याण,(शक्ति उपासना अङ्क) संख्या-१, पूर्णसंख्या-७२२, गोरखपुरः गीताप्रेस।

(२) कमलेश, सुशीला, ई. १९७२ शक्ति भाष्यका अध्ययन,वाराणसीःचौखम्बा संस्कृतसीरीज।

(३) कविराज, डा.गोपीनाथ, २०६५ तान्त्रिक वाङ्मय में शाक्त दृष्टि,पटनाः विहार राष्ट्रभाषापरिषद्।

(४) खेमका, राधेश्याम, २०४९ शिवोपासना और उनके विविध रूप, (पूजाके विविध उपचार) कल्याण, (शिवोपसनाङ्क), संख्या-१, पूर्णसंख्या-७९४, गोरखपुरः गीताप्रेस

(५) .... ई.१९८ भगवती पराम्वाकी षोडशोपचार मानस पूजा, कल्याण, (शक्ति उपासना अङ्क), संख्या १, पूर्णसंख्या ७२२, गोरखपुरःगीताप्रेस।

(६) गौड, पं. अशोक कुमार, ई.२००३ काली रहस्यम्, वाराणसीः चौखम्बा सुरभारती।

(७) ज.व.रा., धन शमशेर, २०१८ प्रबुद्धसनातन रहस्यम्, काठमाडौंः स्वयं लेखक।

(८) ...., २०२१ निगमागमनवैज्ञानिकसार, काठमाडौंःलेखक स्वयं।

(९) ...., २०३२ शारदीय दुर्गा पूजा पद्धति, काठमाडौंः ने.रा.प्र.प्र.।

(१०) ...., २०३६ कामकला रहस्यम्, काठमाडौंः ने.ए.अ.के.त्रि.वि.।

(११) ...., २०४६ कुलार्णव रहस्य, काठमाडौंः ने.रा.प्र.प्र.।

(१२) झा, डा. किशोरनाथ, (सं.) ई.१९९३ महाकालसंहिता(गुह्यकालीखण्ड)(प्रथम भाग), प्रयागःगंगानाथ झा केन्द्रीय संस्कृत विद्यापीठ।

(१३) तारापुर, श्रीस्वामी तारानन्दतीर्थजी, २०६५ वाममार्गका यथार्थ स्वरूप, कल्याण, (शक्ति-अङ्क) संख्या. १, पूर्णसंख्या९७, गोरखपुरः गीताप्रेस।

(१४) द्विवेदी, डा. श्यामकान्त, ई.२०१२ भारतीय शक्तिसाधना (स्वरूप एवं सिद्धान्त), वाराणसीः चौखम्बा सुरभारती।

(१५) भट्ट, विद्यानाथ उपाध्याय, २०६२ तन्त्रालोक, काठमाडौंः अन्नपूर्णा उपाध्याय भट्ट।

(१६) ...., २०६६ अक्षमाला तन्त्र, काठमाडौंः अन्नपूर्णा उपाध्याय भट्ट।

(१७) महाडा, श्रीनारायणदासजी, ई.१९८७ पञ्चमकार साधना रहस्य, कल्याण (शक्ति उपासना अङ्क) संख्या-१, पूर्णसंख्या ७२२, गोरखपुरःगतिप्रेस।

(१८) मालवीय, पं. रामरञ्जन, २०६२ कौलावलीनिर्णय, वाराणसीः चौखम्बा संस्कृत सीरीज।

(१९) मिश्र, डा.परमहंस, ई.२००२ कुलार्णवतन्त्र, वाराणसीः चौखम्बा सुरभारती प्रकाशन।

(२०) मेहता, नर्मदानन्द, ई.१९३४ शक्ति सम्बन्धी साहित्य, कल्याण,(शक्तिपरिशिष्यङ्क),वर्ष-९, पूर्णसंख्या ९८, गोरखपुरः गीताप्रेस)

(२१) 'यमि'; धर्मरत्न, २०१९ बौद्ध धर्मको रूपरेखा, ललितपुरः वासुदेव शर्मा।

(२२) रविशङ्कर, कवि श्रीदयाशङ्करजी, ई.१९८७ पञ्चमकार साधनाका रहस्य, कल्याण(शक्ति उपासना अङ्क), संख्या-१, पूर्णसंख्या-७२२, गोरखपुरः गीताप्रेस।

(२३) रविशङ्कर, कवि दयाशङ्कर, २०६५ पञ्चमकारका आध्यात्मिक रहस्य, कल्याण,(शक्ति अङ्क) संख्या-१, पूर्णसंख्या-९७, गोरखपुरः गीताप्रेस।

(२४) लुइँटेल, तिलकप्रसाद, (अनु.) २०६३ सामवेद, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार।

(२५) वाङ्गदेल, लैनसिंह, २०२९ प्राचीन नेपाली मूर्तिकलाको इतिहास, काठमाडौंः ने.रा.प्र.प्र.।

(२६) शर्मा, वासुदेव, ई.१९९० ईशाद्यष्टेत्तरशतोपनिषद्, वाराणसीःचौखम्बा सुरभारती प्रकाशन।

(२७) 'सन्यासी' आचार्य धनाञ्जय, ई.२०१२ काली किताब, दिल्लीः मनोज पब्लिकेशन।

नेपालका तान्त्रिक देवता र अष्टमातृका

✍ प्रेममान डंगोल

हाम्रो देश नेपाल देवभूमि, पूण्यभूमि र पवित्र धार्मिक भूमि हो। देवाधिदेव महादेव र पार्वतीबाट संरक्षित हुँदै आएको हाम्रो देश नेपाल जहाँबाट सर्वप्रथम ॐकारको उच्चारण गर्नु भई सृष्टिको शुरुवात गर्दै महादेवले शब्द ब्रह्मको उद्‌घोष गर्नु भएको थियो। महादेवको डमरुबाट निस्केको पहिलो ध्वनि ड्मड्म र शंखबाट निस्केको पहिलो शंखनाद नै शब्दक्रम ॐको व्यूत्पत्ति हो। त्यही शब्द ब्रह्म ॐबाट सिञ्चित, परिपालित एवं परिचालित यस देवभूमि, पूण्यभूमि नेपालमा देवाधिदेव महादेवले तन्त्र शक्तिको प्रादुर्भाव गर्नु भई कैयौं असुरहरुको संहार गर्नु भएको थियो भने महादेवकै अर्धाङ्गिनी आदिस्वरुपा महामाया शक्ति रुपिणी पार्वतीले पनि तान्त्रिक शक्तिबाटै कैयौं असुरहरुको संहार गर्नु भएको थियो। त्यसैले हाम्रो देशको काली तन्त्र र शिव तन्त्रको व्यापक रुपमा प्रचार प्रसार भई विश्व विख्यात भएको हो।

महादेव नै तन्त्रशास्त्रका आविष्कारक हुन्। महादेवसँग विभिन्न किसिमका आश्चर्य लाग्दा तन्त्रोक्त अस्त्रशस्त्र पनि छन। महादेवसँग बिनाश गर्ने, प्रहार गर्ने अनि बचाउने अस्त्रशस्त्रको भण्डार नै छ। महादेवसँग भएका जस्ता अस्त्रशस्त्र कुनै पनि देवतासँग अनि कुनै पनि लोक र कुनै पनि देशमा पनि छैन। अमेरिका, बेलायत, चीन, रुस र युरोपका कुनै वैज्ञानिकहरुले पनि त्यस्ता मन्त्र एवं तन्त्रयुक्त शक्ति भएको अस्त्रशस्त्र एउटा पनि बनाउन सकेका छैनन्।

पाँचहजार वर्ष अघि महाभारतकालमा पाण्डव र कौरवहरुको बीचमा भएको महासंग्राम, त्यस्तै राम र रावणको बीचमा भएको युद्धको वर्णनलाई हेर्ने हो भने ती युद्धहरुमा प्रयोग भएका ब्रह्मास्त्र, आग्नेयास्त्र, जम्मक, पार्जन्य, वायव्य, पशुपतास्त्र, ब्रह्म दण्ड जस्ता शक्तिशाली अस्त्रशस्त्र उल्लेखनीय रुपमा रहेका थिए। यी अस्त्रशस्त्रमा न कुनै पनि किसिमका यन्त्र जडान गरिएको हुन्छ न त कतै भण्डारण पनि गरिएको हुन्छ। यी देव्यास्त्र हुन्। यी दिव्य अस्त्रशस्त्र त मन्त्रको शक्तिले अर्थात् मन्त्र पढेर स्मरण गर्ने बित्तिकै प्रकट भई आउँछन्। यस्ता अस्त्रशस्त्र प्रयोग गर्दा आफ्ना शत्रुका सेनालाई तहस नहस पारी सखाप गरेर फर्केर आई वायु मण्डलमैं अलप हुन पुग्छ। यस्तो अस्त्रशस्त्रले आकाशवाट आगो, पानी, सर्प र तीर वर्षाउन सक्छ अर्थात् शत्रुलाई आक्रमण गर्न सक्छ। यस्ता अस्त्रशस्त्रले शत्रुका सेनामा भीषण आक्रमण गरेर चारैतिर हाहाकार मचाउन सक्छ, शत्रुका घोडा, हात्ती र रथलाई ध्वस्त पारेर बिनाशको ताण्डव नृत्य मच्चाइ दिन्छ। भीष्म, अर्जुन, कर्ण जस्ता पराक्रमी योद्धाहरुले मन्त्र शक्तिबाटै यस्ता दिव्यास्त्र प्राप्त गरेका थिए कि जुन अस्त्रका नाम लिनाले मात्र पनि सबै थर्कमान हुन्थे। तन्त्र मन्त्रका श्रोत स्वयं महादेवसँग भएका यस्ता शक्ति सम्पन्न मन्त्र, तन्त्र, दिव्यास्त्र, अमोघ अस्त्रशस्त्र सबै हेर्दा साँच्चै महादेव त एक ठूला तान्त्रिक एवं वैज्ञानिक नै हुन् भन्न सकिन्छ। महादेवसँग भएका यस्ता आश्चर्यजनक मन्त्र विज्ञान आजका भौतिक विज्ञानका वैज्ञानिकहरुले त कल्पना समेत गर्न सक्दैनन् भने पनि हुन्छ।

यस प्रकार तन्त्रको श्रोत नै भएको हामो देश नेपाल तान्त्रिकहरुको देश भने पनि हुन्छ। किनभने शिव

Raj Kishore

र काली तन्त्रको साधना गरेर नेपालका धेरै तान्त्रिकहरुले विभिन्न आश्चर्यजनक कृयाकलापहरु देखाएका उदाहरण थुप्रै भेटिन्छन् । नेपालका कतिपय वरिष्ठ तान्त्रिकहरु जस्तै शान्तिकर आचाजु, बन्धुदत्त आचाजु, जामनः गुभाःजु, लम्बकर्ण भट्ट जस्ता तान्त्रिकहरुले तन्त्रविधिको प्रयोगबाट विभिन्न देवी, देवताका स्थापना गरेर लोककल्याण गरेका थिए ।

अब प्रसिद्ध दक्षिणकाली माताको उत्पतिका विषयमा चर्चा गरौं । फर्पिङ्ग शहरको पश्चिम पट्टि रहेको डाँडा दक्षिणकाली उत्पति भएको डाँडाको नामले प्रसिद्ध रही आएको छ । यही डाँडाको बीचको थुम्कामा पहिले दक्षिणकालीको पीठ थियो भनिन्छ । यही थुम्कामा आफ्ना गण सहित दक्षिणकाली माता विचरण गर्थिन् भनिन्छ । यी देवी दक्षिणतर्फ भएकैले दक्षिणकाली भनिएको हो । दक्षिणीकी रुपमा रहेकी देवीले जंगलमा घाँस दाउरा लिन जाँदा वा भेंडाबाखा चराउन जाँदा फर्पिङवासीलाई एक्लै दोक्लै फेला पारेमा भक्षण गर्थिन् भन्ने भनाई पाइन्छ । डाँडामा रहेको दक्षिणकालीको पीठ जहाँ कुनै मूर्ति थिएन एउटा ठूलो ढुङ्गामा पूजा गरिन्थ्यो । त्यहाँ मानिसको बलि हुन थालेपछि तत्कालीन राजा प्रताप मल्लको आदेशले तान्त्रिक लम्बकर्ण भट्टले कालीको मूर्ति बनाएर प्राण प्रतिष्ठा गर्दा काली जागेर जाज्वल्यमान भई कालीको शक्ति थाम्नै सकिएन रे । त्यसपछि तान्त्रिक लम्बकर्ण भट्टले चामुण्डाको मूर्ति बनाएर डाँडाको फेदीमा स्थापना गरी डाँडा माथिको मूल पीठको ढुङ्गा घोप्टाई दिएको थियो रे । यसरी कालीको शक्तिलाई मत्थर पारिएको थियो रे । त्यसपछि माथि डाँडाको मूल पीठमा पूजा नगरेर डाँडाको फेदीमा स्थापना गरिएको चामुण्डाको मूर्तिमा दक्षिणकालीको पूजा गर्न थालिएको हो भनिन्छ । डाँडाको फेदीमा तल खोंचमा पर्ने दुई नदी उद्धारवती गंगा र पूर्णवती गंगाको दोभान र मसान घाटमा देवी चामुण्डाको मन्दिर रहेको छ भने दक्षिणकालीका नामले प्रख्यात देवीलाई तान्त्रिक लम्बकर्णले राँगा, हाँस, बोका, भेंडा र कुखुराको पञ्चबलि दिएका थिए भनिन्छ । त्यसपछि त्यहाँका मानिस सुरक्षित भए भनिन्छ । देवमाला वंशावलीमा श्री दक्षिणकाली माईको मूर्ति रहेको स्थान दक्षिण पट्टी पूर्णवती गंगा र उत्तर पट्टी उद्धारवती गंगा संगममा सहस्र बलि, नरबलि महापूजा कोट्याहुति यज्ञ गरेर प्रतिष्ठा कर्मको विधि पुऱ्याई वैशाख शुक्ल तृतीया (अक्षय तृतीया)का दिन स्थापना गरेको कुरा उल्लेख गरेको पाइन्छ ।

त्यतिबेलाका राजाहरु पनि धेरै नै धार्मिक एवं तन्त्रमा विश्वास गर्ने र देवी देवताका स्थापना पनि गर्दथे । कुनै कुनै राजाहरु त आफैले तान्त्रिक सिद्धि प्राप्त गर्दथे । हाम्रो वंशावलीमा भनिए झैँ महालक्ष्मीका साधक राजा गुणकामदेवलाई महालक्ष्मी अजिमाले सपनामा आई खड्ग आकारको देश बनाउन अऱ्हाएकी थिइन् । तब राजा गुणकामदेवले कलिगत संवत् ३९२५ मा महालक्ष्मी अजिमाकै खड्ग आकार आउने गरी कान्तिपुर नामक देश बनाए र १८००० अठार हजार धुर पनि निर्माण गरिदिए । यो खड्ग आकार भएको कान्तिपुरको परिधि कहाँदेखि कहाँसम्म छ भनि अध्ययन गरी हेर्दा वास्तवमा यहाँ स्थापना गरिराखेका बेला बेलामा पीठ पूजा गर्न जाँदा पर्ने अष्टमातृकाका स्थानहरुलाई धर्सो तानेर हेर्दा उत्तर तर्फ चुच्चो र दक्षिणतर्फ बीँड भएको खड्ग आकार प्रष्ट रुपमा देखिन्छ । त्यसैले हामीले राजा गुणकामदेवले बनाएको कान्तिपुरको परिधि यही हो भनि भन्न सक्छौं । त्यसपछि अष्टमातृका देवी अजिमाहरुको स्थान कहाँ कहाँ पर्छ भनि खोज्ने क्रममा रथी धन शमशेरले लेख्नु भएको 'काम कला रहस्य' नामक पुस्तकमा उल्लेख गरिए अनुसार र कायाष्टमी अर्थात् भाद्र शुक्ल अष्टमीका दिन पीठ पूजा गर्न जाने बेलामा परिक्रमा गरिने अष्टमातृका त्यस्तै पुरानो पाठ गर्ने थ्यासफू नामक पुस्तकमा लेखिराखेका अनुसार पनि अष्टमातृका देवीहरु यस प्रकार रहेका छन् । तीन धारा पाठशाला पछाडी स्थित पासिक्व अजिमा – ब्रह्माणी, २) सिंहदरबार अगाडि तर्फ रहेको लुँमढी अजिमा–भद्रकाली–माहेश्वरी, ३) आर्मी

Raj Kishore

हेडक्वाटर कम्पाउण्ड भित्र फिब्व अजिमा – कौमारी, ४) पचलीमा नै अजिमा – वैष्णवी, ५) विष्णुमति नदी किनारमा रहेका कंगः अजिमा अर्थात् कंकेश्वरी – वाराही, ६) त्यहाँबाट पनि उत्तरतर्फ विष्णुमतीकै किनारमा रहेका लुँति अजिमा – इन्द्राणी, ७) ठमेल स्थित थँबहि अजिमा – चामुण्डा, ८) अनि नारायणहिटी दरबारभित्र रहेका चन्द्रलखु अजिमा – महालक्ष्मी हुन्। यिनै आठ अजिमा देवीहरु चारैतिर खड्ग आकार आउने गरी स्थापना गरेर राजा गुणकामदेवले कान्तिपुर देश निर्माण गरेका हुन् । राजा गुणकामदेवले यसरी अष्टमातृकाको पीठ नै स्थापना गरेर खड्ग आकार निकालेका हुन् भनिन्छ। यसरी राजा गुणकामदेवले तान्त्रिक विधि पूर्वक तान्त्रिक देवी अष्टमातृकाको स्थापना गरेर कान्तिपुर देशको स्थापना गरेकाले हालसम्म पनि यी अष्टमातृका देवीहरुको उत्तिकै महत्त्व रही आएको छ। हालसम्म पनि अष्टमातृका पीठको परिक्रमा गरी दर्शन गर्ने परम्परा कायमै छ। तर नारायणहिटी दरबारमा रहेका महालक्ष्मी र आर्मी हेडक्वाटर भित्र रहेका कौमारी देवी दर्शन गर्न र मेला भर्न जाने क्रममा धेरै असुविधा रहेको सबैले महसुस गरेका छन् । सेनाको कम्पाउण्ड भित्र पारिएको कौमारी देवी स्थानमा जान पहिला सोझो पीच बाटो नै थियो। सेनाको पेट्रोल पम्प अर्थात् भद्रकाली मन्दिरको दक्षिणतर्फ बाट सोझो पिच बाटो थियो जुन माइतीघर मण्डलासम्म थियो । केही वर्ष अघि मात्र सेनाले उक्त सार्वजनिक पिच बाटो समेत कब्जा गरेर लिइ आफ्नो कम्पाउण्ड भित्र पारेकोले कौमारीको दर्शन गर्न जानेहरुलाई जहिले पनि रोकावट हुने गर्दछ, मेला चाड पर्वमा जान समेत सेनाले अवरोध पुऱ्याइरहेको हुन्छ। जुन अत्यन्तै विडम्बना हो। नेपालको धर्म, संस्कृतिको जगेर्ना गर्नु पर्ने निकायबाटै यस प्रकारको अवरोध हुनु दुःख लाग्दो कुरा हो। नेपाली सेनाले अधिग्रहण गरी लिइराखेको सार्वजनिक पिच बाटो छोडी दिएमा मात्र कौमारी देवीको पूजा, दर्शन गर्न र मेला, चाड पर्वमा सर्वसाधारण भक्तजनहरु आउजाउ गर्न सजिलो हुने थियो । त्यस्तै नारायणहिटी दरबार भित्र रहेको महालक्ष्मी मन्दिरको हालत पनि नाजुक छ। त्यहाँ कोही कसैले पनि ध्यान पुऱ्याइएको देखिँदैन सम्बन्धित निकाय वा गुठीहरुले पनि महालक्ष्मी जस्तो तान्त्रिक देवीको पूजा आजामा बेवास्ता गरी महालक्ष्मी पीठलाई बेवारिसे जस्तो बनाई राखेको देखिन्छ। यसमा सम्बन्धित निकायको ध्यान तुरुन्त पुगोस्।

राजा गुणकामदेवले खड्ग आकारको देश कान्तिपुर बनाउनुमा पनि सुरक्षाको प्रबन्ध नै हो । जसरी मन्दिरमा खड्ग आकारमा बनाएर तन्त्रमन्त्रले जगाएर राखेको ढोकाले रक्षा गरिने हो त्यसरी नै देशमा रहेका सम्पूर्ण जनतालाई पनि रक्षा गर्ने काम तान्त्रिक विधि अनुसार स्थापना गरिराखेको खड्ग आकारमा अवस्थित अजिमा अष्टमातृका देवीहरुले गरिरहने कुरामा सबै विश्वस्त छन्।

हामीले पूजा गर्दै आइरहेका विभिन्न अजिमा देवीहरु र भैरवका मूर्ति र तस्बीरहरुमा अनि अजिमा देवी र आजुद्यः भैरवका नृत्यहरुमा ती देवताहरुका हातमा पनि खड्ग समाइरहेको देखिन्छ। कतिपय स्थानहरुमा त आजुद्यः भैरव र अजिमा देवीहरुको प्रतिनिधित्व गराई खड्गलाई नै देवताको रुपमा पूजा गरिएका पनि छन्। नेवारहरुको आगम पूजा कोठामा हेर्न जाने हो भने खड्गलाई टीका लगााई पूजा गरिराखेको हामीले देख्न सक्छौं। नेपाल खाल्डोमा मनाउँदै आइरहेका विभिन्न देवी देवताका जात्राहरुमा पनि गुर्जुको पल्टनसँगै खड्ग ल्याएर राजाको प्रतिनिधित्व गराउने चलन पनि हाल सम्म चलाइरहेको छ। शाहवंशीय राजाको अवसान पछि पनि मल्लकालीन राजा थकु जुजुका सन्तानहरुले हालसम्म पनि देशको राजाको प्रतिनिधित्व गर्दै विभिन्न जात्रामा सहभागिता जनाउँदै आइरहेका छन्।

यी सम्पूर्ण कुरामा विचार गरी हेर्दा के थाहा भयो भने खड्ग भनेको सुरक्षाको प्रतीक हो। किन भने अजिमा देवीहरुले र आजु भैरवले सज्जनहरुलाई दुष्टहरुबाट सुरक्षा गर्न नै खड्ग समाइरहेका हुन्। राजाले पनि

Raj Kishore

सर्वसाधारण जनताका रक्षा गर्न नै जनतालाई दुःख दिइरहेका दुष्टहरुलाई दण्ड दिनकै लागि खड्ग समाई रहेका हुन्।

अब यहाँ खड्गको सांस्कृतिक महत्त्वको बारेमा चर्चा गर्ने हो भने सबैभन्दा पहिला हाम्रो देश तान्त्रिक देश भएकोले तन्त्रशास्त्रमा प्रमुख देवताको रुपमा मान्दै आएका भैरवको एउटा प्रमुख अङ्गको रुपमा खड्गलाई लिइएको छ। भैरवको डरलाग्दो मुखबाट निस्किरहेको दाह्राको रुपमा खड्गलाई प्रतीकको रुपमा मान्दै आएको छ। यो कुराको प्रमाण हामीले कतै देवताको मन्दिरमा वा आगममा बलि दिएर देवतालाई पूजा गर्दा भेंडा, बोका, हाँस, कुखुरा आदि भोग दिनु अघि खड्गको एउटा अर्को रुप चुपीलाई देवता मानेर पूजा गरिन्छ अनि बलि दिनु अघि पूजारीले श्लोक पढेर चुपीलाई ढोगेर बलि दिने गर्छन्। त्यस्तै देवताको नृत्यमा पनि कुखुरा, हाँसलाई दाँतले टोकेर नृत्य गर्ने देवताहरुले रगत पिउँछन्। बोका, भेंडा, राँगोलाई टोकेर मार्न नसकिने भएकोले त्यही दाह्रा रुपी खड्ग चुपी प्रयोग गर्दै आइरहेको हो। यति मात्र होइन अजिमा देवीहरुको हातमा पनि खड्ग हुने भएकोले अजिमा देवीहरुको रुप मानेर पूजा गरी राखेको पाइन्छ। दशैँमा आगममा साना लामा खड्गहरु राखेर आजु भैरव र अजिमा देवी मानेर पूजा गरेर दशमीका दिन पूजा गरेर खड्ग जात्रा भन्दै पायाः निकाल्ने चलन आजसम्म चलेका छ।

नेवारी संस्कृति र संस्कार अनुरुप गरिने तान्त्रिक पूजामा समयबजीको ठूलो महत्त्व छ। तान्त्रिक विधिबाटै तयार पारिएको समयबजीलाई देवताकै प्रतीकका रुपमा पूजा गरिने चलन पनि छ। यो पूजा आ–आफ्ना परम्परा अनुसार गर्ने गरिन्छ। कतिपयले रक्सी राखेको अन्ति र जाँड राखेको सोमा भाँडोका साथै छ्वयला पनि राखेर आजु भैरव र अजिमा देवीको रुपमा पूजा गर्दै आइरहेका छन् भने कतिपयले समयबजी परिकार पाँच थरीलाई पञ्चबुद्धको प्रतीकको रुपमा पूजा गर्ने गर्छन्। समय्का साथै बोडी, मस्यांग, बारा, माछा, अण्डा राखेर अष्ट मातृका देवीहरुका प्रतीकका रुपमा पूजा गर्दै आइरहेका पनि छन्। यी सबै हाम्रो तन्त्रको विशेषता हो भन्न सकिन्छ। तन्त्रशक्ति पनि अद्भूत नै छ। यही तान्त्रिक शक्तिले तान्त्रिकहरुले देवताहरुलाई पनि आफ्नो वशमा पार्न सक्छन्। यसको प्रमाणको रुपमा तान्त्रिक शाश्वतवज्र वज्राचार्यले कलिगत संवत् १८२२ मा टुँडिखेलमा बाख्रा चराई लम्पसार परी आकाशतिर हेर्दै गर्दा आकाश मार्ग हुँदै आइरहेको विशालकाय महांकाल भैरवको आकार देखेपछि त्यस भैरवलाई यहीं राख्न पाए सबैको उद्धार हुनेछ भनि तन्त्रशक्तिले तानेर टुँडिखेलको पश्चिमतर्फ स्थापना गरेका हुन् भनी वंशावलीमा उल्लेख गरेको पाइन्छ। उक्त महांकाल तिब्वतबाट आकाश मार्गमा विचरण गर्दै आएको र तान्त्रिक शाश्वतवज्र वज्राचार्यले तन्त्र शक्तिबाट तल झारेर राखेपछि महांकालले म ब्रह्माण्डमा चारैतिर घुमिरहनु पर्ने भएकोले सधैं यहाँ बसिरहन सक्दिन बरु हप्ताको एक दिन शनिबार २४ घण्टा बस्ने गरी आइरहने छु भनेकाले हाल सम्म पनि महाकाल भैरव प्रत्येक शनिबार आउने विश्वास गरी शनिबारका दिन पूजा गर्रिंदै आएको हो।

यस्तै प्रकारले ललितपुरका रातो मच्छिन्द्रनाथ, भक्तपुरका भैरव, साँखुका वज्रयोगिनी आदि देवताहरुले आफ्ना शक्तिले स्थापना गरी राखेका हुन्। बन्धुदत्त आचाजुले आफ्नो तन्त्र शक्तिद्वारा एक गेडा स्याबजीबाट एक हजार भेंडा, एक गेडा कालो भटमासबाट एक हजार बोका, एक गेडा मासबाट एक हजार राँगा सृष्टि गरेर राजा यक्षराजलाई उपहार दिएका थिए भनिन्छ। हाम्रो तन्त्रमा समयबजीको कति सम्म महत्त्व छ भन्ने कुरा हाम्रा पूर्वज पुर्खाहरुले समयबजीको विधिबाट पूजा गरेर अष्टसिद्धि प्राप्त गरेकाले त्यसको पुष्टि भएको छ। अष्टसिद्धि प्राप्त गरेर गएका त्यस्ता महान पुरुषहरु जामनः गुभाःजु लगायत अन्य तान्त्रिकहरु हुन्।

हन त आजकलका मानिसहरुमा पहिला जस्तै सिद्धि नभएको अवस्था छ। कतै कतै अपवादको रुपमा

एक दुई जना सिद्धि प्राप्त व्यक्ति भेट्टिन सक्लान् त्यो बेग्लै कुरा हो, त्यसमा पनि हामीले गर्व मान्नु पर्छ। पहिला जस्तै तान्त्रिक विधि अनुसारको समयबजी र त्यसको सिद्धि हाल नहुन सक्छ तर त्यसो भएता पनि समयबजी चढाएर देवतालाई प्रसन्न पारेर सिद्धि प्राप्त गर्ने प्रयास गरिरहेकै देखिन्छ। देवतालाई समयबजी चढाउनु अप्रत्यक्ष रुपमा जीव बलि भोग नै हो। जीव हत्या गरेर बलि भोग दिइने प्रत्यक्ष बलि भोग हो भने मन्त्र साधना गरेर जीवको प्रतीक समयबजी चढाएर जीव बलि भोगको फल गरेर तन्त्रसिद्धि प्राप्त गरेका पहिला धेरै नै थिए। अहिंसा महाबलि पूजा भन्दै समयबजी चढाएर बलि भोगको फल प्राप्त गरेर गएका शान्तिकर आचाजु, बन्धुदत्त आचाजु, गुणाकराचार्य, गुणदत्ताचार्य, अभयंकराचार्य आदि नेपालका महान तान्त्रिकहरु हुन्। पहिला पहिला स्वयम्भूको शान्तिपुरको आगममा गुप्त पूजा गर्न जाँदा देवता चाहिने जीवहरु समयबजीको सामाग्रीबाट सृष्टि गरेर अयोनिज जीवहरुको बलि भोग दिएर अहिंसा बलि पूजा गर्ने ऐतिहासिक भनाई पाइन्छ। त्यसैले अहिले सम्म पनि देवतालाई जीव बलिको प्रतीकको रुपमा समय् चढाउने गरिन्छ। यसरी तान्त्रिक विधि अनुसार तान्त्रिक समय् चढाएर तान्त्रिक देवी देवताहरुको पूजा गर्दा उसिने अण्डा र रक्सी पनि चढाउनु पर्दछ।

नेवारी संस्कृति अनुरुप विभिन्न चाडपर्व र जात्रा मनाउने क्रममा जाँडरक्सी खाई ढलमल गर्दै बाजा बजाउँदै गीत गाउँदै चाड मनाइ रहेका नेवारहरुको परम्परालाई देखेर तत्कालीन श्री ३ महाराज चन्द्रशमशेरले जनताको स्वास्थ्यमा पनि नराम्रो असर पर्छ भनी जाँड रक्सीमा प्रतिबन्ध लागाई दिए। त्यस पछि जति पनि देवी देवता छन् र सबैलाई जाँड रक्सी चढाउन बन्द गर्नू भन्ने हुकुम दिए। गुह्येश्वरी देवीको जात्रा समयमा पनि जाँडरक्सी चढाउन पाएनन्। गुह्येश्वरीलाई पनि समयबजीका साथै उसिनेको अण्डाको सगुन र जाँड रक्सी नभई हुन्न। यस्तो अवस्थामा गुह्येश्वरी देवीलाई पठाइएको दरबारी पूजामा पनि १०८ वटा अण्डा र १०८ वटा सिंगो माछाको सगुन मात्र दिई पूजा गर्दा गुह्येश्वरीको कुण्डमा एउटा पनि अण्डा र एउटा माछा पनि तल गएन। यसरी अण्डा कुण्डभित्र नगएकाले त्यहाँ सबैले आश्चर्य माने। यही समयमा त्यहाँ देवीलाई पूजा गर्न आएकी एउटी बूढी नेवार्नीले पटुकामा घुसाइ ल्याएको रक्सी अलिकति खन्याइ दिने बित्तिकै सबै १०८ वटा अण्डा र माछा कुण्डमा तल गए। यसरी एक किसिमले चमत्कारजस्तै भएको कुरा थाहा पाएर चन्द्र शमशेरले देवताको पूजामा र नेवारहरुको भोजमा प्रयोग गर्दै आएको जाँड रक्सीको प्रतिबन्ध फिर्ता लिएको थिए भनिन्छ।

अष्टमातृका मध्ये एक इन्द्राणी माताको विषयमा एउटा सत्य घटना सुन्नमा आएको छ। आज भन्दा करिब ७५ वर्ष अगाडिको कुरा हो। चसान टोलका एक जना साल्मी केटोले दिनहुँ एक टिन तेल बिहान बेच्न सबैरै झिसमिसे अँध्यारोमै उठेर गई विष्णुमतीको किनारमा मुख धोइ इन्द्राणी माताको दर्शन गरेर तेल बेच्न हिँड्थ्यो। दिनहुँ यसरी एक टिन तेल बेचे पछि मात्र घरमा गई खाना खान्थ्यो। अरु आयस्ता केही नभएको त्यस साल्मीले त्यही तेल बेचेकै भरमा घर खर्च चलाउनु पर्थ्यो। त्यो एक टिन तेल पनि मीलबाट ल्याएर बेची सकेपछि मात्र पैसा बुझाउन लान्थ्यो। आफूलाई नाफा भएको पैसाले मात्र त्यो साल्मी केटोले आफ्नो घर खर्च चलाउँथ्यो। एवं क्रमले दिन बित्दै जाँदा एक दिन त्यो केटो अँध्यारोमै घरबाट निस्क्यो। बिहान हुन लाग्यो भन्दै हिँडेको त्यो केटाले मन्दिरभित्र झलमल उज्यालो बत्ति बलिरहेको जस्तो प्रकाश देखेर अचम्मित भई ढोकाको प्वालबाट चिहाई हेर्दा त्यहाँ त झक्कमक्क गहना लगाएका अष्टमातृका देवीहरु पो नाचिरहेको देखे। त्यो केटोलाई के थाहा देवी हो कि मान्छे ढोका बाहिर बसिरह्यो। उज्यालो पनि भएको थिएन आज त बिहान हुन पनि कति बेर लागेको ? म आएकै घण्टौं भइसक्यो भन्ने मनमनै सोचिरहेकै बेलामा मन्दिरको ढोका खोल्दै एउटी देवी आएर लौ बाबु यो घरमा लगेर खानु भन्दै भोजको एक भाग लपेस सहित ल्याएर दिइन्। त्यसपछि त्यो साल्मी केटो

Raj Kishore

घरमा गएर त्यो भोग आफ्नी श्रीमतीसँगै बसेर खायो। अनि त के चाहियो भोली पल्टदेखि उसको तेलको व्यापार बढ्दै बढ्दै भयो। दिनहुँ एक टिन तेल बेच्न बल्ल बल्ल घुमी घुमी बेच्नु पर्थ्यो अब त दिनको दुई तीन टिन तेल बेच्न थाल्यो। यस प्रकार व्यापार बढ्दै गएपछि उसले आफैले तेल मिल राख्न सक्ने भयो र धेरै सम्पत्ति कमाउन सफल भयो। उसकी दुईटी श्रीमतीका छोरा र छोरीहरुको सबै व्यवहार सकाएर सबैको राम्रो व्यवस्था गरिदिएर वि.सं. २०३२/३३ सालतिर त्यो साल्मीको परलोक भएको हो भनिन्छ।

प्रत्येक महिनाको पूर्णिमाका दिन पशुपतिनाथको तान्त्रिक विधि अनुसार पूजा गरिँदै आएको छ। पशुपतिनाथको दक्षिणमा रहेको कीर्तिमुख भैरव मार्फत् पशुपतिनाथको दक्षिणामूर्ति मूर्तिले बलि लिँदै आइरहेको छ। कीर्तिमुख भैरवको मूर्तिबाट पसुका पञ्चरंगी धागो ल्याएर पशुपतिनाथको शिवलिङ्गमा बेरेर राखिन्छ। यसरी प्रत्येक पूर्णिमा चाहे त्यो बुद्ध पूर्णिमा होस् वा स्वस्थानी पूर्णिमा कहिले पनि टुट्दैन बलि दिइने गरिन्छ। गणतन्त्र आएपछि भने एउटा राँगो मात्र बलि दिने गरिएको छ। बाह्रवर्षमा एक पटक हरिसिद्धि भवानीको नृत्य देखाउन देवपतनमा ल्याइन्छ र पशुपतिनाथको दक्षिणपट्टि रहेको तामाको पातामा भवानी बन्ने व्यक्तिले उभिएर काम्दै त्यहीं भेडाको बलि लिन्छ। भवानीको कम्मरमा पसुका बाँधिएको हुन्छ भने पशुपतिको शिवलिङ्गमा उक्त पसुकाले बेरिएको हुन्छ। यसरी पशुपतिनाथमा तान्त्रिक विधिबाट पूजा गरिन्छ र बलि दिइन्छ। यो परम्परा हालसम्म चल्दै आइरहेको छ।

योगी मिलारेपामा तन्त्रको प्रभाव

✍ कल्पना पराजुली (तिलस्मी प्रभास)

तन्त्रको परिभाषा

विश्वका विभिन्न जाति र भाषीमा तन्त्रको प्रयोग भएको र यसको महत्त्व रहेको पाइन्छ। भारतवर्षमा तन्त्र शब्दको प्रयोग व्यापकरुपमा भएको पाइन्छ। नेपालको सनातनीय वैदिक तान्त्रिक परम्परामा तन्त्रको प्रचुर मात्रामा प्रयोग भएको छ। इष्टदेवको भेद अनुसार शैव तन्त्र, वैष्णव तन्त्र, शाक्त तन्त्र, गाणपत्य तन्त्र र सौर्य तन्त्रमा नामाकरण गरिएको पाइन्छ। त्यस्तै बौद्ध तन्त्र तथा जैन तन्त्रहरुको पनि व्यापक मात्रामा चर्चा गरिएको पाइन्छ। यहाँ बौद्ध योगी मिलारेपाको तन्त्र अभ्यास विषयमा कार्यपत्र प्रस्तुत गर्ने क्रममा बौद्ध तन्त्रहरुको बढी चर्चा गरे पनि हिन्दु तन्त्रहरुको पनि प्रसङ्ग उठाइएको छ। बौद्ध परम्परा अनुसार निरन्तरतालाई तन्त्र भन्ने गरेको पाइन्छ भने हिन्दु परम्परा अनुसार तन्काएर मुक्त गर्ने कुरालाई तन्त्र भनेको पाइन्छ। हिन्दु तन्त्रहरुमा यी दुई वाक्यहरुको प्रयोग भएको पाइन्छ – **तननात् त्रायते इति तन्त्रम् र तन्यते विस्तारयते इति तन्त्रम्।**

यहाँ तन्त्र शब्दमा **तन्** अंशले तन्काउनु वा विस्तार गर्नु भन्ने बुझाउँछ भने त्र अंशले त्राण गर्नु, तार्नु वा मुक्त गराउनु भन्ने बुझाउँछ। विस्तार गर्नु वा फैलाउनु भन्ने अर्थमा प्रयोग हुने संस्कृत शब्दको **तन्** धातुमा ष्ट्रन प्रत्यय लागेर **तन्त्र** शब्द बन्दछ। (लामिछानेः २०७३ः १३) शैव तन्त्रहरुमा अष्ट पाशहरुले युक्त सीमित जीवलाई तन्काएर पाशमुक्त सदाशिव बनाउने प्रणाली नै तन्त्र हो भनिएको छ। **पाशयुक्तो भवेत् जीव पाशमुक्तो सदाशिव** पनि लेखिएको पाइन्छ।

बौद्ध परम्परा अनुसार प्रबन्धलाई तन्त्र भनिन्छ। गुह्यसमाज तन्त्र अनुसार–

प्रबन्धं तन्त्रमाख्यातं तत् प्रबन्धं त्रिधा भवेत्। आधारः प्रकृतिश्चैव असंहार्यप्रभेदतः॥ (१८।३३)

यस प्रकार तन्त्रको अभिप्राय निरन्तरता हो। सुगतगर्भ आधार, प्रकृति (मार्ग) र फलमा क्रमबद्ध रुपमा रहेको हुन्छ। आधारमा भएका आकस्मिक मलहरुलाई शोधन गर्दाको विशुद्ध अवस्था नै फल हो। फल आधारकै निरन्तरता हो। तसर्थ निरन्तर चित्तको अनादि अनन्त अवस्थाको नाम नै तन्त्र हो। जुन शास्त्रहरुमा यी कुराहरु बताइएको हुन्छ ती पनि तन्त्र हुन्। (नेगीः १९९८ः ८)

बौद्ध धर्ममा तन्त्रयान

बौद्ध धर्ममा तन्त्रको प्रयोग गरेर सम्यक सम्बुद्धको अवस्था प्राप्त गर्ने पद्धति रहेको पाइन्छ। तन्त्रको मार्गद्वारा आगन्तुक मलहरु शोधन गरी सम्यक सम्बुद्धको अवस्थामा पुऱ्याउने मार्गलाई नै तन्त्रयान भनिन्छ। तन्त्रयानलाई वज्रयान तथा मन्त्रयान पनि भन्ने गरिन्छ। भोट भाषामा **साङ्ङाग् दोर्जे थेग्पा** भन्ने गरिन्छ जसको शाब्दिक अर्थ **गुह्यमन्त्र वज्रयान** हुन्छ। गुह्यमन्त्र भन्नुको कारण तन्त्रलाई अयोग्य व्यक्तिबाट गोप्य राख्नु पर्छ। शुद्ध परम्पराका सिद्ध गुरुबाट अभिषेक (दीक्षा) पाएको योग्य साधकले मात्र साधनाबाट सिद्धि प्राप्त गर्छ। यसरी अभिषेक प्राप्त व्यक्तिले काय, वाक् र चित्तका दोषहरुलाई शोधन गरेपछि फलको रुपमा वज्रसत्व वा वज्रधरको

Raj Kishore

अवस्थामा पुगिने भएकाले यसलाई वज्रयान पनि भनिन्छ। वज्रसत्वता प्राप्त गर्ने मार्ग अथवा यान नै वज्रयान हो। (अद्वयवज्र संग्रहः पृ.२४) अर्के शब्दमा राग, द्वेष र मोहको परिशोधन गरी बुद्धत्व प्राप्त गर्ने मार्ग वज्रयान हो। काय्, वाक् र चित्तको अभिन्नतालाई वज्रयानमा चर्चा गरेको पाइन्छ।

यसलाई मन्त्रयान भन्नुको कारण मनलाई त्राण गर्ने अर्थात् बचाउने भएकाले हो। इन्द्रिय, विषय र चक्षुविज्ञान आदिबाट उत्पन्न ज्ञानलाई नै मन भनिन्छ। विषयको नाना प्रकारका गुण दोषमा आशक्त भएर मन भवचक्रमा जन्माउने कारण बन्दछ। त्यो मनको अवस्थालाई मन्त्रयानमा उपदिष्ट विधिद्वारा भवचक्रबाट बचाउने वा त्राण गर्ने हुनाले नै मन्त्र भनिएको हो। मन्त्रको प्रयोग गरी बुद्धत्व प्राप्त गर्ने मार्गलाई मन्त्रयान भनिन्छ।

तन्त्र र मन्त्रको प्रयोग नहुने बुद्ध धर्मको मार्गलाई पारमितायान भनिन्छ। दान, शील, क्षान्ति, वीर्य, ध्यान र प्रज्ञा पारमिताहरुको अभ्यासबाट मात्र फलको रुपमा बुद्धत्व प्राप्त गर्न जोड गरिएको हुनाले पारमितायान भनिएको हो। पारमिताहरुलाई हेतु र बुद्धत्वलाई फल मानिएको हुनाले हेतुयान पनि भन्ने गरिन्छ। उपायहरुको प्रयोग गरी फल प्राप्त गरिने हुनाले उपाययान पनि भनिन्छ। बोधिसत्वहरुको मार्ग भएको हुनाले बोधिसत्वयान पनि भनिन्छ। तसर्थ, पारमितायान, हेतुयान, उपाययान र बोधिसत्वयान पर्यायवाची शब्दहरु हुन्। त्यसैगरि फललाई नै मार्गको रुपमा प्रयोग गरिएको हुनाले मन्त्रयानलाई फलयान पनि भनिन्छ। तसर्थ वज्रयान, मन्त्रयान, तन्त्रयान र फलयान पर्यायवाची शब्द हुन्।

वज्रयानमा पारमितायानका पनि मार्गहरु समावेश हुने भएकाले वज्रयानमा मन्त्र र पारमिता दुबै समाविष्ट हुन्छन्। पारमितायानमा चाहिँ श्रावकयान र बोधिसत्वयानका मार्गहरु मात्र हुन्छन्। यसरी पारमितायानका लागि तन्त्रको आवश्यकता पर्दैन तर वज्रयानका लागि पारमिताहरु अनिवार्य हुन्छन्। तसर्थ, वैभाषिक, सौत्रान्तिक, योगाचार र माध्यमिक दर्शन बुझेर मात्रै मन्त्रयानको अभ्यास गरिन्छ। (हेवज्र तन्त्र, विनय पटल) यहाँ तिब्बतमा प्रचलित वज्रयान अर्थात् तन्त्रयानका साधक मिलारेपाको साधनाको बारेमा चर्चा गरिने भएकाले पारमितायानको धेरै चर्चा गरिँदैन। भोट क्षेत्र, नेपाल, भुटान र भारतको उत्तरी क्षेत्रमा वज्रयानको अभ्यास पद्धति जीवन्त छ भने थाइल्याण्ड, म्यानमार, श्रीलङ्का, चीन, जपान, कोरिया, भियतनाम जस्ता देशहरुमा पारमितायानको अभ्यासमा जोड गरिन्छ।

यसैगरि नेपाललाई तन्त्र साधनाको लागि उर्वर र पवित्र स्थल मानिन्छ। यसै क्रममा नेपाल धेरै ऋषिमुनि र सिद्धहरुको साधना स्थल रहेको कुरा प्राचीन इतिहासबाट ज्ञात हुन्छ। भगवान् बुद्धको जन्मभूमि नेपालमा धेरै बौद्ध गुरुहरु आएर ध्यान गरी सिद्धि प्राप्त गरेको प्रसङ्ग यत्रतत्र पाइन्छ। भारतवर्षका महान् गुरु पद्मसम्भवले नेपालकै फर्पिङमा महामुद्रा सिद्धि गरेर महासिद्धको उपाधि पाएका थिए भने तिलोपा, नारोपा, जालन्धरीपा, शान्तिकराचार्य, सवरीपा, मत्स्यपा (मछिन्द्रनाथ), गोरक्षपा (गोरखनाथ), वनरत्न जस्ता भारतीय मूलका बौद्ध सिद्धहरुले विभिन्न कालखण्डमा नेपालमा आएर वज्रयानको साधना गरेको पाइन्छ। त्यसैगरि भोट क्षेत्रबाट पनि येशे छोग्याल, मार्पा लोचावा, मिलारेपा, रा लोचावा, रेछुङपा, ङाग्छाङ शाक्य स्हाङ्पो जस्ता गुरुहरुले नेपालमै साधना गरी सिद्धि प्राप्त गरेको कुरा तिब्बती इतिहासमा भेटिन्छ। यसरी नेपाल वज्रयानको प्रमुख थलो भएकाले मिलारेपा पनि तन्त्रको साधना गर्नका लागि नेपालका विभिन्न भूभागमा आएको कुरा सर्वविदितै छ।

मिलारेपाको संक्षिप्त जीवनी

एघारौं शताब्दीमा तिब्बत बौद्ध धर्मको पुनरुत्थान हुने क्रममा थियो। भारतीय तथा नेपाली गुरुहरुको तिब्बत गमन र तिब्बतका गुरुहरुको नेपाल तथा भारत आउने जाने क्रम जारी थियो। त्यही क्रममा नेपाल र

भारतमा २१ वर्ष बसी साधना तथा अनुवाद कार्यमा संलग्न मार्पा लोचावा छोक्यी लोडो (सन् १०१२ देखि १०९९) को योगदान अतुलनीय छ। उनका धेरै शिष्यहरुमध्ये मिलारेपाको जन्म केरुङ क्षेत्रको क्यङाचामा सन् १०४० मा पिता मिला शेराव ग्याल्छेन र माता न्याङ्चा कार्गेनका पुत्रका रुपमा भएको थियो। त्यस क्षेत्रको अति सम्पन्न परिवारमा जन्मेका मिलारेपाको बाल्यकालको नाम थोपागा थियो। उनका पिता व्यापारको सिलसिलामा बाहिर गएको बेला पुत्र प्राप्त भएको खबर पाए। लामो समयपछि छोरो जन्मिएको सुन्दा उनी निकै खुसी हुँदै थोपागा (सुन्दैमा आनन्द) भने। उनले छोराको नाम नै थोपागा राखे।

सात वर्षको उमेरमा पिताको मृत्युपछि मिलारेपाको परिवारले हदैसम्मका दुःख र कष्टहरुको सामना गर्नु परेको थियो। उनका पिताले आफू नबाँच्ने पक्का भएपछि सभा राखेर सबै सम्पत्ति र परिवार आफ्नो भाइ र बहिनीको जिम्मा लगाएर भनेका थिए कि मेरो छोरो बालिक भएपछि मेरा सबै सम्पत्ति उसलाई फिर्ता गरिदिनू। तर यस्तो भएन। मिलारेपाका काका र फुपूले उनीहरुको सम्पत्ति फिर्ता गरेनन् र अमानवीय व्यवहार गरे। गाउँलेहरुले पनि केही बोल्न सकेनन्। आफूमाथि परेको यस्तो वज्रपातको कारण मिलारेपाकी आमा अत्यन्त पीडित भइन्। बदलाको भावले प्रेरित भई उनले छोरालाई तत्कालीन समयमा प्रचलित तान्त्रिक अभिचार कर्म अन्तर्गत मारण कर्म सिक्न पठाइन्।

मिलारेपाको तन्त्र साधना

मिलारेपाले तिब्बतमा प्रचलित विभिन्न प्रकारका तन्त्रहरुको अभिषेक लिई लौकिक र परम सिद्धि प्राप्त गरेका थिए। सर्व प्रथम युङ्तोन ठोग्याल नामक गुरुसँग भेटेर एक वर्षको अवधिमा आकाश र पृथ्वी जुधाउने तरिका र केही मन्त्रहरुको जप विधि सिके। ती गुरुले मारण विद्या सिक्नका लागि खुलुङपा योन्तेन ग्याछोसँग पठाए। दुई हप्तासम्म यमारी तन्त्रमा आधारित अभिचार मारण कर्म सम्बन्धी अभ्यास गरे। सिकेर काकाको छोराको विवाह भोजको बेला त्यो मन्त्र प्रहार गर्दा बेहुला बेहुली लगायत ३५ जनाको ठाउँको ठाउँमै मृत्यु भयो। तर काका र फुपूलाई उनले मार्न चाहेनन्। आफ्ना शत्रु बाँचेको देखेर मिलारेपाकी आमाले उनीहरुको बाली ध्वस्त पार्न असीना पारिदेऊ भनिन्। आमाको आज्ञा अनुसार उनी युङ्तोन ठोग्याल नामक गुरुबाट असीना पार्ने विद्या सिकेर सिङ्गै गाउँको बाली नष्ट पारिदिए। जीवनको पूर्वार्धमा यस्ता भयानक अकुशल कर्म गरेका मिलारेपाले ३८ वर्षको उमेरमा बौद्ध धर्म गुरुको खोजी गर्ने क्रममा मार्पा लोचावालाई भेटे। यसपछि उनको जीवनले नयाँ मोड लियो। कडा अकुशल कर्महरु शोधन गराउने क्रममा मार्पाले उपाय कौशल्यको प्रयोग गर्दै उनलाई घर बनाउन लगाएर विभिन्न वाहना गरी भत्काउन लगाई ती ढुङ्गा र माटो जहाँबाट ल्याएको हो त्यहीं लगेर राख। मैले तँलाई यस्तो घर बनाउनू भनेकै थिएन भन्ने जस्ता कठोर व्यवहार गरेर सामान्य मान्छेले खप्नै नसक्ने खालका कष्ट दिन्थे। यद्यपि मिलारेपाको गुरुभक्ति डगमगाएन। बरु उनी आत्महत्या गर्न अघि सरे। यो देखेर मार्पाले उनलाई वज्रयान बौद्ध धर्मका अभिषेक (दीक्षा) र उपदेशहरु दिए। पारसमणी समान गूढ उपदेशहरुले मिलारेपालाई घोर अपराधीबाट उच्चतम साधकमा रुपान्तरण गरी एकै जीवनमा मोक्ष गरायो। उक्त रुपान्तरणको क्रममा मिलारेपालाई नेपालका हिमाली भूभागले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ।

मिलारेपाको नेपालमा तन्त्र साधना

गुरुबाट प्राप्त उपदेशहरुको गहन रुपमा अभ्यास गर्ने क्रममा मिलारेपा सर्वप्रथम सिन्धुपाल्चोक जिल्लाको योल्मो (हेलम्बु) क्षेत्रको देवाथाङको गुफामा आएको देखिन्छ। ताग्फुग सेङ्गे जोङ् नामले प्रसिद्ध यो सिद्ध

गुफामा बसेर मिलारेपाले लामो समय ध्यान गरे। त्यसबेला उनलाई भेट्न आएका शिष्यहरुका लागि ७ वटा दोहा (धार्मिक गीत) हरु गाएका थिए जो मिलागुर्वुम नामक ग्रन्थको सातौँ अध्यायमा सम्मिलित छन्। गुफा क्षेत्रको सुन्दर वनको मनोरम दृष्यको वयान गर्दै ध्यानका विभिन्न अवस्थाहरुमा पुग्नका लागि यो ठाउँ सुयोग्य रहेको कुरा गीतमा वर्णित विषयबाट थाहा हुन्छ। (हेरुकः २०१६: ७३) उनका गीतबाट प्रभावित भई योल्मो क्षेत्रमा साधना गर्न आजसम्म पनि विभिन्न स्थानहरुबाट साधक तथा साधिकाहरु यहाँ आउने गरेको पाइन्छ।

मिलारेपाको ख्याति सुनेर तत्कालीन भक्तपुरका राजाले आफ्नो राजधानीमा निमन्त्रणा गर्दा उनी आउन मानेनन्। उनी त्यतिबेला भक्तपुरकै पहाडी गुफा महामञ्जुश्री स्थानमा बसेर ध्यान गरेको कुरा निकै महत्त्वपूर्ण छ। महामञ्जुश्री महाचीनको पञ्चशीर्ष पर्वतबाट सर्वप्रथम नेपाल आएको भनी प्रख्यात यो तीर्थमा एघारौँ शताब्दीमा मिलारेपाले ध्यान गरेको उल्लेख पाइन्छ। तत्कालीन भक्तपुरका राजालाई ताराले मिलारेपाको बारेमा बताएपछि आउन माने दरबारमा बोलाउनू नत्र उपहार चढाउनू भनेपछि राजाले दूत पठाएका थिए। मिलारेपा आउन नमानेपछि ठूलो परिमाणमा उपहार पठाएको पाइन्छ। उक्त उपहारबाट मिलारेपाले सेतो सुती वस्त्र र एक दाना हर्रो मात्र आफूले लिएर अरु दरबारमै फर्काएको उल्लेख पाइन्छ। दूतमार्फत नेपाली राजाका लागि ५ वटा दोहा गीतहरु गाएको कुरा २७ औँ अध्यायमा उल्लेख छ। (हेरुकः २०१६: २९९)

हाल गोरखा जिल्लामा पर्ने चुम उपत्यकाको परेवा गुफा (फुगरोन फुग) पनि मिलारेपाले लामो समय ध्यान गरेको कुरा आठौँ अध्यायमा विस्तारमा चर्चा गरिएको छ। उक्त गुफामा परेवाका रुपमा देखिएका देवीहरुका लागि ४ गीतहरु गाइएका छन्। (हेरुकः २०१६: ८८)

मिलारेपाको जीवनको सबैभन्दा महत्त्वपूर्ण तपस्थली दोलखा जिल्लाको लाब्ची क्षेत्र हो। वरिपरि हिउँले घेरिएको पर्वतहरुको बीचमा रहेको तीर्थका गुफाहरुमा दीर्घायुसी देवीहरुसँग भेटेर १० वटा दोहा गीतहरु गाएको २८ औँ, २९ औँ, ३० औँ र ३१ औँ अध्यायहरुमा विस्तारमा चर्चा गरिएको छ। (हेरुकः २०१६: ३०७) देवीहरुले पनि प्रश्न सोध्ने क्रममा धेरै गीतहरु गाएका छन्।

यसरी नेपालको योल्मो (हेलम्बु), मनाङ (नेस्याङ), लाब्ची, चुम उपत्यकाका गुफाहरुमा मिलारेपाले नारोपाका षडधर्म तथा महामुद्राको गहन रुपमा ध्यान गरेको पाइन्छ। वज्रयानको गुह्य मन्त्र साधना गर्ने क्रममा भेट भएका मनुष्य तथा अमनुष्यहरुलाई मिलारेपाले व्यापक रुपमा ध्यान सम्बन्धी उपदेशहरु दिइएको र ती निर्जन स्थानहरुमा साधना गर्न प्रेरित गरेको बाट नेपाल जप, तप र साधना गरेर मोक्ष प्राप्तिका लागि पवित्र तपोभूमि भएको कुरा प्रमाणित हुन्छ।

पोखराको बाह्र भैरव

✍ अष्टमान प्रधानाङ्ग

सुन्दर नगरीको रुपमा परिचित पोखराका प्रसिद्ध गुफाहरु, सेती नदीको गहिरो गल्छी, हरिया डाँडाहरु, तालै तालको सुरम्यताका साथै प्राय सबै भौतिक संरचनाहरुको कारणबाट सुविधा सम्पन्न भएको शहरको रुपमा पोखरालाई सबैले लिने गरेको पाइन्छ। पोखरालाई कसैले पर्यटकीय क्षेत्रको राजधानी, रसिक साहित्यकारको थलो, लोक दोहोरी, आधुनिक पप गायनको उद्‌गम क्षेत्र आदिबाट परिचय दिएपनि एक धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक महत्त्वका आधारबाट परिचित नगरका रुपमा कमैले बुझेका छन्। पोखराका प्रमुख संस्कृतिहरु मध्ये तायामचा (गुन्हिपुन्हि प्याखं) नाच, बाघजात्रा नाच, माघे जात्रा, गणेश जात्रा, लाखे नाच घण्टाकर्ण, फागु पुर्णिमा आदिको साथसाथै प्रसिद्ध बाह्र भैरव नृत्य अत्यन्तै लोकप्रिय रहेको पाइन्छ। अन्य विभिन्न जातजातिको संस्कृतिहरुले पनि पोखरालाई बहुसांस्कृतिक नगरीको रुपमा परिचय गराउँदै आएको छ।

संस्कृतिका विविध पक्षहरु मध्ये पोखराको बाह्र भैरवलाई अत्यन्त महत्त्वपूर्ण स्थानमा राखेर सबै जातजातिले सहकालका देवताको रुपमा अत्यन्त श्रद्धाका साथ भक्ति र आराधना गर्ने गरेको पाइन्छ। यहाँका नेवार समुदायको सांस्कृतिक सम्पदाको इतिहासलाई उजागर गर्दै पर्यटकीय नगरलाई समेत अभिवृद्धि गर्ने कार्यमा यसले महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ। यसैले बाह्र भैरव नृत्य पोखराको सांस्कृतिक धरोहरको रुपमा जनजनमा आस्था र विश्वासले जरो गाडेको छ। भैरवको उत्पत्ति, सांस्कृतिक महत्त्व, पोखरामा बाह्र भैरवको सुरुवात, पोखरामा नेवारहरुको आगमन आदि विषयलाई लिएर केही चर्चा परिचर्चा गराउने प्रयास यहाँ गरिएको छ।

भैरवको उत्पत्ति

"तन्त्रालोक" मा भैरव उत्पत्तिका बारेमा यसरी उल्लेख गरिएको छ – "भैभीमादिभि अवतीति भैरव" अर्थात् भयानक साधना गर्दा भयहरण गर्ने वाला भैरव हुन्। "शिव महापुराण" मा पनि भैरव भगवान् शिवको अवतार हुन् भनी वर्णन गरिएको छ – "भैरव पूर्णरुपौ हि शंकर परात्मनः। मुढास्ते वै न जानन्ति मोहिता शिव मायया।" विभिन्न पुराणहरुमा भैरवलाई शिवको अंश, शिव स्वरुप, शक्ति सम्पन्न, शक्ति स्वरुपा महाकाली सेवकको रुपमा प्रस्तुत गरिएको छ। वेदमा उल्लेख भए अनुसार शिवको रौद्र रुपमा पनि भैरवलाई लिइएको छ। भैरवको जुन यो भयानक रुप देखिन्छ त्यो शिवको नै रुप हो। भैरव र महाकाल भैरव सबैको रंग कालो नै हुन्छ। हामी भैरवलाई कतै क्षेत्रपालको रुपमा मान्दछौँ भने कहीं द्वारपालकको रुपमा कतै कतै शक्तिपीठका पीठ देवताको रुपमा मान्दछौँ। शैव मतका अनुयायीहरुले भैरवलाई शिव मन्दिरको रक्षकको रुपमा लिन्छन् भने बौद्ध धर्मावलम्बीहरुले त्रिरत्न अर्थात् बुद्ध, धर्म र संघ, विहारको रक्षक देवताको रुपमा लिएको पाइन्छ।

रुद्र संहिता अनुसार एकदिन मेरु पर्वतमा बसिरहेका ब्रह्मादि देवताहरुसँग ऋषिहरुले प्रश्न गरे की – तपाईंहरु मध्ये श्रेष्ठ को हुनुहुन्छ ? यस प्रश्नको उत्तरमा ब्रह्माजीले अहंकारबाट वशीभूत भई भन्नुभयो – सम्पूर्ण

सृष्टिको सृष्किर्ता र पालनकर्ता म नै हुँ। म अनादि हुँ, यसैले सबै देवताहरुमा म नै श्रेष्ठ हुँ। ब्रह्माको यस्तो जवाफ सुनेर नारायण असह्य भई भनेछन् 'हे ब्राह्मण ! यो सृष्टिको उत्पत्ति र पालनकर्ता म नै हुँ। यज्ञ स्वरुप पनि म नै हुँ।' यसप्रकार दुबैमा विवाद हुन थाल्यो र यही नै हो भन्ने निर्णय हुन सकेन र वस्तु संगत निर्णयको लागि ऋषिहरुले श्रुतिहरुसँग यस्तो अनुरोध गरे – हे श्रुतिहरु ! तपाईं स्वयम् प्रमाण हुनुहुन्छ, अतः यो विवादको समाधान तपाईंले गरिदिनुहोस्। यो सुनिसकेपछि वेदहरुले भनेछन् – जसमा सबै सृष्टिको अंश हुन्छ, जसमा सबै भूत प्राणीहरुको उत्पत्ति हुन्छ, जो स्वतः प्रमाण हो, जसमा समस्त विश्व प्रकाशमान हुन्छ, त्यो एक शंकर नै कैवल्य रुप हो। वेदको यस्तो निर्णय सुनेर माया देखि विमोहित ब्रह्मा र विष्णुले भनेछन् – जो श्मशानवासी छ, जो भस्म लगाउँछ र सर्पको माला लगाउँछ त्यो परब्रह्म स्वरुप कसरी हुन सक्छ ?

त्यही समय सनातन प्रणव प्रकट भई भनेछन् – भगवान शंकर नै सनातन पुरुष हुनुहुन्छ, पराशक्ति शिव नै उहाँको शक्ति हो। अतः भगवान शंकर भन्दा ठूलो कोहि पनि हुन सक्दैन। प्रणवबाट यस प्रकारको निर्णय सुनेर पनि दुबै जनाको अज्ञानता नहटेपछि उनीहरु दुबैको बीचबाट एक ज्योतिपुञ्ज प्रकट हुन्छ। यस प्रकारको ज्योतिपुञ्ज देखेर ब्रह्माजी आफ्नो पाँचौ मुखले बोलेछन् – हामीहरुको बीचमा यो को आयो ?

त्यस समयमा त्यो पुरुष निलो कालो वर्ण, त्रिशुलधारी, त्रिनेत्र सर्व आभूषित बालरुपमा परिवर्तन भएर रुन थाल्यो। ब्रह्माले रोएको देखेर भनेछन् – तिमी मेरो पाँचौ मुखबाट जन्मेको हो र रोइरहेका छौ। अतः तिम्रो नाम रुद्र भयो। ब्रह्माको यो कुरा सुनेर त्यो पुरुषरुप भैरवरुपमा परिवर्तित भएछ। यो भैरवरुप देखेर पनि ब्रह्माको अहंकार हटेन र फेरि भनेछन् – हे वत्स ! सम्पूर्ण विश्वको भरण राख्ने सामर्थ्य तिमीमा छ, हाल पनि तिमीदेखि सबै डराउँछ, अतः तिमी "काल भैरव" को नामबाट प्रसिद्ध हुनेछौ।

ब्रह्माको यस प्रकारको प्राप्त वरदानलाई स्वीकार गर्दै भैरवाकृतिले आफ्नो बाँया हातको कान्छी औँलाले नङबाट ब्रह्माको पाँचौ शिर काटिदिन्छन् र भनेछन् – हे ब्राह्मण ! तिम्रो यो पाँचौ मुख जसले शिवजीको निन्दा गरेको थियो, उसलाई काटेर दण्ड दिएको छु। ब्रह्माको यो पाँचौ शिर काटिएपछि अहंकार बन्द हुन्छ। त्यसपछि महसुस भयो कि शिव नै सर्वश्रेष्ठ, अनादि परब्रह्म हुनुहुन्छ।

त्यसपछि शिवजीले बालस्वरुप भैरव (वटुक) लाई आकाशवाणीबाट आदेश दिनुहुन्छ कि – हे भैरव, यो काटिएको मुण्डलाई लिएर भिक्षा याचना गर्दै सारा ब्रह्माण्ड भ्रमण गर। यस प्रकार आफूले गरेको ब्रह्महत्याको पापको प्रायश्चित गर। जब भ्रमण गर्दै काशी नगरी पुग्छौ, तब मात्रै ब्रह्म हत्याको पापबाट समाप्त हुनेछ।

शिवजीको आज्ञानुसार भैरवले कपालको जस्तै त्यस मुण्डको धारणा गर्दै सारा ब्रह्माण्ड घुमे र प्रायश्चित गर्दै जब काशी पुगे तब पापबाट मुक्ति भए। त्यसपछि भैरवको हातबाट त्यो मुण्ड स्वतः नै भुईंमा खस्यो। भनिन्छ, यही खुशीयालीमा भैरव ताण्डव नाच्न थाले। जुन ठाउँमा त्यो मुण्ड खसेको थियो, त्यो ठाउँको नाम "कपाल मोचन" भयो। त्यसपछि भगवान् शंकरले भैरवलाई काशी पुरीको कोतवाल नियुक्त गर्नुभयो।

चाःपूजा (मध्यरात्रिकालीन पूजा)

बाह्र भैरवको नृत्य र मुकुट प्रदर्शन गर्ने कार्य जहिले पायो त्यतिखेर हुँदैन। बाह्र वर्षको एकपटक निकालिने प्रथा भएको यो नाच वि.सं. २०२९ सालदेखि संस्थागत रुपमा निस्कने गर्दछ भने मुकुट प्रदर्शन प्रत्येक वर्षको गाईजात्रा (सापारु) को एकदिन मात्र गरिन्छ। केही दशक पहिलेसम्म नाच निस्कने वर्षमा अनौठो दैवी शक्ति देख्ने र सुन्ने व्यक्तिहरुको अनुसार भैरव मन्दिरमा धेरै दिनसम्म धुपको सुगन्ध आउनु, नाचका मुख्य व्यक्तिहरुको कानमा लगातार विभिन्न बाजाको आवाज आइरहनु, मन्दिर परिसरभित्र भएको ठूलो कटहरको

Raj Kishore

रुखबाट मध्यरातमा आगोको मुस्लो आकाशतिर जानु, भुत्वा, र कवं मध्य रातमा ठूलो आवाज आउने गरी एकोहोरो स्वरले भैरव मन्दिर र विन्ध्यवासिनी मन्दिरबाट कराउनु आदि घटनाहरु भएपछि नाच निकालिने गरिन्थ्यो। नाच निकालिने निर्णय भएपछि यस्तो घटना पुनः देखा पर्दैनथ्यो। अलौकिक शक्ति सम्पन्न बाह्र भैरवको यो नाच पोखरामा वि.सं. १९५२ सालदेखि हालसम्म देखाउँदै आइएको छ। प्रत्येक वर्ष नाट्येश्वर महादेव उत्पत्ति भएको घण्टाकर्ण चतुर्दशीको मध्य रातमा भीमसेन मन्दिरमा रहेको नाट्येश्वर देवतालाई आराधना गर्दै चाःपूजा (मध्यरातमा गरिने पूजा) साथसाथै भैरव मन्दिरमा रहेको भैरवहरुको पूजा अधिकांश सदस्यहरुको उपस्थितिमा सम्पन्न गरिने परम्परा रही आएको छ। नाच निकालिने वर्षको गाईजात्राको दिनमा सार्वजनिक पूजाको लागि जब मुकुट निकालिन्छ। बिहानैदेखि सम्पूर्ण पोखरेली भक्तजनहरुबाट दिनभर पूजा सम्पन्न भएपछि त्यही दिनको बेलुका मुकुट भित्र्याउने कार्य गरिदैंन। चुपचापका साथ कोहि पनि नबोली मुकुट ग्रहण गर्ने कलाकारहरुले आफ्नो देवताहरुको मुकुट लिएर मुवाली बाजाको साथमा अर्को कोठामा लग्ने कार्य गरिन्छ। यसपछि दिन हेरेर तान्त्रिक वज्राचार्यबाट प्रत्येक मुकुटमा भएको देवत्व शक्तिहरुलाई १२ वटा किसलीमा स्थानान्तर गरि सुरक्षित राख्ने कार्य गरिन्छ। त्यसपछि नाचका लागि आवश्यक पर्ने सम्पूर्ण गरगहना एवं लुगाहरुको व्यवस्था गरिन्छ भने विभिन्न शास्त्रीय रागका गीतहरु, वाद्यवादन र नृत्य अभ्यास गराउने कार्य पनि त्यस समयमा गरिन्छ।

यो भैरवनाच तान्त्रिक महत्त्वसँग जोडिएको मल्लकालीन संस्कृति हो। यस भैरवसँग सम्बन्धित एक किंवदन्ती अनुसार नाय अर्थात् गुरुको एउटा सत्य घटनाले यस तथ्यलाई अझ पुष्टि गर्दछ। आजभन्दा ६० वर्ष पहिला अर्थात् वि.सं. २०१५ सालमा जुक्ते भन्ने एक थकालीको घरमा घटेको प्रसङ्गको यहाँ चर्चा गरिन्छ। त्यो बेला जुक्तेको घरमा एउटा राम्रो बोका पालिएको थियो। एकदिन हालका बाह्र भैरवनाचका गुरु सर्वज्ञमान प्रधानाङ्गका बुबा गुरु चतुरमान प्रधानाङ्ग जो आफैँ पनि तान्त्रिक थिए, उनले मन्त्र फुकेर हातमा बेसार र चामल मिसाइएको अथवा भैरव देवतालाई तन्त्रले फुकेर बोका भएको घरको मूल ढोकामा उक्त अक्षताले पूजा गर्दा ढोका खोलिएछ र बोका बाँधेको भएपनि उक्त अक्षताको प्रभावले पूजा गर्दा ढोकाको नजिक आफैँ खोलिएर आएछ र सरासर मन्दिरतिर लागेछ। पूजारीले पनि सो बोकालाई भीमसेन मन्दिरमा लगी बलि दिएर रातभर पूजा गरी उक्त बोकाको प्रसाद खाएर घर फर्केछन्।

जुक्तेले बिहानपख खोरमा जाँदा बोका नभेटेपछि सोधखोज गरेछ र भैरवका पूजारी परिवारले आफ्नो गोठको बोका लगेको थाहा पाएपछि घरमै गएर तथानाम गाली गर्दै जाँदा उत्तिखेर नै मुख बांगिएर बोल्न पनि सकेनछ। त्यसपछि जुक्तेका घरका परिवारमा कोलाहल मच्चिएछ। के गर्ने भनेर सल्लाह हुँदा भैरव परिवारका पूजारीको घरमा गई सल्लाह लिँदा तिमीले भैरव र भैरवका परिवारलाई तथानाम गाली गरेकोले भैरव रिसाएको हो। अब तिमीले किसली राखी भैरवको मन्दिरमा पूजा गरी क्षमाप्रार्थी भई अर्पण गर्यौ भने तिमीलाई भगवान् भैरवले क्षमा दिन सक्छन् र भैरवगणको नाचलाई घरमा आमन्त्रण गरी नचायौ भने तिम्रो सारा दुःख नियन्त्रण भएर जान्छ भन्ने सल्लाह पाएपछि त्यसै अनुसार गर्दा र नृत्य गर्दा मुक्ति मिलेको कुरा सुनाउँछन्।

यस बाहेक अन्य दैवी घटनाहरु पनि नघटेका होइनन्। मध्ये रातमा भैरव मन्दिरमा एउटा ठुलो कटहरको बोटको टुप्पामा ठुलो आगोको मुस्लो आकाशतिर जानु, भैरव मन्दिरभित्र कंकालहरुको लामो लगातारको आवाज आउनु, गुरु र अन्य प्रमुख सञ्चालकहरुको कानमा एकनासले बाजाहरु बजिरहनु, सुगन्ध र धुपहरुको बास्ना एकनासले आइरहनु आदि इत्यादि घटनाक्रम भएपछि नृत्य सुरु गर्नुपर्ने हुन्छ। यस्ता विभिन्न अलौकिक कार्यहरु भएपछि सञ्चालकहरु बसी छलफल गरी भैरव नाच निकाल्ने निर्णय गरिन्छ।

Raj Kishore

भैरव नाचको सुरुवात

वि.सं. २००६ साल चैत्रको अन्तिम पोखरामा ठूलो अग्निकाण्ड भएको थियो। अधिकांश पोखरा बजार नै अनौठो तरिकाले जल्न जाँदा कतिपय पोखराका महत्त्वपूर्ण कागजातहरु जलेको अनुमान गरिएको छ। हाल यस भैरवसँग पुराना कुनै पनि कागजपत्रहरु नभएको हुनाले कहिलेबाट सुरु भयो भन्ने अनुमान लगाउन गाह्रो भएता पनि वि.सं. १८४९ सालमा भैरव मन्दिर र भीमसेन मन्दिर एकैपटक तान्त्रिक पद्धतिबाट स्थापना गरेको भन्ने किंवदन्ती बुढापाकाहरुले सुनाउने गर्दछन्। किंवदन्ती अनुसार नै वि.सं. १९५७ सालदेखि हालसम्म नृत्य सञ्चालन गर्दै आएको मौखिक भनाइ रहेको छ भने वि.सं. २०२९ सालदेखि ६/६ वर्षको अन्तरालमा नियमित भैरव नृत्य प्रदर्शन गर्दै आएको पाइन्छ।

काठमाण्डौंबाट ३ प्रकारले नेवारहरु बाहिरिएका भेटिन्छन्। एक पृथ्वीनारायण शाहले हमला गर्दा, दोस्रो उपत्यकामा विफरको जगजगी भएपछि आफ्नो छोरालाई नसरोस् भनेर उपत्यका छोडेर जान उर्दी जारि भएपछि तेस्रो गुठी पूजामा भोज खुवाउन नसकेर अर्थात् रोजगार नभएपछि उपत्यका छोडेर बाहिरिनु परेको थियो। काठमाण्डौंमा पृथ्वीनारायण शाहले हमला गरे पश्चात् काठमाण्डौं र भक्तपुरबाट विभिन्न भागमा उपत्यका छोडी धेरै परिवारहरु गएका थिए, जस मध्येमा केही पोखरामा पनि बसाईं सर्न पुगे।

यस्तै बसाईं सर्ने क्रममा पंक्तिकारका पुर्खाहरु पनि उपत्यका छोडी पोखरा पुगेका हुन्। पुर्खाले बसाईं सर्ने क्रममा यस भैरवनाचको साथमा यसको कला र संगीतलाई पनि साथै लिइ आएको देखिन्छ। आफ्नो परिवारको लालनपालनको साथसाथै यस भैरव नृत्य प्रदर्शन र अन्य संस्कृतिहरुलाई पनि जीवन्त राखेको पाइन्छ। त्यतिखेर २६ कुरिया अर्थात् २६ वटा मात्र परिवार थियो। त्यतिखेर राणा प्रधानमन्त्री वीर शमशेरको शासनकाल रहेको थियो। त्यतिखेरका नेवारहरुको भारी परिवार भएका कारणले उहाँहरुले भैरव नाच चलाउनका लागि गुभाजुहरु ल्याई पूर्ण तान्त्रिक पद्धतिबाट सञ्चालन गर्नुभएको थियो। यो भैरव महादेवको नै एक अर्को रुप हो वा भनौं महादेवको एक उग्र रुप हो। यहि सन्दर्भमा भैरवका अनन्य भक्त पोखरामा तामाको ठेक्का पाई व्यापार व्यवसाय गरेका सुब्बा जिताराम भन्ने व्यक्तिले यहाँका स्थानीय व्यक्तिहरुसँग मिली भीमसेन मन्दिर र भैरव मन्दिरको स्थापना गरेका थिए भनी केही बुढापाकाहरुले सुनाउने गर्दछन्। भीमसेन मन्दिर बाहिर रहेको ठुलो घण्टमा समेत जितारामको धर्मपत्नी सुब्यानी अप्सरा देवीले चढाएको घण्टी संवत् १८७६ भनी देखिएको र भीमसेनटोल निवासी टंकमान नापितले भीमसेन मन्दिरको हराएको ताम्रपत्रको विवरण कुनै बेला संयोगले टिपेको उक्त टिपोटबाट पनि जितारामद्वारा नै यो भीमसेन मन्दिर र भैरव मन्दिरको एकै पटक स्थापना भएको देखाउँदछ।

नाम तस्य पत्र गर्जनारायणार्थ समाहित जिताराम नाम .... (अस्पष्ट)

पञ्च समुज्वल भीम भैरव श्वहस्तेन नृत्यर्थ सपागोहि आपदासमा नमस्तु।

संवत् १७१४ आषाढ वदी १२ रोज २ नक्षत्र ४ वर्ष ७ पक्ष १ शुभाशुभम्।

वि.सं. २००६ सालमा पोखरामा ठूलो आगलागी भएको थियो। त्यहि अग्निकाण्डमा विभिन्न महत्त्वपूर्ण कागजपत्रहरु पनि जलेका थिए भन्ने भनाइ रहेको छ। सो समयमा भैरव मन्दिरको स्थापना कालका महत्त्वपूर्ण कागजपत्रहरु पनि जलेको अनुमान गरिन्छ। किनभने अहिलेसम्म पनि भैरव मन्दिरको स्थापना कालको कुनैपनि कागजपत्र नभेटिएको हुँदा भैरव मन्दिर कहिले र कसले निर्माण गरेका थिए जग्गा कसले प्रदान गरेको थियो आदि कुराहरु गर्भमै रहेको छ। जे भएपनि माथि उल्लेखित विवरणमा संवत् १७१४ भन्नाले शाके संवत् भएको हुनाले विक्रम संवत् र शाके संवत्को फरक वर्ष १३५ जोड्दा १८४९ हुने र उहाँकै श्रीमती अप्सरा देवीले १८६७

Raj Kishore
मा चढाइएको घण्टमा उल्लेखित विवरणले वि.सं. हो भनी भन्न सकिने भएकोले हाल करिब २३० वर्ष पुरानो यो भैरव परम्परा हो भनी उल्लेख गर्न सकिन्छ।

नाचको तयारी

स्थानीय भाषामा भैल प्याखं, गं प्याखं वा भैरव नृत्यको नामले प्रचलित यो भैरव नृत्य देखाउने निर्णय करिब १ वर्ष पहिले नै गर्ने गरिन्छ। कुल देवताको रुपमा मानिँदै आइरहेको यस भैरव नृत्य देखाउने बेलामा भैरव गणको १२ वटै देवदेवीहरुको मुकुण्डो गाईजात्राको दिन सार्वजनिक रुपले प्रदर्शन गरेपछि नाचसँग सम्बन्धित एक पूजारीको घरमा लगेर राखी र नाचको लागि देवगण हुने पात्रले त्यही पूजारीको घरबाटै आ–आफ्नो मुकुण्डो हस्तान्तरण गरी लाने व्यवस्था भएकोमा हाल २०४१ सालबाट भैरव मन्दिरमा देवता घर बनी सकेपछि भैरव मन्दिरबाट नै सञ्चालन गरिँदै आएको छ। नाच निकाल्ने भएपछि मुकुटहरुलाई भित्र्याउने कार्य गरिदैंन। एउटा कोठामा खुल्ला रुपमा राख्ने गरिन्छ र समय मिलाएर बौद्ध वज्राचार्यलाई बोलाई मुकुटमा भएको देवताका प्राणहरुलाई तान्त्रिक शक्तिले एक एक वटा किसलीमा स्थानान्तर गरि बन्द गरि राख्ने गरिन्छ। र मुकुटहरुमा शक्ति नभएपछि मुकुट मर्मत गर्ने रंगरोगन गर्ने, भैरवका लुगाहरु, गहनाहरु, हतियारहरु मर्मत तथा रंगरोगन गर्ने गरिन्छ। त्यसपछि १ महिना अथवा डेढ महिना सम्म शास्त्रीय गीतहरुको सँगसँगै १२ भैरवहरुका कलाकार हरुलाई वाद्यवादनका साथ नाच्ने कला सम्बन्धमा अभ्यास गर्ने गराइन्छ। दशैँको टीकाको साइत पारेर पुनः ती मुकुटहरुमा सुरक्षित रहेका किसलीहरुबाट तान्त्रिकले प्राण भर्ने कार्य गरि हस्तान्तरण गर्ने गर्छन्। नाट्येश्वरको मन्दिर भीमसेन मन्दिरमा प्रथम प्रदर्शन गरी गणेश मन्दिर, सरस्वती मन्दिर, विन्ध्यवासिनी मन्दिर र भैरवटेल स्थित गणेश मन्दिरमा प्रदर्शन पश्चात् सार्वजनिक रुपमा भक्तजनहरुको अनुरोधमा ठाउँ ठाउँमा नृत्य प्रदर्शन कार्य सुरु गरिने गर्दछ। उक्त स्थानमा भैरव लगेपछि स्थानीय व्यक्तिहरुले भक्तिभावका साथ घण्टौँ पूजाआजा गरेपछि ६ प्रकारका नृत्यहरु करिब ६ घण्टा नचाउने गरिन्छ। नृत्य कार्य सकिएपछि भैरवहरु देवता घरमा फर्काउने गरिन्छ। निरन्तर रुपमा पोखराका प्रत्येक टोल टोलहरुमा मानव, पृथ्वी, जलचर, चराचर, अग्नि, वायु आकाशको सन्तुलनताको लागि भैरवसँग भक्तिभाव राखी आफ्नो आफ्नो स्थानमा नृत्य प्रदर्शन गराई पवित्रताको लागि नृत्य सञ्चालन गर्न भक्तजनहरु उत्सुकता राख्ने गर्दछन्। पूर्णतया तान्त्रिक विधिबाट सञ्चालन हुने यो नाच पहिला पहिला १२ वर्ष नघाउन हुँदैन भन्ने मान्यता र परम्परा रहि आए अनुसार यो नाच वि.सं. २०२९ सालदेखि ६/६ वर्षको अन्तरालमा प्रदर्शन गर्ने गरिन्छ।

यस नृत्यमा संलग्न हुने देवगणहरुमा कालभैरव, महाकाली, इन्द्राणी, वाराही, कौमारी, वैष्णवी, ब्रह्माणी, माहेश्वरी, गणेश, दागीं, भुत्चा र कवं गरी १२ जना देवगण हुने गर्दछ। राजा रणजित मल्लले संरक्षण एवं प्रवर्द्धन गरेको यस बाह्र भैरव नाच पुर्खाहरुले भक्तपुरबाट नै पोखरा ल्याइएको भएतापनि हाल यस प्रकारको बाह्र भैरव भक्तपुरमा भेटिँदैन। यस महत्त्वपूर्ण नाचमा राजा रणजित आफैँले रचना गरेको मानिने यस रागका गीतहरुमा राजा रणजित मल्लकै वर्णन गरिएको छ।

राग खीँया

जय जय भइरव भजन याये
मुगुतिया नाथ पदम पदमलाय
भुवन सम खा जुई व उद्धार ।१।

खीयागत

भइरव नाथ कालीव ज्याक
नागन कोखाया व खडग जोव ।१।
जय जय भैरव कुण्डल आसन ।
मसानस आकास छि वास ।२।
रणजित नृपति भगतिसतव मति ।
भैरव नरया विनती ।३।

अर्थ : जय जय भैरव भजन गर्छु, मुक्तिको बाटो देखाइदेऊ, भुवनमा समेत नदेखिएको उद्धार गर्ने ॥१॥ हे भैरवनाथ ! कालीसमेत आउनुभयो, सर्पको माला लगाएको, खड्ग लिएको ॥१॥ जय जय भैरव कुण्डल आसन, मसान र आकाशमा वास बस्ने ॥ रणजित राजाले समेत भक्ति भाव राखेको ॥ हे भैरव प्राणीहरुको बिन्ती चढाउँदछु ।

यस भैरव नृत्यको लागि वाद्यवादनमा ६ जना, शास्त्रीय गायनमा दायाँ १५ जना र बायाँ १५ जना गरी ३० जना, देवगणमा १२ जना, देवगणका सहयोगीमा १२ जना, पुजारी ४ जना, छाता वा आशागुर्जा समात्ने २ जना र बत्ती समात्नेहरु १२ जना एवं अन्य सहयोगीहरु १५/२० गरी जम्मा जम्मी ९०/९५ को दलबल नभएसम्म नृत्य निकाल्न कठिन हुने गर्दछ । नाचको प्रारम्भ राग गायनबाट सुरु हुन्छ भने समापन पनि राग गायनबाट नै हुन्छ । देवताहरुले धारण गर्ने अस्त्रशस्त्रमा ४ भैरवले फरक फरक प्रकारका खड्गहरु, ४ देवीले प्रयोग गर्ने ४ वटा डमरु, गणेशको अस्त्र वञ्चरो, दागीले दायाँ हातमा लिने कलः र बायाँ हातमा मसाल साथै बाजाहरुमा मृदंग, ३ वटा झ्याली र २ जोर ढल्की हुने गर्दछ ।

यस नाचको इतिहासलाई खोतल्ने हो भने त्यस नाचको संरक्षणको लागि भनि कुनै विशेष जाति वा समूहको संलग्नता नदेखिएता पनि पोखराका विभिन्न थरका नेवारहरु संलग्न भई नाचलाई आवश्यक पर्ने विभिन्न क्रियाकलापमा संलग्न भई संरक्षण एवं प्रवर्द्धन कार्यमा लागेको देखिन्छ । जस्तै ग्वंगजु, नापित, विजुक्छें, तझया, शिल्पकार, ध्वजु, सुवाल, ढेवाजु, रंजित, उदास, बीजमय, प्रधान, प्रधानाङ्ग, कतिला, जोशी, वज्राचार्य, मानन्धर, कायस्थ, लिगल, माकाजु, खैंजु जातहरुले महत्त्वपूर्ण सहभागी भई बाह्र भैरवको महत्त्वपूर्ण सांस्कृतिक योगदान गर्ने गरेका छन् ।

नेपालमा वज्राचार्यहरुको वज्रयान परम्परा

✍ राजेन्द्रमान वज्राचार्य

विषय प्रवेशः

नेपालमा वज्राचार्यहरुको वज्रयान परम्परा आदिवासी नेवाः समुदायको नेपालमण्डलको क्रिया र चर्यामा आधारित धर्म र संस्कृति हो। बच्चा जन्मेपछिको समयान्तर विकासक्रममा बौद्ध र हिन्दु धर्ममा पहिलो खुड्किला चुडाकर्म र चुडाकरण हो। बौद्ध संस्कार अनुसार केटा कुलपुत्रलाई अभिषेक प्रदान गरि सम्पन्न गरिने प्रव्रज्याभिषेकलाई चुडाकर्म भनिन्छ भने हिन्दु संस्कार अनुसार केटा कुलपुत्रलाई परम्परामा आधारित महत्त्वपूर्ण बौद्ध र हिन्दु संस्कारमा अभिषेक प्रदान गरी सम्पन्न गरिने व्रतबन्धनलाई चुडाकर्म भनिन्छ।

चुडाकर्म अर्थात् जन्मेदेखिको शरीरको कपाल (रौं) लाई पूर्ण रुपमा खौरने कार्य हो भने चुडाकरण अर्थात् जन्मेदेखिको शरीरको कपाल (रौं) लाई शरीरमा टुप्पी बाँकी राखेर सम्पन्न गरिने अभिषेक हो।

शरीरको कपाल (रौं) लाई पूर्ण रुपमा खौरने कार्यले क्लेषबाट मुक्त हुन, भिक्षुत्वको जीवन यापनमा प्रवेश गराइने र शिरमा टुप्पी बाँकी राखेर जनै धारणा गराई जोगीको जीवन यापनका साथ त्यागी जीवन यापनमा अग्रसर गराउने प्रकृया हो।

दशसंस्कार विधिमा आधारित यस अभिषेक विधि पश्चात् बौद्ध वा हिन्दु भन्ने धार्मिक आस्था, विश्वास र मान्यताका साथ आआफ्नो धार्मिक सामाजिक व्यवहारको धर्म, संस्कृति र सभ्यतामा अग्रसर हुने गर्दछ।

भूमिकाः

शाक्य र वज्राचार्य अर्थात् सहायक गुरु र गुरुको भूमिकामा रहने कार्यको लागि प्रव्रज्याभिषेक (चुडाकर्म) पहिलो अभ्यासमा रहन प्रदान गरिने अभ्यास हो। प्रव्रज्याभिषेक (चुडाकर्म)को अभिषेक प्राप्त गर्नु भनेको अभिषेक प्राप्त गरी सहायक गुरुको तहमा रहनु हो भने आचार्याभिषेक प्राप्त गर्नु भनेको वज्रसत्व गुरुको तहमा प्रवेश गर्नु हो। आधुनिक शिक्षा पद्धतिमा, प्रव्रज्याभिषेक प्राप्त गर्नु भनेको स्नातक तहको बौद्ध शिक्षा प्राप्त गर्नु हो। त्यसै गरी आचार्याभिषेक प्राप्त गर्नु भनेको स्नातकोत्तर डिग्रीको उपाधि प्राप्त गर्नु हो। त्यसैले शाक्य वा वज्राचार्य भनेको कुनै जात वा जाति विशेष होइन। प्रव्रज्याभिषेक र आचार्याभिषेक नेवाः बौद्धमा, दशसंस्कार विधि कै एक महत्त्वपूर्ण अंग हो।

नेपालमण्डलको बौद्धधर्मको संस्कार तथा संस्कृति

बौद्धधर्म र हिन्दु धर्मका अनुयायीहरुले सोही धर्मका गुरुहरुलाई गुरु मानेर संस्कार धर्महरु सम्पन्न गर्ने क्रममा नेवाः समुदायले गुरु वज्राचार्यहरुलाई गुरु मानेर, जन्म पूर्व र जन्म संस्कारदेखि पाणिग्रहण अर्थात् विवाहकर्मसम्म दशसंस्कार सम्पन्न गर्ने गर्छन्। तत्पश्चात् पनि, ज्याःजङ्को (बुढाबुढी पास्नी), मृत्यु उपरान्तका विविध मृत्यु संस्कारहरु समेत सम्पन्न गर्ने परम्परा रही आएको छ। यिनै परम्परा अन्तर्गत शाक्य,

RatKishore

वज्राचार्यहरुमा, प्रव्रज्याभिषेक (चुडाकर्म), पहिलो अभिषेक प्राप्त गर्दै बौद्धधर्मका सोभन्दा माथिका अभिषेकहरु प्राप्त गर्ने क्रममा गुरु वज्रसत्व स्थान प्राप्त गरी वज्राचार्य हुन आचार्याभिषेक प्राप्त गर्ने गरिन्छ। जुन समयमा गुह्य रुपमा सामाजिक व्यवहारदेखि वज्रयान बौद्ध धर्मका प्रारम्भिक गुरुमण्डलार्चनदेखि होमादि यज्ञ पूजाविधि, चर्या गीत र नृत्य आदि समेतको प्रशिक्षण दिने गर्दछ।

दशकर्म शिक्षा (संस्कार धर्म) परम्परा

प्रकृति र प्राकृतिक नियम अनुसार पञ्चतत्त्वबाट सिर्जना भएको भवचक्रमा जन्म लिएको भौतिक शरीरलाई प्राकृतिक नियममा घुलमिल हुन शिक्षा/दीक्षा दिनु र सोहि अनुसार संस्कारित गर्नु नै दशकर्म शिक्षा (संस्कार धर्म) प्रचलनमा रहेको हो। तसर्थ, दशकर्म शिक्षा (संस्कार धर्म)मा वज्रयान बौद्ध परम्परा अनुसार निम्नानुसार १० तहमा तहगत शिक्षाहरु प्रदान गर्ने गरिन्छ।

क. दशकर्म विधिमा केटा र केटीहरुलाई गरिने संस्कार

(१) **गर्भाधान–** प्रकृति र पुरुषको योग समन्वयबाट हुने गर्भाधानलाई स्वभाविक प्रकृयामा जीवन्त राख्न दिइने शिक्षाको पहिलो क्रियात्मक पूजा संस्कार नै गर्भाधान संस्कार पूजा हो।

(२) **पुंसवन–** यस क्रियाको माध्यमबाट गर्भवती महिलालाई अष्टमी व्रत, उपोषढव्रत आदिको उपाय कौशलताका आधारमा छोरा नै जन्म होस् भन्ने भावना जगाई शील, समाधि र प्रज्ञा ज्ञानहरु प्रयोगात्मक रुपमा प्रदान गर्नु नै पुंसवन अभ्यास भनिन्छ।

(३) **सीमान्तोपनयन–** गर्भाधारण भएका महिलाको इच्छानुसार पोषिला खानपानको व्यवस्था गर्नु नै सीमान्तोपनयन हो।

(४) **जातकर्म–** जन्मेको बच्चाको नाभि छेदन पश्चात् आ–आफ्नो वंश परम्परा अनुसार जन्मेको ५/६ दिनमा जातकर्म अभिषेक प्रदान गर्ने गरिन्छ।

(५) **नामाभिषेक–** जन्मेको लग्नमा रहेको तिथि, नक्षत्र, योग, करण, राशी आदिको आधारमा बच्चाको नाम राख्ने विधि नै नामाभिषेक क्रिया हो।

(६) **अन्नप्राशन–** जन्मेको ५/६ महिनामा पञ्चग्रास विधिको अन्नप्राशन कार्यमा कण्ठशोधन अर्थात् घाँटी खोल्ने कार्यका साथ बच्चा जन्मेको निश्चित अवधिपछि मह खुवाउने, फलफूल खुवाउने र खीर खुवाएपछि सम्पन्न हुन्छ।

ख. दशकर्म विधिमा केटाहरुलाई गरिने संस्कार–

(७) **चुडाकरण/चुडाकर्म–** केटा मान्छेको बाल्यकाल अर्थात् ५ वा ७ वर्षको उमेरमा सम्पन्न गरिने विधि नै प्रव्रज्याभिषेक (चुडाकर्म) हो। जुन विधिमा जन्मेदेखि टाउकोमा उम्रेको कपाल काट्ने गरिन्छ। यसरी कपाल काट्ने बेलामा टुप्पी बाँकी राखेर गरिने संस्कार चूडाकरण हो। ततपश्चात्, श्रद्धेय चक्रेश्वरबाट प्रव्रजित हुने बालकको शिरमा बाँकी रहेको टुप्पीलाई पनि काट्ने परम्परा नै चूडाकर्म हो। प्रव्रज्याभिषेक (चूडाकर्म) पश्चात्, प्रदान गरिने विविध अभिषेक (कलशाभिषेक, नामाभिषेक, घण्टाभिषेक, वज्राभिषेक, छत्राभिषेकका साथै गुरुवज्रसत्वका अन्य अभिषेकहरु) लाई नै आचार्याभिषेक भनिन्छ।

Raj Kishore

ग. दशकर्म विधिमा केटीहरुलाई गरिने संस्कार

(८) **इहिकर्म**– इहि अर्थात् समय सँगसँगै शरीरको विकास (वृद्धि)को क्रममा शरीरलाई आवश्यक पर्ने पौष्टिक आहारको जानकारी दिने र विविध जडीबुटीको धारण गरी आफ्नो शरीरलाई स्वस्थ राख्ने काम यस इहिकर्मको बेलामा लगाइने रक्षामालाबाट हुने गर्दछ।

(९) **बाधा (बाह्रा) कर्म विधि**– बाह्राकर्म विधिको माध्यमबाट गर्भाधारण गर्न सक्षम नारीको अवस्थामा प्रवेश हुने हुँदा महिलाको विविध अवस्थाहरु, महिला अङ्गहरुको विकास, यौन शिक्षा तथा गर्भाधारण र महिलामा हुनसक्ने विविध रोगहरुबारे शिक्षित बनाउने विधि नै बाधा (बाह्रा) कर्म विधि रहेको छ। तसर्थ, आमा अथवा बच्चा जन्माई सकेकी आईमाईबाट १२ दिनसम्म (पुरुषहरुको स्वर, दृष्टिबाट वञ्चित गराई) अलगगै कोठाभित्र राखेर माथिका विषयहरुमा शिक्षा दिने गर्दछ। तर विकृत संस्कारको प्रादुर्भाव गर्दै केटी मान्छेलाई समेत प्रव्रज्याभिषेक प्रदान गर्दै सिसल्कु र गुरुपात्र समेत प्रदान हालै मात्र गरेको पाइन्छ।

घ. दशकर्म विधिमा केटा र केटीहरुलाई गरिने संस्कार

(१०) **पाणिग्रहण**– महिला तथा पुरुषहरुको नियमित प्राकृतिक योग सम्बन्धको लागि गरिने विवाहकर्म नै पाणीग्रहण हो।

(११) **संस्कार धर्म परम्परामा मृत्यु संस्कार**

माथिका दशकर्म संस्कारबाट जन्म भएका बच्चाहरुलाई क्रमागत अभिषेकहरु प्रदानका साथ विविध नामहरु प्रदान गर्दै महिला र पुरुषको रुपमा वैवाहिक सम्बन्ध सम्मका क्रियाकर्महरु सम्पन्न गरिन्छ। जब कुनै व्यक्तिको अन्त अर्थात् मृत्यु हुन्छ, तब विविध मृत्यु संस्कारहरु सम्पन्न गरिन्छ। मृत्यु भएको दिनदेखि नियमित रुपमा एक वर्षसम्म र तत्पश्चात दुई वर्ष हुँदाको समयमा मूल रुपमा मृत्यु संस्कार सम्पन्न गर्दै, त्यसपछिका वर्षहरुमा स्मरणार्थ वार्षिक श्राद्ध क्रिया गर्ने गरिन्छ।

संस्कार र संस्कृति

(१) नखःचख (चाडपर्व) :

नखः चखः अर्थात् संस्कृति। धर्ममा, ॠतु परिवर्तनका साथ नखःचख (चाडपर्व) मनाउने गरिन्छ। चाडपर्व मनाउने क्रममा विविध पूजाआजा सम्पन्न गर्दै, ॠतु अनुसार उत्पादन हुने खाद्यान्न तथा उपजहरु खान लगाएर शारीरिक सु–स्वस्थता दिलाउने गर्दछ।

यसरी सम्पन्न गर्ने क्रममा हुने खानेले नखः अर्थात् भोज समेत खाएर मनाउने गर्दछन् भने आर्थिक स्थिति कमजोर भएकाहरुले चखः अर्थात् समयबजी मात्र खाएर मनाउने गर्दछन्। यसरी मनाउने परम्परा स्थान विशेषमा मौसम फरक हुने हुँदा एउटै चाड कतै नखःको रुपमा मनाइन्छ भने कतै मनाउन नै नपर्ने र कतै चखःको रुपमा मनाउने समेत परम्परा रही आएको देखिन्छ।

(२) यात्रा, जात्रा, पर्व, मेला

यात्रा, जात्रा र पर्वलाई भाषाविद्, व्याकरणविद्, विदेशी परम्पराको आधारमा समानान्तर शब्द तथा व्युत्पत्ति शब्दको प्रयोग गरि यात्रा, जात्रा, मेला वा पर्व एउटै हो भन्ने गरेको पाइन्छ। तर, यात्रा, जात्रा, मेला र पर्व, नेपालमण्डलको सांस्कृतिक परम्परामा यसको महत्त्व, प्रयोग तथा उपयोगितामा भिन्नता रहेको पाइन्छ। जस्तै– खटमा राखेर काँधमा बोकेर सम्पन्न गर्नेलाई जात्रा, रथमा राखेर तानेर सम्पन्न गर्नेलाई यात्रा र कुनै

स्थान विशेषमा सम्पन्न गरिने विशेष कार्यलाई पर्व र स्थान विशेषमा नियमित समयको अन्तरालमा मनाइने कार्यलाई मेलाको रुपमा मान्ने प्रचलन रहेको छ। धार्मिक, ऐतिहासिक परम्परामा अमोघपाश लोकेश्वर, बुङ्गमती लोकेश्वरको रथयात्रा,थँबहिको सिंहसार्थबाहु बुद्ध, बसुन्धराको जात्रा तथा पञ्चदान, नवदान, संघदान आदिलाई पर्वको रुपमा मनाउने गर्दछ। साथै निश्चित स्थानमा गएर मनाउने गुंलाधर्म स्वयम्भू वा बौद्ध स्थलमा जाने, तीर्थ तीर्थमा गएर मनाउने नवरथ, सिलुतीर्थ (गोसाईंकुण्ड), मातातीर्थ र गोकर्णमा गएर मनाउनेलाई मेला भन्ने गरिन्छ।

(३) धर्म, संस्कृतिका सैद्धान्तिक पक्ष

नेपालमण्डलको धर्म, संस्कृतिका सैद्धान्तिक पक्षमा आफू र आफ्नो परिवारलाई भन्दा अरुको हित कल्याणमा अग्रसर हुने प्रचलन रहेको पाइन्छ। यिनै क्रममा निम्नानुसार विविध विधि तथा व्यवहारहरु प्रचलित रहेका छन्–

क) **सामाजिक व्यवहार**– सामाजिक अर्थात् शील, समाधि र प्रज्ञा ज्ञानमा आधारित बोधिसत्व चर्या रहेको देखिन्छ। जस्मा, चत्तुर्ब्रम्ह विहार अर्थात् मैत्री, करुणा, मुदिता, उपेक्षा भावका ज्ञानमा आधारित व्यवहार नै सामाजिक व्यवहार रहेको देखिन्छ।

ख) **चन्द्रमाको गतिलाई लिएर सूर्योदयको समयलाई आधार मानी अग्रसर हुने**–वज्रयान बौद्ध परम्परालाई सरल तथा व्यवहारिकता दिन उपाय कौशलताको आधारमा चन्द्रमाको गतिमा आधारित गरि सूर्योदयको समयलाई आधार सीमा बनाई अग्रसर हुने परम्परागत प्रचलन अपनाएको पाइन्छ। अर्थात् सूर्योदय हुँदाको समयमा रहेको तिथि नै भोलि पल्ट सूर्योदय नहुँदासम्मको तिथि कायम हुने व्यवहारिक प्रचलन रहेको छ।

मिला अर्थात् सूर्योदय हुँदा रहेको चन्द्रमाको गति अनुसारको तिथि

धर्म-संस्कृति, चाडपर्व, यात्रा–जात्रा–मेला–पर्व, गुठि, गृहप्रवेश, पूजा–पाठ, दान–धर्म, उपोषढ व्रत (धलं दनेगु) आदि देखि आर्थिक, सामाजिक, न्याय, खगोल–ज्योतिषी, चिकित्सा, सु–स्वास्थ्य, कार्यारम्भ आदि कार्यहरुमा सरल, व्यावहारिक र उपयोगी सिद्धान्तको रुपमा प्रचलनमा रहेकोले नै कोलम्बसले अमेरिका देश नै पत्ता नलगाएको समयमा नेपालमण्डल सु–संस्कृत तथा सभ्य समाजको रुपमा विकास भैसेकेको थियो।

माथिका कुनैपनि कार्य सम्पन्न गर्दा, कहिले कुन तिथि पर्दछ र कहिले मनाउनु पर्दछ भनी काठमाडौंमा–स्वयम्भू महाचैत्य, जनबहाल, विजेश्वरीका साथै वज्रयानी केन्द्रको रुपमा रहेका मूलबहाः(महाविहार)का क्वाचपाल देवता(क्वापाःद्यः) द्यःपाःला वा आ–आफ्ना गुरुवज्राचार्यहरु सँग सोधेर यकिन गर्ने गरिन्छ।

यसैगरी ललितपुरमा–हिरण्यवर्ण महाविहार(क्वाःबहाः), बौद्ध विहारसंघ, भक्तपुरमा–दिपंकर बुद्धविहार, चत्तुर्ब्रम्ह विहार, र आ–आफ्ना गुरु वज्राचार्यहरुसँग तथा ठिमि, भ्वत(बनेपा), किपू(कीर्त्तिपुर), च्वबहाः(चोभार), नाला करुणामय आदि स्थानमा सोधनी गरेर धर्म, संस्कृति, नयाँ काम, यात्रा आदिको प्रारम्भ तथा सम्पन्न गर्ने गरिन्छ।

उपरोक्त माथिका कार्यहरुलाई व्यावहारिक निरन्तरता दिने कार्यमा गुरु वज्राचार्यहरुले सम्पूर्ण उपायहरुलाई अबलम्बन गर्दै अगाडि बढ्ने गरेको पाइन्छ। गुरु वज्राचार्यहरुले जगतसत्व प्राणीको हित–उद्धार गर्ने लक्षका साथ आफ्, आफ्नो परिवार, आफ्ना नातागोता नभनीकन जसलाई बढी आवश्यक हुने गर्दछ, पहिलो प्राथमिकता उनैलाई दिएर यजमानहरुको हित कल्याणका कार्यमा अग्रसर हुने गर्दछन्। साथै पूजा, पाठ, व्रत,

धलं, जप, ध्यान, समाधि, योगआदि कार्यमा आफ्नो जीवनलाई समर्पण गर्ने गरेबाट नै यी कुराहरुको पुष्टी हुने गर्दछ। जसको कारणले नेपालमण्डलको वज्रयान बौद्ध परम्परा- धर्म-संस्कृति, नखः-चखः, यात्रा-जात्रा-पर्व, साहित्य-संगीत, गुठी, पूजा-पाठ, दान-धर्म, धलं दनेगु, द्यः पूज्यायेगु आदि कार्यले निरन्तरता पाईरहेका देखिन्छन्। यिनै सभ्य मानव समाजले अङ्गीकार गरेका प्रकृति र प्राकृतिक सिद्धान्तलाई दर्शन ज्ञानमा आधारित धर्म-धार्मिक मान्यता भित्र रहेर धर्म, संस्कृति र संस्कारलाई सही ढङ्गमा अग्रसर हुन जीवन्तता तथा स्थाई परम्परालाई चिन्न सक्नु पर्दछ।

पाटन सुन्दरी चोकको कलापक्ष र तन्त्रसँगको तादात्म्य

✍ शिवेश शर्मा (राजोपाध्याय)

विषयप्रस्थान

काठमाण्डौं उपत्यकाका देव-देवालय, दरबारहरुमा रहेका कलाशिल्पादिका बारेमा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय समुदायमा तीव्र कौतूहलता रहेको पाइन्छ। हाम्रो देश नेपाल कला संस्कृतिमा निकै धनी भएकोले यी कुराहरुले नै विश्वप्रख्यात छ। प्राचीन कला र कलाका सिद्ध साधकहरुले भरिपूर्ण यस प्राचीन काठमाण्डौं उपत्यका कला साधनाको भण्डार हो। यस स्थान वास्तुकला, शिल्पकला, काष्ठकला, आदिले सुसज्जित छ। त्यसमाथि तीनवटै दरबारक्षेत्रका कलाकृति निकै आकर्षणयुक्त छन्। यहाँका मन्दिर, दरबारहरुको काष्ठकलामा शिल्प झल्किने बुट्टाहरु एकदमै उच्च कोटीका छन्। यिनको व्याख्या, विश्लेषण गर्न गाह्रो रहेको कुरा पनि सबैमा विदितै छ। यी कुराहरुको ठीकसँग विश्लेषण गर्न गहन अध्ययन र अनुसन्धानको आवश्यक पर्दछ। पाटन दरबार स्थित सुन्दरी चोक तन्त्रशास्त्रको उच्चतम प्रयोगले निर्माण गरिएका काष्ठकला, शिल्पकला र धातुकलाले भरिपूर्ण उपत्यका कै सबैभन्दा सुन्दर, कलात्मक र रहस्यमय चोक भएकाले त्यहाँका तन्त्रको उत्कृष्ट नमूनाका रुपमा एवम् मिहिन कलापक्ष रहेका महत्त्वपूर्ण मूर्तिहरुको यथासम्भव रहस्योद्घाटन गर्ने यस लेखमा चेष्टा गरिएको छ।

हिटि संस्कृति

मानवजगतमा पानीको महत्त्वपूर्ण भूंमिका छ। मानवजातिको कर्महरु सबैमा जल अथवा पानी प्रातःकालदेखि रात्रीसम्म, ज़न्मदेखि मरणसम्म प्रत्येक पल-पलमा पानीको प्रयोग हुन्छ र गरिन्छ। हाम्रो सामाजिक कार्यहरु नामकरण, अन्नप्राशन, जन्मदिन, चुडाकर्म, वेलविवाह, व्रतवन्ध, सूर्य-दर्शन, विवाह, रथारोहण आदि र धार्मिक कार्यहरु पूजा, पाठ, संकल्प, बलिदान आदि नित्य, नैमित्तिक र काम्य अनुष्ठानहरुमा पानीले विशेष महत्त्व राख्दछ। यसै कारणले जललाई प्रमुख अत्यावश्यक पञ्चतत्त्व मध्ये एक रुपमा मानिन्छ।

स्मरणीय छ -काठमाडौं उपत्यका पनि कुनै समयमा ठूलो दहको रुपमा रहेको थियो भन्ने कथाहरु सुन्दै आएका छौं। परापूर्वकालमा यहाँ ठूलो दह भएकोले नै यस ठाउँमा धेरै स-साना दह र पोखरीहरु छन्, जसले गर्दा जमिन सतहको केही तल नै पानीको सतह भेटिन्छ। धाराहरु ढुङ्गा, धातु, आदिबाट बनेका हुन्छन्। स्थानीय नेवारी भाषामा ढुङ्गाको धारालाई 'लोंहिटि', नेपालीमा 'ढुङ्गेधारा', संस्कृतमा 'प्रणालिका', हिन्दीमा 'मकरधारा' र इन्डोनेसियामा यस्तै धारालाई 'ताम्पका' भनिन्छ। यस्तै धारा धातुको पनि बनाइएका हुन्छन् र त्यस्ता धातुमा स्वर्ण जलप लगाइयो भने स्थानीय भाषामा लुहिटि र नेपाली भाषामा 'सुन्धारा' भनिन्छ। काठमाण्डौं उपत्यकाकै अहिलेसम्मको पुरानो ढुङ्गेधारा पाटन दरबारस्थितको 'मंगः हिटि' अर्थात् 'मंगलधारा' हो। ने.सं.४९२ (वि.सं.६२९)

Raj Kishore

मा यस धाराको प्रतिष्ठा गरिएको भनी त्यहाँ उल्लेख छ। यसै गरी यस उपत्यकाकै उत्कृष्ट धारा परिसरमध्ये एक 'सुन्धारा' परिसर हो। वि.सं १८८६ मा तत्कालीन प्रधानमन्त्री भीमसेन थापाको सत्ताकालमा ललितत्रिपुरासुन्दरीद्वारा बनाउन लगाइएको थियो। अन्य दरबारक्षेत्रमा पनि यस्ता धाराहरु धेरै छन्। यसमध्ये पाटनको टुसाहिटि, भक्तपुर र काठमाडौँको 'थँथु हिटि' कलात्मक र चर्चित धाराहरु मध्ये हुन्। पाटनको टुसाहिटि, टुसाहिटि चोक वा सुन्दरी चोकमा, भक्तपुरको थँथु हिटि नागपोखरीमा र काठमाडौँको थँथु हिटि मोहनकाली चोकमा अवस्थित छ।

टुसाहिटि

पाटनको टुसाहिटि ने.सं. ७६७ वैशाख कृष्ण पक्ष, बृहस्पतिबार, हस्ता नक्षत्र, भक्तपुरको थँथु हिटि ने.सं ८०८ वैशाख शुक्ल तृतीया र काठमाडौँको थँथु हिटि ने.सं ७७२ माघ पूर्णिमाका दिन क्रमशः प्रतिष्ठा गरिएका हुन्। यीमध्ये सबैभन्दा ठूलो धारा टुसाहिटि हो भने सबैभन्दा कलात्मक र बुट्टेदार धारा काठमाण्डौं दरबार (यें ल्याकू) स्थित मोहनकाली चोकको थँथुहिटि हो। यस्ता धाराहरुमा जलचरको आकृति जलश्रोतका रुपमा प्रतीकका रुपमा कुँदिएका हुन्छन्। राजदरबार परिसरमा दरबारियाहरुका लागि पानीको श्रोत भनी धेरै ठाउँमा धाराहरु बनाइएका हुन्छन्। पाटन दरबार परिसरभित्र मंगः हिटि, भण्डारखाल हिटि र टुसाहिटि गरी तीनवटा धाराहरु हालसम्म सुरक्षित छन्। कतिपय यस्ता धाराहरु कालान्तरमा भग्नावशेषले पुरिदाँ अहिले अस्तित्त्वमै छैन तर पुरिएका ढुङ्गेधाराहरु उत्खननको समयमा भेटिएपछि अहिले भण्डारखालमा राखिएका छन्। यस चोक पाटन दरबार बीचको बाटेको पूर्व, मूलचोकको पश्चिम, भण्डारखालको पद्मपोखरीको पश्चिम र पूल्चोक-ग्वार्को जाने मुख्य बाटेको उत्तरपट्टि अवस्थित छ।

सुन्दरी चोक र दरबारको प्रवेश गर्ने मुख्य प्रवेशद्वार यस चोकको पश्चिमपट्टि छ भने च्यासीं देगःको पूर्व, ठीक अगाडि छ। प्रवेशद्वारमा निकै कलात्मक काष्ठकला कुँदिएका छन् भने यसको ठीक दायाँ-बायाँ पञ्चमुखी सिद्धि गणेश र हिरण्यकश्यपु मारिरहेको नृसिंहका ठूला मूर्तिहरु राखिएका छन्। यस प्रवेशद्वारको खापामा ३ तहका बुट्टाहरु छन्। माथिल्लो तहमा चन्द्र-सूर्य, मध्य तहमा दुईवटा आँखाहरु र तल्लो तहमा दुईवटा कलशहरु छन्। ढोकाको आसनमा दुईतिर दुई सिंहहरु छन्। बुट्टा, बनावट र काठको आयु हेर्दा र बुझ्दा यी खापाहरु सायद पछिल्लो कालमा अर्थात् वि.सं. २०३१ सालतिर जीर्णद्वार गरिएको अनुमान गर्न सकिन्छ। यस ढोकालाई सामान्य रेखाङ्कन गरी त्यहाँ देवी-देवता तथा योग-योगिनीहरुलाई अङ्कहरु तथा वर्णले अङ्कित गरी नामहरु निम्न बमोजिम उल्लेख गरिएको छ :

१.पञ्चमुखी महादेव, २. असिताङ्ग भैरव-ब्रह्माणी, ३. रुरु भैरव-माहेश्वरी, ४. चण्ड भैरव-कौमारी, ५. क्रोध भैरव-वैष्णवी, ६. उन्मत्त भैरव-वाराही, ७. कपाली भैरव-इन्द्राणी, ८. भीषण भैरव-चामुण्डा, ९. संहार भैरव-महालक्ष्मी, १०. गणेश, ११. चन्द्र, १२. सूर्य, १३. चण्ड भैरव-कौमारी, १४.संहार भैरव-महालक्ष्मी, १५. ज्वालान्त्याकंधारी ज्वालाश्री १६. सिन्हमूधारी ज्वालालक्ष्मी, १७. खड्गपाणि यमदुत, १८. दण्डपाणि यमदुत १९. सुरुका चतुर्मङ्गल समाइरहेका योगिनी (क देखि घ सम्म क्रमशः श्रीवत्स, चक्र, छत्र र कलश), २०. अन्त्यका चतुर्मङ्गल समाइरहेका योगिनीहरु (च देखि झ सम्म क्रमशः चमर, पङ्खा, पद्म र शङ्ख) छन्। क को अगाडि र झ को पछाडि माल्यार्पण गरिरहदाँको परीहरु छन् भने क-घ र च-झको तल सिंहले नागनागिनीलाई आक्रमण गर्नलाग्दाको आकृति छ। चन्द्र र सूर्यको ठीक तल पनि मलः (ड्रागन)को आकृति कुँदिएको छ।

यसरी गरुड-नारायण भक्त सिद्धिनरसिंह मल्लद्वारा निर्मित पञ्चमुखी महादेव, अष्टमातृका, अष्टभैरवले

Raj Kishore



सुसज्जित सुन्दरीचोक प्रवेशद्वारमा चन्द्र–सूर्यको समान तेज र आसनमा सर्वोत्तम सिंहासनले भित्रको चोकको तन्त्रको स्तर बताउँछ । ढोकाको माथिल्लो भागलाई दुबै तर्फबाट भैरव र मातृकाको आलिङ्गन स्त्री–पुरुष शक्तिको बारेमा प्रकाश पार्छ । यस द्वारमा स्वागत गर्न मकरका ज्वालाबाट प्रकट भएका श्री र लक्ष्मी छन् । द्वारको तल्लो भागको सुरक्षाका लागि खड्गपाणि यमदूत र दण्डपाणि यमदूत राखिएका छन् । यस द्वारबाट आवत–जावत गर्ने सम्पूर्णको सुमङ्गल कामनार्थ यहाँ योगिनीहरुले अष्टमङ्गल समाइरहेका छन् । ढोकाको दायाँपट्टि भागमा दशभुजारुपी पञ्चमुखी सिद्धिबिनायक छ भने बायाँपट्टि भागमा क्रमशः हिरण्यकश्यपु संहार गरिरहँदाको नृसिंह र हनुमानका मूर्तिहरु छन् । सर्वशक्तिमान् हनुमान् मल्लयुद्धको देवताका रुपमा पुजिन्छ । यस प्रकारले सिद्धि बिनायक, नृसिंह र हनुमान राख्नुको ढाँचा, सिद्धि–नर सिंह–मल्ल भनी राजा सिद्धिनरसिंह मल्लको शासनकालमा बनाइएको दरबार र राजाको नामसँग मेल खाएको संकेत गराई देवता राखिएको हो ।

काठमाडौं उपत्यकाकै सबैभन्दा राम्रो चोक तत्कालीन श्री श्री मणिग्लाधिपति महाराजाधिराज जयवीर सिद्धिनरसिंह मल्ल देवको शासनकालमा बनाइएको हो । यस चोकमा दुईवटा स्थापना मितिहरु भेटिएका छन् । उल्फग्याङ्ग कोर्ण सहित केही लेखकहरुले ने.सं.७४७ लेखेका छन् भने मेरी 'सल्सर' लगायत केही लेखकहरुले भने ने.सं.७६७ लेखेका छन् । यसैगरी डा.डि.आर.रेग्मीले भने यो चोक श्रीनिवास मल्लको कालको भनेका छन् तर स्थापना मिति/तिथि उल्लेख गरेका छैनन् । यही कुरा भाषा वंशावलीमा ने.सं ७६७ वैशाख कृष्णपक्ष, हस्ता नक्षत्र, वृहस्पतिबार भनी पूरा मिति उल्लेख गरेकाले यस मितिलाई नै मुख्य आधार मानिएको छ ।

सुन्दरी चोक

सुन्दरी चोकको विशेषता र त्यसको संरचनाले त्यस चोकलाई विश्वप्रख्यात बनाएको छ । त्यो विश्वप्रख्यात बनाउने संरचना टुसाहिटि परिसर हो । यस धारा परिसरलाई चारै दिशाबाट सुरक्षाको हिसाबले दुईवटा नागहरुले पहरा दिइरहेका छन् । प्रवेशस्थानको दायाँ–बायाँ नागका दुई शिर छन् । प्रत्येक नागको अलि अगाडि एक–एक गरी दुईवटा सिंहहरुले पनि पहरा दिइरहेका छन् । प्रत्येक सिंहको अगाडि एक–एक गरी दुईवटा पद्मस्तम्भहरु ठड्याइएका छन् । यी स्तम्भको अगाडि सिद्धिनरसिंह मल्लको शिलाखाट छ । दुईवटा सिंहको बीचबाट धारा परिसर तल जान मिल्ने खुड्किला छ । धारा परिसर आठकोणे(च्यार्सी) छ । चोकबाट तल झर्ने खुड्किलाको ठीक अगाडि सुनौलो जलपको वैदन्त्य सवार लक्ष्मीनारायण विराजमान र जलचरको आकृति भएको धारा अर्थात् टुसाहिटि छ । धाराको ठीकमाथि शिखर शैलीको कृष्णमन्दिरको नमूना शिला मन्दिर छ । धारा परिसर चोकको सतहबाट १.५ मी. गहिरो छ । खुड्किलादेखि नमूना मन्दिरसम्म २.५४ मी. लम्बाई छ । धारा भुईंभन्दा ७५ सेन्टिमीटर माथि छ । धातुको कलात्मक धारा ५५ सेन्टिमीटर लामो छ भने पानी बग्नका लागि धाराको ठीक तलको भाग धारापरिसरको भुईंभन्दा १५ सेन्टिमीटर गहिरो छ । यस धारा परिसरको देवी–देवताहरुको नाम प्रकाशन गर्न धेरैले प्रयास गर्नुभयो । पाटन दरबारक्षेत्रमा युनेस्कोको योजनामा कार्य गर्दैगर्दा एक लेखकले तत्कालीन तलेजु मूलपूजारी पं.श्री मंगलानन्द राजोपाध्यायले दिनुभएका नामहरु लेखी प्रकाशनमा ल्याए । यस

परिसरको अधिकांश देवी–देवताहरुको पहिचान गराउन उहाँको उल्लेखीय र अविस्मरणीय योगदानलाई कदर गर्दै यस लेखलाई उहाँको नाममा समर्पण गरिएको छ। साथसाथै उहाँको यस योगदान नभइदिएको भए आजसम्म सायद यस चोकबारे लेखहरु अपूर्ण रहन्थे।

यस चोकबाट तल जानका लागि ९ वटा खुड्किलाबाट झर्नुपर्छ। तल झरिसकेपछि ८ वटा ठाडो ढुङ्गाको मसिनो खम्बाहरुले खण्ड छुट्याइएका छन् र प्रत्येक खण्डहरुमा देवी–देवताहरुको प्रतिमा छन्। खुड्किलाबाट सिधा हेर्दा कलात्मक धातुको वैदन्त्यमा सवार लक्ष्मीनारायणसहितको टुसाहिटि देखिन्छ। खुड्किलाको द्वारपालको रुपमा दायाँमा द्वारपालदेव र बायाँमा अजैकपद अर्धनारेश्वर छन्। देवी–देवताहरुलाई ३ तह बनाई राखिएका छन्। माथिल्लो तह भन्नाले चोकको सतह, मध्यतह भन्नाले चोक र धारापरिसरको भुइँको सतहबीचको सतह र तल्लो सतह भन्नाले धारापरिसरको भुइँको सतह बुझ्नुपर्नेछ। यहाँका अधिकांश मूर्तिहरु शैव सम्प्रदाय, वैष्णव सम्प्रदायका तन्त्रहरुसँग सम्बन्धित छन्। यसरी देवी–देवताको प्रतिमा खोपाजस्तो खण्ड–खण्ड छुट्याई भित्र राखिएका छन् र बाहिर रुखका हाँगा र पातहरुको जस्तो बुट्टा कुँदिएको छ।

अष्टकोणे धारा परिसरमा, धाराको कोणबाहेक धारासम्म पुग्न दायाँ र बायाँ ३–३ वटा कोणहरु छन्। खुड्किलाको तर्फबाट बायाँतिरका तीन कोणहरुमा मध्य तहमा ३–३ प्रतिमाहरु छन्। तल्लो तहमा खुड्किलादेखि क्रमशः १, ५ र ३ प्रतिमा छन् त्यसैगरी धाराको बायाँपट्टि भाग, खुड्किलाको तर्फबाट दायाँपट्टि भागको मध्य तहमा ५–५ वटा देवताहरु तल्लो तहमा खुड्किलादेखि क्रमशः ३ र ५–५ प्रतिमाहरु राखिएका खण्डहरु छन्। यस धाराबाट बायाँपट्टिको भागस्थित मध्यतह, मध्यकोण, मध्यभागमा सानो मन्दिरजस्तो छाना राखी त्यस भाग अलि अगाडि ल्याइएको छ र त्यसमा सुनौलो तोरण राखी मातृकागणसहित, सुनौलो अष्टदशभुजाको द्विसिंहमा सवार चण्डी छन् र सोहि चण्डीको तल सानो महिषासुरमर्दिनी दुर्गा भवानी राखिएको छ। माथिल्लो तहको घेरामा अधिकांश सुरक्षा गर्नका लागि राखिएका देवताहरु अधिकांश छन्। जस्तै : अष्टनाग, भैरव, भीमसेन र कल्की छन्। यसैगरी मातृकाका रुपमा बगलामुखी, रत्नपञ्च कुमारी आदि छन्। यस तहमा शक्ति सहित देवताहरु, उदाहरण स्वरुप चन्द्र–शक्ति, रुक्मिणी–कृष्ण–सत्यभामा, लक्ष्मीनृसिंह, सूर्य–शक्ति र अग्नि–शक्ति पनि छन्। यस तहमा अष्टनाग सजिलैसँग छुट्टिन्छन्। यिनको माथि नाग–नागको छत्राकारको नागपाशले सजिसजावट छ र आसनमा पनि सुरुमा नागासन अनि त्यसको तल पद्मासन छ। यसैगरी शिखर शैलीको नमूना मन्दिरसँगै एउटा प्रतिमाको सट्टा क्षप्पुले नागहरु टेकिरहेको तोरणसहित हेर्दा मूर्ति चोरी भइसकेको जस्तो देखिने खाली ठाउँ छ। यस स्थानमा पहिला मूर्ति थियो वा थिएन भन्ने गहिरो खोजको विषय हो तर यो लेख लेख्न सहयोग पुयाउनुहुने अधिकांश व्यक्तिहरु, तलेजु पूजारी निरण राजोपाध्याय र रक्षण राजोपाध्याय साथै पाटन संग्रहालयका संग्रहालय अधिकृत सुरेश लाखेको पनि यस स्थान अमूर्त रहेको तर्कमा जोड रहेको छ। यस परिसरलाई राम्ररी बुझि हेर्दा पनि यही निष्कर्षमा पुगिन्छ। यस परिसरमा यस्तो खाली स्थान तन्त्रसँग सम्बन्धित ठाउँमा मात्र छ। त्यसैले यस खाली स्थानमा पूर्ण कलश थियो कि भनेर अनुमान गर्न सकिन्छ। मध्य तहमा पनि यस्तै रहेको छ। यस्तो तान्त्रिक अमूर्त ठाउँमा क्षप्पुले नागलाई टेकिरहेको आकृति, प्रत्येक नागहरुको तल ज्वाला मकर र कलशको थामजस्तो आकृतिले गर्दा सजिलै चिन्न सकिन्छ।

यसै तहमा एउटा मूर्ति अझ अपरिचित मध्य तहमा अधिकांश शक्तिसहित आलिङ्गन मूर्तिहरु छन्। यस तहको एउटा आलिङ्गन मूर्ति अझै अपरिचत छ। अघि माथिल्लो तहमा उल्लेख भए अनुरुप क्षप्पुसहितको तोरण भएको खाली/अमूर्त २ वटा स्थानहरु धाराको दायाँ–बायाँ तर अलि माथि राखिएका छन्। यो पनि माथिः अमूर्त

भाग हो तर शुक्रसागर श्रेष्ठको लेखमा शिव र वैष्णवी उल्लेख गरी चोरी भइसकेको भनी उल्लेख गरिएको छ।

यसै तहमा शक्तिसहितका आलिङ्गन मूर्तिहरुमा अष्टभैरव–अष्टमातृका, ऋद्धिबिनायक, अर्धनारीश्वर अष्टमूर्ति शिव, हयग्रीव–तारा, चन्द्र–शक्ति, यक्ष भैरव–कुमारी, पवनदेव– शक्ति, उमा–महेश्वर, लक्ष्मीनारायण, त्रिजात नाग–शक्ति आदि छन्। यही तहको खुड्किलामा बोका अर्थात् अजैकमा पाद राखेको अजैक पद रुद्र छन् भने एउटा मात्र पाद र शक्ति पसेको रुप भएकोले एक पद अर्धनारीश्वर पनि भनिएको छ। यस तहमा योगिनीगण सहित ताण्डवेश्वर, मातृकागण सहित चण्डी र चण्डीको आसन अगाडि महिषासुरमर्दिनी, परीगणसहित सर्वमंगलादेवी छन्। यस तहमा धाराबाट बायाँपट्टिको भागस्थित मध्यतह, मध्यकोण, मध्यभागमा सानो मन्दिरजस्तो छाना राखी त्यस भाग अलि अगाडि ल्याइएको छ र त्यसमा सुनौलो तोरण राखी सप्तमातृका गणसहित, सुनौलो अष्टदशभुजाको द्विसिंहमा सवार चण्डी छन् र सोही चण्डीको तल सानो महिषासूरमर्दिनी दुर्गा भवानी राखिएको छ। यसैको कारण यस भाग अलिबढी रसयुक्त र आकर्षित देखिन्छ।

तल्लो तहका देवी–देवताहरु अधिकांश तान्त्रिक भावभंगीमा रहेका छन्। तल्लो तह भएको कारण राज्यको बाहिरी सीमाना अर्थात् तल्लो भागका बासिन्दाहरुद्वारा पूजिने देवी–देवताहरु छन्। राज्यको तल्लो तह भन्नाले नदी किनार बुझ्नुपर्छ र नदी किनारमा मसानसँग सम्बन्धित शक्तिपीठहरु हुन्छन् जस्तै चामुण्डा, भूतेश्वरी, शमशानेश्वरी, शमशान भैरव, हरसिद्धि, आदि। त्यस्तै तान्त्रिक भेष र गण सहितको कार्त्तिकेय, वटुक भैरव, एकाशय भैरव, दशवक्त्र भैरव, श्रीकण्ठयुक्त नृसिंह भैरव, पञ्चमुखी गणेश, कुमार आदि छन्। मातृकाहरुमा दैत्य संहार गर्दै गर्दाको मातृका गण सहित महिषासुरमर्दिनी, चण्डिका, चामुण्डा, शिवदुती, गौरी लक्ष्मी, शक्तिचण्डिका देवी आदि पनि छन्। यस तहको मुख्य आकर्षण अर्धनारीट्यसंगीतेश्वर हो। यस देवलाई शुक्रसागर श्रेष्ठको लेखमा नृत्येश्वर–संगीतेश्वर मात्र भनी लेखिएको छ तर यहाँ नृत्य, बाजा आदिका देवता श्री नाट्येश्वर, देब्रे भागमाः स्त्रीः स्तन, खप्पडको माला, अलङ्कार पहिरेको, सिंहासन छ भने दायाँ भागमा पुरुषको भैँ जुङ्गा, नरमुण्डमाला, बाघको छाला ओढेको, वृषभासन, आदि छ। यस रुपबाट अर्धनारीश्वरको रुप स्पष्ट हुन्छ। त्यस्तै गरी यस कोणमा यही प्रतिमाबाहेक अरु प्रतिमा छैनन्। दायाँ–बायाँ ६–६ गरी १२ वटा प्वालहरु छन्। यहाँका देवताहरु पनि चोरी भएका होइनन्। यो भाग अमूर्त भाग नै हो। यहाँ माथि पहिलेझैँ तोरण छैनन्, खाली ठाउँ मात्र छन्। नाट्येश्वरसँगै यस्तो खाली ठाउँको अर्थ संगीतको प्रतीक हो। संगीतलाई तन्त्रमा खाली ठाउँले संकेत गरिन्छ। यसमा स्वर, ताल अनुसार कोमल, अचल र शुद्धि मिलाई 'सा रेरे गग म प धध निनि सां' लाई संकेत गरिएको हो। यी सबै कुराहरुको मध्यनजर गर्दै यस देवताको नाम संयुक्तरुपमा अर्धनारीट्यसंगीतेश्वर भनिएको हो। वृषभ–सिंहासनको तल पद्म र प्रेतको संयुक्त आसन छ। यी आसनहरुको तल सांगीतिक प्रस्तुती गरिरहेका शिवगण छन् भने देवताको माथि हनुभैरव राखिएको छ। श्मशानेश्वरीको आसन तल श्मशानमा चित्ता बालिरहेको आकृति छ र त्यसको ठीक तल शिवलिङ्ग–स्तूपहरुको चित्रहरु छन् भने भूतेश्वरीमा पनि यस्तै छ।

दुसाहिटीको बनौट

यस धारा २ फरक चीजबाट बनेको छ, १ः धातु र २ः शिला। धाराको आसन शिलाले बनेको छ र धारा अड्याइएको भित्तामा दन्तेझ्यालमा दन्तको पातेपत्रझैँ शिलाको पत्र निकै कलात्मक तरिकाले तोरणको आकार निकाली कुँदिएको छ। शिलाको आडमाथि धारालाई थप कलात्मक बनाउन धातुको भाग थपिएको छ। यसमा पनि ३ फरक आकृतिहरु छन् : १. वैदन्त्य सवार लक्ष्मी नारायण, २. जलचर र ३. तीन पत्रे आशन। चतुर्भुज

नारायणले, क्रमशः रुपमा अभय मुद्रा, चक्र, शङ्ख र पद्म समाई अभयमुद्रा दर्शाएकी लक्ष्मीलाई काखमा राखिरहेका छन्। यहाँका वैदन्त्य देव-देवीको आसन घोप्टो पारी राखिएको छ। यसै वैदन्त्यको तल, धाराको दायाँ-बायाँ जलचरका आकृतिहरु बनाइएका छन्। भित्तादेखि क्रमशः मण्डूक (भ्यागुता), कक्ष्य (कछूवा), मकर (गोही) र मत्स्य (माछा) छन्। लक्ष्मी नारायणको पछाडि, शिलाको पातेपत्रको तल धातुबाट निर्मित मयूरको प्वाँखको ढाँचाले ३ पत्रे, भित्तादेखि आकारमा क्रमशः सानो हुँदै गरेको धातुको कमलपत्रको आसन छ। धाराको ठीक दायाँ-बायाँतिर प्वालहरु छन्। यस स्थानबाट पहिला नागहरु आवत-जावत गर्दथे भन्ने किंवदन्ती छ। धाराको तल भगीरथले धारालाई उचालिरहेको आकृति छ भने भगीरथको दायाँ-बायाँ गज सवार मनुष्यका आकृति छन्। यस धारामा राजा नुहाउने गर्दथे भनेर कतिपय लेखकहरुले लेखेका छन् तर धारा परिसरको बनोट हेर्दा यस ठाउँमा नुहाउँदा देवताहरुमा पानीको छिट्टा पर्दछ। त्यस्तै नग्न साधनाबाहेक अरु कार्यमा देवताहरुको अगाडि नग्न हुनु पनि एक पापमध्ये गनिन्छ। यस्ता कारणहरुले गर्दा पहिलाका धर्मात्मा राजाहरुले यस धारामा पक्कै पनि नुहाउने गर्दैनथे। बरु धाराको पानीले बिहान नित्यकर्मका हिसाबले प्रत्येक देवी-देवतालाई जलार्पण गरी शिला खाटमा बसी ध्यान गर्दथे। बरु यसरी कथा भनियो भने अलि भएपनि सत्यता भएको जस्तो आभास हुन्छ। सुन्दरी चोकको अष्टकोणे टुसाहिटी परिसरलाई सामान्य रेखाङ्कन गरी माथिल्लो, मध्य तल्लो तहलाई क्रमशः बाहिरदेखि भित्र अंकित गरी घडीको सुईको दिशा अनुरुप संकेत गरी देवी-देवताहरुका नाम निम्न बमोजिम छन् :

माथिल्लो तह

१. बगलामुखी	२. कल्की
३. स्वच्छन्द भैरव	४. अनन्त नाग
५. वासुकी नाग	६. तक्षक नाग
७. चन्द्र – शक्ति	८. कर्कोटक नाग
९. उमा महेश्वर	१०. रुक्मिणी – कृष्ण – सत्यभामा
११. अग्नि – श्भ	१२. तोरण सहित अमूर्त स्थान (गवाक्ष)
१३. पहिचान नभएको	१४. लक्ष्मी नृसिंह
१५. उन्मत भैरव	१६. अन्नपूर्ण
१७. पद्मनाग	१८. सूर्य – सन्ध्या
१९. महापद्म नाग	२०. शङ्खपाल नाग
२१. कुलिक नाग	२२. रत्नपञ्च कुमारी
२३. चन्द्र – शक्ति	२४. भीमसेन

मध्य तह

१. अजैक पद अर्धनारीश्वर	२. शङ्खरुपी वराह
३. योगिनीगण सहित ताण्डवेश्वर	४. क्रोध भैरव-वैष्णवी
५. चण्ड भैरव-कौमारी	६. रुरु भैरव-रुद्राणी
७. असिताङ्ग भैरव- ब्रह्माणी	८. ऋद्धि बिनायक

Raj Kishore

९. अर्धनारी अष्टमूर्ति शिव
१०. सर्वमंगलादेवी
११. तोरण सहित अमूर्त स्थान (गवाक्ष)
१२. तोरण सहित अमूर्त स्थान (गवाक्ष)
१३. सशक्ति गंगाधर हरि
१४. पञ्चमुखी हयग्रीव तारा
१५. पञ्चभक्ति रमापति
१६. संहारभैरव – महालक्ष्मी
१७. भीषण भैरव – चामुण्डा
१८. कपाली भैरव– इन्द्राणी
१९. उन्मक्त भैरव – वाराही
२०. मातृकागण परिभेषिता चण्डी
२१. चन्द्र– शक्ति
२२. यक्ष भैरव– कुमारी
२३. पवन देव – शक्ति
२४. पहिचान नभएको
२५. उमा– महेश्वर
२६. लक्ष्मी– नारायण
२७. त्रिजात नाग
२८. द्वारपाल देव



[illegible]

तल्लो तह

१. अर्धनारीट्यसंगीतेश्वर
२. वीरभद्र
३. काल भैरव
४. नवदुर्गागण परिभेषिता महिषासूरमर्दिनी
५. कुमार
६. वटुक भैरव
७. त्रिमातृका (चण्डिका–चामुण्डा–शिवदुती)
८. तान्त्रिक परिभेषिता कार्तिकेय
९. शमशानेश्वरी
१०. गज सवार मनुष्य
११. नागहरु जानका लागि राखिएका प्वाल
१२. टुसाहिटी
१३. भगीरथ
१४. भूतेश्वरी
१५. हरसिद्धि
१६. शमशान भैरव
१७. शमशान भैरव
१८. वत्सलायुक्त पञ्चमुखरा
१९. सिद्धिबिनायक
२०. सद्भक्त भैरव
२१. पञ्चमुखी सिद्धिगणेश
२२. शक्ति एकादश शमशान भैरव
२३. एकाशय भैरव
२४. गौरी–लक्ष्मी
२५. शक्ति चण्डिका देवी (चामुण्डा–शिवदूती)
२६. श्रीकण्ठयुक्त षड्वक्त्र नृसिंह भैरव

तन्त्रको वैशिष्ट्य बोकेको टुसाहिटी लगायतका विभिन्न प्राचीन एवम् जीवन्त धरोहरहरुको कला, शिल्प र यसको विविध पक्षको महत्त्वबोध गर्ने र गम्भीर रुपमा खोज अनुसन्धान गरी संरक्षण एवम् संवर्धन गर्न अपरिहार्य भइसकेको छ। यस्ता अमूल्य सम्पदाहरुमा सम्बन्धित निकाय एवम् सरोकारवालाहरुको दृष्टिगोचर हुनुपर्दछ।

काठमाडौँ उपत्यकाका राजोपाध्याय ब्राह्मणहरूको शाक्ततन्त्र परम्परा

✍ आभास धरानन्द राजोपाध्याय

काठमाडौँ उपत्यका र यसको वरपर बसोबास गर्दै आएका नेवार (नेवाः) समुदायलाई बृहत्तर रूपमा शैव र बौद्धमार्गी भनी वर्गीकरण गरिएको पाइन्छ (नेपाली, २०२५; तोफाँ, २०५२; डाइज्कोस्की, २०५७; श्रेष्ठ, २०६६; शर्मा, २०६७ आदि)। हुन त नेवाः समुदायमा हिन्दु र बौद्धबाहेकका अन्य धर्मावलम्बीहरू पनि समाविष्ट छन्, तर यो लेख हिन्दु धर्मावलम्बीमा मात्र केन्द्रित गरेको छु। प्रायः हिन्दु धर्म अवलम्बन गर्ने नेवाःहरू शैवमतसँग बढी सम्बन्ध राख्दछन्। यहाँ शैव भन्ने बित्तिकै मैले दुबै शैव-शाक्तलाई मानेको छु, कारण शिव-शक्ति सदैव जोडिएको हुन्छ – **शिव शक्त्यात्मकं सर्वं त्रैलोक्यं स चराचरम्** (शिवतन्त्र, सुवेदी, २०७२, पृ.३५ द्वारा उद्धृत)। यस आलेखमा भने मैले अझ शाक्त परम्परालाई नै बढी केलाउन खोजेको छु। हुन त यो शक्तिपूजा परम्परा बौद्ध मतावलम्बीमा पनि छ, तर यस आलेखमा काठमाडौँ उपत्यका र आसपासका नेवाः बस्तीहरूमा नेवाः समुदायमाझ बस्दै आएका द्यःभाजु अर्थात् राजोपाध्याय ब्राह्मणहरूले अवलम्बन गर्दै आएका शाक्ततन्त्र सम्बन्धी मिश्रित परम्परालाई केलाउने प्रयत्न गरेको छु।

नेवाः समुदायको समाजशास्त्रीय दृष्टिकोण

नेवाः समुदायलाई कुनै एउटा गुणविशेषले चिनाउन गाह्रै पर्छ, तर सामान्यतः काठमाडौँ उपत्यकाको भूमिसँग जोडिएको र विभिन्न समयमा पटक-पटक गरी उपत्यकामा बसोवास गरी यहाँको संस्कृतिलाई पनि अँगाल्दै 'नेवारीकरण' भएको समूहलाई नेवाः भनी सामान्य रूपमा चिनिन्छ। यस व्याख्याअनुसार 'नेवारीकरण'को प्रक्रिया नेवाः समुदायलाई चिनाउन प्रमुख रहन्छ। समाजशास्त्रीय हिसाबले कुनै फरक संस्कृति नवीन स्थानमा बसोवास गर्न आउँदा उसले स्थानविशेषको संस्कृतिलाई अवलम्बन गर्नु सामान्य प्रक्रिया नै हो। समाजशास्त्रको यही आधारभूत सामाजिकीकरणको नियमलाई स्थानविशेषको रूपमा 'नेवारीकरण' नाम दिएको छु – अर्थात् विभिन्न समयमा काठमाडौँ उपत्यकामा आई यहाँको स्थानीय 'नेवार' संस्कृतिलाई अँगाल्ने र कालक्रममा आफ्नो संस्कृति, सीप र ज्ञान पनि यस नेवाः समाजलाई दिने स्वाभाविक सामाजिकीकरणको प्रक्रिया नै 'नेवारीकरण' हो। नेवाः समाज एकैपटक यो रूपमा विस्तार भएको होइन, बरु शताब्दीयौँदेखिको बसाइँ-सराइको प्रक्रिया र नयाँ समूहको प्रवेशवाट झन्-झन् समृद्ध हुँदै गएको हो। विद्वान् जनकलाल शर्मा (२०६७, पृ.३१०)ले यस सामाजिकीकरण प्रक्रियालाई यसरी व्याख्या गरेका छन् –

[काठमाडौँ उपत्यकाको] उर्वरा भूमिमा आकृष्ट भएका बाहिरिया मानिसको पनि आगमन

Raj Kishore

समय–समयमा भई नै रह्यो, जसले गर्दा यहाँको मूल वासिन्दाको जीवन पूर्णतया अछुतो पनि रहन सकेन र अन्य समाजका संस्कृतिको छाप पनि यिनमा पर्न गयो। त्यसै कारणले गर्दा यिनमा भाषा, संस्कृति, रहनरहन र कलामा चारैतिरको सम्मिश्रण हामी पाउँछौँ।

माथि व्याख्या गरिएको 'नेवारीकरण'को प्रक्रियालाई नै शर्माले 'सम्मिश्रण'को नाम दिँदै नेवाः समुदायको यस्तो विशेषता औँल्याएका छन् – "बाहिरबाट आएको प्रभावको सम्मिश्रणलाई पचाएर आफ्नै बनाउनु नेवार हरूको विशेषता हो" (ऐ.)।

अन्य हिन्दु समुदायझैँ नेवाः समुदायको जातीय व्यवस्था रहेको छ। ऐतिहासिक रूपले यस जात व्यवस्था ल्याउने श्रेय (वा दोष?) राजा जयस्थिति मल्ललाई दिइएता पनि उनीभन्दा अघिका हिन्दु धर्मावलम्बी लिच्छवि राजा श्रीपुष्पदेवले यस्तो व्यवस्था ल्याइसकेको देखिन्छ (गोपालराजवंशावली, १९ख पत्र, हेर्नुहोस् – वज्राचार्य र मल्ल, २०४२, पृ.२७)। जे होस्, नेवाः समुदायबीच विभिन्न कालखण्डमा विकसित जातीय व्यवस्थाको संरचनालाई समाजशास्त्री गोपालसिंह नेपाली (२०४५, पृ.१५०) ले निम्न तालिकामा देखाएका छन् –

	शैवमार्गी	बौद्धमार्गी
ब्राह्मण/पूजारी	द्यःभाजु/देवब्राह्मण (राजोपाध्याय)	गुभाजु (वज्राचार्य) शाक्य
उच्च जाति	छथरी श्रेष्ठ : मल्ल, थकुजुजु, जोशी, आचार्य (कर्माचार्य, भूताचार्य, पीठाचार्य, गुरुवाचार्य), प्रधान, अमात्य, राजभण्डारी, मुन्शी/कायस्थ पाँचथरी श्रेष्ठ	उदाय्
उच्च तल्लो जाति	पहारी, ज्यापु, हले (ग्वाला)	
(कथित) तल्लो जाति	गथु (माली), नाउ, खुसा, चित्रकार(पुं), रञ्जितकार(छिपा), मानन्धर (सायमी), कों	
(कथित) अशुद्ध जाति	डुइँया, बलामी, संगत भाः कसाइँ कुश्ले (जोगी)	
(कथित) अछुत जाति	पोडे, कुल्लु च्यामे हाराहुरु	

तालिका १ – नेवाः समाजको सामाजिक रूपरेखा

स्रोत – नेपाली (२०४५, पृ.१५०)

मध्यकालमा (र त्यसअघि?) राजपुरोहित र राजगुरुको भूमिका निभाएका शैवमार्गी राजोपाध्यायहरूले विशेषतः हिन्दु धर्मावलम्बीका (कथित) उच्च जातिहरूमा कर्मकाण्ड चलाउने गरेका छन्। श्रेष्ठ (२०६६, पृ.२४६)

ले राजोपाध्याय ब्राह्मणलाई देवभाजु र लवरजु भनी छुट्याएका छन्, जसमध्ये लवरजुलाई देवभाजुभन्दा तलको स्तरमा राखिएको छ।

राजोपाध्यायको परिचय

राजोपाध्याय ब्राह्मणहरू शुक्ल यजुर्वेदीय माध्यन्दिनी शाखा मान्दछन्, यससँगै राजोपाध्यायले ऋग्वेदसँगको सम्बन्ध अझै कायम राखेका छन्। वैदिक परम्परासँगै राजोपाध्यायले तन्त्रमा समेत गुरु भूमिका निभाइरहेका छन् भने बौद्ध परम्परालगायत अन्यसँग पनि प्रत्यक्ष–परोक्ष सम्बन्ध राखेका छन् (राजोपाध्याय, आ. २०७२)।

शाब्दिक रूपमा हेर्ने हो भने 'राज' र 'उपाध्याय' शब्द जोडी राजोपाध्याय शब्द बनेको हो। अर्थात्, राजाका उपाध्यायका रूपमा 'राजोपाध्याय' आएको देखिन्छ। राजोपाध्याय समुदायले यसरी राजाको गुरु तथा पुरोहितका रूपमा द्वैत सांस्कृतिक भूमिका निभाएको इतिहास सिद्ध छ। गुरुका रूपमा निगम परम्परामा मात्र नभई राजपरिवारका लागि आगम परम्पराका गुरु पनि राजोपाध्याय ब्राह्मणहरू रहेका प्रमाणहरू पनि यथेष्ट पाइन्छन्, उदाहरण– ललितपुरका राजा सिद्धिनरसिंह मल्लका तान्त्रिक गुरु विश्वनाथ उपाध्यायबारे कृष्ण मन्दिरअगाडि अभिलेख नै राखिएको छ (शाक्य, २०६५, पृ.४४; शर्मा, २०२५, पृ.१२), राजा श्रीनिवास मल्ललाई विश्वनाथ उपाध्यायका माहिला पुत्र मधुसूदन उपाध्यायले दीक्षा दिएको (शर्मा, २०२५, पृ.१५) र राजा योगनरेन्द्र मल्ललाई मधुसूदन उपाध्यायका पुत्र विद्यानन्द उपाध्यायले दीक्षा दिएका थिए (ऐ.)। आधुनिक कालमा राजा प्रताप सिंह शाहलाई पट्को कुलका कीर्ति ज्वालानन्दले दीक्षा दिंदासम्म यो क्रम चलेकै थियो (तोफाँ, २०५५, पृ.५)।

भक्तपुरको चाँगुनारायणस्थित राजा मानदेवको वि.सं. ५२१ (मानदेव संवत् ३८६)को शिलालेखमा **'विप्रेभ्योपि च सर्व्वदा प्रददती तत्पुण्यवृद्ध्यै धनम्'** (दोस्रो पाठ, पङ्क्ति १९; हेर्नुहोस् — वज्राचार्य, २०३०, पृ.१२) भन्ने वाक्यांश परेको छ। यसपछिका अन्य लिच्छविकालीन अभिलेखमा समेत 'ब्राह्मण' शब्दको उल्लेख पाइन्छ (वज्राचार्य, २०३०), यसर्थ लिच्छविकालमा ब्राह्मणको उपस्थिति रहेको प्रष्टै छ। तर त्यति बेलासम्म 'राजोपाध्याय' भनी सम्बोधन गरिएको देखिँदैन। हालसम्म भेटिएकामध्ये 'राजोपाध्याय' शब्दको सबैभन्दा पुरानो उल्लेख पशुपतिमा जयसिंहरामवर्द्धनले चढाएको मिति प्रष्ट नभएको अभिलेखमा पाइन्छ (रेग्मी, २०२३, पृ.३७; अभिलेख सङ्ख्या ३७) —

११ — ... परमेष्ठी कुलावतार भारद्वाजगोत्र श्रीशंकर नारायणसं ... ...
१२ — वेदाङ्ग पदक्रमादि सांगोपांगोद्भवा मृतामद सन्दोहमान रघुवंशोद्भव राजपुरोहित द्वि
१३ — ज.ब.रो.त्तम श्रीलक्ष्मीपति आराध्य सर्म्मणः प्रपौत्रेण। श्रीपशुपति चरणकमलसेवित वेदव्या
१४ — करणादि चतुर्दश विद्यानिधान श्रीत्रिपुरसुंदरी समाराधितानन्द संदोह पीयूषधारा परि
१५ — पूरित रघुवंशोद्भव राजपुरोहित द्विज.ब.रो.त्तम श्रीश्रीपति आराध्य शर्मणः पौत्रेण क
१६ — मलासन कुलावतंस विध्वस्त श्रीश्रीश्रीपशुपतिलिङ्ग प्रतिष्ठाकृताचार्य श्री ... ...
१७ — प्रासादध्वजावरोहणादि प्रतिष्ठाकृत श्रीश्रीश्रीत्रिपुरसुंदरी चरणकमल वे ... ...
१८ — दाङ्ग मंत्रनय व्याख्यानोपदेश परमगुरु रघुवंशोद्भव राजपुरोहित ... ...
१९ — खगणपति आराध्य सर्म्मणः कनिष्ठपुत्रेण माता श्रीतेजलक्ष्मीगर्भोद्भव
२० — तार *राजोपाध्याय* द्विज.ब.रो.त्तम श्रीरहसपति आराध्य सर्म्मणानुजेन
२१ — *राजोपाध्याय* द्विज.ब.रो.त्तम श्रीरणपति आराध्य सर्म्मणानुजेन॥

Raj Kishore

जुही गुभानी (२०७२) ले यस अभिलेखको मिति वि.सं. १४१७ (सन् १३६०) उल्लेख गरेका छन्। यस अभिलेखमा 'श्रीश्रीश्रीपशुपतिलिङ्ग प्रतिष्ठाकृताचार्य' (पङ्क्ति १६), 'ध्वजावरोहणादि प्रतिष्ठाकृत' आचार्य (पङ्क्ति १७) ब्राह्मणका रूपमा राजोपाध्याय उल्लेख भएको छ। यस अभिलेखमा राजोपाध्याय थरका रूपमा पछाडि नभई पदवीका रूपमा नामको अगाडि "राजोपाध्याय द्विज.ब.रो.त्तम" (पङ्क्ति २० र २१) भनी प्रयोग भएको छ। राजोपाध्याय पदवीका रूपमा दिइएको तर पछि थरको रूपमा प्रयोग भएको विद्वान्हरूको (खनाल, २०४०; तोफाँ, २०५२; गुभानी, २०७२) निष्कर्ष छ। यस अभिलेखभन्दा पछि चाँगुनारायणको भण्डारबाट लगी हाल हनुमानढोका दरबारमा राखिएको भनिने सुनको कण्ठी भएको मालामा वि.सं. १५८२ (ने.सं. ६४५) "श्रीश्रीश्री गरुडनारायणस्य सोम राजोपाध्यायनं पुत्र शाविन्द्राज कस्यो देशान प्रढोकित" वाक्यमा राजोपाध्याय थरका रूपमा प्रयोग हुन थालिसकेको देखिन्छ (खनाल, २०४०, पृ.१४)।

काठमाडौँ उपत्यकाका तीन शहरहरूका राजोपाध्याय ब्राह्मणहरूको कुल (कवः)लाई निम्न तालिकामा प्रस्तुत गरिएको छ –

कान्तिपुर	भक्तपुर	ललितपुर
१. वंघछें (इन्द्रचोक) २. मखंछें (मखन)	१. इपाछें २. चुचाछें	१. मण्डिछें (स्वथः) २. बकनिह्म/बलिह्म (क) पट्को (ख) गाःबहाल (ग) बलिह्म ३. वलानिह्म/वला (महाद्यःननी) ४. स्वनिह्म (सुलिह्म) ५. तधँलीवि (अग्निशाला/थबु) ६. नुगः (सुन्धारा)

तालिका २ – काठमाडौँ उपत्यकाका राजोपाध्याय ब्राह्मणहरूको कुल/कवः

यस तालिकाअनुसार राजोपाध्यायको काठमाडौँमा दुई कुल, भक्तपुरमा दुई कुल र पाटनमा षट्कुल मानिन्छ। भक्तपुरका सबै राजोपाध्यायहरूलाई एउटै कुल पनि भनिन्छ। भक्तपुरका सबै कुल, काठमाडौँको मखन कुल र ललितपुरको पट्को कुल भारद्वाज गोत्री, सुवेदी थर लिन्छन्। अर्को मतअनुसार भक्तपुरको कुललाई षट्कुल भनी बाँडिएको पनि पाइन्छ – १. खौमा, २. घट्खा, ३. खाइसिमाचुक, ४. लायकु, ५. नासचा र ६. यालाछें/चासुखेल/त्याछें।[१] यसमध्ये घट्खा र खाइसिमा चुकलाई इपाछें र अन्यलाई चुचाछें भनिएको पनि पाइन्छ। भक्तपुरका ब्राह्मण बस्तीको सूची वि.सं. १९५८ (ने.सं. ८२२) ताका लेखिएको 'सिद्धाग्नि कोट्याहूति देवल प्रतिष्ठा' नामक थ्यासफू (राष्ट्रिय अभिलेखालय, प्र १११५, रिल नं. ए२४९/५)को पत्र २०९ख मा पाइन्छ – १. एपाछे, २. (यं)पलाछे, ३. पशलाछे, ४. तिप्रकोछे, ५. द्वंय (थ्यासफूमा दुय लेखिएको, हेर्नुहोस् – वैद्य, २०६१)।

ललितपुरको स्वथः कुलले ललितपुर दरबारको मुःछें आगमलाई आफ्नो मान्छन्। ख्यातिप्राप्त तान्त्रिक

१ यस सूचीका लागि भक्तपुरको खौमा निवासी गिरिश शर्माप्रति कृतज्ञ छु।

Raj Kishore

गयो जुजु सुलिह्म कवःका हुन् (हेर्नुहोस् – शर्मा, २०५६) भने ललितपुरका राजा सिद्धिनरसिंह मल्लका तान्त्रिक गुरु विश्वनाथ उपाध्याय बकनिह्म/बलिह्म कवःका हुन् (हेर्नुहोस् – राजोपाध्याय, २०७३)। उनका ज्येष्ठ पुत्र हरिनाथका नाति श्रीनाथकी छोरी श्रीदेवीलाई काठमाडौँको न्हैकन्तलामा विवाह गरी पठाएकोमा श्रीदेवीकै छोरा कीर्तिराजानन्दबाट हाल पट्को कुल चलेको छ। विश्वनाथ उपाध्यायको माहिला छोरा मधुसूदनबाट गाःबहालको कुल र कान्छा छोरा सुदर्शनबाट वलिह्म कुल चलेको छ। नुगः कुल भने पुरुष उत्तराधिकारी विहीन भएकोले लुप्त मानिएको छ।

काठमाडौँमा वंघछेँलाई मल्लकालका राजपुरोहित मानिन्छ। काठमाडौँको दुई कुलबाहेक दबूछेँ भन्ने कुल पनि देखिन्छ, तर हालसम्मका लेखकहरूले यसको उल्लेख कतै गरेका छैनन्। दबूछेँलाई भक्तपुरबाटै आएको मानी काठमाडौँको भनी उल्लेख नगरिएको विद्वत् राय छ, तर लामो समयदेखि अलग्गै आगमघर बनाई बसेका कारण दबूछेँ भनी अलग्गै कुल पनि मान्न थालिएको छ। यस्तै, चाँगु नारायणका पूजारी कुलले पनि आफूलाई चाँगुकै "प्राचीन (ब्राह्मण) जाति" भन्दै आएका छन् (खनाल, २०४०, पृ.१४) र आफ्नो इतिहास नेपाल महात्म्यमा वर्णित सुदर्शन ब्राह्मणको कथासँग जोड्छन्।[२] तसर्थ, माथि उल्लिखित तालिकामा सबै राजोपाध्याय कुल समाविष्ट भएका छैनन् वा भनौँ कुल विस्तार हुँदै छुटिने स्वाभाविक सामाजिक प्रक्रियालाई तालिकाको वर्गीकरणले समेट्न सकेको छैन।

राजोपाध्यायका विविध कुलको इतिहास फरक–फरक भएको र विभिन्न समयमा आएर राजोपाध्याय उपाधि पाई थर चलाएको देखिन्छ। राजोपाध्यायको विवाह राजोपाध्यायभित्रै मात्र चल्ने सामाजिक नियम छ र यसरी नै राजोपाध्यायबीचको वैदिक–तान्त्रिक वा निगमागम परम्परा चल्ने गरेको छ। अल्लास राज र उल्लास राज नामक दाजुभाइ कान्यकुब्जबाट नेपाल आएको र उल्लासराजबाट राजोपाध्याय फैलिएको भन्ने मत प्रकाशनमा आएको छ (तोफाँ, २०५५, पृ.४)। विट्जेल (१९७६, पृ.१६३–१७५) लाई उद्धृत गर्दै तोफाँले लेखेका छन् –

> *भक्तपुरका प्राचीन राजपुरोहितहरूको वंशवृक्षमा उलासराजको नाम आउँछ। ...यिनी सोह्रौँ शताब्दीको मध्यमा नेपाल खाल्डोमा आएका र सन् १५७६ मा मरेका देखिन्छन्। सो राजोपाध्याय परिवारको यिनी पहिला 'नेपाली' पूर्वज हुन्। तर यस कागतका तिथिमितिहरूलाई अलि सावधानीपूर्वक लिनुपर्ने देखिन्छ किनभने सो वंशवृक्षका अरू व्याख्या पनि सम्भव छ : तिनको पूर्वज चौधौँ शताब्दीतिर तलेजु भक्तपुर भित्र्याइँदा साथै आएका अथवा रायमल्लको समय (ई.सं. १४८२–१५०५) तिर आएका हुन सक्छन्।*

---

२ स्कन्द पुराणअन्तर्गत मानिने नेपाल महात्म्यको द्वितीयोध्यायमा गरुडनारायण प्रादुर्भाव नामक अध्यायमा यस्तो वर्णन गरिएको छ –

अत्र दोलागिरौ स्थास्ये छिन्नशापो द्विजोत्तम।
सुदर्शन त्वमत्रैव मम पूजापरो भव ॥ ६६ ॥ ...
एवं दोलागिरौ रम्ये हरिश्चम्पकपादपात्।
छिन्नशीर्षस्थितस्तत्र पूजकस्तु सुदर्शनः ॥ ६८ ॥

अर्थ – हे द्विजश्रेष्ठ ! म यस दोलागिरिमा बस्नेछु। हे सुदर्शन (ब्राह्मण), तिमी यहाँ बसी मेरो पूजा गर ॥ ६६ ॥ ... यसरी रमणीय दोलागिरिमा चम्पक वृक्षको पातले सुरक्षित छिन्नशीर्ष भएका श्रीहरि रहनुभएको छ, जसका पूजक सुदर्शन (ब्राह्मण) छन्। (शर्मा, २०३३, पृ. १५–१६)
मेरा गुरु चाँगुनारायण पूजारी तथा चाँगु कुलका थकाली पं. चक्रधरानन्द राजोपाध्यायले यसकै आधारमा आफ्नो कुल तालिका २ मा उल्लिखित कुनै कुलअन्तर्गत नरहेको बताउनुहुन्छ।

Raj Kishore

भक्तपुरका भारद्वाज गोत्री राजोपाध्यायसम्बन्धी प्रकाशनमा आएको यस वंशवृक्षलाई नै समस्त राजोपाध्यायको इतिहास भन्नु उचित हुँदैन। तलेजु पूजारी उल्लासराजको वंशवृक्षले (हेर्नुहोस् – शर्मा, २०४०) भक्तपुरका सबै राजोपाध्यायसम्म पनि छुँदैन। राजोपाध्यायभित्रै पनि फरक-फरक रीतिरिवाज, चलन र आगम परम्परा भएकोले पनि राजोपाध्यायको पुर्खा एउटै नभएको पुनः भन्नै पर्ने हुन्छ। यसै सन्दर्भमा तोफाँ (२०५२, पृ.१९१) लाई उद्धृत गर्नु उचित ठान्दछु –

किंवदन्तीले भनेझैँ अहिलेका राजोपाध्यायहरू एकै पुर्खाबाट आएका देखिँदैनन्। बरु पहिलोपटक आएकाहरू (केही परिवारभन्दा बढी सङ्ख्यामा मात्र) सँग पछिसम्म आएकाहरू (कम्तीमा ईश्वीको १६औँ वा १७औँ शताब्दीसम्म) पनि मिसिँदै आएको देखिन्छ। तसर्थ, अहिलेका राजोपाध्यायहरू एउटै पुर्ख्यौलीबाट फैलिएको नभई लगातारको स्थानान्तरणको तरङ्गले गरेको मिश्रण हुन सक्दछ।

नेवाः समुदायमा शाक्ततन्त्र

तवाङ्गं पतितं गुह्यं वाग्वतीतटिनीतटे।

मृगस्थल्या उदीच्यां तु तत् पीठं परमं महत्॥ ३८॥ (नेपाल महात्म्य, १.३८)

भावार्थ – (सतीदेवीको) गुह्य अंग वाग्वती (वाग्मती) नदीको तटमा खस्यो। मृगस्थलीको उत्तर दिशामा रहेको यो (देवीको) परमपीठ भव्य छ (शर्मा, २०३३, पृ.५)।

पशुपतिनजिक गुह्येश्वरीमा सतीदेवीको अङ्ग पतन हुँदा गुह्य पतन भएको उपरोक्त धार्मिक कथाले नै नेपालमा शाक्तधर्मको प्रधानताबारे स्पष्ट पार्दछ। ईशापूर्व देखिकै देवीमूर्तिहरू र ईशाको सुरुवाती शताब्दीका मानिने पाटनको च्यासलहिटीको गजलक्ष्मी, बालाजुको शितलादेवी, चाँगुको छिन्नमस्ताका देवी मूर्तिहरू, कीर्तिपुरको बाघभैरव प्राङ्गणका मूर्तिहरू, हाँडीगाउँको सत्यनारायण मन्दिर प्राङ्गणका मातृकादेवीहरू, हाँडीगाउँको धनगणेश मन्दिरभित्रको महिषासुरमर्दिनी, जयबागेश्वरी, कमलादी गणेशस्थानभित्रका मातृकादेवीहरू, विजयेश्वरी, पलाञ्चोक भगवती, शोभाभगवती लगायतका मूर्तिहरू प्रशस्तै पाइनुले पनि नेपालमा शाक्त परम्पराको प्राचीनता सिद्ध गर्छ।

नेवाः समुदायमा भैरव (र भैरवीको पनि) प्रधानता "विहारहरूमा, बौद्ध र हिन्दुका सबै देवताका मठ-मन्दिरहरूमा ... घरमा, खेतमा, श्मशान घाटमा र सडक छेउका प्वालहरूमा र रथका पाङ्ग्राहरूमा" (स्लसर, २०४५, पृ.२३५) देखिन्छ। अझ 'आजु' र 'अजिमा'का रूपमा पनि नेवाः समुदायमा भैरव-भैरवी पूजाको परम्परा रहेको छ। अन्य समुदायमा झैँ नेवाः समुदायमा पनि शाक्त देवीहरूलाई अजिमा वा 'मातृका' देवी भनी मातृशक्तिका रूपमा पुजिँदै आएको छ।

अष्टमातृकाका रूपमा ब्रह्माणी (नेवाः समुदायमा ब्रह्माणी भनी चिनिने), माहेश्वरी (रुद्राणी, नेवाःहरूले रुद्रायणी वा शिवकाली/सिकाली पनि भन्ने), कौमारी, वैष्णवी (विष्णुदेवी पनि भनिने), वाराही, ऐन्द्री (इन्द्राणी, नेवाःहरूले इन्द्राणी भन्ने), चामुण्डा र महालक्ष्मीले प्रायः शहरहरूलाई घेरी रक्षा गरिरहेका हुन्छन्। सबै शैवमार्गी र बौद्धमार्गी नेवाःहरूले अष्टमातृका देवीलाई उत्तिकै श्रद्धासाथ पूजा गर्छन्। केही नेवाः जातिहरूले कुलदेवीका रूपमा देवाली पूजा (दिगुली द्यः पूजा) पनि अष्टमातृका पीठहरूमा नै गर्छन्। आफै उत्पन्न भएका पीठदेवीका रूपमा वा पिंगःद्यः भनी अष्टमातृका देवीलाई नै पुज्ने परम्परा पनि नेवाः समुदायमा छ। अष्टमातृका देवीहरूबाहेकका अन्य शाक्त देवीहरू (जस्तै – मर्त्येश्वरी वा मचली, भुलु अजिमाहरू, अन्नपूर्णा, काली, चण्डेश्वरी वा चामुण्डेश्वरी, हारती अजिमा, शीतलादेवी, ज्वालामाई, धरतीमाता आदि) पुज्ने र केहीलाई पुर्ख्यौली देवी अर्थात् अजिमा नै मान्ने र तन्त्र परम्पराअनुसार पुज्ने प्रचलन नेवाः समाजमा चलिरहेकै छ।

नवदुर्गा भवानीको सबैभन्दा ठूलो परम्परा भक्तपुरमा छ । नवदुर्गा देवीको उत्पत्तिको कथा पनि राजोपाध्यायसँग जोडिएको छ (हेर्नुहोस् – राजोपाध्याय, वि. २०७२) र यसले भक्तपुरका विभिन्न नेवाः समुदायको तान्त्रिक परम्परामा समन्वय गराएको छ (हेर्नुहोस् – श्रेष्ठ, २०४५) । यस क्रममा तान्त्रिक विधान सार्वजनिक रूपमै नाचका माध्यमबाट प्रत्यक्ष र प्रतीकात्मक रूपमा पूर्ण गरिन्छ ।

दशमहाविद्याका रूपमा काली, तारा, षोडशी, भुवनेश्वरी, भैरवी, छिन्नमस्ता, धूमावती, बगलामुखी, मातङ्गी र कमलाका रूपहरू प्राचीन नेवाः शहरभित्रै रहेका छन् । यससँगै एउटै देवीलाई विभिन्न रूपमा पुजिने परम्परा पनि नेवाः समुदायमा विद्यमान छ – पाटनको पूर्णचण्डी देवीलाई तान्त्रिकहरू सिद्धिलक्ष्मी लगायतका रूपमा पुज्छन् भने दशमहाविद्यामध्ये कमलाका रूपमा पनि सो देवीलाई सर्वसाधारणले वा साधकहरूले पूजा गर्दछन् ।

यसमा विशेष उल्लेख योग्य प्रत्यक्ष देवी कुमारीको पूजा परम्परा पनि हो । तलेजुको प्रत्यक्ष रूप मानी स्थापित प्रत्यक्ष देवी कुमारीलाई तलेजुसँगै सम्बन्धित भएकोले राजोपाध्यायको सम्बन्ध रहिआएको छ । ललितपुरमा यो झन् स्पष्ट छ – प्रत्यक्ष देवी कुमारी स्थापना गर्ने जिम्मेवारी तलेजु पूजारी राजोपाध्यायहरूले निभाउँदै आएका छन् । यसबाहेक ज्यापू कुमारीको पुरानो परम्परासँग पनि राजोपाध्यायहरू जोडिएका छन् (हेर्नुहोस् – एलन, २०३२) ।

यसबाहेक पनि विभिन्न तान्त्रिक देवीहरूलाई पनि नेवाः समाजले मान्ने र पुज्ने गरेका छन् – काठमाडौँ उपत्यकाका तीनै शहर तथा अन्य वरपरका शहरहरूमा तलेजु वा तुलजा भवानी देवी विराजमान हुनुहुन्छ । यसबाहेक केही शहरहरूमा दिगुतलेजु, द्विमाजु, सिद्धिलक्ष्मी/पूर्णचण्डी, रक्तकाली, भद्रकाली, श्मशानकाली, दक्षिणकाली, श्वेतकाली, महाकाली, प्रत्यङ्गिरा, झङ्केश्वरी/हरिशङ्करी, राजराजेश्वरी, भुवनेश्वरी/भुवनेशी, भीमेश्वरी, कुलेश्वरी, कलङ्की, विद्यापीठ, वज्रयोगिनी, खड्गयोगिनी, विजेश्वरीलगायत आकाशचारिणी देवीहरू स्थापित छन् र सबै नेवाः समुदायद्वारा पुजिन्छन् । यससँगै सबै तान्त्रिक आगमघर (आगंछें)हरूमा स्थापित देवी पूजनले पनि नेवाः समुदायमा शाक्त प्रधानतालाई थप बल प्रदान गर्छ ।

राजोपाध्यायको तन्त्रसम्बन्ध भएका मठमन्दिरहरू

ऐतिहासिक रूपमा राजोपाध्याय ब्राह्मणहरूसँग सम्बन्धित प्रायः मठमन्दिरहरूमा तन्त्रसँगको सम्बन्ध प्रष्ट पाइन्छ । यसमध्ये भक्तपुरको चाँगुनारायण मन्दिर, तीनै शहरका तलेजु मन्दिर, ललितपुरको अग्निशाला मन्दिर, देगु तलेजु मन्दिर (काठमाडौँ र ललितपुर), स्थानविशेषका पशुपति मन्दिर (जस्तै– काठमाडौँको सानो पशुपति अर्थात् महीन्द्रेश्वर महादेव, ललितपुरको कुम्भेश्वर–सर्वेश्वर, भक्तपुरको यक्षेश्वर महादेव), पशुपतिको गुरु मानिने दक्षिणामूर्ति मन्दिर, ललितपुरको कृष्ण मन्दिर आदि प्रमुख छन् । त्यस्तै, स्वयं शिवरूपी आदिनाथ परम्पराका कौलगुरु मत्स्येन्द्रनाथसँग पनि राजोपाध्यायले सम्बन्ध अटुट राखेका छन् – पाटनको रातो मत्स्येन्द्रनाथ करुणामयको रथयात्राका क्रममा स्यःस्यः बाज्या भनी महाद्यःननी कुलका राजोपाध्याय अनिवार्य रथमै बस्नुपर्छ । यसबाहेक कुलाचारमा रहेका सबै राजोपाध्याय कुलअनुसारको आगमघरसँग सम्बन्धित हुन्छन्, जुन आफैं पनि तन्त्रपरम्परा सिकाउने र अभ्यास गर्ने/गराउने केन्द्र हो ।

जातीयतासँग शाक्ततन्त्र सम्मिश्रण

सामान्यतः तन्त्रपरम्पराले जातीय त के, अन्य कुनै भेद मान्दैन । कुल परम्परा विशेषमा दीक्षित र अदीक्षितबीच भेद चाहिँ तन्त्रपरम्पराको गोपनीयताले गर्दा हुन्छ नै । जातीयताको भेद नहुने सन्दर्भमा कुलार्णवतन्त्रले यस्तो निर्देश गरेको छ –

Raj Kishore

प्रवृत्ते भैरवीचक्रे सर्वेवर्णा द्विजातयः। निवृत्ते भैरवीचक्रे सर्वेवर्णाः पृथक् पृथक्॥

स्त्री वाथ पुरुषः षण्डश्चण्डाली वा द्विजोत्तमः। चक्रेद्रस्मिन्नैव भेदोद्रस्ति सर्वे शिवसमाः स्मृता॥

(मालवीय, २०६५, पृ.१५२)

भावार्थ – भैरवीको चक्रपूजामा प्रवेश गर्दा सबै वर्ण ब्राह्मण (द्विज) सरह हुन्छ, अनि पूजाबाट निवृत्त भई बाहिर आएपछि सबै आ–आफ्ना यथावत् फरक–फरक वर्णका हुन्छन्। चक्रपूजामा रहँदा सबै स्त्री–पुरुष वा ब्राह्मण–चाण्डालबीच भेद हुँदैन, सबै शिवसमान सम्झिनुपर्छ।

दीक्षितबीच अभेद पूजामा रहन्छ नै, तर कुलअनुसारको भेद भने यथावत् नै छ। यसै भेदलाई नेवाः समाजको विहङ्गम दृश्यावलोकन गर्दा जातीयताको भेदझैँ लाग्न सक्छ। कथित उच्च र तल्लो जातिमा यो भेद स्पष्ट देखिन्छ, तर पनि दुबै परम्परा बीचको सामाजिक समन्वय त छ नै। कुल परम्पराअनुसारको भेद त राजोपाध्याय समुदायबीच नै छ र यस समुदायमा पनि एउटा कुलको आगम वा शाक्त मन्दिरमा अर्का कुलको प्रवेश बीर्जत नै छ, झन् यस्तोमा राजोपाध्याय इतरका जातिको प्रवेशको त कुरै भएन। यसै भेदलाई नै उच्च जाति र तल्लो जातिको तान्त्रिक परम्परा भनी डाइज्कोस्की (२०५७, पृ.९–१४)ले छुट्याएका छन्। उनले देखाएका भेदका बुँदाहरूलाई निम्न तालिकामा सङ्क्षिप्त रूपमा प्रस्तुत गरेको छु –

(कथित) उच्च जाति	(कथित) तल्लो जाति
• दीक्षितहरू मात्र भित्रिन पाउने वा पूजामा बस्ने, गुह्य	• बाहिरी रूपमा देखिने, खुला
• देवीप्रधान (भैरव सँगै हुनसक्ने)	• भैरवप्रधान (शक्तिसँगै हुनसक्ने)
• तलेजु, काली, त्रिपुरा, सिद्धिलक्ष्मी, कुब्जिका तथा अन्य	• संस्कृत–इतर भैरवरूप
• पूजारी/भण्डारेका रूपमा विशिष्ट भूमिका	• पूजारी/सुसारेका रूपमा सीमित भूमिका

तालिका ३ – जातीयताअनुसार तन्त्र परम्पराको भेद

कथित उच्च जातिहरूले देवी वा भैरवीलाई नै प्रधान मानी पूजा गर्दछन्। तलेजुजस्तो ठूलो मन्दिरमा कथित उच्च जातिकाहरूले मात्र पहुँच पाउँछन् र त्यहाँ पूजामा बस्न पाउने वा मन्दिरमै प्रवेश पाउने पनि कथित उच्च जातकै दीक्षितहरू मात्र हुन्छन्। उनीहरूलाई त्यहाँ पूजारी, नाइके वा भण्डारे लगायतका विशिष्ट भूमिका दिई राखिएको हुन्छ र यस्तो सुविधा कथित तल्लो जातका लागि हुँदैन। काठमाडौँको तलेजु मन्दिर परिसर सर्वसाधारणका लागि वर्षको एकपटक आश्विन शुक्ल दुर्गा पक्षका बेला दशैँको महानवमीको दिन प्रवेश खुल्ला हुन्छ। यो दिन त्यहाँ जोसुकै नेपाली जान पाउँछन्, अर्थात् जातीयताका आधारमा प्रवेश रोकिँदैन। यो प्रावधान भक्तपुर र ललितपुरको तलेजुमा छैन, यसर्थ तलेजु अद्यापि कथित उच्च जातिको दीक्षितहरूमा मात्र सीमित छ। सर्वसाधारणका लागि सधैँ खुल्ला रहने शाक्त मन्दिर (जस्तै– गुह्येश्वरी, भद्रकाली आदि)मा पनि पूजाका क्रममा भने कथित उच्च जातिकै अधिकार रहेको छ र यस्तै चलन बौद्धमार्गीमा पनि रहेको छ, जस्तै – वज्रयोगिनी, विजेश्वरी, कुमारीघर इत्यादिमा पनि बौद्धमार्गी कथित उच्च जातिकै उच्च भूमिका रहेको छ।

यता कथित तल्लो जातिले भने मन्दिरको रेखदेखकर्ता वा सुसारेका रूपमा सीमित भूमिकामा खुल्ला रहने देवताका मन्दिरहरू सम्हालेका हुन्छन्। विशेषतः संस्कृत नाम इतरका भैरवरूपलाई प्रधान मानिने मन्दिरहरूमा उनीहरूको भूमिका रहेको देखिन्छ।

यस लेखमा 'उच्च' र 'तल्लो' जाति भनी द्वेष फैलाउन खोजिएको होइन। नेवाः समाजको तन्त्र परम्परामा डाइज्कोस्कीले उल्लेख गरेको कुरा अभ्यासमा छ, तर यससँगै तान्त्रिक पूजामा समन्वय पनि उत्तिकै चलिआएकै

छ। कथित 'उच्च' जातिले 'तल्लो' जातिको भनिएको भैरवलाई पनि उत्तिकै मान्छन् र पूजाहरूमा समेत सहभागी हुन्छन् भने कथित 'तल्लो' जातिले पनि 'उच्च' जातिको भनिएको शाक्त मन्दिरहरूमा निर्बाध पूजाआजा तथा श्रद्धाभक्ति गरिरहेकै छन्। यसर्थ, नेवाः समुदायभन्दा बाहिरी आँखाले यसलाई जातिगत विभेद देखेता पनि यो नेवाः समुदायभित्रको विशिष्ट लक्षणकै रूपमा समन्वयात्मक रूपमा चल्दै आएको छ। तन्त्रको मूलभूत मान्यताअनुसार नेवाः समुदायमा तान्त्रिक परम्पराको समन्वयताकै कारण सुवेदी (२०७२, पृ.४२)ले यसर्थ नेवाः समाजमा 'थी मज्यू' अर्थात् 'छुन हुँदैन' भन्ने भेद नभएको उल्लेख गरेका छन्। यसको एउटा उदाहरण ललितपुरको सुलिह्म टोलका गयपति अर्थात् गयो जुजुको कथा प्रसङ्गमा आउँछ — उनका तन्त्र गुरु कथित अछुत जाति (पोडे)का थिए (हेर्नुहोस् — शर्मा, २०५६)।

जातिअनुसारको फरक-फरक आगम र तत्सम्बन्धी फरक-फरक तन्त्रज्ञान परम्परा नेवाः समुदायमा देखिन्छ। सजाति होस् वा नहोस्, आगम फरक हुनेबित्तिकै परम्परा फरक हुने नै भयो। राजोपाध्यायले भने राजाहरूको दीक्षा गुरुका हिसाबले सबै फरक-फरक ज्ञान जानेको हुनुपर्ने र संस्कृतिलगायत विषयमा मतभिन्नता भए कसरी मिलाउने भनी राजालाई सुझावसमेत दिनुपर्ने (श्रेष्ठ, २०६६, पृ.५७-५८) अवस्था थियो। यस कारण पनि राजोपाध्यायले निगमागम, कौलबाहेक बौद्ध परम्परा समेतको ज्ञान राख्दथे।

पश्चिमाम्नाय : सम्मिश्रण र समन्वय

तन्त्रमा आम्नायको अवधारणाले शिवलिङ्गको दिशाअनुसारको मुखबाट आएको ज्ञान परम्परालाई बुझाउँछ। डाइज्कोस्की (२०४५, पृ.६६) लेख्छन् — "कुलागमअन्तर्गतका त्यस्तो विशिष्ट शास्त्र समूह, जुन प्रत्येकमा एउटा निश्चित परम्परासँग सम्बन्ध भएको र दिशाविशेषबाट उत्पत्ति भएको मानिन्छ, त्यस शास्त्र समूहलाई आम्नाय भनिन्छ।" विशेषतः छवटा आम्नायलाई प्रमुख मानिन्छ — १. पूर्वाम्नाय, २. दक्षिणाम्नाय, ३. उत्तराम्नाय, ४. पश्चिमाम्नाय, ५. ऊर्ध्वाम्नाय र ६. अधःआम्नाय। कुलार्णव तन्त्रले "पञ्चमुखेभ्यश्च पञ्चाम्नायाः समुद्भूता" भनी पाँचवटा आम्नाय भेद बताएता पनि रुद्रयामलले षडाम्नायकी ईश्वरीलाई यसरी स्तुति गरेको छ—

पूर्णेश्वरी निशानाथ कुब्जिकेश्वरी निशेश्वरी। त्रिपुरा हाटकेशी च षडाम्नाय नमोस्तुते॥

षडाम्नायनायिका र तत्तत् ईश्वरसम्बन्धी सूची सुवेदी (२०७२, पृ.२९)बाट लिई निम्न तालिका प्रस्तुत गरेको छु —

क्र.सं.	आम्नाय	ईश्वरी	ईश
१.	पूर्वाम्नाय	पूर्णेश्वरी	पूर्णेश्वर
२.	दक्षिणाम्नाय	निशानाथ (?, अघोरेश्वरी)	अघोरेश
३.	पश्चिमाम्नाय	कुब्जिकेश्वरी	कुब्जिकेश
४.	उत्तराम्नाय	निशेश्वरी	निशेश्वर
५.	ऊर्ध्वाम्नाय	त्रिपुरा	मृत्युञ्जय
६.	अधःआम्नाय	हाटकेशी	हाटकेश्वर

तालिका ४ — षडाम्नायनायिका र ईश्वर

स्रोत — सुवेदी (२०७२, पृ.२९)

छवटा आम्नायमध्ये पश्चिमाम्नायमा कुब्जिकेश्वरीलाई प्रधान मानिन्छ। सबै राजोपाध्यायले आफूलाई पश्चिमाम्नायसँग सम्बन्धित मान्छन्। यहाँ पूर्व र पश्चिमलाई दुई अर्थमा हेर्न सकिन्छ — एक, दिशाको अर्थमा

Raj Kishore

अर्थात् पूर्व र पश्चिम दिशाबाट आएको ज्ञानपरम्पराका रूपमा भने अर्को, आदि र पश्च वा पछिल्लो अर्थमा। दोस्रो अर्थमा हेर्ने हो भने पश्चिमाम्नायलाई सबैभन्दा पछि विकसित भएको र क्रमशः सबै अगाडिका परम्पराहरूबाट विकसित हुँदै आएको परम्परा मान्न सकिन्छ। यही कुरालाई डाइज्कोस्की (२०४५, पृ.७८)ले यसरी प्रस्तुत गरेका छन् –

> *पृथक् पहिचानसहित आफ्नो मौलिक कुराहरूसहित पश्चिमाम्नाय आफैमा पूर्ण तन्त्रपरम्परा हो, तापनि पश्चिमाम्नाय परम्पराले अन्य कौल परम्पराहरूबाट लिएका विभिन्न तत्त्वलाई पनि समावेश गरेको छ। त्यसैले आगम परम्परा भएका बृहत्तर तन्त्र समूहको परिप्रेक्ष्यमा पश्चिम्नायलाई बुझ्न यसको प्रत्येक तत्त्वको ध्यानपूर्वक विश्लेषण गर्नुपर्छ। यसअनुसार पश्चिमाम्नायलाई आफ्नो मौलिक अवधारणा र अन्यको ज्ञान विस्तारबाट निर्मित जीवित परम्पराका रूपमा हेर्न सकिन्छ । यसै सन्दर्भमा (पश्चिमाम्नायेश्वरी) कुब्जिकाको परम्परामा कालीको पूजालाई महत्त्वपूर्ण मान्नुपर्छ।*

पश्चिमाम्नायको यस विवरणले यो आफै पनि सम्मिश्रित र समन्वयात्मक भएको स्पष्ट पार्दछ। यसमा कालीको पूजा परम्परा पनि मिश्रित हुनु निकै महत्त्वपूर्ण छँदै छ। काली र कुब्जिकाको सम्बन्धबारे डाइज्कोस्कीले नै अर्कै ग्रन्थमा यस्तो लेखेका छन् – "कालीले अनेकको संहार गर्दै एक बनाउँछिन्। यसको ठीक उल्टो कुब्जिकाले आफूले नयाँ सृष्टि गर्ने एक मात्र आदिशक्तिका रूपमा संहार गर्छिन् ... (तर) यी दुईबीच एउटा आधारभूत समान लक्ष्य छ – सिद्धि" (डाइज्कोस्की, २०५७, पृ.३५)। यता पश्चिमाम्नायको परम्पराले उत्तर र दक्षिणाम्नायको शास्त्रीय वचनहरूलाई पनि मानेको छ (डाइज्कोस्की, २०४५, पृ.६६)।

पश्चिमाम्नायको यस्तो सम्मिश्रित तन्त्र परम्परालाई आफूलाई यस आम्नायका अनुयायी मान्ने राजोपाध्याय ब्राह्मणहरूले पनि मान्दै आएका छन्। तसर्थ, सबैका लागि सिद्धिलक्ष्मीका रूपमा पुजिने पूर्णचण्डीलाई राजोपाध्यायहरू पनि त्यही रूपमा र कुब्जिका रूपमा पनि पुज्छन् भने यही सम्मिश्रण तलेजु तथा दिगु तलेजुमा पनि गुह्य रूपमै भए पनि लागु भइरहेकै छ। पश्चिमाम्नाय परम्परा आफैले अन्य परम्पराको तत्त्वहरू समेट्ने (डाइज्कोस्की, २०४५, पृ.६६) तथा राजनीतिक/सांस्कृतिक कारणले राजोपाध्यायहरूको थुप्रै सम्प्रदायसँगको समन्वय (राजोपाध्याय, २०७२)का कारणले पनि यस्तो भेदमा अभेद जस्तो भई परम्पराले निरन्तरता पाएको देखिन्छ।

निष्कर्ष

राजोपाध्याय ब्राह्मणहरू मात्रको शाक्त परम्परा अध्ययनले पनि नेवाः समुदायको तन्त्र परम्परा समयकालसँगै मिश्रित र समन्वयात्मक भएको देखिन्छ। 'पश्चिमाम्नाय'लाई पश्चिम दिशाको भन्ने सामान्य अर्थमा मात्र नलिई विद्वान् डाइज्कोस्की (२०५७, पृ.२८)ले भनेझैँ 'पश्च' अर्थात् पछिल्लो भनी लिने हो भने पश्चिमाम्नायावलम्बी राजोपाध्याय ब्राह्मणहरूले शैवतन्त्रको पूर्व अर्थात् सुरु वा आदिदेखि पछिल्लोसम्म सबै आम्नायको ज्ञान, परम्परा र संस्कृतिलाई अवलम्बन गरेको भन्न सकिन्छ। यसका प्रमाण राजोपाध्यायसँग सम्बन्धित स-सानादेखि ठुल्ठूला विभिन्न तान्त्रिक विधिविधान तथा पूजा पद्धतिमा अद्यापि पाउन सकिन्छ, यसर्थ पनि पश्चिमाम्नायलाई यहाँ 'सर्वाम्नाय' कहलिएको छ।

तन्त्रको ज्ञानसँगै नेवाः समुदायमा, अझ विशेषतः कौलिक राजोपाध्याय ब्राह्मणहरूबीच तान्त्रिक

पूजा परम्परा अझै सुदृढ छ। इतिहासका विभिन्न कालखण्डमा राजनीतिक कारणवश शासक वर्गले लुटेका तान्त्रिक ग्रन्थहरू (थ्यासफू इत्यादि) हाल यस समुदायको स्वामित्वमा नरही सरकारी अभिलेखालय र विदेशका सङ्ग्रहालयमा पुगेको कुनै अचम्मको कुरा नहोला। कोही-कोहीले यसरी ग्रन्थ बचाएका छन्, तापनि त्यस्तो परिस्थितिका बाबजुद राजोपाध्याय समुदायमा तान्त्रिक पूजाविधान र शैव-शाक्त मठमन्दिरका तन्त्र संस्कृति अद्यापि कायमै छ र यस संस्कृतिले निरन्तरता अद्यापि पाइरहेकै छ। ग्रन्थज्ञान यथेष्ट नभएता पनि विद्वान् ग्याभिन फ्लड (२०६३)का शब्दमा 'परम्परागत अभ्यासको ज्ञान' भने राजोपाध्याय समुदायले बचाइरहेको छ। हाल भने इन्टरनेटका माध्यमबाट तन्त्रसम्बन्धी किताब र ज्ञान सहज पाइने तथा सामाजिक सञ्जालमार्फत् तन्त्रसम्बन्धी सञ्जालमा समेत सहभागिता बढ्नाले ग्रन्थज्ञानको बाटो नयाँ पुस्तालाई झनै खुलेको छ।

मूलभूत रूपमा तन्त्रले जातिभेद मान्दैन, सबैमा ईश्वरीय शक्ति निहित रहेको मान्ने तन्त्रवादको गुण नै हो। तर नेवाः समाजमा भने निगमागम परम्पराको मिश्रण एवं विभिन्न समयमा विभिन्न रूपमा भएको हिन्दुकरण र संस्कृतकरणको प्रक्रियाले पूर्णतः अभेद भन्ने चाहिँ देखिँदैन। तत्कालीन समाजले जातिवादलाई महत्त्वपूर्ण मानेकोले पनि तन्त्रपरम्परा नै जातीयतामा मिश्रण गरिएको छ, अर्थात् कथित उपल्लो जातिले कुनै विशेष (भैरवी वा कालीरूप) देवीहरू मान्छन् भने कथित तल्लो जातिले कुनै विशेष (भैरव) देवतालाई मान्छन्। पहिले जातीय तहभित्रै विवाह सम्बन्ध गाँस्नेहरूले तान्त्रिक आगम परम्परामा सहजै प्रवेश पाउँथे भने इतर जातिकाले प्रवेश बिल्कुलै पाउँदैनथे। अहिले भने कानूनतः विवाह सम्बन्धलाई जातीयताले रोक्दैन, तर तान्त्रिक परम्परालाई भने रोकिरहेको स्थिति छ। तन्त्रको ज्ञानमा सहज पहुँचका बाबजुद अल्पसङ्ख्यक राजोपाध्याय ब्राह्मण समाजमा राजोपाध्यायसँग नै विवाहसम्बन्ध राखेकाहरूले, विदेशमा नगई स्वदेशमै बसेकाहरूले तथा परम्परामा रुचि भएकाहरूले मात्र तान्त्रिक विधिविधान र तान्त्रिक मन्दिरको पूजापरम्परा धान्नुपर्ने अप्ठेरो स्थिति आइरहेको छ।

सन्दर्भसामग्री

एलन, माइकल, (२०३२ !सन् १९७५]), द कल्ट अफ कुमारी : भर्जिन वर्सिप इन नेपाल, कुमारी संस्कृति : नेपालमा कन्यापूजो, काठमाडौँ : त्रिभुवन युनिभर्सिटी प्रेस।

खनाल, मोहनप्रसाद, (२०४०), चाँगुनारायणका ऐतिहासिक सामग्री, काठमाडौँ : नेपाल तथा एसियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय।

गुभानी, जुही, (२०७२!सन् २०१५]), रिभिजिटिङ द क्वेसन : आर राजोपाध्यायज् नेवार्स अफ नेपाल? !प्रश्नको पुनरावलोकन : के राजोपाध्यायहरू नेवार हुन्?]।

डाइज्कोस्की, मार्क एस.जी., (२०४५ !सन् १९८८]), द क्यानोन अफ शैवागम एण्ड द कुब्जिका तन्त्रज अफ द वेस्टर्न कौल ट्रेडिसन !शैवागमको सिद्धान्त र पश्चिमाम्नाय कौलपरम्पराको कुब्जिका तन्त्र], न्यूयोर्क : स्टेट युनिभर्सिटी अफ न्यूयोर्क प्रेस।

———, (२०५७ !सन् २०००]), कुब्जिका, काली, त्रिपुरा एण्ड त्रिक, स्टटगार्ड : फ्रान्ज स्टाइनर भर्लाग।

तोफाँ, गेराड, (२०५२ !सन् १९९५]), द सोसल अर्गनाइजेसन अफ राजोपाध्याय ब्राह्मणस् !राजोपाध्याय ब्राह्मणको सामाजिक संगठन], गेल्नर, डेभिड एन. र क्विगली, डेक्लन (सं.), कन्टेस्टेड हायरार्किज : ए कोलाबोरेटिभ इथ्नोग्राफी अफ कास्ट एमङ्ग द नेवार्स अफ द काठमाडौँ भ्याली, नेपाल !विवादित अनुक्रमहरू — काठमाडौँ उपत्यका, नेपालका नेवारहरूमा जातिको नृवंशशास्त्र], नयाँ दिल्ली : अक्सफोर्ड युनिभर्सिटी प्रेस, पृ. १८६-२०८।

———, (२०५५), राजोपाध्याय ब्राह्मणहरूको इतिहास, !योगेशराजद्वारा नेपालीमा अनुदित], पासुका, अङ्क २, पृ.३-५।

नेपाली, गोपालसिंह, (२०४५ !सन् १९८८, पुनर्मुद्रण संस्करण, प्रथम सं. १९६५]). द नेवार्स : एन इथ्नो-सोसलोजिकल स्टडी अफ अ हिमालयन कम्युनिटी !नेवार — हिमाली समुदायको जातीय-सामाजिक अध्ययन], बम्बई : एसियन पब्लिसर्स,

Raj Kishore

फ्लड, ग्याभिन, (२०६३ !सन् २००६]), द तान्त्रिक बडी : द सिक्रेट ट्रेडिसन अफ हिन्दु रिलिजन, लन्डन : आई.बी.टरिस।

राजोपाध्याय, आभास धरानन्द, (२०७३ !सन् २०१७]), विश्वनाथ उपाध्याय : ललितपुरका प्रख्यात तन्त्र गुरु, लुमन्ति ११३७, ललितपुर : राजोपाध्याय समाज।

---, (२०७२ !सन् २०१६]), काठमाडौँ उपत्यकाका राजोपाध्याय ब्राह्मणको विविध धार्मिक/सांस्कृतिक सम्प्रदायसँग सम्बन्ध, लुमन्ति ११३६, ललितपुर : राजोपाध्याय समाज, पृ.२१-३३।

राजोपाध्याय, विराजकाजी, (२०७२ !ने.सं. ११३६]), द्यःप्याखँनय् नेवाः ब्रह्मू !देवीनाचमा नेवाः ब्राह्मण], !स्नातकोत्तर शोधप्रबन्ध], ललितपुर : नेपाल भाषा केन्द्रिय विभाग, त्रिभुवन विश्वविद्यालय।

रेग्मी, डिल्लीरमण, (२०२३ !सन् १९६६]), मिडिएभल नेपाल (तीन भाग), कलकत्ता : के.एल. मुखोपाध्याय।

वज्राचार्य, धनवज्र, २०३०, लिच्छविकालका अभिलेख, काठमाडौँ : नेपाल र एशियाली अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालय।

वज्राचार्य, धनवज्र र मल्ल, कमलप्रकाश, (२०४२ !सन् १९८५]), द गोपालराजवंशावली, वेसबाडेन : फ्रान्ज स्यइनर भर्लाग।

वैद्य, जनकलाल, (२०६१ !सन् २००४]), सिद्धाग्नि कोट्याहूति देवल प्रतिष्ठा – पाँचतले मन्दिर : न्यातपोल देवलको निर्माण र प्रतिष्ठा कार्यसम्बन्धी अभिलेख ग्रन्थको अनुसन्धानात्मक विश्लेषणात्मक अध्ययन, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।

शर्मा, केदारनाथ, (सं.), (२०३३ !सन् १९७६]), स्कन्दपुराणान्तर्गतं नेपालमाहात्म्यम् सपरिशिष्ट – 'पार्वती' हिन्दीव्याख्योपेतम्, वाराणसी : चौखम्बा अमरभारती प्रकाशन।

शर्मा, जनकलाल, (२०६७), हाम्रो समाज : एक अध्ययन !चौथो संस्करण], ललितपुर : साझा प्रकाशन।

शर्मा, नूतनधर, (२०५६ !सन् १९९९]), द लेजेन्ड्स अफ गयो बाज्या अफ पाटन इन द काठमाडौँ भ्याली !काठमाडौँ उपत्यकाको पाटनका गयो बाज्याका कथाहरू], कन्ट्रिब्युसन्स् टु नेपलिज स्टडिज, वर्ष २६, अङ्क २, कीर्तिपुर : नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, पृ. २३९-२५६।

शर्मा, बालचन्द्र, (सं.), (२०२५ !सन् १९६८]), काठमाण्डू-उपत्यकाको एक राजवंशावली, प्राचीन नेपाल, नं. ५, काठमाडौँ : पुरातत्त्व विभाग, !तत्कालीन] श्री ५ को सरकार, पृ.१-१७.

शर्मा, बिनोदराज, (२०४०), भक्तपुरको तुलजा भवानी देवी : एक अध्ययन !स्नातकोत्तर शोधप्रबन्ध], कीर्तिपुर : इतिहास केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय।

शाक्य, माणिकरत्न, (२०६५ !सन् २००८]), कृष्णदेगःया अभिलेख, ललितपुर : लोकेश्वर प्रकाशन।

श्रेष्ठ, तुलसीनारायण, (२०६६ !सन् २०१०]), नेपालका नेवारहरू : पहिचान र पृष्ठभूमि, काठमाडौँ : अनुसन्धान तथा विकास केन्द्र।

श्रेष्ठ, पुरुषोत्तमलोचन, (२०४५ !सन् १९८८]), तान्त्रिक आधारमा नवदुर्गा नाचको सुरुवात, प्राचीन नेपाल, नं. १०७, काठमाडौँ : पुरातत्त्व विभाग, !तत्कालीन] श्री ५ को सरकार, पृ.३०-४१।

सुवेदी, मृगेन्द्रराज, (२०७२ !सन् २०१५]), नेवाः संस्कृती कुलार्णव तन्त्रया निर्देश !नेवाः संस्कृतिमा कुलार्णव तन्त्रको निर्देश], !स्नातकोत्तर शोधप्रबन्ध], ललितपुर : नेपाल भाषा केन्द्रिय विभाग, त्रिभुवन विश्वविद्यालय।

स्लसर, मेरी सेफर्ड, (२०४५ !सन् १९८८]), नेपाल मण्डल : अ कल्चरल स्टडी अफ द काठमाडौँ भ्याली (दुई भाग), न्यूयोर्क : प्रिन्स्टन युनिभर्सिटी प्रेस।

पञ्चमुखी नाग

✍ सरोज श्रेष्ठ

नेपाल प्राचीन कालदेखि एक देव भूमिको रुपमा परिचित भई आईरहेको तथ्य सर्वविदितै छ। देवदेवीको असिमीत एवं अलौकिक शक्ति सञ्चालनार्थ अन्य विविध तत्त्वहरुका साथै जीवित शक्तिको उपस्थितिलाई विभाजित गरि हेर्न सकिँदैन, समग्रताको पहिचानलाई प्राथमिकताका साथ दृष्टिगोचर गर्ने साधकको लक्ष्य रहन्छ। नेपाली समाजमा नागलाई कतै अलंकारको रुपमा, कतै आसनको रुपमा, कतै शयनको रुपमा, कतै नाग शक्ति क्षेप्यास्त्रको रुप आदिमा व्यापक प्रयोगमा ल्याएको पाइन्छ। यस लेखमा तन्त्रमा पञ्चमुखी नागको बारेमा सङ्क्षिप्त रुपमा उल्लेख गर्ने प्रयत्न गरिएको छ।

साधारणतया नाग शक्तिलाई वायु र जलवृष्टिको दृष्टिकोणबाट प्रयोग गरि लोकजन हितको लागि पूजा र प्रार्थना गरिन्छ। ने सं. ५३५ को एक अभिलेखमा पनि जलवृष्टि नभएको कारण नागको साधना गरि पुरश्चरण गरिसकेपछि जलवृष्टि भएको उल्लेख भएको पाइन्छ। उक्त अभिलेखको शीर्षभागमा **"ॐ नम श्री वज्रवरुण नवनागराजाय जलवर्ण्ण ॥ शुद्ध स्फटिकसंकाशं अष्टकुलनागाधिपं प्रभुम् ॥ जाज्वल्य महामणिकधराय ॐ नमाम्यहम् नमोस्तुते महापद्मनागराजं नमाम्यहम् ॥"** भनी स्तुति गरिएको छ। (राजवंशी, विसं २०१८, पृ. १५२ १५३)। साथै यसमा गोमुखनाग, मेघमुखनाग, सिंहमुखनाग, व्याघ्रमुखनाग, मृगमुखनाग, गजमुखनाग, भुजंगनाग, भुजंग महावृक्ष, भुजंग खाल नागहरुको साधना गरेको उल्लेख गरिएको छ।

राजा नरेन्द्र देवको पालामा गुरु गोरखनाथको कोपको कारण १२ वर्ष सम्म वर्षा नभएको र अन्ततः कामरुप कामाख्याबाट श्री रातो मच्छिन्द्रनाथलाई नेपालमण्डल भित्र ल्याई तन्त्र विधिबाट विधिवत् स्थापना गरि जलवृष्टि भएको लोकमान्य कथन हाल सम्म प्रचलित नै छ। काठमाण्डौं उपत्यका भित्र नागसँग सम्बन्धित टौदह, पशुपतिको वासुकीस्थान, नागदेश, नागपोखरी, नागबहाल आदि क्षेत्र महत्त्वपूर्ण मानिन्छ। यसै गरि शान्तिपुर, टंकेश्वर, कुम्भेश्वर, बुढानीलकण्ठ, लगनखेल, मंगलवजार, शोभाभगवती, सहिदगेट आदिमा स्थित नागस्थानहरु नागदेवतासँग अति निकट मानिएका क्षेत्रहरु हुन्।

हाम्रो पूर्वीय प्रचलित दर्शन अनुसार नागलाई शुद्धीकरण वा निर्मलीकरणको द्योतक मानिन्छ र हाल सम्म पनि विभिन्न पर्वहरुमा नागको पूजा तथा प्रार्थना गर्ने परम्परा यथावत् कायमै छ। ब्रह्माण्डमा हालसम्म अज्ञात रहेका कतिपय नागहरु होलान् तर साधारणतया प्रचलनमा आएका नागहरु : अनन्त, वासुकी, कर्कोटक, कुलिक, पद्म, महापद्म, तक्षक, शंखपाल, मनिषा (स्त्री) आदि मूल हुन्। यस पंक्तिकारले यस लेखमा वर्णन गर्न लागेका यी माथि उल्लेख गरिएका नागहरु मध्ये अलि भिन्न खालका हुन् जुन नाग (स्त्री तथा पुरुष) को वर्णन तल गरिन्छ।

वि.सं. २०७० सालको मध्यतिर गुरु गोरखनाथको ५४ फिट अग्लो, ३२ फिट लम्बाई, ३२ फिट चौडाई तथा चार ढोकाबाट समग्र भक्तजनहरुले सहज रुपले दर्शन गर्न सक्ने मन्दिर निर्माण गर्ने योजना गरियो र मन्दिरको चार कोणहरुमा (आग्नेय, नैर्ऋत्य, वायव्य र ईशान) पञ्चमुखी नाग राख्नै पर्ने भन्ने एक बाध्यात्मक आध्यात्मिक बुँदा

Raj Kishore

अगाडी आयो र उक्त शर्तलाई अनुशरण गर्न विभिन्न स्थानमा अध्ययन अनुसन्धान गरियो। अन्ततः भक्तपुरको सा:कोठा स्थित एक पौभा लेखन पसल (घर) मा स्व. ज्ञानकार वज्राचार्यज्यू सँग भेटघाट भए पश्चात् उहाँको राय, सल्लाह र सुझाव लिएर उक्त कार्यलाई मूर्त रुप दिइयो। यस लेखमा प्रस्तुत गरिएको तालिका उहाँलाई पनि उहाँको हजुरबुबाले उपलब्ध गराउन भएको रहेछ। स्व. वज्राचार्यज्यू विभिन्न नाग (स्त्री तथा पुरुष) चित्र चित्रण गर्न सिद्धहस्त हुनु हुन्थ्यो। तत्पश्चात् ढुङ्गाको मूर्ति बनाएर डाँडागाउँ, पालुङ्ग, मकवानपुरमा गुरु गोरखनाथको मन्दिरमा प्रतिस्थापन गरियो र समग्र मन्दिर २०७२ सालको अन्त्यतिर सम्पन्न भयो।

क्र. सं.	नाग का नाम	नागका वर्ण	नागका बाहुमा धारण गरेका शक्ति	नाग पुरुष/ नाग स्त्री
१	नाग जय	पहेंलो	रत्न	पुरुष
२	नाग कुम्भ	सेतो	मयुरको प्वाँख	पुरुष
३	नाग विजय	गुलाफी	अभय मुद्रा	पुरुष
४	नाग भद्र	हरियो	ज्वाला सहितको आगो	पुरुष
५	नाग देव	रातो	फल	पुरुष
६	नाग भय	निलो	गदा	पुरुष
७	नाग ज्योती	सेतो	आगो सहितको त्रिकोण	पुरुष
८	नाग चिन्तामणी	गहुँगोरो	त्रिकोण	पुरुष
९	नाग धारा	सेतो	वज्र	पुरुष
१०	नाग धनुष	सुवर्ण	षट्कोण	पुरुष
११	नाग पाश	खैरो	फूल	पुरुष
१२	नाग यन्त्र	फिक्का रातो	शंख	पुरुष
१३	नाग रुपा	घ्यू रंग	हात्तीको दन्त	स्त्री
१४	नाग सूत्र	पँहेलो	कलश	स्त्री
१५	नाग मोहिनी	हरियो	डण्डा	स्त्री
१६	नाग कुण्डल	प्याजी	फूल	स्त्री
१७	नाग दंश	धुंवा रंग	रुखको हाँगा	पुरुष
१८	नाग बीज	पहेंलो	फल	पुरुष
१९	नाग युद्ध	रातो	भाला	पुरुष
२०	नाग वंश	खैरो	ध्वजा	पुरुष

नाग (पुरुष) तथा नाग (स्त्री) को जोडीलाई शिव र शक्तिको प्रतीकको रुपमा लिइन्छ। त्यसकारण चार नाग (पुरुष) सहित एक नाग (स्त्री) गरि पञ्चमुखी नागको प्रतीकात्मक स्वरुप भएको मानिन्छ।

१.	नाग जय	नाग रुपा
२.	नाग कुम्भ	
३.	नाग विजय	
४.	नाग भद्र	

१.	नाग देव	नाग सूत्र
२.	नाग भय	
३.	नाग ज्योती	
४.	नाग चिन्तामणी	

१.	नाग धारा	नाग मोहिनी
२.	नाग धनुष	
३.	नाग पाश	
४.	नाग यन्त्र	

१.	नाग दंश	नाग कुण्डल
२.	नाग विज	
३.	नाग युद्ध	
४.	नाग वंश	

मन्दिर निर्माणको सिलसिलामा भएको अन्य घटनामध्ये एक रोचक प्रसंग यहाँ उल्लेख गर्न चाहन्छु। मन्दिरको चार कुनामा पञ्चमुखी नाग मूर्ति राख्न भनि ढुङ्गाको मूर्ति बनाएर बोलेरो गाडीमा राखेर लगें। सामान लिएर जान गाह्रो थियो। जाँदाजाँदा करिब बेलुका नै भयो मुस्किलसँग नजिकको व्यक्तिको अनुहार पहिचान गर्न सकिन्थ्यो। मन्दिरको निर्माण स्थल गाउँघर भन्दा अलि टाढा भएकोले र बत्ती बालेको किरण मन्दिरसम्म पुग्न गाह्रो थियो। पञ्चमुखी नागलाई गाडी पछाडी राखेको थियो र बेलुका भएको कारणले मद्दत गर्ने व्यक्ति शून्य थियो। गाडीलाई विस्तारै पछाडीबाट बढाएर बालुवाको थुप्रो माथि झार्ने तरिकाले अगाडी बढाएँ र एक्लैले ७५ किलो तौल भएको मूर्तिलाई बिस्तारै ढकेलेर बालुवाको थुप्रोमा त के झारैं, नाङ्लो भन्दा पनि ठूलो गोलाई भएको कालो तर सुर्वणमय विभिन्न बुट्टाले चित्रण भएको सशरीर नाग सललल बग्दै गए, शिर र फेद (पुच्छर) देखिनँ। म हेरेको हेरै भएँ। लौ सही स्थानमा स्थापित गर्ने सौभाग्य मिल्यो भनी मनमा लिएँ। भौतिक मूर्ति बालुवाको थुप्रोमा त्यतिकै छोडेर म प्रार्थना गर्न तर्फ लागेँ।

सन्दर्भ ग्रन्थ :

नेपालमण्डलमा जलवृष्टिका लागि गरिने धार्मिक तथा सांस्कृतिक अनुष्ठानहरु : सौभाग्य प्रधानाङ्ग, निमित्त महानिर्देशक, राष्ट्रिय अभिलेखालय (अभिलेख २०७६)

स्व. ज्ञानकार वज्राचार्य, साःकोठा, भक्तपुर

झाँक्री परम्परा : एक परिचय

✍ प्रतिभा पुन

झाँक्री

शरीरमा विशेष किसिमको झाँक आउने व्यक्तिलाई झाँक्री भन्दछन्। झाँक्री शब्द झाँक र री दुई शब्दको मिलनबाट बनेको छ। झाँक शब्दको अर्थ हल्लनु, उत्तेजित हुनु, जागृत हुनु भन्ने हुन्छ भने री शब्दको अर्थ शुभ अशुभ, अनिष्टकार्य आदिको विचार वा फल थाहा पाउन गरिने गतिविधि भन्ने अर्थ हुन्छ (पुन,२०७५,पृ२१)। अदृश्य शक्तिको सहायताले अज्ञात कुरोको ज्ञात गराउँदै समस्याबाट मुक्त गराउने तथा लौकिक र परालौकिक संसारबीच सम्बन्ध स्थापित गराउने व्यक्ति झाँक्री हो। झाँक्री शब्दको पर्यायवाची शब्दका रूप अङ्ग्रेजी भाषाको Shaman शब्दलाई लिने गर्दछन्। बाटर्सका अनुसार झाँक्री त्यो व्यक्ति हो, जो उत्तेजित हुन्छ, हल्लन्छ र जागृत हुन्छ (बाटर्स,१९७५,पृ १२३)। अध्येता बमकुमारी बुढा अनुसार खाम मगरहरु यस्तो व्यक्तिलाई रमा भन्दछन्। ढुट मगरहरू लामा भन्ने गर्दछन् (श्रीस मगर, २०६७, पृ ३९)भने काइके मगरहरु धामी भन्दछन् (अनुसन्धाता जगबहादुर बुढा)। संस्कृतिविद् जगमान गुरुङका अनुसार देवीदेवताको धामसँग सम्बन्धित व्यक्तिलाई धामी भनिन्छ भने झाँक आउने व्यक्तिलाई झाँक्री भनिन्छ। झाँक्री यमबहादुर पूर्जाका अनुसार झाँक आउने व्यक्तिको शरीरमा उत्रने अदृश्य अलौकिक शक्तिले भरिपूर्ण देउ हुन्। त्यसैले झाँक्रीलाई देउ पनि भनिन्छ।

उत्पत्ति सम्बन्धि लोकविश्वास

जब पृथ्वीको उत्पत्ति भयो, तब आठ दिशा नौ ग्रहको पनि उत्पत्ति भयो। यी ग्रहदशाको उत्पत्ति भएपछि केही समयमा अशान्ति फैलन लाग्यो। पृथ्वीका मनुष्यजातिले दुःख पाउन थाले। यस्तो अवस्थामा यी ग्रहदशाको शान्ति कसले गर्ने र कसरी मानवजातिको सेवा गर्ने भनेर चिन्ता बढ्न थाल्यो। सो चिन्तालाई शान्त पार्न देउताले झाँक्रीलाई खटाए। सत्य युगमा दुई भाइ झाँक्रीलाई पठाए। तीमध्ये एक जना लुलो र अर्को अन्धो थिए। हिंडडुल गर्न नसक्ने लुलो चाहिंको नाउँ जसु थियो भने अन्धो चाहिंको नाउँ देउ थियो। देउ नाम गरेको अन्धोले आँखा नदेखे तापनि उनमा अपूर्व दिव्यशक्ति सञ्चित थियो। यस अलौकिक शक्तिद्वारा मनुष्यजातिको भविष्यवाणी गर्ने, औषधोपचार गर्नुका साथै मनुष्यजातिमा निहित असल, खराब छुट्टाउने र सत् कर्ममा लाग्ने प्रेरणदायी भूमिका खेले। उनले त्यसरी नै मनुष्यजातिको सेवा गर्न थाले (झाँक्री यमबहादुर पूर्जासँगको अन्तर्वार्ता)।

झाँक्री सम्पन्न गर्ने शुभाशुभ समय

झाँक्री कर्म सम्पन्न गर्ने शुभाशुभ समय हुन्छ। कुन बार, पक्ष, महिनामा झाँक्री सम्पन्न गर्ने र कुन बार, पक्ष, महिनामा सम्पन्न नगर्ने भनी तोकिएको हुन्छ। विशेषतः विभिन्न पर्वोत्सवमा, जनसमुदायको समस्यानुसार विभिन्न समयमा झाँक्री बस्ने र बसाउने गर्दछन्। विशेष गरी साउन महिनाको २ गतेदेखि अन्तिमसम्म, पुस र चैत्र महिनामा झाँक्री बस्ने र बसाउने गर्दैनन्।

झाँक्रीको प्रकार र कार्य

झाँक्री ज्ञानबाट पुरुष मात्र नभएर महिलाहरू पनि दीक्षित भएका हुन्छन् । जसलाई स्थानीय वासीले झँकेर्नी, झँकेरेनी, लमेनी, माता तथा जम्केल्नी भनेर विभिन्न नामले पुकारिएको पाइन्छ। लिङ्गगत आधारमा महिला र पुरुष भेटिए तापनि झाँक्रीको ज्ञान प्राप्त गर्ने विधि तथा कार्यका आधारमा अप्रत्यक्ष रूपमा झाँक्रीको तह वा प्रकार छुट्याइएको पाइन्छ।

ज्ञान प्राप्त गर्ने विधिका आधारमा झाँक्री

यस आधारबाट हेर्दा झाँक्रीका दुई प्रकार भेटिन्छन् : क) भुईं फोरुवा, ख) औतारी ।

क. भुईं फोरुवा झाँक्री

भुईं फोरुवा झाँक्रीलाई भुईंफुट्य पनि भन्ने गर्दछन्। यिनको सामना गर्ने जो कोहीले सक्दैनन् भन्ने लोक मान्यता रहेको छ । यी झाँक्रीहरू अलौकिक, अदृश्य शक्तिधारी वनझाँक्रीबाट दीक्षित हुने हुँदा ज्ञान सीप र क्षमताले प्रवीण हुन्छन् र यिनका लागि लौकिक मानवगुरुको आवश्यकता पर्दैन भन्ने लोकविश्वास रहेको छ। यिनीहरुलाई वनझाँक्रीले पटकपटक आफूसँगै अनकन्टार जङ्गलमा लैजान्छन् र उनकै आचरणमा राखेर ज्ञान दीक्षित गराउँछन् । अलौकिक अदृश्य शक्तिका माध्यमबाट झाँक्री ज्ञान, सीप र क्षमता प्राप्त गर्ने हुनाले यस श्रेणीका झाँक्रीलाई भुईं फोरुवा वा भुईं फट्य भनेर भनिन्छ।

ख. औतारी झाँक्री

लौकिक गुरुआज्ञाद्वारा दीक्षित झाँक्रीलाई औतारी झाँक्री भनिन्छ। चोखो, पवित्र हृदय भएका व्यक्तिलाई देउले छोएपछि काम्ने, हल्लने तथा केही कुराहरू बेहोसी तालमा फलाक्ने गर्दछन्, जसका कारण निकै कष्ट भोग्ने गर्दछन् । तत्पश्चात आफूभन्दा पुरानो र पाको झाँक्रीलाई गुरुका रूपमा स्थापना गरेर पूर्णरूपमा झाँक्री ज्ञान, सीप र क्षमता प्राप्त गर्ने गर्दछन् । अर्थात् लौकिक व्यक्तिलाई गुरुका रुपमा स्थापना गरी दीक्षित हुने हुँदा यस्ता झाँक्रीलाई औतारी झाँक्री भनिन्छ।

कार्यका आधारमा झाँक्री

झाँक्री ज्ञान र सीप प्राप्त गरेपछि आ–आफ्नो कार्यक्षमता प्राप्त गर्दछन् । कार्यका आधारमा पनि झाँक्रीको प्रकार छुट्टाएको पाइन्छ। क. ओली झाँक्री, ख. जैसी झाँक्री र ग. झाँक्री

क. ओली झाँक्री

ओली भनेको झाँक्रीको एउटा पद हो । विशेषतः अनावृष्टि तथा अतिवृष्टि जस्ता प्राकृतिक प्रकोपलाई सन्तुलनमा ल्याउने झाँक्रीलाई ओली भन्ने गरिन्छ। यिनले आफ्नो क्षेत्रमा खडेरी पर्दा वर्षात् गराउने, अतिवृष्टिलाई रोक्ने तथा असिना पानीको जोखिमबाट बचाउने काम गर्दछन् । यसबेला ओली झाँक्री जुन स्थानमा प्राकृतिक प्रकोप छ, त्यही स्थानमा गएर नाङ्गै भई मन्त्र जप गरी अक्षता फ्याँक्छन् र विपत्तिलाई रोक्छन् । यिनले ओलीका कार्यबाहेक झाँक्रीको कार्य पनि गर्दछन् । तर पनि यिनको मूलकार्य विपत्तिको रोकथाम गर्नु हो ।

ख. जैसी झाँक्री

ज्योतिष ज्ञान भएका झाँक्रीलाई जैसी झाँक्री भनिन्छ । आदिवासीको प्राचीन समाजमा चिना बनाउने

Raj Kishore

चलन भएको देखिँदैन। तर पछिल्लो समयमा मात्रै चिनी बनाउने वा लेख्ने चलेको देखिन्छ। विशेषगरी जैसी झाँक्रीले बच्चा जन्मदा नाम राखिदिने तथा बिहे लगायतका संस्कारजन्य कार्य सम्पन्न गर्नका लागि शुभाशुभ दिन तथा साइत हेरिदिने कार्य गर्दछन्। यिनले जैसीका कार्य बाहेक झाँक्रीको कार्य पनि गर्दछन्। तर पनि यिनको मूलकार्य ज्योतिष कार्य गर्नु हो।

ग. झाँक्री

शरीरमा झाँक आउने व्यक्ति झाँक्री हुन्। ओली र जैसी झाँक्री लगायत अन्य झाँक आउने व्यक्तिहरू झाँक्री हुन्। यिनले ओली र जैसी झाँक्री भन्दा भिन्न खालको कार्य गर्दछन्। लोकजीवनमा देखा परेका समस्या, मानसिक तथा शारीरिक रोगव्याधिका बारे आइपर्ने समस्याको पहिचान गरी समस्याको समाधान गर्ने विशेष खालको कार्य सम्पन्न गर्दछन्।

झाँक्रीका सोसरमा

सोसरमा भन्नाले झाँक्रीका सम्पूर्ण सरसामान भन्ने बुझिन्छ। सोसरमा झाँक्रीका मूल सामग्री हुन्। मूलतः माला, गजा, ढेङ्गोरो, रुरुको सेउला, खरानी, आगोको कोइला, चोखो पानी, चिउ आदि प्रमुख मानिन्छन्। यी मध्ये माला, गजा, ढेङ्गोरो, रुरुको सेउला अनिवार्य सामग्री हुन्।

क. माला

झाँक्रीको प्रमुख गहना माला हो। यसले नै उनीहरुको प्राणको संरक्षण गरेको हुन्छ। यिनको प्रयोग गरेनन् भने विपक्षीले उनीहरू प्राण हरण गरिदिन्छन्। यसैले पनि माला झाँक्रीको प्राण कवच हो। यो माला रुद्राक्ष, भद्राक्ष र रिठा गरी तीन थरिका हुन्छन्। जसमा हरेक मालामा ७८ वटा गेडा हुन्छन् , जसलाई १०८ भनी भन्दछन्। मालामा ससाना घण्टीहरु राखिएका हुन्छन् भने अर्कोमा वीर अर्थात् जङ्गली पुरुष बँदेलको दाह्रा राखिएको हुन्छ। तर कसैकसैको मालामा भने बँदेलको दाह्रा राखिएको पाइँदैन।

ख. गजा

गजा अर्को महत्त्वपूर्ण सामग्री हो। यो देउनाली/देउनिगाली नामक एक प्रकार निगालोबाट बनाइएको हुन्छ। गजाको संख्या धेरै हुन्छ। यसको सङ्ख्या विजोर हुन्छ। ती मध्ये एउटा मुख्य हुन्छ, जुन ढ्याङ्ग्रो बजाउन प्रयोग गर्छन्। ती बाहेक नौ वटा गजा अनिवार्य रुपमा चाहिन्छ। त्यसपछि आफ्नो मूल गुरु र उनका अन्य चेला सदस्यहरुको सङ्ख्या हेरी हरेकको नाउँमा एक/एक वा दुई/दुई वटाको दरले गजा राख्ने गर्छन्। ती मध्ये एउटा मूल गजा हुन्छ, जसले ढेङ्गोरो बजाउँछन्। ती अन्य गजाहरूलाई चिउले भरिएको डालोमा सजाएर राख्छन्।

ग. ढेङ्गोरो

ढेङ्गोरो झाँक्रीको प्रमुख सामग्री हो। यसैको माध्यमबाट लौकिक र पारलौकिक संसारमा सम्बन्ध स्थापित गरी आफ्ना गुर(गुरु)सँग संवाद गर्दछन्। यो धातु वा छाला विशेषबाट बनेको हुन्छ। कसैले मृग तथा कसैले वीरका छालाद्वारा तयार पारिएको ढेङ्गोरो प्रयोग गर्दछन् भने कसैले काँशाको ढेङ्गोरो प्रयोग गर्दछन्। सिद्ध गुरु भएका झाँक्रीहरूले मृग तथा वीरका छालाद्वारा तयार पारिएको ढेङ्गोरो प्रयोग गर्दछन्। प्रायशः पुराना पुस्ताका झाँक्रीले छालाका र नयाँ पुस्ताका झाँक्रीले धातुको ढेङ्गोरो प्रयोग गर्दछन्।

Raj Kishore

यिनका अतिरिक्त अन्य सामग्रीहरूमा चोयाबाट बनेको डाली वा सोली, चिउ, अक्षता, भेटी, रुरुको पात, धजा, दियो, चोखो जल सहितको अङ्खरा, मर्चा, धुप, चौरी गाईको पुच्छर (चमर), विविध वनस्पतिका पातबाट बनाइएको धुप, आगोको कोइला आदि महत्त्वपूर्ण मानिन्छन्। यी मध्ये कुनै एकको अभावमा कार्य अधुरो र अपुरो मानिन्छ।

झाँक्री सम्पादन र विधिविधान

झाँक्रीले निश्चित विधिविधान अनुरुप आफ्नो कार्य ३ चरणमा सम्पादन गर्दछन्।

क. पहिलो चरण

झाँक्रीले आफ्ना विधिविधान अनुसार धुपधुँवार गर्दछन्। झाँक्रीले खरानी मन्त्रेर आफ्ना संवेदनशील अङ्गमा लगाउँछन्। यसका साथै उपस्थित सहभागीको शरीरको सुरक्षाका पनि विशेष मन्त्रजप गर्दछन्। मनमनै मन्त्र जप गर्दै ताल मिलाउँदै गजाले ढेङोरोमा हिकाउँछन् र कुण्डकुण्डमा रहेका आफ्ना गुर(गुरु)को आह्वान गर्दछन्।

ख. दोस्रो चरण

दोस्रो चरण विशेष महत्त्वपूर्ण चरण हो। यस चरणमा झाँक्रीले आफ्ना गुरुको आह्वान गरेपछि उनका गुरु आफ्ना अन्य चेलाहरू सहित उपस्थित हुन्छन्। त्यसपछि उनीहरूका बीचमा मूल समस्याका बारेमा छलफल गर्दछन्। समस्या के ? समाधान कसरी ? भनी आपसी संवाद हुन्छ। अन्तमा झाँक्रीले सम्पूर्ण ज्ञान प्राप्त गर्दछन्।

ग. तेस्रो चरण

तेस्रो चरण अन्तिम समापनको चरण हो। झाँक्रीले आफ्ना गुरुसँगको संवादबाट प्राप्त ज्ञान अनुसार सम्पूर्ण कार्य सम्पन्न गर्दछन् र अन्तमा आफ्नो गुर(गुरु)लाई धन्यवाद दिन्छन्। कार्य समापन गर्दछन् र आराम गर्दछन्।

झाँक्रीका कार्य तथा योगदान

अधिकांश नेपालीहरुको जीवन दर्शन झाँक्री परम्परामा अडेको छ। त्यसैले झाँक्रीलाई समाजको शक्तिशाली व्यक्तिका रुपमा लिएइको पाइन्छ। लोकसमाजले यिनलाई विशेषतः दुःख साह्रो पर्दा, बिरामी हुँदा, चाडपर्वमा पूजाआजा गर्दा, कुल पुज्दा, प्राकृतिक प्रकोप तथा विपत्ति आइपर्दा पुकार्दछन्। लामो समयसम्मको साधनापछि मात्र विशेष किसिमको अलौकिक शक्ति प्राप्त गरेका झाँक्रीहरूले त्यही शक्तिका आधारमा आफ्नो समाज तथा जहाँसम्म आफ्नो पहुँच पुग्छ, त्यहाँसम्म मानव कल्याणकारी कार्यमा लाग्छन्। घरको जग तयार गर्नेदेखि लिएर समापन गर्नेसम्म, घर प्रवेश गर्ने, विवाह गर्ने, बच्चा नजन्मेका दम्पत्तिको उपचार गरिदिने, गर्भवती महिलाले बच्चा जन्माउन नसकेको खण्डमा उपचार गर्ने, विविध खाले बिरामी व्यक्ति र पशुपाखर बिरामी हुँदा उपचार गर्नुका साथै अत्यन्तै खडेरी पर्दा वर्षा गराउने, अनिष्टकारी हुरी बतास, मुसलधारे वर्षा रोक्ने जस्ता कार्यहरु गर्छन्। तिनका कार्यहरुले झाँक्रीको योगदानलाई प्रष्ट पारेको देखिन्छ। विशेषतः उनीहरूले प्रकृति, आत्मा र मानव संसारका बीचमा समन्वय गराउने समन्वयकर्ता, संस्कृति संवाहक, ज्योतिषज्ञ, मनोचिकित्सक, चिकित्सक आदिका क्षेत्रमा कार्य गरी महत्त्वपूर्ण योगदान पुर्याएको देखिन्छ।

निष्कर्ष

Raj Kishore

आनुष्ठानिक कार्य सम्पन्न गर्ने व्यक्तिलाई झाँक्री भनिन्छ। व्यक्तिमा विशेष शक्ति जागृत भएर उत्तेजित भई काम्ने हुँदा वा एक किसिमका झाँक आउने हुँदा त्यस्तो व्यक्तिलाई समाजले झाँक्री भन्दछन्। उनले नै समाजको जीवन सञ्चालनका विविध लोक पद्धति, लोक परम्परा, लोक विश्वास, लोक धर्म, लोकाभ्यास आदि जस्ता मौलिक लोक संस्कृतिको संरक्षण र संवर्द्धन गरेका छन्। सभ्यताको प्रारम्भिक कालदेखि प्रचलित परम्पराका झाँक्रीहरू तत्कालीन समाजका जैसी, वैद्य र मनोचिकित्सक थिए र अद्यापि त्यो परम्परा छँदैछ। यद्यपि एक्काइसौं शताब्दीमा देखा परेको विज्ञान प्रविधिका कारण आधुनिक जैविक समाजको विकास भइकनपनि के स्वदेश के विदेश जहाँजहाँ यस समुदायको घना वस्ती हुन्छ, त्यहाँ झाँक्रीको वर्चस्व रही आएको छ। केही व्यक्तिहरूको व्यक्तिगत स्वार्थ, लोभ तथा रिसइवीका कारणले गलत ढङ्गको मन्त्रज्ञान प्रयोग गरी कार्य सम्पादन गरिदिने क्रियाकलापले यस परम्परामा प्रश्नचिह्न लागेको छ। उनीहरुको आफ्नै नियम हुन्छ, शैली हुन्छ, मूल्यमान्यता हुन्छ। आफू जन्मनुको कारण नै मानव कल्याणका लागि हो भन्ने कुरालाई हृदयङ्गम गरी हिड्ने झाँक्रीहरु पाप र धर्मबारे निकै सचेत हुन्छन्। यिनीहरु दुष्ट आत्मालाई नियन्त्रणमा लिएर पितृआत्मा, देउआत्माको स्थापना गरी पिशाच नीति भगाइ देउनीति (देवनीति) भित्र्याउने गर्दछन्। त्यसैले पनि सभ्यताको प्रारम्भिक कालदेखि हालसम्म पनि झाँक्री परम्पराले जनविश्वास प्राप्त गर्न सफल भएको छ। परिवर्तित समयसँगै समाजमा देखा परेका आर्थिक, राजनैतिक, वैज्ञानिक, धार्मिक, सांस्कृतिक तथा सामाजिक जटिलताका कारण यस परम्पराको ह्रास हुँदै गएको भएपनि समाजको चिन्तन परम्परामा झाँक्रीवाद एउटा विशिष्ट जीवनदृष्टि बनेर रहेको छ। अतः सामाजिक संस्कारको संवाहक बनेको अमूर्त संस्कृति झाँक्री परम्परा पछिल्लो समयमा लोप हुने अवस्थामा पुगेको आभास भएको छ।

सन्दर्भ श्रोतहरु

पुन, प्रतिभा, (२०७५), धौलागिरि क्षेत्रको अमूर्त लोकसंस्कृति : झाँक्री, ललितपुरः आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान।

बाटर्स, डेविड ई., (१९७५), साइबेरियन सामानिस्टिक ट्रेडिसन अमङ द खाम मगर अफ नेपाल।

सिनास जर्नल, भो.२, (पृ १२३)।

श्रीस मगर, मीन, (२०६७), मगर जातिको चिनारी, ललितपुर : आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान र नेपाल मगर संघ, केन्द्रीय समिति।

संस्कृतिविद् प्रा.डा. जगमान गुरुङ, उपकुलपति, नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी।

विज्ञ बमकुमारी बुढा, अठार मगरात प्रतिष्ठान, संस्थापक अध्यक्ष।

झाँक्री यमबहादुर पूर्जाघारा, खिबाङ, म्याग्दी।

पनदेवी पाइजा लेखफाँट, कुवापानी, पर्वत।

विज्ञ जगबहादुर बुढा, काइके मगर।

बलिः शास्त्रीय विवेचन

(बलि दिनैपर्छ, शास्त्रमा बलि छैन र दिनुहुन्न भन्नु महापाखण्ड हो)

✍ सन्दीप सापकोटा

विषयप्रस्थान

देशको संविधानले निर्दिष्ट गरेको र विश्व परिवेशमा अभ्यास भएको वाक् र वैचारिक स्वतन्त्रतालाई अनुशरण गरेर बलि विरूद्ध व्यक्तिगत विचार अभिव्यक्त गर्न खुलेआम पाइन्छ, आफ्नो खुशीले आफूले बलि नदिन पनि पाइन्छ र दिल खोलेर भावनात्मक चर्चा परिचर्चा गर्न पनि पाइन्छ। तर संवैधानिक स्वतन्त्रताको आधारमा शास्त्रमा भएको प्रमाणलाई एकतर्फीय रुपमा प्रस्तुत गरेर "शास्त्रमा बलि दिनै हुँदैन भनेको छ" भनी निराधार अपव्याख्या गर्न पाइदैँन, त्यो संवैधानिक अधिकारको दुरुपयोग हो। यो कृत्य एक किसिमको अपराध नै हो किनभने सनातन देखि चलिआएको एवम् परम्पराका रुपमा स्थापित रहेको धार्मिक आस्थामा यसप्रकारका गतिविधिले गम्भीर असर पार्दछ, शास्त्रको स्थापित मूल्यमान्यतामा गम्भीर चोट पुऱ्याउँछ र समाजमा सनातन देखि चल्दै आएको अक्षुण्ण परम्परालाई प्रहार गर्दछ। बलि दिनै हुँन्न, बलि भनेको मानव सभ्यताको सबैभन्दा ठूलो कलङ्क हो भनेर प्रचारप्रसार गर्नेहरु शास्त्रप्रति एककोणीय दृष्टि राख्ने र समाजमा सनातनको मूल्यमान्यतालाई विकृत चित्रण गरी प्रगतिशील टेपलिनेहरु हुन्, पूर्वाग्रह राख्नेहरु हुन्। यो स्वभाविक पनि हो, श्रीमद् भागवत महापुराणको द्वादश स्कन्धको तेश्रो अध्यायको ३२ औँ श्लोकमा भनिएको छ – दस्यूत्कृष्या जनपदा वेदाः पाखण्डदूषिता। अर्थात् कलियुगमा पाखण्डीहरुले मनोमानी रुपमा वेदको अपव्याख्या गर्दछन्।

सनातनीय पूजा, अनुष्ठान, मंगल उत्सव लगायतका देवकार्य, पितृकार्य आदिमा निष्काम वा सकाम भावले प्रत्यक्ष जीव बलि वा प्रतीकात्मक अनुकल्पीय बलि चढाउने दस्तुर शास्त्रीय पद्धति र मर्यादा हो। शास्त्रले बलिलाई पूर्णरुपेण स्वीकार गरेको छ अर्थात् कहीँ कतै शास्त्रमा बलि दिन हुन्न भनेर लेखिएको छैन। ***(टिप्पणीकर्ताहरुले श्लोकहरुको अर्थ खिचेर तर्क गर्ने प्रयास नगर्नुहोला, शास्त्र (प्रमाणिक)मा बलि दिनै हुन्न भनेर उल्लेख भएको प्रमाण ल्याउनुस्, म स्वीकार गर्न तयार छु।)***

केवल सिमीत ध्येय भएका र शास्त्रको वास्तविकताप्रति अनभिज्ञ रहेपनि आफूले आफैँलाई शास्त्रज्ञ मानी सुसंस्कृत बन्ने मान्छेहरुले पशुबलि विरोधका नाममा शास्त्रलाई अनेकानेक रुपले बढाईचढाई प्रचारप्रसार गरिरहेको अवस्था छ। कसैका सङ्कलनमा रहेका केही संस्कृतका वाक्यहरु टिपेर शास्त्रले त बलिलाई कदापि स्वीकार गरेको छैन भन्नु सङ्कीर्ण चिन्तनको उपज हो, धराशायी बौद्धिकताको संकेत हो। यहाँ विचारणीय पक्ष के छ भने – आजकल बलिविरुद्ध क्रियाशील अभियन्ताहरुबाट शास्त्रले सर्वथा स्वीकार गरेको बलिलाई हेयात्मक दृष्टिले प्रचारबाजी गरेको पाइन्छ र देवार्पण बिनाको मासु भक्षण गर्नु महाअपराध हो भन्ने शास्त्र वचनलाई मात्र केन्द्रीकृत गरी व्यापक रुपमा उजागर गर्ने गरिएको पाइन्छ। यो किसिमबाट भएको प्रचारलाई पङ्क्तिकारका दृष्टिमा केही सकारात्मक मान्न सकिन्छ, किन भने शास्त्रमा भएको यर्थाथतालाई यसले आंशिक रुपमा भएपनि चित्रण गरेको छ। तर पशुबलिका विरोधीहरुको अर्को जमात यस्तो पनि छ – जसले धर्मका नाममा मासु

नखाऊ, आफ्नो मनोखुशीले पशुवध गरेर मासु खाऊ र भौतिक सुख प्राप्त गर भन्दछ। यो त निकृष्ट चेत भएको संस्कार विरोधी कृत्य हो । यो दर्जाका विरोधीहरु सनातनलाई जरैबाट सिध्याउने रणनीतिका पृष्ठपोषक हुन् । यहाँ प्रकृतिको सार्वभौमिक नियम मिचेर बोकालाई नपुंसक बनाएर खसीको मासु शुद्ध भन्दै खाने एकथरि महापण्डितहरुको जमात पनि छ। हरेक श्वासप्रश्वासमा असंख्य जीवाणुहरुलाई मान्छेले ग्रहण गरिरहेको हुन्छ, दूधलाई दही बनाउन जीवाणुको प्रयोग हुन्छ। त्यसलाई चाहिँ स्वादिष्ट र बिना जीववधको सात्विक आहार मानेर भक्षण गर्दै जीव हिंसा नगरौं भन्ने जमात पनि छ। के त्यो चाहिँ हिंसा भएन र ? चुहिएको रगतलाई मात्र हिंसा देख्नेहरुले प्राण भएका वनस्पतिहरुको भक्षण भई रहेको किन नदेखेका हुन् ? युग सापेक्ष जाने कतिपय प्रगतिशीलहरुले भाषालाई मारे, संस्कृतिको हत्या गरे, परम्परालाई मारे र मार्दैछन्। अब के के मार्ने हुन् ? देवयाग वा पितृयागमा बलि अर्पण गरिएको पशुको प्रसादस्वरुप मासु ग्रहण गर्नलाई शास्त्रले ब्राह्मण, क्षत्रिय, वैश्य र शुद्र कतै बीर्जत गरेको छैन । बरु आत्मतुष्टि र उदरपोषणको मनसुवाले गरिने पशुवधलाई शास्त्रले सख्त निषेध गरेको छ। तर आज आएर पशुबलिको विरोध गर्ने अभियन्ताहरुले आफ्नै तरिकाले विभिन्न आधुनिक सिद्धान्तको प्रतिपादन गरेका छन्। आधुनिक सिद्धान्तलाई अलि प्रष्ट पार्न यहाँ केही संकेतार्थ उदाहरण प्रस्तुत गरिन्छ। जगदम्बिकाको अगााडि आफ्नै सन्तानको बलि दिने ? आफ्नै आमाको अगाडि छोरालाई काट्ने ? यो कहाँसम्मको मानवता हो ? यसप्रकारका नवीन सिद्धान्तहरुको विकास भई रहेका छन्। पशुबलि विरोधीहरुका त्यस्तै कुरालाई प्रत्युत्तर दिने हो भने– राक्षस पनि त जगदम्बिकाकै सन्तान हुन्। राक्षसलाई किन मार्ने ? मार्दै नमारे हुने थियो, मानवताको उद्धार गर्दै नगरे हुने थियो। नवीन सिद्धान्त यसर्थकी यसलाई समर्थन गर्ने शास्त्रीय प्रमाण कहीं कतै उल्लेख भएको पङ्क्तिकारले भेटेको छैन र अभियन्ता महानुभावहरुको आह्वानपत्र, लेख आदिमा तरल मनोभावना बाहेक केही ठोस शास्त्रीय चिन्तन र प्रमाण प्राप्त गर्न पनि सकेको छैन। यसर्थः पशुबलिको विरोध भनेको शास्त्रविरुद्ध विषयवस्तुको आधुनिक बजारीकरण मात्र हो, पूर्वीय संस्कृतिलाई धराशायी बनाउने षड्यन्त्र मात्र हो। यसको बहुपक्षीय कोणबाट परिशीलन हुनुपर्दछ।

बलिलाई सनातन शास्त्रहरुले सर्वस्वीकार्य रुपमा अंगीकार गरेको छ। शास्त्रकारहरुले पनि बलिलाई कहीं कतै विरोध गरेका छैनन् । बादरायण व्यास, आद्यजगतगुरु श्रीशंकराचार्य, भाष्कराचार्य, रामानुजाचार्य, निम्बार्काचार्य, श्रीकण्ठाचार्य इत्यादि सबैले वेदविहित हिंसामा कुनै दोष नहुने हुनाले वेदविहित यज्ञमा पशुलाई बलि अर्पण गरेर अनिष्ट हुँदैन, स्वर्गप्राप्ति नै हुन्छ भनेका छन् । आजकल धर्मलाई भिक्षापात्र बनाएर मागी खानेहरुले पूर्वोक्त आचार्यहरुको मार्गनिर्देशनबाट विचिलित भएका छन्, विभिन्न शाखाप्रशाखा बनाएर मनोखुशीका सिद्धान्तहरुलाई जबरजस्ती लाद्न खोजेका छन् । नित्य, नैमित्तिक र काम्य पूजानुष्ठानमा बलि अभिन्न उपचार हो, भुक्तिमुक्ति दिने सरलतम मार्ग र पुरुषार्थ चतुष्टय प्राप्त गर्ने सुगम विधि हो। बलिले केवल कल्याण गर्दछ, पशुलाई पशुयोनीबाट मुक्त गराएर मोक्षको द्वारसम्म पुर्याइदिन्छ। तर यहाँ उल्लेख गर्दैमा बलिले वास्तवमा नै यसो गर्दछ त ! यसको आधार के त ? यस्तो विषय कुन शास्त्रमा लेखिएको छ त ? यो आमपाठकको मनमा उठ्ने स्वभाविक प्रकृतिको प्रारम्भिक प्रश्न हो र बलिविरुद्ध लागेका एवम् टिप्पणीकर्ताहरुको प्रहार विन्दु पनि यही नै हो। यस लेखमा पशुबलि र मांस भक्षण सम्बन्धमा विविध पक्षहरुलाई उठान गरी शास्त्रीय कोणबाट केलाउने र चिन्तन गर्ने प्रयत्न गरिएको छ। यस लेखबाट आम जनमानसमा सिर्जित गरिएको बलि विषयको भ्रमको निराकरण गर्नका लागि उपयोगी सिद्ध हुने मान्यता पङ्क्तिकारले लिएको छ।

Raj Kishore

मनुस्मृतिमा बलिको स्वीकार्यता

सनातन धर्मलाई व्याख्या गर्ने विभिन्न स्मृतिहरु मध्ये नेपालमा प्रचलनमा रहेका सनातन आचारहरु बढी मात्रामा मनुस्मृतिबाट निर्देशित छ। मनुस्मृतिलाई प्राचीनतम स्मृति एवं प्रमाणभूत शास्त्रको रुपमा लिइन्छ जसलाई दक्षिण एसियाली भूखण्ड र आसपासका क्षेत्रका मानिसहरुले अमूल्य निधि र व्यवहारगत पक्ष, वैयक्तिक आचारण र समाजिक सद्भावको निर्णायक सूत्रको रुपमा लिने गर्दछन्। मनुस्मृतिमा बलिलाई धार्मिक अनुष्ठान र संस्कारविधिको महत्त्वपूर्ण विषयका रुपमा चर्चा गरिएको छ। विधिपूर्वक दिइएको बलि र मासु भक्षण गर्नलाई मनुस्मृतिले मार्ग प्रशस्त गरिदिएको छ तर बलिका प्रयोजन बाहेक पशुवध गर्ने र आत्मतुष्टिका लागि गरिने मांसभक्षणले मानिसलाई नरकगामी बनाउने तथ्य यसमा उल्लेख गरिएको छ। यस खण्डमा मनुस्मृतिलाई आधार मानेर बलि विषयमा चर्चा गरिएको छ र यसैको सिलसिलामा उपरोक्त ग्रन्थको ३। ८७ -८९ सम्मको श्लोकलाई यहाँ प्रस्तुत गर्न प्रासङ्गिक देखिन्छ। यथा-

एवं सम्यग्घविर्हुत्वा सर्वदिक्षु प्रदक्षिणम्।
इन्द्रान्तकाप्यतीन्दुभ्य : सानुगेभ्यो वलिं हरेत्॥ ८७॥
मरुद्भ्य इति तु द्वारि क्षिपेदप्स्वद्भ्य इत्यपि।
वनस्पतिभ्य इत्येवं मुसलोलूखले हरेत्॥ ८८॥
उच्छीर्षके श्रियै कुर्यादभद्रकाल्यै च पादतः।
ब्रह्मावास्तोष्पतिभ्यां तु वास्तुमध्ये वलिं हरेत्॥८९॥

भावार्थः असलविधिले होम गरेर सम्पूर्ण दिशाको प्रदक्षिणा गर्नू। इन्द्र, यम, वरुण, चन्द्र र यिनका अनुचरहरुलाई बलि दिनू। घरको द्वारमा मरुत्लाई बलि दिनू, जल, मुसल, ओखल र वनस्पतिलाई पनि बलि दिनू। वास्तुपुरुषको शिर अर्थात् घरको ईशान कोणमा बलि श्रियै नमः भनेर बलि दिनू, वास्तु पुरुषको चरण नैर्ऋत्य कोणमा भद्रकाल्यै नमः भनेर बलि दिनू र घरको मध्यमा ब्रह्मावास्तोष्पयितभ्यां भनेर बलिदान गर्नू।

त्यस्तै श्राद्धमा पितृपूजन गर्दा मांसको प्रयोग गर्न मिल्ने व्यवस्था पनि मनुस्मृतिले गरिदिएको छ। यद्यपी वर्तमानकालमा प्रत्यक्ष मासुको प्रयोग नै नभए पनि मासुको अनुकल्प स्वरुपमा मासको दाल, अदुवा लगायतका वस्तुहरुको फुलौरा लगायतका परिकारहरु बनाई पितृकार्यमा प्रयोग गर्ने गरिन्छ। नेवार परम्परा अनुसारको श्राद्ध हुँदा अहिले पनि प्रत्यक्ष रुपमा मासुको प्रयोग हुने गरेको पाइन्छ। यस विषयका सन्दर्भमा नेवारहरुमा एउटा उखान व्यापक छ - श्राद्धमा मासु छुन पनि हुँदैन र दुई धार्नी मासु नभई पनि हुँदैन। यसको अर्थ यहाँ पनि सबैले श्राद्धमा प्रत्यक्ष मासु नै प्रयोग गर्नुपर्छ भन्ने चाहिँ कदापि होइन। आफ्नो आफ्नो कुल परम्परा अनुसारको यसप्रकारका कर्म सम्पादन गर्नु पर्दछ। पङ्क्तिकार त्यसप्रति हार्दिकता पूर्वक उच्चसम्मान पनि प्रकट गर्दछ। केवल सन्दर्भका क्रममा यो प्रसङ्गलाई यहाँ उल्लेख गरिएको हो। मनुस्मृति अध्याय ३।२६८- २७२ सम्म पितृहरुलाई अर्पणीय मांसको वर्णन गरिएको छ। यथा-

द्वौ मासौ मत्स्यमांसेन त्रीन्मासान् हरिणेन तु।
औरभ्रेणथ चतुरः शाकुनेनाथ पञ्च वै॥ २६८॥
षण्मासांश्छागमांसेन पार्षतेन च सप्त वै।
अष्टावेणस्य मांसेन रौरवेण नवैव तु॥ २६९॥
दशमासांस्तु तृप्यन्ति वराहमहिषामिषैः।

Raj Kishore

शशकूर्मयोस्तु मांसेन मासानेकादशैव तु ॥ २७० ॥

संवत्सरं तु गव्येन पयसा पायसेन च।

वार्धीणसस्य मांसेन तृप्तिद्वादशवार्षिकी ॥ २७१ ॥

कालशाकं महाशल्काः खड्गहामिषं मधु।

आनन्त्यायैवकल्प्यन्ते मुन्यन्नानि च सर्वश ॥ २७२ ॥

भावार्थः माछा र मासुले दुई महिनासम्म, हरिणको मासुले तीन महिनासम्म, भेडाको मासुले चार महिनासम्म, भक्षण योग्य पक्षीको मासुले पाँच महिनासम्म पितृले तृप्ति प्राप्त गर्दछन्। बोकाको मासुले छ महिनासम्म, चित्रमृगको मासुले सात महिनासम्म, मृगको मासुले आठ महिना र रुरु मृगको मासुले नौ महिनासम्म तृप्ति दिन्छन्। सुँगुर र राँगाको मासुले दशमहिनासम्म, खरायो र कछुवाको मासुले एघार महिनासम्म तृप्ति दिने हुन्छ। गाईको दुध वा खीरले साल भरि र लामो कान एवम् नाक भएको बोकाको मासुले १२ वर्षसम्म तृप्ति दिन्छ। कालाशाक, महाशल्का (माछाको एकप्रकार), गैँडा, रातो बोका, मह र सबैप्रकारका मुनि अन्नबाट पितृहरु अनन्त वर्षसम्म तृप्त हुन्छन्।

अथर्ववेदमा पशुहरुलाई बलि दिएर गरिने पितृयागको वर्णन पाइन्छ। पितृको श्राद्धमा उच्चकुलका (राजकुल आदि) सदस्यहरुले पितृतृप्तिका लागि गैँडाको बलि दिएर त्यसको रक्त र मांसले श्राद्ध सम्पन्न गर्ने परम्परा, सर्वसाधारणको श्राद्धमा प्राप्त भएसम्म गैँडाको मासु खोज्ने परम्परा र त्यो उपलब्ध नभएमा गैँडाको छाला, सिङ्ग वा हाडबाट बनेको खगौतोबाट पितृहरुलाई तर्पण गर्ने गरिने दस्तुर सबैको कर्णगोचर भएको नै विषय हो। यो परम्परा आजपर्यन्त सनातन सामाजिक संस्कारमा जीवन्त छ। सनातन धर्मको अमूर्त संस्कृतिको यो अति महत्त्वपूर्ण पक्ष हो। अब मनुस्मृतिमा उल्लेख भएको बलि र मांस भक्षणको विषयमा चर्चा गर्न उपयुक्त देखिन्छ। मनुस्मृतिको पाँचौ अध्यायका देहायका श्लोकहरुलाई प्रस्तुत गरिएको छ। यथा–

प्रोक्षितं भक्षयेन्मांसं ब्राह्मणानां च काम्यया।

यथाविधि नियुक्कस्तु प्राणानामेव चात्यये ॥ २७ ॥

भावार्थः यज्ञमा वेदमन्त्रद्वारा प्रोक्षण गरिएको मासु खानू र यही ब्राह्मणको इच्छा (कामना) भयो भने खानू। देवकार्यमा र पितृकार्यमा निमन्त्रणा हुँदा र प्राण जाने भयले मांस भक्षण गर्न उचित हुन्छ। त्यसमा दोष लाग्दैन।

वैदिक विधिपूर्वक सम्पादन गरिएको देवकार्य तथा पितृकार्यमा दिइएको पशुबलि शास्त्रसम्मत हो। त्यसप्रकारका पूजानुष्ठानमा बलि दिइएको पशुको मासुलाई वेदमन्त्रहरुद्वारा शुद्ध गरिएको हुन्छ। त्यस्तो मांस प्रसादलाई ग्रहण गर्ने कामना वेदाचारमा बसेका सत्निष्ठ ब्राह्मणलाई पनि भएमा ग्रहण गर्न मिल्ने आज्ञा मनुस्मृतिले दिएको छ। यथा –

नात्तादुष्यत्यदन्द्यान्प्राणीनोद्रहन्यहन्यपि।

धात्रैव सृष्टा ह्याद्याश्च प्राणीनोऽत्तार एव च ॥ ३० ॥

यज्ञाय जग्धिर्मांसस्येत्येष दैवो विधिः स्मृतः।

अतोऽन्यथा प्रवृत्तिस्तु राक्षसो विधिरुच्यते ॥ ३१ ॥

भावार्थः जो भक्षण योग्य प्राणी छ, त्यसको मासुलाई प्रतिदिन खाँदा, खाने मान्छे दोषभागी हुँदैन। किनभने भक्षण गर्न योग्य प्राणी र भक्षक दुबैलाई स्वयं परमात्माले रचना गरेका हुन्। यज्ञको लागि गरिएको मांस भक्षण दैवी विधि हो भने देवार्पण बिना मासु खानु राक्षस विधि हो।

मासुलाई देवपूजा र पितृकर्ममा अर्पण गरेर ग्रहण गर्नु दैवी विधि हो तर आफ्नो मनोखुशीले जथाभावी पशुवध गरेर मासु खानु राक्षस विधि हो। यो कुरालाई आमसमाजमा दिग्भ्रमित गरेर चर्चा हुने गरेको पाइन्छ। आजकल सात्विक, राजस र तामस विधि भनेर एकापसमा सर्वोच्चताको लागि तर्कविर्तक हुन्छन्। मेरो सम्प्रदायले अमुकलाई मान्दछ त्यसैले सात्विक, मेरो सम्प्रदायले अमुक पद्धतिलाई मान्दछ – त्यसैले सर्वोच्च, म मांसाहार गर्दिन – म सात्विक हुँ , मासु खाने र बलि दिने तामसिक हुन् ! के को आधारमा यसरी खुट्याइएको हो ? दालभात साग सब्जी मात्रै खाने सात्विक भए, ती मध्ये कतिपय भ्रष्यचारमा लिप्त छन्, जातिगत सङ्कीर्णतामा लिप्त छन्, त्यो विषय गौण छ। मैले यस्तो भोजन गर्छु त्यसैले सात्विक हुँ –त्यसैले अरु भन्दा केही उत्कृष्ट छु भनेर अहमताले चुरचुर भई बस्तछन्। कोही नौलो मान्छे देखि हालेपनि आफ्नो रहनसहन र व्यवहारको बारेमा केन्द्रीत भई कुरा गर्न थाल्दछन्। बाह्य वस्तुमा नै केन्द्रीभूत भएका नै हुन् त सात्विक ? के सात्विकको परिभाषा यही नै हो त ? आफ्नो अन्तःकरणलाई चिन्तनशील बनाउन नसकेसम्म के सात्विक, के राजसिक, के तामसिक ? त्यस्तो कार्यकलापले त उल्टै तामसभाव पो सिर्जना गर्दछ। म सात्विक भनेर आफ्नो नै बखान गरिरहँदा भित्र त अहम्ताको विकास हुन्छ। अनि आध्यात्मिक जगत्मा यस्तो अहमताको स्थान कहाँ छ ? समभाव राख्नु पर्दछ, सबैको सम्मान गर्नुपर्दछ। यसले कसैलाई चोट पुग्न गएको रहेछ भने माफ गर्नुहोला ! यो विषय यहाँ उल्लेख गर्न खोजेको थिइनँ तर केही मित्रहरुसँगको संगतले गर्दा कतिपयलाई गरिएको व्यंग प्रहारले पङ्क्तिकार प्रत्यक्ष अनुभूत गरेकै कुरा यहाँ राख्न बाध्य भयो।

यज्ञार्थं पशवः सृष्टाः स्वयमेव स्वयम्भुवा।
यज्ञस्य भूत्यै सर्वस्य तस्माद्यज्ञे वधोद्रवधः ॥ ३९ ॥

भावार्थः ब्रह्माजीले स्वयं नै यज्ञको लागि पशुको सृष्टि गर्नुभएको हो। यज्ञ सम्पूर्ण जगत्को कल्याणको लागि हो। त्यसैले यज्ञमा हुने पशुवध वास्तवमा वध (हिंसा) होइन।

सनातन धर्ममा सृष्टिको रचना पितामह ब्रह्माजीले गरेको मानिन्छ। प्रकृतिलाई सन्तुलित राख्न बलि अत्यन्त आवश्यक छ। खाद्य सन्तुलनलाई व्यवस्थित पारेर सृष्टिको नियमलाई र एकप्राणीसँग अर्को प्राणीको तादात्म्यलाई बलि परम्पराले परोक्षरुपमा सहयोग गर्दछ। यहाँ कल्याणको अर्थ नै यही हो। कल्याण मानवको मात्र होइन, अन्य प्राणीको पनि हो। यो कल्याण भौतिक आँखाले देख्न सक्दैन। काम, क्रोध, लोभ, मोह, मद र मात्सर्य रुपी षड्विकारमा अल्भ्केको मानवले रुनुलाई रोएकै देख्दछ, हाँसेकोलाई हाँसेकै देख्दछ। तर त्यहाँ भित्रको गौणतालाई चाहिँ देख्दैन, देख्ने सामर्थ्य राख्दैन। यहाँ चर्चा गरिएको बलिप्रथा सनातन धर्मसँग नै सम्बन्धित छ। सनातन धर्मले ८४ लाख पुनर्जन्मको अवधारणालाई मान्दछ। एक पशुयोनीबाट अर्को पशुयोनीमा जीव सर्दै सर्दै जान्छ र मोक्षसम्मको लागि प्रयत्न गर्दछ। एवम्रीतले अन्ततोगत्वा मोक्षलाई नै प्राप्त गर्दछ। तर असंख्य तिर्यक योनीमा रहेका जीवहरुको कल्याण र सहजताका साथ मोक्ष दिलाउनका लागि बलिको उद्‌भव परमेश्वरद्वारा भएको हो। विधिपूर्वक दिइएको बलिले पशुलाई मोक्षसम्म नै पुर्याउँछ, लौकिक जञ्जालबाट छिनालेर परम चेतनमा मिलाउँछ। तर भौतिकवादले यसलाई मान्दैन, भौतिकवाद पूर्वीय सनातनीहरुको चिन्तन प्रणाली पनि होइन। अतः बलि कदापि हिंसा होइन। बलि र हिंसा दुई फरक फरक पाटे हो। यहाँ मनुको एक उक्तिलाई गाम्भीर्यताका साथ विचार गरौँ। यथा–

एष्वर्थेषु पशून् हिंसन् वेदतत्त्वार्थविद्द्विजः।
आत्मानं च पशुं चैव गमयत्युत्तमां गतिम् ॥ ४२ ॥

Raj Kishore

गृहे गुरावरण्ये वा निवसन्नात्मवान् द्विजः।

नावेदविहितां हिंसामापद्यपि समाचरेत्॥ ४३॥

भावार्थः वेदविशारद द्विजले मधुपर्क, श्राद्ध, यज्ञयज्ञादिमा पशुवध गरेर आफ्नो आत्मा एवं पशुलाई उत्तम गतिमा पुऱ्याउँछ। गृहस्थ, ब्रह्मचर्य र वानप्रस्थ आश्रममा रहेर द्विजले कहिल्यै पनि हिंसा गर्नुहुँदैन। यस जगत्मा जो वेदानुसार हिंसा नियत हुन्छन्, त्यसलाई कदापि हिंसा मान्नु हुँदैन।

वेदमार्गमा लागेर बलि दिनु कदापि हिंसा होइन। पशुबलि दिएकोलाई हिंसा देख्नेहरुले समाजमा व्याप्त रहेका अन्य मानवीय विकृति र हिंसालाई अलि कम महत्त्व दिएको देखिन्छ। महिला तथा बालबालिका हिंसा, बलात्कार, बालश्रम, जातीय छूवाछुत लगायतका विषयहरु प्रसङ्ग बाहिरका परेको भान पर्दछन्। सनातन धर्मलाई नै अक्षुण्ण रुपमा निर्मम प्रहार भईरहनु भनेको संक्रमित मानसिकताको भ्रष्ट दाउपेच हो, धार्मिक आस्था र विश्वासमा गरिएको कुठाराघात हो। लक्षित तानाबानाबाट ग्रसित भएको मानसिकतालाई शास्त्र र परम्पराको कुरा ग्राह्य हुँदैन, केवल यन्त्रमानवको चालनको लागि जडान गरिएको कृत्रिम प्रोगामिङ्ग प्रणालीझैँ बन्न पुगिन्छ। सनातनको अमूर्त परिचय गुमाएर आधुनिकीकरणको बाहिरी आवरणमा सजिएपछि न त इहलोक न त परलोकमा नै सुख प्राप्त हुन्छ। एउटा उखान छ नि- न त हाँसको चाल न त कुखुराको चाल। त्यही हविगतमा पुग्दछ।. त्यसकारणले आफ्नो संस्कृतिको बारेमा हरेकलाई मूल्यबोध हुनु जरुरी छ।

पञ्च सूना गृहस्थस्य चुल्ली पेषण्युपस्करः।

कण्डनी चोदकुम्भश्च बध्यते यास्तु बाह्यन्॥ ६८॥

भावार्थ : गृहस्थ जीवनमा नित्य प्रयोग हुने गरेका पाँच वधस्थलहरु – चुलो, पीठो पिन्ने जाँतो, कुचो, ओखल र पानीको घैँटो हुन्।

यस श्लोकको भावार्थबाट केवल पशुमात्र बलि होइन, हामीले खाने अन्न पूर्ण बलि हो , प्रयोग गर्ने औजार आदि सबै बलिदान दिइने वधशाला हुन् भनेर बुझ्नु पर्दछ र यस निर्देशलाई हामीले गम्भीरताका साथ चिन्तन गर्नु पर्दछ। हिँडडुल गर्ने जीवजन्तुमा जस्तै कहीकतै नसर्ने स्थिरासनमा बसेको झारपात, रुख आदिमा पनि त प्राण छ। केवल चेतनाको स्तरमात्र फरक त हो नि। त्यसलाई छिनाल्दा त्यसको पनि त प्राणन्त भयो त्यसलाई चाहिँ अभियन्ताहरुले किन सम्बोधन नगर्ने ? जीवबलिको विरोध भनेको केवल मनगढन्ते र कपोलकल्पित तर्कनाको प्रस्तुतीकरण गरेर शास्त्रबीर्जत विषयवस्तुहरुलाई आधुनिक सिद्धान्तको रुपमा प्रतिपादन गरी गरिएको विकृत बजारीकरण हो। अतः यहाँ मनुस्मृतिलाई आधार मानेर प्रस्तुत गरिएको चर्चाले पशुबलि गरिनै पर्ने महत्त्वपूर्ण संस्कार हो भन्ने दर्शाउँछ।

बलिको पौराणिक सर्वस्वीकार्यता

पौराणिक चिन्तन र विचारधारामा पनि बलि प्रथाको सर्वस्वीकार्यतालाई आत्मसात् गरिएको पाइन्छ। यद्यपी एकपुराणले अर्को पुराणको मत र चिन्तनपक्षसँग विरोधाभास राख्दछ तर बलिको विषयमा पूर्वीय शास्त्रको अनेकन धाराहरुमा निर्विकल्प र प्रमाणिक एकै मत पाइन्छ। बलिको विरोध कहीँकतै गरिएको छैन, आफ्नो तृप्ति र भोग प्रयोजनका लागि मासु खानु लौकिक अपराध पनि हो र शास्त्र अनुसार महापातक पनि हो। वेदमन्त्रद्वारा बलि दिइएको पशु र अभिमन्त्रित गरिएको मासु देवदुर्लभ महाप्रसाद हो, त्यो ग्रहण गर्न कुनै आपत्ति छैन, त्यसबाट कुनै हानी नोक्सानी पनि हुँदैन (थप पुण्यफल पाउने) र त्यसबाट पापभागी पनि भईँदैन।अब यस खण्डमा महर्षि वेदव्यास प्रणीत अष्ट्यदशपुराण मध्ये केही पुराणहरुलाई बलिका सन्दर्भमा चर्चा गर्ने प्रयास गरिएको छ।

गरुडपुराणको चतुर्थ अध्यायको २० औँ श्लोकमा वैदिक यज्ञमा दिइएको पशुबलिको मासुलाई प्रसाद स्वरुप सेवनका गर्नु बाहेक आफ्नो आत्मतुष्टिका लागि ब्रह्मकर्मबाट परिभ्रष्ट भएर पशुहत्या र मांस भक्षण गर्न बीर्जत गरिएको छ। यथा–

वेदोक्तयज्ञादन्यत्र स्वात्मार्थ पशुमारकः ॥ २० ॥

ब्रह्मकर्मपरिभ्रष्टो मांस भोक्ता च मद्यपः । ॥२१॥ (सारोद्धार गरुडपुराण ४ । २०)

यसै सिलसिलामा कूर्ममहापुराणको उत्तरभागको १७ औँ अध्यायको एउटा श्लोक प्रासाङ्गिक हुने देखिन्छ।

आमन्त्रितस्तु यः श्राद्धे देवे वा मांसमुत्सृजेत्।

यावन्ति पशुरोमाणि तावतो नरकान् व्रजेत् ॥ ४० ॥ (कूर्मपुराण २ । १७ । ४०)

भावार्थः श्राद्धरुप पितृकर्म वा कुनै पनि देवानुष्ठानमा आमन्त्रित गरिएको मनुष्यले प्रसाद स्वरुप दिइएको मांसको त्याग गर्दछ भने त्यही पशुको रौंको संख्या बराबर वर्ष नरकभागी हुनुपर्दछ।

परब्रह्मात्मिकालाई समर्पण गरिएको मासु त्याग गर्दा शास्त्रानुसार दण्डभागी हुनुपर्दछ। यो शास्त्रको मात्र कुरा होइन लौकिक सामाञ्जस्यता र सामाजिक सद्व्यवहारको पनि कुरा हो। एकजना महानुभावले एउटा समारोहमा बोलेका थिए – अहिलेको समाजमा ड्रिंक्स गर्नु त सोसल हो। जसले पनि गर्छ। सोसल र नन् सोसललाई ख्याल राख्ने हाम्रो आधुनिक समाजले पुस्तान्तरबाट प्राप्त भएको बलिजस्तो सुदीर्घ परम्परागत संस्कृतिलाई किन धानेर राख्न बाध्यताका रुपमा लिँदै छ ? के समाज उत्तर आधुनिकवादको परिभ्रष्टता तिर त प्रवेश गर्दै गरेको छैन ? फेरि अर्कातिर महासज्जनको एउटा जमात छ, संस्कारको तिरस्कार गर्ने, अरुको संस्कृतिको कदर नगर्ने। पङ्क्तिकारले अनुभूत गरेकै विषय हो – यी आजकलका महापण्डितहरु सकल विश्वकी जननी गुह्येश्वरीमा माँको स्पर्शसम्म पनि गर्दैनन्, माँको जलग्रहण गर्ने त कुरा नै पर जाओस्। जाँडरक्सी चढाएको हुन्छ ! हामी माछामासु खाँदैनौ, जाँडरक्सी छुँदैनौँ। त्यो त घृणितवस्तु हो, त्यस्तो चढाएर पनि पूजा गर्ने हो भनेर तर्किन्छ, घृणा भाव राख्छन्, जल र प्रसादको तिरस्कारै गर्छन्। कतिपय महाविद्वान् कहलिएकाहरु बलि दिने मन्दिरमा प्रवेश नै गर्दैनन्। साक्षात् ईश्वरीले मांस र मद्य ग्रहण गर्नुहुन्छ भने आद्याशक्तिभन्दा पनि शक्तिशाली व्यक्तित्वहरुलाई नमस्कार छ। अब श्राद्धमा पनि मासु प्रयोग अर्थात् पितृहरुलाई पनि मासु चढाउन मिल्ने कुरालाई यहाँ जोडौं। विष्णुपुराणमा श्राद्धमा मांस प्रयोग गरेर पितृलाई तृप्त बनाउन मिल्ने तथ्यलाई जोड दिइएको छ। तृतीय अंशको सोह्रौँ अध्यायको १–३ श्लोकलाई यहाँ प्रस्तुत गर्न उपयुक्त देखिन्छ।

हविष्यमत्स्यमांसैस्तु शशस्य नकुलस्य च।

सौकरच्छागलैणेयरौरवैर्गवयेन च ॥ १ ॥

औरभ्रगव्यैश्च तथा मासवृद्धया पितामहाः।

प्रयान्ति तृप्तिं मांसैस्तु नित्यं वार्ध्रीणसामिषैः ॥ २ ॥

खड्गमांसमतीवात्र कालशाकं तथा मधु।

शस्तानि कर्मण्यत्यन्ततृप्तिदानि नरेश्वर ॥ ३ ॥ (विष्णुपुराण ३ । १६ । १–३)

भावार्थ : हवि, मत्स्य, खरायो, न्याउरी मुसा, सुँगुर, बोका, कस्तुरी मृग, कृष्ण मृग, नीलगाई र भेडाको मासुले तथा गव्यबाट पितृगण क्रमशः एकएक महिनासम्म अधिक तृप्तिलाभ गर्छन् र वार्ध्रीणस (ऐ. ग्रन्थको भाषा टीकामा पक्षी भनिएको तर कतै कतै गैँडाको एक प्रजाति पनि हो भनिएको) को मासुबाट सदा तृप्ति मिल्दछ। हे नरेश्वर ! श्राद्धकर्ममा गैँडाको मासु, कालशाक र मह अत्यन्त महत्त्वपूर्ण र तृप्तिदायक मानिन्छ।

मार्कण्डेय पुराणको देवी महात्म्य (दुर्गा सप्तशतीमा बाह्रौं अध्यायको बीसौँ श्लोकमा) मा पशु (बली) चढाएर देवीको उपासना गर्ने प्रसङ्गको वर्णन पाइन्छ। यथा–

पशुपुष्पार्घ्यधूपैश्च गन्धदीपैस्तथोत्तमै ॥ (दुर्गासप्तशती १२। २०)

प्राणात्ययेक्रतौश्राद्धेभेषजेपिवप्रकाम्यया ॥

अलौल्यमित्थंपललम्भक्षयन्नैवदोषभाक् ॥ १७ ॥

मखार्थम्ब्रह्मणासृष्टाः पशुद्रुममृगौषधीः ॥

निघ्नन्नहिंसकोविप्रस्तासामपिशुभागतिः ॥ १९ ॥ (स्कन्द पुराण काशी खण्ड ४० अध्याय)

अर्थः प्राणसंकट, यज्ञ, श्राद्ध र औषधी प्रयोगको लागि ब्राह्मणको इच्छा भएमा र लोभ रहित भएर मांस भक्षण गर्दा दोष भागी हुनु पर्दैन। ब्रह्माजीले यज्ञको लागि पशु, वृक्ष, मृग र औषधीहरुको सिर्जना गरेका हुन् त्यसैले यज्ञादिको लागि बलि दिने ब्राह्मण अहिंसक हो, उसको शुभगति हुन्छ।

यसैगरी स्कन्द पुराणको नागरखण्डको एक श्लोकलाई यहाँ प्रस्तुत गर्न उपयुक्त देखिन्छ। यथा–

तथा मांसं विचित्रञ्च लवणाद्यैः सुसंस्कृतम्।

अथाद्रसौ बुभुजेविप्रः क्षुत्क्षामस्त्वरयाद्रन्वितः ॥

अविदितरसास्वादो बृहद्ग्रासैर्मुदान्वितः।

अथतृप्तेनमांसास्य ज्ञानंतेनद्विजोत्तमाः ॥ (स्कन्द पुराण नागर खण्ड ४९। १२-१३)

भावार्थः त्यसपछि नुन आदि भलिभाँती मोलेर बनाएको विचित्रको मासुलाई त्यो मान्छेले दुब्लो र स्वाद जान्ने शीघ्रताले र प्रसन्नता संयुक्त भएको ब्राह्मणलाई दियो।

त्यस्तै श्रीमद्भागवत महापुराणको चतुर्थस्कन्धमा वीरभद्रकृत दक्षयज्ञविध्वंस र दक्ष वधको प्रसङ्गको वर्णन गरिएको छ। उपरोक्त यज्ञमा दक्षप्रजापतिले यज्ञपतिलाई याज्ञिक पशुहरुको बलि अर्पण गरेको प्रमाण भेटिन्छ। यथा–

दृष्ट्वा संज्ञपनं योगं पशूनां स पतिर्मखे।

यजमानपशोः कस्य कायात्तेनाहरच्छिर : ॥२४॥ (श्रीमद्भागवत महापुराण ४। ५। २४)

भावार्थः दक्षप्रजापतिले त्यही यज्ञमण्डपमा यज्ञपशुहरुलाई जसरी मारेका थिए, त्यसरी नै वीरभद्रले दक्षरुप यजमानको शीर्ष छेदन गरिदिए।

यस विवेचनबाट के पुष्टि हुन्छ भने पौराणिक चिन्तनमा बलिको विरोध भएको पाइदैंन। तर्क उपतर्कका आधारमा अर्थ तानेर बलिलाई शास्त्रमा नभएको कर्मका रुपमा प्रस्तुत गरिएको मात्र हो।

पञ्चमवेद महाभारत र रामायणमा बलि सन्दर्भ

माथि उल्लेख गरिएका पौराणिक र स्मृतिका प्रमाणहरुका आधारमा बलिप्रथालाई शास्त्रोक्त मानियो, अब यस खण्डमा यहाँ महाभारत र रामायणका आधारमा बलि प्रथालाई शास्त्रीय पुष्टि गर्न वाञ्छनीय देखिन्छ।

स तुत्कृष्ट मृतानां वै मांसानि मुनिसत्तमः ॥ ११ ॥

जुहाव धृतराष्ट्रस्य राष्ट्रं नरपतेः पुरा।

अवाकीर्णे सरस्वत्यास्तीर्थे प्रज्वाल्य पावकम् ॥ १२ ॥

वको दाल्भ्यो महाराज नियमं परमं स्थितः।

सतैरेव जुहावास्य राष्ट्रं मांसैर्महातपाः ॥ १३ ॥ (शल्यपर्व ४१ अध्याय)

भावार्थः ती मुनिश्रेष्ठले मरेका पशुहरुलाई नै काटेर, त्यही काटिएको मासुले राजा धृतराष्ट्रको राज्यको आहुति दिन लागे। सरस्वती नदीको अवाकीर्ण तीर्थमा अग्नि प्रज्वलित गरेर महातपस्वी दल्भपुत्र बकले मृतपशुको मांसहरुबाट उनको राष्ट्रलाई नै आहुति दिन लागे।

गव्येन दत्तं श्राद्धे तु संवत्सरमिहोच्येत। (अनुशासन पर्व ८८ । ५)

भावार्थः गाईको मासुले श्राद्ध गर्दा पितृहरु एक वर्षको लागि तृप्ति लाभ गर्दछन्।

राज्ञो महानसे पूर्व रन्तिदेवस्य वै द्विज।
हेसहस्रे तु वध्येते पशूनामन्वहं तदा॥
अहन्यहनि वध्यते द्वे सहस्रे गवां तथा।
अतुला कीर्तिरभवन्नृपस्य द्विजसत्तम॥ (वनपर्व २०८ । ८, १०)

भावार्थः राजा रंतिदेवको भान्साको लागि दुई हजार पशु दिनहुँ काटिन्थ्यो। मासु सहित अन्न दान गरेका कारण राजा रंतिदेवले अतुलनीय कीर्ति प्राप्त गरे।

श्रीमद्वाल्मीकिय रामायणमा पनि मांस भक्षण र बलिसँग सम्बन्ध भएका थुप्रै प्रमाणहरु प्राप्त गर्न सकिन्छ।

वाप्यो मैरेयपूर्णाश्च मृष्टमांसचयैर्वृताः।
प्रतप्तपिठशैश्चापि मार्गमयूरकौक्कुटैः॥७०॥ (श्रीमद्वाल्मीकिय रामायण अयोध्याकाण्ड ९१)

भावार्थः भरत सेनामा आएका निषाद आदि गरिएका वर्गका मान्छेका तृप्तिका लागि महले भरिएको घैंयो, अग्निकुण्डमा पकाइएको मृगको मासु, मयूर र कुखुराको स्वच्छ मासु राखियो।

यहाँ सिताहरण गर्नका लागि छद्म ब्राह्मण भेष धारण गरि आएको रावणलाई सिताले आफ्नो परिचय दिँदै भन्दछिन्। यथा –

रूरून् गोधान् वराहांश्च हत्वाद्प्रदायामिषं बहु।
स त्वं नाम च गोत्रं च कुलमाचक्ष्व तत्त्वत्तः॥
एकश्च दण्डकारण्ये किमर्थ चरसि द्विज॥ (श्रीमद्वाल्मीकिय रामायण अरण्यकाण्ड ४७ । २३–२४)

भावार्थः रुरुमृग, गोही र बदैंल आदि हिंस्रक जनावरहरुको शिकार गरी मेरा तपस्वी जनहरु आफ्नो उपभोगका लागि फलफूल सहित छिट्टै फर्किनेछन् र फर्किए पछि तपाईंको विशेष सत्कार गर्ने छन्। हे ब्राह्मण ! अब तपाईं आफ्नो गोत्र र कुलको परिचय दिनुहोस् र यो जंगलमा किन आउनुभएको हो ? त्यो मलाई बताउनुहोस्।

श्रीराम जब गंगा पार गरेर समृद्धशाली वत्सदेश प्रयागमा पुगे, तब त्यहाँ रामलक्ष्मण दुई भाई मिलेर चार महामृगहरुको शिकार गरे। यथा –

तै तत्र हत्वा चतुरो महामृगान्
वराहमृश्यं पृषतं महारुरुम्।
आदाय मेध्यं त्वरितं बुभुक्षितौ
वासाय काले ययतुर्वनस्पतिम्॥ १०३॥ (श्रीमद्वाल्मीकिय रामायण अयोध्याकाण्ड ५२)

भावार्थः त्यहाँ ती रामलक्ष्मण दुई भाईले वराह, ऋष्य, पृषत् र महारुरु– यी चार प्रकारका मृगहरुको सिकार गरे। त्यसपछि भोक लागेपछि कन्दमूल आदि लिएर साँझतिर बस्नको लागि सिता भएको ठाउँमा आए।

Raj Kishore

त्यस्तै मर्यादा पुरुषोत्तम भगवान श्रीरामले पनि दशानन रावणलाई वध गरेको ब्रह्महत्याको दोषलाई हटाउन अश्वमेध यज्ञ गरेर सो महानुष्ठानमा वेदोक्त विधिले अश्वबलिका साथ अन्य याज्ञिक पशुहरुको बलि यज्ञपति देवताहरुलाई समर्पण गरेका थिए। त्यो अवर्णनीय महायज्ञको वर्णन श्रीमद्वाल्मीकिय रामायणको बालकाण्ड १४-१, २, ३०-३८ सम्म वर्णन पाइन्छ।

महाभारत र रामायण कालमा वैदिक यज्ञहरुको सञ्चालन गर्ने यजमान क्षेत्रीय राजाहरु हुन्थे भने ऋत्विक् होताहरु वैदिक आचरणमा बसेका ब्रह्मनिष्ठ ब्राह्मण एवं ऋषिमुनिहरुद्वारा यज्ञ सम्पादन गरिन्थ्यो। त्यसप्रकारका यज्ञहरुमा यज्ञीय पशुहरुको जीवबलि दिइन्थ्यो र सोलाई नै कल्याणको स्वरुपमा लिने परम्परा थियो। वैदिक सदाचारमा बसेका ब्रह्मनिष्ठ ब्राह्मणहरुले सो कुराको सर्वथा समर्थन गरे, शास्त्रको मूल्य र मान्यताको कदापि विरोध गरेनन्। शासन सञ्चालन गर्ने क्षेत्रीयहरुले पनि सोही मार्गमा प्रवृत्तभई सदैव त्यसलाई नै आत्मसात् गरे।

वेदमा पशुवध र बलिका प्रमाण

पशुबलि वेदमा छँदै छैन, वेदले कहिले पनि रगत चुहाएर बलि दिनलाई प्रोत्साहन गरेकै छैन भनेर अहिले विभिन्न चर्चा परिचर्चा गरिएको पाइन्छ। हाम्रा पशुहरुलाई नमार, हाम्रो पशुधनको रक्षा गर लगायतका चतुर्वेदका कतिपय ऋचाहरु उद्धृत गरेर वेदले बलिलाई कहिले पनि समर्थन गरेन भनेर लेखहरु मार्फत भव्यताका साथ प्रचारित गरिएको पाइन्छ। त्यो त वास्तविक सत्यमाथि पर्दा लगाएर अमुक ध्येयले शास्त्रको वास्तविकता प्रति गरिएको निर्मम प्रहार हो। एकै शास्त्रबाट आफूलाई प्रासङ्गिक कुरालाई लिने र आफूलाई अनुपयुक्त हुने कुरा नलिने ? त्यो त विद्वतताको उपहास भएन र ? हरेक वस्तुको क्रम हुन्छ। त्यसलाई क्रमशः बुझ्दै जानु पर्दछ। सबै कुरालाई एकै ठाउँमा मिसाएर सर्वज्ञताको पहिचान दिन खोज्नु हास्यास्पद हुन्छ र त्यसबाट प्राप्त हुने नतिजाले कुनै प्रकारको ठोस निष्कर्ष एवं समाधान दिन कदापि सक्दैन। वैदिक बलि विधि र हिंसा आकाश जमिनको अन्तर रहेको बेग्ला बेग्लै विषयवस्तुहरु हुन्। वास्तविकता के हो भने- वेदले कहिले पनि हिंसाको पक्ष लिएकै छैन, मूल तात्पर्य अहिंसा परमोधर्म नै हो तर वेदले बलिको पूर्ण समर्थन गरेको छ। वेदमा वर्णन गरिएको बलि र हिंसाको परिभाषा फरक छ। वेदमा लेखिएको हाम्रा पशुहरुलाई नमार, हाम्रो पशुधनलाई रक्षा गर आदि भावार्थका ऋचाहरुमा बलि प्रयोजनको लागि र सामाजिक-आर्थिक उन्नयनका लागि पालिएको पशुधनको रक्षार्थ देवताहरुलाई याचना गरिएको हो। अपौरुषयेय वेदमा नै विभिन्न प्रजातिका पशुहरुलाई बलि दिइएको र प्रसादस्वरुप मांसभक्षण गरिएको प्रसङ्ग उल्लेख छ। घोडा, हात्ती, साँढे, बोका, नर लगायतका पशुहरुलाई वेदसम्मत बलि दिँदा न त पशुको मृत्यु नै हुन्छ न त पशुमाथि हिंसा नै हुन्छ भन्ने वेदवचन छ। त्यसरी वैदिक विधिपूर्वक दिइएको बलिले पशुलाई देवताहरुको साथमा पुऱ्याइदिन्छ र त्यसका साथै वैदिक सनातनलाई पछ्याई बलि दिने यजमानको आध्यात्मिक, आधिभौतिक र आधिदैविक त्रिविधताप नाश भई मनोवाञ्छित फल प्राप्त हुन्छ। अबका हरफमा विश्वको सबै भन्दा प्राचीनतम ग्रन्थ र सनातन धर्मको प्रमुख आभार स्तम्भको रुपमा रहेका चतुर्वेदका केही ऋचाहरु मार्फत् सनातन कालदेखि नै बलिप्रथा प्रचलनमा रहेको र रहँदै आएको प्रमाण पेश गरिन्छ। यथा-

एषः छागः पुरो अश्वेनवाजिन पूष्णे भागो नीयते विश्वदेव्यः।
अभिप्रियं यत्पुरोलाशमर्वता त्वष्टेदेनं सौश्रवयास जिन्वति॥ (ऋग्वेद १ मण्डल १६२ सूक्त ३ ऋचा)
(यजुर्वेद २५ अध्याय। २६ ऋचा)

भावार्थः समस्त देवताको लागि उपयोगी, तर पूषाको अंश यो बोका शीघ्र गतिशाली घोडाको समान

ल्याइन्छ। घोडाको साथ यो बोकाको प्रयोग गरेर त्वष्टा देवको लागि स्वादिष्ट भोजनरुप पुरोडाश बनाइन्छ। पुरोडाश सबैलाई प्रिय लाग्दछ र त्यसको उत्तम भाग यज्ञमा दिएर यश प्राप्त हुन्छ।

यद्धविष्यमृतुशो देवयानं त्रिमार्नन्नुषाः पर्यश्वं नयन्ति।

अत्रा पूष्णः प्रथमो भाग एति यज्ञं देवेभ्यः प्रतिवेदयन्नजः॥ (ऋग्वेद १ मण्डल १६२ सूक्त ४ ऋचा)

भावार्थः जब ऋत्विज् योग्य हवि देवतालाई अर्पण गर्न खातिर हवि पात्र र घोडालाई समय समयमा तीनतीन पटक गरेर यज्ञाग्निको चारैतिर डुलाइन्छ, तब पूषाको भागरुप पहिलो बोकाले म्या म्या शब्दले देवयज्ञको प्रचार गर्दछ। त्यो आवाजले वैदिक देवताहरु हवि ग्रहण गर्नका लागि खिचिएर आउँछन्।

मा त्वा तपत्प्रिय आत्मापियन्तं मा स्वधितिस्तन्व१ म तिष्ठिपत्ते।

मा ते गृध्नुरविशस्तातिहाय छिद्रा गात्राण्यसिना मिथू कः॥ (ऋग्वेद १ मण्डल १६२ सूक्त २० ऋचा)

भावार्थ : हे घोडा ! तिमी देवताहरुको समीप जाने समयमा तिम्रो प्रिय शरीरले तिमीलाई दुःखी नबनाओस्। बलि दिँदा आयुध (छुरी) तिम्रो अंगमा नरोकियोस्। मांस ग्रहण गर्नको लागि इच्छुक र अंगछेच्दनमा अकुशल काट्नेले भिन्नभिन्न अंगको अतिरिक्त छुरीले शरीरलाई तेर्सो नकाटोस्।

न वा उ एतन्म्रियसे न रिष्यसि देवाँ इदेषि पथिभिः सुगेभिः।

हरी ते युञ्जा पृषती अभूतामुपास्थाद्वाजी धुरि रासभस्य॥ (ऋग्वेद १ मण्डल १६२ सूक्त २१ ऋचा)

(यजुर्वेद २५ अध्याय। ४४ ऋचा)

भावार्थः हे अश्व ! यसप्रकारसँग बलि दिए पछि न त तिमी मर्छौ नै न बलि दिइने व्यक्तिद्वारा हिंसित नै हुन्छौ। तिमी उत्तम मार्गद्वारा देवताहरुको समीपमा पुग्दछौ। इन्द्रको हरि नामक घोडा, मरुत्को वाहन हरिणहरु एवं अश्विनीकुमारको रथमा जोतिने गधाहरु तिम्रो रथमा जोतिनेछन्।

सप्तास्यासन् परिधस्यस्त्रिः सप्त समिधः कृताः।

देवा यद्यज्ञं तन्वानाद्रअबध्नन् पुरुषं पशुम्॥ (यजुर्वेद ३१ अध्याय। १५ ऋचा)

भावार्थ : देवताहरुले जुन् यज्ञको विस्तार गरे, त्यही यज्ञमा परमपुरुषलाई नै हविको पशु रुपमा बाँधे। त्यस यज्ञमा सात परिधिहरु र एक्काइस समिधाहरु थिए।

यद्धविष्यमृतुशो देवयानं त्रिर्मानुषाः पर्यष्वं नयन्ति।

अत्रा प्रष्णः प्रथमो भागद्र एति यज्ञं देवेभ्यः प्रतिवेदयन्नज :॥ (यजुर्वेद २५ अध्याय। २७ ऋचा)

भावार्थः जब यजमानले हविलाई तीन देवमार्गबाट चारैतिर घोडाजस्तै ल्याउँछन्, तब यहाँ यो अज(बोका) पोषणको प्रथम भाग पाएर देवताको लागि यज्ञको प्रतिवेदन गर्दछ।

पीवानं मेषमपचन्त वीराः। (ऋग्वेद संहिता १० मण्डल २७ सूक्त १७ ऋचा)

भावार्थः प्रजापतिको पुत्र अंगीरा आदि ऋषिहरुले मोटो बोकालाई पकाए।

यदश्वस्य क्रविषो मक्षिकाश यद्वा स्वरौ स्वधितौ रिप्तमस्ति।

यद्ध घास्य प्रभृतमास्येश्तृणं सर्वा ता ते अपि देवेष्वस्तु॥ (ऋग्वेद १ मण्डल १६२ सूक्त ९ ऋचा)

(यजुर्वेद २५ अध्याय। ३२ ऋचा)

भावार्थः घोडाको काँचो मासु जो माखाहरु खान्छन् र घोडालाई यज्ञमा बलि दिँदा जुन छुरीमा लाग्दछ वा त्यसलाई काट्दाका बखतमा जुन हातमा लाग्दछ, त्यो मांस पनि देवताहरुलाई प्राप्त होओस्।

ये वाजिनं परिपश्यन्ति पक्वं य ईमाहुः सुरभिर्निर्हरेति।

ये चार्वतो मांसभिक्षामुपासत उतो तेषामभिगूर्तिर्न इन्वतु ॥ (ऋग्वेद १ मण्डल १६२ सूक्त १२ ऋचा)

(यजुर्वेद २५ अध्याय । ३५ ऋचा)

भावार्थः जो व्यक्तिले घोडाको अवयवलाई पकाएको चारैतिरबाट देख्दछन् । र यसप्रकार भन्दछन् की– मांस वडो सुगन्धित छ, थोरै हामीलाई पनि देऊ । जो मान्छेले घोडाको मासुको भीख माग्दछ, तिनीहरुको अभिलाषा पनि हामीलाई प्राप्त होओस् ।

तवमृ पंच पशवो विभक्ता गावो अश्वाः पुरुषा अजावयः । (अथर्ववेद ११ । २९। २)

भावार्थः हे पशुपति देवता ! तपाईंका लागि गाई, घोडा, पुरुष, बोका र भेडा यी पाँच पशु नियत छन् ।

अतः यहाँ उल्लेख गरिएका प्रमाणहरुलाई हेर्दा स्पष्ट देखिन्छ की वेदमा कहीँ कतै पशुबलि दिनुहुन्न भनेको प्रमाण भेटिँदैन । पशुलाई यज्ञार्थ प्रयोजनका बाहेक अन्य प्रयोजनका लागि र आत्मतोषका लागि वध गर्नेहरु वेदोक्त संस्कार मार्गबाट विमुख भएकाहरु हुन् । बलि दिनै पर्दछ, यो सृष्टिको अनिवार्य र कसैले रोकेर रोक्न नसकिने सार्वभौम नियम हो । कालग्रास बनेर हरेक जीव पनि परमपुरुषका समीपमा बलि चढ्नै पर्दछ । अपौरुषयेय वेदलाई वृथा मानेर पूर्वीय सनातन संस्कार बाह्य आचरण गर्नेहरुलाई कसैले पनि केही भन्न सक्दैन, केही गर्न सक्दैन किनभने त्यो व्यक्तिगत कुरा हो । यहाँ अर्को विचारणीय पक्ष पनि के छ भने– पशुबलिलाई त आचरण विमुख भएका परिभ्रष्टहरुले रोक्लान् तर के सृष्टिको बलिविधानलाई रोक्न सक्छन् ? के वेदवचनलाई काट्न र तोड्मरोड गर्न सक्छन् ? अतः यस मार्फत् पङ्क्तिकार बलिविरुद्ध लागेकाहरुको भड्काउमा आम जनमानस नलाग्न र शास्त्रसम्मत ढङ्गले व्रतोत्सवादि कृत्य सम्पन्न गर्नुहुन सादर अनुरोध गर्दछ ।

वेदका आधारमा निर्माण भएका र सानुरुप नै प्रचलनमा रहेका आपस्तम्ब धर्मसूत्र (२ । २७ ।४, २ । ७ । १६–२५, २१ । १६। २५, ८१८), गोविल गृहसूत्र (३३ ।१० ।१६), रवाादिर गृहसूत्र (३,४), कालायन श्रौतसूत्र (२२ । ११, ३, ८), पराशर धर्मसूत्र (६२, २७, २८, २९, ३०), पारस्कर गृहसूत्र ((२६ र ३१७), अश्वालायन गृहसूत्र (४।१०, ६।३।३, ३।९), बौधायन धर्मसूत्र (१। १२।४–८) , गौतमधर्मसूत्र (२। ८। २७– ३८) लगायतका महत्त्वपूर्ण वैदिक ग्रन्थहरुमा पनि पूर्ण रुपमा पशुबलिको समर्थन र स्वीकार्यता रहेको छ। यी मध्ये केहीलाई मात्र यहाँ प्रस्तुत गर्ने प्रयत्न गरिन्छ।

यज्ञशिष्टं मांस भक्षणीयम् । (वैखानस धर्मसूत्र २।१५ र वैखानसगृह्यसूत्र ९।१५)

(भावार्थः यज्ञ गरेर बचेको मासु खानका लागि उपयुक्त हुन्छ ।)

नियुक्तस् तु यतिः श्राद्धे दैव वा मांसमुत्सृजेत् ।

यावन्ति पशुरोमाणि तावन् नरकमृच्छति ॥ (वासिष्ठधर्मसूत्र ११। ३४)

(भावार्थः श्राद्धमा वा अन्य देवकार्यमा नियुक्त वा आमन्त्रित संयमशील ब्राह्मणले पनि मासु खानैपर्छ, नखाएमा उ त्यस पशुका जति रोम छन् त्यति वर्षसम्म नरकमा पर्दछ ।)

नाद्रश्नीयाद् ब्राह्मणे मांसमनियुक्तः कथञ्चन ।

क्रतौ श्राद्धे नियुक्तो वा अनश्नन् पतति द्विजः ॥ (व्यासस्मृति ३। ५३–५४)

(भावार्थः यज्ञमा र श्राद्धमा नियुक्त ब्राह्मणले कर्मको बेलामा मांसभक्षण गर्नै पर्दछ ।)

यसर्थः वेदमार्गमा लागेका, स्व–स्वशाखाध्यायी र सनातनीहरुले प्रत्यक्ष वा अनुकल्पीय स्वरुपको पशुबलि दिनैपर्दछ। यो नै शास्त्रको सच्चा अनुशरण हो र प्रवृत्ति मार्गमा लागेका सनातनीहरुको परम कर्तव्य पनि हो।

Rajkishore

तन्त्रमा बलि र मांसभक्षण

सनातनीय मूल्यमान्यताका सबैभन्दा प्रबल र प्रमाणिक आधार नै निगमागम शास्त्रहरु हुन्। माथि बलिको विषयमा उल्लेख गरिएको नैगमिक विचारधाराको सङ्क्षिप्त चर्चा गरियो। अब यस खण्डमा आगमिक चिन्तनमा बलिको विषयमा उल्लेख गरिएका प्रमाणहरुलाई अगाडि सार्ने प्रयत्न गरिन्छ। यद्यपि आगमका गुह्यतालाई भङ्ग गर्नु महाअपराध हो। नेपाली समाजमा विभिन्न लक्षले प्रेरित विकृत मनसायका व्यक्तिहरुले सनातन संस्कृतिको अभिन्न अंगको रुपमा स्थापित रहेको अत्यन्त महत्त्वपूर्ण बलि परम्परा माथि गरेको प्रहारले पङ्क्तिकारलाई ठूलो घत परेको छ। बलिका विषयमा मलाई एकजना महानुभावले भन्नुभएको कुरालाई पनि यहाँ उल्लेख गर्छु। उहाँकै शब्दमा – सनातनीले बलि दिन्छ, क्रिश्चियनले बलि दिन्छ, मुसलमानले बलि दिन्छ। अनि बलि नदिने को त ? यो पक्कै पनि विचारणीय पक्ष र कटु सत्य हो। अब शक्तिमाताको श्रीचरणमा कोटीकोटि क्षमायाचना गर्दै केही आगमिक ग्रन्थका श्लोकहरुलाई यहाँ प्रस्तुत गर्ने चेष्टा गर्दछु।

पितृदैवतयज्ञेषु वैधहिंसा विधीयते।
आत्मार्थं प्राणीनां हिंसा कदाचिन्नोदिता प्रिये॥ (कुलार्णव तन्त्र ५।४५)

भावार्थः पितृ एवं देवताको यज्ञमा गरिने हिंसालाई वैध मानिन्छ। तर आत्मार्थ तर्पणका लागि कुनै पनि प्राणीको हिंसा गर्नुहुँदैन।

मद्यस्पर्शादिदोषस्य प्रायश्चित्तविधिः स्मृतः।
अविधानेन यो हन्यादात्मार्थं प्राणीनः प्रिये॥ १३०॥
निवसेन्नरके घोरे दिनानि पशुरोमभिः।
स मृतोद्रपि दुराचारस्तिर्यग्योनिषु जायते॥ १३१॥ (कुलार्णव तन्त्र ३ उल्लास)

भावार्थ : भगवान शिव आज्ञा गर्नुहुन्छ– हे प्रिय पार्वती ! बिना विधि आफ्नो आस्वादनको लागि र उदरपूर्तिको उद्देश्यले जो प्राणीको वध गर्दछ, त्यो पुरुष पशुको शरीरमा भएको रोमको संख्या बराबर वर्ष नरकमा निवास गर्नको लागि बाध्य हुन्छ। मरेपछि पनि तिर्यक योनीमा जन्म लिनुपर्दछ।

अनिमित्तं तृणं वापि छेदयेन्न कदाचन।
देवतार्थं द्विजार्थं वा हत्वा पापैर्न लिप्यते॥ (कुलार्णव तन्त्र ५। ४६)

भावार्थः बिना कारण सामान्य ढंगबाट उम्रिएको झारलाई पनि उखेल्नु अनुचित हो। तर, देवतालाई तृप्त गर्ने उद्देश्यले वा द्विजन्मा संस्कार सम्पन्न गर्न ब्रह्मधर्म अनुशरण गर्ने ब्राह्मणको तृप्तिको लागि हिंसा गर्दा हिंसक पापबाट प्रभावित हुँदैन।

हन्यान्मन्त्रेण चानेन त्वभिमन्त्र्य पशुं प्रिये।
गन्धपुष्पाक्षतैः पूज्य चान्यथा नरकं व्रजेत्॥ ५०॥ (कुलार्णव तन्त्र ५ उल्लास)

भावार्थः भगवान् शंकर भन्नुहुन्छ– हे पार्वती ! यज्ञमा बलि दिनुपर्ने जब आवश्यकता हुन्छ तब यज्ञीय पशुलाई यत्तिकै बलि नदिनू। सर्वप्रथम त्यस पशुको अभिमन्त्रणा गर्नुपर्दछ। अभिमन्त्रण गरेपछि बलिपशुको पूजा गरिनु पर्दछ र यस पूजाबाट पशुमा हुने बलिदानको योग्यता उत्पन्न हुन्छ। यस पूजाको विशेषद्रव्यको रुपमा गन्ध, पुष्प र अक्षता रहन्छन्। जो यज्ञकर्ताबाट यो विधि सम्पादन हुँदैन, त्यो अवश्य नै नरकगामी हुन्छ।

शिवोत्कृत्तमिदं पिण्डमतस्त्वं शिवतां गतः।
तद् बुध्यस्व पशो त्वं हि मा शिवस्त्वं शिवोद्रसि हि॥ ५१॥ (कुलार्णव तन्त्र ५ उल्लास)

पशुलाई मन्त्रद्वारा यसरी अभिमन्त्रित गरिन्छ – हे बलिपशु ! तिमी साँच्चै नै भाग्यशाली छौ। तिम्रो जीवन शिवको लागि अर्पित गरिएको छ। तिम्रो यो शरीर आराध्यको लागि अर्पित गरिने भएकाले तिम्रो शरीर काटेर प्राणबाट वियुक्त बनाइँदै छ। अब तिमी स्वयं शिवत्वमा उपलब्ध भएको छौ। तिम्रो बोध जागृत भएको छ। अहिलेसम्म तिमी शिव थिएनौ, अब तिमी साक्षात् शिव भएका छौ।

Raj Kishore

ब्रह्मा स्यात् पलले विष्णुर्गन्धे रुद्रश्च तद्रसे।
परमात्मा तदानन्दे तस्मात् सेव्यमिदं प्रिये ॥ ५२ ॥ (कुलार्णव तन्त्र ५ उल्लास)

भावार्थः तिम्रो मांसमा ब्रह्माको शक्ति उल्लास होओस् , मांसको गन्धमा विष्णुशक्ति तत्त्वको व्यापकता उल्लस होओस् र रसतत्त्वमा रुद्रतत्त्व स्फुरित होओस्। तिम्रो मासुमा जुन् आनन्दको उत्साह पाइन्छ, त्यसमा परमात्माको परमानन्द उल्लसित होओस्।

तृप्त्यर्थं पितृदेवानां ब्रह्मध्यानस्थिराय च।
सेवेत मधुमांसानि तृष्णाया चेत् स पातकी ॥ ८६ ॥ (कुलार्णव तन्त्र ५ उल्लास)

भावार्थः पितृ एवं देवताको तृप्तिको लागि र ब्रह्मको साधनाको समयमा ध्यानलाई स्थिर बनाउनको लागि मधु (सुरा) र मांस भक्षण सेवन गर्नु पर्दछ। यसबाट कुनै दोष लाग्दैन तर तृष्णाले वशीभूत भएर सुरापान र मांस भक्षण गर्ने महापातकी हो।

साधकेच्छा बलवती देये वस्तुनि दैवते।
यद्यदात्मप्रियं द्रव्यं तत्तदिष्टाय कल्पयेत् ॥ ५ ॥ (महानिर्वाणतन्त्र उल्लास ६)

भावार्थः देवतालाई मासु वा कुनैपनि वस्तु अर्पण गर्नुमा साधकको इच्छा नै वलिष्ठ हुन्छ। जोजो वस्तु आफूलाई प्रिय लाग्छ त्यही त्यही वस्तु देवतालाई अर्पण गर्नु सर्वथा उचित हुन्छ।

बलिदानविधौ देवि विहितः पुरुषः पशु।
स्त्रीपशुर्न च हन्तव्यस्तत्र शाम्भवशासनात् ॥ ६ ॥ (महानिर्वाणतन्त्र उल्लास ६)

भावार्थः हे देवि ! बलिदानको समय पुरुषपशु नै चाहिने शास्त्रमा उल्लेख गरिएको छ। स्त्री पशुलाई कहिले पनि बलिदान नदिनू भन्ने महादेवको आदेश छ।

शास्त्रमा वर्णित बलिका प्रकार

यस खण्डमा शास्त्रमा उल्लेख गरिएका बलिका प्रकारान्तर भेदको बारेमा सङ्क्षिप्त चर्चा गरिन्छ।

विधिस्तु द्विविधः प्रोक्तः श्रौत आगमस्तथा।
श्रौतः श्रुत्युक्तमन्त्रेणागमस्तन्त्रमन्त्रकैः ॥ १७२४ ॥
श्रौतोऽपि स्वस्वगृहोक्त विधिना सम्प्रदीयते।
तान्त्रिकी मन्त्ररीतिस्तु एकैव वरवर्णिनि ॥ १७२५ ॥ (महाकाल संहिता गुह्यकाली खण्ड द्वादश पटल)

भावार्थः बलिविधि दुई प्रकारको हुन्छ– वैदिक तथा तान्त्रिक। श्रौत बलि वेदोक्त मन्त्रले र तान्त्रिक बलि तन्त्रोक्त मन्त्रले दिइन्छ। श्रौत बलि आफ्नो आफ्नो परम्परा र स्वशाखाका गृह्यसूत्रमा कथित विधिले दिइन्छ। तर तान्त्रिक विधि एकै हुन्छ।

महाकाल संहिताको गुह्यकाली संहितामा बलिको दुई प्रकार हुने कुरालाई जनाइएको भने मेरु तन्त्रमा बलि ३ प्रकारका हुने कुरालाई प्रकाशित गरिएको छ।

बलिस्तु त्रिविधः प्रोक्तासन्त्रिः स्मार्त एव च।

वैदिकश्चेत तत्रादौ तान्त्रिकोस्त्रिविधः स्मृत ॥४०१॥ (मेरु तन्त्र दशम प्रकाश)

भावार्थः बलि प्रकारान्तर भेदले तीन किसिमका छन्। पहिलो वैदिक बलि, दोश्रो स्मार्त बलि र तेश्रो तान्त्रिक बलि।

माथि मेरु तन्त्रबाट उद्धृत गरिएको श्लोकका आधारमा अब यहाँ केही बलिका प्रकारमा विवेचना गरिएको छ। वैदिक बलि अर्थात् वेदमार्गमा रहेका व्यक्तिहरुले स्वस्व शाखाका आचरण र अनुशासनका आधारमा दिइने बलिलाई बुझिन्छ। वेदमा पशुबलि पनि दिइएको प्रमाण माथि नै उल्लेख गरिसकिएको छ। तर स्वकर्मनिष्ठ वैदिक ब्राह्मणले विभिन्न अन्न, फलफूल, पक्वान्न आदिका बलि दिने गर्दछन्। मेरुतन्त्रको दशम प्रकाशको ४१८ औँ श्लोकमा भनिएको छ। यथा– **वैदिकं तु बलिं दद्यात् ओदन स्विन्नमाषवत्।** अर्थात् वैदिक बलिमा भात, माषको दाल आदिको बलि दिइन्छ। खीरबलि, दहिच्यूराको बलि, खिचडीको बलि, मालपूआको बलिलाई पनि वैदिकबलिको रुपमा स्वीकार गरिएको छ। सर्वमंगल प्राप्तिका लागि वर्तमानमा यी बलि प्रचलनमा ल्याइएको हो। यी पक्वान्न, मिष्ठान्नहरु पकाउँदा पनि अन्नको प्राणान्त हुन्छ, जीवाणु नाश भएको हुन्छ र अर्पणीय पदार्थ नै जीवबलि बन्न पुगदछ। त्यस्तै स्मार्त बलिमा पशुबलिको अनुकल्पको रुपमा विभिन्न फलफूल, मूला, नरिवल, उखु, कुभिण्डोलाई बलि दिइन्छ। यथा–

कुष्माण्डं नारिकेलञ्व श्रीफलं चेक्षुमेव च।।

वस्त्रसवेष्टितं कृत्वा छेदयेच्छुरिकादिभिः ॥४१५॥

एष स्मार्तो बलिः प्रोक्त धर्मशास्त्रानुगामिभिः ॥४१६॥ (मेरु तन्त्र दशम प्रकाश)

भावार्थः कुभिण्डो, नरिवल, बेल, उखु आदि स्मार्त बलि हुन्। यिनलाई छुरा प्रहार गरेर स्मार्त बलिदान गरिन्छ।

वैदिक बलि विधि र स्मार्त बलिविधिको साथै अब तान्त्रिक बलिविधि पनि सनातन संस्कारमा चलिआएको अति व्यापक विधि हो।

नेपालका प्रायशः शक्ति पीठहरुमा शाक्त तन्त्रोक्त विधिले नै बलि अर्पण गरिन्छ, त्यसैले पनि यो विधिलाई सनातनीहरुले विशेष महत्त्वका साथ लिने गरेका छन्। ब्रह्मयामल तन्त्रको पूर्वभागको बलिको वर्णन गर्दै भनिएको छ –

यथा लाभो पशुं छित्वा तथालाभो फलं लभेत्।

तत्पशुं जीवनमुक्तन्तु सद्य सायुज्य माप्नुयात्॥

पशुरोमेषु कल्पं वा स्वर्गलोके महीयते।

सर्वरोम समाप्तेषु पश्चात् सायुज्य माप्नुयात्॥

कृतेषु गजमेवोक्त त्रेतायां अजमुच्यते।

द्वापरे उष्ट्रमेवोक्तं कलौ महिषमेव च॥ (ब्रह्मयामल पूर्वखण्ड)

भावार्थः भेट्टिए अनुसार बलिमा जे जुर्यो त्यसलाई नै चढाउनु पर्दछ। शास्त्रोल्लेखित उत्तम बलि चढाएमा अधिक पुण्यलाभ हुन्छ। त्यहाँ चढाएको बलिको पशुपनि जीवन्मुक्त भएर सद्गत हुन्छ र देवत्व नै प्राप्त गर्दछ। बलि पशुको शरीरमा जति रौँहरु छन् त्यति नै कल्पसम्म स्वर्गमा वास प्राप्त गर्दछ। त्यो रौँको संख्याको पूरा भोग स्वर्गमा एकएक वटा रौँको एकएक कल्पका हिसाबले पशुबलिदान गर्ने साधकले स्वर्गसुख भोग गर्न पाउँदछ। रौँको संख्या अनुसारको स्वर्ग भोग गरेपछि देवत्व नै प्राप्त गर्दछ। सत्ययुगमा हात्तीको बलिदान दिइन्छ।

Raj Kishore

त्रेतायुगमा बोकालाई, द्वापर युगमा उँटलाई र कलियुगमा राँगाको बलि नै चढाउनु पर्दछ।

बलिदाने बलिं छित्वा खड्गैस्ते रुधिरैः सकैः।
सर्बैवश्य न मन्त्रेण ललाटे तिलकं न्यसेद्॥
अहन्य हनि यो दुर्गा पूजयेद् रुधिरादिभिः।
कुलानां शतमुद्धृत्य ब्रह्मलोके महीयते॥
रुधिरेण त्रिधारेण तर्पिता विधिवन्धुवैः।
महिषेण शतं वीरं तृप्ता भवति चण्डिका॥ (वशिष्ठ स्मृति)

भावार्थः बलि दिँदा पशुको टाउको खड्गले छिनाल्नै पर्दछ। रगत भगवतीलाई अर्पण गरी शिर भागको रगतको रातो टीका साधकले मन्त्र पढ्दै आफ्नो निधारमा लगाउनै पर्दछ। अरु दिनमा पनि यसरी पूजा गरियो, रगतको तीन धारा बगाई दुर्गालाई एक सयवटा राँगाको बलि अर्पण गरियो भने देवी तृप्त एवम् प्रसन्न हुन्छिन्।

तर बलिको लागि आवश्यक पर्ने जीव वा पशु उपलब्ध हुन नसकेको खण्डमा एउटा अण्डा मात्र भएपनि फोरेर बलि दिनु अपरिहार्य छ। यसरी अभाव पनि दिइएको अण्डाको बलिदानले ब्रह्माण्डको उत्तम दानको फल प्राप्त गराउँदछ। यथा–

तस्याभावे बलिं चैव अण्डं विष्फोटयेत्तदा।
तस्मादण्डप्रदानेन ब्रह्माण्डं दानमुत्तमम्॥ (रुद्रयामल पूर्वखण्ड)

शक्तिपूजामा पञ्चमकारको प्रयोग अत्यन्त महत्त्वपूर्ण मानिन्छ। यसको महत्त्वलाई दर्शाउँदै महानिर्वाणतन्त्रको पाँचौं उल्लासमा यसरी व्यक्त गरिएको छ। यथा–

मद्यं मासं तथा मत्स्यं मुद्रा मैथुनमेव च।
शक्तिपूजा विधावाद्ये पञ्चतत्त्वं प्रकीर्तितम्॥ २२॥
पञ्चतत्त्वं बिनापूजां अभिचाराय कल्पते।
नष्या सिद्धिः साधकस्य प्रत्यूहाश्च पदे पदे॥ २३॥ (महानिर्वाणतन्त्र पञ्चम उल्लास)

भावार्थः शक्तिपूजा प्रकरणमा मद्य, मांस, मत्स्य, मुद्रा र मैथुन यी पाँच तत्त्वहरु साधनको रुपमा जानिन्छन्। बिना पाँचतत्त्वको पूजा प्राणनाशकारिणी मानिन्छ। यसले साधकलाई अभीष्ट सिद्ध हुन त परैको कुरा हो पाइला पाइलामा विघ्न सिर्जना गराउँछ।

पशुबलिको महत्ता माथि प्रकाश पार्दै रुद्रयामल तन्त्रमा यसरी चित्रण गरिएको छ। यथा–

बलिभिर्वर्द्धते ह्यायु बलिभिस्साम्यते पूजा।
जपात्परानिं बलिभिः बलिभिः प्राप्यते धनम्॥
बलिभिः सिद्धिमाप्नोति बलिभिस्त्रिदिवं ब्रजेत्।
निस्कामतां बलिदत्ते प्राप्यमोक्षेऽपि यज्ञवत्॥
बलिदानं बिना देवि! पूजने नास्ति वै फलम्।
पूजा सारं महादेवि! बलिदानं यथा विधम्॥
बलिदानं भवेद् भावं पूजने ज्ञानवान् सुधिः।
अतएव महादेवी! बलिदद्यात् प्रयत्नतः॥
बलिदान विधानेन किं न सिद्धन्ति भूतले।

देवोद्देश्य बिना भद्रे ! हिंसासर्वत्र बर्ज्नयेत्।
कृतायां वेध हिंसायां नरः पापैर्न लिय्यते ॥
देव्योद्देश्ये घातनञ्व नास्तिपातकमम्बिके !
अन्यथा घातनाद्देवि ! रौरवं नरकं व्रजेत् ॥
पितृदेवं यज्ञेषु वेदेहिंसा विधीयते।
आत्मार्थ प्राणीनाहिंसा कदाचिन्नोदिता प्रिये !
अनिमित्तं तृणावापि छेदयेन्नकदाचन।
बलिदान विधौ देवि ! विहीत पुरुष पशुः।
स्त्रीपशुर्नहन्तव्यम् यत्र शाम्भव शासनात् ॥
महावाक्येन- चोत्सृज्य कृताञ्जलीपुटो वदेत् ॥
यथोक्तेन विधानेन तुभ्यमस्तु समर्पितम् ॥
इत्थ्थं निवेद्य पशुं भुमि संस्था तु कारयेत् ॥
देवी भावो परो भूत्वा हन्यात्तीव्र प्रहारतः ॥
बलिं चैव बिनाद्देवि पूजांमकिं करोति यः।
तस्य पूजांफलं चैव नश्यतेव नशंसय।
तत्रप्पुभौ प्रशस्यस्ते महीष छाग एव च ॥ (रुद्रयामल हरगौरी संवाद)

भावार्थः बलि चढाउनाले आयु बढ्दछ र पूजा समेत पूर्ण बन्दछ। यसद्वारा नै बल, धन र सिद्धि प्राप्त हुन्छ। बलि जपभन्दा पनि ठूलो छ। बलिबाट नै अभीष्ट प्राप्ति हुन्छ र निष्काम भावले बलि चढाउनाले मोक्ष नै प्राप्त हुन्छ। बलिबिना हरेकपूजा निष्फल छ र विधिपूर्वक अर्पण गरिएको बलिबाट ज्ञान प्राप्त हुन्छ। पूजाको सार भनेकै बलि अर्पण गर्नु हो। त्यसैले हे महादेवी ! जसरी पनि बलि चढाएर पूजा गर्नुपर्दछ। देवार्चनमा बाहेक अन्यत्र हिंसा बीर्जत छ। विधिपूर्वक दिइनेमा पाप भागी हुनु पर्दैन। अरु हिंसामा भने पापीभागी हुनुपर्दछ, रौरव नरकै भोग्नुपर्छ। देवता र पितृका निम्ति बलि अनिवार्य छ। यज्ञमा चढाइने बलिको बारेमा वेदमा पनि उल्लेख पाइन्छ। आफ्नो स्वादका लागि कहिल्यै पनि हिंसा गर्नुहुँदैन। बेकारमा सानो घाँस पनि उखाल्नु हुन्न। बलिमा अनिवार्य भाले पशु नै चढाउनू, पोथीलाई कहिल्यै बलि नदिनू। महावाक्य पढेर मात्र बलि अर्पण गर्नू। देवी भावमा अपर व्याप्त भएर मात्र पशुबलि चढाउनू। यसप्रकार दिइएको बलिपूजा विधि बाहेक दिइएको बलि व्यर्थ हुन्छ। पशुबलिको लागि दुई पशु उत्तम मानिन्छ : राँगो र बोका।

उपसंहार

बलि सनातन धर्म र संस्कृतिको अत्यन्त महत्त्वपूर्ण पक्ष हो। शास्त्रले बलिको खण्डन गरेको छ र बलि दिन सर्वथा विरोध गरेको छ भन्नु पाखण्डपन र अल्पज्ञता हो। बलिको विषयमा शास्त्रमा कहीँकतै विरोध गरिएको छैन र कहीँकतै विरोध गरेको पाइदैंन पनि। तर यस लेखको उद्देश्य बाध्यकारी रुपमा सबैले बलि दिनै पर्दछ भन्ने कदापि होइन। यहाँ श्रीमद्भगवत गीतामा श्रीकृष्णबाट आज्ञा भएको एक प्रसङ्गलाई जोडिन्छ। यथा -

श्रेयान्स्वधर्मो विगुणः परधर्मात्स्वनुष्ठितात्।
स्वधर्मे निधनं श्रेयः परधर्मो भयावह ॥ (गीता ३। ३५)

भावार्थ : मनुष्यले स्वधर्मको पालन गर्दा नै कल्याण हुन्छ, परधर्मको सेवन र निषिद्ध कर्मको आचरण

Raj Kishore

गर्दा सबै प्रकारबाट हानि हुन्छ।

समष्टिमा यहाँ एउटा निष्कर्ष के देखिन्छ भने –सनातन निगमागम भन्दा बाहिर रहेका नेपाली मौलिक परम्परा भन्दा बाहिरका विभिन्न सम्प्रदाय उपसम्प्रदायका अनुयायीहरुले नेपाली समाजमा बलिका विरुद्धमा शास्त्रको स्थापित मूल्य र मान्यताप्रति गम्भीर घात हुने एककोणीय चित्रण गरेर दिग्भ्रमित गरेको पाइन्छ। त्यसैले सनातनीहरुले यस्तो पाखण्डपूर्ण रोइकराईलाई सुन्दै नसुनी आफ्नो मौलिकता तर्फ नै ध्यानाकृष्ट गर्नुपर्दछ। म दुईकर जोडी सम्पूर्ण सनातनीहरुमा निवेदन गर्दछु – बलि वेद र तन्त्रले स्वीकार गरेको र हाम्रा पितापुर्खाले मानेको शास्त्रोक्त विधि एवम् अक्षुण्ण चल्दै आएको सुदीर्घ परम्परा हो। सनातन धर्मले सकारेको बलि स्वधर्म हो र यसको विरोध गरेर प्रचार गर्नु परकीय धर्म हो, त्यसबाट कल्याण हुँदैन। आफूले बलि दिइँदैन भने समाजमा चलिरहेको बलिको त विरोध नगरौँ। अझ अरुका सङ्कलनमा रहेका केही शब्दहरु टिपेर बिना शास्त्राध्ययन शास्त्रले विरोध गरेको छ भनेर त कदापि नभनौँ। शास्त्रको मर्म छ, संस्कृतिको मर्म छ। उसै त हाम्रो राष्ट्र, हामी नेपाली र हाम्रो मौलिकता अरुको कब्जामा पर्दैगइरहेको छ। त्यसरी बलिरहेका आगोमा हामी आफ्नो सनातन संस्कारलाई घृताहुती गर्दै गइरहेका छौँ। हामी आफ्नो मौलिकता र परिचयलाई बिर्सिदैं छौँ। संस्कृति नै हाम्रो चिनारी हो। जय देश ! जय सनातन संस्कृति !

यति भन्दै शक्तिमाँको श्रीचरणमा शीर झुकाई यहीँ शब्दबिराम गर्दछु। ॐ शिवसङ्कल्पमस्तु। जय अम्बे !

सन्दर्भ सामग्रीहरु

ऋग्वेद, *डा. गंगा सहाय शर्मा*, संस्कृत साहित्य प्रकाशन, सन् २०१६
यजुर्वेद, *डा. रेखा व्यास*, संस्कृत साहित्य प्रकाशन, सन् २०१५
अथर्ववेद, *डा.गंगा सहाय शर्मा* , संस्कृत साहित्य प्रकाशन, सन् २०१५
मेरुतन्त्र, *रघुनाथ शास्त्री, खेमराज कृष्णदास*, सन् २००९
महानिर्वाणतन्त्र, *बलदेवप्रसाद मिश्र* (संस्कृत टीकाकार), खेमराज कृष्णदास, सन् १९५२
मनुस्मृति, *गिरिजाप्रसाद द्विवेदी*, बाबू मनोहरलाल भार्गव, सन् १९१७
महाभारत (खण्ड १-६), *पं. रामनारायण दत्त शास्त्री पाण्डेय राम*, गीताप्रेस
श्रीमद्भागवत महापुराण, गीताप्रेस
श्रीमद्भागवत गीता, गीताप्रेस
श्रीमद्वाल्मीकिय रामायण, गीताप्रेस
कूर्मपुराण, गीताप्रेस
गरुड पुराण, गीताप्रेस
स्कन्दपुराण, गीताप्रेस
श्रीमद्देवी भागवत, गीताप्रेस
देवी महात्म्य, *सप्तशती चण्डी*, गीताप्रेस
गोविल गृहसूत्र, रवादिर गृहसूत्र, आपस्तम्ब धर्मसूत्र, पराशर धर्मसूत्र, पारस्कर गृहसूत्र, आश्वालायन गृहसूत्र,
तन्त्रमा नेवार, *मृगेन्द्रराज सुवेदी*, *सोसाइटी फर नेवार स्टडिज*, काठमाडौँ, संवत् २०७१
लशुन-प्याज नखाने र मासु खाने नेपाली ब्राह्मणहरुका परम्पराको सङ्क्षिप्त शास्त्रीय विवेचना, *आमोदवर्धन कौण्डिन्नयायन*, स्वाद्ध्यायशाला, संवत् २०६४
संकलनमा रहेको विभिन्न पत्रपत्रिका, टीकाहरु।

Adhyatma in Tantra

Maheshwor Juju Rajupadhyaya

(Rendered in English by Rupa Dhital)

Maheshwor Juju is a well known expert of Tantrayoga and Sanskrit in Nepal. He is a Deva Brahman initiate and lineage holder of Nigamagama tradition. He has authored several books such as History of Nepal's Spiritual Foundation 3 vols, Shri 3 Swasthani, Culture As Our Only Identity, What is Shraddha etc and has founded and serves in many spiritual societies such as Vedic Academy and Festival Reform Committe.

Adhyatma in Tantra

The path of Dharma (piety) and Karma (prescribed actions) leads up to the heaven from where one inevitably falls down while the path of Tantra can land you directly in the lap of the Divine Mother. Sadhana (pursuit) of Adhi Atma is Adhyatma. Adhi = prior/larger, Atma = Self, Adhyatma = pursuit of that prior and larger Self of which you are a part.

In the beginning there was nothing but maha shunya (great void). There arose Shakti Mata (the Divine Mother). She illumined that great dark void with her own light and then created a couple - Prakriti (primal nature, female) and Prayasa (primal effort, male). That beginning of Shristi (creation) took place right here in Nepal, at the Shleshmantak forest in the present Pashupatinath kshetra (area). The first created beings who were filled with buddhi (intelligence) and viveka (discretion) were called "Vipra" - ya vipro ajayeta (Rigveda, 8th mandala, 6th sutra, 28th mantra). Lord Shiva's first ever earthly manifestation took place in Nepal in the form of Kiranteshwor Mahadev. In that exact spot, temple of Kiranteshwor Mahadev exists to this day. Nowhere else exists a Kiranteshwor temple proving that Nepal is the land of Shiva's descent.

Tantra fulfils all desires -

Yana yana chintaya kamam

Tam tam prapti nishchitam

If you want to learn black magic, practice it to harm others and open a door to hell for yourself - Tantra allows you that, go ahead. Likewise, if you want to learn how to heal and help people, that too is granted but remember merits earned from such services can give you heaven but not the lap of the Mother.

Dharma or good actions lead to heaven but once your merit is exhausted you must return to the cycles of birth and death. Therefore Dharma as in pious acts has no place in Adhyatma which is the main principle of Tantra. In order to attain the lap of the Mother, one must leave all these things and go straight into Tvam Sharanam - total surrender mode.

To attain the state of complete surrender is the essence of Tantra but it is not shared publicly. If a Bhakta or devotee hears these teachings, he will improve his life and benefit the world as well. He will spend his days in comfort here, fulfill all his desires and upon leaving this body, attain the lap of the Mother. There he gains maha sukha (greatest happiness) of being with the Mother and serving her. That paramananda (greatest bliss) isn't fleeting like worldy pleasures. The glory (aishworya) of being near Divine Mother keeps growing, it doesn't ever reach a satiation point unlike pleasures of this world - you will receive never ending supply of rasa (juice) and you will never get tired of it. That never ending bliss is the goal and principle of Adhyatma. But that is kept a secret because if such a precious knowledge reaches undeserving people, they can use bad and false reasonings (tarka, bitarka and kutarka) to twist the message. So these secret teachings are protected by Tantra Shastra only to be shared with the deserving ones (satpatra).

Following that rule, here I will take Gita's reference. Gita isn't a Tantra text, it is not secret and is publicly available. In Gita too Lord Krishna has said - "I will keep quiet on those extremely secret matters - Ma nam asti guhyanam". Likewise I will base my discussion on Jaimini Mahabharata, Vyasa Mahabharata and Bhagwat Purana.

Meeting of Atma and Adhiatma

The path that enables Atma to meet Adhi Atma is Tantra. True Tantra leads the seekers directly towards the lap of the Mother from where he never returns. He lives eternally at the presence and in service of the Mother. Those who claim " I am Brahman" - Aham Brahmasmi - do not understand that a parent is a parent, a child is a child. Never will be parents and children one and same. Our attitude should be - my mother/father is above me, I am but her/his servant. Here, feeling of Aham Brahmasmi doesn't arise.

Our Tantra Shastra declares Mother as supreme. In Newari, we call her Aagam Maaju, the Supreme Mother. Why there is no Aagam Baju, the Supreme Father? In the outside world father is always considered ahead of the mother and treated as such. But in reality, father also needs Shakti or power from the mother. Lord Ram, Lord Shiva, Lord Buddha all are nothing without the Shakti of the Mother.

Once Lord Shiva developed ego that he was the supreme, Mother didn't like it because ego is Ravana. Mother needs Rama, not Ravana so she immediately withdrew from Shiva. Shiva fell down with such a loud thud as if huge tree falling that alarmed the Mother herself. She bit her tongue and ran to where he was lying and stepped on his chest, Shiva instantly revived at the touch of Shakti and looked up. He saw the Mother standing up his chest and looking down upon him. He felt a flash of anger, she was after all his wife, how dare she step on him? Knowing his mental state Mother only smiled, at that moment it dawned upon Shiva that she is the doer of everything and his ego was misplaced. After that Lord Shiva became sama darshi - equal to all and became benevolent Lord Shankara who loved everyone equally be it men, gods, demons, bhuta (ghosts) and pretas (disembodied entities).

The world has entangled everyone in illusion created by triguna or three modes of existence - Sattva (equilibrium), Rajas (action) and Tamas (inertia). Lord Krishna tells Arjuna - " traigunya visaya veda ha - Veda is the subject of three gunas. You shouldn't get entangled in any of them". Sattva guna can lead you up to swarga (Brahma Loka), there you can experience bliss but once the accumulation of you merit is exhausted, you will have to return. Likewise, Rajas can give you pleasures of this world only while Tamas will lead you directly to hell. Therefore all three have no use to us.

In Tantra, Mother has said - "I shall fulfill all your desires. You want to learn black magic to use against others, I will give you that siddhi (power) but be prepared to go to hell. You want the pleasures of this world, I will grant you that too. If you want to go to heaven, you will get that as well." This way, the Mother has tied up our choices to our free will. But I say onto you - don't waste your life, please make sure your Atman (Self) reaches it's true destination. Don't let your Atman wander in other places. There are only two ways - lap of the Mother or samsara, the world. The world is but an illusion, it is an illusion created by pancha bhuta (five elements). We are allowed to get entangled in this illusion, Mother has given us permission to do so. However, para vidhya or true knowledge says - your destination is the lap of the Mother. Mother is the final refuge of every child.

In Bhagwat Gita, Lord Krishna says - "I can't be achieved so easily. Leaving everything aside, you must surrender to me fully, only bhakti bhava (devotion) can achieve that. Through devotion only you can see me, understand me and en-

ter me". Meaning, Jnani (wise ones) desire to attain Moksha (liberation) by dissolving into God, but the Lord is warning- "If you dissolve in me, you will not experience the great bliss of serving me. If your tongue itself became sweet, you will not get the pleasure of eating sweets. Therefore do not desire to enter Brahman (Brahmalin), you will be robbed off of one great chance of many life times. After you got dissolved, you will not get chance to get born, do sadhana, attain God and serve God/Mother again. Till the next pralaya (deluge) you remain dissolved, at the end of Pralaya when the Lord opens his eyes, then you may take birth again or forever loose the chance to attain the company of the Divine Mother ".

Only through Bhakti bhava (devotion), that Adhi Atman can be identified, experienced and served. She lives inside the Hridaya, heart of every living being. There is no thing called Hridaya inside physical heart. It is an empty space only, like the sky. We must worship/invoke Mother in that empty sky. There Mother is dancing, but we don't see her. Only those with Atma Jnana (Self knowledge) can see Mother inside their heart.

How can you search outside for Paramatma (Lord) that lives inside you? People look for God in temples, in pilgrim sites. But those are actions done by body. Mother can be found only inside our hearts so actions of body do not lead to her. We must pray to her - "please appear from inside of me".

We must completely separate our mind from the world and it's attachments till the point where only "Me" and "Parama Tattva (She)" remains. Only then there is A Sakshatkar (meeting).

After Guru shows this path, it is up to us if we follow or not. If we followed this path, well and good, we receive the grace of the Guru, if not it is our great loss.

Everything in this Earth is subjected to gravity and attached to it's forcefield. Nothing in existence is separate from Earth including our body made of five elements which is anchored here. On our own we are unable transcend this body and go to Mother. However just as our body is part of the Earth and subject to her pull, our Atman is part of the Mother so she too pulls her own fractal. Just as a rocket leaves the field of gravity of Earth, we need grace of the Mother to rise from this body and reach her. Her Shakti only can draw us to her lap.

There is only one condition though - we must be prepared. Just as Parasmani (alchemist's stone) which can transform iron into gold by mere touch will not be effective if the iron is full of rust, likewise we shouldn't be rusted if we are to be transformed on contact with the Mother.

For transformation into gold, iron must touch alchemy stone, likewise our Atma must touch Adhi Atma. This is real yoga, yoga means union, the union between

our Atma and Adhi Atma. In order for that to happen, we must remove all the accumulated rust of attachments and delusions.

Putting aside all wordly things, we must constantly contemplate on that Param Tattva (supreme reality), and practice visualizing ourselves in the presence of the Mother, serving her in various ways. If we follow this, we can have Sakshatkar (realization) in this very life, if not it might take many lives. It is true however that effort of Sadhana (practice) is never lost. If you achieve even 5% in this life, you start from that 5% in your next, no need to start from zero. This too is a secret of Sadhana.

So far we have discussed how to practice Sadhana. It is however very important to learn where to practice. Sadhana must be done in a separate and sacred room known as Aagam room. What is Aagam? Mahabharata gives definition of Aagam as the teachings given to Mother Parvati by Lord Shiva. That same teaching was received by the gurus and imparted to desciples in unbroken Shruti Parampara (oral lineage). That vidhya or teaching received directly from the mouth of the Divine Mother is Aagam.

This path of Aagam doesn't belong only to Lord Shiva and Parvati, but to Lord Krishna as well. In Gita, Arjuna calls himself prapanna sishya (most intimate disciple) and begs to Lord Krishna - "I fully surrender to you oh Lord, please show me the way". In the end, Krishna tellS him - "Ma ma ekam sharanam braja - Take refuge on me only". Such direction to total surrender to the param tattva (ultimate reality) is Adhyatma path. This is unlike other paths, Adhyatma causes sama bhava (equanimity) among whole creation , all living beings, humans and even dravya (matter). It encompases sarvabhutesu - all elements in existence. Tantrachara (path of Tantra) does not recognize any difference between human beings, neither with material elements. There is no higher or lower caste, neither is there purity and impurity. Everyone is equal and everything is equal when it comes to serving God. Panchamrit (milk based offering) or Pachamakara (meat based offering), both are same. Sarvobhutana - encompassing everything in existence is the main esence of Tantra. It is not the essence of the Vedas.

Krishna is telling Arjuna - "If you want to follow my advice, don't get entangled in the path of the Vedas because it is Triguni, confined to the three gunas (qualities) of sattva (equilibrium), rajas (action) and tamas (inertia). Become gunanita - beyond these modes. Only then you will be able to realize the meaning of human existence. Only then you can attain the Parama Tattva (supreme reality) which is none other than the Divine Mother. Then you can attain the supreme bliss of her nearness and greatest happiness of being of service to her. If not so, you will forever be traversing hells and heavens in 84 life forms." This way, in Gita Lord Krishna has highlighted Agama teachings. This seems to be the very path of him

Raj Kishore

- mat cha Vasudevaye - something Krishna himself has practiced.

Jaimini Mahabharata in original contains verses describing Lord Krishna having meal comprising of meats of animals that were offered to the Divine Mother. In popular Gita Press edition, these verses are edited out but I am in possession of a handwritten copy of Jaimini Mahabharata written in old Newari Ranjana script, I am quoting from this book.

Post Mahabharata war, Yudhistira was planning a Rajasuya Yajna and sent Bhima to Dwarika to consult with Lord Krishna. When Bhima arrived, the guards asked him to wait while Krishna was having his meal. As Bhima waited outside the dining hall, Jaimini Mahabharata details 84 dishes being brought in, several of them were meat items - deer meat, boar meat, rabbit meat etc are mentioned. This shows that during those times Aagama worship was practiced where animals were offered to the Divine Mother as part of the ritual. Once Mother accepts that offering, the soul inside that animal too found the greatest liberation and ultimate joy of reaching the lap of the Mother. This was the secret purpose of animal sacrifice. Lord Krishna eating consecrated meat shows he had performed the Aagama puja (worship).

In another context, Krishna tells Uddhava - "Look Uddhava, it is not enough to worship me with the Vedas or with Tantra or with both. I must be worshipped with complete devotion then all three worships will be attained." Likewise in Rukmini abduction context too Aagama practice is mentioned. Rukmini took the refuge of the Divine Mother inside a sacred chamber (guptakoste Ambikayam) so that she could defy an unwanted suiter and marry Lord Krishna instead. With the grace of the Mother, Krishna arrived at the right time to abduct her before she was forced to marry someone else.

We require Shakti (power) of the Mother for everything. Only through Shakti worship we can achieve our goals. Without Shakti, Lord Shiva can do nothing. Only with Shakti of the Mother, Lord Shiva could drink Halahala poison. I am able to speak right now only through the power of Mother. The whole world is nothing but Shakti.

In Gita, the Lord has said - I am Shakti, not Purusha (man). Mama yoni madbrahma - My womb is the whole Brahman where I conceive everything.

Tasmin garbham jaravyaham - I conceive, get pregnant. Now, is the Lord Krishna who is saying he has got a womb where he conceives, a man or a woman? He is Shakti Ma herself.

We too are only male from outside but we are made of Prakirti and five elements. Prakriti is Mother so we are only her extension. We may call ourselves male but

we actually are female, all of us, without Shakti we have absolutely no existence. Therefore inside the Aagam room, infront of the Mother, we are all same, we are all women, there is no inhibition, there is no hesitation. A devotee is there only to serve the Divine Mother, we do everything she asks, we lose our identity and only servant of the Mother remains.

After Lord Vishnu appeared as Narsingha avatar to save his devotee Prahlada, he offered a boon to Prahlada because he was pleased with his deep devotion. Prahlada was horrified at such a prospect because to him his devotion to the Lord was unconditional, he wanted nothing in return. So he requests - "It is the duty of a servant to serve his Lord, to expect something in return is the attitude of a vanik (broker). All I have offered to you, my Lord, is my bhava (feelings). I do not want anything in return". When Lord Narasinhha insisted for Prahlada to ask for a boon, Prahlada asked that his mind may forever be erased of the feeling to ever expect anything from God. Lord Narasinhha granted him that wish.

Unconditional love for God is the only window to attain the true goal of human life. The four pillars of human Dharma (endeavor) per Vedic conjunctions - Dharma (right conduct), Artha (earning wealth through righful means), Kama (fulfilling desires sanctioned by scriptures) and Moksha (attaining final liberation) are four kaitavas or delusions. The last one, Moksa is the biggest kaitava. We must leave all four behind and only seek to be a devotee of the Mother. We must surrender to her completely and perform Atmanivedana - offering our very self. We must perform self sacrifice at her feet.

In conclusion, only this ancient Kirant Tantra which originated very far in the beginning of creation, can liberate us from animal life and grant us Mother's lap as our final destination. All other paths will inevitably lead us back to the cycles of birth and death.

Jai Bhavani Sharana!!

AN INTRODUCTION TO THE DHAMI-JHANKRI AND NEPALI SHAMANISM

✍ **Bhola Banstola**

In Nepal, 'Dhami-Jhankri' is the standard term used to denote a healer equivalent to the more general term 'Shaman', having the same function in society. A Dhami is a Nepali word that means a person whose body is like a sacred pilgrimage (Dham), and the one who holds this sacred space is a Dhami. That space is the home of the Atma, the Soul. Jhaak means to get excited, heated up or overwhelmed and to fall into a trance state, thus the term Jhankri. Therefore, the term Dhami-Jhankri in its entirety means 'the Spirits and ancestors choose a pure Soul to take into trance).

Shamanism and other related spiritual practices are 'Common Human Heritage.' Though the term 'Saman' comes from the Tungusic folks of Siberia, there are local terms for the same kind of people who have equal or greater abilities throughout the world. Every human tribe or ethnic group has had this spiritual practice in their daily lives for millennia. Some groups, however, have forgotten it, while others have only fragments of their tradition left, some having also been forced to convert to other faiths. Fortunately, however, some peoples still live with their ancient sacred traditions profoundly and with dignity. If a traditional Shamanic practice is shared discreetly and transmitted at the right time, it is not too late to recover and reinvigorate it.

There are many names and terms used for a traditional Shaman healer in Nepal:

Dhami-Jhankri, Janne Manche (the one who knows), Guruji (respectable teacher Shaman), Guruba (father teacher/Shaman), Guruju (Shakya Tantrik healer), Herne (the one who sees), Jharwa (the one who sweeps), Baidhangi (who uses mantras and herbs), Dhanmantari (user of mantra and herbal combinations), Jyotishi (an astrologer), Jaishi (astrologer and seer), Janapa (the one who knows), Ban Jhankri (initiated by the forest Shaman), Bonpa (Tamang Shaman), Lhapa (Tibetan trance medium), Pachyu (Gurung Shaman), Bijuwa (Rai Shaman), Baidhya (herbalist),Ojha (Sattar Shaman), Kulko Dhami (Lineage medium-Shaman), Phuk-Phake (the one who blows and sweeps), and many others. Most of the time, the

community, their family, or the healer's patients/clients bestow these honourary terms of respect upon the Shaman.

When the Kul (Lineage Protector) or Pitri (Ancestral Spirit), or Ista Deo (the Principal Teacher Spirit/Mentor of the lineage or the past Shaman) first possesses a person, in the majority of the cases the Shaman from the same lineage is looked to for support. Once the ancestral lineage's Shamanic instruction or a long initiatory training is accomplished, the lineage teacher and the community bestow a Shamanic title of honour on the person, thus authorizing them to start healing. If the same elder-Shaman lineage is unavailable, then a Shamanic teacher from other lineages is looked for. However, there is always an active participation of the family members of the neophyte.

In times of personal or spiritual crisis, people may seek the support of a temple priest, or a wandering mendicant, a robbed monk or a nun, or a cremation ground-dwelling Aghori baba, a sadhu, a yogin, a learned Brahmin, an astrologer, a religious teacher or preacher, a wise old village man or woman, or a Shaman. The purity of the Shaman's heart and the blessings of the ancestors and tutelary Deities have a pivotal role in divination, diagnosis and healing. Whoever it may be, man or woman, young or old, regardless of faith, the focus is on bringing health, harmony, peace and balance to an individual's Mind, Body andSoul, and also to their family, community, environment and Spirit connections.

Shamans bear the title of a Shaman and the respect that accompanies this title when healings occur, but if the Spirits do not support the Shaman or the diagnosis was incorrect, or if there is no active participation of the patient, healing may not happen. Alternatively, there can be something beyond the Shaman's abilities. In such cases, then they are likely to lose their position. The most significant problem is to claim 'I can fix this', and then Shaman may lose the community's respect when it does not happen as claimed. As the news of the healing wisdom of a person spreads, hundreds of people will start visiting the Shaman with great expectations, and hopes of resolving every obstacle of their lives and this 'viral' news may bring hundreds of expectations. The Shaman may not be able to give healing or care to each, and in this case, the frustrated patients can spread a negative message about the Shaman's apparent inability.

From this point of view, no teacher, spiritual healer, or Shaman would ever self-promote if they have not undergone a long training or have a lot of first-hand experiences. A healer does not say, 'Come to me and I will heal you.' It is the client who seeks out the Shaman. Teachings and healing vary according to the time, land, culture, traditions, and needs of the community concerned. The healer-teacher must respect the law of the land and the values of the community where the healing or teachings take place. A healer uses every possible skill, spirit support and univer-

sal energy to help the needy. On the other hand, the needy must focus on receiving the healing. What matters is the purity, clarity, openness, and focus of the healer.

In Nepal, Shamanism and the tantric-esoteric aspects of Hinduism, Vedic Sanatana Dharma, and Buddhism go hand in hand. Most of the time the Shamans are possessed by the same Deities or the subordinate Spirits of the above-mentioned paths. The raw or the untamed aspects of the Deities possess spiritually light-hearted men and women because the same Deities are the Kul Deo (Lineage Protectors) of many groups. But those who are not 'vertically' chosen within the lineage by these Deities or the Pitris (Ancestors) can find a teacher and learn from them. Those called within a lineage call can master the practices rapidly if the right teacher is found at the right time, but to learn from a teacher or teachers, following their rigorous practices, can be time-consuming, and that is the refined form of transmission.

Any analysis of Shamanism also makes it essential to highlight Tantrism, one of the most crucial practices among the Hindus and the Buddhists. Tantrism is prevalent in all the major religions in Nepal, such as Hinduism, Buddhism, and Jainism. According to Swami Satyananda, Tantra is composed of two Sanskrit words, i.e. Tanoti(expands) and Trayoti (liberates). Based on these principles one unshackles the two facets of Perceptions and Matter, known as 'Purusha' and 'Prakriti' or perceived as Shiva and Shakti. Tantrism is depicted as a creative form of religion. It is one in which the members employ an emblematically distinct dress, ritual instruments such as Yantras, Mandals, mathematical models of Deities, commanding Mantras and appropriate offerings. Shamanism and Tantrism are two very interrelated concepts, though slightly differing from each other.

The Dhami-Jhankri induces 'Jhaak' (an altered state of consciousness) through purification, chanting Mantras passed on by a teacher, playing a rhythmic drum or metal plate. They are able to detach from the mind and fully merge in the Spirit which leads to parallel realities or an intense experience of life. In a similar way, so does Tantra with rituals, Yoga, meditation or Trataka Sadhana and Mantra chants.

Like Tantra, Shamanism uses many rituals because our subconscious mind understands rituals, symbols, chants or mantras, and prayers. They are sacred tools to expand the vision and reach superior realities. In both paths we can find the presence of these elements as they comprise the basis of Prakriti, of mother nature (and of our beings) and life comes from those Tattvas (Energies). Therefore fire ceremonies, offerings and devotion to the forces of nature are used both in Tantra and Shamanism for they are a way to connect with supernatural life forces. Tantra sees life as the manifestation of the divine consciousness, and this point of view is the same in Shamanic cultures; all energies, all the living forces are sacred.

Tantra and Shamanism are both introspection methods and a way of ecstasy; they teach us the way to dig inside ourselves, discover and deepen the exploration of our inner world. At the same time, we learn to blossom in the world, to unify with it and embrace it all acceptingly.

However, there is a fundamental difference between those two, and it concerns the connection with the Divine. While it is the THE central focus of Tantra practice, in Shamanism the work is focused upon the forces of Nature. The Vedic Tantra is a path to the realm of Shiva and achieves divine consciousness while the Buddhist Tantra is connected with the realm of Bodhisattvas and Buddhas. All efforts will relate to that goal. Even when working with Shaktis while in Shamanism, the Intention (Sankalpa) is to use that power, the leading force of the Universe, for example to heal traumatic memories, de-possession and removal of negative entities. It is vital that the Shaman consecrates every aspect of their practice to ensure the basis is tied to the spirituality of the Deities and Spirits .

Tantra and Shamanism both help us to understand that our internal and external energies are able to merge fully into powerful frequencies at one with the Deities.

The Lineage Protectors (Kul Deo or Kul Devi), Ancestors (Pitri Deo) and Intimate Spirit Guide (Ista Deo) are the three most important sources of inspiration and protection. Before any rituals of any type, or prayers or meditations, their protection and blessings are sought .

GIVING AND RECEIVING

Shamanism is not only a healing practice or technique but is a 'way of life.'

The person adhering to the path in everyday life can transmit the wisdom, regardless of the origin of the teacher and teachings. A recipient of this ancestral wisdom can be anyone 'called' or curious and ready to experience what Spirit brings, as long as they are focused and dedicated to the path. A true spiritual path exists outside of time and space.

Shamanism encourages us to be more in ourselves, appreciate, honour, and express gratitude in our daily lives. It helps us open the fountain of wisdom from the source, know ourselves better, and be better attuned to our environment. The Shamanic path encourages and helps us to create harmony and balance in our daily lives. It allows us to be open and

flow with the river of life, to be aware and live in the present moment. The Shamanic path is not limited to specific techniques, terms, paraphernalia, drums, dresses, ceremonies, or offering types. It is deeper, more profound and complete in itself. We are still at the periphery.

Living life wisely is living with the Yama (Guide and controller) and Shaman who resides within each of us. Suffering is a consequence of attachment, of being too much within one's own body, and Yama is the guide who helps us with the counter impulse of detachment and sacrifice. Life is not only about wanting and possessing: it is a dance between the opposites of taking and then giving up, a movement between being and non-being. This dance takes one to deeper levels of experience, ultimately to the point of illumination within each person. The drama of the Shaman's performance frees the individual from the shackles placed on the imagination by their mind.

One needs to help the outer Shaman only when there is internal conflict with the Shaman within. The Shaman's performance is universal in its attempt to lead the subject to their atavistic fears and impulses and to overcome them, but how it is expressed depends on the culture.

Dhami-Jhankri's Recitation:

Traditional Shamanic practices are deeply rooted in the invocation ritual form known as Falaknu/Paturnu/Bakhhannu, chanting or reciting. Gurus transmit everything in their own words, just as they receive it from the elders and from whatever the Spirits may have whispered into their ears. The Deities and Spirits are invoked in a particular ancient fashion with a soft and sweet melodious way (Melo). It's the ritual language of the Guru, lineage and the tutelary Deities. Such transmissions are always related to the presence of the Deities and Spirits and the story of the physical journey and spirit realms the Guru has experienced, embodied in their songs.

Both Guru and disciples agree that the Falakne is the central repository of the Jhankri's identity and lineage story, the source of the 'power of origin', and needs to be preserved and transmitted in a right way. However, conflict persists between traditionalists and liberals over how such preservation and transmission to the next generation should be accomplished. The Falakne methods are currently held in an exclusively oral, ritual manner. Elders are open to transmitting to those who are 'called' to the path but not to digitizing and using modern media to distribute sacred knowledge to the masses. Such refusals emerge out of fears that the sacred knowledge may be misused. There is also an element of fear in which writing is perceived to be a technology of domination and a loss of lineage control and continuity. The elders argue that oral transmission (Sravana) is an inherently embodied form of knowledge, which must be shared through an integrated practice. The words themselves cannot be separated from the context of the ritual in which they are uttered.

From the elder's perspective, the oral recitation and transmission of the Phalakne

make these chants distinctively indigenous, giving them original power. This practice is an immutable outcome of the actions of the lineage ancestors who, due to extreme hunger, swallowed the religious texts granted to them by the Deities at the time of creation. The elders teach: 'having swallowed our texts, we must practice our traditions from our lineage.' The concept of man is complicated, but here the implication is of an internal, non-intellectual, non-discursive embodied essence, in which the knowledge of indigenous culture resides.

The contents of Shamanic chants without going into a trance or engaging in other aspects of the complete practice is not possible as the text and context, in other words, are inseparable, mutually dependent parts of a whole cosmovision. Only some elders narrate in non-practice contexts outside the life cycle framework, calendrical or curative rituals in which they would usually be enacted. Even during minor performances, the usual ritual offerings are arranged, and the elderly Shaman goes into a trance. None of them recites, just a single narrative component without chanting the entire 'line', nor could they replicate this without going into a trance, nor switch back and forth between recitation and explain things in between recitations.

The original sacred narratives are embedded deeply in the elder teacher's consciousness as a totality. From their perspective, they were not meant to be read by others as 'texts' in the hermeneutical sense. Extracting the 'text' from its ritualized context would challenge the very existence of original power, and therefore lose Millennial transmission. A section of the public argues that the knowledge should be passed down to the next generation in written form to access original power. The same Mantra, Tantra, Jantra and Yantra is passed to the Chela (Student) in oral form, not written. Since the beginning of time, many Gurus had taken their Mantra with them when they died, which of course deprives the younger generation of this type of sacred teachings.

As each Guru does the transmissions differently, their traditional practices cannot be the same or uniform.

CHANGING PHENOMENON

None of our ancestors lived in any one place for any length of time. They left behind some of their practices and incorporated new ideas and skills into their traditions by constantly travelling from place to place. There were times when different groups met and lived together for several centuries as a close community which allowed the sharing and exchanging of ideas about their respective paths and faiths. When they continued to move in different directions, they carried a new essence of wisdom. That is why we find many similar practices in far-off

cultures, which we presume never had any contact between each other. We must understand that we all 'drank from the same fountain' in different realities and lifetimes.

A crucial concept for Shamanic practitioners to understand is that when a person is possessed by a Deity or a universal elemental Spirit, their spiritual body becomes fragile and prone to outside spiritual attacks. If this happens, the person might have been contacted or challenged by the Spirits of a new location. If this is the case, one must respect and honour the keepers of the new place and must invoke them first and propitiate them. A Shamanic spiritual call is not rigid and enclosed within a box. As we change, everything changes both inside and outside of ourselves. Only the institutionalized or liturgical practices are fixed and rigid. The Shamanic path is flexible and thus capable of changing with time, needs, and location, but the practice's seed and the steps and regulations remain the same. A spiritual seeker is like a football: learning does not need to be limited to one teacher or coach. Teachers are like football players, taking different positions and roles. Those learning are like the football, being passed from one to the other. To certain degrees, we can compare a sick person to a spiritual aspirant, for the 'healing rites of passage' and the 'learning rites of passages' are pretty identical.

The body holds the universe, for it is made up of all those different vibrations and resonances. Because we do not know where, when and how the proper resonance takes place, we should not limit our experiences. A teacher's responsibility is to create a safe space where curious aspirants can let go and have experiential, first-hand experiences. Shamanism is neither a single person's cult nor a dogma, not one group's personal property and does not have a hierarchy. There is a profound respect for the teacher and the community, and one cannot do what one wants to by breaking the regulations. The practitioner goes to the 'source' for self-revelation and wisdom with the support of a teacher. As the practitioner starts opening to Spirits, transmission can be received in different situations and from different realities and sources. Because of this, it is imperative to consult a Shamanic teacher to gain clarity and support about one's experiences.

A human teacher is vital in the process of initiation, training and ongoing support.

The Shaman heals using mask, trance, dance, drum, silence, chant, rhythm, and touch. Some scholars have reduced the Shaman's function to be somewhat like the psychotherapist, psychologist, counsellor or psychiatrist. The idea is that specific illness is caused when our familiar reality is overwhelmed by another inner realm (the unconscious) alongside the outer Spirits of Nature, unsettled ancestors and other evil forces. The therapist heals by offering companionship in shared consciousness, utilizing a creative dialogue, whereas the Shaman does so through specific Mantra chants and rituals.

Raj Kishore

The Shaman's view of the mind is balanced between different polarities such as flow and stagnation, insight, death and rebirth, or light and dark. The individual with understanding can change the mix. Still, the one lacking that sense of awareness can feel lost and distracted. Freedom is central in this view, and this is different from the worldly position where if logic were to be pushed, we are machines controlled by the 'unknown' and don't have free will. The Shaman's healing ritual creates an atmosphere to help the patient get out of despair and regain health and real potentialities. The nine Rasas (essences) that underlie everyday human encounters are - Singhara (romance, love, attraction), Hasya (laughter, comedy), Raudra (fury), Karuna (compassion), Bhasta (disgust, aversion), Bhayanaka (terror), Bir (heroism), Adhbhuta (wonder, amazement) and Shanta (tranquillity). Out of these, the Shaman's performance primarily uses Karuna (compassion) and Bhayanaka (terror). It is noteworthy that these two Rasas are linked with Yama (Death), and the Gods of the other Rasas are Brahma (Creator), Vishnu (Sustainer), Indra (Heavenly and weather realms) and Shiva (Destroyer in the cyclic process of renewal).

Compassion helps the Shaman establish an empathic bond with the patient, learning through the Shaman's sufferings from the past. In contrast, terror forces the subject to awaken from the states of the pathological condition that happens in the domain of consciousness, which is the unknown frontier of science and the logical mind.

WEAVING A STRONGER THREAD

Today's need in the path is to find a commonality, as this thread will bind us all together as a solid and supportive community as we weave it together. Shamanic traditions may appear different because of different interpretations, rituals, dances, instruments, offerings and dress. However, we all seek the support and protection of our ancestors, lineage protectors and teachers, the Spirits of different elements, and the local spirit keepers where we live and practice. We may speak a different language and look physically different, but the inner sacred work and power sources are the same.

The highest goal, however, is to understand the essence of the teachings. For example, we must ask ourselves if we genuinely need to reproduce or copy a ceremony or tradition unless one is initiated into the path and authorized to do so. Only something learned step by step, empowered and authorized by the lineage or approved teacher can help the seeker. One may have a life-changing dream or a vision or an instinct, but to interpret and develop that, a human teacher is imperative.

Raj Kishore

Let us combine our efforts as seekers and the deliverers of traditional knowledge by clearing the darkness and respectfully supporting each other. A total dedication, truthfulness, humility, sincerity and regular practice can help a seeker unfold the secrets. Let us support each other in journeying to the 'source,' and nurture and feed the Shamanic path as a 'Common Human Heritage.' The deeper we go, the more is left to unfold, nothing more than a drop of water in the immense ocean of wisdom. Hail the Ancestors, Spirits and Shamans.

The Journey to the Summit:

Kuṇḍalinī's Ascent through Initiation into the Revelations of the Sarvāmnāya Tantra of Nepal

✍ Prof.Dr. Jeffrey S. Lidke

Across religious traditions, revealed scripture is viewed by the faithful as a direct link to that Being/Deity/Truth that reveals the wisdom contained within Its revelation as scripture. In this essay, I reflect on the revelation of a Nepalese Tantric scriptural corpus known as the Total Revelation or Sarvāmnāya Āgama. The Total Revelation is the orthodox canon for Nepalese Sarvāmnāya Śākta Tantrics, who worship divine reality as the Great Goddess, Mahā Devī—She who is at once transcendent to and manifest as the embodied cosmos. In her embodied form, the Great Goddess becomes a sixfold spatial reality comprising the 6 directions of East, West, North, South, Earth (Foundation) and Sky. These directions in turn corresponding to the mythical six faces of Lord Śiva, from which are said to arise six streams of revelation (ṣaḍ-āmnāyas), knowing respectively as the East-Transmission (Pūrvāmnāya), the South-Transmission (Dakṣiṇāmnāya), the West-Transmission (Paścimāmnāya), the North-Transmission (Uttarāmnāya), the Foundation-Transmission (Adhāmnāya), and the Upper-Transmission (Urdhvāmnāya). Each of these scriptural revelations is understood to contain a piece or dimension of the wisdom and power of the Great Goddess. Nepalese Sarvāmnyāya Tāntrika make it their objective to seek initiation into each and all of these scriptural transmission so as to embody the full revelation of their Goddess—hence their name as the Tantrics of the All or Total Revelation. In the pages that follow, I map out the practice-based understanding of Nepalese Sarvāmnāya Śākta Tantrics who believe that initiation into these six traditions of revelation results in the awakening and ascension of their dormant kuṇḍalinī-śakti thru the central channel of the yogic body as it rises to the crown cakra and beyond. The completion of this awakening results in an embodied state of liberation (jīvan-mukti) in which the practitioner's identity is merged into the identity of the Absolute.

Historical Origins of the Sarvāmnāya Tradition

The Sarvāmnāya system appears to be the unique formulation of Nepalese Tantra, shared alike by Newar and Parbatiyā practitioners. The major study of the

Raj Kishore

āmnāya traditions—Mark Dyczkowski's brilliant and extensive The Canon of the Śaivāgama—does not discuss Nepal's Sarvāmnāya system. Likewise, Slusser, Toffin, Gellner, and Levy —all prominent scholars of Nepalese society and culture—appear unaware of this unique tradition and its prominent position in Nepalese religious and social practices. My own study of the Sarvāmnāya system combines ethnographic research with an analysis of textual sources (drawing on a variety of manuscripts at Nepal's National Archives) as well as my initiation into the tradition by Sthaneshwar Timalsina. Consequently, my understanding of the tradition reflects perspective both from outside and within the tradition.

The Nepalese Sarvāmnāya system is rooted in the Siddhayogeśvarīmata-Tantra (ca. eighth century) and related Krama-Kaula texts, which seek to subsume a number of groups of goddesses into one system that equates them with aspects of the one Great Goddess, who is identified with supreme consciousness. Diwakar Acharya, a leading authority on the tradition, once explained it to me this way:

Once you get this tendency, then you have the seeds for the growth of the Sarvāmnāya. We have the seven Mātṛkās, the eight Mātṛkās, the nine Durgās, the sixteen Nityās—all these groups of goddesses, each with their own set of texts, practices, and historical origins. Yet by the time of Abhinavagupta these distinct groups are understood mystically as aspects of one Godhead. So, while in India the āmnāyas were understood to be rooted in particular regions and connected with particular texts and deities, in Nepal we synthesized these traditions into one tradition that incorporated them all. This was only logical. The āṁnāyas all arise from the mouth of Śiva. Śiva may be depicted with multiple mouths, but Śiva is one. For a practitioner, the śāstras of the different āmnāyas are related. They represent stages in the evolution of man back to God. So, as we receive initiation, step by step, into each āmnāya, we move closer and closer towards the goal of Tantric practice—the realizjtion that we ourselves are omnipotent.

Although the exact date of origin of the Sarvāmnāya system is uncertain, it was established by the time of Nepalese King Śrī Pratāp Siṅgh Śāh Deva (ca. 1751-1777). Himself an initiate of the Sarvāmnāya tradition, King Pratāp Siṅgh is widely recognized by contemporary Sarvāmnāya sādhakas for integrating a wealth of paddhatis in his work entitled the Puraścaryārṇava. This compilation not only provides important historical testimony to the prominence of Tantric practices in the lives of Nepal's kings, but it also provides textual evidence that by the eighteenth century the primary āmnāyas with their associated deities and texts had been fused into a single, integrated system of practice. This voluminous (1230 pages) text contains the puraścaraṇas, or modes of worship, for each of the major Tantric deities of the valley. As a single paddhati comprising a multitude of paddhatis to the various Tantric deities of Nepal-Maṇḍala, the Pauraścaryārṇa-

Raj Kishore

va exemplifies textually the unified state of consciousness that the sādhaka systematically constructs through sequentially traversing the paths of the various āmnāyas. The Pauraścaryārṇava symbolizes the Viśvarūpa Devī, the Goddess-Whose-Form-is-the-Universe who, as the wholeness of consciousness, unites all forms and all deities within herself in a unified totality.

A leading authority on and practitioner of the Sarvāmnāya tradition, Professor Sthaneshwar Timalsina, once shed this light on the connection of the Pauraścaryārṇava revelation in its capacity to function as 'map' for reconnecting the Tantric 'back to God':

We don't see the Pauraścaryārṇava simply as a composite of many different ritual texts—although it is this too. Rather, we see it as a map for making it back to God by uniting all the different deities and their mantras within myself. . . . Personally, I do not depend on the Puraścaryārṇava. The Nityāṣoḍaśikārṇava accomplishes [this same goal]. But, this text [the Puraścaryāṇava] is very important for helping us understand Nepalese Tantra and the extent to which it was impacted by the non-dual wisdom of the Śrī Vidyā and related traditions.

Timalsina's statement highlights the movement towards interiorizjtion at the heart of Nepalese Śākta sādhana. It is this movement towards the realizjtion that all beings reside within one's own Self (svātma-sarva-bhūta-antarvāsin-jña) that characterizes the esoteric dimensions of the Sarvāmnāya. The Sarvāmnāya system of sādhana transformed the perfected adept into the repository of all treasures, all knowledge, and all forms of power. It is no wonder, then, that such a tradition would be supported so extensively by Nepal's kings. Engaged in the practices of the Sarvāmnāya, kings like Pratāp Siṅgh transformed their own bodies into the locus of all beings and all worlds and thereby meditatively and ritualistically ruled the cosmos. In this context, the enacting of the king's power upon the social stage was understood as simply an outer manifestation of the flow of power already realized within himself.

The Six Streams of Revelation and Kuṇḍalinī Yoga

During an extensive period of field research in the Kathmandu Valley in the 1990's I was introduced by Dr. Timalsina to another great Sarvāmnāya Śākta Tantric named Siddhi Gopal Vaidya. Dr. Vaidya was a renowned Ayurvedic doctor and an advanced practitioner of the Sarvāmnāya tradition. Over a period of about six month I met with Dr. Vaidya once a week in the upper room of his home outside Kathmandu to discuss his experience and understanding of the awakening of kuṇḍalinī-śakta via initiation into the six scriptural revelations of the Sarvāmnāya Śākta Tantric tradition. He explained to me that within the esoteric interpretation

Raj Kishore

of the Sarvāmnāya system, the six āmnāyas correspond, respectively, to the cakras in the subtle physiology. Thus, as the sādhaka is initiated sequentially into each of the transmission schools, he awakens the kuṇḍalinī-śakti in the mūlādhāra-cakra and then activates in turn each of the cakras, causing the kuṇḍalinī to ascend successively through the cakras to the thousand-petaled lotus—the sahasrāra-cakra—at the crown of the head. As an analogy, Dr. Vaidya likened the arising of the kuṇḍalinī to the ascension of a climber up Mount Everest. The goal of this journey, likened to Everest's summit, is the place of the Great Goddess in the crown of the head. This highest position, he explained can be reached only by passing through the stages that precede it, just as Sir Edmund Hillary could reach the world's highest point only by gradually passing through the multiple terrains that led to the summit. At our first meeting, Dr. Vaidya remarked:

If you are hoping to reach the peak of Mount Everest, then first you first have to start at the base camp. How can you get to the peak without first going through base-camp? In this mystical journey the sahasrāra-cakra is the summit and the mūlādhāra is the base-camp.

He then went on to explain that the purpose of initiation into each of the Six Revelations is to propel the inward ascent of the kuṇḍalinī-śakti through the central meridian, the suṣumṇā, beginning in the mūlādhāra-cakra at the base of the spine and then moving upward through the other five cakras: the svādhiṣṭhāna (genital region), maṇipura (navel), anāhata (heart), viśuddha (throat), and ājñā (between the eyebrows) and eventually all the way up to "Everest's summit," the sahasrāra-cakra, at the crown of the head. Situated in this highest place of power (parama-śāktapīṭha-sthita), the sādhaka—whether a king, priest, or peasant—realizes his or her identity with Tripurasundarī, she who is within and beyond the three cities.

According to Siddhi Gopal Vaidya, yogic practice (sadhana) in the Sarvāmnāya system begins with meditation on the goddess of the "base-camp," Hāṭakeśī, "the golden mistress," who resides in the mūladhāra. He explained to me:

Hātakeśī bestows all wealth. You please her by meditating on the mūlādhāra region. When you feel either heat, cold, or spanda (trembling) then know that she is pleased. When she is pleased, these following signs will manifest in your outer life: great material wealth, success in all your endeavors, a voice like thunder that will command the respect of all, and perfect health. What more could there be than this? Having attained the prosperous blessings of Hāṭakeśī, why would you want to continue on from the base-camp? The answer is: mukti. The blessings of Hāṭakeśī are ultimately illusory. Although success in yoga cannot be won without her blessings, ironically, those blessings must be renounced. And this makes sense. If I am a poor man and renounce a Rolls Royce, is this true renunci-

ation? No, only when I have the wealth to own a Rolls Royce do I have the power to renounce. If I am rich and renounce wealth, then I am a true renunciant. In the same way, we must first obtain the wealth that Hātakeśī has to offer. Then, we must develop the viveka (discrimination) to perceive such wealth as illusion and continue our journey towards the summit.

As the goddess of the lower transmission (Adhāmnāya), Hāṭakeśī represents the first stage in the Nepalese Sarvāmnāya system of sādhana, beginning at the base in the mūlādhāra-cakra. The next stage of the journey, in which the kuṇḍalinī-śakti moves from the mulādhāra to the svādhiṣṭhāna, is facilitated by initiation into the eastern transmission (Pūrvānmāya), whose root goddess is Pañcamukhī, ("the five-faced one"). At this stage of the journey, the sādhaka begins to develop the discrimination that allows him or her to move beyond the desire for material gain. In the next stage, following initiation into the southern transmission (Dakṣināmnāya) and meditation on Kālī, the sādhaka's kuṇḍalinī ascends to the maṇipūra-cakra in the navel region. From there, the kuṇḍalinī ascends to the anāhata in the heart region, facilitated by initiation into the Kubjikā traditions of the western transmission (Paścimāmnāya). The sādhaka then raises the kuṇḍalinī to the viśuddha in the throat region by taking initiation into the northern transmission (Uttarāmnāya) and practicing the sādhana of Vajrayoginī. From this elevated internal position, the Tāntrika then prepares to move on to the ājñā-cakra, situated between the eyebrows. This penultimate phase of the journey is made possible through initiation into the upper transmission (Urdhvāmnāya), which in Nepal is centered on the Goddess Tripurasundarī.

With the completion of all the revelations, Siddhi Gopal explained, one experience a merging of one's identity with the Great Goddess Herself. This state of union, he explained marks the completion of the Total Revelation. In other words, the revelation is complete when the practitioner him or herself realizes that he or she is the Goddess Herself.

Conclusion

The Nepalese Sarvāmnāya system in this way serves to weave together the multiple Goddess clans (kula) that have entered the Kathmandu Valley since the eighth century and to organize them into a system of yogic practice that results in the transformation of consciousness through the raising of the kuṇḍalinī-śakti from the base of the spine to the crown of the head. With the completion of this internal journey, the practitioner sees himself and the world in a transformational way that Dr. Vaidya likened to the kind of experience attained by one who gazes upon the world from its highest peak. Dr. Vaidya was adamant that in the same way that

one can only know the experience of climbing Mount Everest if we actually make the climb so in the same way to understand the nature and purpose of Āgamic revelation one must be initiated into and practice the tradition.

In this brief essay I have attempted to convey as accurately as possible an insider's perception and experience of scriptural revelation within the Sarvāmnāya Śākta Tantric traditions. Toward this end, I have drawn from my studies and conversations with several great authorities of the tradition, including Sthaneshwar Timalsina, Diwakar Acharya, and Siddhi Gopal Vaidya. Further, I have drawn from my own initiation into and practice of the tradition in an attempt to model a type of scholarship that combines both insider (emic) and outsider (etic) perspectives. In a non-dual universe, there is only consciousness, which is at once inside, outside and above and beyond all sides. Only ego inclines to prioritize one side over another. However, with regard to the Sarvāmnāya Tradition the objective is to obtain the perspective that is achieved by experiencing all possible sides. In this spirit, it strikes me that seeking to view things "from within", as an initiate is one important perspective one must have if one is going to be able to accurately convey the meaning and purpose of scriptural revelation within the Sarvāmāya tradition. Consequently, my own engagement with the tradition as included my initiation into and of it. The insights I have gained therefrom I have attempted to articulate herein. If my teachers approve of my analysis, then perhaps my efforts have been worthwhile.

Selected Bibliography

Dyczkowski, Mark. 1990. Canon of Śaivāgama and the Kubjikā Tantras of the Western Kaula Tadition. Albany: SUNY Press, 1990.

——. 2009. Manthānabhariavatantram Kumārīkākaṇḍaḥ. The Section concerning the Virgin Goddess of the Tantra of the Churning Bhairava. Introduction and 6 volumes. Indira Gandi International Centre for the Arts. New Delhi: D. K. Printworld.

Gellner, David. 1992, Monk, Householder, and Tantric Priest: Newar Buddhism and Its Hierarchy of Ritual, Cambridge: Cambridge University Press.

Levy, Robert. 1990. Mesocosm, Hinduism and the Organizjtion of Traditional Newar City in Nepal. Berkeley: University of California Press.

Padoux, A. 1990. Vāc, The Concept of the Word in Selected Hindu Tantras. Trans. Jaques Gontier. Albany: State University of New York Press.

Sanderson, Alexis. 1986. "Mandala and Agamic Identity in the Trika of Kashmir." In Mantra et Diagrammes Rituels dans l'Hindouisme, ed. Andre Padoux. Paris CNRS.

——. 1995. "Meaning in Tantric Ritual." In Essais Sur le Rituel III, eds. Anne-Marie Blondeau and Kristofer Schipper, pp. 15-95. Louvain-Paris: Peeters,

——. 1988. "Śaivism and the Tantric Traditions." In The World's Religions, eds. S. Sutherland, et al.

London: Routledge.

Timalsina, Sthaneshwar. 1992. Sri Tantra-Hrdgahvara. Kathmandu: Mayada Publications, 1992.

van Buitenen, J. A. B. "Hindu Sacred Literature," in Encyclopedia Britannica III. Macropaedia, vol. 8, pp. 932-940.

White, David Gordon. 1996. The Alchemical Body: Siddha Traditions in Medieval India. Chicago: University of Chicago Press, 1996.

Woodroffe, Sir John. 1971. Tantrarāja Tantra: A Short Analysis in Tantrarāja Tantra and Kāmakalāvīlāsa, Madras: Ganesh and Co.

____.1975. Shakti and Shakta. Essays and Addresses on the Shakta Tantrashastra, Madras: Ganesh and Co.

Raj Kishore

Raj Kishore

Raj Kishore



तन्त्र चर्चा परिवार
काठमाडौं, नेपाल

9 789937 111164